CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री शुक्राचार्यको

शुक्रनीति

अनुवादकः–
डमरुवल्लभ पौड्याल

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
संस्कृति विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
काठमाडौं, नेपाल ।

प्रथम संस्करण : वि॰ सं॰ २०२६

मूल्यः रू. एक्काईस रुपैयाँ साठी पैसा

मुद्रक
प्रज्ञा-मुद्रण
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ महाराजाधिराजबाट हुकुम भएको छ– 'साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि हिमवत्खण्डले दिइआएका योग-दानको विशेष महत्त्व छ।'

हुन पनि हिमवत्खण्डको साहित्यमा जीवनको माधुर्यमूल उन्मेष मात्र होइन कि त्यसमा रहेको अध्यात्मको प्रतिष्ठाबाट सौन्दर्यको काया संगीतपूर्ण पनि हुन गएको छ, कलामा पनि जीवनले भोग्नुपरेको द्वन्दको संख्यातीत विविधता मात्र होइन अनन्त आकाश पुरस्कृत हुने हृदयको इन्द्रधनुषी स्वीकृति पनि छ, ज्ञानमा बुद्धिको नीरस ऊहापोह मात्र होइन कि सत् र चित्को एकतामा तादात्म्य हुने आनन्दको अखण्ड आलोक पनि छ।

यसैले श्री ५ महाराजाधिराजबाट हिमवत्खण्डको गौरवपूर्ण परम्परामा आएको अवरोधलाइ हटाउन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको संस्थापन गरिबक्सेको हो। मौसूफ सरकारबाट हुकुम पनि भएको छ— 'ऐतिहासिक कारणहरूले गर्दा उपर्युक्त परम्परामा बीचमा आएको व्यवधानलाइ पन्छाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान देशको मौलिक परम्परालाइ युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ।'

मलाइ आशा मात्र होइन पूर्ण विश्वास पनि छ, श्री ५ महाराजाधिराज सरकारबाट निर्दिष्ट गरिबक्सेको पथमा प्रज्ञा-प्रतिष्ठान निरन्तर अग्रसर भई त्यसले देशको बौद्धिक तथा मानसिक आवश्यकताहरूको क्रमशः परिपूर्ति गर्ने छ र देशान्तरमा पनि हाम्रो जीवनको रूप-सौन्दर्य मात्र होइन कि कर्म-सौन्दर्य र शील-सौन्दर्यको परिचय दिनमा पनि सफलता प्राप्त गर्दै जाने छ।

केदारमान व्यथित
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

२०२६ साल जेठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राक्कथन

नीतिशास्त्र जीवनका अनुभूति र आर्ष ज्ञानले मात्र प्रस्फुरित हुने कुरो हो। कल्पना र भावना अर्कै कुरा हुन्, प्रतिभाद्वारा रचिने विषयवस्तु झन् अर्कै हुन्। यो त सिद्धान्तका अनुसरणमा जाँचबुझ गरी लेखिने कुरो हो। त्यसैले नीतिशास्त्र लेख्नु साह्रै महत्त्वपूर्ण मानिन्छ। संस्कृत-वाङ्मयमा नीतिको एक भिन्नै स्थान छ। वास्तवमा राजनीति, जसलाई पुरानाले दण्डनीति पनि भन्थे, त्यसका आचार्यमा मनु आदिको उल्लेख पाइन्छ। शुक्रनीतिलाई साह्रै महत्त्वपूर्ण पूर्ववर्ती आचार्यले पनि मानेका छन्। यसले जुन आफ्नो स्थान अद्यावधि कायम गरेको छ, त्यसैबाट नीतिशास्त्रको शाश्वतता कायम हुन्छ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा प्राचीन संस्कृतितर्फको आयोजकत्वको अभिभारा मेरो काँध परेपछि पुरानाले गरेको अपूरो कार्यलाई पूर्णता दिन खोज्दा थन्किरहेको यो पुस्तकलाई प्रकाशन गराउने लक्ष्यतर्फ लागें। अनुवादकको परिश्रम र ग्रन्थको उपादेयतालाई हेर्दा यो वर्षको छनोटमा शुक्रनीतिलाई स्थान दिन सकियो। यसको अनुवाद पं. डमरुवल्लभ पौडेलले स्व. श्री कविशिरोमणि लेखनाथज्यूको निर्देशनमा गर्नुभएको हो। अरू कुरा अनुवादकले आफैले लेख्नुभएकोले दोहऱ्याउनुपर्ने झैं लागेन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्तमा एक नीति-विषयक ग्रन्थ-मालामा यसले पनि स्थान पाई प्रकाशन हुँदा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान-को आफ्नो लक्ष्य यसतर्फको पुरा हुन जाने भयो। यसको अनुवाद गराउनेतर्फ लाग्नुभएका यहाँका सदस्यहरूप्रति कृतज्ञता ज्ञापन गर्दै अनुवाद गरिदिनुभएकोमा पं. डमरुवल्लभलाई धन्यवाद दिन्छु। यो ग्रन्थ जनसमक्ष पुर्‍याउन पाएकोमा मलाई साह्रै खुशी लागेको छ।

धन्यवाद।

चूडानाथ भट्टराय
आयोजक
तथा
निमित्त का. मु. उपकुलपति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुवाद्को सम्बन्धमा

आर्य जाति पहिले कहाँ थिए, कस्ता थिए, तिनीहरूको चालचलन के कस्तो थियो, यस विषयमा विभिन्न विद्वान्का विभिन्न विचारधारा पाइन्छन् । अन्ततोगत्वा आर्य-हरू इतर जातिभन्दा सभ्य र सुसंस्कृत थिए भन्ने कुरामा कसैको पनि दुई मत छैन । इति-हासको लेखनकला शुरू भएपछि आर्य जातिको विषयमा अध्ययन गर्न प्रमुख ग्रन्थ 'रामायण' र 'महाभारत' नै मुख्य र पर्याप्त छन् । यिनमा पनि रामायण कालमा आर्यहरूको राज्य-शासन-पद्धति निक्कै सुसंस्कृत थियो । राज्यका प्रमुख अङ्गहरूका विषयमा निकै मनन भैसकेको थियो । रामराज्य नै यसको उदाहरणमा पर्याप्त छ ।

कालान्तरमा जब महाभारत काल शुरू भयो, अनि त्यही उदारमना आर्य जातिमा पनि विभिन्न संकीर्ण विचारधाराहरूको उद्‌गम हुन थाल्यो । पारस्परिक द्वेष, ईर्ष्या आदि सामाजिक दुर्गुणहरूले समाजलाई खलवल्याउन थाले । जूवा खेलिन थाल्यो, दाजु-भाइहरूको अंशपर्यन्त नदिनेसम्मको स्थितिको सिर्जना भयो । कपट-व्यवहारको प्रयोग हुन थाल्यो । यो कुरा कर्ण, शकुनि, दुर्योधन र चीर-हरण, जूवाको खालमा द्रौपदीको स्थापना, पाण्डव-कौरवयुद्ध आदि विषयबाट प्रष्ट देखिन आउँछ ।

यसरी महाभारतकालदेखि समृद्धिशाली आर्यहरूको सामाजिक परंपरा खलबलिए पनि त्यस बखतमा राज्यको र जनताको संरक्षण र संवर्द्धन गर्ने व्यवहारतर्फ पनि तत्कालीन विशिष्ट विद्वान्हरूको प्रशस्त मात्रामा कलम चलेको देखिन्छ । यिनीहरूमा वशिष्ठ, भृगु, मनु, व्यास, पराशर, चाणक्य, गौतम, वृहस्पति आदि प्रमुख थिए । विशेषतः त्यो समयमा दैवी सिद्धान्तको बोलबाला थियो । राज्यको सर्वेसर्वा राजा हुन्थ्यो ऊ दश दिक्पालको अंशबाट जन्मेको हुन्छ र उही नै हाम्रो स्वामी हो भन्ने कुरामा जनता विश्वस्त हुन्थ्यो । तर त्यो समयमा केवल अन्धो दैवी परंपरा मात्र थिएन । तर के देखिन्छ भने राज्यका लागि एउटा नियामक अत्यावश्यक हुन्छ । त्यो नभए चोर डाँका घूस खाने आदि दुर्व्यसनी-हरूले जनतालाई आतङ्कित गराउँछन् । राज्यमा लूटमार हुन्छ, जनधनको संरक्षण हुन सक्तैन, दस्युको डर हर-हमेसा समाजले भोग्नुपर्दछ । एउटा गतिलो शासक भएको खण्डमा सबै नियमहरूको परिपालन हुन्छ । समाज उसको नेतृत्वमा संगठित र दह्रो हुन्छ । समाज मजबूत भएपछि जनताका आर्थिक सामाजिक राजनीतिक सबै पक्षहरूको विकास हुन्छ । त्यस्तो नियन्त्रक उनीहरू चाहन्थे, रोज्दथे र बनाउँथे पनि । यसरी सर्वाधिकार-सम्पन्न त्यो शासक कहिले काहीं ऐश्वर्यप्रमत्त बन्दथ्यो । यस्ता कुराको पुराण आदिमा अनेक प्रमाण पाइन्छन् । वेन, नहुष आदि राजा यस्तै प्रकारका थिए ।

त्यसो नहोस् भन्नाका लागि तत्तत् समयका ऋषि-मुनि तथा विद्वान्हरूले अनेक नीतिहरू लेखेका छन् । नीति भन्ने यस्तो शास्त्र छ जसबाट मानिसले आफ्नो यस लोकमा सुख, शान्ति, समृद्धि प्राप्त गरी मरेपछि पनि हजारौं वर्षसम्म पनि उसको कीर्ति जनताले गाइरहन्छ । त्यही नीतिको पालन गर्नाले मानिसका मुख्य चार पुरुषार्थ धर्म, अर्थ, काम र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मोक्षलाई मानिसले सजिलैसँग प्राप्त गर्दछ । यही कुरालाई आचार विचार व्यवहारमा प्रयोग गरी पूर्वकालका आर्यहरूले भौतिक उन्नतिको साथै आध्यात्मिक उन्नति गरेको कुरा प्रत्येक ग्रन्थहरूमा पाइन्छ । सामान्य दृष्टिले हेर्दा, आजकल उपलब्ध भएका नीतिहरू त्यति अघि प्राचीन समयमा बनेका भए पनि जत्तिको अघि उपयोगी थिए, आजसम्म पनि तिनीहरू त्यत्तिकै उपयोगी छन् ।

यो नीति-साहित्यको अघि जत्तिको महत्त्व थियो, आज विज्ञानको वशीभूत भएको त्यही आर्य जाति संकीर्ण छाती लिएर त्यस नीतिशास्त्रको अनुसरण गर्नुबाट निक्कै विमुख हुन गएको छ । त्यसो हुँदा यसको शान्ति र प्रगति केवल कोरा नारा, र फोस्रो तर्क जस्तै खोक्रो हुँदै छ । यही आर्यहरूको पुण्यभूमिमा देखा पर्न थालेको छ । अस्तु ।

त्यस्ता नीतिहरू कति थिए ? कस-कसले बनाए ? कहिले कहिले बने ? त्यसको सबै यथार्थ लेखाजोखा गर्न् आजकल संभव बाहिरको कुरा भएको छ । किनभने एक त यस्ता पुस्तक छापिन छोडे, न त किन्नेले किन्नु नै आवश्यक देख्यो,न त पाश्चात्य प्रणाली-अनुसार पाठ्यक्रममा नै रहे। कारण धेरै छन् तापनि अहिले पनि हाम्रा समक्ष महाभारतमा भएका विदुरनीति, धौम्यनीति, कणिकनीति, कामन्दकीयनीति, चाणक्यनीति, मनुको नीति, यही शुक्रनीति र विष्णु शर्माको नीति (पञ्चतन्त्र) आदि नीतिहरू छन् । अहिले उपलब्ध हुन सक्ने नीतिहरूका विषयमा केही भन्न खोज्ने हो भने यहाँ मूल ग्रन्थभन्दा उपोद्घात नै ज्यादा हुन जाने डर भएकोले यस विषयलाई यहीं छोडेर यो 'शुक्रनीति' का बारेमा केही विवेचना गरौं ।

शुक्रनीति कहिले बनेको हो यसको कालनिर्णय गर्न कुनै ठोस प्रमाण अद्यापि उपलब्ध हुन सकेको छैन । तथापि महाभारतमा यसको उल्लेख भएबाट यो 'नीतिशास्त्र' महाभारतकालभन्दा अघि नै बनिसकेको थियो भन्ने देखिन्छ । यस कुरामा शान्तिपर्व राजधर्ममा उल्लेख गरेकोबाट प्रष्ट हुन आउँछ कि यही नीति पहिले 'दण्डनीतिको रूपमा थियो', किनभने राजालाई दण्डनीतिको ज्यादै आवश्यकता पर्दछ । दण्डनीति खुकुलो भयो भने राज्यमा डर हुँदैन । डर नभएपछि समाजमा उच्छृङ्खलता पैदा हुन्छ । कोही कसैको डर-मान्दैन । अनि जे मन लाग्यो त्यही गर्ने परंपराको सृष्टि हुन्छ । अतः कस्तालाई कस्तो दण्ड दिने भनी नीतिकारहरूले दण्डको विधान मिलाएका छन् ।

महाभारतमा भनिएको छ कि ब्रह्माले १ लाख अध्यायमा दण्डनीति बनाए। त्यसलाई शंकर वा शिवले घटाएर 'विशालाक्ष' मा दश हजार अध्यायमा परिणत गरे । फेरि त्यसलाई इन्द्रले 'बहुदण्ड'मा पाँच हजार अध्यायमा परिणत गरे । त्यसलाई बृहस्पतिले आफ्नो 'बार्हस्पत्य' मा तीन हजार अध्यायमा परिणत गरे । त्यसैलाई उशना 'शुक्राचार्य' वा काव्यले मानिसलाई सजिलो होस् भन्नाका लागि एक हजार अध्यायमा छोट्याएर बनाए । शुक्रनीति पहिले ज्यादै विशाल थियो । जसको श्लोकसंख्या १ करोडको थियो । यो कुरा महाभारतको शान्तिपर्व राजधर्म तथा यही शुक्रनीतिको पहिलो अध्यायको दोस्रो श्लोक तथा 'नीतिप्रकाशिका' बाट पनि काल-समयानुसार संक्षेपीकरण गर्दै आएको रहेछ भन्ने कुराको पुष्टि मिल्दछ ।

यसरी संक्षेपीकरण हुँदै हुँदै आएको कुरामा 'गुस्टाव ओपर्ट' भन्ने एक जना विद्वान्ले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन् ८८१ मा खोज गरी संकलन गरी संस्करण गरेको यही शुक्रनीतिको भूमिकाबाट प्रष्ट हुन् आउँछ । गुस्टाव ओपर्ट भन्दछन् कि 'महाभारत' नीतिप्रकाशिका तथा मैले प्राप्त गरेका ५।६ वटा हस्तलिखित ग्रन्थबाट के देखिन्छ भने पहिले ब्रह्माको दण्डनीति १ लाख अध्यायमा, रुद्रशिवको पचास हजार अध्यायमा, सुब्रह्मण्यले त्यही नीति पच्चीस हजार अध्यायमा, इन्द्रले त्यसलाई बाह्र हजार अध्यायमा, मनुले ६ हजार अध्यायमा, वृहस्पतिले तीन हजार अध्यायमा, शुक्रले एक हजार अध्यायमा, भारद्वाजले ७०० अध्यायमा, गौरशिराले पाँच सय अध्यायमा तथा वेदव्यासले तीन सय अध्यायमा संक्षेपीकरण गरेका छन् । फेरि त्यही भूमिकामा उनी भन्छन् कि मनुका नीति जसरी व्यवहारोपयोगी प्रचलनका अंशमात्रको संक्षेपीकरण हुँदै अघिको भन्दा आजकल जति साना आकार-प्रकारमा रहेका छन्, त्यस्तै प्रकारवाट यो शुक्रनीति पनि पहिले 'शतलक्षश्लोकमितम्' भनेर १ करोड श्लोक भएको थियो। तापनि व्यवहारोपयोगी अंशलाई समयानुसार छोट्याउँदै आज यसका श्लोकहरू केवल २२०० मात्र हामीले फेला पार्न सकेका छौं । यो कुरा यही शुक्रनीतिको चतुर्थ अध्यायको सातौं प्रकरणको ४२६ श्लोकवाट पनि प्रष्ट देखिन आउँछ। गुस्टाव ओपर्ट महाशय भन्छन् मेरा हातमा ५।६ वटा जुन हस्तलिखित प्रतिहरू फेला परे, तिनमा ठाउँठाउँमा भिन्न भिन्न पाठान्तर भएको कुरा छ । यो सबै बुद्धिको प्रमाणित क्रिया मात्र हो । तिनमा मूलग्रन्थसँग धेरै भिन्नता भने पाइन्न ।

यस शुक्रनीतिको सन् १८८१ मा गुस्टाव ओपर्टले जुन संस्करण निकाले, त्यसमा शुक्रनीतिमा हाल प्रचलित मूल ग्रन्थका पाइने श्लोक केवल २२०० हुन्, तापनि उनले संकलन गरेका हस्तलिखित ६ ग्रन्थमध्ये पाँचौंबाट ९६॥ श्लोक र अरूबाट विशेष प्रकारले थपिन आएका (प्रक्षिप्त) श्लोकहरू समेतको संकलन गर्दा मूल ग्रन्थमाभन्दा यसमा दुई सय त्रियासी श्लोक बढी थपिन गएका छन् । तर यी प्रक्षिप्त श्लोकहरूमा विचार गर्दा पनि अलि बढो रूपमा चर्चित प्रासंगिक विषयलाई व्याख्या गर्नुभन्दा अरू विशेष केही देखिन्न । प्राचीन हाम्रा जति नीतिहरू छन् तिनीहरू समयले गर्दा त्यहाँ उल्लिखित कतिपय विषय छुट्नामा हेतु के देखिन आउँछ भने समयले कुनै वस्तुको बदला अर्कोबाट काम लिन शुरू गऱ्यो । अनिपछि तत्कालीन विद्वान्हरूले पनि समयोपयोगी अंश मात्रको उल्लेख गरी ग्रन्थ प्रकाशन गर्न लागे होलान् । बाँकी अंश क्रमशः प्रकृतिका गर्भमा बिलाउँदै गयो। अनि कालान्तरमा त्यसको अभाव हुन गयो ।

महाकाव्यकालमा पनि कुमारसंभवमा उशना (शुक्राचार्य) को प्रशंसा गर्दै कवि कालिदासले इन्द्रका समक्ष कामदेवको मुखद्वारा भनेका छन्–

अध्यापितस्योशनसापि नीतिं प्रयुक्तरागप्रणिधिर्द्विषस्ते ।
कस्यार्थधर्मौविह पीडयामि सिन्धोस्तटावोघ इव प्रवृद्धः ॥

(अर्थात् कामदेव भन्छन् हे इन्द्र ! शुक्राचार्यले नीति पढाइएको यस्तो तिम्रो शत्रु छ भने पनि अनायास त्यसको धर्म र अर्थलाई बढेका नदीले दुवै तीर भत्काएझैं म भत्काउन सक्तछु । अतः ईसवीपूर्व प्रथम शताब्दीका कालिदासको यी भनाइबाट त्यो समयसम्म उशनाको यो नीतिशास्त्र खूब चर्चित विषय रहेछ भन्ने कुरा देखिन आउँछ ।

आजकाल मानिसमा साधारणतया यस्तो धारणा बढेको छ कि तोप बन्दूक आदि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अस्त्र-शस्त्रहरू केवल पश्चिमी सभ्यतामा मात्र बन्न गएका हुन्। अघि आर्यहरूले यो कुरा केही जानेका थिएनन् । तर यस कुरालाई यस शुक्रनीतिबाट खण्डन गर्न धेरै प्रमाण पाइन्छन् । किनभने यस नीतिमा तोप, बन्दूक, बारूद आदि बनाउने कुराको वर्णन पाइन्छ । विशद रूपमा नहुनामा संक्षेपीकरणको दोष हुन सक्तछ । अहिलेको सामान्य वर्णनको अपेक्षा अरू अस्त्र-शस्त्रको कहाँसम्म विकास भएको थियो ? तिनीहरू के-कस्ता थिए ? यो कुरा यदि आज हाम्रा समक्ष एक करोड श्लोकको शुक्रनीति हुँदो हो त त्यसमा तिनीहरूको विस्तृत व्याख्या पाइने थियो । अफशोचको कुरा छ कि आज त्यस्ता कतिपय अरू ग्रन्थहरूको पनि अध्ययन गर्ने जिज्ञासाको हामीमा कमी छ । अनेक विषयको समावेश भएको यस ग्रन्थमा विशेष गरेर राजनीति र प्रासङ्गिक धर्मतत्त्व तथा व्यवहार-पाटवको पनि यथाशक्य वर्णन गरिएको छ । यसका अध्ययन र मननबाट मानिस सबै विषयको ज्ञाता हुन सक्छ र राज-नीतिमा विशेष निपुण हुन्छ । यसमा कुनै सन्देह छैन ।

हाम्रो राज्य हिन्दू, हामी हिन्दू, सदा राजमुकुटबाट अनुप्राणित हामी हाम्रो समाज-मा राजाको स्थान एक अपरिहार्य रूपमा छ । अतः नीति भन्दा हामो भन्छौं "राजानं प्रथमं विन्देत् ततो भार्यां ततो धनम्" "राजन्यसति लोकेऽस्मिन् कुतो भार्या कुतो धनम्" (अर्थात् पहिले राजा हुनुपर्छ याने भनेजस्तो राजा पाउनुपर्छ। त्यसपछि भार्या (स्त्री) र त्यसपछि धन प्राप्त गर्नुपर्छ। राजाको छत्राछायाविना स्वास्नी र धनको पनि सुरक्षा हुन सक्तैन)। अतः हाम्रा निमित्त यो नीतिशास्त्र त्यत्तिकै उपयोगी छ, जत्तिको दैत्यराज बलिका निमित्त दैत्यगुरु शुक्रको यो शास्त्र थियो । बलिले यही उनको नीतिबाट त्यत्रो ऐश्वर्य प्राप्त गरे, स्वर्गको राज्य गरे त्यति मात्र हैन देवासुर-संग्राममा मरेका दैत्यहरूलाई मृतसंजीवनी विद्याको प्रभावबाट पुनरुज्जीवित गराएझैं हामी नेपाली जनता पनि आफ्नो राजाको कुशल नेतृत्वमा राजमुकुटको छत्रछायामा अवश्य पुनरुज्जीवित हुन सक्छौं । समयको हाँक र युगको माग पूरा गर्न समर्थ हुँदै आएका छौं र भइरहनेछौं पनि ।

राजप्रिय नेपाली समाजका लागि उपयुक्त देखेर कविशिरोमणि लेखनाथज्यू, पण्डितराज सोमनाथ सिग्द्यालज्यू र सूर्यविक्रम ज्ञवालीज्यूद्वारा प्राचीन नीतिशास्त्र-हरूको छानबिन गर्दा यो शुक्रनीति पनि योग्य ठहरिएको किताब हो । अतः यसको प्रकाश उस बेलाको 'रायल नेपाल एकेडेमी' वर्तमान नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले गर्ने निश्चय भै संयोगवश अनुवाद गर्ने सौभाग्य मलाई प्राप्त भयो । कहाँ यस्तो नीतिरत्न, कहाँ म जस्तो काँच ! तदपि विधाताको संयोगमा जो जस्तो भयो, त्यो पाठकवर्गका करकमलमा छ । अनुवाद अनुवाद नै हुन्छ । मूल श्लोकको भाव संपूर्ण उत्रन नसके पनि यथामति प्रयत्न गर्दा यस्तै भयो । कविशिरोमणि लेखनाथज्यूको निर्देशनमा किताब अनुवाद गर्दै थिएँ; "यसको भूमिका म लेख्नेछु" भन्ने उहाँको आश्वासन पाएको पनि थिएँ । तर ग्रन्थ समाप्ति अगावै उहाँको इहलीला समाप्त भएबाट त्यो कुरा पूर्ण हुन सकेन । यो खोप नभेटिने छापको रूपमा हृदयमा राख्तै 'ईश्वरेच्छा बलवती' भन्ने सम्झँदै यो विषय यहीं समाप्त गर्दछु ।

यसमा त्रुटिहरू अवश्य होलान्, तिनीहरूमा विज्ञ पाठकवर्गका समक्ष क्षमा चाहने-

विनीत
डमरुवल्लभ पौड्याल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

पहिलो अध्याय	राजकार्यनिरूपण	१
दोस्रो अध्याय	युवराज आदिका लक्षण र कर्तव्यहरू	५४
तेस्रो अध्याय	राजा र प्रजाको हितका निमित्त सामान्य नीतिशास्त्र	११३
चौथो अध्याय		१६०-३५१
	पहिलो (मिश्र) प्रकरण १६०	
	दोस्रो (कोशनिरूपण) प्रकरण १७७	
	तेस्रो (विद्या-कलानिरूपण) प्रकरण १९६	
	चौथो (आचारनिरूपण) प्रकरण २११	
	पाँचौं (राजधर्मनिरूपण) प्रकरण २४०	
	छैटौं (दुर्गनिरूपण) प्रकरण २८७	
	सातौं (सेनानिरूपण) प्रकरण २९०	
पाँचौँ अध्याय	खिलनीतिनिरूपणप्रकरण	३५२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुक्रनीतिः

पहिलो अध्याय

प्रणम्य जगदाधारं सर्गस्थित्यन्तकारणम्
संपूज्य भार्गवः पृष्टो वन्दितः पूजितः स्तुतः ॥१॥
पूर्वदेवैर्यथान्यायं नीतिसारमुवाच तान्
शतलक्षश्लोकमितं नीतिशास्त्र मथोक्तवान् ॥२॥
स्वयंभूर्भगवाँल्लोकहितार्थं संग्रहेण वै
तत्सारंतु वसिष्ठाद्यै रस्माभिर्वृद्धिहेतवे ॥३॥

पूजा, नमस्कार र स्तुतिले सन्तुष्ट भएका र दैत्यहरूले प्रश्न गरिएका शुक्राचार्यले दैत्यहरूलाई भन्नुभयो : अघि देवता र वसिष्ठआदि ऋषिहरूले भगवान् ब्रह्मासँग नीतिशास्त्र सोधे । ब्रह्माले पनि सृष्टि, स्थिति, प्रलय र जगत्का आधार-परमेश्वरलाई नमस्कार गरी जगत्को कल्याण र ऋषिहरूको वृद्धिका निमित्त देवताहरूलाई एक कोटी श्लोक भएको जुन नीतिशास्त्र बताउनुभयो, त्यही नीतिशास्त्रको सार यो शुक्रनीति हो ।

अल्पायुर्भूभृताद्यर्थं संक्षिप्तं तर्कविस्तृतम्
क्रियैकदेश बोधीनि शास्त्राण्यन्यानि सन्ति हि ॥४॥

आफ्नू आफ्नू विषय बुझाउने अरू शास्त्र धेरै छन्, तर्कशास्त्र ठूलो छ, थोरै आयु भएका राजाहरूका लागि बनाइएको नीतिशास्त्र संक्षेपमा छ ।

सर्वोपजीवकं लोक स्थितिकृन्नीतिशास्त्रकम् ।
धर्मार्थकाममूलं हि स्मृतं मोक्षप्रदं यतः ॥५॥

धर्म, अर्थ, काम, मोक्ष यी चार पुरुषार्थको मूल नीतिशास्त्र हो यस कारण यो सबैको उपकार गर्ने र लोक-मर्यादा-पालक पनि मानिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतः सदा नीतिशास्त्रमभ्यसेद्यत्नतो नृपः
यद्विज्ञानान्नृपाद्याश्च शत्रुजिल्लोकरञ्जकाः ॥६॥

यस कारण राजा सधैं यत्नपूर्वक नीतिशास्त्रको अभ्यास गरोस्, किन भने यही नीतिशास्त्र जान्नाले नै राजाहरू शत्रुलाई जित्ने र प्रजालाई आनन्द दिन सक्ने हुन्छन् ।

सुनीतिकुशला नित्यं प्रभवन्ति च भूमिपाः
शब्दार्थानां न किं ज्ञानं विना व्याकरणाद् भवेत् ॥७॥

राजाहरू नीतिशास्त्र जानेपछि नीतिमा चतुर हुन्छन् । शब्द र अर्थको ज्ञान के व्याकरणविना हुँदैन र ?

प्राकृतानां पदार्थानां न्यायतर्कैर्विना न किम्
विधिक्रिया व्यवस्थानां न किं मीमांसया विना ॥८॥

प्राकृत अर्थात् जगत्मा भएका पदार्थहरूको ज्ञान न्याय र तर्कशास्त्रविना, त्यस्तै कर्मकाण्डक्रिया व्यवस्थाको ज्ञान के मीमांसाविना हुँदैन र ?

देहादीनां नश्वरत्वं वेदान्तैर्न विना हि किम्
स्वस्वाभिमतबोधीनि शास्त्राण्येतानि सन्ति हि ॥९॥

शरीर आदि जगत् नाशवान् छ भन्ने कुराको ज्ञान के वेदान्तविना हुन सक्तैन र ? आफ्नू इच्छानुसार अनेक विषय बुझाउने शास्त्रहरू धेरै छन् ।

तत्तन्मतानुगैः सर्वैर्विधृतानि जनैः सदा
बुद्धिकौशलमेतद्धि तैः किं स्याद्व्यवहारिणाम् ॥१०॥

उपर्युक्त व्याकरणादि शास्त्रहरू ती शास्त्रको मात्र पछिलाग्नेहरूले आफ्नो बुद्धिका चतुर्‍याइँले रचना गरेका छन् । तिनीहरूबाट व्यवहारी पुरुषहरूको कुनै प्रयोजन पनि सिद्ध हुँदैन ।

सर्वलोकव्यवहारस्थितिर्नीत्याविना न हि
यथाशनैर्विना देहस्थितिर्नस्याद्धि देहिनाम् ॥११॥

जस्तो भोजनविना शरीरको स्थिति रहन्न, त्यस्तै सम्पूर्ण लौकिक व्यवहारको स्थिति पनि नीतिविना चल्दैन ।

सर्वाभीष्टकरं नीतिशास्त्रं स्यात् सर्वसंमतम्
अत्यावश्यं नृपस्यापि स सर्वेषां प्रभुर्यतः ॥१२॥

सम्पूर्ण मनोरथ पूर्ण गर्ने भएको हुनाले नीतिशास्त्र चाहिन्छ भन्ने कुरामा कसैको पनि दुई मत छैन । सबै जनताको स्वामी भएको राजाका निमित्त त यो नीतिशास्त्र अत्यावश्यक मानिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शत्रवो नीतिहीनानां यथाऽपथ्याशिनां गदाः
सद्यः केचिच्च कालेन भवन्ति न भवन्ति च ॥१३॥

जस्तो कुपथ्य सेवन गर्ने मानिसलाई रोगहरू कहिले तुरुन्तै र कहिले ढीलो लाग्दछन् । त्यस्तै नीतिले हीन भएको राजालाई उनका शत्रुहरू कहिले तुरुन्तै र कहिले केही समयपछि अवश्य छुन्छन् ।

नृपस्य परमो धर्मः प्रजानां परिपारपालनम्
दुष्टनिग्रहणं नित्यं न नीत्या तौ विना ह्युभे ॥१४॥

प्रजालाई राम्रो किसिमबाट पाल्नु र दुष्टहरूलाई नियन्त्रण गर्नु राजाको ठूलो धर्म मानिएको छ । यी दुवै कुरा नीतिविना हुन सक्तैनन् ।

अनीतिरेव संछिद्रं राज्ञोनित्यं भयावहम्
शत्रु-संवर्धनं प्रोक्तं बलह्रासकरं महत् ॥१५॥

राजाका निमित्त अन्याय भनेको कुरा ठूलो छेद हो, डरलाग्दो कुरा हो, शत्रुहरू बढाउने र सेनाको बल नाश गर्ने हो भनी कहिएको छ ।

नीतिं त्यक्त्वा वर्तते यः स्वतन्त्रः स हि दुःखभाक्
स्वतन्त्र-प्रभुसेवा तु ह्यसिधारावलेहनम् ॥१६॥

जुन राजा नीति छोडेर स्वच्छन्द व्यवहार गर्दछ, त्यो अवश्य दुःख पाउँछ । त्यस्तो स्वच्छन्दचारी राजाको सेवा गर्नु तरवारको धार चाट्नुतुल्य छ ।

स्वाराध्यो नीतिमान् राजा दुराध्यस्त्वनीतिमान्
यत्र नीतिबले चोभे तत्र श्रीस्सर्वतोमुखी ॥१७॥

नीतिमान् राजालाई सुखैसँग सेवा गर्न सकिन्छ । नीतिरहित राजाको सेवा बडो मुस्किलसँग गर्न सकिन्छ । जहाँ नीति र बल (सेना) रहन्छन्, त्यस्ता राजालाई चारैतिरबाट लक्ष्मी प्राप्त हुन्छ ।

अप्रेरितं हितकरं सर्वराष्ट्रं भवेद्यथा
तथा नीतिस्तु सन्धार्या नृपेणात्महिताय वै ॥१८॥

जस्तो कसैको आज्ञाविना नै सम्पूर्ण देश आफ्नो हित चाहन्छन्, त्यस्तै राजाले पनि आफ्नो हित हुने नीति लिनुपर्दछ ।

भिन्नं राष्ट्रं बलं भिन्नं भिन्नोऽमात्यादिको गणः
अकौशल्यं नृपस्यैतदनीतेर्यस्य सर्वदा ॥१९॥

जुन राजाको देश, सेना, मन्त्रीगणहरूमा परस्पर मत विभिन्नता देखिन्छ, त्यो कुरा दुर्नीतियुक्त राजाको अकुशलताबाट मात्र हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तपसा तेज आदत्तो शास्ता पाता च रञ्जकः
नृपः स्वप्राक्तनाद्धत्तो तपसा च महीमिमाम् ॥२०॥

पूर्व-जन्मको तपस्याबाट राजामा तेज (शक्ति) प्राप्त हुन्छ, जसबाट राजा यी पृथ्वीलाई शासन गर्ने, रक्षा गर्ने र प्रजालाई सन्तोष दिलाउने हुन्छ ।

वृष्टिशीतोष्णनक्षत्रगतिरूपस्वभावतः
इष्टानिष्टाधिकंन्यूनाचारैः कालस्तु भिद्यते ॥२१॥

वर्षा, शीत, तातो, नक्षत्रहरूको गति स्वभावबाट र इष्ट-प्राप्ति र अनिष्ट-प्राप्ति धेरै-थोरै अथवा घटिया-बढिया आचारबाट समय धेरै प्रकारको जस्तो देखिन्छ, अर्थात् समय परिवर्तन नभए तापनि उपर्युक्त प्रकारबाट धेरै प्रकारको जस्तो देखिन्छ ।

आचारप्रेरको राजा ह्येतत्कालस्यकारणम्
यदि कालः प्रमाणं हि कस्माद्धर्मोऽस्ति कर्तृषु ॥२२॥

आचार-विचारहरूको खास प्रेरणा राजाबाट हुन्छ, यही नै समय भिन्न जस्तो देखिनामा कारण छ । यदि समयले नै प्रेरणा दिन्छ भन्ने हो भने कर्ताको धर्म लोप भइहाल्छ, अर्थात् राजा नभई कालबाट मात्र धर्मको प्रवृत्ति हुनै सक्तैन ।

राजदण्डभयाल्लोकः स्वस्वधर्मपरो भवेत्
योहि स्वधर्मनिरतः स तेजस्वी भवेदिह ॥२३॥

राजा सजाय दिन्छन् भन्ने डरबाट जनता आफ्नो आफ्नो धर्ममा प्रवृत्त हुन्छन् । यसरी जनताले आफ्नो कर्तव्यबाट विचलित नभएपछि त्यो (राजा) शक्तिशाली हुन्छ ।

विनास्वधर्मान्नसुखं स्वधर्मो हि परंतपः
तपः स्वधर्मरूपं यर्वधितं येन वै सदा ॥२४॥

आफ्नो धर्मविना सुख प्राप्ति हुँदैन । आफ्नो धर्म नै ठूलो तपस्या हो, जसले आफ्नो धर्म थाम्दछ, ऊ स्वधर्मरूप तपस्याको सदा वृद्धि गर्दछ ।

देवास्तु किङ्करास्तस्य किं पुनर्मनुजा भुवि
सुदण्डैर्धर्मनिरताः प्रजाः कुर्यान्महाभयैः ॥२५॥

देवता पनि धर्मज्ञ मनुष्यको सेवक बन्दछन् भने पृथ्वीका मानिसको के कुरा ? यस कारण धर्ममा रहेको राजाले ठूला ठूला सजाय तोकेर प्रजालाई धार्मिक बनाओस् ।

नृपः स्वधर्मनिरतो भवेत् तेजःक्षयोन्यथा
अभिषिक्तोऽनभिषिक्तो नृपत्वं तु यदाप्नुयात् ॥२६॥

शास्त्रोक्त विधिद्वारा अभिषेक लिएको अथवा आफ्ना बाबुको आज्ञाद्वारा राजपदवी प्राप्त राजा, जस्तो भए पनि आफ्ना धर्ममा प्रवृत्त भइहालोस्, अन्यथा त्यो शक्तिहीन हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्ध्या बलेन शौर्येण ततो नीत्यानुपालयन्
प्रजाः सर्वाः प्रतिदिनमच्छिद्रो दण्डधृक्सदा ॥२७॥

बुद्धि, बल, शूर-वीरता र नीतियुक्त राजा प्रजाको पालन गर्दै दोषरहित भएर दण्डनीतिको प्रतिदिन पालना गरोस् ।

नित्यं बुद्धिमतोऽप्यर्थस्स्वल्पकोऽपि विवर्धते
तिर्यञ्चोपि वशं यान्ति शौर्यनीतिबलैर्धनैः ॥२८॥

बुद्धिमान् राजाको थोरै ऐश्वर्य पनि बढ्दै बढ्दै जान्छ । तियक् जाति (सर्प आदि) पनि शूर्याइँ, नीति, बल र धनबाट वश हुन्छन् भने अरूको के कुरा ! ।

सात्विकं तामसं चैव राजसं त्रिविधं तपः
यादृक्तपति योत्यर्थं तादृग्भवति सो नृपः ॥२९॥

सत्वगुणी, रजोगुणी, तमो गुणी तीन प्रकारका तपस्या हुन्छन् । तिनमा राजा जुन-गुणयुक्त तपस्या गर्दछ, त्यो त्यही गुणको अवस्थामा प्राप्त हुन्छ ।

यो हि स्वधर्मनिरतः प्रजानां परिपालकः
यष्टा च सर्वयज्ञानां नेता शत्रुगणस्य च ॥३०॥
दानशौण्डः क्षमी शूरो निस्पृहो विषयेष्वपि
विरक्तः सात्विकः सो हि नृपोन्ते मोक्षमन्वियात् ॥३१॥

आफ्नो धर्ममा रहेको, प्रजाको रक्षा गर्ने, सम्पूर्ण यज्ञ गर्ने, शत्रुहरूमा नेतृत्व कायम गर्ने, धेरै दान गर्ने, क्षमावान्, शूरो, विषय-वासनामा ज्यादा लंपट नभएको लोभ नगर्ने सत्वगुणी यी लक्षण-गुणलेयुक्त भएको राजा मरेपछि मुक्त हुन्छ ।

विपरीतः तामसः स्यात् सोन्ते नरकभाजनः
निर्घृणश्च मदोन्मत्तो हिंसकःसत्यवर्जितः ॥३२॥

माथि बताइएका लक्षणको विपरीत लक्षण तामसी, घीन नमान्ने, घमण्डी, हिंसा गर्ने, सत्यले रहित यस्तो राजा मरेपछि नरकमा पर्दछ ।

राजसो दांभिको लोभी विषयी वञ्चकश्शठः
मनसान्यश्च वचसा कर्मणा कलहप्रियः ॥३३॥
नीचप्रियः स्वतन्त्रश्च नीतिहीनश्छलान्तरः
स तीर्यक्त्वं स्थावरत्वं भवितान्ते नृपाधमः ॥३४॥

कपटी, लोभी, विषयमा लंपट, ठग, मूर्ख, मनले एक थोक आँट्ने मुखले र कामले अर्कै थोक गर्ने, सधैं झगडा रुचाउने, नीचसँग प्रेम गर्ने, नीतिरहित, छल गर्ने यस्तो राजा रजोगुणी अधम हो । यस्तो राजा मरेपछि तेस्रो जुनी अर्थात् सर्पआदि जुनीमा अथवा स्थावरयोनि (वृक्षहरुमा) प्राप्त हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवांशान् सात्विको भुङ्क्ते राक्षसांशान्तु तामसः
राजसो मानवांशान्तु सत्वे धार्यं मनो यतः ॥३५॥

सत्वगुणी राजा देवताको अंशको, तमोगुणी राक्षसहरूका अंशको, रजोगुणी राजा मनुष्यका अंशको भोग गर्छ । यस कारण राजा सधैं सत्वगुण धारण गरोस् ।

सत्वस्य तमसः साम्यान्मानुषं जन्म जायते
यद्यदाश्रयते मर्त्य स्तत्तुल्यो दिष्टतो भवेत् ॥३६॥

सत्वगुण र तमोगुणको साम्यता (बराबरी) बाट मनुष्य जन्म हुन्छ । आफ्नो प्रारब्ध कर्मको अनुसार त्यसले तिनै तिनै गुणको आश्रय गर्छ ।

कर्मैव कारणं चात्र सुगतिं दुर्गतिं प्रति
कर्मैव प्राक्तनमपि क्षणं किं कोऽस्ति चाक्रियः ॥३७॥

यस संसारमा सद्गति र दुर्गति हुनामा पूर्व-जन्मको कर्म प्रारब्ध नै कारण छ, त्यही पूर्व-जन्मको कर्मले गर्दा जीवात्मा यहाँ एक छिन पनि काम नगरी बस्न सक्तैन ।

न जात्या ब्राह्मणश्चात्र क्षत्रियो वैश्य एव न
न शूद्रो न च वै म्लेच्छो भेदिता गुण कर्मभिः ॥३८॥

यस जगत्मा जन्मले मात्र ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र म्लेच्छ कोही हुँदैन। केवल गुण (सत्व, रज तम,) र कर्म (ऊँच-नीच) बाट मात्र भेद मानिएको हो ।

ब्रह्मणस्तु समुत्पन्नाः सर्वे ते किन्नु ब्राह्मणाः
न वर्णतो न जनका द्ब्राह्म तेजः प्रपद्यते ॥३९॥

ब्रह्माबाट उत्पन्न भएका सम्पूर्ण जीव ब्राह्मण छन् र? अर्थात् छैनन् । यस कारण ब्रह्मतेज वर्ण (ब्राह्मण क्षत्रिय आदि) बाट र बाबुबाट अर्थात् जसबाट जन्मेको छ, त्यसबाट प्राप्त हुने हैन ।

ज्ञानकर्मोपासनाभिर्देवताराधने रतः ॥४०॥
शान्तो दान्तो दयालुश्च ब्राह्मणश्च गुणैः कृतः

ज्ञान प्राप्त गर्ने, कर्मिष्ठ, देवताहरूको अराधना र उपासनामा तत्पर, शान्त, दान गर्न सक्ने र दयालु यस्ता गुणले व्यक्ति ब्राह्मण हुन सक्छ ।

लोकसंरक्षणे दक्षः शूरो दान्तः पराक्रमी
दुष्टनिग्रहशीलो यः स वै क्षत्रिय उच्यते ॥४१॥

लोकको रक्षा गर्नमा बाठो, चतुरो, दानी, पराक्रमी, दुष्टलाई दण्ड दिने यस्तो मानिस क्षत्रिय कहिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रय-विक्रयकुशला ये नित्यं पण्यजीविनः
पशुरक्षाकृषिकराः स्ते वैश्याः कीर्तिता भुवि ॥४२॥

लेन-देन गर्नमा निपुण, व्यापार नै जीवन वृत्ति भएका, पशु पाल्ने, रक्षा गर्ने, खेती गर्ने जो छन्, तिनीहरू वैश्य भनिन्छन् ।

द्विजसेवार्चनरताः शूराः शान्ता जितेन्द्रियाः
सीर-काष्ठ-तृण-वहा स्ते नीचाः शूद्र संज्ञकाः ॥४३॥

ब्राह्मणको सेवा, पूजा गर्ने, शूरा, शान्त, इन्द्रिय जितेका हलो, काठ, घाँसको व्यवहार गर्ने, याने हलो जोत्ने, काठको काम गर्ने, घाँस काट्ने, नीच जनहरू शूद्र भनिन्छन् ।

त्यक्तः स्वधर्माचरणा निर्घृणा परपीडकाः
चण्डाश्च हिंसका नित्यं म्लेच्छास्ते ह्यविवेकिनः ॥४४॥

आफ्नो धर्म र आचरण छोडेका, घीन नभएका, अर्कालाई दुःख दिने ज्यादै रिसाहा, नित्य हिंसा गर्ने, अविवेकी जनहरू म्लेच्छ भनिन्छन् ।

प्राक्कर्मफलभोगार्हा बुद्धिः संजायतेनृणाम्
पापकर्मणि पुण्येव कर्तु शक्तो न चान्यथा ॥४५॥

पूर्व-जन्मको फलभोग गर्ने मान्छेको बुद्धि हुन्छ । यस कारण पूर्व-जन्मको कर्मअनुसार पापकर्म र पुण्यकर्ममा प्राणी प्रवृत्त हुन्छ । त्यो कुरा यहाँ बदलेर बदलिइँदैन ।

बुद्धिरुत्पद्यते तादृग्यादृक्कर्मफलोदय
सहाया स्तादृशा एव यादृशी भवितव्यता ॥४६॥

जस्तो फल प्राप्ति हुनुछ त्यस्तै बुद्धि निस्कन्छ, त्यस्तै काम मिल्छ, त्यस्तै सहायक फेला पर्छन् र जस्तो हुनैपर्ने छ, त्यस्तै हुन्छ ।

प्राक्कर्म वशतः सर्वं भवत्येवेति निश्चितम्
तदोपदेशा व्यर्थाः स्युः कार्याकार्य प्रबोधकाः ॥४७॥

यो कुरा निश्चय छ कि यहाँ जुन जुन कुरा हुन्छ, त्यो पूर्वजन्मको कर्मका अनुसार भै रहेको हुन्छ । यसो गरे यसो हुन्छ यो गर र यो नगर भन्ने उपदेश दिनु व्यर्थ हो ।

धीमन्तो वन्द्यचरिता मन्यन्ते पौरुषं महत्
अशक्ता पौरुषं कर्तुं क्लीवा दैवमुपासते ॥४८॥

बुद्धिमान्, उत्तम चरित्र भएका मानिसहरू पुरुषार्थलाई ठूलो मान्दछन् तर जो पुरुषार्थ गर्न सक्तैनन्, त्यस्ता नपुंसकहरू सबै कुरा भाग्य मै छ भन्दछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दैवं पुरुषकारे च खलु सर्वं प्रतिष्ठितम्
पूर्वजन्मकृतं कर्मेहार्जितं तद्विधाकृतम् ॥४९॥

यो कुरा निश्चय हो कि प्रारब्ध र पुरुषार्थमा संसार चलिरहेकोछ। अतः पूर्वजन्ममा गरिएका कर्म त्यो भोग्नलाई यहाँ गरिने कर्म, यसरी कर्म दुई प्रकारका छन्।

बलवत्प्रतिकारिस्याद्दुर्बलस्य सदैव हि
सबलाबलयोर्ज्ञानं फलप्राप्त्यान्यथा न हि ॥५०॥

सदा निष्फल हुने निर्बल र सदा विजयी हुने सबल यी दुई कर्मको ज्ञान फल प्राप्तिबाट थाहा पाइन्छ, अन्यथा थाहा पाउन सकिन्न।

फलोपलब्धिः प्रत्यक्षहेतुना नैव दृश्यते
प्राक्कर्म हैतुकी सा तु नान्यथैवेति निश्चयः ॥५१॥

फलको प्राप्ति हुनामा प्रत्यक्ष कुनै कारण देखिँदैन। त्यो त पूर्वजन्मको कर्म र अहिलेका कर्मसँग सम्बन्ध भएको हुन्छ, अन्यथा फल प्रप्तिमा अर्को कारण छैन।

यज्जायतेऽल्पक्रियया नृणां वापि महत्फलम्
तदपि प्राक्तना देव केचित्प्रागिह कर्मजम् ॥५२॥

यहाँ गरिएका कर्मको फलप्राप्ति भन्दा पैले थोरै परिश्रमबाट जुन ठूलो ठूलो फल प्राप्त हुन्छ, त्यो सबै पूर्वजन्मको फलबाट भएको हो?

वदन्तीहैव क्रियया जायते पौरुषं नृणाम्
सस्नेहवर्ति दीपस्य रक्षा वातात्प्रयत्नतः ॥५३॥

पुरुषार्थवादीहरू भन्छन् कि तेल-बत्ती भएको दीयोलाई जस्तो हावाबाट रक्षा गर्नुपर्दछ त्यस्तै यहाँका कर्महरू पनि सबै पुरुषार्थबाट सिद्ध हुन्छन्।

अवश्यंभावि भावानां प्रतीकारो नचेद्यदि
दुष्टानां क्षपणं श्रेयो यावद्बुद्धिबलोदयम् ॥५४॥

अवश्य हुनैपर्ने भनिएका व्यवहारको रोकावट गर्न नसकिने भए बुद्धि र बलबाट दुष्टको नाश गरेर कल्याण प्राप्त गर्न कसरी सकिन्थ्यो। (अतः भाग्यवादभन्दा पुरुषार्थवाद ठूलो हो)।

प्रतिकूलानुकूलाभ्यां फलाभ्यां च नृपोष्यतः
इषन्मध्याधिकाभ्यां च त्रिधा दैवे विचिन्तयेत् ॥५५॥

यस प्रकार राजाले आफ्नो भनेजस्तो र उल्टो उत्तम, मध्यम, निम्न फल-प्राप्तिबाट तीन प्रकारको भाग्यलाई विचार गरोस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रावणस्य च भीष्मादे र्वनभङ्गे च गोगृहे
प्रातिकूल्यं तु विज्ञातमेकस्माद्वानरान्नरात् ॥५६॥

रावणका बगैंचाको नाश एउटा वानर (हनुमान्) बाट र भीष्मपितामहको गाई हरण यौटा मानिस (अर्जुन) बाट भयो। (अतः कर्म प्रतिकूल भए धेरै संख्या चाहिन्न)।

कालानुकूल्यं विस्पष्टं राघवस्यार्जुनस्य च
अनुकूले यदा दैवे क्रियाल्पा सुफला भवेत् ॥५७॥

रामचन्द्र र अर्जुनको जीवनबाट यो स्पष्ट हुन्छ कि अनुकूल दैव छ भने थोरै काम पनि धेरै फलदायक हुन्छ।

महती सत्क्रियानिष्टफलास्यात्प्रतिकूलके
बलिर्दानिन सम्बद्धो हरिश्चन्द्रस्तथैव च ॥५८॥

प्रारब्ध प्रतिकूल (उल्टो) छ भने ठूलो सत्कर्म पनि खराब फल दिने हुन्छ। जस्तो हरिश्चन्द्र र बलि राजा दान गर्दा गर्दै बाँधिए।

भवतीष्टं सत्क्रिययानिष्टं तद्विपरीतया
शास्त्रतः सदसज्ज्ञात्वा त्यक्त्वासत्सत्समाश्रयेत् ॥५९॥

सत् कर्मबाट राम्रो र असत्कर्मबाट नराम्रो फल-प्राप्ति हुन्छ। तसर्थ शास्त्रद्वारा सत् र असत् कर्मको ज्ञान गरी असत् कर्मलाई छोडी सत्कर्मको आश्रय गरोस्।

कालस्य कारणं राजा सदसत्कर्मणस्ततः
स्वक्रौर्योद्यत दण्डाभ्यां स्वधर्मे स्थापयेत् प्रजाः ॥६०॥

आफ्नो राज्यकाललाई स्वर्ण काल बनाउने र निन्दित काल बनाउने राजा नै हो। अतः आफ्नो पराक्रम र दण्डव्यवस्थाबाट प्रजालाई सत्कर्ममा लगाओस्।

स्वाम्यमात्य सुहृत् कोश राष्ट्र-दुर्ग-बलानि च
सप्ताङ्ग मुच्यते राज्यं तत्र मूर्धा नृपः स्मृतः ॥६१॥

राजा, मन्त्री, मित्र, ढुकुटी, देश किल्ला सेना यति ७ चीज राज्यका अङ्ग कहिन्छन्। तिनमा राजा मुख्य अङ्ग हो।

दृगमात्यासुहृच्छ्रोत्रं मुखं कोशो बलं मनः
हस्तौ पादौ दुर्ग राष्ट्रौ राज्याङ्गानि स्मृतानि हि ॥६२॥

राज्यको नेत्र मन्त्री हो, मित्र कान हो, ढुकुटी मुख हो, सेना मन हो, किल्ला हात हो, देश पाउ हो। यसरी राज्यका सात अङ्ग संज्ञिएका छन्।

अङ्गानांक्रमशो वक्ष्ये गुणान् भूतिप्रदान् सदा
यैर्गुणैस्तु सुसंयुक्ता वृद्धिमन्तो भवन्ति हि ॥६३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐश्वर्यलाई बढाउने राज्यका ती अङ्गका सवै गुण क्रमशः भन्दछु, जुनगुणहरूलाई लिएर राजा समृद्धिशाली हुन्छ ।

राजास्य जगतो हेतु र्वृध्यै वृद्धाभिसंमतः
नयनानन्दजनकः शशाङ्कइव तोयधेः ॥६४॥

राजा नै यस जगत्को वृद्धि गराउनामा कारणछ । राजालाई दर्शन गर्दा मात्र पनि यस्तो आनन्द हुन्छ कि जस्तो चन्द्रमालाई देखेर समुद्र आनन्दित हुन्छ ।

यदि नस्यान्नरपतिः सम्यङ् नेता ततः प्रजाः
अकर्णधारा जलधौ विप्लवन्ते ह नौरिव ॥६५॥

सच्चा नेतृत्व गर्न सक्ने राजा नहुँदा समुद्रमा माझी नभएको डुंगा डुबेझैं सारा दुनियाँ नष्ट हुन्छ ।

न तिष्ठन्ति स्व-स्वधर्मे विनापालेन वै प्रजाः
प्रजयातु विना स्वामी पृथिव्यांनैव शोभते ॥६६॥

राजाविना प्रजाहरू आफ्नो आफ्नो धर्ममा रहँदैनन् र प्रजाविना राजा पृथिवीमा शोभा पाउँदैन ।

न्यायप्रवृत्तो नृपतिरात्मान मपि च प्रजाः
त्रिवर्गेणोपसंधत्ते निहन्ति ध्रुवमन्यथा ॥६७॥

न्याय नछोड्ने राजा आफ्नो साथसाथै दुनियाँलाई पनि धर्म, अर्थ, काम यी तीन पुरुषार्थले युक्त भएको वनाउँछ, अन्यथा उक्त तीन पुरुषार्थवाट दुवै वञ्चित हुन्छन् भन्ने कुरा सत्य हो ।

धर्माद्वै पवनो राजा विधाय बुभुजे भुवम्
अधर्माच्चैव नहुषः प्रतिपेदे रसातलम् ॥६८॥

धर्मबाट पवन राजाले पृथिवीको सुख भोग गरे, तर अधर्मबाट नहुषनामक राजा पातालमा पुग्यो ।

वेनोनष्ट स्त्वधर्मेण पृथुर्वृद्धः स्वधर्मतः
तस्माद्धर्मं पुरस्कृत्य यतेतार्थायपार्थिवः ॥३६॥

राजा वेन अधर्मवाट नाश भए तर राजा पृथु धार्मिक हुँदा उन्नतिमा प्राप्त भए त्यस कारण राजा धर्मपूर्वक अर्थ सञ्चय गरोस् ।

दोहि धर्मपरोराजा देवांशोऽन्यचरक्षसाम्
अंशभूतो धर्मलोपी प्रजापीडाकरोभवेत् ॥७०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवताको अंश लिएर आएको राजा धार्मिक हुन्छ र राक्षसको अंश लिएर आएको राजा धर्मको लोप गर्ने र प्रजालाई दुःख दिने हुन्छ ।

इन्द्रानिलयमार्काणामग्नेश्च वरुणस्य च
चन्द्र वित्तेशयोश्चापि मात्रा निर्हृत्य शाश्वती: ॥७१॥
जंगमस्थावराणां च हीशः स्वतपसाद्भवेत्
भागभाग्रक्षणे दक्षो यथेन्द्रोनृपति स्तथा॥७२॥

इन्द्र, वायु, यमराज, सूर्य, अग्नि, वरुण, चन्द्रमा, कुवेर यिनको स्वाभाविक अंशवाट र आफ्नो तपस्याको प्रतापबाट राजा स्थावर-जंगमको स्वामी हुन्छ । तीमध्ये इन्द्रका अंशका स्वभाववाट आफ्ना प्राप्तव्य भागको रक्षा गर्ने चतुरा स्वर्गका इन्द्र जस्ता हुन्छन्, त्यो यहाँ त्यस्तै इन्द्र जस्तो हुन्छ ।

वायुर्गन्धस्य सदसत्कर्मणः प्रेरको नृपः
धर्मप्रवर्तकोऽधर्म नाशक स्तमसो रविः ॥७३॥

वायु जस्तो गन्धको सञ्चालक हुन्छ, त्यस्तै धर्मको रक्षा गर्ने, अधर्मको नाश गर्ने, अन्धकारलाई नाश गर्ने सूर्य जस्तो राजा सत्कर्म र असत्कर्मको सञ्चालन गर्ने हुन्छ ।

दुष्कर्मदण्डको राजा यमः स्याद्दण्डकृद्यमः
अग्नि श्शुचि स्तथा राजा रक्षार्थं सर्वभागभुक् ॥७४॥

अग्नि जस्तो शुद्ध, रक्षाका निमित्त सवैको भाग लिने, दुष्टलाई दण्ड दिने संयमी राजा यमराज जस्तै दुष्टलाई दण्ड दिने हुन्छ ।

पुष्यत्यपांरसैः सर्वं वरुणः स्वधनै र्नृप
करैश्चन्द्रो ल्हादयति राजा स्वगुणकर्मभिः ॥७५॥

जस्तो वरुण आफ्ना धन भएको जलरूपी रसले सबैको पोषण गर्छन्, जस्तो चन्द्रमा शीतल किरणले सबैलाई आनन्द दिन्छन्, त्यस्तै राजा पनि आफ्ना गुण र कर्मले सबैलाई आनन्द दिने हुन्छ ।

कोशानां रक्षणे दक्षः स्यान्निधीनां धनाधिपः
चन्द्रांशेन विना सर्वै रंशै र्नोभाति भूपतिः ॥७६॥

धनको रक्षा गर्न सिपालु, सम्पत्तिमा कुवेर जस्तो राजा पनि चन्द्रमाको अंश-विना शोभा पाउँदैन ।

पिता माता गुरुर्भ्राता बन्धु र्वैश्रवणोयमः
नित्यं सप्तगुणैरेषांयुक्तोराजा न चान्यथा ॥७७॥

बाबु, आमा, गुरु भाइ-वन्धु, कुवेर, यमराज यिनीहरुका सात गुणयुक्त भएपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बल्ल योग्य राजा हुन्छ नत्र भने हुँदैन ।

गुण साधन संदक्षः स्वप्रजाया पिता यथा
क्षमयित्र्यपराधानां माता पुष्टिविधायिनी ॥७८॥

जस्तो बाबु-आमाले आफ्ना सन्ततिहरूको दोषलाई क्षमा गरी उनीहरूको पालन-पोषण गरी उन्नतिआदि गुणमा लगाउँछन्, त्यस्तै राजाले पनि प्रजाको भूल क्षमा गरी उनीहरूको उन्नति गराओस् ।

हितोपदेष्टाशिष्यस्य सुविद्याध्यापको गुरुः
स्वभागोद्धारकृद्भ्राता यथाशास्त्रं पितुर्धनात् ॥७९॥

असल गुरुले विद्यार्थीलाई योग्य शिक्षा दिएजस्तै, शास्त्रको उक्तिअनुसार भाइलाई उचित भाग दिएझैं (योग्य राजाले प्रजालाई हितोपदेशपूर्वक दण्ड देओस्) ।

आत्म-स्त्री-धन-गुह्यानां गोप्ता बन्धुस्तु मित्रवत्
धनदस्तु कुवेरःस्याद्यमः स्याच्च सुदण्डकृत् ॥८०॥

राजा प्रजाको विपत्तिमा धन दिएर कुबेर जस्तो र योग्य दण्ड दिएर यमराज जस्तो बनोस् । उनीहरूको ज्यू, धन, परिवार, गुह्य कुराको रक्षा गरेर बन्धु जस्तो पनि बनोस् ।

प्रवृद्धिमति संराज्ञि निवसन्ति गुणा अमी
एते सप्त गुणा राज्ञा नहातव्याः कदाचनः ॥८१॥

उत्तम बुद्धिमान् राजामा माथि बताइएका सात गुण नित्य रहन्छन् । यस कारण राजाले यी सात गुण कहिल्यै पनि नछोडोस् ।

क्षमते योऽपराधं स शक्तः स दमनेक्षमी
क्षमया तु विना भूपो नभात्यखिल सद्गुणैः ॥८२॥

दमन गर्ने शक्ति भएर पनि अपराधीलाई क्षमा गर्ने राजालाई क्षमी भनिन्छ । क्षमाबिना अरु जतिसुकै गुण भए पनि त्यो राजा शोभा पाउँदैन ।

स्वान्दुर्गुणान्परित्यज्य ह्यतिवादांस्तितिक्षते
दानैर्मानैश्च सत्कारैः स्वप्रजारञ्जकः सदा ॥८३॥

राजाले आफ्ना दुर्गुण छोड्नैपर्दछ । उस्तै परेमा निन्दा पनि सहनुपर्दछ । दान, मान, सत्कारबाट प्रजाको रक्षा गर्नैपर्दछ ।

दान्तः शूरश्च शस्त्रास्त्रकुशलोऽरिनिषूदनः
अस्वतन्त्रश्च मेधावी ज्ञान-विज्ञान-संयुतः ॥८४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नीचहीनो दीर्घदर्शी वृद्धसेवी सुनीतियुक्
गुणि-जुष्टस्तु यो राजा स ज्ञेयो देवतांशकः ॥८५॥

दमन शील, शूरो, शस्त्र (हातमा लिएरै प्रयोग गर्ने हतियार बन्दूक आदि) अस्त्र (फ्याँकेर प्रयोग गरिने भाला आदि) मा निपुण, शत्रुलाई परास्त गर्न सक्ने, नियममा रहने ज्ञान-विज्ञानले युक्त, दूरदर्शी, वृद्धजनको सल्लाह लिने, नीतियुक्त, नीचसंसर्ग नगर्ने, गुणी पुरुषले युक्त यस्तो राजा देवताको अंशबाट जन्मेको हो भनी जान्नू ।

विपरीतस्तु रक्षोंशः स वै नरकगो जनः
नृपांशसदृशो नित्यं तत्सहायगणः किल ॥८६॥

उपर्युक्त गुणको विपरीत जो राजा छ, त्यो राक्षसको अंशबाट जन्मेको हो र त्यो नरकगामी हुन्छ, त्यो मात्र हैन कि त्यसलाई मद्दत गर्ने त्यसका सहायक गण पनि उसकै अंश जस्ता नै नरकगामी हुन्छन् ।

तत्कृतं मन्यते राजा सन्तुष्यति च मोदते
तेषामाचरणैर्नित्यं नान्यथा नियतेर्बलात् ॥८७॥

राजसेवकले गरेका व्यवहारबाट उनको प्रारब्धअनुसार राजा स्वीकार गर्छन्, खुशी हुन्छन्, प्रसन्न हुन्छन् अन्यथा त्यही क्रिया पनि सफल हुँदैन ।

अवश्यमेव भोक्तव्यं कृतं कर्मफलं नरैः
प्रतिकारं विनानैव प्रतिकारे कृते सति ॥८८॥

गरिएका कर्मको फल मानिसले भोग्नैपर्दछ । त्यसको भोग गर्न नपर्ने निवृत्तिको उपाय गरे त्यही उपाय निष्फल हुन्छ र गरिएको कर्मको फल भोग्नैपर्दछ ।

यथा भोगाय भवति चिकित्सित गदो यथा
उपदिष्टेऽनिष्ट हेतौ तत्तकर्तुं यतेत कः ॥८९॥

रोगको औषधी भएमात्र भोग प्राप्तिका निमित्त सबै औषधी गर्दछन् । यदि रोग शान्ति नहुने हो भने त्यस्तो औषधी प्रयोग गर्न को प्रयत्न गर्ला ? ।

रज्यते सत्फले स्वान्तं दुष्फले न हि कस्यचित्
सदसद्बोधकान्येव दृष्ट्वा शास्त्राणि चाचरेत् ॥९०॥

असल फल प्राप्ति हुने कुरामा मन लागिहाल्छ । अनिष्ट फल प्राप्ति गर्ने कसैको मन हुँदैन । अतः शास्त्र हेरी सत् मार्ग र असत् मार्गको निर्णय गरी त्यहीअनुसार चलोस् ।

नयस्य विनयो मूलं विनयः शास्त्र निश्चयात्
विनयस्येन्द्रियजयस्तद्युक्तः शास्त्रमृच्छति ॥९१॥

नम्रता नै नीतिको कारण मानिएकोछ । त्यो नम्रता शास्त्रको ज्ञानबाट हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नम्रताबाट नै इन्द्रिय विजय गर्न सकिन्छ । अतः नम्रता प्राप्त गर्न शास्त्र आवश्यक छ ।

आत्मानं प्रथमं राजा विनयेनोपपादयेत्
ततः पुत्रां ततोऽमात्यां ततो भृत्यां ततः प्रजाः ॥६२॥

यस कारण पहिले राजाले आफू नै नम्र हुन सिकोस्, त्यसपछि त्यो कुरा छोरालाई सिकाओस् । अनिपछि त्यही कुरा क्रमशः मन्त्री, सेवकहरू र प्रजालाई सिकाओस् ।

परोपदेशकुशलः केवलो नभवेन्नृपः
प्रजाधिकारहीनः स्यात्सगुणोऽपिनृपः क्वचित् ॥६३॥

राजाले खालि उपदेश दिएर मात्र हुँदैन । आफू पनि विशिष्ट व्यक्ति बन्नुपर्दछ । खालि उपदेश मात्र दिने राजा प्रजालाई शासन गर्ने अधिकारबाट वञ्चित भएको कहीं देखिन्छ ।

नतु नृपविहीन स्यात् दुर्गुणा ह्यपितु प्रजा
यथा न विधवेन्द्राणि सर्वदा तु तथा प्रजा ॥६४॥

किनकि जस्तो इन्द्र मरे पनि इन्द्राणि विधवा रहन्नन्, त्यस्तै प्रजाले राजा जहिले पनि पाउँछन्, न कि राजाले प्रजा ।

भ्रष्टश्रीः स्वामिता राज्यो नृप एव न मन्त्रिणः
तथा विनीत दायादो दान्ताः पुत्रादयोऽपि च ॥६५॥

जुन राजाका छोरा आदि खास व्यक्ति नीति हीन हुन्छन्, त्यसको राज्यश्री समाप्त हुनामा कारण मानिएको छ न कि राजाका मन्त्रीहरू ।

सदानुरक्त प्रकृतिः प्रजापालनतत्परः
विनीतात्मा हि नृपतिर्भूयसीं श्रियमश्नुते ॥६६॥

जुन राजा प्रजामा प्रेम राख्छ र उनीहरूको पालनआदि क्रियामा जागरुक रहन्छ र जो ज्यादै नीतिज्ञ हुन्छ, त्यही राजा नै चिर कालसम्म राज्यश्रीको भोग गर्दछ ।

प्रकीर्ण विषयारण्ये धावन्तं विप्रमाथिनम्
ज्ञानाङ्कुशेन कुर्वीत वशमिन्द्रिय दन्तिनम् ॥६७॥

राजाले विषय वासनारूपी घना वनमा मत्त भएर दगुर्न खोज्ने इन्द्रियरूपी हात्तीलाई ज्ञानरूपी अंकुशले वशमा गरोस् ।

विषयामिष लोभेन मनः प्रेरयतीन्द्रियम्
तन्निरुन्ध्येत् प्रयत्नेन जिते तस्मिन् जितेन्द्रियः ॥६८॥

मनले विषयरूपी मासु खान इन्द्रियलाई प्रेरणा गर्छ, जो त्यसलाई खूब यत्नसाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जित्तछ, त्यो जितेन्द्रिय भनिन्छ ।

एकस्यैव हि योऽ शक्तो मनसः सन्निवर्हणे
महीं सागरपर्यन्तां स कथं ह्यवजेष्यति ॥९९॥

जुन राजा एउटा मनलाई त वश गर्न सक्तैन,ऊ सागर पर्यन्तकी पृथ्वीलाई कसरी वश गर्न सक्ला ।

क्रियावसानविरसै विषयैरपहारिभिः
गच्छत्याक्षिप्तहृदयः करीव नृपतिर्गृहम् ॥१००॥

सदा स्थायी रहने रुक्खा विषयमा लम्पट मन भएको राजा हात्ती जस्तै बाँधिन्छ (अर्थात् विषयलम्पट राजा स्वतन्त्रता गुमाउँछ)

शब्द स्पर्श श्चरूपं च रसो गन्धश्च पञ्चमः
एकैक स्त्वलमेतेषां विनाश प्रतिपत्तये ॥१०१॥

शब्द, रूप रस, गन्ध, यिनमा एउटाले पनि नाश गर्न सक्तछ ।

शुचिदर्भाङ्कुराहारो विदूर भ्रमणे क्षमः ।
लुब्धको गीत मोहेन मृगो मृगयते बधम् ॥१०२

शुद्ध दूबोमा चर्ने, टाढा-टाढासम्म पुग्न सक्ने, मृग व्याधाको घमोराआदिको शब्द सुन्दा सुन्दै श्रवणेन्द्रियको वशमा पर्दा पक्राउमा पर्छ ।

गिरीन्द्र शिखराकारो लीलयोन्मूलित द्रुमः
करिणिस्पर्श संमोहाद्बन्धनं याति वारणः ॥१०३॥

पहाडको टाकुरो जस्तै अग्लो, सहसा वडेवडे रूख भाँच्न सक्ने मत्ता पनि हस्तिनीको स्पर्शको वश पर्दा बन्धनमा पर्दछ ।

स्निग्ध दीप शिखालोक विलोलितविलोचनः
मृत्युमृच्छति संमोहात् पतङ्ग सहसा पतन् ॥१०४॥

राम्रो वत्तीको कान्तिले चञ्चल आँखा भएको पुतली रूपको वश पर्दा बत्तीमा झ्याम्मिन गई मर्दछ । (अतः रूपमा धेरै आसक्त नहुनू) ..

अगाध सलिले मग्नो दूरोऽपि वसतौ वसन्
मीनस्तु सामिषं लोहमास्वादयति मृत ।वे ॥१०५॥

गहिरो टाढा जलभित्र बसेको माछो पनि रसनेन्द्रिय जिब्रोको वश पर्दा मासुको टुक्रोयुक्त बल्छीलाई निलेर मर्दछ (अतः रसनेन्द्रियको वश पर्न हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्कर्तितु' समर्थोऽपि गन्तुंचैव सपक्षक :
द्विरेफो गन्ध लोभेन कमले याति बन्धनम् ।१०६।

कमल पत्रलाई काट्न सक्ने, पखेटाले उड्न सक्ने भुमरो गन्धका लोभले गर्दा कमलको फूलभित्र परेर थुनिन्छ (अतः घ्राणेन्द्रियको वश पर्न हुँदैन)

एकैकशो विनिघ्नन्ति विषया: विषसन्निभा:
किं पुन: पञ्चमिलिता न कथं नाशयन्ति हि १०७

विषतुल्य विषयहरूमध्ये एउटाले पनि प्राण लिन सक्छ भने सबै मिले भने त के भन्नुपर्छ र। अवश्यमेव नाश गर्दछन्।

द्यूतं, स्त्री, मद्यमेवैतत्त्रितयं बह्वनर्थकृत्
अयुक्तं युक्तियुक्तं हि धन-पुत्र-मतिप्रदम् १०८

जूवा, स्त्री मदिरा अनर्थकारी छन् तापनि युक्तिपूर्वक यिनलाई सेवा गर्न सके यिनबाट पनि धन, छोरा, बुद्धि प्राप्त गर्न पनि सकिन्छ।

नलधर्म प्रभृतय: सुद्यूतेनविनाशिता :
सकापट्यं धनायालं द्यूतं भवति तद्विदाम् १०९

सोझो मार्गबाट जूवा खेल्दा नल युधिष्ठिर नष्ट भए अतः कपटी जूवा जान्नेलाई जूवाबाट पनि धन प्राप्ति हुन्छ।

स्त्रीणां नामापि संल्हादि विकरोत्येव मानसम्
किं पुनर्दर्शनं तासां विलासोल्लासितभ्रुवाम् ११०

स्वास्नी मानिसको नाम सुन्दा पनि मान्छेको मन लहसिन्छ भने चञ्चल नयन भएका तिनीहरूसँग देखादेख हुँदा त के भन्नुपर्छ र?

रह: प्रचारकुशला मृदुगद्गदभाषिणी
कं न नारी वशीकुर्यान्नरं रक्तान्तलोचना १११

एकान्त कार्यमा कुशल, मीठो मसिनो बोली बोल्ने आँखाको सेतो भाग केही रातो भएकी यस्ती स्त्रीले जुनसुकै पुरुषलाई पनि वश गर्दछे।

मुनेरपि मनो वश्यं सरागं कुरुतेऽङ्गना
जितेन्द्रियस्य का वार्ता किंपुनश्चाजितात्मनाम् ।।११२।।

इन्द्रिय जित्ने भएका मुनिहरूको मनलाई पनि स्वास्नीमान्छेले डगाउँछन् भने रागी-इन्द्रिय जित्न नसक्ने प्राणीहरूको निमित्त त के भन्नुपर्ला र?

व्यायच्छन्तश्च बहव: स्त्रीषु नाशंगता अमी
इन्द्र दण्डक्य नहुष: रावणाद्या सदाह्यत: ।।११३।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीजातिमा ज्यादा आसक्त हुने इन्द्र, दण्डक्य, नहुष, रावण आदि नाश भए (अतः स्त्रीजातिमा ज्यादा आसक्त हुनु हुँदैन)

अतत्पर नरस्यैत्व स्त्री सुखाय भवेत्सदा
साहाय्यिनी गृहय कृत्ये तां विनान्या न विद्यते ।।११४।।

जो मनुष्य ज्यादा आसक्त अधीन नवनी स्त्रीको संसर्ग गर्दछ, त्यो नै सुखी हुन्छ। किनभने पुरुषजातिलाई घरको कामकाजमा मद्दत गर्ने स्त्रीजातिभन्दा अर्को कोही छैन।

अतिमद्यं हि पिबतो बुद्धिलोपो भवेत् किल
प्रतिभां-बुद्धि वैशद्यं धैर्य श्चित्तविनिश्चयम् ।।११५।।
तनोति मात्रया पीतं मद्य मन्यद्विनाशकृत्
कामक्रोधौ मद्यतमौ नियोक्तव्यौ यथोचितम् ।।११६।।

ज्यादा मदिरा सेवन गर्नेहरूको बुद्धिनाश हुन्छ, तर परिमाण मिलाएर खाएदेखि त्यही मदिरावाट, धैर्य, चित्तको स्थिरता, प्रतिभा पनि स्फुर्छ। काम र क्रोध पनि मात्रामा प्रयोग गरे लाभदायक हुन्छन्। अतः यिनीहरूको मात्रा मिलाएर प्रयोग गर्नुपर्छ।

कामः प्रजापालने च क्रोधः शत्रुनिवर्हणे
सेना सन्धारणे लोभो योज्यो राज्ञा जयार्थिना ।।११७।।

यस कारण विजयको इच्छा गर्ने राजाले प्रजाको रक्षा गर्नमा काम (इच्छा) शत्रुलाई समाप्त गर्नमा क्रोध, सेना (बल) को वृद्धि गर्नमा लोभको प्रयोग गरोस्।

परस्त्री-सङ्गमे कामो लोभो नान्य धनेषु च
स्वप्रजा दण्डने क्रोधो नैव धार्यो नृपैः कदा ।।११८।।

यस कारण राजाले परस्त्री-संसर्गमा काम (इच्छा) अर्काको धनमा लोभ, आफ्ना प्रजालाई सजाय गर्दा क्रोधको प्रयोग कहिल्यै नगरोस्।

किमुच्यते कुटुम्बीति परस्त्री-सङ्गमान्नर
स्वप्रजादण्डना च्छूरो धनिकोऽन्य धनैश्च किम् ।।११९।।

परस्त्रीको सङ्गत गर्ने मानिस सपत्नीक भनिन्न, त्यस्तै आफ्ना प्रजालाई सजाय मात्र गर्ने राजालाई सूरो भनिदैन, अरूबाट ऋण लिएको व्यक्ति धनी पनि भनिन्न।

अरक्षितारं नृपतिं ब्राह्मणं चातपस्विनम्
धनिकं चाप्रदातारं देवा घ्नन्ति त्यजन्त्यधः ।।१२०।।

(प्रजाको) रक्षा नगर्ने राजा, तपस्या नभएको ब्राह्मण, शक्ति दान नगर्ने धनी, यी सबैलाई देवताले नाश गर्छन् र यिनीहरूको अधोगति पनि हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वामित्वं चैव दातृत्वं धनिकत्वं तपः फलम्
एनसः फलमर्थित्वं दास्यत्वं च दरिद्रता १२१॥

मालिक हुनु, दिन सक्नु धनी हुनु यी सबै तपस्याको फल हो र, माग्ने हुनु, दास हुनु, गरीब हुनु यी सबै (पूर्वजन्मका) पापका फल हुन् ।

दृष्ट्वाशास्त्राण्यतात्मानं सन्नियम्य यथोचितम्
कुर्यान्नृपः स्ववृत्तं तु परत्रेह सुखाय च ॥१२२॥

यस कारण राजाले शास्त्रहरू हेरेर आफूलाई नियममा राखी यस लोक र पर लोकको सुखका निमित्त आफ्नू आचरण सुधारोस् ।

दुष्टनिग्रहणं, दानम् , प्रजायाः परिपालनम्
यजनं राजसूयादेः, कोशानां न्यायतोऽर्जनम् ॥१२३॥
करदीकरणं राज्ञाम् , रिपूणां परिमर्दनम्
भूमेरुपार्जनं भूयो राजवृत्तं तु चाष्टधा ॥१२४॥

दुष्टलाई दण्ड दिनु दान गर्नु प्रजाको पालन गर्नु, राजसूय आदि यज्ञ गर्नु, न्याय-बाट सम्पत्तिको वृद्धि गर्नु, प्रान्तीय राजालाई कर दिने बनाउनु, शत्रु-नाश गर्नु, राज्यको अभिवृद्धि गर्नु, यति राजाले गर्नुपर्ने मुख्य आठ नियम छन् ।

नवर्धितं बलं यैस्तु नभूपाः करदीकृताः
न प्रजाः पालिताः सम्यक् ते वै षण्ढतिला नृपाः ॥१२५॥

सेना मजबूत नपार्ने, प्रान्तीय रजौटाहरूलाई कर तिर्ने नगराउने, प्रजाको पालन नगर्ने यस्ता राजा जङ्गली तिल (जङ्गलमा हुने काम नलाग्ने एक प्रकारको तिल) जस्ता भनिन्छन् ।

प्रजासूद्विजते यस्माद्यत्कर्म परिनिन्दति
त्यज्यते धनिकैर्यस्तु गुणिभिस्तु नृपाधमः ॥१२६॥

जुन राजादेखि प्रजा डरले थर्थरी काँप्छन्, प्रजा जुन राजाको कामलाई निन्दा गर्छन् जसलाई गुणी र धनी छोड्दछन्, त्यो राजा अधम भनेर कहिन्छ ।

नटगायकगणिकामल्लषण्ढाल्प जातिषु
योऽतिशक्तो नृपो निन्द्यः स हि शत्रुमुखे स्थितः ॥१२७॥

नट्वा, गायक, वेश्या नपुंसक र नीच जातिमा आसक्त हुने राजा शत्रुका मुखमा रहेको र निन्द्य हो ।

बुद्धिमन्तं सदा द्वेष्टि मोदते वञ्चकैः सह
स्वदुर्गुणं नवै वेत्ति स्वात्म नाशाय सो नृपः ॥१२८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धिमान्सँग इर्बी राख्ने, ठगको सङ्गत गर्ने, आफ्ना दुर्गुण नसम्झने यस्तो राजा स्वयं नाश हुन्छ ।

नापराधं हि क्षमते प्रदण्डो धनहारक:
स्वदुर्गुणश्रवणतो लोकानां परिपीडक: ।।१२९।।
नृपो यदा तदा लोक: क्षुभ्यते भिद्यते यत:
गूढचारै: श्रावयित्वा स्ववृत्तं दूषयन्ति के ।।१३०।।

कुन किसिमको अपराध हो भनी विचार नगर्ने, सजाय मात्र दिने, धनमात्र खिच्ने, दुनियाँबाट आफ्नू दुर्गुण सुनेर दुनियाँलाई सताउने, यस्तो राजा भयो भने दुनियाँ भाँडिन्छ, मत भिन्न हुन्छ । अतः राजाले गुप्त रक्षकद्वारा आफ्नो निन्दा गर्ने को को छन्, त्यो बुझ्नुपर्दछ ।

भूषयन्ति च कैर्भावै रमात्याद्याश्च तद्विद:
मयि कीदृक् च संप्रीति: केषामप्रीति रेव वा ।।१३१।।
ममागुणैर्गुणैर्वापि गूढ संश्रुत्य चाखिलम्
चारै: स्वदुर्गुणं ज्ञात्वा लोकत: सर्वदा नृप: ।।।१३२।।
सुकीर्त्यै संत्यजेन्नित्यं नावमन्येत वै प्रजा:
लोको निन्दति राजन्त्वां चारै: संश्रावितो यदि ।।१३३।।

कुन कुन मन्त्री मैले गरेका व्यवहारको प्रशंसा गर्छन् र मेराप्रति कस-कसको श्रद्धा छ, कसको श्रद्धा छैन, मेरा गुण र दुर्गुणले कुन कुन खुशी छन् र कुन कुन बेखुश छन्, राजाले यो कुरा गुप्त तवरबाट बुझेर पनि अथवा राजा तिमीलाई दुनियाँले यस यस कुराबाट निन्दा गरेको छ भनेर सुनाए पनि दुनियाँको अपमान गरेर सहसा दण्ड नदेओस् । यदि गरे कीर्ति नाश हुन्छ ।

कोपं करोति दौरात्म्यादात्मदुर्गुण लोपक:
सीता साध्व्यपि रामेण त्यक्ता लोकापवादत: ।।१३४।।

आफ्नू दुर्गुण छिपाउनलाई रिसाउने राजा दुरात्मा हो । किन भने लोकापवाद बचाउनका लागि सच्चरित्रा सीतालाई रामचन्द्रले पनि त्याग गर्नुपर्‍यो (अतः राजाले लोकापवादको याद गर्नुपर्दछ)

शक्तेनापि हि नधृतो दण्डोऽल्पो रजके क्वचित्
ज्ञान-विज्ञान-सम्पन्ने राजदत्ता भयोऽपि च ।।१३५।।

यही विचारले ज्ञान-विज्ञान-सम्पन्न रामचन्द्रले धोबीलाई अभय दान दिनुभयो, तर अलिकति पनि दण्ड दिनु भएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समक्षं वक्ति नभयाद्राज्ञो गुर्वपि दूषणम्
स्तुतिप्रिया हि वै देवा विष्णुमुखया इति श्रुतिः ॥१३६॥

किन भने राजाको डरले गर्दा उनका ठूला ठूला दोषहरू उनका समक्षमा कोही पनि भन्दैनन् किन भने देवतालाई स्तुति प्यारो हुन्छ भन्ने श्रुतिको पनि भनाइ छ ।

किं पुनर्मनुजा नित्यं निन्दाजः क्रोध इत्यतः
राजा सुभाग दण्डीस्यात्सुक्षमी रञ्जकः सदा ॥१३७॥

देवता त स्तुतिप्रिय हुन्छन् भने मान्छेको त निन्दाबाट रिस उठ्नु स्वभावै छ अतः राजा दण्ड दिंदा खूब विचार गर्ने, सहन सक्ने, प्रजालाई सन्तोष दिलाउने हुनैपर्छ ।

यौवनं जीवितं चित्तं छाया लक्ष्मीश्च स्वामिता
चञ्चलानि षडेतानि ज्ञात्वा धर्मरतो भवेत् ॥१३८॥

यौवन, जीवन, सम्पत्ति छाया, लक्ष्मी, स्वामित्व यी छ ओटै चीज चञ्चल छन् भन्ने जानेर राजा धर्ममा पनि प्रवृत्त होओस् ।

अदानेनापमानेन छलाच्च कटुवाक्यतः
राज्ञः प्रवल दण्डेन नृपं मुञ्चति वै प्रजाः ॥१३९॥

मौकामा नदिनाले, अपमान गर्नाले, झुक्याउनाले रूखो वचनले, कडा सजायको नियम लगाउनाले राजालाई प्रजा छोड्दछन् ।

अति भीरुमतिं दीर्घसूत्रं चातिप्रमादिन
व्यसनाद्विषयाक्रान्तं नभजन्ति नृपं प्रजाः ॥१४०॥

ज्यादै लाछी, कुनै काम पनि चाँडो नटुंग्याउने, ज्यादै उद्धत, ज्यादा विषयमा लम्पट, यस्ता राजालाई पनि प्रजा छोड्दछन् ।

विपरीत गुणैरेभिः सान्वया रज्यते प्रजा
एकस्तनोति दुष्कीर्ति दुर्गुणः संघशो न किम् ॥१४१॥

उपर्युक्त गुणको उल्टो अर्थात् असल गुणले उनका कुलै सहित प्रजा राजाको मद्दतगार बन्दछ । एउटा पनि दुष्कीर्ति फैलाउन सक्छ भने सम्पूर्ण प्रजा लागे त के भन्नु पर्ला ?

मृगयाक्षास्तथा पानं गर्हितानि महीभुजाम्
दृष्टा तेभ्यस्तु विपदः पाण्डु नैषध वृष्णिषु ॥१४२॥

ज्यादा शिकार खेल्नु, मदिरा, जूवा यी तीन कुराले राजालाई बिगार्दछन् यो कुरा पाण्डु, नल, कृष्णको वंश वृष्णिमा देखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कामः क्रोधस्तथा मोहो लोभो मानो मद स्तथा
षड्वर्ग मुत्सृजेदेनमभिन्त्यक्ते सुखी नृपः ॥१४३॥

काम, क्रोध, मोह, लोभ, मान, घमण्ड यी ६ ओटै छोड्नाले राजा सुखी हुन्छ ।

दण्डक्यो नृपतिःकामात्क्रोधाच्च जनमेजय
लोभादैलस्तुराजर्षिर्मोहाद्वातापिरासुरः
पौलस्त्यो राक्षसो मानान्मदाद्दम्भोद्भवो नृपः
प्रयाता निधनं ह्येते शत्रु-षड्वर्गमाश्रिताः ॥१४४॥

दण्डक्य राजा कामबाट, जनमेजय क्रोधबाट, ऐल राजर्षि लोभबाट, वातापि दैत्य मोहबाट, रावण मानबाट, दम्भको छोरो घमण्डबाट नाश भए (अतः उपर्युक्त ६ दोष राजाले छोड्नुपर्दछ)

शत्रु-षड्वर्ग मुत्सृज्य जामदग्न्यःप्रतापवान्
अंबरीषोमहाभागो बुभुजाते चिरं महीम् ॥१४५॥

उपर्युक्त काम आदि ६ वर्गलाई छोड्दा प्रतापी परशुराले र प्रसिद्ध अंबरीष राजाले धेरै कालसम्म पृथ्वीको भोग गरे ।

वर्धयन्निह धर्मार्थौ सेवितौ सद्भिरादरात्
निगृहीतेन्द्रिय ग्रामो कुर्वीत गुरुसेवनम् ॥१४६॥

तसर्थ राजाले सज्जन पुरुषले आदरपूर्वक सेवा गरिएका धर्म र अर्थलाई अभिवृद्धि गर्दै इन्द्रियहरूलाई जितेर गुरुको सेवा गरोस् ।

शास्त्राय गुरुसंयोगःशास्त्रं विनयवृद्धये
विद्या विनीतो नृपतिः सतां भवति सम्मतः ॥१४७॥

गुरु (मान्यजन) का सम्पर्कबाट शास्त्र जानिन्छ । शास्त्रबाट विनय प्राप्ति हुन्छ । विद्या र विनययुक्त राजा सबैका समक्ष सम्माननीय हुन्छ ।

प्रेर्यमाणोऽप्यसद्वृत्तै र्नाकार्येषु प्रवर्तते
श्रुत्या स्मृत्या लोकतश्च मनसा साधु निश्चितम्
यत्कर्म धर्मसंज्ञं तद्व्यवस्यति च पण्डितः
आददानं प्रतिदानकला सम्यङ् महीपतिः ॥१४८॥

जुन राजा खराब आदत भएको मान्छेको प्रेरणाबाट खराब लतमा लाग्दैन र वेद, धर्मशास्त्र र लोकमतद्वारा निर्णय गरिएको काम गर्दछ, त्यो राजा पण्डित, भनिन्छ र त्यो राजा नै समयानुसार दिने र लिने दुवै कलामा निपुण हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जितेन्द्रियस्य नृपते र्नीति शास्त्रानुसारिणः
भवन्त्युच्चलिता लक्ष्म्यः कीर्तयश्च नभस्पृशः ॥१५०॥

जितेन्द्रिय र नीति-शास्त्रानुसार चल्ने राजाको लक्ष्मी र कीर्ति स्वर्गपर्यन्त फिंजिन्छ ।

आन्विक्षिकी त्रयी वार्ता डण्डनीतिश्च शाश्वती
विद्या चतस्र एवैता अभ्यसेन्नृपतिः सदा ॥१५१॥

आन्विक्षिकी, त्रयी, वार्ता, दण्डनीति, यी चार विद्या राजाले सदा अभ्यास गरोस् ।

आन्विक्षिक्यां तर्कशास्त्रं वेदान्ताद्यं प्रतिष्ठिम्
त्रय्यां धर्मोह्यधर्मश्च कामेऽकामः प्रतिष्ठितः ॥१५२॥
अर्थानर्थौ तु वार्तायां दण्डनीत्यां नयानयौ
वर्णाः सर्वाश्रमाच्चैव विद्यास्वासु प्रतिष्ठिताः ॥१५३॥

आन्विक्षिकी विद्यामा तर्कशास्त्र र ब्रह्मविद्याको विस्तार गरिएको छ । त्रयी (वेदत्रयी) मा धर्म, अधर्म, काममा मोक्ष, को व्याख्या गरिएको छ । 'वार्ता' मा अर्थ र अनर्थको व्याख्या गरिएको छ। दण्डनीतिमा न्याय र अन्यायको व्याख्या गरिएको छ। अतः यी चार विद्यामा वर्ण र आश्रमका सम्पूर्ण कर्म बताएको छ ।

अङ्गानि वेदाश्चत्वारो मीमांसान्यायविस्तरः
धर्मशास्त्रपुराणानि त्रयीदं सर्वमुच्यते ॥१५४॥

ऋक्, यजु, साम, अथर्व, यी चार वेदका शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, छन्द यी ६ अङ्ग र न्यायको व्याख्या गरिएको मीमांसा धर्मशास्त्र, पुराण (१८ पुराण २४ उप-पुराण) यी जम्मैलाई त्रयी भनिन्छ ।

कुसीद कृषि वाणिज्यं गोरक्षा वार्तयोच्यते
सम्पन्नो वार्तया साधु र्नवृत्तेर्भयमृच्छति ॥१५५॥

व्याज लिने काम, खेती व्यापार, गाई आदि पशुरक्षा, यति कामलाई वार्ता भनिन्छ। 'जुन राजा' यति कुरामा सम्पन्न हुन्छ, त्यसलाई (प्रजाको) जीवनवृत्तिका निमित्त कुनै डर आइपर्दैन ।

दमोदण्ड इति ख्यात स्तस्माद्दण्डो महीपतिः
तस्यनीतिर्दण्डनीति र्नयनान्नीति रुच्यते ॥१५६॥

दमन गर्नु नै दण्ड हो, राजाले दण्ड दिने हुँदा राजा दण्डरूप भनिन्छ, दण्डको नीति व्यवहारमा ल्याउने हुनाले राजाबाट हुने सजायको नीतिलाई' दण्डनीति भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आन्विक्षिक्यात्मविद्याना द्धर्ष शौकौ व्युदस्यति
उभौ लोकाववाप्नोति त्रय्यांतिष्ठन् यथाविधि ॥१५७॥

आन्विक्षिकी अर्थात् ब्रह्मविद्याबाट हर्ष र शोक दुवै निवृत्ति हुँने भएकोले यसको उपासना गर्ने राजा त्रयीमा रहेर भुक्ति-मुक्ति दुवै प्राप्त गर्छ ।

आनृशंस्यं परोधर्म सर्व-प्राणभृतां यत:
तस्माद्राजानृशंस्येन पालयेत्कृपणं जनम् ॥१५८॥

जुन कर्मबाट सम्पूर्ण जीवात्माको आत्मा रुँदैन, त्यही अहिंसा हो र ठूलो धर्म पनि त्यही हो, अतः राजाले अहिंसात्मक नीतिबाट दुःखी जनहरूको उद्धार गरोस् ।

नहि स्वसुख मन्विच्छन् पीडयेत्कृपणं जनम्
कृपण: पीड्यमान: स्वमृत्युना हन्ति पार्थिवम् ॥१५९॥

राजाले आफ्नू सुखका निमित्त निर्धालाई दुःख नदेओस्। यदि दुःख दिंदा निर्धो मर्‍यो भने त्यस पापबाट राजाको मृत्यु हुन्छ ।

सुजनै: सङ्गमं कुर्याद्धर्माय च सुखाय च
सेव्यमानस्तुसुजनै र्महानति विराजते ॥१६०॥

राजाले धर्म र सुखप्राप्तिका निमित्त सज्जनको सङ्गत गरोस् । किन भने सज्जनका सङ्गतबाट राजा सम्माननीय भई शोभा पाउँदछ ।

हिमांशुमालीव तथा नवोत्फुल्लोत्पलं सर:
आनन्दयति चेतांसि यथा सुजनचेष्टितम् ॥१६१॥

टहटह लागेका चन्द्रमा र ढकमक्क कमल फुलेको तलाउ जस्तै सज्जनको सङ्गत आनन्द दिने हुन्छ ।

ग्रीष्मसूर्यांशुसन्तप्तमुद्वेजन मनाश्रयम्
मरुस्थलमिवोदग्रं त्यजेत् दुर्जनसङ्गतम् ॥१६२॥

दुर्जनको संसर्ग ग्रीष्म कालको सूर्यकिरण जस्तो र छहारी आश्रयहरू नभएको भतभती पोल्ने मरु स्थल जस्तो हुन्छ । अतः राजाले त्यस्तो सङ्गतै छोडोस् ।

निश्वासोद्‌गीर्ण हुतभुक्धूमधूम्रीकृताननै:
वरमाशीविषै: सङ्गं कुर्यान्नत्वेव दुर्जनै: ॥१६३॥

अग्निका ज्वाला जस्ता विषका ज्वाला निकाल्ने सर्पको सङ्गत वरु सह्य हुन्छ, तर दुर्जनको संगत सह्य हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रियतेऽभ्यर्हणीयाय सुजनाय यथाञ्जलि:
तत: साधुतर: कार्यो दुर्जनाय हितार्थिना ॥१६४॥

आफ्नू हित 'चाहने राजाले जस्तो सज्जनलाई आदरपूर्वक हात जोडिन्छ, त्यस्तै दुर्जनलाई पनि आफ्नू हितका निमित्त टाढैबाट आदर गरोस् र आफ्नू अनुकूल बनाओस् ।

नित्यं मनोऽपहारिण्या वाचा प्रह्लादयेज्जगत्
उद्वेजयति भूतानिक्रूरवाग्धनदोपि सन् ॥१६५॥

मीठो बोलीले सबैलाई खुशी गराओस् । धन दिए पनि रूखो बोली गर्छ भने जनता चिढिन्छ ।

हृदिविद्ध इवात्यर्थं यथा सन्तप्यते जन:
पीडितोऽपि हि मेधावी न तां वाचमुदीरयेत् ॥१६६॥

कसैले आफूलाई साह्रै बिझ्ने गरी भनेको छ भने त्यस्तालाई पनि विद्वान्ले चित्त दुख्ने गरी नभनोस् ।

प्रिय मेवाभिधातव्यं नित्यं सत्सु द्विषत्सु वा
शिखीव केकां मधुराम् वाचं ब्रूते जनप्रिय: ॥१६७॥

राजाले आफ्नू द्रोह गर्ने र स्नेह गर्ने दुवैमा मयूरको जस्तो मीठो बोली बोलोस्। त्यसो भए सर्वदा जनप्रिय हुन्छ ।

मदरक्तस्य हंसस्य कोकिलस्य शिखण्डिन:
हरन्ति न तथा वाचो यथा वाचो विपश्चिताम् ॥१६८॥

जति मीठो विद्वान्को बोली हुन्छ, त्यत्ति मीठो मदमत्त भएको रजहाँस, कोइली र मुजुरको बोली पनि हुँदैन ।

ये प्रियाणि प्रभावन्ते प्रियमिच्छन्ति सत्कृतम्
श्रीमन्तो वन्द्यचरिता देवास्ते नरविग्रहा: ॥१६९॥

जो मानिस मीठो बोल्छ, सत्स्वागतको इच्छा गर्छ, जसको व्यवहार निर्मल छ, त्यो मानिस मानिसको शरीर लिएको देवता नै हो ।

नहीदृशं संवननं त्रिषु लोकेषु विद्यते
दया मैत्री च भूतेषु दानं च मधुरा च वाक् ॥१७०॥

सबै प्राणीमा दया गर्नु, मित्रता राख्नु, मौकामा दिनु, र मीठो बोल्नु यसभन्दा जगत्लाई वश गर्ने अर्को उपाय केही छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रुते रास्तिक्य पूतात्मा पूजयेद्दैवतां सदा
देवतावद् गुरुजन मात्मवच्च सुहृज्जनान् ॥१७१॥

वेदको आस्तिक्यबाट शुद्ध अन्तःकरण भएको राजाले देवताको पूजा गरोस् । मान्य जनलाई देवता जस्तो र मित्रलाई आफू तुल्य सम्झोस् ।

प्रणिपाते न हि गुरून् सतोनूचानवेष्टितः
कुर्वीताभिमुखान्देवा न्भूत्यै सुकृतकर्मणाम् ॥१७२॥

राजा वेद जान्ने ब्राह्मणको उपदेशानुसार सत्पुरुष र देवतालाई आफ्नू अनुकूल बनाओस् ।

सद्भावेन हरेन्मित्रं सद्भावेन च बान्धवान्
स्त्री-भृत्यौ प्रेममानाभ्यां दाक्षिण्येनेतरे जनम् ॥१७३॥

राजाले सद्भावनाबाट मित्र र बन्धुलाई आफ्नू अनुकूल बनाओस् । रानीमा अथवा स्त्री जातिमा प्रेम र सेवकहरूमा मान राखेर आफ्नू अनुकूल गरोस् । अरू छरछिमेकीहरूलाई आफ्नू चतुर्‍याइँले आफ्नू अनुकूल बनाओस् ।

बलवान् बुद्धिमाञ्छूरो यो हि युक्त पराक्रमी
वित्तपूर्णमहीं भुङ्क्ते स भूपो भूपतिर्भवेत् ॥१७४॥

जुन राजा बलवान्, बुद्धिमान, सूरो, पराक्रमी छ, त्यस राजाले प्रशस्त सम्पत्तिले युक्त भएकी पृथ्वीको भोग गर्छ, त्यो नै भूपति हो ।

पराक्रमो बलं बुद्धिः शौर्यमेते वरा गुणाः
एभिर्हीनोन्ऽय गुणयुग्महीं भुक्तधनोऽपि च ॥१७५॥

राजाका मुख्य गुण पराक्रम, बल, बुद्धि र सुर्‍याइँ हुन् । यदि यी चार गुण नभए अरू गुण भए पनि त्यो 'राजा' हीन भनिन्छ ।

महीं स्वल्पां नैव भुङ्क्ते द्रुतं राज्याद्विनश्यति
महाधनाच्च नृपते विभात्यल्पोऽपि पार्थिवः ॥१७६॥

उपर्युक्त पराक्रम आदि चार गुण रहित राजा ठूलो राज्यको स्वामी छ तापनि त्यो चाँडै नाश हुन्छ । उक्त चार गुण युक्त सानू राजा भए पनि शोभा पाउँछ ।

अव्याहताज्ञ स्तेजस्वी एभिरेव गुणैर्भवेत्
राज्ञः साधारणास्त्वन्ये न शक्ता भूमसाधने ॥१७७॥

उपरोक्त चार गुणयुक्त जसको आज्ञा कोही पनि नाघ्न सक्तैन त्यो राजा खास राजा हो । राज्यलाई सिंगार्न नसक्ने अरू राजा मामूली भनिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खनिः सर्व धन स्येयं देवदैत्यविमर्दिनी
भूम्यर्थे भूमिपतयः स्वात्मानं नाशयन्त्यपि ॥१७८॥

देवता र दैत्यलाई पनि सदा कारण बनेर नाश गर्ने यी पृथ्वी छन्। अतः यिनका लागि राजा आफ्नू प्राण पनि त्याग्दछन् ।

उपभोगाय च धनं जीवितं येन रक्षितम्
न रक्षिता तु भूर्येन किं तस्य धनजीवितैः ॥१७९॥

राजाको धन खान र दिनलाई र जीवन रक्षा गर्नलाई भनिएको छ । अतः जुन राजा पृथ्वीको रक्षा गर्दैन, त्यसको धन र जीवन व्यर्थ छ ।

न यथेष्टव्ययापालं सञ्चितं तु धनं भवेत्
सदागमाद्विनाकस्य कुवेरस्यापि नाञ्जसा ॥१८०॥

सदा प्राप्ति नहुने हो भने यथेष्ट खर्च गर्ने कुवेरको सम्पत्ति पनि प्रशस्त हुँदैन भने अरूको के कुरा !

पूज्यस्तैर्भिर्गुणै र्भूपो नभूपः कुलसंभवः
न कुले पूज्यते यादृग्बलशौर्यपराक्रमैः ॥१८१॥

जस्तो यी पराक्रम आदि गुणबाट राजा माननीय हुन्छ, त्यस्तो कुल हो भन्दैमा त्यति सम्माननीय हुँदैन ।

लक्षकर्षमितो भागो राजतो यस्य जायते
वत्सरे वत्सरे नित्यं प्रजानां त्वविपीडनैः ॥१८२॥
सामन्तः स नृपः प्रोक्तो यावल्लक्षत्रयावधि
तदूर्ध्वं दशलक्षान्तो नृपो माण्डलिकः स्मृतः ॥१८३॥
तदूर्ध्वं तु भवेद्राजा यावद्विंशति लक्षकः
पञ्चाशल्लक्ष पर्यन्तो महाराजः प्रकीर्तितः ॥१८४॥

जुन राजाको राज्यमा प्रजालाई दुःख नदिईकन राजालाई भनेर एक लाख कर जम्मा हुन्छ भने त्यस राजालाई सामन्त भन्दछन् । एक लाखदेखिमाथि १० लाखसम्म कर प्राप्त गर्नेलाई माण्डलिक भन्दछन् । दश लाखदेखिमाथि २० लाखसम्म कर प्राप्त गर्नेलाई राजा भन्दछन् । २० लाखदेखिमाथि पचास लाखसम्म कर प्राप्त गर्नेलाई महाराजा भन्दछन् ।

ततस्तु कोटिपर्यन्तः स्वराट् सम्राट् ततः परम्
दशकोटिमितोयाव द्विराट् तु तदनन्तरम् ॥१८५॥
पञ्चाशत् कोटि पर्यन्तं सार्वभौम स्ततः परम्
सप्तद्वीपा च पृथिवी यस्यवश्या भवेत्सदा ॥१८६॥

दश लाखदेखि करोडपर्यन्त भागी स्वराट् भनिन्छ । एक करोडदेखि दश करोड-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पर्यन्त भागी सम्राट् भनिन्छ । दश करोडदेखि पचास करोड पर्यन्त भागी विराट् र सातै द्वीपसहित समस्त पृथिवीको सार्वभौम स्वामी (चक्रवर्ती) भनिन्छ ।

स्वभागभृत्यादास्यत्वे प्रजानाञ्च पुनः कृतः ।
ब्रह्मणा स्वामिरूपस्तु पालनार्थं हि सर्वदा ॥१८७॥

राजाले प्रजालाई आफ्नो पाउने भागवाट तलब दिएर सेबकको रूपमा र प्रजालाई पालन गर्नें हुँदा उनीहरूको स्वामी हुने कुरा पहिले नै ब्रह्माजीले यस्तो स्थिति बाँधिदिनु भएको हो ।

सामन्तादिसमाये तु भृत्या अधिकृता भुवि ।
तेन सामन्तसंज्ञाः स्यू राजभागहराः क्रमात् ॥१८८॥

राजाका सेवकका गणनामा उस्तै, तर केही जमीनमा अधिकार पाएका राजाको राज्यको भागमा केही पाउने हुँदा यस्तालाई सामन्त भन्दछन् ।

सामन्तादि पदभ्रष्टास्तत्तुल्यं भृतिपोषिताः ।
महाराजादिभिस्ते तु हीनसामन्तसंज्ञकाः ॥१८९॥

सामन्त आदि पदवाट खोसिएका तर महाराजहरूले सामन्तले पाउने जत्तिकै भत्ता ख्वाइएका यस्तालाई हीनसामन्त भन्दछन् ।

शतग्रामाधिपो यस्तु सोऽपिसामन्तसंज्ञकः ।
शतग्रामे चाधिकृतोऽनुसामन्तो नृपेण सः ॥१९०॥

सय गाउँको मालिक छ भने त्यो पनि सामन्त भनिन्छ । राजाले सय गाउँको अधिकार दिइएको छ भने त्यो अनुसामन्त भनिन्छ ।

अधिकृतो दशग्रामे नायकः स च कीर्तितः ।
आशापालोयुतग्रामः भागभाक् च स्वराडपि ॥१९१॥

दश गाउँको अधिकार दिएको व्यक्ति नायक भनिन्छ । दश हजार गाउँका आयको भागी व्यक्ति आशापाल अथवा स्वराट् पनि भनिन्छ ।

भवेत् क्रोशात्मको ग्रामो रुप्यकर्ष सहस्रकः ।
ग्रामार्धकंपल्लिसंज्ञं पल्ल्यर्धं कुम्भ संज्ञकेम् ॥१९२॥

एक कोश ठूलो र जहाँबाट राजाको भागको रूपमा हजार रुपयाँ उठ्त छ, त्यो गाउँ भनिन्छ । गाउँको आधालाई पल्लि भनिन्छ र पल्लिको आधालाई कुम्भ भनिन्छ ।

करैः पञ्चसहस्रैर्वा क्रोशं प्रोक्तः प्रजापतेः ।
हस्तैश्चतुःसहस्रैर्वा मनो क्रोशस्य विस्तरः ॥१९३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाँच हजार हातको ब्रह्माको एक कोश हुन्छ । चार हजार हातको मनुको एक कोश हुन्छ भनी व्याख्या गरिएको छ ।

सार्धं द्विकोटिहस्तैश्च क्षेत्रं कोशस्य ब्रह्मणः ।
पञ्चविंशशतैः प्रोक्तं क्षेत्रं तद्विनिवर्तनैः ॥१९४॥

एक कोश र अढाईकोटि हातले ब्रह्माको एक क्षेत्र हुन्छ । क्रमशः मिलाउँदा (विनिवर्तनवाट) पच्चीस सय कोशको मनुको क्षेत्र हुन्छ ।

मध्यमा मध्यमं पर्व दैर्घ्यं यच्च तदङ्गुलम् ।
यवोदरैरष्टभिस्तद्दैर्घ्यं स्थौल्यं तु पञ्चभिः ॥१९५॥

माझी औंलाका तीन रेखामध्ये बीचको रेखालाई जौ भनिन्छ । त्यही बराबर आठ जौ लामो पाँच जौ चेप्टो जो हुन्छ, त्यसलाई एक अङ्गुल भनिन्छ ।

चतुर्विंशत्यङ्गुलै स्तैः प्राजापत्यः करः स्मृतः ।
स श्रेष्ठोभूमिमानेतुस्तदन्यास्त्वधमा मताः ॥१९६॥

ब्रह्माको उक्तिअनुसार चौबीस अङ्गुलको एक हात हुन्छ। जमीन नाप्दा यो प्रमाण उत्तम सर्वश्रेष्ठ मानिएको छ र अरू प्रमाण निम्न कोटिको मानिएको छ ।

चतुः करात्मको दण्डोलघुपञ्चकरात्मकः ।
तदङ्गुलं पञ्चयवैर्मानवंमानमेव तत् ॥१९७॥

चार हातको दण्ड (लट्ठी) छोटो र पाँच हातको दण्ड (लट्ठी) 'लामो भनी मानिएको छ । यसो गर्दा एक अङ्गुलमा पाँच जौ बराबर हुन्छ। यो नाप मनुले बताए बमोजिमको हो।

वसु षण्मुनि सङ्ख्याकैर्यवैर्दण्डः प्रजापतेः ।
यवोदरैः षट्शतैस्तु मानवो दण्ड उच्यते ॥१९८॥

सात सय अठसट्ठी जौको ब्रह्माको र छ सयको मानिसको दण्ड (जमीन नाप्ने लट्ठी) मानिएको छ ।

पञ्चविंशतिभिर्दण्डै रुभयोस्तु निवर्तनम् ।
त्रिंशच्छतै रङ्गुलैर्यवैस्त्रि पञ्चसहस्रकैः ॥१९९॥

पच्चीस सय दण्ड (लट्ठी) ले दुवैको (मानिसको र ब्रह्माको) एक निवर्तन (एउटा संख्या) हुन्छ । अथवा तीन हजार अंगुल अथवा तीन हजार जौको एक निवर्तन अथवा पाँच हजार जौको एक दण्ड क्रमैबाट मानिसको र ब्रह्माको हुन्छ ।

सपादशतहस्तैश्च मानवं तु निवर्तनम् ।
ऊनविंशति साहस्रैर्द्विशतैश्च यवोदरैः ॥२००॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानिसका एक सय पच्चीस हातको एक निवर्तन (एउटा संख्या) हुन्छ । अथवा उन्डाईस हजार दुई सय जौको एक निवर्तन (एउटा संख्या) हुन्छ ।

चतुर्विंशशतैरेव हयङ्गुलैश्च निवर्तने ।
प्राजापत्यं तु कथितं शतैश्चैव करैस्सदा ॥२०१॥

चौबीस सय अङ्गुल अथवा एक सय हातको प्रजापतिको एक निवर्तन हुन्छ ।

सपाद षट्शतं दण्डा उभयोश्च निवर्तने ।
निवर्तनान्यापि सदोभयोर्वै पञ्चविंशतिः ॥२०२॥

ब्रह्माको र मनुको हिसाबमा छ सय पच्चीस दण्डको दुवैको निवर्तन मानिएको छ। दुवैको सदा पच्चीस निवर्तन हुन्छ ।

पञ्चसप्तति साहस्रै रङ्गुलैः परिवर्तनम् ।
मानवं षष्टिसाहस्रैः प्राजापत्यं तथाङ्गुलैः ॥२०३॥

पचहत्तर हजार अङ्गुलको मानिसको र साठी हजार अङ्गुलको प्रजापतिको एक परिवर्तन हुन्छ ।

पञ्चविंशाधिकैर्हस्तै रेकत्रिंशच्छतैर्मनोः ।
परिवर्तनमाख्यातम् पञ्चविंशशतैः करैः ॥२०४॥

एकतीस सय पच्चीस हातको मनुको र पच्चीस सय हातको ब्रह्माको एक परिवर्तन हुन्छ ।

प्राजापत्यं पादहीनचतुर्लक्ष यवैर्मनोः ।
अशीत्यधिकसाहस्रचतुर्लक्ष यवैः परम् ॥२०५॥

तीन लाख जौको प्रजापतिको एक निवर्तन हुन्छ। त्यस्तै अठचालीस हजार जौको मनुको निवर्तन हुन्छ ।

निवर्तनानि द्वात्रिंशन्मनु मानेन तस्य वै ।
चतुः सहस्र हस्ताः स्युर्दण्डाश्चाष्टशतानि हि ॥२०६॥

मनुको हिसाबमा बत्तीस निवर्तनको चार हजार हात र आठ सय दण्ड हुन्छ भनी बताइएको छ ।

पञ्चविंशतिभिर्दण्डै भुंजः स्यात् परिवर्तने ।
करैरयुत संख्याकैः क्षेत्रं तस्य प्रकीर्तितम् ॥२०७॥

पच्चीस दण्ड परिवर्तनको एक भुजा हुन्छ र दश हजार हातको एक क्षेत्र हुन्छ भनेर बताएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चतुर्भुजैः समं प्रोक्तं कष्टभूपरिवर्तनम् ।
प्राजापत्येन मानेन भूभागहरणं नृपः ॥२०८॥
सदाकुर्याच्च स्वापत्तौ मनुमानेन चान्यथा ।
लोभात्सङ्कर्षयेद्यस्तु हीयते सप्रजो नृपः ॥२०९॥

पृथ्वीको परिवर्तन चार भुजाको बराबर हुन्छ । राजाले पृथ्वीको कर लिंदा सधैं प्रजापतिको प्रमाणबाट लेओस् । आपत्तिको समयमा मनुको हिसावअनुसार कर उठाओस् । राजाले लोभले अनुचित कर उठायो भने प्रजासहित त्यो राजा निन्द्य हुन्छ ।

न दद्याद् द्व्यङ्गुलमपि भूमेः स्वत्वनिवर्तनम् ।
वृत्यर्थं कल्पयेद्वापि यावद्ग्राहस्तु जीवति ॥२१०॥

आफ्नो जीविकाको निमित्त राजाले कर लिनैपर्छ । दुई अङ्गुल जमीन पनि कर नलिईकन नछोडोस् । किनकि जहाँसम्म कर लिन्छ, त्यहाँसम्म त्यो बाँच्तछ ।

गुणी तावद्देवतार्थं विसृजेच्च सदैव हि ।
आरामार्थं गृहार्थं वा दद्याद्दृष्ट्वा कुटुम्बिनम् ॥२११॥

गुणवान् राजाले, देवताको मन्दिर बनाउन बगैंचा बनाउन र परिवार हेरेर घर बनाउन प्रजालाई जमीन देओस् ।

नाना वृक्षलताकीर्णे पशुपक्षिगणावृते ।
सुबहूदकधान्ये च तृणकाष्टसुखे सदा ॥२१२॥
आसिन्धु नौगमाकूले नातिदूरमहीधरे ।
सुरम्य सम भूदेशे राजधानीम् प्रकल्पयेत् ॥२१३॥

राजाले जहाँ धेरै प्रकारका वृक्ष र लहरा छन्, प्रशस्त पानी र धान हुन्छ, जहाँ घाँस-दाउराको सुविधा छ, जहाँ समुद्रपर्यन्त जान पनि बाटो खुलेको छ, जहाँ नगीचै पर्वतहरू छन्, यति भएर पनि राम्रो सम्म जमीन भएको ठाउँ छ त्यहाँ राजधानी बनाओस् ।

अर्धचन्द्रां वर्तुलां वा चतुरस्रां सुशोभनाम् ।
सप्राकारां सपरिखां ग्रामादीनां निवेशिनीम् ॥२१४॥
सभामध्या कूप वापी तडागादियुतां सदा ।
चतुर्दिक्षु चतुर्द्वाराम् सुमार्गारामवीथिकाम् ॥२१५॥
दृढ सुरालयमठपान्थशालाविराजिताम् ।
कल्पयित्वा वसेत्तत्र सुगुप्तः सप्रजो नृपः ॥२१६॥

आधा चन्द्रमा जस्तो अथवा वाटुलो अथवा चारपाटे, राम्रो परखाल र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खावा[1] भएको गाउँहरू भएको माझमा सभा भवन भएको, कूवा, इनार, तलाउहरू भएको, चार दिशामा एक एक ढोका भएको, राम्रा सफा वाटा वगैंचा गल्लीहरू भएको, पक्की मन्दिर, मठ, धर्मशाला (पाटी पौवा) भएको यस्तो राजधानी बनाई प्रजाले सहित भई गोप्य भएर त्यहाँ राजा बसोस्।

राजगृहं सभामध्यं गवाश्वगजशालिकम्।
प्रशस्त वापि कूपादि जलयन्त्रैः सुशोभितम् ॥२१७॥
सर्वतः स्यात्समभुजं दक्षिणोच्च मुदङ्नतम्।
शालां विनानैक भुजं तथा विषमबाहुकम् ॥२१८॥
प्रायः शालानैकभुजा चतुः शालं विना शुभा।
शस्त्रास्त्र धारिसंयुक्तं प्राकारं सुष्ठु यन्त्रकम् ॥२१९॥
स त्रिकक्ष चतुर्द्वार चतुर्दिक्षु सुशोभनम्।
दिवारात्रौ स शस्त्रास्त्रैः प्रतिकक्षासुगोपितम् ॥२२०॥
चतुर्भिः पञ्चभिः षड्भिर्यामिकैः परिवर्तकैः।
नानागृहोपकार्याद्दसंयुतं कल्पयेत् सदा ॥२२१॥

राजाले माझमा सभागृह भएको, गौशाला (गोठ) हात्ती घोडा राख्ने ठाउँ भएको, धेरै तलाउ कूवा र धाराहरू भएको, चारै भुजा बराबर भएको, दक्षिणभन्दा उत्तरतिर केही होचो भएको, धेरै भुज भएको (एकभुजे निषिद्ध छ) कुनै पनि विषम नभएको चतुःशाला-विनाको एक भुजे शाला प्रायः शुभकारीहुँदैन। शस्त्र-अस्त्र लिएका मानिसले पहरा दिइएको, उत्तम यन्त्रहरूले युक्त, पर्खाल भएको तीन सिँढीले युक्त ४ दिशामा ४ ढोका भएको, सुन्दर रात-दिन शस्त्रास्त्रले सुसज्जित रक्षकवाट प्रत्येक कक्षा गोप्य भएको, चौथो, पाँचौँ, छैठौँ, प्रहरमा घुम्ने रक्षकले रक्षित, धेरै प्रकारका सामग्रीयुक्त, धेरै अटाली अथवा कौसी भएको यस्तो दरबार बनाओस्।

वस्त्रादिमार्जनार्थं च स्नानार्थं यजनार्थकम्।
भोजनार्थं च पाकार्थं पूर्वस्यां कल्पयेद् गृहान् ॥२२२॥

लुगा धुने, नुहाउने, पुजा गर्ने, पकाउने र खाने घरहरू पूर्वतर्फ बनाओस्।

निद्रार्थञ्च विहारार्थं पानार्थं रोदनार्थकम्।
धान्याद्यर्थं घरट्टार्थं दासी दासार्थमेव च ॥२२३॥
उत्सर्गार्थं गृहान्कुर्याद् दक्षिणस्यामनुक्रमात्।
गोमृगोष्ट्रगजाद्यर्थं गृहान् प्रत्यक् प्रकल्पयेत् ॥२२४॥

राजाले शयन गर्ने, खेल्ने, प्यूँने' रुने, अन्न राख्ने, घट्ट आदि राख्ने, दास र दासी बस्ने, मल-मूत्र त्याग गर्ने यी घरहरू दरवारको दक्षिणपट्टि बनाओस्। गाई, ऊँट, मृग,

---

[1] जलले भरिएको गहिरो वरिपरि घेरेको खाल्टो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हात्ती यिनीहरूलाई राख्न पश्चिमपट्टि घर बनाओस् ।

रथवाज्यस्त्रशस्त्रार्थं व्यायामायामिकार्थकम् ।
वस्त्रार्थकन्तु द्रव्यार्थं विद्याभ्यासार्थमेव च ॥२२५॥
उदग्गृहान् प्रकुर्वीत सुगुप्तान् सुमनोहरान् ।
यथासुखानि वा कुर्याद् गृहाण्येतानि वै नृपः ॥२२६॥

राजाले रथ, घोडा, अस्त्र, शस्त्र, व्यायाम, विहार, वस्त्र, द्रव्य, विद्या इत्यादिको अभ्यासका निमित्त उत्तर दिशापट्टि घरहरू बनाओस् । अथवा आफूलाई जहाँ अनुकूल हुन्छ, त्यहाँ बनाए पनि हुन्छ ।

धर्माधिकरणं शिल्पशालां कुर्या दुदग्गृहात् ।
पञ्चमांशाधिकोच्छ्राया भित्तिर्विस्तारतो गृहे ॥२२७॥

राजाले उत्तरपट्टि धर्माधिकार-गृह र शिल्पशाला बनाओस् । दरबारको उँचाइको ५ भाग लगाएर १ भाग जति अग्लो पर्खाल लगाओस् ।

कोष्ठविस्तारषष्ठांशस्थूला सा च प्रकीर्तिता ।
एकभूमेरिदंमानमूर्ध्वमूर्ध्वं समन्ततः ॥२२८॥

कोठाको ६ भाग लगाएर त्यसको १ भाग जति चाक्लो गारोलाई ठूलो गारो (भित्तो) भनिन्छ, यो एउटा नियम हो यसमा उत्तरोत्तर वृद्धि क्रमशः गर्न पनि सकिन्छ ।

स्तम्भैश्च भित्तिभिर्वापि पृथक्कोष्ठानि संन्यसेत् ।
त्रिकोष्ठं पञ्चकोष्ठं वा सप्तकोष्ठं गृहम् स्मृतम् ॥२२९॥

थाम र भित्ताबाट बेग्लै बेग्लै कोठा बनाउनू । तीन, पाँच अथवा सात कोठासम्म भएकोलाई घर भनिएको छ ।

द्वारार्थमष्टधा भक्तं द्वारस्यांशौ तु मध्यमौ ।
द्वौ द्वौ ज्ञेयौ चतुर्दिक्षु धनपुत्रप्रदौ नृणाम् ॥२३०॥

ढोका राख्नाका निमित्त घरको ८ भागको (लमाइको) १ भाग राखोस् । चारै दिशामा घरको बीच भागमा २।२ ओटा ढोका राख्नू । यसो गरे धन र छोरा हुन्छन् ।

तत्रैव कल्पयेद्द्वारं नान्यथा तु कदाचन ।
वातायनं पृथक्कोष्ठे कुर्याद्यादृक् सुखावहम् ॥२३१॥

जहाँ घरको मध्य भाग पर्दछ, त्यहाँ नै ढोका बनाउनू, अन्यत्र हुँदैन । कोठामा रहने झ्यालहरू जसरी सजिलो पर्छ, त्यसै गरी राख्नू । बेग्लै ठाउँमा राखे पनि हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्य गृहद्वारविद्धं गृहद्वारं न चिन्तयेत् ।
वृक्षकोणस्तम्भमार्गपीठकूपै श्च वेधितम् ॥२३२॥

अर्काको घरको ढोका, वृक्ष, कुनु खामो (अथवा, थाम, लट्ठा) बाटो, देवताको पीठ, कूवा यति अगाडि पर्ने गरी घरको ढोका नराख्नू ।

प्रासादमण्डपद्वारे मार्गवेधो न विद्यते ।
गृहपीठं चतुर्थांशं मुद्रा यस्य प्रकल्पयेत् ॥२३३॥

घर बनाउने नियममा १ घरको ४ भागको १ भागसम्म प्रमाण हुने मन्दिर र मण्डपको द्वारे बाटो अगाडि परे पनि दोष छैन ।

प्रासादानां मण्डपानामर्धांशं वा परे जगुः ।
परवातायनैर्विद्धं नापि वातायनं स्मृतम् ॥२३४॥

कसैको (कुनै ऋषिको) मत छ कि मन्दिर र मण्डपको ढोका उसैको आधा भागको अनुसारले बनाउनुपर्दछ । अर्काको झ्यालको सामुन्ने पर्ने गरी झ्याल नबनाउनू ।

विस्ताराधांशमूलोच्चाच्छर्दिः खर्परसम्भवा ।
पतितं तु जलं तस्यां सुखं गच्छति वाप्यधः ॥२३५॥

घरको जति लमाइ छ, त्यसको आधा जति अग्लो छानु बनाउनू । यसो भएपछि कप्टेराले बनेको छानाको पानी सजिलैसित तल झर्दछ ।

हीना निम्ना छदि र्नस्यात्ताद्दक्कोष्ठस्य विस्तरः
स्वोच्छ्राय स्पार्धमूलो वा प्राकारः सममूलकः ॥२३६॥

जति पींध चाक्लो छ, त्यसभन्दा कम र होचो नभएको, अथवा जति अग्लो छ, त्यसको आधा, अथवा त्यत्तिकै चाक्लो भएको परिखा (घरको वरिपरिको पर्खाल) बनाउनुपर्छ ।

तृतीयांशकमूलो वा ह्यु च्छ्रायार्ध प्रविस्तरः
उच्छ्रितस्तु तथा कार्यो दस्युभिर्न विलङ्घ्यते ॥२३७॥

पींधभन्दा तेब्बर ऊँचो उचाइको आधा चाक्लो अथवा यस्तो अग्लो होस् कि चोरले नाघ्न नसकोस् ।

यामिकैरक्षितो नित्यं नालिकास्त्रै श्च संयुतः ।
सुबहुदृढगुल्म श्च सुगवाक्षप्रशालिकः ॥२३८॥

प्रहरीहरूले रक्षा गरिएको, ठाउँ-ठाउँमा तोपहरू छाँदिएको, धेरै मजबूत झ्याल भएको (यस्तो घर बनाओस्)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वहीनप्रतिप्राकारो ह्यसमीपमहीधरः ।
परिखा च ततः कार्या खाताद् द्विगुणविस्तराम् ॥२३९॥

हरेक पर्खालहरू आफ्नू उँचाइभन्दा अग्लो होऊन् र नगीच पर्वत भएका हुनु हुँदैन, खाड[1]लको भन्दा दोब्बर चाक्लो परिखा (जलको घेरा) बनाउनुपर्दछ ।

नातिसमीपप्राकारा ह्यगाधसलिला शुभा
गुह्यसाधनसंभारैः सुयुद्ध कुशलै र्विना ॥२४०॥

नगीच पर्खाल नभएको र ज्यादा गहीरो सुन्दर परिखा (जलको घेरा) वेश हुन्छ । युद्धसामग्री र लड्न जान्ने रक्षक नभएको (राजालाई यस्तो किल्ला ठीक हुँदैन)

न श्रेयसे दुर्गवासो राज्ञः स्याद्बन्धनाय सः ।
राज्ञा राजसभा कार्या सुगुप्ता सुमनोरमा ॥२४१॥

उपर्युक्त किसिमको किल्ला राजाको बन्धनका निमित्त हुन्छ । राजाले आफ्नू सभा गर्ने ठाउँ गुप्ती र सुन्दर बनाउनुपर्छ ।

त्रिकोष्ठैः पञ्चकोष्ठै र्वा सप्तकोष्ठैः सुविस्तृता
दक्षिणोदक्तथा दीर्घा प्राग्प्रत्यग् द्विगुणाथवा ॥२४२॥

त्यो राजसभा-गृह तीन, पाँच अथवा सात कोठा भएको उत्तर-दक्षिण लमाइ-भएको पूर्व र पश्चिमको भागभन्दा दोब्बर भएको हुनुपर्छ ।

त्रिगुणा वा यथाकाम मेकभूमिर्द्विभूमिका ।
त्रिभूमिका वा कर्तव्या सोपकार्या शिरोगृहा ॥२४३॥

अथवा इच्छानुसार पूर्व-पश्चिमको भागभन्दा तेब्बर पनि बनाउनु हुन्छ, एक पटाङ्गिनी, दुई पटाङ्गिनी अथवा तीन पटाङ्गिनी भएको होस् र त्यसको बुर्जाहरू शस्त्र-अस्त्रादि युद्धसामग्रीयुक्त होऊन् ।

परितः प्रतिकोष्ठे तु वातायनविराजिता ।
पार्श्वकोष्ठात्तु द्विगुणो मध्यकोष्ठस्य विस्तरः ॥२४४

चारैपट्टि हरेक कोठामा झ्याल राख्नुपर्दछ । माझको कोठाभन्दा दोब्बर ठूला छेउपट्टिका कोठा हुनुपर्दछ ।

पञ्चमांशाधिकं त्वौच्चं मध्यकोष्ठस्यविस्तरात् ।
विस्तारेण समं त्वौच्चं पञ्चमांशाधिकं तु वा ॥२४५॥

त्यो सभा-गृह माझको कोठा जति चाक्लो छ त्यसको ५ भाग अग्लो होओस्,

---

1 दरवारको वरिपरि रहेको खाल्टाको घेरा, जसबाट शत्रुहरू खाल्टामा परी मर्दछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथवा जति चाक्लो छ त्यत्तिकै अग्लो भए पनि हुन्छ, अथवा पाँचौं भागभन्दा बढी भए-पनि हुन्छ ।

कोष्ठकानाञ्च भूमि र्वा छदि र्वा तत्र कारयेत् ।
द्विभूमिके पार्श्वकोष्ठे मध्यमन्त्वेकभूमिकम् ॥२४६

कोठाको छाना भूमिको याने ढलान भएको अथवा खर, खपटाको भए पनि हुन्छ । माझको कोठामा १ मञ्जिल र छेउका कोठाहरूमा २ मञ्जिल रहून् ।

पृथक्स्तम्भान्त सत्कोष्ठा चतुर्भागागमा शुभा
जलोर्ध्वपातियन्त्रै श्च पूता सुस्वरयन्त्रकैः । ॥२४७॥

त्यो सभागृह छुट्टा छुट्टै थाम राखिएको, राम्रो कोठा भएको, चारैपट्टि आउने-जाने राम्रा राम्रा बाटाहरू भएको, फोहरा र अनेक प्रकारका बाजाहरूले युक्त होओस् ।

वातप्रेरकयन्त्रै श्च यन्त्रैः कालप्रबोधकैः ।
प्रतिष्ठिता च स्वाद शैंस्तथा च प्रतिरूपकैः ॥२४८॥

त्यो सभागृह पङ्खा, घडी बहुमूल्य ऐना र राम्रा तसवीरहरूले युक्त होओस् ।

एवंविधा राजसभा मन्त्रार्थाकार्यदर्शने ।
तथाविधामात्यलेख्यसभ्याधिकृतशालिका ॥२४९॥
कर्तव्या च पृथक् त्वेतास्तदर्था श्च पृथक् पृथक् ।
शतहस्तमितां भूमिं त्यक्त्वा राजगृहात् सदा ॥२५०॥

सल्लाह गर्नका निमित्त, कहाँ के के भयो भनी काम हेर्नाका निमित्त, यस्तो राजसभा र आफ्नू दरबारभन्दा १०० हात पर मन्त्रीको, गुप्तचरको, सभासद्हरूको निमित्त बेग्ला बेग्लै स्थान बनाउनुपर्दछ ।

उदग्द्विशतहस्तां प्राक् सेनासंवेशनार्थिकाम् ।
आराद्राजगृहस्यैव प्रजानां निलयानि च ॥२५१॥

दरबारको २०० हात टाढा पूर्व अथवा उत्तरपट्टि सैनिक-निवास (ब्यारेक) र दरबारको नगीच प्रजाको बस्ने ठाउँ मिलाओस् ।

सधनश्रेष्ठजात्यानुक्रमत श्च सदा बुधः ।
समन्ता च्च चतुर्दिक्षु विन्यसेच्च ततः परम् ॥२५२॥

अनिपछि क्रमैसँग धनीहरू र उत्तम जातिलाई दरबारको चारैपट्टि बस्ने ठाउँ मिलाओस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकृत्यनुप्रकृतयो ह्यधिकारिगणस्ततः
सेनाधिपाः पदातीनां गणः सादिगणस्ततः ॥२५३॥

त्यसपछि क्रमशः सामान्य सेवक उत्तम सेवक, र त्यसपछि तत्तत् कामको अधिकार प्राप्त व्यक्ति, त्यसपछि सेनाधिपति, त्यसपछि रक्षक, (सिपाही) त्यसपछि सबारहरूलाई राख्नुपर्दछ।

साश्व श्च सगजश्चापि गजपालगण स्ततः
वृहन्नालिकयन्त्राणि ततः स्वतुरगीगणः ॥२५४॥

त्यसपछि क्रमशः हात्ती, घोडा र तिनका रक्षक, सवार, माउते राखोस्। त्यसपछि तोप र त्यसपछि घोडीहरूलाई राखोस्।

ततःस्वगोपकगणो ह्यारण्यकगण स्ततः।
क्रमादेषां गृहाणि स्युः शोभनानि पुरे सदा ॥२५५॥

त्यसपछि गोपाल (गोठाला) को समूह वनचर (कुशुण्डा अथवा शिकारी) को स्थान बनाओस्। यस्ता प्रकारको नगर-निर्माण ज्यादै राम्रो हुन्छ।

पान्थशाला ततः कार्या सुगुप्ता सुजलाशया।
सजातीय गृहाणां हि समुदाये न पङ्क्तिः ॥२५६॥

त्यसपछि गोप्य पाटी पौवा र राम्रा तलाउहरू बनाओस्। आफ्ना सजातीयहरूको टोल बनाओस। हारमिलाएर नबनाओस्।

निवेशनं पुरे ग्रामे प्रागुदङ्मुखमेव वा।
सजातिपण्यनिर्वहै रापणे पण्यवेशनम् ॥२५७॥

शहर अथवा गाउँमा पस्नालाई पूर्व अथवा उत्तर दिशा राम्रो हुन्छ। बजारमा पनि आफ्ना जात मिल्नेहरूका बेग्लै बेग्लै (छुट्टा छुट्टै) पसल बनाओस्।

धनिकादिक्रमेणैव राजमार्गस्य पार्श्वयोः।
एवम् हि पत्तनम् कुर्याद् ग्रामञ्चैव नराधिपः ॥२५८॥

धनीहरूलाई राजमार्ग (मूलबाटो) को दुवैपट्टि पसल राख्न लगाओस्। यस प्रकार राजाले नगर-निर्माण र गाउँको निर्माण गरोस्।

राजमार्गास्तु कर्तव्या श्चतुर्दिक्षु नृपगृहात्।
उत्तमो राजमार्गस्तु त्रिंशद्धस्तमितो भवेत् ॥२५९॥

राजाले आफ्नु दरबारबाट चारैपट्टि मूलबाटो बनाओस्। ३० हातको मूलबाटो उत्तम मानिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मध्यमो विंशतिकरो दशपञ्चकरोऽधमः ।
पण्यमार्गा स्तथा चैते पुरग्रामादिषु स्थिता ।।२६०।।

वीस हातको बाटो मध्यम र १५ हातको बाटो अधम मानिएको छ । बजारका बाटाहरू पनि गाउँ र शहरमा जोडिएको हुनुपर्छ ।

करत्रयात्मिका पद्या वीथिः पञ्चकरात्मिका ।
मार्गो दशकरः प्रोक्तो ग्रामेषु नगरेषु च ।।२६१।।

३ हात चौडा भएको पद्या, ५ हातको वीथि र १० हातकोलाई बाटो भनी गाउँ र शहरमा मानिएको छ ।

प्राक् पश्चाद्दक्षिणोदक्तान् ग्राममध्यात् प्रकल्पयेत्
पुरं दृष्ट्वा राजमार्गान् सुबहून् कल्पयेन्नृपः ।।२६२।।

राजाले गाउँको बीचमा पर्ने गरी पूर्ववाट पश्चिम र दक्षिणवाट उत्तर गएका बाटा बनाओस् । शहरी क्षेत्रमा शहर हेरेर उहीअनुसार बनाओस् ।

नवीथिं नच पद्यां हि राजधान्यां प्रकल्पयेत् ।
षड्योजनान्तरेऽरण्ये राजमार्गं तु चोत्तमम् ।।२६३।।

३ हात र ५ हातको बाटो राजधानीमा नबनाओस् । वनबाट २४ कोशको फरक पारी राजमार्ग (मूलबाटो) बनाउनु उत्तम मानिएको छ ।

कल्पयेन्मध्यमं मध्ये तयोर्मध्ये तथाधमम् ।
दशहस्तात्मकं नित्यं ग्रामे ग्रामे नियोजयेत् ।।२६४।।

(मूलबाटोबाट) १२ कोशको अन्तर गरेर मध्यम मार्ग (मझ्यौला छोरेबाटा) निकालोस् । ती मध्यम बाटाबाट पनि १० हातका अधम (साना) बाटा निकाली हरेक गाउँमा पुऱ्याओस् ।

कूर्मपृष्ठामार्गभूमिः कार्या ग्राम्यैः सुसेतुका ।
कुर्यान् मार्गान् पार्श्वखयातान्निर्गमार्थं जलस्य च २६५।।

गाउँहरू मिलेर कछुवाको पिठ्यूँ जस्तो वलियो बाटो र पूलहरू हाल्नू । पानी सजिलैसँग वगेर जाने गराउन बाटोको दुवैतर्फ नाला बनाउनू ।

राजमार्गमुखानिस्युर्गृहाणि सकलान्यपि ।
गृहपृष्ठे दासवीथिं मलनिर्हरणस्थलम् ।।२६६।।

सबै घरका ढोका राजमार्गपट्टि पारेर बनाउन लगाउनू । घरको पछाडि मल-मूत्र-त्याग गर्ने ठाउँ बनाउन लगाउनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पङ्क्तिद्वयगतानां हि गेहानां कारयेत् तथा ।
मार्गान् सुधाशर्करै र्वा घटितान् प्रतिवत्सरम् ॥२६७॥

माझमा बाटो पारी दुई पंक्ति मिलाएर घर बनाउनू । बाटाहरू चून-कङ्कड मिलाई खूब पेलेर बनाउन लगाउनू ।

अभियुक्तनिरुद्धै र्वा कुर्याद्ग्राम्यजनै र्नृपः ।
ग्रामद्वयान्तरे चैव पान्थशालाः प्रकल्पयेत् ॥२६८॥

कुल्ली, (वैतनिक) कैदी र गाउँलेहरूद्वारा बाटो बनाउनू र दुई गाउँको बीचमा धर्मशालाहरू (पौवा) बनाउनू ।

नित्यं सम्मार्जिता श्चैव ग्रामपै श्च सुगोपिताम् ।
तत्रागतं तु संपृच्छेत् पान्थशालाधिपैः सदा ॥२६९॥

गाउँको अधिपतिबाट त्यो धर्मशाला (पौवा) नित्य सफा गर्न लगाउनू । त्यो धर्मशालामा बस्न आएकालाई त्यो गाउँको अधिपति (गाउँको प्रधान संरक्षक) ले यस्ता प्रकारले सोधोस् ।

प्रयातोसिऽकुतः कस्मात् क्व गच्छसि ऋतम् वद ।
ससहायोऽसहायो वा किं शस्त्रः किं सवाहनः ॥२७०॥

कहाँबाट किन आएका छौ ? कहाँ जानेछौ ? तिम्रा सहायक पनि छन् ? अथवा असहाय (एकलो) छौ ? तिमीसँग कुनै हतियार छ कि ? कुनै सवारी पनि छ कि ? सबै कुरा साँचो भन ।

का जातिः किं कुलम् नाम स्थितिः कुस्त्रास्ति ते चिरम् ।
इति पृष्ट्वा लिखेत् सायं शस्त्रं तस्य प्रगृह्य च ॥२७१॥

तिम्रो जात, नाम, कुल के हो ? खास बस्ने ठाउँ कुन हो ? यति कुरा उसँग सोधी लेखेर राखोस । उसँग कुनै हतियार भए त्यो पनि लेओस् ।

सावधानमना भूत्वा स्वापंकुर्वीतिशासयेत् ।
तत्रस्थान् गणयित्वा तु शालाद्वारम् पिधाय च ॥२७२॥
संरक्षयेद्यामिकै श्च प्रभाते तान् प्रबोधयेत्
शस्त्रम् दद्याच्च गणयेद्द्वारसुद्घाट्य मोचयेत् ॥२७३॥

निस्फिक्रीसँग सुत भनोस् र त्यहाँ कति छन्, सबैको संख्या लिई, ढोका बन्द गरी, प्रहरी रक्षकद्वारा रक्षा-व्यवस्था मिलाओस् । विहान सबैलाई उठाई, उनीहरूको हतियार फिर्ता दिई, ढोका खोली विदा देओस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुर्यात् सहायं सीमान्ते तेषां ग्राम्यजन स्सदा
प्रकुर्या द्दिनकृत्यं तु राजधान्यां वसन्नृपः ।।२७४।।

त्यस अतिथिलाई गाउँका जनहरूले आफ्नू गाउँको छेउसम्म पुऱ्याइदिऊन् । राजधानीमा भएको अवस्थामा राजाले यी (निम्न लिखित) दिनमा गरिने काम विचार गरोस् ।

उत्थाय पश्चिमे यामे मुहूर्तद्वितयेन वै ।
नियताय श्च कत्यस्ति व्ययश्चनियतः कति ।।२७५।।
कोशभूतस्य द्रव्यस्य व्ययः कतिगत स्तथा ।
व्यवहारे मुद्रिताय व्ययशेषं कतीति च ।।२७६।।
प्रत्यक्षतो लेखत श्च ज्ञात्वा चाद्य व्ययः कति ।
भविष्यति च तत्तुल्यं द्रव्यं कोशात्तु निर्हरेत् ।।२७७।।

राजाले रातको पछिल्लो प्रहरमा ४ घडी रात बाँकी छँदै उठेर ढुकुटीमा जम्मा सम्पत्ति कति छ, आज खर्च हुने कलम कति छ, आम्दानी हुने कलम कति छ, मूल सम्पत्तिमा कति खर्च भयो, बाँकी कति छ, व्यवहारमा कति आयो, कति गयो भन्ने कुरा (खाता) हेरेर गनोस् र यो सबै जानिसकेपछि आज यति त खर्च हुन्छ भनी निश्चय गरी ढुकुटीबाट त्यति नै धन निकालोस् ।

पश्चात्तु वेग निर्मोक्षं स्नानम् मौहूर्तिकं मतम् ।
सन्ध्यापुराण दानै श्च मुहूर्तद्वितयं नयेत् ।।
गजाश्वयानव्यायामै र्नयेत् प्रात र्मुहूर्तकम् ।।२७८।।

त्यसपछि मल परित्याग गरेर स्नानमा २ घडी बिताओस् र सन्ध्या पुराण-श्रवण दान यति कुरा गर्नमा २ मुहूर्त (४ घडी) बिताओस् ।

पारितोषिकदानेन मुहूर्तं तु नयेत् सुधीः ।
धान्यवस्त्रस्वर्णरत्नसेनादेशविलेखनैः ।।२७९।।

पुरष्कारहरू दिएर १ मुहूर्त (२ घडी) बिताओस् । धान कपडा, सुन, मणि-माणिक्य, सेना, (फौज) देशको निरीक्षण गरेर १ मुहूर्त बिताओस् ।

आयव्ययैर्मुहूर्तानां चतुष्कं तु नयेत् सदा ।
स्वस्थचित्तो भोजनेन मुहूर्तं ससुहृन्नृपः ।।२८०।।

आय-व्ययको हिसाब हेरी ४ मुहूर्त बिताओस् र मित्रहरूका साथ भोजन गरी सकेपछि १ मुहूर्त आनन्दचित्त लिएर (आराम गरेर) बिताओस् ।

प्रत्यक्षीकरणज्जीर्णनवीनानां मुहूर्तकम् ।
ततस्तु प्राड्विपाकादिबोधितव्यवहारतः ।।२८१।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुराना तथा नयाँ वस्तुहरू (थप्नु र बदलाका निमित्त) को निरीक्षण गरी १ मुहूर्त बिताओस् त्यसपछि जजहरूसँग उनीहरूको गर्नुपर्ने काम बुझाउनलाई १ मुहूर्त बिताओस्।

मुहूर्तद्वितय ञ्चैव मृगया क्रीडनै र्नयेत्।
व्यूहाभ्यासै र्मुहूर्तं तु मुहूर्तं सन्ध्यया ततः ॥२८२॥

त्यसपछि २ मुहूर्त शिकारको अभ्यासले १ मुहूर्त सैनिक शिक्षा (कवाज) को अध्ययन र, १ मुहूर्त सन्ध्योपासनमा बिताओस्।

मुहूर्तं भोजनेनैव द्विमुहूर्तञ्च वार्तया।
गूढचारैः श्रावितया निद्रयाष्टमुहूर्तकम् ॥२८३॥

१ मुहूर्त भोजनले, २ मुहूर्त वार्तचित, याने गुप्तचरहरूले ल्याएका समाचारहरूको छलफलले र ८ मुहूर्त निदाएर बिताओस्।

एवं विहरतो राज्ञः सुखम् सम्यक् प्रजायते।
अहोरात्रं विभज्यैवं त्रिंशद्भिस्तु मुहूर्तकैः ॥२८४॥
नयेत् कालं वृथा नैव नयेत् स्त्रीमद्यसेवनैः।
यत्काले ह्युचितं कर्तुं तत्कार्यं द्रागशङ्कितम् ॥२८५॥

राजाले यस्ता प्रकारले ३० मुहूर्त (याने ६० घडी वा १ अहोरात्र) लाई तत्तत् काम गर्ने समयमा विभाग गरेर समय बिताउँदा सुख-प्राप्ति हुन्छ। राजाले स्त्रीजाति र मदिरामा आसक्त भई समय खेर नफालोस्। यति गर्दागर्दै समयोचित कुनै काम आइपरे निस्फिक्रीसाथ त्यो काम पनि गरोस्।

काले वृष्टि सुपोषाय ह्यन्यथा सुविनाशिनी।
कार्यस्थानानि सर्वाणि यामिकैरभितोनिशम् ॥२८६॥

समयको वर्षा पालन-पोषणका निमित्त हुन्छ र बेमौकाको वर्षाले क्षति पुर्‍याउँछ (याने दिने कुरा मौकाको मात्र बेस हुन्छ) र जम्मै आफ्ना कार्यालयहरू प्रहरीरक्षकद्वारा रक्षा गराइरहोस्।

प्रियवान्नीतिनतिवित्सिद्धशस्त्रादिकैर्वरैः।
चतुर्भिः पञ्चभि र्वापि षड्भि र्वा गोपयेत् सदा ॥२८७॥

प्रेमपूर्वक व्यवहार गर्न सक्ने, नीति जान्ने, नम्र, हात-हथियार चलाउन सिपालु, ४,५ अथवा ६ ओटा रक्षकद्वारा कार्यालयको रक्षा गराओस्।

तत्रत्यानि दैनिकानि शृणुयाल्लेखकाधिपैः।
दिने दिने यामिकानाम् प्रकुर्यात् परिवर्तनम् ॥२८८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यो कार्यालयका दैनिक कामहरू त्यहाँको लेखकाधिप (कारिन्दाहरूको स्वामी याने हाकिम) बाट सुनोस् । त्यहाँ रहने प्रहरीलाई (रक्षक) पनि दिन-दिनको पालो बाँधी बदल्नुपर्छ ।

गृहपंक्तिमुखे द्वारम् कर्तव्यं यामिकैः सदा
तैस्तद्वृत्तं तु शृणुयाद् गृहस्थभृति पोषितैः ॥२८९॥

राजाले घरको अगाडि प्रहरी रहने स्थान बनाओस् । भत्ता दिएर पालिएका ती यामिक (प्रहरी) द्वारा घरै बसीवसी सबै हाल-खबर सुनोस् ।

निर्गच्छन्ति च ये ग्रामाद् ये ग्रामं प्रविशन्ति च ।
तान् सुसंशोध्य यत्नेन मोचयेद्दत्तलग्नकान् ॥२९०॥

गाउँबाट निस्कने र पस्ने व्यक्तिहरूलाई (कहाँ, किन, जाने र कहाँबाट, किन, आएको भनी) यथार्थ सोधी चिह्न लगाएर याने हुलिया लिएर मात्र छोड्नू ।

प्रख्यातवृत्तशीलांस्तु ह्यविमृश्यविमोचयेत् ।
वीथि वीथिषु यामार्धे निशि पर्यटनं सदा ॥२९१॥

राम्रो चालचलन र प्रख्यात व्यक्तिलाई त्यसै छोडिदिए पनि हुन्छ । आधा-आधा प्रहरको समय मिलाई गल्ली र नाका (चोर भाग्ने बाटो) मा राजाले प्रहरी रक्षक घुमाओस् ।

कर्तव्यं यामिकैरेवं चौरजारनिवृत्तये ।
शासनं त्वीदृशं कार्यं राज्ञा नित्यं प्रजासु च ॥२९२॥

प्रहरी रक्षकहरूले चोर र जार (व्यभिचारी पुरुष) को निर्मूल गर्न यताउति घुमिरहनुपर्दछ । राजाले सधैं प्रजाहरूमा तल बताएअनुसार शिक्षा दिनुपर्दछ ।

दासे भृत्येऽथ भार्यायां पुत्रेशिष्येऽपि वा क्वचित् ।
वाग्दण्डपरुषा न्नैव कार्यं मद्देशसंस्थितैः ॥२९३॥

जो प्राणी मेरो देशमा रहन्छन् तिनीहरूले कमारो, सेवक, स्वास्नी, छोरो र शिष्यमा पनि रूखो बोलीले कहिल्यै नहप्काऊन् ।

तुलाशासनमानानाम् नाणकस्यापि वा क्वचित्
निर्यासानां च धातूनाम् सजातीनां व्युतस्य च ॥२९४॥
मधुदुग्धवसादीनां पिष्टादीनां च सर्वदा
कूटं नैव तु कार्यं स्याद्बलाच्च लिखितं जनैः ॥२९५॥

तुलो, आज्ञा, ढक, टक (मुद्रा) गूँद, रासायनिक धातु, सजाति घ्यू, मह, दूध, बोसो र पीठो यति वस्तुमा कपट व्यवहार र कर-बलले जवर्जस्ती गरिएको लेख (कागत) मा पनि कहिल्यै कपट व्यवहार नगर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्कोचग्रहणा न्नैव स्वामिकार्यविलोभनम्
दुर्वृत्तकारिणं चोरं जारमद्वेषिणं द्विषम् ।।२९६।।
नरक्षं त्वप्रकाशं हि तथान्यानपकारवान्
मातृणां पितृणां चैव पूज्यानां विदुषामपि ।।२९७।।

प्रत्यक्ष घूस खाएर स्वामीको काम बिगार्ने, दुराचारी, चोर, जार, द्वेष नगर्नेका उपर पनि द्वेष गर्ने, अर्काको बिगार मात्र गर्ने, आमाबाबु, मान्यजन, विद्वान्हरूको अपकार गर्नेलाई रक्षा गर्न हुँदैन ।

नावमानं नोपहासं कुर्युः सद्वृत्तशालिनाम्
नभेदम् जनयेयु र्वै नृनार्योः स्वामिभृत्ययोः २९८।।

जो सदाचारमा तत्पर छन्, त्यस्ताको अपमान र खिस्सी नगरून् । लोग्ने र स्वास्नीको, मालिक र नोकरको बीचमा चुक्लीद्वारा कहिल्यै पनि फूट नपार्नू ।

मातृणां गुरुशिष्याणां नकुर्युः पितृपुत्रयोः
वापीकूपारामसीमा धर्मशाला सुराजयान् ।।२९९।।
मार्गा न्नैव प्रबाधेयुर्हीनाङ्गविकलाङ्गकान्
द्यूतं च मद्यपानं च मृगयां शस्त्रधारणम् ।।३००।।

भाइ-भाइमा गुरुचेलामा बाबु-छोरामा पनि कसैले फूट नपार्नू । तलाउ, कूवा, बगैंचा, साँध, धर्मशाला, मन्दिर, बाटो यति कुरामा बाधा नपार्नू, अङ्ग नभएका र लूला लँगडालाई पनि बाधा नपार्नू । जूवा, मदिरा, शिकार र हातहतियार राख्नू, यति कुरा राजाज्ञा विना नगर्नू ।

गोगजाश्वोष्ट्र महिषी नृणाम् वै स्थावरस्य च
रजतस्वर्णरत्नानाम् मादकस्य विषस्य च ।।३०१।।
क्रयम् वा विक्रयम् वापि मद्यसन्धान मेव च
क्रयपत्रम् दानपत्र मृणनिर्णय पत्रकम् ।।३०२।।
राजाज्ञया विना नैव जनैः कार्यं चिकित्सितम्
महापापाभिशपनम् निधिग्रहण मेव च ।।३०३।।
नवसमाजनियमनिर्णयं जातिदूषणम् ।
अस्वामिनाष्टिधन-संग्रहं मन्त्रभेदनम् ।।३०४।।

गाई, हात्ती, घोडा, ऊँट, भैंसी, मानिस, चल, अचल, सून, चाँदी, रत्न, मादकपदार्थ (गाँजा चरेस) विष यिनीहरूको व्यापार याने किनबेच र लेनदेनकोपत्र (तमसुक) ऋणपत्र मिलापत्र औषधीगर्नु, माहापातकको दोष लगाउनु, खानीको आयस्ता लिनु, यति कुरा राजाको आज्ञाविना नगर्नू । त्यस्तै नयाँ समाज खोल्नु, त्यसको नियम बनाउनु, जातिपतित गर्नु, हकवाला नभएको अपुतालीको धन त्यसै लिनु, गुप्त सल्लाह भन्दै हिंड्नु, यति कुरा राजाको आज्ञाविना कसैले नगर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नृपदुर्गुणलोपं तु नैव कुर्युः कदाचन ।
स्वधर्महानिमनृतम् परदाराभिमर्शनम् ॥३०५॥

राजाका 'वैगुन याने त्रुटिहरू छिपाउनु, आफ्नो धर्म छोड्नु, झूटो बोल्नु, परस्त्री-संगम गर्नु, यति कुरा कहिल्यै कसैले नगर्नू ।

कूटसाक्ष्यम् कूटलेख्य मप्रकाशप्रतिग्रहम् ।
निर्धारितकराधिक्यं स्तेयम् साहसमेव च ॥३०६॥
मनसापि नकुर्वन्तु स्वामिद्रोहं तथैव च ।
भृत्या शुल्केन भागेन वृध्यादर्पबलाच्छलात् ॥३०७॥

झुटो साछी वक्नु, किर्ते कागज गर्नु, स्वामीको द्रोह (निन्दा) गर्नु, घमण्ड, वल, अथवा छलले सेवकको तलव वृद्धि रोक्का गर्नु, यति कुरा गर्नु परै रहोस् मनले पनि नचिताउनू ।

आघर्षणं न कुर्वन्तु यस्यकस्यापि सर्वदा ।
परिमाणोन्मानमानं धार्यं राजविमुद्रितम् ॥३०८॥

कहिल्यै कसैले कसैलाई पनि शोषण नगर्नू । तौल्ने नाप्ने ढक माना-पाथीमा राजाको छाप लगाउनू ।

गुणसाधनसंन्दक्षा भवन्तु निखिला जनाः ।
साहसाधिकृते दद्यु र्विनिगृह्याततायिनम् ॥३०९॥

जसरी आफ्ना सद्गुणको विकास हुन्छ, त्यसमा जनता सदा होसियार रहून् । कसैले पनि अपराधी फेला परे त्यसलाई पक्री दण्ड दिने हाकिमलाई बुझाइदिनू ।

उत्सृष्टा वृषभाद्या यै स्तै स्ते धार्याः सुयन्त्रिताः ।
इति मच्छासन ञ्छ्रुत्वा येऽन्यथा वर्तयन्ति तान् ॥३१०॥
विनेष्यामि च दण्डेन महता पापकारकान् ।
इति प्रवोधयेन्नित्यं प्रजाः शासनडिण्डिमैः ॥३११॥

जसले साँढे आदि छोडेका छ, तिनीहरूले नै ती साँढे आदिको रेखदेख पुऱ्याऊन् (याने पशुछोड्नेहरूले जथाभावी पशु नछोडून्) यो मेरो आज्ञा हो । यो सुनेर पनि जसले यो आज्ञा मान्दैन, त्यो पापी हो, त्यसलाई म सजाय दिनेछु भनी झ्याली पिटेर दुनियाँलाई राजाले वराबर सम्झाओस् बुझाओस् ।

लिखित्वा शासनम् राजा धारयेत्तच्चतुष्पथे ।
सदा चोद्यत दण्डःस्यादसाधुषु च शत्रुषु ॥३१२॥

राजाले यस्ता प्रकारको आफ्नो सन्देश लेखेर चौवाटोमा राखिदेओस र राजा सदा दुष्टलाई र वैरीलाई दमन गर्ने विषयमा सदा सतर्क रहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रजानां पालनं कार्यं नीतिपूर्वं नृपेण हि ।
मार्गसंरक्षणं कुर्यान्नृपः पान्थसुखाय च ॥३१३॥

राजा नीतिपूर्वक प्रजाको पालन गरोस् । दुनियाँलाई हिंड्न सजिलो होस् भन्नाका निमित्त बाटाको पनि रक्षा गरोस् याने बाटा बनाओस् ।

पान्थप्रपीडका ये ये हन्तव्या स्ते प्रयत्नतः ।
ग्रामस्य द्वादशांशेन ग्रामपान् सन्नियोजयेत् ।
त्रिभि रंशैर्बलं धार्यं दानमर्धांशकेन च ॥३१४॥
अर्धांशेन प्रकृतयो ह्यर्धांशेनाधिकारिणः ।
अर्धांशेनात्मभोगश्च कोशोंशेन स रक्ष्यते ॥३१५॥
आयस्यैवम् षड्विभागैर्व्ययं कुर्यात् तु वत्सरे
सामन्तादिषु धर्मोयं न न्यूनस्य कदाचन ॥३१६॥

जसले बाटो रोक्का गर्छ त्यस्तालाई पत्ता लगाईकन मार्नू ।

१ गाउँका आयस्ताको १२ भागको १ भाग गाउँको रक्षा गर्ने (मुखिया) लाई दिनू । बाँकी आयस्ता छ भाग गरी ३ भागले सैनिक खर्च गर्नू, बाँकी ३ भागमा १ भागको आधा दान गर्नू, आधा पाले पहरेदारलाई दिनू, बाँकी २ भागमा १ भागको आधा अधिकारी (कुनै कामको अधिकार दिइएका व्यक्ति) लाई र आधा आफूले भोग गर्नू, बाँकी १ भाग राष्ट्रिय कोशमा राख्नू, १ वर्षको आम्दानी यसरी छ भाग लगाई उपयोग गर्ने नियम सामन्तहरूलाई मात्र हो । त्यसभन्दा निम्नस्तरकालाई यो नियम लाग्दैन ।

राज्यस्य यशसः कीर्तेर्धनस्य च गुणस्य च ।
प्राप्तस्य रक्षणेन्यस्य हरणे चोद्यमोपि च ॥३१७॥
संरक्षणे संहरणे सुप्रयत्नो भवेत् सदा ।
शौर्यपाण्डित्यवक्तृत्वं दातृत्वं न त्यजेत् क्वचित् ॥३१८॥

राजाले राज्य जस, कीर्ति, धन, गुण यति प्राप्त गर्ने प्रयत्न र पाएपछि यिनको रक्षा पनि गर्नुपर्छ । अरूबाट कर लिनु, उद्योग गर्नु, रक्षा गर्नु, शुर्‍याइँ पाण्डित्य (चतुर्‍याइँ) मौकामा बोल्न सक्ने र मौकामा दिन सक्ने यति कुरा कहिल्यै नछोडोस् ।

बलं पराक्रमं नित्यमुत्थानं चापि भूमिपः ।
समितौ स्वात्मकार्ये वा स्वामिकार्ये तथैव च ॥३१९॥
त्यक्त्वा प्राणभयंयुद्ध्येत्सशूरस्त्वविशङ्कितः ।
पक्षं सन्त्यज्य यत्नेन बालस्यापि सुभाषितम् ॥३२०॥
गृह्णाति धर्मतत्वं च व्यवस्यति स पण्डितः ।
राज्ञोपि दुर्गुणान् वक्ति प्रत्यक्ष मविशङ्कितः ॥३२१॥
सवक्ता गुणातुल्यांस्तान्नप्रस्तौति कदाचन ।
अदेयं यस्य नैवास्ति भार्यापुत्रादिकं धनम् ॥३२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मानमपि सन्दत्तो पात्रे दाता स उच्यते ।
अशङ्कितक्षमो येन कार्यं कर्तुं बलं हि तत् ॥३२३॥

राजाले वल, पुरुषार्थ सदा उन्नति हुने बाटो नछोडोस् । आफ्नू वा स्वामीको काममा, लडाइँमा, निश्शङ्क भई प्राणको बाजी लगाएर जो लड्दछ, त्यो सुरो भनिन्छ । पक्षपात नगर्नें बालकबाट समेत असल कुरा लिन सक्ने धर्मको वास्तविक रहस्य जान्ने र तदनुसार गर्ने यस्तालाई पण्डित भनिन्छ । राजाका वैगुन (त्रुटि) पनि निशङ्क भई भन्न सक्ने र जसको जत्तिको गुण छ, ठीक त्यति मात्र वर्णन गर्ने, यस्तो व्यक्ति वक्ता भनिन्छ । सत्पात्रमा आवश्यकतानुसार स्त्री, पुत्र, धन र आफ्नू ज्यान पर्यन्त जो दिन सक्तछ, त्यो दाता भनिन्छ । जो निःशङ्क भएर काम गर्न समर्थ छ, त्यसलाई वलवान् भनिन्छ ।

किङ्कराइव ये नान्ये नृपायाः स पराक्रमः ।
युद्धानुकूलव्यापार मुत्थानमति कीर्तितम् ।।३२४॥

जसवाट सामान्य राजाहरू सेवक बन्दछन्, त्यस्तो कामलाई पराक्रम भनिन्छ । सङ्ग्राममा उपयुक्त भएको याने सबलाई पराजय गर्न सक्ने क्षमतालाई उत्थान भनिन्छ ।

विषदोषभयादन्नम् विमृश्य कपिकुक्कुटैः ।
हंसाःस्खलन्ति कूजन्ति भृङ्गा नृत्यन्ति मायुराः ॥३२५॥
विरौति कुक्कुटो मत्तः क्रौञ्चो वैरेचते कपिः ।
हृष्टरोमा भवेद्वभ्रु : सारिका वमते तथा ॥३२६॥
दृष्ट्वैवं सविषं चान्नं तस्माद्भोज्यम् परीक्षयेत् ।
भुञ्जीत षड्रसम् नित्यम् नद्वित्रिरससङ्कुलम् ॥३२७॥

राजाले खाने कुरामा विष हालेको छ कि भनी पहिले वानर, कुखुरा, आदिद्वारा परीक्षा गरोस् । किनकि विषयुक्त अन्न देख्ता हाँस हिंड्दछ भुमरो भन्भनिन्छ, मुजूर नाच्न थाल्दछ, कुखुरो आत्तिएर कराउँछ, क्रौञ्च पक्षी मात्तिन्छ, वानर हग्न थाल्छ बभ्रु नामक पंछीका रौं ठाडा हुन्छन् मैना, सारौं पनि वमन गर्छ यस्ता प्रकारले विषयुक्त अन्न (खाने कुरा) को परीक्षा गरोस् । छ ओटा रस नित्य खाओस् । २ रस अथवा ३ रस मिसाई नखाओस् ।

हिनातिरिक्तं नकटु मधुरक्षारसङ्कुलम् ।
आवेदयति यत्कार्यं श्रणुयान्मन्त्रिभिः सह ॥३२८॥

राजाले पिरो, गुलियो, नुनिलो अथवा खारिलो यति ३ चीज कत्ति नभएको र यति चीज ज्यादा भएको यस्तो पदार्थ पनि नखाओस् । कसैले केही कुरा भन्न आयो भने सवै मन्त्रीहरूसहित भएर त्यो कुरा सुनोस् ।

आरामादौ प्रकृतिभिः स्त्रीभिश्च नटगायकैः ।
विहरेत सावधान स्तु मागधै रैन्द्रजालिकैः ॥३२९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सामान्य मानिस, स्त्रीजाति नट्टुवा, गवैया, भाट (त्यो पुरुष जसले सबेरै उठेर राजाको प्रसंसापूर्वक स्तुति गर्छ) जादूगर, यिनीहरूबाट सतर्क भई राजाले बगैंचामा विहार गरोस् ।

गजाश्वरथयानं तु प्रातः सायं सदाभ्यसेम् ।
व्यूहाभ्यासं सैनिकानां स्वयं शिक्षे च्च शिक्षयेत् ॥३३०॥

राजाले विहान र वेलुका दुवै समयमा हात्ती, घोडा, रथआदि सवारीको अभ्यास गरोस् र सैनिक शिक्षा (कवाज) स्वयं सिकोस् र अरूलाई पनि सिकाओस् ।

व्याघ्रादिभि र्वनचरै मयूराद्यै श्च पक्षिभिः ।
क्रीडयेन्मृगयांकुर्याद् दुष्ट सत्वान् निपातयन् ॥३३१॥

मयूरआदि पक्षी र सिंहआदि जनावरसँग दुष्ट जन्तुहरूलाई मार्दै शिकार खेलोस ।

शौर्यं प्रवर्धते नित्यम् लक्ष्यसन्धानमेव च ।
अकातरत्वं शस्त्रास्त्रशीघ्रपातनकारिता ॥३३२॥
मृगयायाम् गुणा एते हिंसादोषो महत्तरः ।
इङ्गितं चेष्टितं यत्नात् प्रजानामधिकारिणाम् ॥३३३॥
प्रकृतीना ञ्च शत्रूणां सैनिकानां मत ञ्च यत् ।
सभ्यानां बान्धवाना ञ्च स्त्रीणामन्तः पुरे च यत् ॥३३४॥
शृणुयाद् गूढचारेभ्यो निशिचात्ययिके सदा
सावधानमनाः सिद्ध शस्त्रास्त्रः सल्लिखे च तत् ॥३३५॥

सुर्‍याइँ बढाउनु, भनेको ठाउँमा निशान लगाउन सक्नु, कातरपना हटाइ दिनु शस्त्रअस्त्रको ज्ञान, र तिनीहरू चाँडो लगाउन सक्ने हुनु, यी शिकारका गुण हुन्, तर हिंसाको भने दोष छ । राजाले आफूले काम लगाइएका मानिसको र प्रजाका, शत्रुहरूको सेनाको, सभासद्‌हरूको, बन्धुहरूको स्त्रीहरूको, खोपीमा रहने भित्रियाहरूको इच्छा र चेष्टा लक्षण विचार गर्नाका निमित्त पछिल्ला प्रहर रातमा घुम्ने गुप्तचरहरूद्वारा सवै कुरा सुनोस् र सावधान तथा शस्त्रास्त्रले सज्जित भएर ती सवै कुरा लेखेर राखोस् ।

असत्यवादिनं गूढ चारन्नैव च शास्ति यः ॥
स नृपो म्लेच्छ इत्युक्तः प्रजा प्राणधनापहः ॥३३६॥

जुन राजाले झूटा कुरा ल्याउने गुप्तचरलाई दण्ड र शिक्षा दिन सक्तैन, खालि दुनियाँको प्राण र धनमात्र हरण गर्छ, त्यो राजा म्लेच्छ हो ।

वर्णी तपस्वी सन्यासी नीचसिद्धस्वरूपिणम् ।
प्रत्यक्षेणच्छलेनैव गूढचारं विशोधयेत् ॥३३७॥

ब्रह्मचारी, तपसी, सन्यासी, नीच, सिद्ध यिनीहरूलाई प्रत्यक्ष रूपबाट अथवा गुप्ततत्रबाट जानोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विनातच्छोधनानृतत्त्वम् न जानाति न चाप्यते ।
अशोधक नृपान्नैव विभ्यत्यनृतवादने ॥३३८॥

को कस्तो छ भन्ने कुरा गुप्तचरद्वारा यथार्थ नजान्ने हो, भने थाहा पाउने डर नहुनाले तिनीहरूले झूटो पनि बोल्छन् (तसर्थ गुप्तचरद्वारा यिनीहरूलाई यथार्थ जानोस्) यसो भएपछि झूटो बोल्न तिनीहरू डराउँछन् ।

प्रकृतिभ्योधिकृतेभ्यो गूढचारम् सुरक्षयेत् ।
सदैकनायकं राज्यं कुर्यान्नवहुनायकम् ॥३३९॥

राजाले प्रजा र अधिकारप्राप्त व्यक्तिहरूलाई गुप्तचर छोडेर रक्षा गरोस् । राज्यमा एउटैको मात्र तैनाथ हुनुपर्छ । धेरैको हुनु हुँदैन ।

नानायकम् क्वचिदपि कर्तुमीहेत भूमिपः ।
राजकाले तु बहवः पुरुषा यदि सन्ति हि ॥३४०॥
तेषु ज्येष्टो भवेद्राजा शेषा स्तकार्यसाधकाः ।
गरीयांसो वराः सर्वसहायेभ्योभिवृद्धये ॥३४१॥

राजाले (राज्यको कुनै स्थानलाई) कहिल्यै पनि स्वामीरहित नगराओस् (सर्वत्र हाकिम नियुक्त गरोस्) । यदि राजवंशमा धेरै पुरुषहरू राज्यभागी छन् भने तिनमा सबभन्दा जेठो राजा हुन्छ । अरू त्यसका सहायक हुन्छन्। किनभने राजालाई मद्दत गर्न अरूभन्दा तिनीहरू उत्तम हुन्छन् ।

ज्येष्ठोपि बधिरः कुष्ठी मूकोन्ध षण्ढ एव यः ।
स राज्यार्हो भवेन्नैव भ्राता तत्पुत्र एव हि ॥३४२॥

त्यो सबभन्दा जेठो व्यक्ति पनि बहिरो, कोढ भएको, लाटो, अन्धो र नपँसक रहेछ भने राजा हुन योग्य ठहरिन्न । त्यसको जेठो छोरो, त्यो नभए भाइहरूमा जेठो राजा हुन्छ ।

स्व कनिष्ठोपि ज्येष्ठस्य भ्रातुः पुत्र स्तु राज्यभाक् ।
यथाग्रजस्य चाभावे कनिष्ठा राज्यभागिनः ॥३४३॥

छोराहरूमा जस्तो सबभन्दा जेठो भाइ भए पनि योग्य नभए कान्छा भाइहरू राजा हुन्छन्, त्यस्तै आफ्ना भाइहरूमा पनि जेठो अयोग्य भए क्रमशः अरू भाइमा जेठो र भाइहरू नभए उनका छोराहरूमा पनि जुन जेठो छ त्यही राजा हुन्छ ।

दायादाना मैकमत्यम् राज्ञः श्रेयस्करं परम् ।
पृथग्भावो विनाशाय राज्यस्य च कुलस्य च ।
अतः स्वभोग सदृशान् दायादान् कारये न्नृपः ॥३४४॥

आफ्ना अंशियार (दाजु भाइ) हरूसँग एकमत हुनु, राजाको निमित्त साह्है हित-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर हुन्छ । किनकि तिनीहरूसँग वैरभाव भयो भने राज्य र वंशसमेत विनाश हुन्छ । यस-कारण राजाले आफ्ना समान अंशियारलाई आफ्ना सम्पत्तिको जत्तिकै उनीहरूलाई पनि बनाओस् ।

अव्याहताज्ञः सन्तुष्ये च्छत्रसिंहासनै रपि ।
राज्यविभजनाच्छ्रेयो न भूपानां भवेत् खलु ।
अल्पीकृतं विभागेन राज्यं शत्रुजिघृक्षति ॥३४५॥

सर्वत्र हुकुम चलाउन सक्ने राजाले बरु छाता सिंहासन (केही राजप्राप्त अधिकार) दिएर पनि (अंशियारलाई) सन्तोष गराओस् । किनभने राज्य टुक्रिएपछि कहिल्यै पनि राजाको कल्याण हुँदैन । फेरि राज्य टुक्रा टुक्रा भएपछि शत्रुहरूले पनि हमला गर्न खोज्दछन् ।

राज्यतुर्यांश दानेन स्थापयेत् तान् समन्ततः
चतुर्दिक्ष्वथवा देशाधिपाः कुर्यात् सदा नृपः ॥३४६॥

राजाले तिनीहरूलाई राज्यको ४ भागको १ भाग (आय) दिएर आफ्ना नगीचै राखोस् अथवा राज्यका ४ दिशातर्फका मालिक बनाओस् ।

गोगजाश्वोष्ट्रकोशाना मधिपत्ये नियोजयेत् ।
माता मातृसमा या च सा नियोज्या महासने ॥३४७॥

(अथवा) गाई, हात्ती, घोडा, ऊँट, ढुकुटीको हाकिम बनाओस् । आमा र आमा समानका जो छन् तिनीहरूलाई ठूलो पदवी (मान) मा राखोस् ।

सेनाधिकारे संयोज्या बान्धवाः श्यालकाः सदा ।
स्वदोषदर्शकाः कार्या गुरवः सुहृदश्च ये ॥३४८॥

राजाले आफ्ना बान्धव र सालाहरूलाई सेना (पल्टन) को तैनाथमा नियुक्त गरोस । आफ्नो भूलचूक देखाउन सक्नेलाई गुरुको र मित्रको पदवीमा राखोस् ।

वस्त्रालङ्कारपात्राणां स्त्रियो योज्याः सुदर्शने ।
स्वयम् सर्वं तु विमृशेत्पर्यायेण च मुद्रयेत् ॥३४९॥

लुगा, गहना, भाँडाहरूको राम्रो किसिमको हेरविचारमा स्त्रीजातिलाई नियुक्त गरोस् र सबैमा आफ्नो राजमुद्राले चिनो लगाओस् ।

अन्तर्वेश्मनि रात्रौ वा दिवारण्ये विशोधिते ।
मन्त्रयेन्मन्त्रिभिः सार्धं भाविकृत्यं तु निर्जने ॥३५०॥

रामी दरबारको भित्री भागमा बसेर अथवा दिउँसो जाँचबुझ गरिएको जङ्गलमा एकान्तमा बसी मन्त्रीहरूसँग पछि गरिने कामहरूको सल्लाह गरोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुहृद्भि भ्रातृभिः सार्धं सभार्या पुत्रबान्धवैः ।
राजकृत्यं सेनपै श्च सम्पाद्यै श्चिन्तयेत् सदा ॥३५१॥

मित्र, भाइ, छोरा, बन्धु, सेनापति, सभासद् यिनीहरूले सभामा राजाले गर्नुपर्ने कामको बारेमा विचार गरून् (राजाले पनि तिनीहरूसँग सल्लाह लेओस्)

सभायाम्प्रत्यगर्धस्य मध्ये राजासनं स्मृतम् ।
दक्षसंस्था वाम संस्था विशेषुः पार्श्वकोष्ठगाः ॥३५२॥

सभामा सभा गर्ने ठाउँको पश्चिमपट्टिको ठीक बीचमा राजा बस्ने आसन राख्नू भनिएको छ र राजाका पार्श्ववर्ती जनहरू दायाँ र बायाँतर्फ बसून् ।

पुत्राः पौत्राः भ्रातर श्च भागिनेयाः स्वपृष्ठतः ।
दौहित्रा दक्षभागा तु वामसंस्था क्रमा दिमे ॥३५३॥

छोरा, छोरातर्फका नाति, भाइहरू, भानिज, यिनीहरू (सभामा) राजाका पछाडि बसून् । छोरीतर्फका नातिहरू क्रमशः देब्रेतर्फ रहून् ।

पितृव्याः स्वकुलश्रेष्ठाः सभ्याः सेनाधिपा स्तथा ।
स्वाग्रे दक्षिणभागे तु प्राक्संस्था पृथगासना ॥३५४॥

सेनापति, काका, आफ्ना कुलमा मान्य, सभा-सदस्य, यिनीहरू बेग्ला बेग्लै आसनमा राजाको अगाडि केही दाहिने र पूर्वपट्टि बसून् ।

मातामहकुलश्रेष्ठा मन्त्रिणो बान्धवा स्तथा ।
श्वशुरा श्चैव श्याला श्च वामाग्रे चाधिकारिणः ॥३५५॥

मावलीकुलका मान्यजन, मन्त्री, बन्धु, ससुरा, साला यिनीहरू राजाका देब्रेतर्फ अगाडि (नगीचै) रहून् ।

वामदक्षिणपार्श्वस्थौ जामाता भगिनीपतिः ।
स्वसदृशः समीपे वा स्वार्धासनगतः सुहृत् ॥३५६॥

राजाको देब्रेपट्टि छोरिज्वाई[1] र दाहिनेपट्टि बहिनीज्वाई[2] रहून् । आफूसरहका लागि नगीचमा र आफ्ना मित्रलाई आधा आसनमा राखोस् ।

दौहित्रभागिनेयानां स्थाने स्यु र्दत्तकादयः ।
भागिनेया श्च दौहित्राः पुत्रादि स्थानसंश्रिताः ॥३५७॥

छोरीतर्फको नाति र भानिजका लहरमा दत्तकपुत्रहरू बसून् । भानिज र छोरीतर्फका नाति राजाका छोराहरूका लहरमा बसून् ।

---

1 छोरीको पति   2 बहिनीको पति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यथा पिता तथा चार्यः समश्रेष्ठासने स्थितः ।
पार्श्वयो रग्रतः सर्वे लेखका मन्त्रिपृष्ठगाः ३५८॥

गुरु बाबु जत्तिकै मान्य हुन्छ। अतः जस्तो आसन बाबुको हुन्छ, त्यतिकै दर्जाको आसन र स्थान गुरुको हुन्छ । राजाका अगल-बगलमा केही अगाडि मन्त्रीका पछाडि सम्पूर्ण लेखकहरूको स्थान रहन्छ ।

परिचारगणाः सर्वे सर्वेभ्यः पृष्ठसंस्थिताः ।
स्वर्णदण्डधरौ पार्श्वे प्रवेशनतिबोधकौ ॥३५९॥

जम्मै सेवकवर्ग सबैका पछाडि वसून् । सभाको तत्तत् स्थान निर्देशन गर्ने कोही आएमा राजालाई बिन्ती गर्ने, सुनका लट्ठी लिएका दुई पुरुष राजाका दुई बगलमा रहून् ।

विशिष्टचिह्नयु ग्राजा स्वासने प्रविशेत् सुखम् ।
सुभूषणः सुकवचः सुवस्त्रो मुकुटान्वितः ॥३६०॥

राजा विशेष चिह्न (तक्मा) ले युक्त भएर राम्रा वस्त्र अलङ्कारले सहित कवच र श्रीपेच लगाएर आनन्दपूर्वक आफ्ना आसनमा वसोस् ।

सिद्धास्त्रो नग्नशस्त्रस्सन् सावधानमनाः सदा ।
सर्वस्मादधिको दाता शूरस्त्वं धार्मिको ह्यसि ॥३६१॥
इति वाचम् न श्रृणुया च्छ्रावका वञ्चका स्तु ये ।
रागा ल्लोभा द्भया द्राज्ञः स्यु र्मूका इव मन्त्रिणः ॥३६२॥

अस्त्रहरू चलाउन जान्ने राजा नङ्गा हतियार लिएर सधैं सावधान मन भएर रहोस्। कसैले शूरो दानी तथा धर्मात्मा हुनुहुन्छ भनेर भन्यो भने त्यस्तो कुरा नसुनोस् । सुनाउने जो ठग छन् ती सबै र स्नेहले, लोभले, डरले, चुप लाग्ने मन्त्री (यी आफ्ना हुन् भनो नसम्झनोस्)

नता ननुमतान् विद्या नृपतिः स्वार्थसिद्धये ।
पृथक्पृथङ् मतम् तेषां लेखयित्वा ससाधनम् ॥३६३॥
विमृशेत् स्वमतेनैव यत् कुर्याद बहु सम्मतम् ।
गजाश्वरथपश्वादीन् भृत्यान् दासाँस्तथैव च ॥३६४॥
संभारान् सैनिकान् कार्यक्षमान् ज्ञात्वा दिने दिने ।
संरक्षयेत् प्रयत्नेन सुजीर्णान् सन्त्यजेत् सुधीः ॥३६५॥

राजाले आफ्नू कार्यसिद्धिका निमित्त माथि वताइएका जस्ता मानिसहरूबाट सहयोग नखोजोस्, तर तिनीहरूको विचार क्रमशः लिएर त्यसमा आफूले विचार गरोस् । तिनीहरूले ठीक ठह्याएको कुरा भए पनि आफूले विचार गरोस्। हात्ती, घोडा, रथ, पशु, सेवक, दास, फौजका सामग्री यति कुरा काम दिन सक्ने छन् कि छैनन् भनी प्रतिदिन विचार गरी तिनीहरूको रक्षा गर्दै (पुराना काम दिन नसक्नेलाई) बदल्दै रहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शतक्रोशभवां वार्तां हरेदेकदिनेन वै ।
सर्वविद्याकलाभ्यासे शिक्षये द्भृतिपोषितान् ॥३६६॥

राजाले सय कोससम्मको कुरो १ दिनमा नै थाहा पाओस् । आफ्ना सेवकहरूलाई सबै विद्या र कलामा अभ्यास दिलाई शिक्षित गरोस् ।

समाप्तविद्यं संदृष्टा तत्कार्ये तम् नियोजयेत् ।
विद्याकलोत्तमान् दृष्टा वत्सरे पूजयेच्चतान् ॥३६७॥

विद्या पढिसकेको व्यक्तिलाई जाँचेर त्यसको अनुभव भएको काममा त्यसलाई नियुक्त गरोस् । विद्या र कलामा उत्तम भएका व्यक्तिहरू हेरी वर्ष-वर्षमा सम्मान गरोस् ।

विद्या कलानां वृद्धिःस्यात्तथा कुर्यान्नृपः सदा ।
पृष्ठाग्रगान् क्रूरवेषान्नतिनीतिविशारदान् ॥३६८॥
सिद्धास्त्रनग्नशस्त्रांश्च भटानारान्नियोजयेत् ।
पुरे पर्यटयेन्नित्यं गजस्थो रञ्जयन् प्रजा ॥३६९॥

राजाले सधैं जसरी हुन्छ विद्या र कलाको उन्नति गरोस् । आफ्ना अगाडि-पछाडि रहने मानिसहरू डरलाग्दा वेशभूषा भएका खूब नीतिज्ञ हतियार चलाउन सिपालु र नाङ्गा हतियार लिएका । याने नाङ्गो तरवार तयार पारेका बन्दूकआदि लिएका यस्ता सिपाहीहरू राखोस् । प्रजालाई खुशी पार्नाका निमित्त हात्तीमा चढेर सदा शहर घुमोस् ।

राजयानारूढितः किं राज्ञा श्वान समोपि च ।
शुनासमो न किं राजा कविभिर्भाव्यतेऽजसा ॥३७०॥

जुन राजा आफू हिंड्ने सवारीमा कुकुर अथवा नीच व्यक्ति लिएर हिंड्छ, त्यस्ता लाई कुकुर अथवा नीच व्यक्ति सरहको भनी विद्वानले किन भन्दैनन् ? याने भन्दछन् ।

अतः स्वबान्धवैर्मित्रैः स्वसाम्यप्रापितै गुणैः ।
प्रकृतिभि र्नृपोगच्छे न्ननीचै स्तु कदाचन ॥३७१॥

यस कारण राजाले आफ्ना बन्धुहरू, मित्रहरू र गुणमा आफू समानका व्यक्तिहरूका साथ हिंडोस् । नीचसँग कहिल्यै पनि नहिंडोस् ।

मिथ्यासत्यसदाचारै र्नीचः साधुः क्रमात् स्मृतः ।
स्वादुभ्योऽति स्वमृदुत्वं नीचाः सन्दर्शयन्ति हि ॥३७२॥

झूटो आचरणबाट नीच र सत्य र श्रेष्ठ आचार विचारबाट साधु हुन्छ भनी कहिएको छ । नीच पनि सज्जनका समक्ष शान्तिप्रिय आचरण देखाउँदछन् ।

ग्रामान् पुराणि देशाश्च स्वयं संवीक्ष्य वत्सरे ।
अधिकारिगणैः काश्च रञ्जिताः काश्च कर्षिताः ॥३७३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रजास्तांसा न्तु भूतेन व्यवहारं विचिन्तयेत् ।
नभृत्यपक्षपातिः स्या त्प्रजापक्षम् समाश्रयेत् ॥३७४॥

राजाले प्रतिवर्ष गाउँ, शहर, मुलुक आफैले हेरी जागीरदारवर्गले दुनियाँलाई रिझाएका छन् वा रुताएका छन् त्यो कुरा तिनीहरूको व्यवहारबाट विचार गरोस् र त्यस्तो केही कुरा पर्दा राजाले जागीरदारतर्फ भन्दा प्रजातर्फ नै लाग्नुपर्दछ ।

प्रजाशतेन सन्दिष्टं सन्त्यजेदधिकारिणम् ।
अमात्यमपि संवीक्ष्य सकृदन्यायगामिनम् ॥३७५॥
एकान्ते दण्डयेत् स्पष्टमभ्यासागस्कृतं त्यजेत् ।
अन्यायवर्तिनाम् राज्यं सर्वस्वञ्च हरे न्नृपः ॥३७६॥

राजाले अधिकार दिएर नियुक्त गरेको व्यक्तिले धेरै प्रजालाई दुःखदिएको रहेछ भने त्यसलाई खारेजै गरोस् । पहिलो पटक अन्याय गर्ने मन्त्रीलाई एकान्तमा सम्झाओस् । साबित भएकालाई खारेजै गरोस् सजाय नगरोस् । जानी जानी अन्याय गरिरहने व्यक्तिलाई त त्यसको जो भएको चल-अचल जम्मै सम्पत्ति हरण गरोस् ।

जितानां विषये स्थाप्यम् धर्माधिकरणं सदा ।
भृति न्दद्यान्निर्जितानां तच्चारित्र्यानुरूपतः ॥३७७॥

राजाले आफूले विजय गरेको मुलुकमा धर्मपूर्वकको व्यवहार गरोस् र ती जितीएका मुलुकका जनतालाई उनीहरूको योग्यताअनुसार भत्ता देओस् ।

स्वानुरक्तां सुरूपा ञ्च सुवस्त्रां प्रियवादिनीम् ।
रुभूषणां सुसंशुद्धां प्रमदा शयने भजेत् ॥३७८॥

आफ्ना उपर सच्चा स्नेह गर्ने, राम्री, असल वस्त्र लाएकी, मीठो बोल्ने, राम्रा गहना लाएकी, सफा सुग्घरी यस्ती स्त्रीलाई राजाले रानी बनाओस् ।

यामद्वयं शयानो हि त्वत्यन्तम् सुखमश्नुते ।
नसन्त्यजेच्च स्वस्थानं नीत्या शत्रुगणं जयेत् ॥३७९॥

जो राजा खालि २ प्रहर मात्र सुत्तछ, त्यो राजा सुख पाउँछ । राजाले आफ्नू स्थान सहसा छोड्नु हुँदैन । आफै गएर हैन कि नीतिबाट आफ्ना शत्रुहरूलाई विजय गरोस् ।

स्थानभ्रष्टा नो विभान्ति दन्ताः केशा नखा नृपाः ।
संश्रयेग्दिरिदुर्गाणि महापदि नृपः सदा ॥३८०॥

किनकि आफ्नो ठाउँ छोडेपछि दाँत कपाल, नङ, राजा यति ४ कुराको शोभा हराउँछ । ठूलो आप्रत्ति पर्दा राजाले पर्वत-पर्वतका ओडारको आश्रय गर्नु राम्रो हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तदाश्रया दस्युवृत्या स्वराज्य न्तु समाहरेत् ।
विनाश्रया न्नसिध्यन्ति पण्डिताः वनिता लता ।
विवाहदान यज्ञार्थं विनाप्यष्टांशशेषितम् ॥३८१॥

राजाले उपर्युक्त पर्वत आदिको आड गरेर, हमला गरेर पनि आफ्नो राज्य वढाउनुपर्दछ, किन कि आश्रय बेगर पण्डित, स्त्रीजाति, लहराहरू पनि अड्न सक्तैनन् । यसकारण विवाह, दान, यज्ञका निमित्त राखेको अष्टमांशशेषसम्म पनि नराखी शत्रुको सबै धन लेओस् ।

सर्वत स्तु हरे द्दस्यु रसता मखिलं धनम् ।
नेकत्र संवसे न्नित्यं विश्वसेन्नैव कं प्रति ॥३८२॥
सदैव सावधानः स्या त्प्राणनाशं नचिन्तयेत्
क्रूरकर्मा सदोद्युक्तो निर्घृणो दस्युकर्मसु ॥३८३॥
विमुखः परदारेषु कुलकन्या प्रदूषणे
पुत्रवत्पालिता भृत्याः समये शत्रुताङ्गता ॥३८४॥
नदोषः स्या त्प्रयत्नस्य भागधेयम् स्वयं हि तत्
दृष्ट्वासुविफलम् कर्म तप स्तप्त्वा दिवं व्रजेत् ॥३८५॥

राजाले हरेक उपायबाट चोरको, दुष्ट असत्तीहरूको धन हरण गरोस् । राजा कहिल्यै एकै ठाउँमा नबसोस् र कसैका उपर कहिल्यै पनि विश्वास नगरोस् । सँधैं सावधान रहोस्, मर्दछु भन्ने कुरा न सम्झोस् । सधैं साहसिला काम गर्न तत्पर रहोस्, तथा चोरका उपर दयारहित वनोस्, अर्काका स्त्रीजातिमा कुलीन कन्यासँग कहिल्यै पनि अनुचित सम्बन्ध गर्न नखोजोस् । मौका पाए भने आफैले छोरा जस्ता गरी पालेका सेवकहरू पनि शत्रुतुल्य बन्दछन्, तसर्थ सबैलाई काबूमा राख्ने प्रयत्न गर्नु राजाको जन्मसिद्ध अधिकार मानिएकोछ । यो सबै विचार गरी काम गर्दा पनि नीति विफल हुन लाग्यो भने, बल्ल राजाले तपस्या गरी स्वर्गको मार्ग लिनुपर्दछ ।

उक्तं समासतो राज्यकृत्य मिश्रेऽधिकम् ब्रुवे
अध्यायः प्रथमः प्रोक्तो राजकार्यनिरूपकः

यस प्रकार संक्षेपबाट राजकार्य निरूपण गरिएको शुक्रनीति सारको प्रथम अध्याय समाप्त ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुक्रनीति

दोस्रो अध्याय

यद्यप्यल्पतरं कर्म तदप्येकेन दुष्करम् ।
पुरुषेणा सहायेन किमु राज्यं महोदयम् ॥१॥

जुनसुकै सानोतिनो काम गर्दा पनि खालि एउटै मानिसले गर्नुपर्दा साह्रै कठिन हुन्छ भने, विशाल राज्य-सञ्चालन गर्नाका निमित्त त के भन्नुपर्ला याने राज्य-सञ्चालन गर्दा धेरै जनाको सहयोग चाहिन्छ ।

सर्वविद्यासु कुशलो नृपो ह्यपि सुमन्त्रवित्
मन्त्रिभि स्तु विनामन्त्रम् नैकोर्थं चिन्तयेत् क्वचित् ॥२॥

सवै शास्त्रहरूको अध्ययन गरेको खूव, विचार पुऱ्याउन सक्ने यस्तो राजा छ तापनि मन्त्रीहरूसँग विचार-विमर्श नगरी झट्टपट्ट कुनै पनि काम गरिहाल्छु भन्ने कुरा नगरोस् ।

सभ्याधिकारिप्रकृति सभासत् सुमतेः स्थितः
सर्वदा स्या न्नृपः प्राज्ञः स्वमते न कदाचन ॥३॥

विद्वान् राजाले विचार गर्नुपर्दा बिशिष्ट मानिस, जनता तथा आफ्ना सभामा रहनेहरूको राय के हुन्छ त्यो कुरा सधैं बिचार गरोस् । केवल आफ्ना विचारमा कुनै कुरा आउनासाथ झट्ट त्यो नगरोस् ।

प्रभु स्वातन्त्र्यमापन्नो ह्यनर्थायैव कल्पते
भिन्नराष्ट्रो भवेत्सद्यो भिन्नप्रकृतिरेव च ॥४॥

राजा भएर पनि स्वतन्त्र (आफूले जे मन लाग्यो त्यही गर्ने) भयो भने यो कुरा मुनासिव हुँदैन र चाँडै नै राज्य टुक्रिन्छ र प्रजा पनि भाँडिन्छन् (अतएव राजा पनि नियममा रहनैपर्दछ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरुषे पुरुषे भिन्नं दृश्यते बुद्धिवैभवम्
आप्तवाक्यै रनुभवै रागमै रनुमानतः ।।५।।
प्रत्यक्षेण च सादृश्यैः साहसै श्च चलै र्बलैः
वैचित्र्यम् व्यवहाराणामौन्नत्यम् गुरुलाघवैः ।।६।।
न हि तत् सकलम् ज्ञातुं नरेणैकेन शक्यते
अतः सहायान् वरये द्राजा राज्यविवृद्धये ।।७।।

प्रत्येक मानिसमा भिन्न-भिन्न प्रकारको बुद्धिको प्रभाव रहेको हुन्छ, यथार्थ भन्न सक्ने वक्ताको वचनद्वारा अनुभवद्वारा, शास्त्र तथा अनुमानद्वारा, प्रत्यक्ष देख्नाले, उस्तै किसिमको कुरा देखेर साहस, छल तथा बलले, लामो, छोटो तथा उच्च-नीच इत्यादिले युक्त व्यवहार विचित्र छ। तसर्थ यस्तो व्यवहार अरूको रायसल्लाह नलिई केवल एक व्यक्तिले मात्र सबैकुरा जानिंदैन। तसर्थ राजाले आफ्नो राज्यको उत्तरोत्तर वृद्धिको लागि सहायकहरू वा सल्लाहकार-हरू राखोस।

कुलगुणशीलवृद्धा ञ्छूरान् भक्तान्प्रियम्वदान्
हितोपदेशका न्क्लेशसहान् धर्मरता न्सदा ।।८।।
कुमार्गगम् नृपमपि वुद्धयोद्धर्तुं क्षमा ञ्छुचीन्
निर्मत्सरा न्कामक्रोधलोभहीना न्निरालसान् ।।९।।

राजाले कुलीन, गुणी असल स्वभाव भएका, बूढा, सुरा, भक्त (स्वामिभक्त) प्यारा मीठो वचन भएका, हित उपदेश दिने, दुःख सहन सक्ने, धर्मिष्ट, याने सदा धर्ममा मन दिने, शुद्ध चालचलन भएका, खराब मार्गमा लागेको राजालाई पनि बुद्धिद्वारा असल मार्गमा ल्याउन सक्ने, अभिमान नभएका, काम, क्रोध, लोभ नभएका बडा जाँगरिला यस्ता सल्लाहकार राख्नुपर्दछ।

हीयते कुसहायेन स्वधर्मा द्राज्यतो नृपः
कुकर्मणा प्रनष्टा स्तु दितिजाः कुसहायतः ।।१०।।

खराब सहायक राख्नाले राजा आफ्नो धर्म र राज्यबाट च्युत हुन्छ। अघि दैत्यहरू खराब काम र खराब सहायक राखनाले नै नाश भए।

नष्टा दुर्योधनाद्या स्तु नृपाः शूरा बलाधिकाः
निरभिमानो नृपतिः सुसहायो भवे दतः ।।११।।

सुरा, बलिया पहिलेका दुर्योधन आदि राजाहरू अभिमान र खराब सहायक राख्दा नाश भए। यस कारण राजाले अभिमानी हुनु हुँदैन र असल सहायकयुक्त हुनुपर्दछ।

युवराजोऽमात्यगणो भुजावेतौ महीभुजः
तावेव नयने कर्णौ दक्ष-सव्यौ क्रमात्स्मृतौ ।।१२।।
बाहुकर्णाक्षिहिनःस्या द्विना ताभ्या मतो नृपः
योजये च्चिन्तयित्वातो महानाशाय चान्यथा ।।१३।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युवराजा र मन्त्रीहरू क्रमशः राजाका दाँया-बाँया हात तथा आँखा र कान हुन् । अयः तिनीहरूलाई खूब विचार गरी काममा नियुक्त गर्नुपर्छ। यदि यसो भएन भने तिनीहरू नै राजाको सर्वनाश गर्नें हुन्छन् ।

मुद्रां विनाखिलम् राजकृत्यं कर्तुं क्षमः सदा
कल्पये द्युवराजार्थं मौरसं धर्मपत्निजम् ॥१४॥
स्वकनिष्ठं पितृव्यं वाऽनुजं वाग्रजसम्भवम्
पुत्रम् पुत्रीकृतं दत्तं यौवराज्येऽभिषेचयेत् ॥१५॥

पैसा नभए पनि (बुद्धि-युक्तिबाट) राजाले गर्नुपर्ने काम गर्न सक्ने, खास आफ्नै धर्मपत्नीबाट जन्मेको छोरालाई राजाले युवराज बनाउनुपर्दछ (अथवा त्यस्तो छोरो छैन भने) आफ्नो कान्छो काकाको छोरा अथवा कान्छा भाइको छोरा (यिनीहरू पनि नभए धर्मपुत्र अथवा अरूले दिइएको छोरालाई युवराज पदवीमा नियुक्ति गर्नुपर्छ ।

क्रमादभावे दौहित्रं स्वस्रीयं वा नियोजयेत्
स्वहितायापि मनसा नैतान् सङ्कर्षयेत्क्वचित् ॥१६ ।

माथि बताइएअनुसार यदि कोही पनि छैनन् भने, छोरीको छोरो अथवा भानीजलाई पनि युवराज पदमा अभिषेक गर्नुपर्छ । राजाले जहिले पनि आफ्नो कल्याणका निमित्त यिनीहरू (माथि बताएका नातादारहरू) लाई सधैं खुशी नै राखोस् ।

स्वधर्मनिरता ञ्छूरान् भक्ता न्नीतिमतः सदा
संरक्षये द्राजपुत्रा न्वालानपि सुयत्नयः ॥१७॥

वालकै भए पनि आफ्ना धर्ममा (कर्तव्यकर्ममा तत्पर सुरा, भक्त, नीति जान्ने यिनीहरूलाई राजाले वडो जतनले रक्षा गरोस् ।

लोलुभ्यमाना स्तेऽर्थेषु हन्यु रेन मरक्षिताः ।
रक्ष्यमाणा यदिच्छिद्रम् कथञ्चित् माप्नुवन्ति ते ॥१८॥
सिंहशावा इव घ्नन्ति रक्षितारं द्विपं द्रुतम् ।
राजपुत्रा मदोद्धता गजा इव निरङ्कुशाः ॥१९॥
पितर ञ्चापि निघ्नन्ति भ्रातरं त्वितरम् न किम्
मूर्खो बालो पिच्छतिस्म स्वाम्यं किन्नु पुन र्युवा ॥२०॥

यदि यी राजपुत्रहरूको राम्रो हेरविचार भएन भने सम्पत्तिको लोभमा परी-नगीचमा रहने हुँदा कुनै छिद्र फेला पारी, निरङ्कुश हात्तीले माहुतेलाई झैं, अथवा मत्त भएका सिंहका छाउरा (डमरू) ले हात्तीलाई झैं राजालाई तिनीहरूले नाश गर्दछन् । (अतः तिनी-हरूको संरक्षक भएर वस्ता पनि राजा चनाखो होओस्) किनभने राज्य सम्पत्तिको लोभले गर्दा वाबु भाइलाई समेत मार्नमा उद्यत हुन्छन् भने अरूको के कुरा ? किनकि सानो मूर्ख बालक पनि आफ्नो भनेजस्तो गर्न चाहन्छ भने युवक राजपुत्रको बारेमा के भन्नुपर्छ र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवात्यन्त सन्निकर्षेण राजपुत्रांस्तु रक्षयेत्
सद्भृत्यै श्चापि तत्स्वान्तम् छलैर्ज्ञात्वा सदा स्वयन् ॥२१॥

यस कारण राजाले राजपुत्रहरूलाई आफ्नो ज्यादै नगीचमा राखी, उनीहरूको याद विचार गरोस् । यति मात्र हैनकि आफ्नो हितैषी सेवकद्वारा अथवा स्वय आफू पनि उनीहरूको चालचलन सधैँ विचार गर्दै रहोस् ।

सुनीतिशास्त्रकुशलान् धनुर्वेदविशारदान् ।
क्लेशसहाँ श्च वाग्दण्ड पारुष्यानुभवाँ स्सदा ॥२२॥
शौर्ययुद्धरता न्सर्वकलाविद्याविदोऽञ्जसा
सुविनीता न्प्रकुर्वीत ह्यमात्याद्यै र्नृपः सुतान् ॥२३॥

राजाले योग्य चतुर वाठो मन्त्रीद्वारा नीति-शात्रमा, हातहतियार चलाउनामा, परिश्रम सहन सक्ने, वा दुःख खप्न सक्ने कुरामा, कठोर वचनको अनुभवमा, सुर्‍याइँमा, लड्ने कलामा, अरू (चौँसट्ठी कलायुक्त) विद्यामा ती राजकुमारहरूलाई सबै अनुभव गराई निपुण बनाओस् ।

सुवस्त्राद्यै र्भूषयित्वा लालयित्वा सुक्रीडनैः ।
अर्हयित्वाऽसनाद्यै श्च पालयित्वा सुभोजनैः ॥२४॥
कृत्वा तु यौवराज्यार्हा न्यौवराज्येभिषेचयत् ।
अविनीत कुमारं हि कुलमाशु विनश्यति ॥२५॥

राजाले ती राजकुमारहरूलाई राम्रो लाउन दिएर, असल खान दिएर, सबै खेलवाडहरू सिकाएर, वस्ने वासको प्रवन्ध गरिदिएर, सबै कुरा सिकाएर, युवराजपदवीलाई योग्य बनाइसकेपछिमात्र युवराजपदमा नियुक्त गरोस्, किनकि केही नजान्ने लम्फू राजकुमार भयो भने त्यसको वंश, त्यो र त्यसको राज्य चाँडै नै नाश हुन्छ ।

राजपुत्रः सुदुर्वृत्तः परित्यागम् हि नार्हति ।
क्लिश्यमानः सपितरम् परानाश्रित्य हन्ति हि ॥२६॥

मूर्ख नै भए पनि राजाले आफ्नो छोरालाई त्याग्न हुँदैन, किनकि त्यागेपछि त्यो शत्रुपक्षका राजाहरूसँग मिलेर पहिलेको तिरस्कारको बदला लिने भावनाले आफ्नै बाबुलाई मार्न तत्पर हुन्छ (त्यस कारण राजाले आफ्नो जस्तोसुकै छोरो भए पनि त्याग्न हुँदैन)

व्यसने सज्जमानन्तं क्लेशयेद्व्यसनाश्रयैः ।
दुष्टं गज मिवोद्वृत्तं कुर्वीत सुखबन्धनम् ॥२७॥

यदि राजपुत्र कुसङ्गत (जूवा वेश्या मदिरा) मा लाग्यो भने राजाले त्यो कुसङ्गतको नाइकेलाई सम्झाई त्यसैबाट त्यो बानी छुटाउनुपर्छ, अथवा दुष्ट हात्तीलाई बन्धनले बाँधेझैँ हरेक प्रकारका सुखका सामग्री जुटाई दिएर पनि त्यो बानी छुटाओस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुदुर्वृत्ता स्तु दायादा हन्तव्या स्ते प्रयत्नतः
व्याघ्रादिभिः शत्रुभि र्वा छलै राष्ट्रविवृद्धये ॥२८॥

आफ्नो कुभलोमात्र चिताउने जति अंशियारहरू छन्, तिनीहरूलाई राजाले बडो युक्तिपूर्वक याने सिकार खेल्न लगी बाघबाट, अथवा आफ्ना शत्रुबाट, अथवा कुनै छलबाट मराओस् । किनकि अकण्टक राज्यको प्राप्तिका निमित्त यसो गर्नुपर्दा राजा स्वयं देखा परी यो काम नगरोस् । किनकि आफू देखा पर्दा राजाको बदनामी हुन्छ ।

अतोन्यथा विनाशाय प्रजानां भूपते श्चते
तोषयेयु र्नृपं नित्यम् दायादाः स्वगुणैः परैः ॥२९॥

यस कारण ती अंशियारहरूले आफ्नो र राजा तथा दुनियाँको कल्याणका निमित्त आफ्ना ठूला ठूला गुणहरूले राजालाई सदा खुशीगराएर रहून्, अन्यथा तीन तहको नै कल्याण हुँदैन ।

भ्रष्टा भवन्त्यन्यथा ते स्वभागा ज्जीविता दपि
स्वसापण्ड्य विहीना ये ह्यन्योत्पन्ना नराः खलु ॥३०॥
मनसापि न मन्तव्या दत्तायाः स्वसुता इति
तद्दत्तकत्व मिच्छन्ति दृष्ट्वायं धनिकम् नरम् ॥३१॥
स्वकुलोत्पन्न कन्यायाः पुत्र स्तेभ्यो वरोह्यतः
अङ्गादङ्गात्सम्भवति पुत्रवद्दुहिता नृणाम् ॥३२॥
पिण्डदाने विशेषो न पुत्र दौहित्रयोस्त्वतः
भूप्रजापालनार्थं हि भूपो दत्तन्तु पालयेत् ॥३३॥

ती अंशियारले राजाको भलो चिताउन छोडे भने आफ्नो पाउने अंश र जीवनबाट पनि तिनीहरू वञ्चित हुन्छन् । राजाले सपिण्डीबाहिरका याने तीन पुस्ताबाहिरका दाजु-भाइका छोरालाई दत्तक पुत्र लिनुपर्दा यो मेरो छोरोतुल्य हुन्छ भनेर मनले मनि सम्झन हुँदैन । किनकि धन देखेर छोरो हुन आउने व्यक्ति अर्को धनी मानिस देख्यो भने पनि उसको छोरो हुने इच्छा त्यसलाई हुन्छ । त्यस कारण बरु त्योभन्दा त खास आफ्नी छोरीको छोरो (नाति) दत्तक पुत्र हुनालाई वेश छ, किनकि मानिसको उही नै शरीरबाट छोरो जन्मेजस्तै छोरी पनि जन्मेकी हुन्छे, फेरि पिण्डदानविषयमा पनि आफ्नो छोरो र छोरीपट्टिको छोरो (नाति) मा विशेष भेद छैन भनेको छ । यस कारण राजाले दत्तक पुत्र त केवल राज्य र प्रजाको संरक्षण गर्नाका निमित्त पालोस् ।

नृपः प्रजापालनार्थं सधन श्चेन्नचान्यथा ।
परोत्पन्ने स्वपुत्रत्वं मत्वा सर्वं ददाति तम् ॥३४॥
किमाश्चर्य मतो लोके न ददाति यजत्यपि
प्राप्यापि युवराजत्वं मातनुया द्विकृतिं न च ॥३५॥

दत्तक पुत्र पाल्ने कुरामा राजा धनी छ भने मात्र हो । गरीब राजा भए पाल्नुपर्दैन। त्यो दत्तक पुत्र युवराज भएपछि एउटाका कुलमा उत्पन्न भएर अर्काको सर्वस्व सम्पत्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाउँदा पनि त्यसले प्रशस्त दान गर्न सक्तैन र ठूला ठूला यज्ञयागादि गर्न सक्तैन र युवराजपदमा रहेपछि त्यो पद लायक स्वयं बन्न सक्तैन भने दुनियाँमा यसभन्दा आश्चर्य लाग्ने अरू कुरा केही छैन ।

स्वसम्पत्तिमदान्नैव मातरं पितरं गुरुम् ।
भ्रातरं भगिनीं वापि ह्यन्यान् वा राजवल्लभान् ॥३६॥
महाजनां स्तथा राष्ट्र नावमन्ये न्नपीडयेत् ।
प्राप्यापि महतीं वृद्धिम् वर्तेत पितुराज्ञया ॥३७॥

युवराजले ठूलो ऐश्वर्य श्रीवृद्धियुक्त त्यो पद पाएपछि मुलुकका जनता तथा भद्र व्यक्ति एवं बाबु, आमा, गुरु भाइहरू, बहिनीहरू अरू राजाका (आफ्ना बुवाका) प्यारा भएका मानिस यिनीहरूलाई अपमान नगर्नू, साथै यिनीहरूलाई दुःख पनि दिनु हुँदैन । र आफ्ना पिताको आज्ञानुसार चल्नुपर्दछ ।

पुत्रस्य पितु राज्ञापि परमं भूषणं स्मृतम् ।
भार्गवेण हता माता राघव स्तु वनं गतः ॥३८॥

बाबुको आज्ञा शिरोपर गर्नु नै छोराको ठूलो आदर्श अथवा गहना हो भनेको छ। किनकि आफ्ना पिताको आज्ञाबाट नै परशुरामले आफ्नी आमा (रेणुका) को शिरच्छेदन गरे । त्यस्तै दशरथको आज्ञापालन गरी रामचन्द्र वनमा गए ।

पितु स्तपोबला त्तौतु मातरं राज्यमापतुः ।
शापानुग्रहयोः शक्तो य स्तस्याज्ञा गरीयसी ॥३९॥

तर पछि उनीहरूले आफ्ना आमा र आफ्नो राज्य पनि उनैका पिताजीका वरदानबाट प्राप्त गरे । अतः सराप दिन र त्यसको कल्याण पनि गर्न सक्ने याने आशीर्वाद पनि दिन सक्ने याने विग्रह र अनुग्रह गर्न सक्ने जो छ, त्यसको आज्ञा अझ ठूलो मानिएको छ ।

सोदरेषु च सर्वेषु स्वस्याधिक्यं नदर्शयेत् ।
भागार्हं भ्रातृणाम् नष्टो ह्यवमानात् सुयोधनः ॥४०॥

(युवराजले) आफ्ना भाइहरूमा तिमीहरूभन्दा म विशेष ठूलो छु भन्ने अभिमान नदेखाओस्। किनकि आफूसमानका भाइहरूमा यही अभिमान देखाउँदा दुर्योधन नाश भए ।

पितु राज्ञोल्लङ्घनेन प्राप्यापि पद मुत्तमम्
तस्माद्भ्रष्टा भवन्तीह दासव द्राजपुत्रकाः ॥४१॥

बाबुको आज्ञा उल्लङ्घन गर्नाले ठूलो पद प्राप्त गरेका राजकुमारहरू पनि सेवक (स्वामीको आज्ञा नमान्ने सेवक) झैँ त्यस पदबाट च्युत हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ययाते श्च यथा पुत्रा विश्वामित्रसुता यथा
पितृसेवापर स्तिष्ठेत् कायवाङ्मानसैः सदा ॥४२॥

जस्तो ययाति राजा र विश्वामित्र ऋषिका छोराहरू पितृभक्त थिए त्यस्तै राजकुमारहरू पनि शरीरले, वचनले, मनले सदा पितृभक्त हुनैपर्छ ।

तत्कर्म नियतं कुर्यात् येन तुष्टो भवेत् पिता
त न्नकुर्या द्ये न पिता मनागपि विषीदति ॥४३॥

छोरो भएर जसो गर्दा बाबु खुशी रहन्छन्, त्यो कुरा नियमपूर्वक गरोस् तथा जुन काम गर्दा अलिकति पनि बाबुको चित्त दुख्तछ, त्यस्तो काम कहिल्यै पनि नगरोस् ।

यस्मिन् पितु र्भवेत्प्रीतिः स्वयं तस्मिन् प्रियं चरेत्
यस्मिन् द्वेषं पिता कुर्यात् स्वस्यापि द्वेष्य एव स ॥४४॥

जुन काममा बाबुको प्यार छ, त्यसमा आफ्नो पनि प्रेम बसालोस् । तथा जुन काममा बाबुको मन नपर्ने प्रवृत्ति छ, त्यो कुरा आफ्नो पनि मन नपर्ने बनाओस् ।

असम्मतं विरुद्धं वा पितु र्नैव समाचरेत्
चारसूचकदोषेण यदि स्या दन्यथा पिता ॥४५॥

कुनै सेवकले, अथवा छुस्के दुर्जनको कुराले गर्दा बाबुको प्रवृत्ति अर्कै भएको भए पनि सत्पुत्रले आफ्ना बाबुका विरुद्ध र सम्मति नभएको कुरा गर्दै नगरोस् ।

प्रकृत्यनुमतम् कृत्वा तमेकान्ते प्रबोधयेत्
अन्यथा सूचकान्नित्यम् महद्दण्डेन दण्डयेत् ॥४६॥

कानेखुसीवाट बाबु-विरुद्ध मार्गगामी भए भने उनलाई त्यस छोराले एकान्तमा राम्रो तरीकावाट सम्झाओस् । त्यस्ता नहुँदो भन्ने चरहरूलाई ठूलो सजायवाट दण्ड देओस् ।

प्रकृतिनां च कपटैः स्वान्तं विद्या त्सदैव हि ।
प्रात.र्नत्वा प्रतिदिनं पितरं मातरं गुरुम् ॥४७॥
राजानं स्वकृतं यद्यन्निवेद्यानुदिनंततः
एवं गृहाविरोधेन राजपुत्रोवसेद्गृहे ॥४८॥

निहुँ, छलकपटले भए पनि, दुनियाँहरूको भित्री अभिप्राय के छ, त्यो सबै यथार्थ ज्ञान गर्दै, दिन-दिनै बिहान बाबु, आमा तथा गुरुलाई नमस्कार गर्दै, राजा अथवा आफ्ना बाबुलाई आफूले दिउँसो गर्ने काम सबै विन्ती गरी, घरमा सबैसँग मेलमिलाप गरी यस प्रकार राजकुमारले रहनुपर्दछ ।

विद्यया कर्मणा शीलैः प्रजाः संरञ्जयन् मुदा
त्यागी च सत्त्वसम्पन्नः सर्वान् कुर्या द्वशे स्वके ॥४९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्याले, कामले, शील-स्वभावले प्रजालाई खुशी गराउँदै त्याग तथा शौर्य आदि पराक्रमले युक्त भएर सबै प्रजालाई आफ्नू वशमा ल्याओस् ।

शनैः शनैः प्रवर्धेत शुक्लपक्षमृगाङ्कवत् ।
एवं वृत्तो राजपुत्रो राज्यं प्राप्याप्यकण्टकम् ॥५०॥
सहायवान् सहामात्य श्चिरं भुङ्क्ते वसुन्धराम् ।
समासतः कार्यमुक्तं युवराज स्य तद्धितम् ॥५१॥

यस्ता प्रकारबाट विस्तार-विस्तार शुक्लपक्षका चन्द्रमा झैं समृद्धि गर्दै रहने राजकुमार अकण्टक राज्य प्राप्त गरेर सहायक तथा मन्त्रीहरूसहित भई धेरै समयसम्म राज्यको भोग गर्दछ । यस प्रकार युवराजका उनलाई हित हुने कामहरू संक्षेपबाट भनिएको छ ।

समासा दुच्यतेकृत्य ममात्यादे श्च लक्षणम्
मृदुगुरुप्रमाणत्ववर्ण शब्दादिभिः समम् ।।५२।।
परीक्षकै र्द्रावयित्वा यथा स्वर्णं परीक्ष्यते
कर्मणा सहवासेन गुणैः शीलकुलादिभिः ।।५३।।
भृत्यं परीक्षयेन् नित्यं विश्वास्यं विश्वसे त्तदा
नैव जाति र्न च कुलं केवलं लक्षये दपि ।।५४।।
कर्मशीलगुणाः पूज्या स्तथा जातिकुले न हि
नजात्या नकुलेनैव श्रेष्ठत्वं प्रतिपद्यते ।।५५।।

अब छोटकरीमा मन्त्रीहरूले गर्ने काम र तिनीहरूको लक्षण वर्णन गरिन्छ । कोमल, गहिरो, प्रामाणिक, शब्द र वर्णहरूले तौलिएको, याने जुन वखतमा जस्तो चाहिन्छ त्यस्तै मन्त्रीहरूको बोली-वचन हुनुपर्छ । जस्तो आगोमा खारेर सुनको परीक्षा गरिन्छ, त्यसरी कामले आफ्ना नगीचमा राखेर, सहवासले, गुणहरूबाट, शील-स्वभाव तथा वंशपरंपराबाट पनि, मन्त्री तथा अन्य सेवकको परीक्षा गरिरहनुपर्दछ । यति गर्दा जसको विश्वास लिन सकिन्छ, त्यसको मात्र विश्वास लिनुपर्छ । यति नगरी केवल जाति र कुलबाट मात्र कसैको विश्वास गर्नु हुँदैन । व्यवहारमा जस्तो काम, शील-स्वभाव, गुणहरूको कदर हुन्छ, त्यस्तो खालि जाति (ब्राह्मण आदि) कुलबाट मात्र विश्वास गर्न सकिन्न । किनकि कुलमा अकुलीन पनि जन्मन सक्तछन् ।

विवाहे भोजने नित्यं कुलजाति विवेचनम् ।
सत्यवान् गुणसम्पन्न स्तथाभिजनवान् धनी ॥५६॥
सुकुल श्च सुशील श्च सुकर्मा च निरालसः ।
यथा करोत्यात्मकार्यं स्वामिकार्यं ततोऽधिकम् ।।५७।।

विवाह र भोज-भतेर खुवाउँदा सर्वदा कुल र जातिको याद राख्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विशेष गरेर साँचो बोल्ने, गुणी, धेरै परिवार भएको, धनी, कुलीन, राम्रो शील, स्वभाव भएको, राम्रो काममा लागेको र बडा जाँगरिलो यस्तालाई राम्रो गरी आदरपूर्वक भोजन गराउनुपर्दछ। सेवकले काम गर्दा आफ्नो काम गर्दा जस्तो जाँगर लगाएर काम गर्दछ, त्यसभन्दा बढी स्वामीको काम गर्दा बढ्ता मन दिनुपर्छ।

चतुर्गुणेन यत्नेन कायवाङ् मानसेन च ।
भृत्या च तुष्टो मृदुवाक् कार्यदक्षशुचि र्दृढः ॥५८॥
परोपकरणे दक्षो ह्यपकारपराङ्मुखः ।
स्वाम्यागस्कारिणं पुत्रं पितर ञ्चापि दर्शकः ॥५९॥
अन्यायगामिनि पतौ ह्यतद्रूपः सुबोधकः ।
नो क्षमार्तादूगरं काञ्चित्तन्न्यूनस्या प्रकाशकः ॥६०॥
अदीर्घसूत्रः सत्कार्ये ह्यसत्कार्ये चिरक्रियः ।
नतद्भार्या पुत्रमित्र च्छिद्रदर्शी कदाचन ॥६१॥
तद्वद् बुद्धिस्तदोयेषु भार्या पुत्रादि बन्धुषु ।
नश्लाघते स्पर्धते न नाभ्यसूयति निन्दति ॥६२॥
नैच्छत्यन्याधिकारं हि निः स्पृहो मोदते सदा ।
तद्दत्तवस्त्रभूषादि धारक स्तत्पुरो निशम् ॥६३॥
भृतितुल्यव्ययो दान्तो दयालुः शूर एव हि ।
तदकार्यस्य रहसि सूचको भृतको वरः ॥६४॥

सेवकले स्वामीको काम गर्दा शरीर, मन, वचनले जस्तो आफ्नो काम गर्दछ, त्यसको चौबर मन दिएर गर्नुपर्छ र पाएको तलबमा सन्तुष्ट हुने, मीठो बोली भएको, काममा खूब बाठो, सधैं सफा रहने, नीरोगी, बलियो, सदा अरूको उपकार गर्ने, कसैको अपकार नगर्ने, स्वामीको विरुद्ध जाने आफ्ना बाबु वा छोरालाई पनि सम्झाई बुझाई, तहलाउन सक्ने, आफ्ना स्वामीले न्यायको बाटो छोडेमा यसो गर्न त मुनासीब हुँदैन भनी न्याय मार्गमा प्रवृत्त गराउने, न्यायी, स्वामीको वचन नकाट्ने, तर क्वै तलमाथि पर्न लाग्दा सम्झाउन वा असल राय-सल्लाह दिन सक्ने, आइपरेको राम्रो काम तुरुन्त गर्ने, तर खराब काम गर्न परिहाल्यो भने आलेटाले गरि टार्न सक्ने, आफ्ना स्वामीको, उनकी पत्नी तथा उनका छोराको, कुनै दोष भए त्यसलाई राम्रोसँग ढाकछोप गर्न सक्ने, परिआए स्वामीकी पत्नी अथवा भाइ-छोराहरूमा उनले जस्तो व्यवहार गर्थे, त्यहीअनुसार व्यवहार गर्न सक्ने, धेरै ठूलो नहुने, याने गजक्क नपर्ने, घमण्ड नगर्ने आफै मपाइं नभएको, अर्काको निन्दा नगर्ने, अर्काले पाएको अधिकार मैले पाए हुँदो हो भनी नभन्ने, मालिकले दिएका चीजबीजहरू श्रद्धापूर्वक लगाउने, याने स्वामीबाट पाएका वस्त्रआदि चीजहरू रातोदिन स्नेहपूर्वक लगाउने, आफ्नू आयस्ताअनुसार मात्र खर्च गर्ने, बाठो, चतुरो, दयालु, मालिकले कुनै गर्न नहुने काम गर्न लागे भने एकान्त मागी त्यसमा मात्र तत्त्व कुराको निवेदन गर्ने, अर्थात् यस्तो गर्न हुन्न भनी सबैका समक्ष नभन्ने, यी गुणहरू जसमा छन्, त्यो सेवक उत्तम भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विपरीत गुणै रेभिर्भृतको निन्द्य उच्यते
ये भृत्या हीनभृतिका ये दण्डेन प्रकर्षिता ॥६५॥
शठा श्च कातरा लुब्धाः समक्षे प्रियवादिनः
मत्ता व्यसनिन श्चार्ता उत्कोचेष्टाश्च देविनः ॥६६॥
नास्तिका दाम्भिका श्चैव सत्यवाचोभ्यसूयका
ये चापमानिता येऽसद्वाक्यै र्मर्मणि भेदिताः ॥६७॥
चण्डाः साहसिका धर्महीना नै ते सुसेवकाः
संक्षेपत स्तु कथितं सदसद्भृत्यलक्षणम् ॥६८॥

माथि वताइएका गुणहरू नभएको सेवक नीच भनी मानिएको छ । जागिर खोसिएको, खराब काम गरी सजाय पाएको, वा बात लगाइएको, मूर्ख, कातर, लोभी मात्तिएको, खराब व्यसनमा फँसेको, गरीप, घूस खाने, जूवा खेल्ने, परलोक नमान्ने, अभिमानी,[3] साँचो बोल्नेलाई मन नपराउने, जो समाजबाट ज्यादा अपमानित भएको रूखो वचन बोल्ने, अर्कालाई मर्म पार्ने, रिसाहा, विचार नपुर्‍याई झट्ट काम गर्ने, पापी, यस्ता सेवक अधम हुन् भनी जान्नू । यस प्रकार नीतिमा असल र खराब सेवकको वर्णन गरिएको छ ।

समासतः पुरोधादि लक्षणं यत्त दुच्यते
पुरोधा च प्रतिनिधिः प्रधानसचिव स्तथा ॥६९॥
मन्त्री च प्राड्विवाक श्च पण्डित श्च सुमन्त्रकः
अमात्यो दूत इत्येता राज्ञः प्रकृतयो दशः ॥७०

अब संक्षेपले राजाका पुरोहित आदि पार्श्ववर्त्ती १० जनाको लक्षण वर्णन गरिन्छ । १ पुरोहित (पुरेत) २ पुरोहितको प्रतिनिधि (उनको सट्टामा काम गर्ने व्यक्ति) ३ प्रधानमन्त्री, ४ मन्त्री, ५ न्यायाधीश वा वकिल, ६ पण्डित, ७ सल्लाह दिने व्यक्ति, ८ सचिव (सेक्रेटरी), ९ दूत हजूरिया वा (गुप्तचर), १० कायम मुकायम प्रधानमन्त्री, यस प्रकार राजाका पार्श्ववर्त्ती जन १० प्रकारका हुन्छन् ।

दशमांशाधिकाः पूर्वं दूतान्ताः क्रमशः स्मृताः
अष्टप्रकृतिभि र्युक्तो नृपः कैश्चित्स्मृतः सदा ॥७१॥
सुमन्त्रः पण्डितो मन्त्री प्रधानसचिव स्तथा
अमात्यः प्राड्विवाक श्च तथा प्रतिनिधिः स्मृतः ॥७२॥
एताभृति समात्वष्टौ राज्ञः प्रकृतयः सदा
इङ्गिताकारतत्वज्ञो दूत स्तनुदगः स्मृतः ॥७३॥

कुनै ऋषिको विचार यो छ कि माथि भनिएका गुरु वा पुरेतदेखि लिएर दूतसम्मका जो १० ओटा अनुचर छन्, तिनीहरूको तलब क्रमशः दशांशको फरक गरिदिनुपर्दछ

---

१ कुनै नीतिकार यी १० प्रकृतिमा कायम मुकायम प्रधानमन्त्रीको सट्टा आचार्य (गुरु) लाई मान्दछन् कसैको यो भनाइ छ कि तेस्रो दर्जामा प्रधानलाई नियुक्त गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(गुरुको दशांश घटी पुरेतको, त्यस्तै पुरेतको दशांश घटी प्रधान मन्त्रीको । यसै क्रमानुसार गर्नुपर्दछ । तर कसैको यो पनि राय छः १ श्रेष्ठ मन्त्री वा प्रधान सल्लाहकार, २ पण्डित, ३ मन्त्री, ४ प्रधानमन्त्री, ५ सचिव (सेक्रेटरी), ६ अमात्य (देश, काल जान्ने व्यक्ति) ७ न्यायाधीश, ८ प्रतिनिधि (यिनीहरूको सट्टा काम गर्ने व्यक्ति) यी ८ जना नै राजाका प्रकृति हुन् र यिनीहरूको समान तलव हुनुपर्दछ । राजाको खास पार्श्वचर (हजूरिया) त्यो नै लायक हुन्छ, जसले चेष्टा र आकारबाटै राजाको अभिप्राय बुझ्न सक्तछ ।

पुरोधाः प्रथमं श्रेष्ठः सर्वेभ्यो राजराष्ट्रभृत्
तदनु स्यात्प्रतिनिधिः प्रधान स्तदनन्तरम् ॥७४॥
सचिव स्तु ततः प्रोक्तो मन्त्री तदनु चोच्यते
प्राड्विवाक स्ततः प्रोक्तः पण्डित स्तदनन्तरम् ॥७५॥
सुमन्त्रस्तु ततःख्यातो ह्यमात्या स्तु ततः परम्
दूत स्ततः क्रमा देते पूर्वश्रेष्ठा यथा गुणाः ॥७६॥

राज्यको खूब विचार गरिरहने हुँदा ती १० प्रकृतिमा पुरेतको स्थान पहिलो मानिएको छ, त्यसपछि सचिव, त्यसपछि मन्त्री, अनि न्यायाधीश, अनिपछि पण्डित, त्यसपछि श्रेष्ठ मन्त्री, त्यसपछि अमात्यको र त्यसपछि दूत (हजूरिया) को स्थान रहन्छ, किनभने यिनीहरूको योग्यता र बुद्धि पनि गुणअनुसार नै भएकाले यिनीहरूको क्रमशः यसरी स्थानमान तोकिएको छ ।

मन्त्रानुष्ठानसम्पन्न स्त्रैविद्यः कर्मतत्परः
जितेन्द्रियो जितक्रोधो लोभमोहविवर्जितः ॥७७॥
षडङ्गवि त्साङ्गधनुर्वेदवि च्चर्थधर्मवित्
यत्कोपभीत्या राजापि धर्मनीतिरतो भवेत् ॥७८॥
नीतिशास्त्रास्त्र व्यूहादि कुशल स्तु पुरोहितः
सैवाचार्यः पुरोधा यः शापानुग्रहयोः क्षमः ॥७९॥

मन्त्र र त्यसको अनुष्ठान गर्ने कुरामा कुशल, वेदत्रयी जान्ने, कर्मिष्ठ, इन्द्रियहरू जितेको, लोभ र रिस यी दुवैलाई जितेको, मोह नभएको वेदका ६ अङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष) जान्ने, धनुर्विद्या जान्ने, धर्मको वास्तविक तत्त्व बुझेको, नीतिशास्त्र र अस्त्र विद्यामा पारङ्गत भएको, व्यूह (मोर्चा) रचन जान्ने यस्तो व्यक्ति पुरोहित पदमा नियुक्त गर्न लायक हुन्छ । आचार्य र पुरोहित यी दुवै सराप दिन र सराप मोचन गर्न सक्ने शक्ति भएका हुनुपर्दछ ।

विनाप्रकृतिसन्मन्त्राद्राज्यनाशो भवेन्मम
निरोधनं भवेदेवं राज्ञ स्ते स्युः सुमन्त्रिणः ॥८०॥

प्रजाहरूको सम्मतिवेगर जबर्जस्ती काम गर्दा राजाको राज्य नाश हुन्छ र साथै राजाको उपर विरुध्द (विद्रोह) आइपर्दछ । त्यस्तो समय उपस्थित भएमा राजालाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मौकाअनुसारको सल्लाह दिन सक्ने जो व्यक्ति छन्, तिनीहरू सच्चा मन्त्री हुन् भनी मानिएको छ ।

नविभेति नृपो येभ्य स्तै किंश्याद्राज्यवर्धनम्
यथालङ्कार वस्त्राद्यैः स्त्रियो भूष्या स्तथा हि ते ॥८१॥

योग्य सल्लाहकार व्यक्तिको राय नलिने राजाको राज्यको उन्नति हुँदैन, तसर्थ जसरी स्त्रीजातिलाई गहना-लुगाहरूले राम्रो गरिन्छ, त्यसरी नै ती विद्वान् योग्य व्यक्तिहरूलाई राजाले सम्मान र पदवीहरूले सन्मान गर्नुपर्छ ।

राज्यं प्रजा बलं कोशः सुनृपत्वं नवर्धितम्
यन्मत्रतो रिनाश स्तै र्मन्त्रिभिः किं प्रयोजनम् ॥८२॥

जुन मन्त्रीहरूको राय सल्लाहबाट मुलुक, त्यसको जनता, फौज खजाना(सम्पत्ति) राजाको कीर्ति, शत्रुनाश गर्ने कामहरू सफल हुँदैनन् भने त्यस्ता मन्त्रीको केही प्रयोजन छैन ।

कार्याकार्यप्रविज्ञाता स्मृतः प्रतिनिधि स्तु सः
सर्वदर्शी प्रधान स्तु सेनावित् सचिव स्तथा ॥८३॥

कृत्याकृत्यको विवेचना गर्न सक्ने व्यक्तिलाई प्रतिनिधि भनिन्छ । त्यस्तै राजाका सबै कामहरूको कहाँ भइरहेको छ भनी विचार गर्ने व्यक्ति प्रधान भनिन्छ र सेना (फौज) को याद-विचार गर्ने व्यक्ति सचिव भनी मानिएको छ ।

मन्त्री तु नीतिकुशलः पण्डितो धर्मतत्त्ववित्
लोकशास्त्रनयज्ञ स्तु प्राड्विवाकः स्मृतः सदा ॥८४॥

नीतिमा चतुरो व्यक्ति मन्त्री भनिन्छ । धर्मको यथार्थ तत्त्व जान्नेलाई पण्डित र लोकाचारको नीतिमा निपुण जुन व्यक्ति छ त्यसलाई प्राड्विवाक भनी नीतिशास्त्रमा मानिएको छ ।

देशकालप्रविज्ञाता ह्यमात्य इति कथ्यते ।
आयव्ययप्रविज्ञाता सुमन्त्रः स च कीर्तितः ॥८५॥

देश काललाई विचार राख्ने व्यक्ति अमात्य र आयव्ययको याद राख्ने व्यक्ति सुमन्त्र हो भनी कहिएको छ ।

इङ्गिताकारचेष्टज्ञः स्मृतिमान् देशकालवित् ।
षाड्गुण्यमन्त्रवि द्वाग्मी वीतभी र्दूत इष्यते ॥८६॥

इशाराबाट नै इच्छालाई बुझ्न सक्ने, बलियो स्मृति भएको, देशकाल याने मौकाको याद राख्न सक्ने, छ गुणको प्रयोग गर्न जान्ने, वक्तृता शक्ति भएको, सुरो यस्तो व्यक्ति दूत (हजुरिया) भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अहितञ्चापि यत् कार्यं सद्यः कर्तुं यदौचितम् ।
अकर्तुं यद्धितमपि राज्ञः प्रतिनिधिः सदा ॥८७॥
बोधयेत् कारयेत् कुर्या न्नकुर्या न्नप्रबोधयेत्
सात्यं वा यदि वासत्ये कार्यजातञ्च यत् किल ॥८८॥

राजाको प्रतिनिधि पदवीमा रहेको व्यक्तिले यसो गर्दा राजालाई खराब हुन्छ र यो तुरुन्त गर्नुपर्ने हो र यो गर्ने हुँदैन भन्ने कुराको खूब याद गर्न सक्ने हुनुपर्छ र राजाको असल हुने कुरा प्रचारमा ल्याउनुपर्दछ, खराब कुरा पर्न आएमा त्यसलाई सकभर टार्नुपर्दछ र प्रचारमा ल्याउनु हुँदैन । भइसकेका र हुने यस्ता कुरालाई प्रतिनिधिले यसरी विचार गर्नुपर्छ ।

सर्वेषां राजकृत्येषु प्रधान स्तद्विचिन्तयेत् ।
गजाना ञ्च तथाश्वानां रथानां पदगामिनाम् ॥८९॥
सद्दढानां तथोष्ट्राणां वृषाणां सद्य एव हि ।
वाद्यभाषासु सङ्केतव्यूहाभ्यसनशालिनाम् ॥९०॥
प्राक्प्रत्यग्गामिनां राज्यचिह्नशस्त्रास्त्रधारिणाम् ।
परिचारगणानां हि मध्यमोत्तमकर्मणाम् ॥९१॥
अस्त्राणा मस्त्रपातीनां सद्यस्त्वं तुरगीगण : ।
कार्य क्षमश्च प्राचीनः साधस्क कति विद्यते ॥९२॥
कार्या समर्थः कत्यस्ति शस्त्रगोलाग्निचूर्णयुक् ।
सांग्रामिक श्च कत्यस्ति सम्भार स्तान् विचिन्त्य च ॥९३॥
सचिव श्चापि तत्कार्यं राज्ञे सम्यङ्निवेदयेत् ।

प्रायशः राजाले गरिने धेरै कामहरूको साथै प्रधान पदवीमा रहेको व्यक्तिले हात्तीको, घोडाको सवारी (अघिको समयमा र रथ वर्तमान समयमा मोटर, जहाज आदि) को, पैदल सेनाको, बलवान् ऊँट तथा बयलहरूको, राजाको सेनामा बजाइने बाजाहरूको तथा तिनीहरूको लिपि तथा सङ्केतको, व्यूहरचना याने मोर्चाबन्दी गर्ने कामको, राजाका पूर्व-पश्चिम याने अगाडि-पछाडि रहने व्यक्तिहरूको आफ्नो राज्यको चिह्न याने ध्वजा कस्तो बनाउनु ठीक पर्ला भन्ने कुराको र शस्त्र, अस्त्र धारण गर्ने व्यक्तिहरूको, उत्तम, मध्यम, निम्न तीन थरीका सेवकहरू के के गर्छन् भनी विचार गर्ने कुराको, हतियारहरू सफा गर्ने र ठीक तयार छन् वा छैनन् भन्ने कुराको, र तिनलाई सफाराख्ने र हेरविचार पुऱ्याउने व्यक्तिहरूको र घोडाहरू बदली नयाँ-नयाँ गर्ने व्यवस्थाको, सयस र अरू कर्मचारीहरू कति पुराना छन् र कति नयाँ भर्ना भए भन्ने कुराको, काम गर्न नसक्ने कर्मचारीहरू कति छन् हातहतियार, गोला बारूद कति छ, लड्नलाई तयारी फौज कति छ र लडिहाल्नुपऱ्यो भने त्यसको तयारी सामान कति छ भन्ने कुरा प्रधानले हेर्नुपर्छ र यो यति यस प्रकार छ भनी सचिवले राजालाई बिन्ती गर्नुपर्छ ।

सामदानञ्च भेदश्च दण्डः केषु कदा कथम् ॥९४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्तव्यः किं फलं तेभ्यो बहु मध्यं तथाल्पकम् ।
एतत् सञ्चिन्त्य निश्चित्य मन्त्री सर्वं निवेदयेत् ॥९५॥

साम, दान, भेद, दण्ड यी ४ नीति कस्ता व्यक्तिहरूलाई कहिले प्रयोग गर्नुपर्छ र त्यो प्रयोग गर्दा कस्तो परिणाम तिनीहरूबाट निस्कन्छ । उत्तम, मध्यम, अधम तीन किसिमका परिणम विचार गरी मन्त्रीले राजालाई विन्ती चढाउनुपर्दछ ।

साक्षिभि र्लिखितै र्भोगै श्छलभूतै श्च मानुषान् ।
स्वानुत्पादितसंप्राप्तव्यवहारान् विचिन्त्य च ॥९६॥
दिव्यसंसाधनान् वापि केषु किं साधनं परम्
युक्तिप्रत्यक्षानुमानोपमानैर्लोकशास्त्रतः ॥९७॥
बहुसम्मतसंसिद्धान् विनिश्चित्य सभास्थितः ।
ससभ्यप्राड्विवाक स्तु नृपं संबोधयेत् सदा ॥९८॥

न्यायाधीशले झगडा हेर्दा साक्षी, कागज, भोग-चलन, जवर्जस्ती भोग-चलन गरेको हो वा नियमले हो, त्यो र वरिपरिका मानिसँग आफैले कमाएको वा आइपरेको हो त्यो र मुख्य साधन (प्रमाण) हरू के के छन्, यी सबै बुझी सभा बोलाई बहुसम्मतिबाट ठहऱ्याई सभासदस्यसहितको त्यो ठहर राजाकहाँ पेश गर्नुपर्छ ।

वर्तमाना श्च प्राचीना धर्माः के लोकसंश्रिताः ।
शास्त्रेषु के समुद्दिष्टा विरुध्यन्ते च केऽधुना ॥९९॥
लोकशास्त्र विरुद्धाः के पण्डित स्तान् विचिन्त्य च ।
नृपं संबोधये त्तै श्च परत्रेह सुखप्रदैः ॥१००॥

पहिले धर्म कस्तो थियो, अहिले कस्तो छ, दुनियाँ कता लागेको छ, शास्त्रले कुन धर्मलाई प्रतिपादन गरेको छ, हालको धर्मव्यवस्था शास्त्रसँग कत्तिको विरुद्ध छ, त्यो धर्म लोकाचारसँग कत्तिको विरुद्ध छ यो सबै खूब विचार गरी यो लोक र परलोक नबिग्रने गरी पण्डितले धर्मशास्त्रको तत्त्व राजालाई बुझाउनुपर्दछ ।

इयच्च सञ्चितं द्रव्यं वत्सरेऽस्मिन् तृणादिकम् ।
व्ययीभूत मियच्चैव शेषम् स्थावरजङ्गमम् ॥१०१॥
इय दस्तीति वै राज्ञे सुमन्त्रो विनिवेदयेत् ।
पुराणि च कतिग्रामा अरण्यानि च सन्ति हि ॥१०२॥
कर्षिता कति भूः केन प्राप्तो भाग स्ततः कति ।
भागशेषं स्थितं तस्मिन् कत्यकृष्टा च भूमिका ॥१०३॥
भागद्रव्यं वत्सरेऽस्मिन् शुल्कदण्डादिजं कति ।
अकृष्टपच्यं कति च कति चारण्यसंभवम् ॥१०४॥
कति चारकसञ्ज्ञातम् निधिप्राप्तं कतीति च ।
अस्वामिकं कति प्राप्तं नाष्टिकम् तस्कराहृतम् ॥१०५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सञ्चितं तु विनिश्चित्या मात्यो राज्ञे निवेदयेत् ।
समासा त्लक्षणं कृत्यं प्रधानदशकस्य च ॥१०६॥

राजाको अमात्य (देशकाल जानेर काम गर्ने व्यक्ति) ले अहिले ढुकुटीमा यति धन छ, यस वर्षमा चल वस्तुबाट यति भयो, जम्मा यतिमा यति खर्च भयो, यति बाँकि छ यस प्रकार चल-अचल यति जम्मा धन छ भनी सुमन्त्रले राजालाई बिन्ती गर्नुपर्दछ। त्यस्तै राज्यमा यति शहर छन्, यति गाउँ छन्, यति वन छ, कसले कति जमीन जोतेको छ, त्यसबाट त्यसले कति पाउँछ, कति बचोट हुन्छ, बाँझो जमीन कति छ, दण्ड-जरीवानाबाट यस वर्षमा कति आमदानी भयो, नजोतीकन उत्पन्न हुने वस्तु (फल)हरूबाट कति आमदानी भयो, वन-जङ्गल तथा जडीबूटीबाट कति आय भयो, त्यस्तै खानीहरूबाट कति फाइदा भयो, अरू कति खानीहरू फेला परे, वेवारिसी सम्पत्ति कति प्राप्त भयो र चोरीबाट कति सम्पति नाश भयो, यो सबै यथार्थ बुझी, जानी अमात्यले राजालाई बिन्ती छढाउनुपर्दछ यस प्रकार राजाका समीपवर्ती प्रधानआदि १० पदवीका मुख्य काम नीतिशास्त्रमा यस प्रकार निर्णय गरिएको छ ।

उक्तं तल्लिखितैः सर्वं विद्यात् तदनुदर्शिभिः ।
परिवर्त्य नृपोह्येतान् युज्यादन्त्योन्यकर्मणि ॥१०७॥

यस प्रकार माथि बताइएका पुरुष र कार्यहरू राजाले बाबर जाँचोस् र समय-समयमा उनीहरूको स्थान र कार्य भार बदल्दै रहोस् जस्तो कि मन्त्रीको कार्य अमात्यलाई र अमात्यको स्थानमा मन्त्री इत्यादि ।

नकुर्यात् स्वाधिक बलान्कदापि ह्यधिकारिणः ।
परस्परं समबलाः कार्याः प्रकृतयो दश ॥१०८॥

राजाले यी माथि भनिएका १० पदवीमा जसले जुन काम सह्यालेको छ त्यसलाई यस्तो अधिकार दिनुपर्छ कि अरू कसैले पनि त्यसलाई उल्लङ्घन गर्न नसकोस् यस प्रकार ती सबै उनीहरूका काममा तुल्यबल भएका बनून् ।

एकस्मिन्नधिकारे तु पुरुषाणां त्रयं सदा ।
नियुञ्जीत प्राज्ञतमम् मुख्यमेकन्तु तेषु वै १०९

विशेषाधिकारसम्पन्न कुनै १ व्यक्तिले गर्ने कामको साक्षीका निमित्त ३ जना अरू नियुक्त गर्नू । ती तीन जनामध्ये पनि एउटा खूब बुद्धिमान्लाई मुख्य बनाउनुपर्छ ।

द्वौ दर्शकौ तु तत्कार्ये हायनै स्तन्निवर्तनम् ।
त्रिभि र्वा पञ्चभि र्वापि सप्तभि र्दशभि श्च वा ॥११०॥

उपर्युक्त ३ जना विशेषाधिकारसंपन्नसँग कस्तो काम गर्दछन् भनी हेर्ने अरू २ जना पनि नियुक्त गर्नू र यिनीहरूलाई ३, ५, ७, अथवा १० वर्ष सम्ममा बदल्दै अर्को भन गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दृष्ट्वा तत्कार्यकौशल्ये तथा तं परिवर्तयेत् ।
नाधिकारं चिरं दद्या द्यस्मै कस्मै सदा नृपः ॥१११॥

त्यसरी नियुक्त गरेका मानिसको काम गर्ने तरीका विचार गरिसकेपछि मात्र बदल्नुपर्दछ । तर राजाले जसलाई पायो उसलाई धेरै समयसम्म अधिकार दिइरहनु हुँदैन ।

अधिकारे क्षमं दृष्ट्वा अधिकारे नियोजयेत् ।
अधिकारमदं पीत्वा को न मुह्यात् पुन श्चिरम् ॥११२॥

जुन व्यक्तिलाई जत्तिको अधिकार दिन लायक छ, त्यो हेरी त्यसमुताविक त्यसलाई त्यत्तिकै अधिकार दिनुपर्दछ, किनकि अधिकाररूपी मदिरा पिएपछि प्रायः सबै मोहित हुन्छन् ।

अतः कार्यक्षमं दृष्ट्वा कार्येऽन्ये तं नियोजयेत् ।
तत्कार्ये कुशलं चान्यं तत्पदानुगतं खलु ॥११३॥

यस कारण काम हेरेर बढी काम गर्न सक्ने कुनै अधिकारी छ भने त्यसलाई भइरहेको पदवीभन्दा माथिको पदवीमा नियुक्त गर्नु र त्यसको स्थानमा त्यसभन्दामनिको अधिकारीलाई पदवृद्धि गरी नियुक्त गर्नुपर्दछ ।

नियोजयेद्वर्तने तु तदभावे तथापरम् ।
तद्गुणो यदि तत्पुत्र स्तत्कार्ये तं नियोजयेत् ॥११४॥
यथा यथा श्रेष्ठपदे ह्यधिकारी यदा भवेत् ।
अनुक्रमेण संयोज्यो ह्यन्ते तं प्रकृतिं नयेत् ॥११५॥

तर पदवृद्धि गर्दा भएको रिक्त स्थानमा त्यसभन्दामनिको अधिकारी लायक छैन भने त्यस ठाउँमा रहेको अर्को अधिकारीलाई त्यस ठाउँमा अर्को आएपछि आफ्नो पदवीमा फर्कने गरी कायम मुकायममा नियुक्त गर्नुपर्दछ । बाबुको प्रमोसन गर्दा त्यस्तो रिक्त स्थान भए त्यसको छोरोले सह्याल्न सक्छ भने त्यसलाई नियुक्त गर्नु । यसरी गुणमाफिक अधिकारीहरू नियुक्त गर्नुपर्छ र प्रमोसन गर्दै गर्दै अन्त्यमा खालि भएको ठाउँमा नयाँ मानिस नियुक्त गर्नुपर्छ ।

अधिकारबलम् दृष्ट्वा योजयेद् दर्शकान् बहून् ।
अधिकारिण मेकम् वा योजयेद् दर्शकं विना ॥११६॥

अधिकारअनुसार कार्यभार विचार गरी त्यो काम सफल गराउन धेरै जना पनि नियुक्त गर्नुपर्छ अथवा एउटाले हुन्छ भने धेरै अधिकारी नियुक्त नगर्नू हेरचाह गर्ने नभए एउटामात्र भए पनि हुन्छ, याने काम हेरी अधिकारी नियुक्त गर्नुपर्छ ।

ये चान्ये कर्मसचिवा स्तान् सर्वान् विनियोजयेत् ।
गजाश्वरथपादातपशूष्ट्रमृगपक्षिणाम् ॥११७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुवर्णरत्नरजतवस्त्राणा मधिपान् पृथक् ।
वितानाद्यधिपं धान्याधिपं पाकाधिपं तथा ॥११८॥
आरामाधिपतिं चैव सौधरोहाधिपं पृथक् ।
सम्भारपं देवतुष्टिपतिं दानपतिं सदा ॥११९॥
साहसाधिपतिं चैन ग्रामनेतार मेव च ।
भागहारं तृतीयं तु लेखकं च चतुर्थकम् ॥१२०॥
शुल्कग्राहं पञ्चमं च प्रतिहारं तथैव च ।
षड्क मेतान्नियोक्तव्यं ग्रामे ग्रामे पुरे पुरे ॥१२१॥

यसपछि राजाले *कर्मसचिवहरूलाई उनीहरूका ठाउँमा नियुक्त गर्नुपर्छ । राजाले हात्ती, घोडा, रथ (अहिलेको मोटर आदि) पैदल सेना, वस्तुभाउ पशु, उँट, मृग, पक्षी सुन, रत्न, चाँदी, वस्त्र यिनीहरूको काम गर्ने, त्यस्तै पालको काम गर्ने, खाद्यवस्तुको निमित्त र पकाउने (भान्छे) काम गर्ने एवं बगैँचे, पूजाहारी, पूजाकोठे पूजाआदिको सर्दामहरूको योजना गर्ने, दानाध्यक्ष, (जोसँग दक्षिणानिमित्त द्रव्य रहन्छ) त्यो र १ दण्डकुण्ड गर्ने, २ गाउँको नेता ३ गाउँको आमदानीमा ३ भागको १ भाग राजाको हुने हुँदा त्यो उठाउने व्यक्ति, ४ रकमकलम जान्ने व्यक्ति वा लेखन्दास ५ कर उठाउने व्यक्ति र छैटौँ ढोके वा पाले, यति माथि भनिएका व्यक्तिहरू प्रत्येक शहर-शहरमा र गाउँ-गाउँमा दण्डकुण्ड गर्नेदेखि पालेसम्मकालाई नियुक्त गर्ने र बाँकी माथिकालाई आफ्नो दरबारमा प्रत्येकलाई तत्तत् कामको प्रधान बनाई राख्नुपर्दछ ।

तपस्विनो दानशीलाः श्रुतिस्मृतिविशारदाः ।
पौराणिकाः शास्त्रविदो दैवज्ञा मान्त्रिकाश्च ये ॥१२२॥
आयुर्वेदविदः कर्मकाण्डज्ञा स्तान्त्रिकाश्च ये ।
ये चान्ये गुणिनः श्रेष्ठा बुद्धिमन्तो जितेन्द्रियाः ॥१२३॥
तान् सर्वान् पोषयेद् भृत्यान् दानमानैः सुपूजितान् ।
हीयते चान्यथा राजा ह्यकीर्तिं चापि विन्दति ॥१२४॥

राजाले तपस्वी, दानी, वेद र धर्म शास्त्र जान्ने, पौराणिक, (कथापुराण भन्नमा निपुण व्यक्ति) शास्त्र जान्ने, ज्योतिषी, मन्त्रहरू जान्ने, आयुर्वेद जान्ने, तन्त्रशास्त्र जान्ने र अरू गुणी, बाठा, गण्यमान्य, बुद्धिमान्, संयमी, इन्द्रिय जितेका यस्ता व्यक्तिहरूलाई भत्ता, दानप्रदान, मानपदवी । दिएर राख्नुपर्दछ यदि यस्ता व्यक्तिहरूको याद विचार गर्न नसक्ने राजा छ भने त्यो चाँडै नै राज्यबाट च्युत हुन्छ र दुष्कीर्तिका फेला पर्दछ ।

बहुसाध्यानि कार्याणि तेषामप्यधिपा स्तथा ।
तत्तत्कार्येषु कुशलाञ्ज्ञात्वा तांस्तु नियोजयेत् ॥१२५॥
अमन्त्र मक्षरम् नास्ति नास्ति मूल मनौषधम् ।
अयोग्यः पुरुषो नास्ति योजक स्तत्र दुर्लभः ॥१२६॥

---

*धीर सचिव र कर्म सचिव दुई प्रकारका राजाका सचिव हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धेरै वर्ग-सम्प्रदाय मिलेर गर्ने काम छ भने सबैलाई अधिकार दिएर पनि सफल गर्नुपर्दछ अतः त्यस्तो पर्दा त्यस्ता काममा सिपालु जो छ त्यस्तालाई छानेर नियुक्त गर्नपर्दछ किनकि यस संसारमा मन्त्र नभएको अक्षर छैन, औषधिमा प्रयोग नहुने कुनै वनस्पति छैन, योग्यता नभएको भन्ने मानिस हुँदैन तर के भने जो जस्तो छ त्यसलाई त्यस्तै काममा लगाउने मानिसको मात्र अभाव छ, याने जस्तालाई तस्तै काममा लगाउन सक्ने मानिस पाउन दुर्लभ छ ।

प्रभद्रादि जातिभेदं गजानां च चिकित्सितम् ।
शिक्षां व्याधिं पोषणं च तालुजिह्वानखै र्गुणान् ॥१२७॥
आरोहणं गतिं वेत्ति स योज्यो गजरक्षणे ।
तथाविधा धोरणस्तु हस्ती हृदयहारकः ॥१२८॥

राजाले प्रभद्र आदि गरिएका हात्तीहरूका सबै भेद जान्ने, हात्तीलाई ओषधी गर्न सिपालु, तालीम दिन सक्ने, उनीहरूको रोग जान्ने, कसरी पाल्नुपर्छ, त्यो कुरा जान्ने, हात्ती को तालु, जिउरो, नङ् इनका गुण जान्ने, चढ्न जान्ने, र हिंडाइको चाल जान्ने यस्तो जुन व्यक्ति छ, त्यसलाई माहुतेको पदवीमा नियुक्त गर्नुपर्दछ। किनकि यस्ता व्यक्तिले मात्र हात्तीको हृदय यस्तै हुन्छ भनी जानेको हुन्छ र हात्तीले पनि यस्तैलाई मन पराउँछ ।

अश्वानां हृदयं वेत्ति जातिवर्णभ्रमै र्गुणान् ।
गतिम् शिक्षां चिकित्साञ्च सत्वं सारं रुजं तथा ॥१२९॥
हिताहितं पोषणं च मानं यानं दतो वयः ।
शूर श्च व्यूहवित् प्राज्ञः कार्यो श्वाऽधिपतिश्च सः ॥१३०॥

जसले घोडाको स्वभाव (हृदय) जात, रङ्ग, भुमरा, र तिनका खराब-असल गुणहरू, हिंडाइको चाल, शिक्षा (तालीम) रोग लाग्दा औषधि गर्न, घोडाको बल मजबूत्याइँ, यस्तो गति र खानाबाट हित वा अहित गर्छ भन्ने कुरा जान्ने, पाल्न जान्ने, प्रमाण, हिंडाइको चाल गति, दाँत, उमेर यी सबै कुरा जान्ने, तथा सुरो व्यूह (मोर्चा) रचन जान्ने विद्वान् यस्तो व्यक्तिलाई घोडाको काम गर्ने हाकिम बनाउनुपर्दछ ।

एभिर्गुणै श्च संयुक्तो धुर्यान् युग्यां श्च वेत्ति यः ।
रथस्य सार गमनं भ्रमणं परिवर्तनम् ॥१३१॥
समापतत्सु शस्त्रास्त्रलक्ष्यसंधाननाशकः
रथगत्या रथहय हयसंयोगगुप्तिवित् ॥१३२॥
सादिन श्च तथा कार्या शूरा व्यूहविशारदाः
वाजिगतिविदः प्राज्ञाः शस्त्रास्त्रै र्युद्धकोविदाः ॥१३३॥

यी पहिले भनिएका गुणहरूले युक्त तथा रथका धुरामा लगाउन लायक घोडाहरू रोज्न जान्ने, रथको योग्यता, गति सबै जान्ने, रथलाई मोड्न फर्काउन जान्ने, सङ्ग्राम पर्दा आफ्ना उपर आइपरेका शस्त्र र अस्त्रको निशाना छल्न सक्ने, रथ र रथको गति त्यस्तै घोडा र घोडालाई रथमा लगाउने कुराको पूर्ण ज्ञान भएको सुरो, मोर्चा बनाएर बस्ने कुरामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाठो, घोडाको गति र शक्तिको ज्ञान भएको साथै अस्त्र-शस्त्रमा निपुण यस्तो व्यक्तिलाई सयस बनाउनुपर्दछ ।

चक्रितं रेचितं वल्गितकं धौरित माप्लुतम् ।
तुरं मन्दं च कुटिलं सर्पणं परिवर्तनम् ॥१३४॥
एकादशास्कन्दितंच गति रश्वस्य वेत्ति यः ।
यथाबलं यथर्तुंच शिक्षयेत् स च शिक्षकः ॥१३५॥

जो चक्रित, रेचित, वल्गित, धौरित, आप्लुत, तुर, मन्द कुटिल, सर्पण, परिवर्तन र आस्कन्दित गरी एधार किसिमका घोडाको हिडाइको चाल जान्दछ, त्यही शिक्षकले घोडाको बल र ऋतु अनुसार तालीम गरोस् ।

वाजिसेवासु कुशलः पल्याणादिनियोगवित् ।
दृढाङ्गश्च तथा शूरः स कार्यो वाजिसेवकः ॥१३६॥

घोडाहरूको सह्यार गर्न जान्ने, घोडालाई धेरै किसिमको चालमा लैजान सिपालु मजबूत शरीर भएको र सुरो यस्तो व्यक्तिलाई घोडाको सेवक (सयस) बनाउनुपर्छ ।

नीतिशस्त्रास्त्रव्यूहादि र्नतिविद्याविशारदाः ।
अबाला मध्यवयसः शूरा दान्ता दृढाङ्गकाः ॥१३७॥
स्वधर्मनिरता नित्यं स्वामिभक्ता रिपुद्विषः ।
शूद्रा वा क्षत्रिया वैश्या म्लेच्छा शङ्करसंभवाः ॥१३८॥
सेनाधिपाः सैनिका श्च कार्या राज्ञा जयार्थिना
पञ्चाना मथवा षण्णामधिपः पदगामिनाम् ॥१३९॥
योज्यः स पत्तिपालः स्यात् त्रिंशतां गौल्मिकः स्मृतः ।
शतानान्तु शतानीक स्तथानुशतिको वरः ॥१४०॥

नीतिशास्त्र, शस्त्र, अस्त्र, किल्ला, (मोर्चा) नम्रताईआदि विद्याहरूमा चतुर, बालक काल नाघेका, (प्रौढ) उमेरदार, सुरो, इन्द्रियलाई वशमा राख्न सक्ने, बलियो अङ्ग भएका, आफ्नो धर्ममा रहने, सधैँ स्वामिभक्त र शत्रुको द्वेष गर्ने, शूद्र अथवा क्षत्रिय, वैश्य, म्लेच्छ, वा २ जातिबाट जन्मेका (वर्णशङ्कर) यस्ता पुरुषहरूलाई जितबाजीको इच्छा गर्ने राजाले सेनाको पति (स्वामी) वा रक्षक पदवीमा भर्ना गर्नुपर्दछ । त्यस्तै ५ अथवा ६ ओटा सिपाही (रक्षक) को स्वामीलाई पत्तिपाल भनिन्छ र ३० ओटा सिपाहीको स्वामीलाई गौल्मिक भनिन्छ र सय सिपाहीको स्वामीलाई शतानीक र सयभन्दा बढी सिपाहीको स्वामीलाई उत्तम भनेर मानिएकोछ ।

सेनानि र्लेखक श्चैते शतं प्रत्यधिपा इमे ।
साहस्रिक स्तु संयोज्य स्तथा चायुतिको महान् ॥१४१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सय ओटा रक्षक (सिपाही) सम्मको फौजको स्वामीलाई सेनानी र लेखक भनिन्छ, यसै गरी हजार रक्षकको १ अधिपति र दश हजार रक्षकको एउटा अर्को संरक्षक पनि नियुक्त गर्नुपर्छ । (यिनीहरूमा हजार फौजको सञ्चालन गर्नेलाई साहस्रिक र दश हजार संख्या भएको फौजको सञ्चालन गर्नेलाई आयुतिक पनि भन्दछन् ।)

व्यूहाभ्यासं शिक्षयेद्यः सायं प्रात स्तु सैनिकान् ।
जानाति स शतानीकः सुयोध्दुं युद्धभूमिकाम् ॥१४२॥

रक्षकलाई साँझ र सवेर सैनिक शिक्षा (कवाज) दिँदै युद्धभूमिमा जुन व्यक्ति खूब राम्रोसँग युद्धगर्न सक्तछ, वा जान्दछ, त्यसलाई शतानीक भनेर कहिएकोछ ।

तथाविधोनुशतिकः शतानीकस्य साधकः ।
जानाति युद्धसम्भार कार्ययोग्यं च सैनिकम् ॥१४३॥
निदेशयति कार्याणि सेनानी यामिकां श्च सः ।
परिवृत्तिं यामिकानां करोति स च पत्तिपः ॥१४४॥

यस प्रकारले त्यस्ता शतानीकलाई पनि सिकाउने व्यक्तिलाई अनुशतिक भनेर मानिएको छ, त्यस्तै युद्धका सवै सामानहरू जान्ने, (रक्षकको एक समूह) लाई काम लगाउन सिपालु हुनाको साथै रक्षक र प्रहरीलाई कार्य दिँदै सञ्चालन गर्ने पुरुषलाई सेनानी भनिन्छ र बराबर पालो बदल्ने काम गराउनेलाई पत्तिप भनेर मानिएको छ ।

सावधानं यामिकानां विजानीयाच्च गुल्मपः ।
सैनिकाः कतिसन्त्येतैः कतिप्राप्तं तु वेतनम् ॥१४५॥
प्राचीनाः के कुत्र गता श्चैतान् वेत्ति स लेखकः ।
गजाश्वानां विंशते श्चाधिपो नायकसंज्ञकः ॥१४६॥
उक्तसंज्ञान् स्वस्वचिह्नै र्लाञ्छितां श्च नियोजयेत् ।
अजाविगोमहिष्येण मृगाणा मधिपा श्च ये ॥१४७॥
तद्वृध्दिपुष्टिकुशला स्तद्वात्सल्यानिपीडिताः ।
तथाविधा गजोष्ट्रादे र्योज्या स्तत्सेवका अपि ॥१४८॥

प्रहरी रक्षकलाई हरहमेसा होसियार गराईरहनेलाई गुल्मप, भनिन्छ, रक्षक (सिपाही) हरू कति छन् तिनीहरूले कति तलब पाएका छन्, पहिलेका रक्षक कहाँ कहाँ गएका छन् र ती कति थिए भनेर जसले यस्तो हिसाब राखतछ त्यसलाई लेखक भनिन्छ । त्यस्तै २० ओटा हात्ती र २० ओटा घोडाको हेरचाह गर्ने व्यक्तिलाई नायक भनेर मानिएको छ । यी माथि बताइएका सेनारक्षक (सेनापति) देखि लिएर नायकपर्यन्तका व्यक्तिलाई उनीहरूका पदवीअनुसारको चिह्न(निसाना)ले चिह्नित गराउनुपर्दछ । बाख्रा, भेडा, गाई, भैंसी, मृगहरूका हेरचाह गर्ने रक्षकहरू नियुक्त गर्दा ती जन्तुलाई राम्रोसँग पोसेर हुर्काउन सक्ने र तिनीहरूलाई दुःख नदिईकन माया गरेर पालन सक्नेलाई नियुक्त गर्नुपर्छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तै प्रकारले हात्ती, ऊँटआदि अरू जनावर (पशु) का सेवकहरू पनि विचार गरी नियुक्त गर्नपर्छ ।

युद्धप्रवृत्तिकुशला स्तित्तिरादे श्च पोषकाः ।
शुकादेः पाठकाः सम्यक्छ्येनादेः पातबोधकाः ॥१४९॥
तत्तध्दृदयविज्ञानकुशला श्च सदाहिते ।

युद्धका विषयमा खूब चलाख, तित्रा धोबिनी, वट्टाई आदि पन्क्षीहरू र सुगा, मैना पालेर तिनीहरूलाई मानिसका जस्तै बोल्न सिकाउन सक्ने र ती पन्छीहरूको मनसाय र भाव जान्न सक्ने, साथै बाजको सपात, आदि गति जान्ने यस्ता प्रकारका पुरुषहरूलाई पन्छी पाल्ने काममा नियुक्त गर्नुपर्छ ।

मानाकृतिप्रभावर्णजातिसाम्या च्च मौल्यवित् ॥१५०॥
रत्नानां स्वर्णरजतमुद्राणामधिप श्च सः ।
दान्त स्तु सधनो य स्तु व्यवहारविशारदः ॥१५१॥
धनप्राणोतिकृपणः कोषाध्यक्षः स एव हि ।

यति-उति भनेर प्रमाणको ज्ञाता, आकार, तेजआदि वर्ण, असल-कंसल जात, यी सबै कुरा विचार गरी मोल गर्न सक्ने पुरुषलाई रत्न त वा सुन-चाँदीका सिक्काको हाकिम वनाउनुपर्छ । इन्द्रिय जितेको, धनी, व्यवहारमा निपुर्ण, धनभन्दा हिरिक्क भई जतन गर्ने-यस्ता व्यक्तिलाई कोषाध्यक्ष वनाउनुपर्छ ।

देशभेदै र्जातिभेदैः स्थूलसूक्ष्मबलाबलैः ॥१५२॥
कौशेयादे र्मानमूल्यवेत्ता शास्त्रस्य वस्त्रपः ।
[1]कीटकञ्चुकनेपथ्यमण्डपादेः परिक्रियाम् ॥१५३॥
प्रमाणतः सौचिकेन रञ्जनानि च वेत्ति यः ।
तथा शय्यादिसन्धानं वितानादे र्नियोजनम् ॥१५४॥
वस्त्रादीना ञ्च संप्रोक्तो वितानाद्यधिपः खलु ।

देश हेरेर, जात हेरेर, ठूलो, सानु, बलियो, निर्वलियोआदि र योग्यता र त्यसको यथार्थ मोल जान्न सक्ने व्यक्तिलाई कपडाहरूको काम गर्ने हाकिम बनाउनुपर्छ । लुगा र लुगा लगाउने कायदा जान्ने कपडामा सियोले छिद्रपार्दा नै यो कपडा जाती छ र छैन भन्ने जानिहाल्ने र रङ्ग उड्ने र नउड्ने कुरा जान्ने र शय्या यसरी मिलाएमा सजिलो हुन्छ र चँदुवा यसरी राख्दा सुहाउँछ भनेर जान्ने व्यक्तिलाई शय्याआदि र चँदुवा, वस्त्रको हेरचाह गर्न नियुक्त गर्नुपर्छ ।

---

१ 'कुटी कंचुक' भन्ने पाठ पनि देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जातिं तुलाञ्च मौल्यञ्च सारं भोगं परिग्रहम् ॥१५५॥
सम्मार्जनञ्च धान्यानां विजानाति स धान्यपः ।

धानका जाति (नाना प्रकारका जात) तौल, मूल्य, सार, भोग, लिन–दिन गर्ने योग्य यी सबै कुरा र तहलाएर सफा बनाउन जान्ने व्यक्तिलाई धानको हेर-विचार गर्ने कामको अध्यक्ष बनाउनुपर्दछ ।

धौताधौतविपाकज्ञो रससंयोगभेदवित् ॥१५६॥
क्रियासु कुशलो द्रव्यगुणवित् पाकनायकः ।
फलपुष्पवृद्धिहेतुं रोपणं शोधनं तथा ॥१५७॥
पादपानां यथाकालं कर्तुं भूमिजलादिना ।
तद्भेषजं च संवेत्ति ह्यारामाधिपति श्च सः ॥१५८॥

राम्रो गरी धोइएको, र नधोइएको पाके-नपाकेको, कुन कुन रसको संयोग गर्दा मीठो हुन जान्छ भन्ने कुरा र पकाउने काममा सिपालु, वस्तु र तिनले कफ, वात, पित्त, तीन गुणलाई हित वा अहित के गर्छन् यस्तो जान्नेलाई पकाउने काममा नियुक्त गर्नुपर्छ । त्यस्तै फल र फूलहरू कसरी राम्रोसँग सप्रन्छन् भन्ने कुरा, रोप्ने, गोड्ने काम र कुन ऋतुमा कुन फल-फूल काट्नु-छाँट्नुपर्दछ, कुन फललाई कति पटक र कहिले कहिले पानी दिने र माटोले उकेरा दिनुपर्दछ र फल-फूलहरूलाई रोग लागेमा उनीहरूलाई औषधीसमेत गर्न सक्नेलाई बगैंचे (माली) को स्थानमा नियुक्त गर्नुपर्छ ।

प्रासादं परिखां दुर्गं प्राकारम् प्रतिमां तथा ।
यन्त्राणि सेतुबन्ध च वापीं कूपं तडागकम् ॥१५९॥
तथा पुष्करिणीं कुण्डं जलादूर्ध्वगतिक्रियाम् ।
सुशिल्पशास्त्रतः सम्यक् सुरम्यं तु यथा भवेत् ॥१६०॥
कर्तुं जानाति यः सैव गृहाद्यधिपतिः स्मृतः ।

राजाले दरबारको ढाँचा, परिखा (पानी भरेर शत्रुबाट दरबारको रक्षा गर्न समस्त दरबारलाई घेरेर बनाइने खाडल) किल्ला, पर्खाल र त्यसको अग्लो-होचोको प्रमाण, नाना प्रकारका यन्त्र, पुल हाल्नु वापी (साना पोखरी) कूवा, तलाउ, ठूला पोखरी, कुण्ड, फोहरा (जसबाट जलको ऊर्ध्वगति हुन्छ) हरतरहबाट जसरी राम्रो हुन्छ त्यसरी गर्न सक्ने र यिनी-हरूको निर्माण गर्दा कलाशिल्पको प्रयोगको साथै शास्त्रमा बताइएअनुसार बनाउन सक्ने-लाई नै दरबार बनाउने काममा नियुक्त गर्नुपर्दछ ।

राजकार्योपभोग्यान् हि पदार्थान् वेत्ति तत्त्वतः ॥१६१॥
संचिनोति यथा काले सम्भाराधिप उच्यते ।

राजाबाट व्यवहार गरिने वस्तुहरूको राम्रो निरीक्षण गरेर मौकामा चाहिने सामग्रीहरू तयारीसाथ राख्न सक्ने व्यक्तिलाई सम्भाराधिप (भंडारे) मा नियुक्त गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वधर्माचरणे दक्षो देवताराधने रतः ॥१६२॥
निःस्पृहः सच कर्तव्यो देवतुष्टिपतिः सदा ।

आफ्नो धर्म-कर्ममा विद्वान्, देवपूजा गर्ने, ठूलाठूला इच्छा नगर्ने याने सन्तोषी यस्तो व्यक्तिलाई पूजाकोठाको अध्यक्ष बनाउनुपर्दछ ।

याचकं विमुखं नैव करोति न च संग्रहम् ॥१६३॥
दानशीलश्च निर्लोभोगुणज्ञश्च निरालसः ।
दयालु र्मृदु वाग्दानपात्रविन्नतितत्पर ॥१६४॥
नित्यमेभि र्गुणै र्युक्तो दानाध्यक्षः प्रकीर्तितः

माग्नेलाई त्यसै विमुखै नफर्काउने, न त तिनीहरूको पक्ष लिने दानी, लोभ नभएको, गुणी, परिश्रमी, दयालु, नम्र बोली भएको पात्र दान दिन लायक छ छैन भन्ने कुराको निर्णय गर्न सक्ने, नमस्कारादिले सम्मान गर्ने, सधैं यस्ता गुणले युक्त भएको व्यक्तिलाई दानाध्यक्ष अर्थात् दान दिने कामको प्रमुख बनाउनुपर्छ ।

व्यवहारविदः प्राज्ञा वृत्तशीलगुणान्विताः
रिपौ मित्रे समा ये च धर्मज्ञाः सत्यवादिनः ॥
निरालसा जितक्रोधकामलोभाः प्रियंवदाः
सभ्याः सभासदः कार्या वृद्धाः सर्वासु जातिषु ॥

सबै व्यवहार जान्ने, सदाचारशील असल वृत्ति लिएका, गुणी शत्रु र मित्रमा पनि समान दृष्टि लिएर काम गर्न सक्ने, धर्म जान्ने, साँचो बोल्ने, आलस्यरहित, काम, क्रोध, लोभलाई जितेका, मीठो बोली-वचन भएका, जाति, उमेर, ज्ञानमा वृद्ध भएका व्यक्तिहरूलाई सभासद् (सभा सदस्य) बनाउनुपर्छ ।

सर्वभूतात्मतुल्यो यो निस्पृहोऽतिथिपूजकः
दानशीलश्च यो नित्यं सबै सत्राधिपः स्मृतः ॥

सबैलाई आफू जस्तै सम्झने, लोभ नभएका, अतिथि (पाहुना) को सत्कार गर्ने, सधैं दान गर्ने स्वभाव भएको यस्तो व्यक्तिलाई यज्ञको अधिपति बनाउनुपर्दछ ।

परोपकारनिरतः परमर्मप्रकाशकः
निर्मत्सरो गुणग्राही सद्विद्यः स्यात्परीक्षकः

परोपकार गर्नमा तत्पर, अर्काको छिद्र खोजेर नहिंड्ने, अर्काको उन्नति भएको देख्दा डाह नगर्ने, गुणको वेविचना गर्न सक्ने, विद्याको अध्ययन गरेको यस्तो व्यक्तिलाई परीक्षक (जाँचकी) मा नियुक्त गर्नुपर्छ ।

प्रजानष्टा नहि भवे त्तथा दण्डविधायकः
नातिक्रूरो नातिमृदु स्साहसाधिपति श्च सः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसका दण्डविधानबाट प्रजालाई ठूलो आपत्ति पर्दैन र केवल नाश हुने काम बाट मात्र बचाउने तथा जसको दण्डविधि ज्यादा कठोर र अत्यन्तै खुकुलो छैन, त्यस्तो गर्न सामर्थ्य भएका व्यक्तिलाई दण्ड (फौजदारी आदिमा सजाय दिने कार्य) मा नियुक्त गर्नुपर्छ ।

आघर्षकेभ्य श्चोरेभ्यो ह्यधिकारिगणा त्तथा
प्रजासंरक्षणे दक्षो ग्रामपो मातृ-पितृवत्

ठग, चोर र सरकारी वा कुनै काममा नियुक्त गरिएका कर्माधिकार प्राप्त व्यक्ति (कर्मचारी) यिनीहरूबाट हुने आपत्तिबाट 'रक्षा' गर्दै सबैको आमाबाबु सरह भएर गाउँले-हरूलाई रक्षा गर्न सक्ने व्यक्तिलाई ग्रामाधिप (ग्रामसंरक्षक) पदवीमा नियुक्त गर्नुपर्छ ।

वृक्षान् संपुष्य यत्नेन फलं पुष्पं विचिन्वति
मालाकार इवात्यन्तं भागहार स्तथाविधः ॥

जस्तो माली (बगैंचे) ले जतनपूर्वक पहिले फलफूलका बिरुवा हुर्काएर बडो होसियारी साथ उनीहरूलाई बिगार नपर्ने गरी फल फूल टिप्दछ, त्यस्तै कर उठाउने व्यक्ति पनि जनताको स्थिति विचार गरी उनीहरूका मर्माको यथार्थ ज्ञान गर्न सक्ने हुनुपर्छ ।

गणनाकुशलो यस्तु देशभाषा प्रभेदवित्
असंदिग्ध मगूढार्थं विलिखेत् स च लेखकः

हिसावमा निपुण, ठाउँ-ठाउँका भाषा जान्ने, दोधारे र नबुझिने किसिमका लिपि अथवा कुरा नलेख्ने, यस्तो व्यक्तिलाई लेखक (वहिदार) मा नियुक्त गर्नुपर्छ ।

शस्त्रास्त्र कुशलो यस्तु दृढांगश्च निरालसः
यथायोग्यं समाहूयात् प्रनम्रः प्रतिहारकः

हात-हतियार चलाउन जान्ने, बलियो शरीर भएको, परिश्रमी हुनाको साथै बडा नम्रताकासाथ यथायोग्य स्वागत गर्न सक्ने क्षमता भएको व्यक्तिलाई प्रतिहार (दूत) को काममा नियुक्त गर्नुपर्छ ।

यथा विक्रयिणं मूलधननाशो भवेन्न हि
तथा शुल्कन्तु हरति शौल्किकः स उदाहृतः ॥१७४॥

जसो गर्दा व्यापारीहरूको मूलधनमा आघात पर्दैन, त्यसरी नै लेन-देन व्यवहार गरी महसूल उठाउने पुरुषलाई शौल्किक भनिन्छ ।

जपोपवासनियमकर्मध्यानरत स्सदा
दान्तः क्षमी निःस्पृहश्च तपोनिष्टः स उच्यते ॥१७५॥

जुन व्यक्ति जप, उपवास, (निराहार) नियम, कर्म र ध्यायमा नित्य लागेको छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जो इन्द्रिय वश गरेको, क्षमायुक्त र ज्यादा इच्छा नगर्नें छ, त्यस्तो व्यक्तिलाई तपोनिष्ठ भन्ने मानिएको छ ।

याचकेभ्यो ददात्यर्थं भार्यापुत्रादिकं त्वपि
न संगृह्णाति यत्किञ्चि द्दानशील: स उच्यते ॥१७६॥

माग्नेहरूलाई उनीहरूको प्रयोजनीय वस्तु दिने र यदि माग्छ भने आफ्ना स्त्री, पुत्र, धनसमेत दिएर आफूलाई केही पनि नराख्ने यस्तो व्यक्ति दानशील कहिन्छ ।

पठनं पाठनं कर्तुं क्षमात्वभ्यास शालिनाम्
श्रुतिस्मृतिपुराणानां श्रुतज्ञा स्ते प्रकीर्तिता ॥१७७॥

वेद पढेका, वेद पढाउन समर्थ भएका, श्रुनि, स्मृति (धर्म शास्त्र) र पुराणको पूर्ण अभ्यास भएका व्यक्तिहरू श्रुतज्ञ (वेद जान्ने) भनेर कहिन्छन् ।

साहित्यशास्त्रनिपुण: संगीतज्ञश्च सुस्वर:
सर्गादिपञ्चकज्ञाता स वै पौराणिक: स्मृत: ॥१७८॥

साहित्य शास्त्रमा प्रवीण, राम्रो स्वर भएको, संगीत जान्ने र साथै सर्गआदि पाँच कुरा जान्ने व्यक्ति पौराणिक भन्ने मानिएको छ।

मीमांसा-तर्क- वेदान्त-शब्द-शासनतत्पर:
ऊहवान्बोधितुं शक्त स्तत्त्वत: शास्त्रविच्च स ॥१७९॥

मीमांसा (कर्मकाण्ड शास्त्र) न्याय (तर्कशास्त्र) वेदान्त योगशास्त्रको १ अङ्ग) यिनीहरूका शब्दको यथार्थ ज्ञान भएको, तर्क गर्न सक्ने, तार्किक र अरूलाई यो सबै कुरा बुझाउन सक्ने शास्त्र जान्ने विद्वानलाई शास्त्री भनिन्छ ।

संहितां च तथा होरां गणितं वेत्ति तत्वत:
ज्योतिर्विच्च स विज्ञयो त्रिकालज्ञश्च यो भवेत् ॥१८०॥

संहिता शास्त्र, (भृगु, गर्ग, पारासर संहिताआदि) नक्षत्र र गणितशास्त्रलाई यथार्थ ज्ञान गरेको र भूत, भविष्य र वर्तमान समयमा हुने कुरा जान्ने यस्ता व्यक्तिलाई ज्योतिषी, भन्ने मानिएको छ ।

वीजानुपूर्व्या मन्त्राणां गुणान्दोषां श्च वेत्ति य:
मन्त्रानुष्ठानसम्पन्नो मान्त्रिक: सिद्धदैवत: ॥१८१॥

मन्त्रको वीजअनुसार हुने गुण र दोषको फलप्राप्ति जान्ने र मन्त्रको अधिष्ठातृ देवतालाई सिद्ध गरेको र मन्त्रको अनुष्ठान (पुरश्चरणआदि कार्य) गरेको यस्तो व्यक्तिलाई मान्त्रिक (मन्त्र जान्ने) भन्ने मानिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हेतु लिङ्गौषधीभि र्यो व्याधीनां तत्त्वनिश्चयम्
साध्यासाध्यं विदित्वोपक्रमते स भिषक् स्मृतः ॥१८२॥

रोग लाग्नाका कारण, रोग लागेपछि प्रकट हुने चिन्हहरू राम्ररी निर्णय गर्न सक्ने र कुनै पनि रोगको अवस्था हेरी साध्य र असाध्य केही त्यो विचार गरी त्यसको औषधी गर्ने व्यक्ति वैद्य भनेर कहिएको छ ।

श्रुति स्मृतीतरन्मन्त्रानुष्ठानै र्देवतार्चनम्
कर्तुं हिततमं मत्वा यतते स च तान्त्रिकः ॥१८३॥

वेद, धर्मशास्त्र तथा अरू ग्रन्थहरूमा बताइएका मन्त्रको अनुष्ठान गरी देवपूजा गर्नु, यस्ता कामबाट महान् हितको लक्ष लिएर प्रयत्न गर्ने व्यक्ति तान्त्रिक हुन् भनेर मानिएको छ ।

*(शत्रुप्रजाभृत्यवृत्तं विज्ञातुं कुशलाश्च ये"
ते गूढचाराः कर्तव्या यथार्थं श्रुतबोधकाः")"

(शत्रुपट्टिका प्रजा र सेवकहरूको सबै कुरा थाहा पाउन सक्ने र सुनेको कुरा बुझेर यथार्थ गरेर जान्ने यस्ता व्यक्तिलाई राजाले गुप्तचरको पदवीमा नियुक्त गर्नुपर्छ)

नपुंसकाः सत्यवाचो सुभूषाश्च प्रियंवदाः
सुकुलाश्च सुरूपाश्च योज्या स्त्वन्तः पुरे सदा ॥१८४॥

नपुंसक, साँचो बोल्ने, सफा लुगा लगाएका, मीठो बोल्ने, कुलीन, राम्रा यस्ता पुरुषहरूलाई राजाले आफ्नो खोपीमा काम गर्ने स्थानमा नियुक्त गर्नुपर्छ ।

अनन्या स्वामिभक्ताश्च धर्मनिष्ठा दृढांगकाः
अबाला मध्यवयसः सेवासु कुशलाः सदा
सर्वं यद्यत्कार्यजातं नीचं वा कर्तुमुद्यताः
निदेशकारिणो राज्ञा कर्तव्या परिचारकाः

अरू कसैको भरोसा नगरी केवल आफ्ना मालिकको मात्र सेवा गर्ने, धर्ममा चित्त लगाउने, बलियो शरीर परेका, केटाकेटी उमेर नाघेका, जवान, सेवा गर्ने कला जान्ने, ऊँच-नीच जस्तो काम परे पनि गर्ने, भनेको कुरा तुरुन्त मान्ने, यस्ता व्यक्तिलाई राजाले आफ्नो परिचारक (नगीचको सेवक) मा नियुक्त गर्नुपर्छ । *

•राज्ञःसमीप प्राप्तानां नतिस्थान विबोधका
दण्डधारा वेत्रधाराः कर्तव्यास्ते सुशिक्षकाः

राजाको समीपमा आउने व्यक्तिलाई आदार-स्वागत-प्रणाम गर्दा यथोचित रूपमा गर्न सक्ने, दण्डधारी, बेतको छडी लिने, यी सेवक राजाले अत्यन्त शिक्षितलाई बनाउनुपर्दछ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(दण्डधारी वेत्रधारी यस्ता दुई किसिमका परिचारक प्राचीन समयमा आजकालका हजुरिया (पार्श्ववर्त्ती) जस्ता नियुक्त गरिन्थे)

तन्त्री कण्ठोत्थितान् सप्त स्वरान् स्थानविभागत'
उत्पादयति संवेत्ति स संयोग विभागतः ॥
सनृत्यं वा गायकाना मधिपः स च कीर्तितः
तथाविधा च पण्यस्त्री निर्लज्जा भावसंयुता ॥१९०॥
श्रृङ्गार रस तन्त्रज्ञा सुन्दरांगी मनोरमा
नवीनोत्तुंग-कठिनकुचा सुस्मिदर्शिनी ॥१९१॥

वीणावाट उत्पन्न हुने ७ स्वरलाई उनीहरूको स्थानअनुसार उच्चारण गर्ने, खास गरेर तिनीहरूलाई जान्ने र तिनबाट संयोग-वियोग (आरोहावरोहक्रम) बाट अनेक राग उत्पादन गर्दै स्वर र तालको क्रम मिलाएर गाउँदै नाच्ने कुरा जान्नेलाई राजाले संगीताध्यक्ष (संगीतज्ञको प्रधान) मा नियुक्त गर्नुपर्दछ र त्यस्तै लाज नमान्ने, निर्धक्कसँग हाव-भाव गर्ने, श्रृङ्गार रसको कला जानेकी, राम्री, हेर्दैमा मनलाई खिच्ने, कसैले छुन नपाएका साह्रा, चुच्चे, भरखर बढ्न लागेका स्तन भएकी, चिटिक्क परेकी, छन्केको अङ्ग परेकी, मुसुक्क हाँस्न सिपालु, यस्ती स्त्रीलाई नर्तकी (वेश्या) का स्थानमा नियुक्त गर्नुपर्छ ।

ये चान्ये साधका स्ते च तथा चित्त विरंजकाः
सुभृत्या स्तेपि सन्धार्या नृपेणात्म-हिताय च ॥१९२॥

उपर्युक्त प्रकारकी वेश्या वा नर्तकीलाई र संगीतज्ञआदिलाई सहायता गर्नेहरू पनि उस्तै खालका, मन प्रसन्न पार्ने यस्ता असल अरू सेवकहरू पनि आफ्नृ हितका लागि राजाले नियुक्त गर्नुपर्छ ।

वैतालिकाः सुकवयो वेत्रदण्डधरा श्च ये
शिल्पज्ञा श्च कलावन्तो ये सदा ह्युपकारकाः ॥१९३॥
दुर्गुणा सूचका भाणा नर्तका बहुरूपिणः
आरामकृत्रिमवनकारिणो दुर्गकारिणः ॥१९४॥
महानालिक यन्त्रस्थगोलै र्लक्ष्यविभेदिनः
लघुयन्त्राग्नेय चूर्ण वाण गोलासिकारिणः ॥१९५॥
अनेक यन्त्र शस्त्रास्त्र धनुस्तूणादि कारकाः
स्वर्ण रत्नाद्यलंकारघटका रथकारिणः ॥१९६॥
पाषाणघटका लोहकारा धातुविलेपकाः
कुम्भकाराः शौल्विकाश्च तक्षिणो मार्गकारकाः ॥१९७॥
नापिता रजका श्चैवं वाशिका मलहारकाः
वार्ताहरा स्सौचिकाश्च राजचिह्नाग्रधारिणः ॥१९८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भेरीपटहगोपुच्छशंखवेण्वादिनिःस्वनैः ।
ये व्यूहरचका यानापयानादिकबोधकाः ॥१९९॥
नाविकाः खनका व्याधाः किराता भारिका अपि ।
शस्त्रसम्मार्जनकरा जलधान्यप्रवाहकाः ॥२००॥
आपणिकाश्च गणिका वाद्यजापाप्रजीविनः ।
तन्तुवायाः शाकुनिका चित्रकाराश्च चर्मकाः ॥२०१॥
गृहसम्मार्जकाः पात्रधान्यवस्त्रप्रमार्जका ।
शय्यावितानास्तरणकारकाः शासका अपि ॥२०२॥
आमोदास्वेद सद्धपकारास्तांबूलिकास्तथा ।
हीनाल्पकर्मिणश्चैते योज्या कार्यानुरूपतः ॥२०३॥

राजाले गाना-वजाना गर्ने व्यक्तिविशेष, कवि, बेतको लट्ठी लिएर पालो बस्ने कालिगढ, कलाकार, सदा उपकारी व्यक्ति, जसको भए पनि वेगुन भन्ने भाण (जाति विशेष), नाच्ने, अनेक वेष धारण गर्न सक्ने व्यक्ति, बगैंचा तथा बनावटी वनको निर्माण गर्ने, किल्ला बनाउने, तोप तथा तोपबाट तारो हान्न सक्ने, लघुयन्त्र (पिस्तोल वा बन्दूक) बनाउन जान्ने, बारूद, बाण, गोला, तरवार बनाउने, नाना प्रकारका यन्त्र, शस्त्र-अस्त्र, धनु, बाण राख्ने ठोक्रो, सुन, रत्नका गहना बनाउन जान्ने व्यक्ति, रथ बनाउने, ढुंगा कुँद्न जान्ने, फलामको काम गर्ने तथा जलप लगाउन जान्ने, माटाको भाँडाको काम गर्ने, जमीन नापजाँच गर्ने, सिकर्मी, बाटो बनाउने, नाऊ, धोबी, रतिभोगका सामग्री तैयार गर्ने, फोहरमैला बढार्ने, यता-उतिको कुरा ल्याउने, अथवा हुलाकी सूचीकार यिनीहरू र राजाको चिह्न अङ्कित भएको दरबार प्रवेशको पास (निशान) भएका व्यक्ति र नगरा ढोल नरसिङ्गा शंख बाँसुरी आदि वजाउन निपुण व्यक्ति, मोर्चा कस्न जान्ने व्यक्ति, लडाइँ पर्दा अगाडि बढ्ने र समय विचार गरी पछि पनि हट्न जान्ने, नाउ चलाउने (माझी), खन्ने काममा सिपालु, शिकारी, वनमा हिंड्न जान्ने (किरात), भारी बोक्ने, हतियारमा साँध लगाई उध्याउन जान्ने, रसद पानीको प्रबन्ध गर्न जान्ने, व्यापारी, वेश्या, नट, कुली, (बाजा बजाएर निर्वाह गर्ने) कपडा बुन्न जान्ने, शकुन हेर्न जान्ने, चित्रकार, छालाको काम गर्ने, दरवार सफा गर्ने, भाँडा-वर्तन अन्न-पात लत्ता-कपडाको हेरविचार गर्ने, बिछ्यौना झूल पलङ् बनाउने र यिनको हेरचाह गर्ने, सुगन्ध अत्तर धूप बनाउने, पान तयार गर्ने, सानातिना जस्तो काम गर्नुपरे पनि गर्ने, यी सबै व्यक्तिलाई उनीहरूको काम, योग्यता हेरी त्तत्त् काममा नियुक्त गर्नुपर्छ ।

मौक्तं पुण्यतमं सत्यं परोपकरणं तथा ।
आभ्यां युक्तांश्च भृतकान् सततं धारयेन्नृपः ॥२०४॥

सत्य र परोपकार यी दुई ओटा गुण ज्यादै ठूला छन्, अतः यी दुई ओटा सदा पालन गर्नू भनी आज्ञा गर्दा पालन गर्ने यस्ता सेवकलाई राजाले सदा वरिपरि राख्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिंसा गरीयसी सर्वपापेभ्योऽनृतभाषणम् ।
गरीयस्तरमेताभ्यां युक्तान् भृत्यान् नधारयेत् ॥२०५॥

सबै पापमा हिंसा ज्यादै खराब छ र त्यस्तै झूठो बोल्नु पनि महापाप हो, अतः हिंसा नगर्नू, झूटो नबोल्नू, भन्दा नमान्ने सेवकलाई राजाले आफ्ना समीपमा नराखोस्।

यदा यदुचितं कुर्तुं वक्तुं वा तत्प्रबोधयन् ।
तद्वक्ति कुरुते द्राक् तु स सद्भृत्यः सुपूज्यते ॥२०६॥

जुन समयमा जे गर्न उचित छ, अथवा भन्न उचित छ, त्यसो गर है भन्नै नपरी जान्ने अथवा यो समयमा यसो गर्नू है भन्दा तुरुन्त गर्ने वा भन्ने सेवक सच्चा सेवक हो र यस्तो सेवक सबैको प्यारो हुन्छ । (यस्ता सेवकलाई राजाले सदा आसपासमा राख्नुपर्छ ।)

उत्थाय पश्चिमे यामे गृहकृत्यं विचिन्त्य च ।
कृत्वोत्सर्गं तु देवं हि स्मृत्वा स्नायादनन्तरम् ॥२०७॥

सेवकले पनि, रातको पछिल्लो पहर लागेपछि उठेर त्यस दिनमा के के गर्नु छ, त्यो सबै सम्झनू र मल-मूत्र त्याग गरेपछि देव-देवतालाई सम्झिसकेपछि स्नान गर्नुपर्छ ।

प्रातः कृत्यं तु निर्वर्त्य यावत्सार्धमुहूर्तकम् ।
गत्वा स्वकीयशालां वा कार्याकार्यं विचिन्त्य च ॥२०८॥
विनाज्ञया विशंतंतु द्वास्थः सम्यङ् निरोधयेत् ।
निदेशकार्यं विज्ञाप्य तेनाज्ञप्तः प्रमोचयेत् ॥२०९॥

अनिपछि विहान गर्नुपर्ने कुरा दिनको तीन घडी चढ्दा सकी आफ्नो कार्यशाला (अफीस) मा गएर कामकाज विचार गरी, त्यसै पस्न खोज्ने व्यक्तिलाई पर्खाई किन आएको रहेछ त्यो बुझी भित्र पार्श्ववर्त्तीसँग जाहेर गरी आज्ञा पाएपछि आगन्तुकलाई भित्र लैजाओस्।

दृष्ट्वागतान् सभामध्ये राज्ञे दण्डधरः क्रमात् ।
निवेद्य तन्नतीः पश्चात् तेषां स्थानानि सूचयेत् ॥२१०॥

सेवकले यसरी आगन्तुकलाई भित्र लगेर उसलाई प्रतीक्षालयमा राखोस् र उसलाई यहाँ बस्नू भनी बस्ने ठाउँ दिई यो कुरा राजाका पार्श्ववर्तीबाट राजाकहाँ खवर पुर्‍याउनुपर्छ ।

ततो राजगृहं गत्वाज्ञप्तो गच्छेच्च सन्निधिम् ।
नत्वा नृपं यथान्यायं विष्णुरूपमिवापरम् ॥२११॥
प्रविश्य सानुरागस्य चित्तज्ञस्य समन्ततः ।
भर्तुरर्धासने दृष्टिं कृत्वा नान्यत्र निक्षिपेत् ॥२१२॥

दरवारमा पुगी, राजाबाट ल्याउनू भन्ने आज्ञा पाएपछि आगन्तुक राजाको समीपमा जाओस् र यसरी सभामा प्रवेश गरेपछि, हृदयमा स्नेह भएका, दोस्रा विष्णु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्ता, मनको कुरा जान्ने राजालाई नमस्कार गरी उनी बसेको आसन आधा मात्र देखिने गरी दृष्टि दिएर बस्नुपर्छ, सर्वत्र पल्याकपुलुक हेर्न हुँदैन ।

अग्निं दीप्तमिवासीदेद्राजानमुपशिक्षितः ।
आशीविषमिव क्रुद्धं प्रभुं प्राणधनेश्वरम् ।।२१३।।
यत्नेनोपचरेन्नित्यं नाहमस्मीति चिन्तयेत् ।
समर्थयन् च तत्पक्षं साधु भाषेत माषितम् ।।२१४।।
तन्नियोगेन वा ब्रूयादर्थं सुपरिनिश्चितम् ।
सुखप्रबन्धगोष्ठीषु विवादे वादिनां मतम् ।।२१५।।
विजानन्नपि नो ब्रूयाद्भर्तुः क्षिप्तोत्तरं वचः ।
सदानुद्धतवेषः स्यान्नृपाहूतस्तु प्राञ्जलिः ।।२१६।।
तद्गां कृतनतिश्श्रुत्वा वस्त्रान्तरितसंमुखः ।
तदाज्ञां धारयित्वादौ स्वकर्माणि निवेदयेत् ।।२१७।।
नत्वासीतासने प्रह्वस्तत्पार्श्वे संमुखोज्ञया ।
उच्चैः प्रहसनंकास ष्ठीवनं कुत्सनं तथा ।।२१८।।
जृंभणं गात्रभङ्गं च पर्वास्फोटं च वर्जयेत् ।
राज्ञादिष्टं तु यत् स्थानं तत्र तिष्ठेन्मुदान्वितः ।।२१९।।

राजाको दर्शनार्थी शिक्षित व्यक्तिले अग्नि झैं कान्तिमान् र रिसाउँदा तुरुन्त डस्ने सर्पतुल्य, धन र प्राणका स्वामी भएका राजालाई जतनपूर्वक, आफूलाई उनको काममा समर्पण गरेर (म केही होइन भनी) उनको पक्ष लिएर मीठो बोली बोल्नुपर्छ । उनको आज्ञा पाएपछि सभामा बोल्दा सत्य र परिमित मात्र बोल्नुपर्छ र वाद-विवाद आदिका सभामा राजाको पक्ष लिनुपर्छ । आफूले जानेको भए पनि स्वामीले सोधेको कुरा इवास्सै नभन्नू, विस्तारै उत्तर दिनू- सेवकले राजाको अगाडि सदा साधारण भेष धारण गर्नुपर्छ । राजाको बोलावट भएमा हात जोरेर उभिइरहनू र उनको वचन सुनी स्वीकार गरेपछि आफ्नो मुख सानो रुमालले यसो छोपेर "उनको आज्ञा शिरोपर गरिसकेपछि आफ्नो कुरा भन्नुपर्छ । राजाको अगाडि उद्धत आसन गरेर नबस्नू त्यस्तै सोझै अगाडि पनि नबस्नू । बेसरी हाँस्नु, खोक्नु, थुक्न खोज्नु, कसैको निन्दा गर्नु, हाई हाई गर्नु, आँग तन्काउनु, औंला आदि पड्काउनु यी कुराहरू गर्नु हुँदैन र राजाबाट जहाँ बस्नू भन्ने आज्ञा हुन्छ प्रसन्न चित्त भै त्यहाँ नै बस्नुपर्छ ।

प्रवीणोचितमेधावी वर्जयेदभिमानताम् ।
आपद्युन्मार्गगमने कार्यकालात्ययेषु च ।।२२०।।

कुशल बुद्धिमान् पुरुषले जस्तोसुकै आपत्ति र खराब बाटो याने नराम्रो अवस्था पर्दा पनि राजाको भलो चाहनुपर्छ र अभिमान लिनु हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपृष्टोपि हित्वान्वेषी ब्रूयात् कल्याणभाषितम् ।
प्रियं तथ्यं च पथ्यं च वदेद्धर्मार्थकं वचः ।।२२१।।

राजाको कल्याण चाहने सेवकले सदा धर्मपूर्वकको प्यारो, साँचो र हित हुने कुरा देखेमा राजाले नसोधिएमा पनि स्वयं भन्नैपर्छ ।

समानवार्तया चापि तद्धितं बोधयेत् सदा ।
कीर्तिमन्यनृपाणां वा वदेन्नीतिफलं तथा ।।२२२।।

राजाको हित हुने कुरा देखेमा स्वयं जाहेर गर्न नसक्ने अवस्था भए-परेमा आफ्ना वा राजाका अरू सहयोगीसँग अरू राजाको नीति अथवा त्यसबाट हुने परिणाम भनी राजा-समीप पुर्‍याउने प्रयत्न गर्नुपर्छ । त्यो कुरा निम्न प्रकारको छ जस्तैः—

दाता त्वं धार्मिकः शूरो नीतिमानसि भूपते ।
अनीतिस्ते तु मनसि वर्तते न कदाचन ।।२२३।।
ये ये भ्रष्टा अनित्या ताँस्तदग्रे कीर्तयेत् सदा ।
नृपेभ्यो ह्यधिकोऽसीति सर्वेभ्यो न विशेषयेत् ।।२२४।।

हे महाराज ! हजूर दानी, धर्मात्मा, सुरो र नीतिपूर्वक काम गर्ने होइबक्सिन्छ र अनीति भन्ने कुरा हजूरको मनमा पनि उठ्न पाएको छैन, भन्दै नीतिबाट च्युत भएका राजाहरूको दृष्टान्त देखाउनू र तिनीहरूभन्दा नीतिज्ञ भएकोले हजूर अरूभन्दा श्रेष्ठ भइ-बक्सिन्छ भनी राजालाई बराबर नीतिको मार्ग देखाउनुपर्दछ ।

परार्थं देशकालज्ञो देशे काले च साधयेत् ।
परार्थनाशनं न स्यात् तथा ब्रूयात् तदैव हि ।।२२५।।

देश, काल, पात्र जान्ने सेवकले राजाको समक्ष देश, काल विचार गरी जसरी अर्काको प्रयोजनमा विघ्न पर्दैन त्यही उपाय गर्नुपर्छ ।

न कर्षयेत् प्रजाकार्यं मिषतश्च नृपः सदा ।
अपि स्थाणुवदासीत शुष्यन् परिगतः क्षुधा ।।२२६।।
नत्वेवानर्थसम्पन्नां वृत्तिमीहेत पण्डितः ।
यत्कार्ये यो नियुक्तः स्याद् भूयात् तत्कार्यतत्परः ।।२२७।।
नान्याधिकारमन्विच्छेन्नाभ्यसूयाच्च केनचित् ।
न न्यूनं लक्षयेत् कस्य पूरयीत स्वशक्तितः ।।२२८।।

राजाले भूलबाट पनि प्रजाको काममा सहसा उस्तै नपरी शक्तिको प्रयोग गर्नु हुँदैन । विद्वान्‌ले ठुटो झैं भोकले देह सुकोस्, अथवा प्राण-सङ्कटै परोस्, तर पनि खराब मार्गबाट आएको जीवन-वृत्ति लिनु बेस हुँदैन । जुन काममा जसलाई नियुक्त गरिन्छ त्यो व्यक्ति सदा त्यस कार्यमा तत्पर रहनुपर्छ र त्यस्तो व्यक्तिले अर्काको अधिकार भइरहेको पदवी ताक्नु पनि हुँदैन र अर्काको वृद्धि देखेर डाह गर्नु पनि हुँदैन र अरूको केही क्षति हुने देखेमा आफूमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तो निवारण गर्ने क्षमता छ भने वरु त्यस्तो कुरा पूरा गरिदिनुछ ।

परोपकरणादन्यन्नस्यान्मित्रकरं सदा ।
करिष्यामीति ते कार्यं न कुर्यात् कार्यलम्बनम् ॥२२९॥

उपकारभन्दा मित्र बनाउने अर्को सरल उपाय कुनै छैन र म तिम्रो काम अवश्य गरिदिउँला भनेर आश्वासन दिएपछि त्यस्तो काम पूरा गर्न विलम्ब गर्नु हुँदैन ।

द्राक् कुर्यात् तु समर्थश्चे त् साशं दीर्घं न रक्षयेत् ।
गुह्यं कर्म च मन्त्रं च न भर्तुस्संप्रकाशयेत् ॥२३०॥

राजसेवकले चाँडो गर्न सकिने काममा आस देखाएर हाल पर्ख भनेर धेरै समय लगाउनु हुँदैन र आफ्ना स्वामीको गुप्त मन्त्रणा र काम कसैलाई थाहा दिनु हुँदैन ।

विद्वेषं च विनाशं च मनसापि न चिन्तयेत् ।
राजा परममित्रोऽस्ति नकामं विचरेदिति ॥२३१॥

राजसेवकले कसैको पनि कामले त के मनले पनि झगडा उठ्ने र हानि हुने कुरा सोच्न हुँदैन र राजा मेरा खास मित्र बनेका छन् भन्ने विश्वास गरेर ढुक्क बनेर नहिंड्नू ।

स्त्रीभिस्तदर्थिभिः पापैर्वैरिभूतैर्निराकृतैः ।
एकार्थचर्यां साहित्यं संसर्गं च विवर्जयेत् ॥२३२॥

राजसेवकले राजाका आसपास रहने स्त्री, स्त्रीलम्पट, कुनै अपराध गरेर दण्डित भएको पुरुष, राजासँगै वैरभाव लिने व्यक्ति, राज्यबाट निकालिएको, यिनीहरूसँग एकान्त, वाद-विवाद, आउनु-जानु इत्यादि कुरा कहिल्यै गर्नु हुँदैन ।

वेषभाषानुकरणं न कुर्यात् पृथिवीपतेः ।
सम्पन्नोपि च मेधावी न स्पर्धेत च तद्गुणैः ॥२३३॥

विद्वान् मानिसले सम्पन्न छ तापनि राजाको वेषभूषाको नक्कल गर्नहुँदैन र राजाका गुणको डाह गर्न पनि हुँदैन ।

रागापरागौ जानीयाद्भर्तुः कुशलकर्मवित् ।
इङ्गिताकारचेष्टाभ्यस्तदभिप्रायतास्तथा ॥२३४॥

कुशल काम जान्ने मानिसले चेष्टा आकार र उनको इशाराबाट उनको खुशी भएको र रिसाएको अभिप्राय जानोस् ।

तद्दत्तवस्त्रभूषादिचिह्नं संधारयेत् सदा ।
न्यूनाधिक्यं स्वाधिकारकार्यो नित्यं निवेदयेत् ॥२३५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजाले दिएको वस्त्र-आभूषणआदि चिनो सधैं लाइरहनुपर्दछ र आफ्नो ओहदाको कामको घटी-वढी हुन आएमा जाहेर गरिरहनुपर्दछ ।

तदर्थां तत्कृतां वार्तां शृणुयाद्वापि कीर्तयेत् ।
चारसूचकदोषेण त्वन्यथा यद् वदेन्नृपः ॥२३६॥

सूचना दिने व्यक्ति र चारबाट नभएको कुरा सुनेर राजाले नभएको कुरा भनेमा त्यो र उनको प्रयोजन र उनको निमित्त भनेको कुरा सुन्नू र

शृणुयान्मौनमाश्रित्य तथ्यवन्नानुमोदयेत् ।
आपद्गतं सुभर्तारं कदापि न परित्यजेत् ॥२३७॥

त्यो सुनेर चूप लागेर वस्नू । यसै हो भनेर साँच्चै हो भने जस्तो गरी स्वीकार गर्नु हुँदैन र आपत् परेका स्वामीलाई कहिल्यै छोड्नु हुँदैन ।

एकवारमप्यसितं यस्यान्नं ह्यादरेण च ।
तदिष्टं चिन्तयेन्नित्यं पालकस्याञ्जसा न किम् ॥२३८॥

एकै पटक पनि जसको अन्न आदरपूर्वक खाइएको छ त्यसको सुखको विचार किन नगर्न अथवा अवश्य गर्नुपर्दछ ।

अप्रधानः प्रधानः स्यात् काले चात्यन्तसेवनात् ।
प्रधानोऽप्यप्रधानः स्यात् सेवालस्यादिना यतः ॥२३९॥

किनभने मौकामा खूब सेवा गर्नाले सामान्य मानिस पनि प्रधान वन्न सक्तछ र सेवा गर्न अल्छी गर्‍यो भने प्रधान मानिएको व्यक्ति पनि सामान्य व्यक्ति जस्तो वन्न जान्छ ।

नित्यं संसेवनरतो भृत्यो राज्ञः प्रियो भवेत् ।
स्वस्वाधिकारकार्यं यद् द्राक् कुर्यात् सुमना यतः ॥२४०॥

किनभने जुन सेवक सधैं आफूले गर्ने गर्नुपर्ने काममा तत्पर रहन्छ त्यो सेवक राजाको प्यारो हुन्छ । त्यस कारण आफ्ना अधिकारको काम खूब मन लाएर गर्नुपर्दछ ।

न कुर्यात् सहसा कार्यं नीचं राजाऽपि नोदिशेत् ।
तत्कार्यकारकाभावे राज्ञा कार्यं सदैव हि ॥२४१॥

राजाले कुनै काम पनि झट्ट गर्न हुँदैन र नीच व्यक्तिलाई काम गर्न लगाउन पनि हुँदैन, त्यस्तो काम गर्ने असल व्यक्ति नभए वरु राजाले आफै काम गर्नुपर्दछ ।

काले यदुचितं कर्तुं नीचमप्युत्तमोऽर्हति ।
यस्मिन् प्रीतो भवेद्राजा तदनिष्टं न चिन्तयेत् ॥२४२॥

र कुनै समयमा ठूला व्यक्तिबाट पनि सानो काम गराउनुपर्दछ र जुन व्यक्तिदेखि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा खुशी भएका छन् त्यस्ताको कहिल्यै पनि कुभलो चिताउन हुँदैन ।

न दर्शयेत् स्वाधिकारगौरवं तु कदाचन ।
परस्परं नाभ्यसूयुर्न भेदं प्राप्नुयुः कदा ॥२४३॥

आफूले पाएको अधिकारमा घमण्ड नगर्नू र राजाका समीपमा रहने मानिसहरूले परस्परमा निन्दा र भेद खोल्ने काम पनि गर्न हुँदैन ।

राज्ञा चाधिकृताः सन्तः स्वस्वाधिकारगुप्तये ।
अधिकारिगणो राजा सद्वृत्तौ यत्र तिष्ठतः ॥२४४॥
उभौ तत्र स्थिरा लक्ष्मीर्विपुला संमुखी भवेत् ।
अन्याधिकारवृत्तं तु नब्रूयाच्छ्रुतमप्युतः ॥२४५॥

राजाले यस-यसले यो यो काम गर्नू भनेर नियुक्त गरिएका अधिकारिवर्गको र राजाको जहाँ सदाचार कायम रहन्छ, त्यहाँ लक्ष्मी स्थिर र संमुख रहन्छिन् र कहिल्यै परामुङ्मुख हुन्नन् । सेवकले अरू अधिकारिवर्गको कुराको यथार्थ ज्ञान भए पनि देखे-जानेको भए पनि कुनै चासो लिएर त्यसमा बोल्नु उचित हुँदैन ।

राजा न शृणुयादन्यमुखतस्तु कदाचन ।
नबोधयन्ति च हितमहितं चाधिकारिणः ॥२४६॥

राजाले अरूको कुरो केवल अरूको मुखबाट सुनेको भरले मात्र पत्याउन हुँदैन । अधिकारिवर्गले हित हुने र अहित हुने कुरा यथार्थ बोध गराउन सक्तैनन् भने:—

प्रच्छन्नवैरिणस्ते तु दास्यरूपमुपाश्रिताः ।
हिताहितं न शृणोति राजा मन्त्रिमुखाच्च यः ॥२४७॥
स दस्युराजरूपेण प्रजानां धनहारकः ।
सुपुष्टव्यवहारा ये राजपुत्रैश्च मन्त्रिणः ॥२४८॥
विरुध्यन्ति च तैः साकं ते तु प्रच्छन्नतस्कराः ।
बाला अपि राजपुत्रा नावमान्यास्तु मन्त्रिभिः ॥२४९॥

तिनीहरू सेवकका रूपमा बसेका गुप्त वैरी हुन् र जुन राजा मन्त्रीहरूका मुखबाट हित र अहित हुने कुरा सुन्दैन, त्यो राजा केवल प्रजाको धन मात्र हरण गर्ने चोर जस्तो मात्र हो । जुन मन्त्री राजकुमारहरूसँग गंभीर व्यवहार गर्छन् ती सच्चा मन्त्री हुन् । र जुन मन्त्री राजकुमारहरूसँग विरोध गर्दछन्, तिनीहरू गुप्त रूपका चोर हुन् भनी जान्नू । मन्त्रीले राजकुमारहरू बालकै उमेरका भए पनि तिनीहरूको अपमान गर्नु हुँदैन ।

सदा सुबहुवचनैः संबोध्यास्ते प्रयत्नतः ।
असदाचरितं तेषां क्वचिद्राज्ञे न दर्शयेत् ॥२५०॥

राजकुमारलाई सदा सम्माननीय संबोधन (बोलाउने प्रक्रिया) बाट बोलाउनुपर्दछ र राजकुमारहरूले कुनै गल्ती गरिहाले भने त्यो कुरा भरसक राजालाई थाहा दिनु हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीपुत्रमोहो बलवाँस्तयोर्निन्दा न श्रेयसे ।
राज्ञो वश्यतरं कार्यं प्राणसंशयितं च तत् ।।२५१।।

स्त्रीमा र छोरामा मानिसको स्नेह ज्यादा बलवान् हुन्छ । तसर्थ (राजाका) तिनीहरूको निन्दा गर्नु कल्याणकारक हुँदैन । प्राण जाने शंका उपस्थित भए पनि राजसेवकले त्यस्तो काम गर्न छोड्न हुँदैन ।

आज्ञापयाग्रतश्चाहं करिष्ये तत्तु निश्चितम् ।
इति विज्ञाप्य तत्कर्तुः प्रयतेत स्वशक्तितः ।।२५२।।

त्यस्तो काम परिआएमा राजसेवकले म अगाडि नै छु आज्ञा पाऊँ भनेर राजालाई बिन्ती चढाई आफ्नो शक्तिअनुसार चाँडै त्यो काम गर्न प्रयत्न गर्नुपर्दछ ।

प्राणानपि च संदद्यान्महत्कार्ये नृपाय च ।
भृत्यः कुटुंवपुष्ट्यर्थं नान्यथा तु कदाचन ।।२५३।।

राजसेवकले राजाको ठूलो काममा ज्यान दिनुपर्छ भने पनि दिनू, त्यस्तै कुटुम्बका निमित्त पनि दिनुपर्दछ अरूका निमित्तमा ज्यान दिने कुरा मनासिब छैन ।

भृत्या धनहराः सर्वे युक्त्या प्राणहरो नृपः ।
युद्धादौ सुमहत्कार्ये भृत्यप्राणान् हरेन्नृपः ।।२५४।।

नोकरीबाट सेवकहरू धनहरण गर्ने हुन्छन् र लडाइँ जस्ता ठूला ठूला काममा राजाले सेवकको प्राण पनि हरण गर्दछ ।

नान्यथा भृतिरूपेण भृत्यो राजधनं हरेत् ।
अन्यथा हरतस्तौ तु भवतश्च स्वनाशकौ ।।२५५।।

सेवकले राजाको धन तलबको रूपमा हरण गर्दछ । तलब बेगर राजाको धन हरण गर्ने सेवक र लडाइँ बेगर सेवकको ज्यान लिने राजा यी दुवै स्वयं नाश हुने हुन्छन् ।

राजानु युवराजस्तु मान्योऽमात्यादिकैः सदा ।
तन्न्यूनामात्यनवकं तन्न्यूनाधिकृतो गणः ।।२५६।।

मन्त्रीहरूले राजालाई जत्तिकै युवराजलाई मान्नुपर्दछ । त्यसभन्दा अलिकति कम नौ मन्त्रीहरूको समूह हुन्छ र त्यसभन्दा मनि अरू अधिकारिवर्ग रहन्छन् ।

मन्त्रितुल्यश्चायुतिको न्यूनः साहस्रिको मतः ।
न क्रीडयेद्राजसमं क्रीडिते तं विशेषयेत् ।।२५७।।

दश हजारको अधिपति मन्त्री बराबरको भनिन्छ र त्यसभन्दा मनि हजारको अधिपतिको स्थान रहन्छ । राजासँग खेलबाड गर्न हुँदैन, खेलबाड गर्नुपर्‍यो भने त्यसमा उनलाई जिल्ने बनाई सम्मान गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नावमान्या राजपत्नी कन्याद्यपि च मंत्रिभिः ।
राजसंबन्धिनः पूज्याः सुहृदश्च यथार्थाहतः ।।२५८।।

महारानी र राजकुमारीहरूलाई पनि मन्त्रीहरूले सदा सम्मान गर्नुपर्दछ र राजाका सम्वन्ध भएका (नातादार) हरुलाई पनि सम्मान गर्नुपर्दछ । राजाका मित्रहरूलाई भने यथायोग्य सम्मान गर्नुपर्छ ।

नृपाहूतस्तुरं गच्छेत् त्यक्त्वा कार्यशतं महत् ।
मित्रायापि न वक्तव्यं राजकार्यं सुमन्त्रितम् ।।२५९।।

राजाले बोलाएमा आफ्ना ठूला सयौं कामहरू छोडेर पनि तुरुन्त जानुपर्दछ । विशेष प्रकारबाट निश्चय गरेको राजाको कुरा आफ्ना मित्रलाई पनि भन्नु हुँदैन ।

भृतिं विना राजद्रव्यमदत्तं नाभिलोलषयेत् ।
राजाज्ञया विना नेच्छेत् कार्यमाध्यास्थिकीं भृतिम् ।।२६०।।

राजाले नदिईकन आफ्ना तलवभन्दा बढी पाउने अभिलाषा गर्न हुँदैन । राजाको आज्ञाविना माध्यस्थिकी भत्ताको पनि इच्छा नगर्नू ।

न निहन्या द्रव्यलोभात् सत्कार्यं यस्य कस्यचित् ।
स्वस्त्रीपुत्रधनप्राणैः काले संरक्षयेन्नृपम् ।।२६१।।

पैसाको लोभले जोसुकैको पनि साँचो काम वरवाद गर्न हुँदैन र मौकामा आफ्ना स्त्री, पुत्र, धन र प्राण दिएर पनि राजाको रक्षा गर्नुपर्दछ ।

उत्कोचं नैव गृह्णीयान्नान्यथा बोधयेन्नृपम् ।
अन्यथा दण्डकं भूपं नित्यं प्रबलदण्डकम् ।।२६२।।
निगृह्य बोधयेत् सम्यगेकान्ते राज्यगुप्तये ।
हितं राज्ञश्चाहितं यल्लोकानां तत्र कारयेत् ।।२६३।।

घूस नलिनू, राजालाई नभएको बनावटी कुरा नभन्नू र जथाभावी सजाय दिने र ज्यादा कठोर सजाय दिइरहने राजालाई राज्यको रक्षा होस् भन्नाका निमित्त एकान्त पारेर सम्झाउनुपर्दछ । लोकको हित हुँदैन भने पनि राजालाई हित हुने कुरा गर्नैपर्दछ ।

नवीनकरशुल्कादेर्लोक उद्विजते ततः ।
गुणनीतिबलद्वेषी कुलभूतो प्यधार्मिकः ।।२६४।।

नयाँ नयाँ कर (सजाय) (शुल्क र महसूल) लगाएर दुनियाँलाई दुःख दिने र गुणी, नीतिज्ञ पुरुष र फौजसँग द्वेष गर्ने राजा उच्च कुलमा जन्मेको भए पनि अधर्मी भनिन्छ ।

नृपो यदि भवेत्तं तु त्यजेद्राष्ट्रविनाशकम् ।
तत्पदे तस्य कुजजं गुणयुक्तं पुरोहितः ।।२६५।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकृत्यनुमतिं कृत्वा स्थापयेद्राज्यगुप्तये ।
सास्त्रो दूरं नृपात्तिष्ठेदस्त्रपाताद्बहिः सदा ॥२६६॥

आफ्नै राष्ट्रको नाश गर्ने राजालाई पुरोहितले उसको ठाउँमा उसैको वंशमा जन्मेको गुणी व्यक्तिलाई जनताको सल्लाह लिएर राष्ट्रको निमित्त राजगद्दीमा राख्नुपर्दछ । अस्त्रधारी पुरुष अस्त्र खस्ला लाग्ला भनी राजाबाट टाढा अथवा राजा भएको ठाउँबाट केही बाहिरपट्टि बस्नुपर्दछ ।

सशस्त्रो दशहस्तं तु यथानिष्टं नृपप्रियाः ।
पञ्चहस्तं वसेयुर्वै मन्त्रिणो लेखकाः सदा ॥२६७॥

राजाका प्यारा भएका शस्त्रधारी पुरुषहरू राजाभन्दा दश हात टाढा अथवा राजाले भनेको ठाउँमा बस्नुपर्दछ । मन्त्री र लेखक पाँच हात टाढा रहनुपर्दछ ।

सेनपस्तु विनानैव सशस्त्रास्त्रो विशेत् सभाम् ।
पुरोहितः श्रेष्ठतरः श्रेष्ठ सेनापतिः स्मृतः ॥३६८॥

सेनापतिबाहेक अरूले राजाको समीपमा जाँदा हात-हतियार लिएर जानु हुँदैन । पुरोहित पदवी सर्वोत्तम र सेनापति पदवी उत्तम मानिएको छ ।

समः सुहृच्च संबन्धी ह्युत्तमा मंत्रिणः स्मृताः ।
अधिकारिगणो मध्योऽधमौ दर्शक-लेखकौ ॥२६९॥

मित्र र सम्धी उत्तम पनि हैनन् बराबर (कक्षाका) मानिन्छन् । मन्त्रीलाई उत्तम र अधिकारिवर्ग मध्यम र दर्शक (चार) र लेखक निम्न कक्षाका मानिन्छन् ।

ज्ञेयाधमतमो भृत्यः परिचारगणः सदा ।
परिचारगणान्न्यूनो विज्ञेयो नीचसाधकः ॥२७०॥

दास र टहलुवा निम्नतम पदवीका हुन् र परिचारगणभन्दा पनि नीच कर्म गर्ने व्यक्ति अधम हो भनेर जान्नू ।

पुरोगमन मुत्थानं स्वासने सन्निवेसनम् ।
कुर्यात् सुकुशलप्रश्नं क्रमात्सुस्मितदर्शनम् ॥२७१॥
राजा पुरोहितादीनां त्वन्येषां स्नेहदर्शनम् ।
अधिकारिगणादीनां सभास्थश्च निरालसः ॥२७२॥

राजा र पुरोहित (पुरेत) समीपमा आउँदा हत्तरपत्त अगाडि पुग्नु, राम्रो आसनमा राख्नु, कुशल समाचार सोध्नु र उज्यालो चेहरा लाएर हेर्नुपर्दछ । अरूलाई राम्रो तवरले हेरे पनि हुन्छ सभामा बस्ता पनि मान्यजन आएमा अल्छी नगरी यस्तै तरहले आदर गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्यावत्सु शरच्चन्द्रो निदाघार्को द्विषत्सु च ।
प्रजासु च वसन्तार्क इव स्यात् त्रिविधो नृपः ॥२७३॥

विद्वान्हरूउपर शरद् ऋतुका चन्द्रमा जस्ता, शत्रुहरूउपर ग्रीष्म ऋतुका सूर्य समान र प्रजाहरूउपर वसन्त ऋतुका सूर्यसमान यस प्रकार राजा तीन प्रकारका मानिएका छन् ।

यदि ब्राह्मणभिन्नेषु मृदुत्वं धारयेन्नृपः ।
परिभवन्ति तं नीचा यथा हस्तिपका गजम् ॥२७४॥

शुन राजा ब्राह्मणबाहेक अरू जातिहरूमा ज्यादै नरमपना लिइरहन्छ भने माहुतेले हात्तीलाई वश गरेझैं अरूले त्यसलाई वशमा पार्छन्

भृत्याद्यैर्यन्न कर्तव्याः परिहासाश्चक्रीडनम् ।
अपमानास्पदे ते तु राज्ञो नित्यं भयावहम् ॥२७५॥

राजाले सेवकहरूसँग हँसी ठट्टा गर्नु हुँदैन। तिनीहरूको पनि तिरस्कार हुन जाँदा राजालाई डर आइपर्छ ।

पृथक् पृथक् ख्यापयन्ति स्वार्थसिद्ध्यै नृपाय ते ।
स्वकार्ये गुणवक्तृत्वात् सर्वे स्वार्थपरा यतः ॥२७६॥

आफ्ना आफ्ना प्रयोजन सिद्ध गर्नाका निमित्त पनि ती अभिमानी पुरुषहरू हुँदो नहुँदो भन्दछन्, किनभने सबै व्यक्ति स्वार्थी हुन्छन् र आफ्ना काममा गुणै गुण छ भनेर तिनीहरू व्याख्या गर्छन् ।

विकल्पं तेवमन्यन्ते लंघयन्ति च तद्वचः ।
राजभोज्यानि भुञ्जन्ति नतिष्ठन्ति स्वके पदे ॥२७७॥

तिनीहरू अपमानको भेदबाट अनेक प्रकारले तिरस्कार गर्दछन् र राजाले उपभोग गर्ने वस्तुहरूको स्वयं उपभोग गरी आफ्ना स्थानमा रहँदैनन् ।

विस्रंसयन्ति तन्मन्त्रं विवृण्वन्ति च दुष्कृतम् ।
भवन्ति नृपवेषा हि वञ्चयन्ति नृपं सदा ॥२७८॥

तिनीहरू (अपमानित सेवकहरू) राजाको गुप्त मन्त्रणा प्रकाश गर्दछन् र राजाका गोप्य खराबीहरु भन्दै हिंड्छन् र राजा जस्तै बनेर राजालाई ठग्दछन् ।

तत्स्त्रियं सज्जयन्तिस्म राज्ञि क्रुद्धे हसन्ति च ।
व्याहरन्ति च निर्लज्जो हेलयन्ति नृपं क्षणात् ॥२७९॥

त्यस्ता तिनीहरू रानीहरूसँग मिल्दछन् र राजा रिसाएमा हँसी गर्छन् अदब नराखी बोल्दछन् र राजाको अपमान गर्दछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आज्ञामुल्लंघयन्तिस्म नभयं यान्त्यकर्मणि ।
एते दोषाः परीहासक्षमा क्रीडोद्भवा नृपे ॥२८०॥

(राजाले हँसी ठट्टा गर्दा मन-पेट पाएका) ती सेवकहरू राजाको आज्ञा पनि उल्लंघन गर्छन् र खराव काम गर्न पनि डराउँदैनन् अतः यी माथि भनिएका दोषहरू नोकर-सँग हँसी ठट्टा गर्दा राजामा आइपर्छन् ।

नकार्यंभृतकः कुर्यान्नृपलेखाद्विना क्वचित् ।
नाज्ञापयेल्लेखनेन विनाल्पं वा महन्नृपः ॥२८१॥

राजाको लिखित आज्ञाविना सेवकले त्यसै जान्ने भएर काम गर्न हुँदैन र राजले पनि सानोतिनो काममा पनि लिखित आज्ञा दिनुपर्छ । लेखविना आज्ञा नगरोस् ।

भ्रान्ते पुरुषधर्मत्वाल्लेख्यं निर्णायकं परम् ।
अलेख माज्ञापयति ह्यलेख्यं यत्करोति यः ॥२८२॥
राजकृत्यमुभौ चोरौ तौ भृत्यनृपती सदा ।
नृप संचिह्नितं लेख्यं नृपस्तन्न नृपो यतः ॥२८३॥

भूल हुनु मानिसको धर्म हो, यस कारण लेख नै पक्का निर्णय गर्ने हुन्छ । नलेखी-कन कामको आज्ञा दिने राजा र लेख नपाई त्यसै काम गर्ने सेवक यी दुवै(राजा र सेवक) चोर हुन् । राजमुद्रा (राजाको छाप) भएको लेख (कागज) नै राजा हो केवल राजा नै राजा हैन ।

समुद्रं लिखितं राज्ञो लेख्यं तच्चोत्तमोत्तमम् ।
उत्तमं राजलिखित मध्यं मन्त्र्यादिभिः कृतत् ॥२८४॥

राजाले लेखेको, राजाको छाप भएको जुन लेख छ त्यो उत्तमोत्तम लेख भनिन्छ र मन्त्रीहरूले लेखेको लेख (कागज) मध्यम भनिएको छ ।

पौरलेख्यं कनिष्ठं स्यात् सर्वसंसाधनक्षमम् ।
यस्मिन् यस्मिन् हि कृत्ये तु राज्ञा योधिकृतो नरः ॥२८५॥
सामान्ययुवराजादि यथानुक्रामतश्च सः ।
दैनिकं मासिकं वृत्तं वार्षिकं बहुवार्षिकम् ॥२८६॥
तत्कार्यजातलेख्यं तु राज्ञे सम्यक् निवेदयेत् ।
राजाद्यं कृतलेख्यस्य धारयेत् स्मृतिपत्रकम् ॥२८७॥

पुरवासीको लेख निम्न भनिन्छ । जुन सम्पूर्ण साधनले योग्य छ, जुन जुन काममा राजालेजस-जसलाई अधिकार दिएको छ त्यस्ता व्यक्ति र मन्त्रीसहित युवराजले क्रमशः दैनिक, मासिक, वार्षिक र वहुवार्षिक कुराहरू र तिनीहरूका विषयमा भएका लिखित पत्र-हरू राजालाई निवेदन गर्न । राजाको छाप लगाइएको स्मृतिपत्र पनि जतनसँग राख्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कालेऽतीते विस्मृतिर्वा भ्रान्तिः संजायते नृणाम् ।
अनुभूतस्य स्मृत्यर्थां लिखितं निर्मितम् पुरा ॥२८८॥

धेरै समय व्यतीत भएपछि मान्छेबाट भ्रम अथवा भूल हुन्छ यस कारण पहिले व्यवहारमा अनुभव भएको कुरा सम्झनका लागि पहिलेदेखि नै लेख (कागत) को चलन चलाएको हो

यत्नाच्च ब्रह्मणा वाचां वर्णस्वरविचिह्नितम् ।
वृत्तलेख्यं तथा चाय व्यय लेख्य मिति द्विधा ॥२८९॥

ब्रह्माले स्वरवर्णयुक्त वाणीको लेखको वृत्तान्त लेख्ने पहिलो र दोस्रो आय–व्यय लेख्ने प्रक्रिया गरी लेखनकला २ प्रकारको गराउनुभएको छ ।

व्यवहारक्रिया भेदा दुभयं बहुतांगतम् ।
यथो पन्यस्त साध्यार्थसंयुक्तं सोत्तरक्रियम् ॥२९०॥
सावधारणकं चैव जयपत्रक मुच्यते ।
सामन्तेष्वथ भृत्येषु राष्ट्रपालादिकेषु यत् ॥२९१॥
कार्य मादिश्यते येन तदाज्ञापत्र मुच्यते ।
ऋत्विक्पुरोहिताचार्य मन्येष्वभ्यर्चितेषु च ॥२९२॥
कार्यं निवेद्यते येन पत्रं प्रज्ञापनं हि तत् ।
सर्वे श्रृणुत कर्तव्य माज्ञया मम निश्चिमम् ॥२९३॥
स्वहस्तकालसम्पन्नं शासनं पत्रमेव तत् ।
देशादिकं यस्य राजा लिखितेन प्रयच्छति ॥२९४॥

व्यवहार र कामका भेदले वृत्तान्त र आय-व्यय लेख्ने तरीकाको फैलावट भयो । आज्ञाको अनुकूल कर्तव्यको अर्थ भएको, अगाडि गर्नुपर्ने कर्तव्यको निर्देशन गरिएको, पक्का नै जितबाजी हुन्छ भनेर लेखाएको पत्रलाई जयपत्र भनिन्छ । सामन्त, सेवक, राष्ट्रपालहरूमा कामको आज्ञा दिएर लेख्ने पत्रलाई आज्ञापत्र भनिन्छ । ऋत्विक्, पुरोहित, आचार्य, अरू मान्य-जनहरूलाई कुनै काम भन्ना लेखिने पत्रलाई प्रज्ञापन पत्र भनिन्छ र मेरो आज्ञाले सबैले आफ्नो कर्तव्य सुन भनी समय-समयमा निश्चय गरेर राजाले आफैले लेखे र देशलाई संशोधन गर्ने पत्रलाई शासन-पत्र भन्दछन् ।

सेवाशौर्यादिभिस्तुष्टः प्रसादलिखितं हि तत् ।
भोगपत्रं तु करदीकृतं चोपायनीकृतम् ॥२९५॥

राजाले सेवा र वीरताले खुशी भएको अवस्थामा लेखिने पत्रलाई तोषपत्र भन्दछन् तुरुन्तै भोगचलन गर्न हातमा दिएको पत्र र केही बकस दिन लेखिने पत्रलाई भोगपत्र भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरुषावधिकं तत् तु कालावधिकमेव वा
विभक्ता ये च भ्रात्राद्याः स्वरुच्या तु परस्परम् ॥२९६॥
विभागपत्रं कुर्वीत भागलेख्यं तदुच्यते ।
गृहभूम्यादिकं दत्त्वा पत्रं कुर्यात् प्रकाशकम् ॥२९७॥

त्यो बकसपत्र पनि त्यो पाउने मानिस बाँचेसम्म र जुगाँजुगसम्मको पनि हुन्छ र आफ्नै खुशीबाट भाइहरू छुट्टिएर जुन पत्र (कागत) गर्छन् त्यसलाई भागलेख्य (बंडापत्र) भनिन्छ । घर र जमीन दान दिएर प्रकाश गरिने पत्रलाई—

अनाच्छेद्यमनाहार्यं दानलेख्यं तदुच्यते ।
गृहक्षेत्रादिकं क्रीत्वा तुल्यमूल्यप्रमाणयुक् ॥२९८॥
पत्रं कारयते यत् यत् क्रयलेख्यं तदुच्यते ।
जंगमस्थावरं बद्धं कृत्वा लेख्यं करोति यत् ॥२९९॥
ग्रामो देशश्च यत् कुर्यात् सत्यलेखं परस्परम् ।
राजा विरोधिधर्मार्थी संवित्पत्रं तदुच्यते ॥३००॥

दानपत्र भनिन्छ र त्यो पत्र बलियो र कसैले दावी गर्न नपाउने हुनुपर्छ । मोल-तोल गरी प्रमाणपूर्वक घर-खेत किन्दा गरिने पत्रलाई क्रयलेख भनिन्छ । चलअ-चलको सुक्री-विक्री गरी त्यसको थिरताप्राप्तिको लागि गरिने कागतलाई र धर्मपूर्वकको राजाको विरुद्ध नहुने गरी गाउँ र देशले परस्पर गरिने साँचो व्यवहारको पत्रलाई संवित्पत्र भनिन्छ ।

वृध्द्याधनं गृहीत्वा तु कृतं वा कारितं च यत् ।
ससाक्षिमच्च तत्प्रोक्तमृणलेख्यं मनीषिभिः ॥३०१॥

ब्याज लिने गरी धन दिएर गरिने वा गराइने र साछीसमेत रहेको त्यस्तो कागजलाई विद्वान्ले ऋणलेख्य (ऋणपत्र) भनेका छन् ।

अभिशापे समुत्तीर्णे प्रायश्चित्ते कृते बुधैः ।
दत्तं लेख्यं साक्षिमद्यच्छुद्धिपत्रं तदुच्यते ॥३०२॥

लोकको निन्दाबाट छुटकारा पाएपछि विद्वान्हरूले प्रायश्चित्त गरेपछि पंडित-हरूबाट दिएको साछीहरू भएको त्यस कागतलाई शुद्धिपत्र (पतिया) भनिन्छ ।

मेलयित्वा स्वधनांशान् व्यवहाराय साधकाः ।
कुर्वन्ति लेखपत्रं यत् तच्च सामयिकं स्मृतम् ॥३०३॥

आफ्नो आफ्नो धनको भाग मिसाएर कुनै व्यवहारसिद्धिको लागि गरिने पत्रलाई सामयिक पत्र भनिएको छ ।

सभ्याधिकारिप्रकृतिसभासद्भिर्नयः कृतः ।
तत्पत्रं वादिमान्यंचेज्ज्ञेयं संमतिपत्रकम् ॥३०४॥

सभाको अधिकार पाएको व्यक्तिले सभामा प्रजाको हितका निमित्त अरू सभा-सदस्य-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरूको सम्मतिबाट निर्णय गरिएको पत्रमा वक्ताको मान्यता छ भने त्यो पत्र सम्मतिपत्र भनिन्छ ।

स्वकीयवृत्तज्ञानार्थं लिख्यते यत् परस्परम् ।
श्रीमङ्गलपदाद्यं वा सपूर्वोत्तरपक्षकम् ॥३०५॥
असन्दिग्धमगूढार्थां स्पष्टाक्षरपदं सदा ।
अन्यव्यावर्तकस्वात्मपरपित्रादिनामयुक् ॥३०६॥
एकद्विबहुवचनैर्यथार्हस्तुतिसंयुतम् ।
समामासतदर्धाहर्नामजात्यादिचिन्हहितम् ॥३०७॥
कार्यबोधिसुसंबन्धं नत्याशीर्वादपूर्वकम् ।
स्वाम्यसेवकसेव्यार्थं क्षेमपत्रं तु तत् स्मृतम् ॥३०८॥

आफ्नो व्यवहार ज्ञान गर्नाको लागि परस्परमा लेखिने सबभन्दा पहिले श्री अथवा स्वस्ति आदि मङ्गल पदहरू भएको, प्रश्न र उत्तर भएको, दोधारे कुरा नभएको, जान्न नसकिने कुरा पनि नभएको, प्रष्ट पद र अक्षर भएको, अरूको व्यावर्तका निमित्तको तथा आफ्नै लागि वा अरूका लागिको मात्र बाबु आदिको नाम लेखिएको जो जुन प्रकारको छ त्यसलाई त्यस्तै प्रकारको आदर गरिएको एकवचन द्वि वचन बहुवचनको प्रयोग गरिएको, वर्ष महीना पक्ष दिन नाम जाति आदि तोकिएको, राम्रो सम्बन्धयुक्त कुरो बुझाउने नमस्कार आशीर्वाद (यथायोग्य) को प्रयोग गरिएको स्वामी र सेवकबीचमा सेवाका निमित्त लेखिने पत्रलाई क्षेमपत्र भनिन्छ ।

एभिरेव गुणैर्युक्तं स्वाधर्षकविबोधकम् ।
भाषापत्रं तु तज्ज्ञेयमथवा वेदनार्थकम् ॥३०९॥

यिनै (उपर्युक्त) गुणले सहित आफ्ना दुखः बुझाउने अथवा वेदनाबाट लेखिने पत्रलाई भाषापत्र भनी जान्नू ।

प्रदर्शितं वृत्तलेख्यं समासाल्लक्षणान्वितम् ।
समासात्कथ्यते चान्यच्छेषाय व्ययबोधकम् ॥३१०॥

व्यवहार लेख्ने कुरा छोटकरीमा भनियो । अब बाँकी आय व्यय (आमदानी, खर्च) बुझाउने कुरा संक्षेपमा भनिन्छ ।

व्याप्यव्यापकभेदैश्च मूल्यमानादिभिः पृथक् ।
विशिष्टसंज्ञितैस्तद्धि यथार्थैर्बहुभेदयुक् ॥३११॥
वत्सरे वत्सरे वापि मासि मासि दिने दिने ।
हिरण्यपशुधान्यादि स्वाधीनं चायसंज्ञकम् ॥३१२॥

व्याप्यव्यापक (न्यूनाधिक) भेद तथा तौल प्रमाण आदिमा विशिष्ट भएको र यथार्थ (जस्ताको तस्तो) र अनेक प्रकारको भेदले युक्त भएको तथा वर्ष वर्ष, महीना महीना र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन-दिनमा (विक्री हुने) पशु अन्न आदि द्रव्य आफ्नो अधीन राख्ने कुरालाई स्वाधीन आय (निजी आमदानी) भनिन्छ ।

पराधीनं कृतं यत्तु व्ययसंज्ञं धनं च तत् ।
साधकश्चैव प्राचीन आयः संचितसंज्ञकः ॥३१३॥

अर्कामा दिनुपर्ने धनलाई व्यय (खर्च) भनिन्छ र वर्तमान तथा प्राचीन आमदानी लाई संचित भनिन्छ ।

व्ययो द्विधा चोपभुक्तस्तथा विनिमयात्मकः ।
निश्चितान्यस्वामिकश्चानिश्चितस्वामिकस्तथा ॥११४॥

खर्च दुई प्रकारको हुन्छ एउटा भोग गरिने र दोस्रो अर्कालाई दिइने । पहिला संपतिको मालिक तोकिएको र नतोकिएको दोस्रो भने संचित धन भनिएको छ ।

स्वस्वत्वनिश्चितं चेति त्रिविधं संचितं गतम् ।
निश्चितान्यस्वामिकं यद्धनं तु त्रिविधं हि तत् ॥३१५॥

र तेस्रो आफ्नो हक निश्चय भएको र अर्काको हो भन्ने निश्चय भएको धन तीन प्रकारको हुन्छ भनिएको छ ।

औपनिध्यं याचितकं मौत्तमर्णिकमेव च
विस्रंभान्निहितं सद्भिर्यदौपनिधिकं हि तत् ॥३१६॥

१ औपनिध्य, २ याचितक, ३ औतमर्णिक धन (संपत्ति) तीन प्रकारको हुन्छ । त्यसमा विश्वासले सज्जन पुरुषमा राखिएको धनलाई औपनिधिक धन भनिन्छ ।

अवृद्धिकं गृहीतान्यालंकारादि च याचितम् ।
सवृद्धिकं गृहीतं यद्दणं तच्चौत्तमर्णिकम् ॥३१७॥

ब्याज नलिएर गहना लिनेलाई याचित (धन) भनिन्छ र व्याज दिने गरी लिएको ऋणलाई औत्तमर्णिक भनिन्छ ।

निध्यादिकं च मार्गादौ प्राप्तमज्ञातस्वामिकम् ।
साहजिकं चाधिकं च द्विधा स्वस्वत्वनिश्चितम् ॥३१८॥

धनको मालिक थाहा नभएको, खानी तथा बाटामा प्राप्त भएको, स्वाभाविक र वृद्धि (ब्याज) बाट प्राप्त भएको गरी दुई प्रकारको धन हुन्छ भनी निर्णय गरिएको छ ।

उत्पद्यते यो नियतो दिने मासि च वत्सरे ।
आयः साहजिकः सैव दायाद्यश्च स्ववृत्तितः ॥३१९॥

नियमले दिन, महीना, वर्षमा उत्पन्न भएको आय (आमदानी) साहजिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनिन्छ र यो धन आफ्नो वृत्तिबाट हुने भएकोले यसमा भाइहरूको भाग लाग्दछ ।

दायः परिग्रहो यत् तु प्रकृष्टं तत्स्वभावजम् ।
मौल्याधिक्यं कुसीदं च गृहीतं याजनादिभिः ॥३२०॥

उत्तम परिग्रहबाट मिलेको धन स्वभावज भनिन्छ र नाफा भएर आएको कृषिबाट आएको र यज्ञ गरेर आएको तथा

पारितोष्यं भृतिप्राप्तं विजिताद्यं धनं च यत् ।
स्वस्वत्वाधिकसंज्ञं तदन्यत् साहजिकं स्मृतम् ॥३२१॥

पुरस्कार तलबबाट आएको धन आफ्नो धनभन्दा अधिक भनिन्छ यसभन्दा बाहेक अरू कुराबाट प्राप्त भएको धनलाई साहजिक भनिन्छ ।

पूर्ववत्सरशेषं च वर्तमानाब्दसंभवम् ।
स्वाधीनं सञ्चितं द्वेधा धनं सर्वं प्रतिष्ठितम् ॥३२२॥

पहिलेका वर्षको बाँकी रहेको र अहिलेका वर्षको आफ्ना अधीनको धनलाई सञ्चित भनिन्छ । त्यस्तो सबै धन दुई प्रकारको भनी मानिएको छ ।

द्वैधाधिकं साहजिकं पार्थिवेतरभेदतः ।
भूमिभागसमुद्भूत आयः पार्थिव उच्यते ॥३२३॥

पृथिवीसम्बन्धी र त्यसभन्दा अर्को प्रकारको गरी अधिक दुई प्रकारको छ, र जुन आमदानी पृथिवीबाट पाइन्छ त्यो पार्थिव भनिन्छ ।

सदैव कृत्रिमजलैर्देशग्रामपुरैः पृथक् ।
बहुमध्याल्पफलतो भिद्यते भुवि भागतः ॥३२४॥

निर्मित जल (नहर) कुवा आदिबाट र देश, गाउँ, नगरबाट प्रशस्त मध्यम निम्न भेद विभागले त्यो पार्थिव आमदानी धेरै प्रकारको हुन्छ ।

शुल्कदंडाकरकरभाटकोपायनादिभिः ।
इतरः कीर्तितस्तज्ज्ञैरायो लेखविशारदैः ॥३२५॥

महसूल, जरीबाना, खानी, भेट (उपायन) बाट जो आमदानी हुन्छ, त्यस आमदानीलाई कुशल लेखक इतर आय भन्दछन् ।

यन्निमित्तो भवेदायो व्ययस्तन्नामपूर्वकः ।
व्ययश्चैवं समुद्दिष्टो व्याप्यव्यापकसंयुतः ॥३२६॥

जुन प्रकारले आयो, त्यही प्रकारले खर्च गरिने खर्च व्याप्य व्यापक भेदबाट दुई प्रकारको मानिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुनरावर्तक : स्वत्वनिवर्तक इति द्विधा ।
व्ययो यन्निध्युपनिधिकृतो विनिमयैर्वृतः ।।३२७।।

फेरि आउने १ प्रकार र आफ्नो अस्तित्व नरहने (गएको गयै हुने) र निधि, उपनिधि र विनिमयका भेदले खर्च पनि दुई प्रकारको छ ।

सुकुसीदा कुसीदाधमर्णिकश्चावृतः स्मृतः ।
निधिभूमौ विनिहितोन्यस्मिन्नुपनिधिः स्थितः ।।३२८।।

ब्याजसहित लिने गरी वा विनाब्याज दिएको ऋण आवृत (फेरि आउने) भनिन्छ । पृथिवीमा गाडिएको र अर्को मानिसको साथमा राखिएको धनलाई उपनिधि भनिन्छ । (यस प्रकार उपनिधि आय-विनिमय (सट्टापट्टा) भेदले तीन प्रकारको मानिएको छ ।)

दत्तमूल्यादिसंप्राप्तः स वै विनिमयीकृतः ।
वृध्या वृध्या च यो दत्तो स वै स्यादाधमर्णिकः ।।३२९।।

दिएको मूल्यबाट प्राप्त हुनेलाई विनिमय भनिन्छ र ब्याज लिएर र ब्याज बाहेक अरू जो दिइन्छ त्यो आधमर्णिक भनिन्छ ।

सवृद्धिकमृणंदत्तमकुसीदं तु याचितम् ।
स्वत्वं निवर्तको द्वेधा त्वैहिकः पारलौकिकः ।।३३०।।

ब्याज लिने गरी दिएको, धनलाई ऋण र ब्याज नलिने गरी दिएको धनलाई याचित (मागेको, सापटी) भनिन्छ र यस लोकमा र परलोकमा भनेर गरिने गरी खर्च दुई प्रकारको हुन्छ ।

प्रतिदानं पारितोष्यं वेतनं भोग्यमैहिकः ।
चतुर्विधस्तथा पारलौकिकोनन्तभेदभाक् ।।३३१।।

कसैले केही दिएमा त्यसको बदलामा दिनु, पुरस्कार तलब र भोग गरिने यस्तो चार प्रकारको यस लोकको भोग्य विषय हुन्छ र परलोकमा भोग गर्ने पारलौकिक भोग त अनेक प्रकारको हुन्छ ।

शेषे संयोजयेन्नित्यं पुनरावर्तको व्ययः ।
मूल्यत्वेन च यद्दत्तं प्रतिदानं स्मृतं हि तत् ।।३३२।।

बाँकी रहेको (आयमा) सधैं जम्मा भएको आय जोड्नुलाई पुनरावर्तक खर्च भनिन्छ र कुनै माल दिएर त्यसबापत भएको दिने विषयलाई प्रतिदान भन्दछन् ।

सेवाशौर्यादिसंतुष्टैर्दत्तं तत्पारितोषिकम् ।
भृतिरूपेण संदत्तं वेतनं तत्प्रकीर्तितम् ।।३३३।।

सेवा र शूरवीरताबाट खुशी भएर जो दिइन्छ, त्यसलाई पारितोषिक (पुरस्कार).

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनिन्छ र जुन भृति (भत्ता वा तलब) को रूपमा दिइन्छ, त्यसलाई वेतन (तलब) भनिन्छ ।

धान्यं वस्त्रगृहारामगोगजादिरथार्थकम् ।
विद्याराज्याद्यर्जनार्थं धनाप्त्यर्थं तथैव च ॥३३४॥
व्ययीकृतं रक्षणार्थमुपभोग्यं तदुच्यते ।
सुवर्णरत्नरजतनिष्कशालास्तथैव च ॥३३५॥
रथाश्वगोगजोष्ट्राजावीनशालाः पृथक् पृथक् ।
वाद्यशस्त्रास्त्रवस्त्राणां धान्यसंभारयोस्तथा ॥३३६॥
मन्त्रिशिल्पनाट्यवैद्यमृगाणां पाकपक्षिणाम् ।
शालाभोग्ये निविष्टास्तु तद्व्ययो भोग्य उच्यते ॥३३७॥

जुन धन अन्न, वस्त्र, घर, बगैंचा, हात्ती र रथका निमित्त र विद्या, राज्य र धन पाउन खर्च हुन्छ त्यो र रक्षाका निमित्त जो खर्च हुन्छ त्यो खर्चलाई उपभोग्य भनिन्छ। सुन, चाँदी, रत्न मणि बनाउने घर, रथ, गाई, हात्ती, ऊँट, बाख्रा, भेडा बस्ने ठाउँ र बाजा बजाउने, शस्त्र, अस्त्र, अन्न राख्ने ठाउँ बेग्ला-बेग्लै बनाउनुपर्छ। मन्त्री, कालिगढ (शिल्पी), नाचघर, वैद्यशाला, मृग रहने ठाउँ र पक्षी रहने ठाउँ यी सबै बेग्ला-बेग्लै बनाउनुपर्दछ र यिनीहरूको भोगका निमित्त जो खर्च हुन्छ त्यसलाई भोग्य भनिन्छ ।

जपहोमार्चनैर्दानैश्चतुर्धा पारलौकिकः ।
पुनर्यातोनिवृत्तश्च विशेषाय व्ययौ च तौ ॥३३८॥

जप, होम, पूजा र दानका भेदले पारलौकिक (परलोकमा प्राप्त हुने) खर्च चार प्रकारको हुन्छ र आउने पनि सम्भावना भएको र नआउन पनि सक्ने यस प्रकारको आय र व्यय 'विशेष आयव्यय' हुन् भनिएको छ ।

आवर्तको निवर्ती च व्ययायौ तु पृथग्विधाः ।
आवर्तकविहीनौ तु व्ययायौ लेखको लिखेत् ॥३३९॥

फेरि पछि आउने र कहिल्यै नआउने गरी यस्ता दुई प्रकारका भेदले आय र व्यय दुई प्रकारका बेग्ला बेग्लै हुन्छन् र जो फेरि आउँदै नआउने आय-व्यय हुन्छन् तिनलाई लेखक (कारिन्दा) ले लेखोस् ।

क्रयाधमर्णघटनान्यस्थलाप्तो विवर्तकः ।
द्रव्यं लिखित्वा दद्यात्तु गृहीत्वा विलिखेत् स्वयम् ॥३४०॥

ऋणको रूपमा अरूलाई दिइने र अरूबाट लिइनेलाई निवर्तक (फेरि नआउने) आय-व्यय भनिन्छ । दिनेले पनि आफैले पहिले लेखेर मात्र दिनु र लिनेले पनि पहिले लिएर मात्र पछि लेखापढी गर्नुपर्छ ।

हीयते वर्धते नैवमायव्ययविलेखकः ।
हेतुप्रमाणसंबन्धकार्याङ्गव्याप्यव्यापकैः ॥३४१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घट्ता पनि नघट्ने र बढ्दा पनि नबढ्ने यस्तो आय-व्यय (जम्मा खर्च) लेख्ता त्यसको कारण, प्रमाण, सम्बन्ध तत्सम्बन्धी कार्यका अङ्ग पनि घटीबढी नपारी लेख्नुपर्छ।

आयाश्च बहुधा भिन्ना व्यया: शेषं पृथक् पृथक् ।
मानेन संख्यया चैवोन्मानेन परिमाणकै: ।।३४२।।

आमदानी र खर्च यी दुई मान, संख्या, उन्मान र परिमाणका भेदले बेग्लाबेग्लै नियमले अनेक प्रकारका हुन्छन् ।

क्वचित् संख्या क्वचिन्मानमुन्मानपरिमाणकम् ।
समाहार: क्वचिच्चेष्टो व्यवहाराय तद्विदाम् ।।३४३।।

कतै संख्याबाट, कतै मानबाट, कतै उन्मानबाट, कतै परिमाण र कतै सबैको प्रयोग पनि व्यवहारमा निपुण व्यक्तिले जहाँ जस्तो प्रयोग गर्न मनासिब छ त्यस्तै प्रयोग गर्नुपर्छ ।

अङ्गुलाद्यं स्मृतं मानमुन्मानं च तुला स्मृता ।
परिमाणपात्रमानं संख्यैकद्वयादिसंज्ञिका ।।३४४।।

औंलाले नापिनेलाई मान, तुलाद्वारा तौलिनेलाई उन्मान, भाँडाबाट नापिनेलाई परिमाण र एक दुई भनेर गनिनेलाई संख्या भनिन्छ ।

यत्र यादृग्व्यवहारस्तत्र तादृक् प्रकल्पयेत् ।
रजतस्वर्णताम्रादिव्यवहारार्थमुद्रितम् ।।३४५।।

जहाँ जस्तो व्यवहार गर्नुपर्छ त्यहाँ त्यस्तै प्रयोग गर्नुपर्छ । अर्थ-मुद्रण (सिक्का टक)का लागि सुन चाँदी तामाको व्यवहार गर्नुपर्छ ।

व्यवहार्यं वराटाद्यं रत्नान्तं द्रव्यमीरितम् ।
सपशुधान्यवस्त्रादितृणान्तं धनसंज्ञकम् ।।३४६।।

कौडीदेखि लिएर रत्नपर्यन्तलाई द्रव्य भनिन्छ र पशु, तृण, वस्त्र, अन्न आदिलाई धन भनिन्छ ।

व्यवहारे चाधिकृतं स्वर्णाद्यमूल्यतामियात् ।
कारणादिसमायोगात् पदार्थस्तु भवेद्भुवि ।।३४७।।

व्यवहारका निमित्त मानिएको (सुन आदि वस्तु) मूल्य हुन्छ र कारणवश त्यही वस्तु (सुन आदि) पदार्थ हुन आउँछ (जस्तै गहना)

येन व्ययेन संसिद्धस्तद्व्ययस्तस्य मूल्यकम् ।
सुलभासुलभत्वाच्चागुणत्वगुणसंश्रयै: ।।३४८।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जति खर्च गर्नाले वस्तुप्राप्ति हुन्छ त्यो खर्च भएको कुरा त्यसको मोल हुन्छ, चाहे त्यो वस्तु असल वा खराब र सहजै वा मुश्किलसँग नै मिलेको किन नहोस् ।

यथाकामात् पदार्थानामनर्घमधिकं भवेत् ।
न हीनं मणिधातूनां क्वचिन्मूल्यं प्रकल्पयेत् ॥३४९॥

आफ्ना इच्छानुसार पदार्थहरूको मोल घटी वा बढी हुन सक्तछ तापनि मणि धातुहरूको मोल त्यसैं कहिल्यै पनि घटी गर्नु हुँदैन ।

मूल्यहानिस्तु चैतेषां राजदौष्ट्येन जायते ।

यिनी (मणिधातु) हरूको मूल्यको हानि हुने कुरा त केवल राजा (मुख्य शासक)को दुष्ट्याइँबाट मात्र हुने हो ।

दीर्घेचतुर्भागभूतपत्रे तिर्यग्गतावलिः ॥३५०॥
त्र्यंशगाभ्यन्तरगता चाधगा पादगापि वा ।
कार्या व्यापकव्याप्यानां लेखने पदसंज्ञिका: ॥३५१॥

ठूलो चारपाटे (किसिम) भएको पत्रमा तेर्सो हरफ गरेर पत्र लेख्नुपर्दछ । जत्रो पत्र(कागत) छ त्यसको भित्रको तीन भागमा वा आधामा वा चौथाइ भागमा हरफ (पंक्ति) भएको यस्तो पत्र साना वा ठूला (मान्यजन) मा लेख्नू भनिएको छ ।

श्रेष्ठाभ्यंतरगातासु वामतस्त्र्यंशगाप्यनु ।
दक्ष त्र्यंशगता चानु ह्यर्धगा पादगा ततः ॥५२॥

तो (तीन भाग, आधा भाग र चौथाई भाग) मा तीन भागभित्र रहने पत्र उत्तम र त्यसमा बायाँपट्टिको तीन भाग र दाहिनेपट्टिको तीन भागमा लेखिने मध्यम र फेरि चौथाइ भागमा लेखिने पत्र अधम हुन जान्छ ।

स्वाम्यन्तरे स्वभेदाः स्युः सदृशाः सदृशे पदे ।
स्वारंभपूर्तिसदृशे पदगेस्तः सदैव हि ॥३५३॥

आफ्ना (परिधि) भित्र, आफ्नै (प्रकारका) जस्ता भेद भएका र शुरू र समाप्तिमा बराबर स्थिति भएका हुनुपर्छ । यस्तो कुरा (पत्रका) प्रत्येक भागमा रहनुपर्दछ ।

राजा स्वलेख्यचिह्नं तु यथाभिलषितं तथा ।
लेखानुरूपे कुर्याद्धि दृष्ट्वा लेख्यं विचार्य च ॥३५४॥

राजाले आफ्ना इच्छाअनुसार आफ्ना लेखको अनुकूल भएको जस्तो इच्छा लाग्छ त्यस्तो चिह्न (सही) गर्नुपर्दछ । त्यस्तो लेखलाई विचार गरेर हेर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्री च प्राड्विपाकश्च पंडितो दूत संज्ञकः ।
स्वाविरुद्धं लेख्यमिदं लिखेयुः प्रथमं त्विमे ॥३५५॥

मन्त्री, वकील, पण्डित र दूत यी सबैले लेख लेख्ता जसो गर्दा आफ्नो दर्जाको प्रतिकूल हुँदैन, त्यही किसिमले लेख्नुपर्दछ ।

अमात्यः साधु लिखनमस्त्येतत् प्राग्लिखेदयम् ।
सम्यग्विचारितमिति सुमन्त्रो विलिखेत् ततः ॥३५६॥

अमात्य (सचिवविशेष) ले पहिले यो राम्रोसँग लेखिएको छ, भनी लेख्नू । त्यसपछि सुमन्त्र (असल मन्त्रणा दिने मन्त्रीविशेष) ले यो राम्रोसँग विचार गरिएको छ भनी लेख्नू ।

सत्यं यथार्थमिति च प्रधानश्च लिखेत् स्वयम्
अंगीकर्तुं योग्यमिति ततः प्रतिनिधिर्लिखेत् ॥३५७॥

यो (पत्र) सत्य र यथार्थ छ भनेर प्रधानले स्वयं लेख्नू र त्यसपछि यो स्वीकार गर्न योग्य छ भनी प्रतिनिधिले लेख्नुपर्दछ ।

अंगीकर्तव्यमिति च युवराजो लिखेत् स्वयम् ।
लेख्यं स्वाभिमतं चैतद्विलिखेच्च पुरोहितः ॥३५८॥

यो पत्र स्वीकार गर्नू भनी स्वयं युवराजले लेख्नू र यस पत्रमा हाम्रो पनि संमति छ भनी पुरोहितले लेख्नुपर्दछ ।

स्वस्वमुद्राचिह्नितं च लेख्यान्ते कुर्युरेव हि ।
अंगीकृतमिति लिखेन्मुद्रयेच्च ततो नृपः ॥३५९॥

त्यस्तो पत्रको पुछारमा सबैले आ-आफ्नो छाप लगाउनुपर्दछ र त्यस्तो सबैको सही-छाप भइसकेपछि राजाले पनि स्वीकार छ भनी आफ्नो (सही) छापद्वारा मुद्रित गर्नुपर्दछ ।

कार्यान्तरस्याकुलत्वात् सम्यग्द्रष्टुं न शक्यते ।
युवराजादिभिर्लेख्यं तदनेन च दर्शितम् ॥३६०॥

राजालाई अरू कामले गर्दा त्यस्तो पत्र हेर्ने समय नभएमा राजाबाट हेरिने, अरूबाट देखाइएको त्यो पत्र युवराजले हेरी लेख्नुपर्छ ।

समुद्रं विलिखेयुर्वै सर्वे मन्त्रिगणास्ततः ।
राजा दृष्टमिति लिखेद् द्राक्सम्यग्दर्शनाक्षमः ॥३६१॥

फुर्सद नभएर राजाबाट त्यो पत्र हेरिएको छैन तापनि 'त्यो पत्र राजाद्वारा हेरिएको छ' भनी त्यसपछि सबै मन्त्रीहरूले त्यस पत्रमा आ-आफ्नो छाप लगाउनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयमादौ लिखेत् सम्यग्व्ययं पश्चात् तथागतम् ।
वामे वायं व्ययं दक्षे पत्रभागे च लेखयेत् ॥३६२॥

(आमदानी र खर्च लेख्ता) पहिले आमदानी र पछि खर्च लेख्नुपर्दछ । त्यो लेख्ता लेखिने पत्रका देब्रे भागमा (वा दाहिनेतर्फ पनि) आमदानी र दाहिनेतर्फ (वा वायाँतर्फ) खर्च लेख्नुपर्दछ ।

यत्रोभौ व्यापकव्याप्यौ वामोर्ध्वभागगौ क्रमात् ।
आधाराधेयरूपौ वा कालार्थं गणितं हि तत् ॥३६३॥

जहाँ व्याप्य र व्यापक अथवा न्यूनाधिक हुन्छ त्यसलाई क्रमशः दायाँतर्फ अथवा माथि राख्नू अथवा आधार र आधेय भावले राख्नुपर्दछ । यो सबै कालमानका लागि हिसाब गरिएको हो ।

अधोऽधश्च क्रमात् तत्र व्यापकं वामतो लिखेत् ।
व्याप्यानां मूल्यमानादि तत्पंक्त्यां विनिवेशयेत् ॥३६४॥

पत्रमा (माथिबाट) तलै तल क्रम मिलाएर व्यापकलाई देब्रेपट्टि लेख्नू र त्यस व्याप्यको मोल र प्रमाण आदि पनि त्यही पंक्तिमा लेख्नू ।

ऊर्ध्वगानां तु गणितं अधः पङ्क्त्यां प्रजायते ।
यत्रोभौ व्यापकव्याप्यौ व्यापकत्वेन संस्थितौ ॥३६५॥

जहाँ व्यापक (अधिक राशि) र व्याप्य (न्यून राशि) व्यापक जस्तै भएर प्रतीत हुन्छन् त्यहाँ माथि लेखिएकाहरूको गणना पनि तलैका पंक्तिमा नै रहन्छ ।

व्यापकं बहुवृत्तित्वं व्याप्यं स्यान्न्यूनवृत्तिकम् ।
व्याप्याश्चावयवाः प्रोक्ता व्यापकोऽवयवी स्मृतः ॥३६६॥

धेरै ठाउँमा जो रहन्छ त्यो व्यापक हो र थोरै ठाउँमा जो रहन्छ त्यो व्याप्य हो भनेर कहिएको छ । अवयव (अङ्ग) हरू व्याप्य भनिन्छन् र अवयवी (अङ्गी) लाई व्यापक भनिएको छ ।

सजातीनां च लिखनं कुर्याच्च समुदायतः ।
यथाप्राप्तं तु लिखनमाद्यं न समुदायतः ॥३६७॥

स जातीय पदार्थहरूलाई समुदायकै रूपमा लेख्नुपर्दछ । त्यसरी लेख्ता जुन पहिले प्राप्त भएको छ त्यसलाई पहिले लेख्नुपर्दछ, यद्वा क्रमशः लेख्नुपर्दछ । समुदायबाट पहिले आएको भनेर क्रम बिगारेर लेख्नु हुँदैन ।

व्यापकश्च पदार्था वा यत्र सन्ति स्थलानि हि ।
व्याप्यमायव्ययं तत्र कुर्यात् कालेन सर्वदा ॥३६८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यापक अथवा पदार्थ जहाँ प्रयोजनीय रूपमा रहन्छन् त्यहाँ आय र व्ययलाई उनका समयको अनुसार सधैं व्याप्यको रूपमा लेख्नुपर्दछ ।

स्थानटिप्पणिका चैषा ततोऽन्यत्संघटिप्पणम्
विशिष्टसंज्ञितं तत्र व्यापक लेख्यभाषितम् ।।३६९।।

यस ठाउँको यो टिप्पणी (टिप्पन) हो, र यसभन्दा भिन्न प्रकारको यो संघ टिप्पणी (समुदायकै टिप्पन) हो भन्ने र यहाँ विशिष्ट भाषा (अर्जीपत्र आदि) यो हो भन्ने लेखका यस्ता प्रकार हुन्छन् भनिएको छ ।

आयाः कति व्ययाः कस्य शेणं द्रव्यस्य चास्ति वै ।
विशिष्टसंज्ञकैरेषां संविज्ञानं प्रजायते ।।३७०।।

आमदानी कति छ ? खर्च कति भयो ? कुन आमदानीको कति खर्च भई कति बाँकी छ इत्यादि कुरालाई प्रत्येकका विशेष संज्ञाद्वारा जानिन्छ ।

आदौ लेख्यं यथा प्राप्तं पश्चात् तद्गणितं लिखेत् ।
यथाद्रव्यं च स्थानं चाधिकसंज्ञं च टिप्पणैः ।।३७१।।

क्रमशः पहिले जुन आमदानी भएको छ त्यही लेख्नू अनि त्यो यति संख्याको छ भनी त्यसको गोटा गिन्ती लेख्नू अनि क्रमशः त्यो कुन प्रकारको पदार्थ हो त्यो लेख्नु अनि त्यसको ठाउँ र यसभन्दा अरू विशेष भए त्यो पनि टिप्पणीमा लेख्नुपर्दछ ।

शेषायव्ययविज्ञानं क्रमाल्लेख्यैः प्रजायते ।
स्थलायव्ययविज्ञानं व्यापकस्थलतो भवेत् ।।३७२।।

शेष, आय र व्ययलाई क्रमशः लेखद्वारा जानिन्छ । स्थानीय विशेष ज्ञान (जस्तै यस जिल्लाको यस गाउँबाट यति रुपैयाँ आयो) त व्यापक स्थल (विशेष स्थान) बाट नै हुन्छ ।

पदार्थस्य स्थलानि स्युः पदार्थाश्च स्थलस्य तु ।
व्याप्यास्तिथ्यादयश्चापि यथेष्टा लेखने नृणाम् ।।३७३।।

पदार्थको स्थान निश्चय हुन्छ र स्थानमा पदार्थहरू रहन्छन् । यस्तो भए पनि आफ्ना इच्छाअनुसार व्याप्य (महीनाहरूका अङ्गस्वरूप) तिथि आदिहरू पनि लेख्नु मानिसहरूका लागि इच्छानुसार प्रयोजन हुन्छ ।

निश्चितान्यस्वामिकाद्या आया ये इतरांतगाः ।
विशिष्टसंज्ञिका ये च पुनरावर्तकादयः ।।३७४।।
व्ययाश्च परलेखान्ता अन्तिमव्यापकाश्च ते ।

यो आय यसबाट प्राप्त भएको हो भनी स्वामी निश्चित भएका र अरू तरहबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएको आय तथा बेग्लाबेग्लै नाम भएका (विभिन्न प्रकारका) पुनरावर्तक (केही समयपछि फिर्ता आउने) र परलेख (लेखको अन्तिम अवधि) सम्मका जो खर्च हुन्छन् ती सबै अन्तिम व्यापक भनिन्छन् ।

इच्छया ताडितं कृत्वादौ प्रमाणफलं ततः ॥३७५॥
प्रमाणभक्तं तल्लब्धं भवेदिच्छाफलं नृणाम् ।
समासतो लेखयमुक्तं सर्वेषां स्मृतिसाधनम् ॥३७६॥

आफ्नो इच्छानुसार पहिले फुटकर र त्यसपछि प्रमाणको फल (यति-उति भनेर तोकिएको कुरा) लेख्नुपर्दछ । किनभने यति-उति भन्ने प्रमाणलाई विभाजन गर्दा जो उपलब्धि हुन्छ त्यही नै मानिसको इच्छा फल (एकाइ लब्धि) हुन्छ । यस प्रकार सामान्य प्रकारले सबैलाई सम्झना होस् भन्ने कुराको निमित्त लेखिने रिपोट आदि लेख विषयमा लेखिने कुरा भनियो ।

गुञ्जा माषस्तथा कर्षः पदाधः प्रस्थ एव हि ।
यथोत्तरा दशगुणा पञ्चप्रस्थस्य चाढकाः ॥३७७॥

रत्ती, मासा, कर्ष, पदार्थ, प्रस्थ यिनीहरूको क्रमशः उत्तरोत्तर दशांश वृद्धि हुन्छ (जस्तै १० रत्तीको १ मासा १० मासाको १ कर्ष इत्यादि) र १ प्रस्थको पाँच आढक हुन्छ ।

ततश्चाष्टाढकः प्रोक्तो ह्यर्मणस्ते तु विंशतिः ।
खारिका स्याद्धिव्यते तद्देशे देशे प्रमाणकम् ॥३७८॥

आठ आढकको एक अर्मण हुन्छ र वीस आढकको एक खारी हुन्छ । यसरी देश-देशको चलनअनुसार प्रमाण (नापो लिने काम) वेग्लावेग्लै रीतको हुन्छ ।

पञ्चांगुलावटं पात्रं चतुरंगुलविस्तृतम् ।
प्रस्थपादं तु तज्ज्ञेयं परिमाणे सदा बुधैः ॥३७९॥

पाँच अंगुल गहिरो र चार अंगुल चौडाइ भएको भाँडालाई प्रस्थपाद (कुरुवा) भनेर विद्वान्हरूले भनेका छन् ।

उर्ध्वाङ्कश्च यथा संज्ञस्तदधस्थाश्च वामगाः ।
क्रमात्स्वदशगुणिताः परार्धन्ताः प्रकीर्तिताः ॥३८०॥

क्रमशः वामगति (अङ्कहरूको देब्रे गति हुन्छ) बाट माथि माथि जाने अङ्कको संज्ञा क्रमशः तलबाट (१ बाट) उठ्दै दशले गुणन गर्दै लैजाँदा परार्धसम्म पुग्दछ भनिएको छ ।

नकर्तुं शक्यते संख्या संज्ञा कालस्य दुर्गमात् ।
ब्रह्मणो द्विपरार्धं तु आयुरुक्तं मनीषिभिः ॥३८१॥

दुर्गम हुनाले काल (समय) र संख्या (गणना) को यत्ति छ भन्ने कुनै निश्चित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थान (अङ्क) छैन । विद्वान्हरूले ब्रह्माजीको आयु दुई परार्धसम्मको छ भनी बताएका छन् ।

एको दशशतं चैव सहस्रं चायुतं क्रमात् ।
नियुतं प्रयुतं कोटिरर्बुदं चाब्जखर्वकौ ॥३८२॥
निखर्वपद्मशंखाब्धि मध्यमान्तपरार्धकाः ।

एक, दश, सय, हजार, दश हजार, लाख, दश लाख, करोड, अर्व (अरब) अब्ज, खर्व (खरब) निखर्व, पद्म, शंख, अब्धि, अन्त्य, मध्य, परार्ध यस प्रकारको संख्या रहेको छ ।

कालमानं त्रिधा ज्ञेयं चान्द्रं सौरं च सावनम् ॥३८३॥
भृतिदाने सदा सौरं चान्द्रं कौशीदवृद्धिषु ।
कल्पयेत् सावनं नित्यं दिनभृत्येऽवधौ सदा ॥३८४॥

सूर्य संक्रान्ति (सौर मान) चन्द्रमाको उदय (चन्द्र मान) र सावनअनुसार कालको मान तीन प्रकारको हुन्छ । सूर्य संक्रान्ति कालमा सेवा आदि कार्य, चन्द्रोदय कालमा खेती र ब्याज लगाउने कार्य र सावन (काल) मा दैनिक अथवा अवधि तोकेर सेवक लाई दिने तलब आदि ज्याला दिने काम गर्नुपर्छ ।

कार्यमाना कालमाना कार्यकालमितिस्त्रिधा ।
भृतिरुक्ता तु तद्विज्ञैस्सा, देया भाषिता यथा ॥३८५॥

कामअनुसार, काल (समय) अनुसार, काम र समय दुवैअनुसारबाट भृति (तलब) पनि त्यस विषयका जान्नेहरूले विभाजन गरी भनेका छन् । त्यो तलब जस्तो भनिएको छ त्यसैअनुसार दिनुपर्दछ ।

अयं भारस्त्वया तत्र स्थाप्यस्त्वैतावतीं भृतिम् ।
दास्यामि कार्यमाना सा कीर्तिता तद्विदेशकैः ॥३८६॥

यति भारी तिमीले त्यहाँसम्म लगिदेऊ त्यहाँसम्म लगेको यति ज्याला दिन्छु भनेर जो ज्याला वा तलब दिइन्छ यस विषयकाले विशेषज्ञहरू यस्तो भृति (मजूरी) लाई कार्यमान भृति (कामअनुसारको ज्याला हो) भनी बताएका छन् ।

वत्सरे वत्सरे वापि मासि मासि दिने दिने ।
एतावतीं भृतिं तेऽहं दास्यामीति च कालिका ॥३८७॥

म वर्ष वर्ष दिनमा अथवा महीना-महीनामा यति तलब तिमीलाई दिन्छु भनी दिइने पारिश्रमिकलाई कालिका (समय तोकेर दिइने तलब) भनिन्छ ।

एतावताकार्यमिदं कालेनापि त्वया कृतम् ।
भृतिमेतावतीं दास्ये कार्यकालमिता च सा ॥ ३८८ ॥

यति काम यति समयमा तिमीले गर्न । त्यसका निमित्त यति दिनेछु भनेर दिइने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भृति (तलब) लाई कालमिता (समयनुसार दिइने तलब) भनिन्छ ।

न कुर्याद् भृतिलोपं तु तथा भृतिविलंबनम् ।
अवश्यपोष्यभरणभृतिर्मध्या प्रकीर्तिता ।। ३८९ ।।

पारिश्रमिक दिंदै नदिने र दिइने पारिश्रमिक दिन ढीलो गर्नु हुँदैन । जुन पारिश्रमिकले खानु लाउनुसम्म मात्र पुग्छ, भरण पोषण मात्र हुन्छ त्यो भृति मध्यम हो भनी बताइएको छ ।

परिपोष्याभृतिः श्रेष्ठा समान्नाच्छादनार्थिका ।
भवेदेकस्य भरणं यया सा हीनसंज्ञिका ।। ३९० ।।

जुन पारिश्रमिक (तलब) बाट परिवारलाई यथेच्छ खान लाउन पुग्छ त्यो पारिश्रमिक उत्तम हो । र जुन पारिश्रमिकबाट केवल एउटालाई मात्र भरण-पोषण हुन्छ त्यो तलब निम्न कोटिको हो भनिएको छ ।

यथायथा तु गुणवान् भृतकस्तद्भृतिस्तथा ।
संयोज्या तु प्रयत्नेन नृपेणात्महिताय वै ।। ३९१ ।।

राजाले आफ्नो हितका लागि जस्ता जस्ता गुणले युक्त नोकर छ त्यसलाई उसको योग्यताअनुसारकै तलब दिएर त्यस्तै काममा नियुक्त गर्नुपर्छ ।

अवश्यपोष्यवर्गस्यभरणं भृतकाद्भवेत् ।
तथा भृतिस्तु संयोज्या तद्योग्या भृतकाय वै ।। ३९२ ।।

सेवकले पाल्नुपर्नेहरूलाई जसरी उसले पाल्न सक्छ त्यही अनुसारको तलब वा पदवी (राजाले)उसलाई दिनुपर्दछ ।

ये भृत्या हीनभृतिकाश्शत्रवस्ते स्वयं कृताः ।
परस्य साधकास्ते तु छिद्रकोशप्रजाहराः ।। ३९३ ।।

जसलाई थोरै तलब दिएर राखिन्छ ती सवै आफैले कमाएका शत्रु हुन् भनेर सम्झे हुन्छ र तिनीहरू स्वामीलाई भन्दा अरूलाई मद्दत गर्ने, ढुकुटी र प्रजाहरूलाई नाश गर्ने हुन्छन् ।

अन्नाच्छादनमात्रा हि भृतिश्शूद्रादिभिः स्मृता ।
तत्पापभागन्यथा स्यात् पोषको मांसभोजिषु ।। ३९४ ।।

शूद्र आदिलाई यस्तो वृत्ति दिनू जसबाट उसलाई खान लाउन पुगोस् । जसले मासु खानेहरूलाई अधिक तलब दिएर राख्छ, हिंसक वृत्ति लिएका तिनीहरूले गरिने हिंसाका पापको भागी त्यो रक्षक पनि हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यद् ब्राह्मणेनापहृतं धनं तत्परलोकदम् ।
शूद्राय दत्तमपि यन्नरकायैव केवलम् ॥ ३९५ ॥

ब्राह्मणलाई जो धन दिइन्छ, त्यो त परलोकका लागि पनि हुन्छ, शूद्रलाई दिनु त केवल नरकका लागि मात्र हुन जान्छ ।

मन्दो मध्यस्तथा शीघ्रस्त्रिविधो भृत्य उच्यते ।
समा मध्याश्च श्रेष्ठा च भृतिस्तेषां क्रमात् स्मृता ॥ ३९६ ॥

मन्द, मध्य र शीघ्र तीन प्रकारको सेवक हुन्छ भनिएको छ र उनीहरूको वृत्ति (तलब) पनि सम, मध्यम र उत्तम क्रमशः तीन प्रकारकै हुन्छ भनिएको छ ।

भृत्यानां गृहकृत्यार्थं दिवायामं समुत्सृजेत् ।
निशि यामत्रयं नित्यं दिनभृत्येऽर्धयामकम् ॥ ३९७ ॥

सेवकहरूलाई उनीहरूको घरको काम गर्नलाई दिनमा १ प्रहर र रातमा तीन प्रहर छुट्टी दिनुपर्दछ । केवल दिनमा मात्र काम गर्ने सेवकलाई त आधा प्रहर मात्र छुट्टी दिनू ।

तेभ्यः कार्यं कारयीत ह्युत्सवाद्यैर्विना नृपः ।
अत्यावश्यं तूत्सवेऽपि हित्वा श्राद्धदिनं सदा ॥ ३९८ ॥

राजाले सेवकबाट काम लिनैपर्दछ तर (उनीहरूको) उत्सव चाड-पर्व परेमा त्यसरी काम लिनु पनि हुँदैन । अत्यावश्यक परेमा त चाडबाड परे पनि काम लिनू तर श्राद्धको दिनमा भने कस्तै परे पनि काम लिनु हुँदैन ।

पादहीनां भृतिं त्वार्ते दद्यात् त्रैमासिकीं ततः ।
पञ्चवत्सरभृत्ये तु न्यूनाधिक्यं यथा तथा ॥ ३९९ ॥

रोगी भई ज्यादै आपत परेको सेवकलाई ९ महीनासम्मको तलब(काम नगरे पनि) दिनू !त्यसपछि तीन महीनाको दिनू । पाँच वर्ष सेवा गरेको भृत्यलाई त अवस्था विचार गरी धेरै अथवा थोरै विचार पुर्‍याइदिनू ।

षाण्मासिकं तु दीर्घार्ते तदूर्ध्वं न च कल्पयेत् ।
नैव पक्षार्धमार्तस्य हातव्याल्पापि वै भृतिः ॥४००॥

वर्षदिनभरि नै सेवक रोगी भैरह्यो भने ६ महीनासम्म तलबी गरिदिनू, यहाँ भन्दा बढाउनु भने हुँदैन । यदि सेवक ८ दिनसम्म बिरामी परे त्यसको तलब कत्ति पनि नकाट्नू ।

शश्वत्सदोषितस्यापि ग्राह्यः प्रतिनिधिस्ततः ।
सुमहद्गुणिनं त्वार्तं भृत्यर्धं कल्पयेत् सदा ॥४०१॥

सेवक वारंवार बिरामी परिरहन लाग्यो भने त्यसको ठाउँमा अर्को बदला भर्ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नु । जुन सेवक ज्यादै गुणी छ त्यो विरामी परिरहे पनि त्यसले पाउने तलबको आधा तलव दिइरहनुपर्दछ ।

सेवां विना नृपः पक्षं दद्याद् भृत्याय वत्सरे ।
चत्वारिंशत् समा नीतास्सेवया येन वै नृपः ॥४०२॥

आफूले हेर्नुपर्ने सेवकलाई राजाले १५ दिनको तलब काम नगरे पनि भत्ताको रूपमा दिनू । जसले ४० वर्षसम्म सेवा गरेको छ त्यस्ता सेवकलाई त…

ततः सेवां विना तस्मै भृत्यर्धं कल्पयेत् सदा ।
यावज्जीवं तु तत्पुत्रेऽक्षमे बाले तदर्धकम् ॥४०३॥

सेवा नगरे पनि उसले खाइपाई आएका तलबको आधा भत्ताको रूपमा बाचुन्जेल दिनू । उसले मृत्युपछि उसको छोरो नाबालक भए उसले पाउने त्यस भत्ताको आधा (समर्थ नभएसम्म) दिनू ।

भार्यायां वा सुशीलायां कन्यायां वा स्वश्रेयसे ।
अष्टमांशं पारितोष्यं दद्यात् भृत्याय वत्सरे ॥४०४॥

राजाले सेवकका गतिलो स्वभाव भएकी स्त्रीलाई र कन्या छोरीलाई पनि आफ्नै कल्याणका लागि (उनीहरूका बाबु वा पतिले पाउने भत्ताको) आधा दिनू । सेवकलाई भने उसले वर्ष दिनमा पाउने तलबका ८ भागको १ भाग बकस दिनुपर्दछ ।

कार्याष्टमांशं वा दद्यात् कार्यं द्रागधिकं कृतम् ।
स्वामिकार्ये विनष्टो यस्तत्पुत्रे तद्भृतिं वहेत् ॥४०५॥

अथवा उसले कति समयसम्म काम गर्‍यो त्यसका ८ भागको १ भागमा पर्ने तलब बकस दिनू । खूब काम गर्ने र तोकिएको समयभन्दा बढी काम गर्ने सेवक आफ्ना स्वामीकै काममा जाँदा मर्‍यो भने उसले पाउने भत्ता उसको छोरालाई दिनू ।

यावद्बालोऽन्यथा पुत्रगुणान् दृष्ट्वाभृतिं वहेत् ।
षष्ठांशं वा चतुर्थांशं भृतेर्भृत्यस्य पालयेत् ॥४०६॥

राजाले सेवकको छोरो नाबालक भएसम्म उसको आदत विचार गरी उसका बाबुले पाउने तलबको ६ भागको १ भाग अथवा ४ भागको १ भाग दिएर पालिदिनुपर्दछ ।

दद्यात्तदर्धं भृत्याय द्वित्रिवर्षेऽखिलं तु वा ।
वाक्पारुष्यान्न्यूनभृत्या स्वामी प्रबलदण्डतः ॥४०७॥
भृत्यं प्रशिक्षयेन्नित्यं शत्रुत्वं त्वपमानतः ।

जुन सेवक रूखो बोल्छ अथवा आफ्नो कर्तव्यको यथार्थ रूपले पालना गर्दैन, त्यस्ता सेवकलाई दुई अथवा तीन वर्षमा उसले काम छोडेपछि उसले खाने गरेका तलबको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आधा दिनू । सेवकलाई वारंवार उपदेश गर्दै रहनू । शिक्षाविना अपमान गर्नाले त्यो शत्रु बन्न जान्छ ।

भृतिदानेन सन्तुष्टा मानेन परिवर्धिताः ॥४०८॥
सांत्विता मृदुवाचा ये नत्यजंत्यधिपं हिते ।

सेवकहरू मासिकवृत्ति दिनाले सन्तुष्ट हुन्छन् । मान पदवी दिनाले अभिवृद्धिमा प्राप्त हुन्छन् । नरम वोलीले सान्त्वना पाएका सेवकहरू स्वामीलाई कहिल्यै पछि छाड्दैनन् ।

अधमा धनमिच्छन्ति धनमानौ हि मध्यमाः ॥४०९॥
उत्तमा मानमिच्छन्ति मानो हि महतां धनम् ।

अधम सेवकहरू धनको मात्र इच्छा गर्छन्, मध्यम सेवकहरू धन र मानको इच्छा गर्दछन्, उत्तम सेवकहरू केवल मानको मात्र इच्छा गर्छन् किनकि मान नै ठूला-वडाहरूको धन हो ।

यथा गुणान् स्वभृत्यांश्च प्रजास्संरञ्जयेन्नृपः ॥४१०॥
शाखाप्रदानतः कांश्चिदपरान् फलदानतः ।
अन्यान् सुचक्षुषा हास्यैस्तथा कोमलया गिरा ॥४११॥
सुभोजनैस्सुवसनैस्तांबूलैश्च धनैरपि ।

उनका गुणअनुसार आफ्ना सेवक र प्रजालाई राजाले आनन्दी तुल्याउनुपर्दछ । कुनै (सेवक) लाई शाखा (तोकिएको तलवभन्दा अतिरिक्त) बकस दिएर, कसैलाई वस्तु पदार्थहरू दिएर, कसैलाई राम्रो दृष्टिले हेरेर, कसैसित मुस्कुराएर र कसैलाई नम्र बोलीले र कसैलाई राम्ररी खान दिएर, कसैलाई वस्त्र, कसैलाई मसाला तथा धन दिएर सवैलाई सन्तुष्ट पार्नुपर्दछ ।

कांश्चित् सुकुशलप्रश्नैरधिकारप्रदानतः ॥४१२॥
वाहनानां प्रदानेन योग्याभरणदानतः ।
छत्रातपत्रचमरदीपिकानां प्रदानतः ॥४१३॥
क्षमया प्राणिपातेन मानेनाभिगमेन च ।

कसैलाई राम्रा प्रश्नहरू सोधेर कसैलाई अधिकार दिएर, कसैलाई सवारी दिएर, कसैलाई असल आभूषण दिएर, कसैलाई छाता, ओढ्ने, चमर दोसल्ला दिएर र कसैलाई क्षमा गरेर कसैलाई प्रणाम गरेर, कसैलाई मानवाट र कसैलाई अभिगमवाट

सत्कारेण च ज्ञानेन ह्यादरेण शमेन च ॥४१४॥
प्रेम्णा समीपवासेन स्वार्धासनप्रदानतः ।
संपूर्णासनदानेन स्तुत्योपकारकीर्तनात् ॥४१५॥

कसैलाई सत्कारले, कसैलाई ज्ञानले, कसैलाई आदरले, कसैलाई सहनशीलताले,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कसैलाई प्रेमले, कसैलाई उसका नगीचै बसिदिएर, कसैलाई आफ्नो आसनको आधा ठाउँ दिएर, कसैलाई आफ्नो आसनै पनि छाडिदिएर कसैको गुणगान गरेर, कसैको उपकार बखानेर पनि राजाले सबैलाई आनन्द दिलाउनुपर्दछ ।

यत्कार्यविनियुक्ता ये कार्याङ्कै रङ्कयेच्च तान् ।
लोहजैस्ताम्रजै रीतिभवै रजतसंभवैः ॥४१६॥
सौवर्णै रत्नजैर्वापि यथायोग्यैः स्वलाञ्छनैः ।
प्रविज्ञानाय दूरात्तु वस्त्रैश्च मकुटैरपि ॥४१७॥

जुन जुन काममा जो जो पठाइन्छन्, त्यस्ता तिनीहरूलाई राजाले तत्तत् कामअनुसारको चिनो (पास) प्रदान गर्नुपर्दछ । त्यो चिनो (पास) फलामको, तामाको, पीतलको, सुनको अथवा रत्नको योग्यतानुसार आफ्नो (श्रीपेच आदि) कुनै चिह्नद्वारा चिह्नित हुनुपर्दछ । त्यस्तालाई जान्न (कुन कुन कामको रहेछ भन्ने जान्न) लाई लुगाबाट र चाँद-तोडा आदिबाट जान्न सकिने गरी चिह्नित गर्नुपर्छ ।

वाद्यवाहनभेदैश्च भृत्यान् कुर्यात् पृथक् पृथक् ।
स्वविशिष्टं तु यच्चिह्नं न दद्यात् कस्यचिन्नृपः ॥४१८॥

राजाले बाजा र वाहन (सवारी) बाट पनि सेवकहरू छुट्टिने कुराको इन्तजाम गर्नुपर्छ । तर जुन आफ्नू मुख्य चिह्न हो त्यो कसैलाई पनि दिनु हुँदैन ।

दश प्रोक्ताः पुरोधाद्या ब्राह्मणास्सर्व एव ते ।
अभावे क्षत्रिया योज्यास्तदभावे तथोरुजाः ॥४१९॥
नैव शूद्रास्तु संयोज्या गुणवन्तोऽपि पार्थिवैः ।
भागग्राही क्षत्रियस्तु साहसाधिपतिश्च सः ॥४२०॥

पुरोहित आदि जुन राजाका दश प्रकारका सेवक भनिएको छ, ती सबैमा पाए-सम्म ब्राह्मण नै हुनु योग्य छ । सबै क्षेत्रमा निपुण ब्राह्मण नपाइए क्षत्रियलाई र क्षत्रिय पनि नइपाए वैश्यलाई नियुक्त गर्नू । गुणी भए पनि पुरोहित आदि ती दश पदवीहरूमा शूद्रलाई कैल्यै नियुक्ति नगर्नू । अरूलाई भेद गरेर आफूतिर खिच्ने काममा र फौजी सेवातर्फका पदवीहरूमा क्षत्रियलाई नियुक्त गर्नू ।

ग्रामपो ब्राह्मणो योज्यः कायस्थो लेखकस्तथा ।
शुल्कग्राही तु वैश्यो हि प्रतीहारश्च पादजः ॥४२१॥

गाउँको अधिपति पदवीमा ब्राह्मणलाई, लेख्ने काममा काइतेलाई, कर उठाउने काममा वैश्यलाई र दूत पठाउने काममा शूद्रलाई नियुक्त गर्नुपर्दछ ।

सेनाधिपः क्षत्रियस्तु ब्राह्मणस्तदभावतः ।
न वैश्यो न च वै शूद्रः कातरश्च कदाचन ॥४२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सेनाको अधिपतिमा क्षत्रियलाई नियुक्त गर्नू, कसै क्षत्रिय नपाए वरु ब्राह्मणलाई नै नियुक्त गर्नू वैश्य र शूद्रलाई नियुक्त नगर्नू कातरलाई त कहिल्यै नियुक्त गर्न त हुँदै हुँदैन ।

सेनापतिश्शूर एव योज्यः सर्वासु जातिषु ॥४२३॥
ससंकरश्चतुर्वर्णधर्मोऽयं नैव पावनः ॥

संपूर्ण जातिहरूमा सेनापति नियुक्त गर्दा शूरालाई नै नियुक्त गर्नुपर्दछ । चारै वर्णबाट छ्यासमिसे भएर उत्पन्न भएको जातिलाई नियुक्त गर्नु पवित्र धर्मयुक्त मार्ग हो भन्न सकिन्न ।

यस्य वर्णस्य यो राजा स वर्णः सुखमेधते ॥४२४॥
नोपकृतं मन्यते स्म न तुष्यति सुसेवनैः ॥

जुन वर्ण (जाति) को राजा हुन्छ त्यो वर्ण (जाति) ले सुख पाउँछ । किनभने (जातिप्रेमले गर्दा) त्यसले अरूको उपकार र सेवाको पनि परवाह नराख्न पनि सक्तछ !

कथान्तरे न स्मरति शंकते प्रलपत्यपि ॥४२५॥
क्षुब्धस्तनोति मर्माणि तं नृपं भृतकस्त्यजेत् ।
लक्षणं युवराजादेः कृत्यमुक्तं समासतः ॥४२६॥

जति भने पनि यादै नगर्ने नसम्झने स्मृतिहीन, बोले पनि शंका गरेर बोल्ने, हडबडाएका समयमा मर्म पार्ने यस्ता राजालाई सेवकले छोडिदेओस् । यस प्रकार युवराज आदिका लक्षण र कामहरू संक्षेपले भनिए ।

इति द्वितीयोऽध्यायः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ
तृतीयोऽध्यायः

अथ साधारणं नीतिशास्त्रं सर्वेषु चोच्यते ।
सुखार्थास्सर्वभूतानां मतास्सर्वाः प्रवृत्तयः ॥१॥

अब यसपछि सबैका लागि सर्वसाधारण नीतिशास्त्र कहिन्छ । किनभने सम्पूर्ण प्राणीहरूका जम्मै प्रवृत्तिहरू खालि सुखप्राप्तिका निमित्त मात्र हुन्छन् भन्ने कुरा सबैले मानिएको छ ।

सुखं च न विना धर्मात् तस्माद्धर्मपरो भवेत् ।
त्रिवर्गशून्यं नारम्भं भजेत् तं चाविरोधयन् ॥२॥

धर्मविना सुख हुँदैन । यस कारण मनुष्य धर्मपरायण हुनैपर्छ । तसर्थ जुन कामबाट धर्म, अर्थ र कामको फलप्राप्ति हुँदैन त्यस्तो काम शुरू नगर्नू । यिनै त्रिवर्ग नखलबलिने गरी काम गर्नुपर्छ ।

अनुयायात्प्रतिपदं सर्वधर्मेषु मध्यमः ।
नीचरोमनखश्मश्रुनिर्मलाङ्घ्रिमलायनः ॥३॥

सदा संपूर्ण धर्महरूमा मध्यम मार्गबाट अनुसरण गर्नू । रौं नङ दाह्री नराख्नू । पाउ सदा निर्मल राख्नू र सधैं सफा रहनू ।

स्नानशीलः सुसुरभिः सुवेषोनुल्वणोज्ज्वलः ।
धारयेत् सततं रत्नसिद्धमन्त्रमहौषधीः ॥४॥

सदा स्नान गर्नू, सुन्दर सुगन्धि धारण गर्नू, वेष-भूषा सदा सुकिलो पार्नू र नित्य रत्न, सिद्धमन्त्र र महौषधि धारण गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सातपत्रपदत्राणो विचरेद्युगमात्रदृक् ।
निशि चात्ययिके कार्ये दण्डी मौली सहायवान् ॥५॥

दिउँसो छाता ओढेर, जुत्ता लाएर हिंड्नू, आफ्ना अगाडिको ४ हात जमीनमा राम्रो दृष्टि दिएर हिंड्नू, राती आवश्यक परी हिंड्नुपर्दा लट्ठी मुकुट र साथीहरूलाई लिएर मात्र हिंड्नू ।

न वेगितोऽन्यकार्यस्यान्न वेगान्निरयेत् बलात् ।
भक्त्या कल्याणमित्राणि सेवेतेतर दूरगः॥६॥

अरूको काम गर्दा हतपताएर नगर्नू । जोडले बगेको पानीमा बल नगर्नू, कल्याण गर्ने मित्रहरूलाई भक्तिपूर्वक सेवा गर्नू र शत्रुबाट टाढा र सतर्क रहनू ।

हिंसास्तेयान्यथाकाम पैशुन्यं परुषानृतम् ।
संभिन्नालापव्यापादमभिथ्या दृग्विपर्ययम् ॥७॥
पापकर्मेति दशधा कायवाङ्मनसैस्त्यजेत् ।

हिंसा, चोरी, दुष्टकर्म, चुक्ली, कठोरता, झूटो कुरा, भेद व्यर्थै बोल्ने कुरा, द्रोहको चिन्ता र विषमदृष्टि यी दश पापकर्म हुन् । यतिलाई मनले वचनले र कर्मले पनि छोडिदिनुपर्दछ ।

धर्मकार्यं यतन् शक्त्या नोचेत् प्राप्नोति मानवः॥८॥
प्राप्तो भवति तत्पुण्यमत्र वै नास्ति संशयः ।

आफ्ना शक्तिले भ्याएसम्म धर्मकार्य गर्नुपर्दछ । धर्मकार्य गर्नाले पुण्यप्राप्ति हुन्छ । पुण्यप्राप्ति नभए पनि पाप लाग्दैन, यस विषयमा केही शंका छैन ।

मनसा चिन्तितं पापं कर्मणा नाभिरोचयेत् ॥९॥
तत्प्राप्नोति फलं तस्येत्येवं धर्मविदो विदुः ।

कर्मद्वारा पाप नगरे पनि पाप मनले चिताए पनि गरेजस्तै भई पापको फल पाइन्छ भनेर धर्म जान्नेहरूले भनेका छन् ।

अवृत्तिव्याधिशोकार्तानुवर्तेत शक्तितः ॥१०॥
आत्मवत् सततं पश्येदपि कीटपिपीलिकम् ।

जीविकोपार्जनको वृत्ति नभएका दरिद्र, रोगी र शोक परेकालाई शक्तिले भ्याएसम्म मद्दत गर्नू । कीरा-कमिलापर्यन्तमा पनि देहधारी तिनीहरू र ममा केही भेद छैन भन्ने सम्झनू ।

उपकारप्रधानस्यादपकारपरेऽप्यरौ ॥११॥
संपद्विपत्स्वेकमना हेतावीर्षेत् फले न तु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अपकारी शत्रुमा पनि उपकारी हुनू र संपत्ति र विपत्ति परेमा हर्ष-विस्मात नलिई बराबरको मन पार्नू । सुख-दुःखमा तुलना या ईर्ष्या गर्ने हैन त्यसो हुनामा के कारण छ त्यो कारण विचार गर्नू ।

काले हितं मितं ब्रूयादविसंवादिपेशलम् ॥१२॥
पूर्वाभिभाषी सुमुखस्सुशीलः करुणामृदु ।
नैकस्सुखी न सर्वत्र विस्रब्धो न च शंकितः ॥१३॥

मौकाअनुसार हित र थोरै यथार्थ सुन्दर र नरम वचन बोल्नू, हँसिलो अनुहार लाएर बोल्नू, सुशील दयालु र कमलो चित्त भएको हुनू । सदा सुखी हुन्छु भन्ने इच्छा, तथा जहाँ तहीं विश्वास गर्ने सर्वत्र शङ्का गर्ने यस्तो हुनु हुँदैन ।

न कञ्चिदात्मनः शत्रु नात्मानं कस्यचिद्रिपुम् ।
प्रकाशयेन्नापमानं न च निःस्नेहतां प्रभोः ॥१४॥

त्यो मेरो शत्रु हो र म यतिको शत्रु छु भनी कसैलाई नभन्नू । आफ्नो अपमान र मालिकको रूखोपन पनि कसैलाई भन्नु हुँदैन ।

जनस्याशयमालक्ष्य यो यथा परितुष्यति ।
तं तथैवानुवर्तेत पराराधनपंडितः ॥१५॥

अर्कालाई खुशी पार्नेले उसको आशय बुझेर त्यो जसरी खुशी हुन्छ त्यसलाई त्यही त्यही कुरा गर्दै रहनुपर्दछ ।

न पीडयेदिन्द्रियाणि न चैतान्यति लालयेत् ।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥१६॥

मानिसले न त इन्द्रियलाई छिन्न भिन्न पार्नू, न त ज्यादा मात्तिन दिनू, किनभने इन्द्रियै नभए कुनै कामै चल्दैन र ज्यादा मात्तिए भने मनलाई विचलित पार्दछन् ।

एणो गज पतङ्गश्चभृङ्गोमीनस्तु पञ्चमः ।
शब्दस्पर्शरूप गन्धरसैरेते हता खलु ॥१७॥

मृग घमौराका शब्दले, हात्ती हतिनीका स्पर्शले, पुतली बत्तीका रूपले, भमरो फूलका रसले र माछो खाने कुराका रसले गर्दा मारिन्छन् ।

एषु स्पर्शो वरस्त्रीणां स्वान्तहारी मुनेरपि ।
अतोऽप्रमत्तः सेवेत विषयांस्तु यथोचितान् ॥१८॥

रूप रस, गन्ध, शब्द र स्पर्श यी पाँच र सुन्दरीको संसर्ग हुँदा मुनिहरूको मन पनि डग्दछ । अतः विषयलाई ज्यादा हिरिक्क नभई यथोचित रूपले मात्र सेवन गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मात्रा स्वस्रा दुहित्रा वा नात्यन्तैकान्तिकं वसेत् ।
यथा संवन्धमाहूयादाभाष्याश्वास्य वै स्त्रियम् ॥१९॥
स्वीयां तु परकीयां च सुभगे भगिनीति च ।

आमा, बहिनी, छोरी यिनीहरूसित ज्यादा एकान्त पारेर नबस्नू । उनीहरूसँग आफ्नो जुन साइनु पर्छ त्यसैबाट बोलाउनू, आस्वासन आदि दिने काम गर्नू । यिनीहरू आफ्नै नगीचका भए सौभाग्यवती भनी संवोधन गर्नें र अलि परका भए बहिनी भनेर बोलाउनुपर्दछ ।

सहवासोऽन्यपुरुषैः प्रकाशमपि भाषणम् ॥२०॥
स्वातन्त्र्यं न क्षणमपि ह्यावासोऽन्यगृहे तथा ।
भर्त्रा पित्राथवा राज्ञा पुत्रश्वसुरबान्धवैः ॥२१॥
स्त्रीणां नैव तु देयः स्याद् गृहकृत्यैर्विना क्षणः ।

स्त्री जातिलाई अर्कैको लोग्नेमानिससँग गफ गर्न, कुराकानी गर्न पनि दिनु हुँदैन लोग्नेले, बाबुले, राजाले, छोराले, ससुराले तथा भाइ-बन्धुहरूले पनि उनका सम्बन्धी स्त्रीलाई अर्काको घरमा बस्न दिनु हुँदैन, स्त्रीजातिलाई गृहकार्यका अतिरिक्त एकक्षण पनि स्वतन्त्रता दिनु राम्रो कुरा होइन ।

चंडं षंडं दण्डशीलमकामं सुप्रवासिनम् ॥२२॥
सुदरिद्रं रोगिणं च ह्यन्यस्त्रीनिरतं सदा ।
पतिं दृष्ट्वा विरक्ता स्यान्नारी वान्यं समाश्रयेत् ॥२३॥

ज्यादा रिसाहा, नपुंसक, पिरिरहने, संभोगेच्छारहित, परदेश मात्र बस्ने, अत्यन्त दरिद्री, रोगी, सदा परस्त्रीलम्पट, यस्तो पतिलाई देखेर स्त्रीजाति विरक्त हुन्छन् अथवा यस्तालाई छोडेर अर्कोलाई आश्रय गर्छन् ।

त्यक्त्वैतान् दुर्गुणान् यत्नात् ततो रक्ष्याः स्त्रियो नरैः ।
वस्त्रान्नभूषणप्रेममृदुवाग्भिश्च शक्तितः ॥२४॥

त्यस कारण मानिसले अन्न, वस्त्र, गहना, प्रेम र कोमल (नरम) बोलीले आफ्नू शक्तिअनुसार माथि बताइएका दुर्गुणहरूलाई छोडेर जतनले स्त्रीजातिलाई रक्षा गर्नुपर्दछ ।

स्वात्यंतसन्निकर्षेण स्त्रियं पुत्रं च रक्षयेत् ।
चैत्यपूज्यध्वजाशस्तच्छायाभस्मतुषाशुचीन् ॥२५॥

आफ्ना साथमा राखेर स्त्री र छोरालाई रक्षा गर्नुपर्दछ । चैत्य, पूजनीय स्थान, ध्वजा, ठूला-बडाको छाया, खरानी, जुन चीज अपवित्र छ, त्यो पनि नाघ्नु हुँदैन ।

नाक्रामेच्छर्करालोष्टबलिस्नानभुवोऽपि च ।
नदीं तरेन्न बाहुभ्यां नाग्निं स्कन्नमभिव्रजेत् ॥२६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गेगर, फोहर, वलि दिने ठाउँ, नुहाउने ठाउँ पनि नाघ्नु हुँदैन । हातले खियाएर गङ्गा तर्नु हुँदैन र चारैतिर फैलिएको आगो भएतिर पनि नजानू ।

संदिग्धनावं वृक्षं च नारोहेद् दुष्टयानवत् ।
नासिका न विकृष्णीयान्न कस्माद् विलिखेद् भुवम् ॥२७॥

डुब्छ कि भनेर शंका लाग्ने डुङ्गामा, ढल्छ कि भन्ने लाग्ने रूखमा, जस्तो खराव सवारीमा चढिन्न, त्यस्तै यस्तामा पनि नचढ्नू । नाक कोट्याई रहनुहुँदैन र विनाकाम भुँमा लेखिरहनु पनि हुँदैन ।

न संहताभ्यां पाणिभ्यां कण्डूयेदात्मनः शिरः ।
नांगैश्चेष्टेत विगुणं नासीतोत्कटुकश्चिरम् ॥२८॥

दुवै हातले आफ्नू कपाल नकन्याउनू। आफ्ना अंगप्रत्यंगलाई विनाकाम प्रयोगमा नल्याउनू र ज्यादा अमिलो र कडा पदार्थ पनि धेरै दिनसम्म नखानू ।

देहवाक् चेतसां चेष्टाः प्राक्छ्रमाद्विनिवर्तयेत् ।
नोर्ध्वजानुश्चिरं तिष्ठेन्नक्तं सेवेत न द्रुमम् ॥२९॥

पहिले शरीर, चित्त र वचनका हिताहित प्राप्तिका व्यापारलाई नियंत्रण गर्नू (जथाभावी शरीर वचन र चित्तलाई चल्न नदिनू) घुँडा ठड्याएर धेरै बेरसम्म नबस्नू र राती रूखमा नचढ्नू ।

तथा चत्वरचैत्यांतचतुष्पथसुरालयान् ।
शून्याटवीशून्यगृहश्मशानानि दिवापि न ॥३०॥

चैत्य, शून्य आँगन, चौबाटो, रक्सी खाइने ठाउँ, शून्य वन, कोही नभएको घर श्मशान (मानिस जलाउने ठाउँ), यति ठाउँमा त रातको के कुरा, दिउँसै पनि नबस्नू ।

सर्वथेक्षेत नादित्यं न भारं शिरसा वहेत् ।
नेक्षेत सततं सूक्ष्मं दीप्ता मेध्या प्रियाणि च ॥३१॥

सूर्यलाई एक टक लगाएर नहेर्नू, शिरमा भारी राखेर नहिंड्नू र मसिनु पदार्थलाई हेरि नरहनू, ज्यादा तेजिलो, अपवित्र र मन नपर्ने वस्तुलाई पनि हेरि नरहनू ।

संध्यास्वभ्यवहारस्त्रीस्वप्नाध्ययनचिन्तनम् ।
मद्यविक्रयसंधानदानादानानि नाचरेत् ॥३२॥

संध्याका बेलामा नखानू, स्त्रीसंभोग नगर्नू, नसुत्नू र पढ्न पनि हुँदैन। मदिराको किनबेच, मदिरा खाने र खुवाउने काम पनि संध्याको समयमा गर्नु हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आचार्यः सर्वचेष्टासु लोक एव हि धीमतः ।
अनुकुर्यात्तमेवातो लौकिकार्थे परीक्षकः ॥३३॥

बुद्धिमान् पुरुषलाई यो संसार र संसारमा रहने प्राणीहरू नै सबै काममा उपादेय भैरहेका हुन्छन् । यो लोकलाई जान्न चाहने पुरुषले त्यही बुद्धिमान् पुरुषको नै अनुसरण गर्नुपर्दछ ।

राज-देश-कुल-ज्ञातिसद्धर्मान्नैव दूषयेत् ।
शक्तोऽपि लौकिकाचारं मनसापि न लंघयेत् ॥३४॥

राजा, देश, आफ्नो कुल, बन्धुवर्ग र सद्-धर्मलाई कहिल्यै दोष नलगाउनू र समर्थ हुँदा हुँदै पनि लौकिक आचरणलाई मनले पनि उल्लंघन गर्न हुँदैन ।

अयुक्तं यत्कृतं चोक्तं न बलाद्धेतु नोद्धरेत् ।
दुर्गुणस्य च वक्तारः प्रत्यक्षं विरला जनाः ॥३५॥

अयोग्य कर्म कसैले गर्‍यो भने अथवा भन्यो भने त्यसलाई जबर्जस्ती समाधान नगर्नू । किनभने दुर्गुणलाई प्रत्यक्ष भन्ने मानिस विरलै हुन्छन् ।

लोकतः शास्त्रतो ज्ञात्वा ह्यतत्याज्यांस्ततो सुधीः ।
अनयं नयसंकाशं मनसापि न चिन्तयेत् ॥३६॥

बुद्धिमान् पुरुषले शास्त्रबाट र लोकबाट त्यागनुपर्छ भनिएका कुराहरू त्यागिदिनू र यो त न्याय नै हो कि भनेजस्तो पत्यार लाग्ने अन्यायलाई मनले पनि सम्झनु हुँदैन ।

अहं सहस्रापराधी किमेकेन भवेन्मम ।
मत्वा नाघं स्मरेदीषद्बिन्दुना पूर्यते घटः ॥३७॥

मैले हजारौं पाप गरेको छु, अब यो एउटा पाप गर्नाले के हुन्छ र यस्तो सम्झी पापमा प्रवृत्त नहुनू, किनभने पानीका थोपा थोपा पर्नाले नै घडा भरिन्छ ।

नक्तंदिनानि मे यान्ति कथं भूतस्य संप्रति ।
दुःखभाङ् न भवेदेवं नित्यं सन्निहितस्मृतिः ॥३८॥

अब मेरा दिन रात कसरी जालान्, यस्तो अवस्थामा परेको छु भन्ने यस्तो दुःखी कहिल्यै नहुनू, यस्तो हुन्छ नै भन्ने सम्झना गर्दै रहनू ।

समासव्यूहहेत्वादिकृतेच्छार्थं विहाय च ।
स्तुत्यर्थवादान् संत्यज्य सारं संगृह्य यत्नतः ॥३९॥

सानू अथवा ठूलो कारणका लागि पनि आफ्नू इच्छालाई त्याग गरिदिनू (ज्यादा आसक्त नहुनू), आफ्नू नभएको प्रशंसा र नभएका कुराहरू पनि गर्ने बोलीवचनलाई त्यागेर यत्नपूर्वक सार तत्त्वलाई मात्र लिनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मतत्त्वं हि गहनमतस्सत्सेवितं नरः ।
श्रुतिस्मृतिपुराणानां कर्म कुर्याद्विचक्षणः ॥४०॥

सत्पुरुषद्वारा सेवा गरिएको जुन अत्यन्त गहिरो धर्मको तत्त्व रहेको छ, त्यसलाई मानिसले विचार गर्नुपर्छ र ज्ञानवान्ले श्रुति (वेद) र स्मृति (धर्मशास्त्र) पुराणहरूमा भनेका कर्महरू गर्नैपर्दछ ।

न गोपयेद्वासयेच्च राजा मित्रं सुतं गुरुम् ।
अधर्मनिरतं स्तेनमाततायिनमप्युत ॥४१॥

राजाले अधर्म गर्ने, पापी, चोर, आततायीको काम गर्ने, मित्र, त्यस्तो काम गर्ने छोरो र गुरु नै भए पनि त्यस्तालाई ढाकछोप नगर्नू, राज्यबाट निकालिदिनू ।

अग्निदो गरदश्चैव शस्त्रोन्मत्तो धनापहः ।
क्षेत्रदारहरश्चैतान् षड् विद्यादाततायिनः ॥४२॥

घरमा आगो लगाइदिने, विष खुवाउने, हातहतियार लिएर मनपर्दी गर्ने, जमीन हरण गर्ने, स्वास्नी लैजाने र धन लुट्ने यी ६ वटा आततायी हुन् भन्ने जान्नू ।

नोपेक्षेत स्त्रियं बालं रोगं दासं पशुं धनम् ।
विद्याभ्यासं क्षणमपि सत्सेवां बुद्धिमान्नरः ॥४३॥

बुद्धिमान् मनुष्यले स्त्री, बालक, रोग, सेवक, पशु, धन, विद्याभ्यास र सज्जनको सेवालाई एक छिन पनि नछोड्नू (सदा याद राख्तै रहनुपर्दछ) ।

विरुद्धो यत्र नृपतिर्धनिकः श्रोत्रियो भिषक् ।
आचारश्च तथा देशो न तत्र दिवसं वसेत् ॥४४॥

जुन देशमा राजा धनी मानिस, वेदपाठी, वैद्य, आचार-विचार र मुलुकको स्थिति आफ्ना विरुद्ध छन् भने त्यस्ता ठाउँमा एक दिन मात्र पनि नबस्नू ।

नपुंसकश्च स्त्रीबालश्चण्डोमूर्खश्च साहसी ।
यत्राधिकारिणश्चैते न तत्र दिवसं वसेत् ॥४५॥

जुन राजाको राज्यमा नपुंसक, स्वास्नीमान्छे, बालक, अत्यन्त रिसाहा, मूर्ख र दुःस्साहसीहरूले प्रशस्त अधिकार पाएका छन्, त्यस्तो राज्यमा एकदिन पनि नबस्नू ।

अविवेकी यत्र राजा सभ्या यत्र तु पाक्षिकाः ।
सन्मार्गोज्झितविद्वांसः साक्षिणोऽनृतवादिनः ॥४६॥
दुरात्मनां च प्राबल्यं स्त्रीणां नीचजनस्य च ।
यत्र नेच्छेद्धनं मानं वसति तत्र जीवितम् ॥४७॥

जहाँ राजाले विवेक विचार राख्तैनन्, सभामा रहनेहरू (सल्लाहकार) पक्षपाती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छन्, विद्वान्‌हरूले आफ्नो बाटो छोडेका छन्, साक्षीहरूले झूठो बोल्छन्, दुष्टहरूले भनेजस्तो हुन्छ, स्त्रीजातीहरू जहाँ छाडा छन्, नीचहरूको जहाँ मनमानी चल्दछ, त्यहाँ धन पाउने, मान पाउने, बस्ने र जीवन बिताउने बाँच्ने इच्छै नगरोस्।

माता न पालयेद्बाल्ये पिता साधु न शिक्षयेत् ।
राजा यदि हरेद्वित्तं तत्र का परिदेवना ॥४८॥

बालक अवस्थामा आफ्नै आमा पालन गर्दिन, बाबु राम्ररी शिक्षा दिंदैन र राजा सर्वस्व लिन्छन् भने त्यसमा शोक गर्नु व्यर्थ छ ।

सुसेविताः प्रकुप्यन्ति मित्रस्वजनपार्थिवाः ।
गृहमग्न्यशनिहतं का तत्र परिदेवना ॥४९॥

प्रशस्त सेवा गर्दा पनि यदि राजा, आफ्नै मानिस र मित्र रिसाउँछन् तथा आगो र चड्कने (वज्र) द्वारा घर जल्दछ भने यसमा पनि शोक लिनु व्यर्थ छ ।

आप्तवाक्यमनादृत्य दर्पेणाचरितं यदि ।
फलितं विपरीतं तत् का तत्र परिदेवना ॥५०॥

यदि कुनै सज्जनको वचनलाई नमानेर घमण्डले कुनै काम गर्छ र त्यसबाट नराम्रो फल पाउँछ भने त्यसमा शोक लिनु पनि व्यर्थै छ ।

सावधानमना नित्यं राजानं देवतां गुरुम् ।
अग्निं तपस्विनं धर्मं ज्ञानवृद्धं सुसेवयेत् ॥५१॥

राजा, देवता, गुरु, अग्नि, तपस्वी धर्म र ज्ञानले पाका भएकालाई राम्रो तरीकाले सेवा गर्नु पर्दछ ।

मातृपितृगुरुस्वामीभ्रातृपुत्रसखिष्वपि ।
नविरुद्धेन्नापकुर्यान्मनसापि क्षणं क्वचित् ॥५२॥

आमा, बाबु, गुरु, स्वामी, भाइ, छोरा, सँगी साथीहरूसँग पनि मनले पनि कहिल्यै कुभलो नचिताउनू ।

स्वजनैर्न विरुद्धयेत न स्पर्धेत बलीयसा ।
न कुर्यात् स्त्रीबालवृद्धमूर्खेषु च विवादनम् ॥५३॥

आफ्ना मानिससँग कहिल्यै विरोध नगर्नू बलियासँग जोड नगर्नू, स्वास्नीमान्छे, बालक, बूढा र मूर्खसँग कहिल्यै पनि झगडा गर्न नतम्सिनू ।

एकः स्वादु न भुंजीत एकोऽर्थान्न विचिन्तयेत् ।
एको न गच्छेदध्वानं नैकः सुप्तेषु जागृयात् ॥५४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मीठो कुरा एक्लै नखानू एक्लै सम्पत्तिको चिन्ता नगर्नू, एक्लै बाटो नलाग्नू र सबै सुतेका ठाउँमा एक्लै जागा पनि नबस्नू ।

नान्यधर्मं हि सेवेत न द्रुह्याद्वै कदाचन ।
हीनकर्म गुणैः स्त्रीभि नासीतैकासने क्वचित् ॥५५॥

अरूको धर्मको सेवा नगर्नू, कसैसँग पनि द्रोह नगर्नू, आफूभन्दा गुण र कर्मद्वारा नीच भएकी स्त्रीसँग एउटै आसनमा पनि नबस्नू ।

षड्दोषा पुरुषेणेह हातव्या भूतिमिच्छता ।
निद्रा तंद्रा भयं क्रोधमालस्यं दीर्घसूत्रता ॥५६॥
प्रभवन्ति विघाताय कार्यस्यैते न संशयः ।

ठूलो ऐश्वर्यको इच्छा गर्ने पुरुषले निद्रा, तन्द्रा, डर, रिस, अल्छयाइँ र गज्याङ गुजुङ गर्ने (लोसो बानी) यी ६ वटा दोषलाई त्याग्नुपर्दछ । किनभने यी ६ वटै दोषबाट सधैं कार्यनाश हुन्छ । यस विषयमा कुनै शंका छैन ।

उपायज्ञश्च योगज्ञस्तत्त्वज्ञः प्रतिभानवान् ॥५७॥
स्वधर्मनिरतो नित्यं परस्त्रीषु पराङ्मुखः ।
वक्तोहवांश्चित्रकथः स्यादकुंठितवाक् सदा ॥५८॥

मानिसले सदा उपाय जान्ने, योग जान्ने, तत्त्व जान्ने, प्रतिभाशाली, आफ्नै धर्ममा रहने, अर्काकी स्त्रीको इच्छा नगर्ने, बोल्न सक्ने, चित्र-विचित्र कथा भन्न सक्ने र सोधेका प्रश्नको तुरुन्त जवाफ दिन सक्ने हुनुपर्दछ ।

चिरं संशणुयान्नित्यं जानीयात्क्षिप्रमेव च ।
विज्ञाय प्रभजेदर्थान् न कामं प्रभजेत् क्वचित् ॥५९॥

अरूले बोलेको कुरा खूब विचार गरी पहिले सुन्नू, भनेको कुरा बुझिहाल्नू, यथार्थ थाहा पाएर मात्र धनलाई व्यवहारमा प्रयोग गर्नू र बिनसित्ति धनको खर्च नगर्नू (अथवा इच्छालाई बेसरी सन्कन पनि नदिनू) ।

क्रयविक्रयस्यातिलिप्सां स्वदैन्यं दर्शयेन्न हि ।
कार्यं विनान्यगेहे न नाशातः प्रविशेदपि ॥६०॥

लिनु-दिनु गर्ने इच्छाद्वारा आफ्नो दीनता कहीं पनि प्रकट नगर्नू । कुनै खास काम नपरी र कुनै आशा लिएर कसैका घरमा नपस्नू ।

अपृष्टो नैव कथयेद् गृहकृत्यं तु कं प्रति ।
बह्वर्थाल्पाक्षरं कुर्यात्संलाप कार्यसाधकम् ॥६१॥

घरको कुरा कसैले नसोधी भन्दै नभन्नू । अर्कासँग बात मार्दा यसरी बोल्नू कि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थोरै शब्द बोलियून् । तर त्यसको अर्थ खूब धेरै लाग्ने होओस् अथवा त्यस बोलीद्वारा कार्य-सिद्धि होस् ।

न दर्शयेत् स्वाभियतमनुभूताद्विना सदा ।
ज्ञात्वा परमतं सम्यक्तेना ज्ञातोत्तरं वदेत् ॥६२॥

आफूले नजानीकन यसै हो भनेर कहिल्यै नभन्नू । अर्काले के भन्यो त्यसको राय लाई यथार्थ बुझेर मात्र उसले जो जानेको छैन, त्यसको जवाफ दिनू ।

दंपत्योः कलहे साक्ष्यं न कुर्यात् पित्रृपुत्रयोः ।
सुगुप्तः कृत्यमन्त्रः स्यान्नत्यजेच्छरणागतान् ॥६३॥

लोग्ने-स्वास्नी र बाबु-छोरा झगडा गरेमा तिनीहरूको साछी नबस्नू । गर्ने कुरा र मन्त्रलाई खूब गोप्य राख्नू र शरणमा परेकालाई छोड्नु पनि हुँदैन ।

यथाशक्ति चिकीर्षेत्तु कुर्यान्मुह्ये च्च नापदि ।
कस्यचिन्न स्पृशेन्मर्म मिथ्यावादं न कस्यचित् ॥६४॥

आफ्नो इच्छा लागेको कुरा यथाशक्ति गर्दै जानू, आपत् परिहालेमा आत्तिनु हुँदैन, कसैलाई मर्म नपानूर् र अरूहरूको नभएको कुरा गर्दै नगनूर् ।

नाश्लीलं कीर्तयेत् कंचित् प्रलापं न च कारयेत् ।
अस्वर्ग्यं स्याद्धर्म्यमपि लोकविद्विषितं तु यत् ॥६५॥

अयोग्य र लाज-भाँडका कुरा कसैसित पनि नगनूर् । धार्मिक छ तापनि लोकको हित नभएर लोकले मन पराउँदैन भने त्यस्ता कुराले स्वर्गप्राप्ति पनि हुँदैन ।

स्वहेतुभिर्न हन्येत कस्य वाक्यं कदाचन ।
प्रविचार्योत्तरं देयं सहसा न वदेत् क्वचित् ॥६६॥

आफ्नो कुरो त्यसै माथि पार्न बीचैमा अरूको कुरा नकाट्नू । विचार गरेर मात्र उत्तर दिनु सहसा झट्ट केही भनिहाल्नु हुँदैन ।

शत्रोरपि गुणा ग्राह्या गुरोस्त्याज्यास्तु दुर्गुणाः ।
उत्कर्षो नैव नित्यस्यान्नापकर्षस्तथैव च ॥६७॥

शत्रुका पनि गुण छन् गने लिइहाल्नू, गुरुका पनि दोष छन् भने लिनु हुँदैन । संसारमा सधैं उत्थान पनि भैरहँदैन र पतन पनि सदा भै नै रहन्न ।

प्राक्कर्मवशतो नित्यं सधनो निर्धनो भवेत् ।
तस्मात् सर्वेषु लोकेषु मैत्रीं नैव च हापयेत् ॥६८॥

पूर्व-जन्मका कर्मअनुसार धनी पनि गरीब हुन्छ (र गरीब पनि धनी हुन्छ) अतः सबैमा मित्रता राखिरहनैपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दीर्घदर्शी सदा च स्यात्प्रत्युत्पन्नमतिः क्वचित् ।
साहसी सालसी चैव चिरकारी भवेन्न हि ।।६९।।

सदा दूरदर्शी भैरहनू, कहिले-कहीं प्रत्युत्पन्नमति (झट्टै बुद्धि फुर्ने) पनि हुनुपर्दछ। दुस्साहसी, र अल्छी र ढीलो काम गर्ने कहिल्यै हुनु हुँदैन ।

यस्सुदुर्निष्फलं कर्म ज्ञात्वा कर्तुं व्यवस्यति ।
द्रागादौ दीर्घदर्शी स्यात् स चिरं सुखमश्नुते ।।७०।।

यसबाट कुनै फलप्राप्ति हुन्छ वा हुँदैन भनी विचार गरी काम गर्ने र यसको परिणाम यही हुन्छ भनी चाँडै नै पहिले नै देख्ने जुन दूरदर्शी छ त्यस्ताले धेरै कालसम्म सुखभोग गर्छ ।

प्रत्युत्पन्नमतिः प्राप्तां क्रियां कर्तुं व्यवस्यति ।
सिद्धिः सांशयिकी तत्र चापल्यात् कार्यगौरवात् ।।७१।।

समयमा बुद्धि फुर्ने भएर काम गर्दा पनि यदि कसैले ठूलै काम आँटे पनि हडबड गर्छ भने त्यसको कार्यसिद्धि हुनामा शंका देखिन आउँछ। (ठूलो काम शुरू गर्दा हतपत गर्न र हडबडाउनु हुँदैन)

यतते नैव कालेऽपि क्रियां कर्तुं च सालसः ।
न सिद्धिस्तस्य कुत्राऽपि स नश्यति च सान्वयः ।।७२।।

अल्छी मनुष्य समयमा गर्नुपर्ने काममा पनि आलस्य लिएर गर्दैन । यसो हुँदा त्यसको कुनै काम पनि सफल हुँदैन, अनि त्यो वंशसहित बिग्रन्छ ।

क्रियाफलमविज्ञाय यतते साहसी च सः ।
दुःखभागी भवत्येव क्रियया तत्फलेन वा ।।७३।।

यस कामको परिणाम यही हुन्छ भन्ने कुरा दुस्साहसीलाई थाहा हुँदैन, त्यसो हुँदा त्यस्तो पुरुष त्यस्तो काम गर्दा दुःख पाउँछ र त्यसको परिणामबाट पनि दुःख पाउँछ।

महत्कालेनाल्पकर्म चिरकारी करोति च ।
स शोचत्यल्पफलतो दीर्घदर्शी भवेदतः ।।७४।।

सानो काम पनि धेरै समय लगाएर गर्ने चिरकारी हो । ऊ धेरै समयपछि पाउँदा पनि थोरै फल मात्र पाउँछ । अनि त्यो शोक गर्न थाल्दछ । अतः मानिसले सधैं दीर्घदर्शी हुनुपर्दछ ।

सुफलं तु भवेत्कर्म कदाचित् सहसा कृतम्
निष्फलं वापि प्रभवेत् कदाचित् सुविचारितम् ।।७५।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथापि नैव कुर्वीत सहसानर्थकारि तत् ।
कदाचिदपि संजातमकार्यादिष्टसाधनम् ॥७६॥

कहिलेकाहीं हतपताएर गरेको काम पनि सफल हुन्छ र कहिले भने विचार पुर्‍याएर गर्दा पनि निष्फल हुन्छ । तदपि हतपताएर कहिले पनि काम गर्नु हुँदैन । कहिलेकाहीं खराब काम गर्दा पनि भलो नै हुन्छ तापनि त्यस्तो खराब काम कहिल्यै नगर्नू ।

यदनिष्टं तु सत्कार्यान्नाकार्यमेरकं हि तत् ।
भृत्यो भ्रातापि वा पुत्रः पत्नी कुर्यान्न चैव यत् ॥७७॥
विधास्यन्ति च मित्राणि तत्कार्यमविशंकितम् ।

यदि सत्कार्य गर्दा खराब आइलागे पनि खराब कामको हेतु असल काम कहिल्यै हुँदैन । सेवक, भाइ, छोरा, पत्नी पनि जुन काम गर्न सक्तैनन्, त्यही काम मित्रहरू सजिलैसित गर्दछन् ।

यो हि मित्रमविज्ञाय याथातथ्येन मन्दधीः ॥७८॥
मित्रार्थे योजयत्येनं तस्य सोऽर्थोऽवसीदति ।

जो यथार्थ रूपले मित्रलाई परिचय नगरी जस्तालाई पायो उस्तैलाई मित्रले गर्ने काममा लगाउँछ, त्यो मूर्ख हो र त्यो दुःख पाउँछ ।

न हि मानसिको धर्मः कस्यचित् ज्ञायतेऽञ्जसा ॥७९॥
अतो यतेत तत्प्राप्त्यै मित्रलब्धिर्वरा नृणाम् ।

सहसा अन्तर्मनका कुरा कसैले पनि जान्न सकिन्न । अतः मित्रलाई पहिले चिन्नुपर्दछ र मित्रप्राप्तिका लागि प्रयत्न गर्नुपर्दछ । किनभने सच्चा मित्र पाउनु मानिसका लागि ज्यादै असल कुरो हो ।

नात्यन्तं विश्वसेत् कंचिद्विश्वस्तमपि सर्वदा ॥८०॥
पुत्रं वा भ्रातरं भार्याममात्यमधिकारिणम् ।

सधैं विश्वास गरिने व्यक्तिमा पनि ज्यादा विश्वास गर्नु मनासिब छैन । छोरा, भाइ, स्वास्नी, मन्त्री र आफूले अधिकार दिइने व्यक्तिमा पनि ज्यादा विश्वास नगर्नू ।

धनस्त्रीराज्यलोभो हि सर्वेषामधिको यतः ॥८१॥
प्रामाणिकञ्चानुभूतमाप्तं सर्वत्र विश्वसेत् ।
विश्वसित्वात्मवद् गूढस्तत्कार्यं विमृशेत् स्वयम् ॥८२॥

सबैलाई धनको, स्त्रीको र राज्यको लोभ लागिरहेकै हुन्छ । अतः प्रमाणबाट र अनुभवबाट जुन आफ्नो ठहर्छ, त्यसैमा मात्र सधैं विश्वास गर्नू । त्यस्तासित पनि विश्वास गरेपछि गुप्त रूपले त्यसले कस्तो गर्छ, त्यो कुरा आफैले गुप्त रूपले बुझ्दै गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तद्वाक्यं तर्कतोऽनर्थं विपरीतं न चिन्तयेत् ।
चतुःषष्टितमांशं तन्नाशितं क्षमयेदथ ॥८३॥

त्यस्तो बिश्वास गरिएका व्यक्तिको वचनलाई अनेक कुतर्कबाट उल्टो नसम्झनू। यदि त्यस्ताले सयकडा चौसठ्ठी भागसम्म पनि काम बिगारेमा क्षमा गर्नू ।

स्वधर्मनीतिबलवांस्तेन मैत्रीं प्रधारयेत् ।
दानैर्मानैश्च सत्कारैस्सुपूज्यान् पूजयेत् सदा ॥८४॥

बलियो, आफ्नो धर्म मिल्ने, नीति मिल्नेसित मैत्री गर्नू । दान, मान र सत्कार बाट आफूले मान्नुपर्नेलाई सधैं मान्नैपर्छ ।

कदापि नोग्रदण्डः स्यात् कटुभाषणतत्परः ।
भार्यापुत्रोऽप्युद्विजते कटुवाक्यात् प्रदण्डतः ॥८५॥
पशवोऽपि वशं यान्ति दानैश्च मृदुभाषणैः ।

कहिले पनि कडा सजायँ दिने मात्र हुनु हुँदैन र सदा रूखो बोली गर्नु पनि हुँदैन । कडा दण्ड दिने र रूखो बोली गर्नै गर्नाले आफ्नै छोरा र स्वास्नी पनि उदासीन हुन्छन् र पशु पनि केही दिनाले र मीठो बोल्नाले वशमा आउँछन् ।

नविद्यया न शौर्येण धनेनाभिजनेन च ॥८६॥
न बलेन प्रमत्तः स्याच्चातिमानी कदाचन ।

विद्याले, शुर्‍याइँले धनले, कुलबलले संपन्न भए पनि मात्तिनु हुँदैन । अभिमानी त कैल्यै नहुनू ।

नाप्तोपदेशं संवेत्ति विद्यामत्तः स्वहेतुभिः ॥८७॥
अनर्थमप्यभिप्रेतं मन्यते परमार्थवत् ।

विद्याले मत्त भएको व्यक्तिले आफ्नो हित चाहनेहरूको शिक्षा पनि घमण्डी-पनाले गर्दा ग्रहण गर्न जान्दैन र त्यसले खराब कुरालाई पनि असलै हो भन्ने ठान्दछ ।

महाजनैर्धृतः पन्था येन संत्यज्यते बलात् ॥८८॥
शौर्यमत्तस्तु सहसा युद्धं कृत्वा जहत्यसून् ।
व्यूहादियुद्धकौशल्यं तिरस्कृत्य च शस्त्रवान् ॥८९॥

गतिला पुरुषहरूले पक्रेको मार्गलाई जो हठले छोड्दछ, त्यो शुर्‍याइँले मत्त भएको हो भन्ने जान्नू । त्यस्तो पुरुषले सेनाको घेरा र शस्त्र लिएकालाई पनि गन्दैन र लडाइँ गरेर त्यो मर्दछ ।

श्रीमत्तः पुरुषो वेत्ति न दुष्कीर्तिमजो यथा ।
स्वमूत्रगन्धं मूत्रेण मुखमासिञ्चते स्वकम् ॥९०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धनले मत्त भएको पुरुष बदनामीको पनि वास्ता गर्दैन, जस्तो बोकाले मूत जस्तै गह्राउने उसको मुखलाई आफ्नै मूतले दुर्गन्धी बनाउँछ, त्यो पनि त्यस्तै हो ।

तथाभिजनमत्तस्तु सर्वानेवावमन्यते ।
श्रेष्ठानपीतरान् सम्यगकार्ये कुरुते मतिम् ॥६१॥

त्यस्तै कुल र बलले मत्त भएको पुरुषले सबैको अपमान गर्छ, मान्यजनको पनि अपमान गर्छ, वरपरकालाई पनि अपमान गर्छ र खराब काममा बानी लगाउँछ ।

बलमत्तस्तु सहसा युद्धे विदधते मनः ।
बलेन बाधते सर्वान् पश्वादीन्यपि ह्यन्यथा ॥६२॥

बलले मात्तिएको पुरुष जहिले पनि लड्ने नै इच्छा गर्दछ र बलपूर्वक सबैलाई पीडा पार्दछ, बलवान् पशु (घोडा, हात्ती) आदिको पनि गणना गर्दैन ।

मानमत्तो मन्यते स्म तृणवच्चाखिलं जगत् ।
अनर्होऽपि च सर्वेभ्यः स्तुत्यर्घासनमिच्छति ॥६३॥

मानले मैमत्त भएका त संपूर्ण जगत्‌लाई झारपात जस्तै ठान्दछ । ऊ सबभन्दा चुत्थो भए पनि स्तुति अर्घ र आसनादिको इच्छा राख्तछ ।

मदा एतेऽवलिप्तानां सतामेते दमाः स्मृताः ।
विद्यायाश्च फलं ज्ञानं विनयश्च फलं श्रियः ॥६४॥

यस्ता घमण्डीहरूको जस्तो घमण्ड प्रधान भएर रहेको हुन्छ, सज्जनको त्यस्तै इन्द्रिय-संयम गर्ने कुरा प्रधान रूपले रहेको हुन्छ । विद्याको फल ज्ञान हो र विनय (नम्रता) को फल श्री (शोभा वा लक्ष्मी) हो ।

यज्ञदाने बलफलं सद्रक्षणमुदा हतं ।
नामिताः शत्रवः शौर्यं फलं च करदीकृताः ॥६५॥

सज्जनको यज्ञ, दान र बलको राम्रा तरहले रक्षा गर्नाको लागि, हुन्छ । शत्रुलाई झुकाउनाका निमित्त शुर्याइँ र तिनीहरूलाई कर तिर्ने बनाउनाका निमित्त पनि हुन्छ ।

शमोदमश्चार्जवं चाभिजनस्य फलं त्विदम् ।
मानस्य च फलं चैतत् सर्वेस्वसदृशा इति ॥६६॥

सज्जनको कुलबलको फल शम, दम र नम्रताका लागि हुन्छ । यति सज्जनले मान पायो भने त्यसको फल "सबै मै जस्ता त हुन् नि" भन्ने यस्तो सम्झने हुन्छ ।

सुविद्यान्मन्त्रभैषज्यस्त्रीरत्नं दुष्कुलादपि ।
गृह्णीयात् सुप्रयत्नेन मानमुत्सृज्य साधकः ॥६७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो भलो चिताउने साधन पुरुषले खराब कुलबाट पनि असल कन्या भए ती कन्या, असल विद्या, मन्त्र र औषधि छ भने म यस्तो मानी हुँ नभनी खुरुक्क ग्रहण गरिहाल्नुपर्छ ।

उपेक्षेत प्रनष्टं यत् प्राप्तं यत् तदुपाहरेत् ।
न बालं न स्त्रियं चातिलालयेत्ताडयेन्न च ॥९८॥
विद्याभ्यासे गृह्यकृत्ये तावुभौ योजयेत् क्रमात् ।

कुनै कुरा नाश भैहाले त्यसको शोक नगर्नू, आइपरेको लिइहाल्नू, नछोड्नू, बालक र स्वास्नीमानिसप्रति ज्यादा हिरिक्क पनि नगर्नू र ज्यादा पिट्न पनि हुँदैन । तिनीहरूलाई क्रमशः बालकलाई पढाउनेतर्फ र स्वास्नीमानिसलाई घरको रेखदेखमा लगाउनू ।

परद्रव्यं क्षुद्रमपि नादत्तं स हरेदणु ॥९९॥
नोच्चारयेदघं कस्य स्त्रियं नैव च दूषयेत् ।

अणुबराबरको होओस् अथवा थोरै होओस्, तापनि अर्काको धन हरण नगर्नू । अर्कोले गरेको पापको उच्चारणै न गर्नू र कसैकी स्त्रीलाई पनि नबिट्टुल्याउनू ।

न ब्रूयादनृतं साक्ष्यं कृतं साक्ष्यं न लोपयेत् ॥१००॥
प्राणात्ययेऽनृतं ब्रूयात्सुमहत्कार्यसाधने ।

झूठो साछी कहिल्यै नबक्नू, साछी बसेपछि मलाई थाहा छैन भनी नभन्नू । झूटो नबोल्दा प्राणै जान्छ र झूटो बोल्दा असल र गतिलो काम हुन जान्छ भने झूटो बोले पनि हुन्छ ।

कन्यादात्रे तु ह्यधनं दस्यवे सधनं नरम् ॥१०१॥
गुप्तं जिघांसवे नैव विज्ञातमपि दर्शयेत् ।

कन्या दिनेलाई यो निर्धनी छ भन्ने कुरा, चोरलाई यो धनी छ भन्ने कुरा, छल गरेर कसैले कसैलाई मार्न आँटेको भए यस्तामा थाहा पाए पनि थाहा नदिनू ।

जायापत्योश्च पित्रोश्च भ्रात्रोश्च स्वामिभृत्ययोः ॥१०२॥
भगिन्योर्मित्रयोर्भेदं न कुर्याद् गुरुशिष्ययोः ।

लोग्नेस्वास्नीको, बाबुहरूको, भाइहरूको, सेवक र स्वामीको, दिदीबहिनीहरूको, मित्रमित्रको र गुरुशिष्यको फुटानी नगर्नू ।

न मध्याद् गमनं भाषाशालिनोस्स्थितयोरपि ॥१०३॥
सुहृदं भ्रातरं बन्धुमुपचर्यात् सदात्मवत् ।

दुइटा कुरा गर्न लागेका बेलामा र दुई जना बसेकै भए पनि तिनीहरूका बीचबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नहिंड्नू । मित्र, दाजुभाइ, बन्धुबान्धवहरूलाई आफै जस्तो सम्झी सम्मान गर्नू ।

गृहागतं क्षुद्रमपि यथार्थं पूजयेत् सदा ॥१०४॥
तदीयकुशलप्रश्नैः शक्त्यादानैर्जलादिभिः ।

घरमा आएको क्षुद्र पुरुषलाई पनि उसको योग्यताअनुसार सत्कार र उहीअनुसारको सोधपुछ र आफ्नू गच्छेअनुसार दान जलपान आदिले सम्मान गर्नू ।

सपुत्रस्तु गृहे कन्यां सपुत्रां वासयेन्न हि ॥१०५॥
सभर्तृकां च भगिनीमनाथे ते तु पालयेत् ।

आफ्नो छोरो छ भने छोरा भएकी छोरीलाई आफ्ना घरमा नराख्नू । लोग्ने साथमा भएकी बहिनीलाई पनि आफ्ना घरमा नराख्नू । यदि तिनीहरू कोही नभएका अनाथ बन् भने त तिनीहरूलाई पाल्नुपर्छ ।

सर्पोग्निर्दुर्जनो राजा जामाता भगिनीसुतः ॥१०६॥
रोगशत्रुर्नावमान्योऽप्यल्प इत्युपचारितः ।

सर्प, आगो, दुर्जन, राजा ज्वाइँ भानिज, रोग र शत्रु यिनलाई अपमान नगर्न, जो सकेको यिनलाई उपचार गर्नैपर्छ ।

क्रौर्यात्तैक्ष्ण्याद् दुःस्वभावात्स्वामित्वात्पुत्रिकाभयात् ॥१०७॥

किनभने क्रूरताको डरबाट सर्पलाई, दुष्टभाव हुनाले दुर्जनलाई, तेजिलो (पोल्ने) हुँदा अग्निलाई, स्वामी हुनाले राजालाई र छोरीका कारणले ज्वाइँलाई सेवा गर्नैपर्छ ।

स्वपूर्वजपिंडदत्वादृवृद्धिभीभ्यामुपाचरेत् ।
ऋणशेषं रोगशेषं शत्रुशेषं न रक्षयेत् ॥१०८॥

आफ्ना पूर्वजहरूलाई आफ्नो अभिवृद्धि र उनले सराप गर्लान् भन्ने डरले पिण्ड दिनुपर्दछ । ऋणको, रोगको र शत्रुको बीउ पनि नराख्नू ।

याचकाद्यैः प्रार्थितः सन् न तीक्ष्णं चोत्तरं वदेत् ।
तत्कार्यं तु समर्थश्चेत् कुर्याद्वा कारयीत च ॥१०९॥

यदि कुनै माग्नेले मागिहाल्यो भने त्यसलाई रूखो जवाफ नदिनू, बरु सकिन्छ भने त्यसको काम आफै अथवा अरूद्वारा पनि पूरा गरिदिनू ।

दातृणां धार्मिकाणाञ्च शूराणां कीर्तनं सदा ।
शृणुयात्तु प्रयत्नेन तच्छिद्रं नैव लक्षयेत् ॥११०॥

दाताहरूको, धर्मात्माहरूको सधैं स्मरण गर्नू, शूराहरूको सधैं स्मरण गर्नू, उनीहरूका गुण गाउनू, तर उनीहरूका दोष पनि त हुनन् भनी दोषको खोजी नगर्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काले हितमिताहारविहारीविघसाशनः ।
अदीनात्मा च सुस्वप्नः शुचिःस्यात् सर्वदा नरः ॥१११॥

मानिसले सधैं समयमा हित हुने र ठिक्क प्रमाणको भोजन र विहार गर्नू, यज्ञ गरेर बाँकी रहेको खानू, कसैसित पनि आफ्नो दरिद्रताको कुरा नगर्नू, सुखपूर्वक सुत्नू र सधैं शुद्ध सफा रहनू ।

कुर्याद्विहारमाहारं निर्हारं विजने सदा ।
व्यवसायी सदा च स्यात् सुखं व्यायाममभ्यसेत् ॥११२॥

विहार (क्रीडा) भोजन मलत्याग सधैं एकान्तमा गर्ने गर्नू । सदा केही न केही उद्योग गर्दै रहनू । सजिलो तरीकाले केही न केही व्यायाम (कसरत) गर्दै रहनू ।

अन्नं न निंद्यात् सुस्वच्छः स्वीकुर्यात् प्रीतिभोजनम् ।
आहारं प्रवरं विंद्यात् षड्रसं मधुरोत्तरम् ॥११३॥

निर्मल हृदय भएका मानिसले अन्नको निन्दा कहिल्यै नगर्नू, बडो प्रेमपूर्वक भोजन गर्नू, छ वटै रस(गुलियो, अमिलो, नुनिलो, पीरो, तीतो, टर्रो) भएको भोजन उत्तम मानिएको छ । यिनीहरूमा अझ बढता गुलियो हुनु वेश छ ।

विहारं चैव स्वस्त्रीभिर्वेश्याभिर्न कदाचन ।
नियुद्धं कुशलैस्सार्धं व्यायामं नतिभिर्वरम् ॥११४॥

आफ्नै स्त्रीमा विहार गर्नू, वेश्याहरूसँग कहिल्यै पनि विहार गर्न हुँदैन । जान्ने लडाकासँग लड्नु पनि वेश छ र कसरत गर्दा आफूले मान्ने मानिससँग गर्नु असल छ ।

हित्वा प्राक् पश्चिमौ यामौ निशिस्वापो वरो मतः ।
दीनांधपंगु बधिरानोपहास्या कदाचन ॥११५॥

पहिलो प्रहर (रातको ४ भागमध्ये पहिलो) र पछिल्लो प्रहर छोडेर बीचका २ प्रहर रातमा सुत्नु असल छ । दुःखी, अन्धा, लंगडा, बहिरालाई देखेर नगिज्याउनू (खिस्सी नगर्नू ।)

नाकार्ये तु मतिं कुर्यात् द्राक् स्वकार्यं प्रसाधयेत् ।
उद्योगेन बलेनैव बुद्ध्या धैर्येण साहसात् ॥११६॥

दुष्ट कार्यमा कहिल्यै पनि मति नलगाउनू । उद्योगले, बलले, बुद्धिले, धैर्यले र साहसले चाँडै नै आफ्नो कार्यसिद्धि गर्नुपर्दछ ।

पराक्रमेणार्जवेन मानमुत्सृज्य साधकः ।

पराक्रमले नम्र भएर मान छोडेर पनि साधक (आफ्नो कार्यसिद्धि चाहनेले) ले आफ्नू कार्यसिद्धि गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदि सिध्यति येनार्थः कलहेन वरस्तु सः ॥११७॥
अन्यथायुर्धनसुहृद्यशःसुखहरः स्मृतः।

कलह गरेर पनि कार्यसिद्धि हुन्छ भने पनि बरु त्यो असल छ, तर मेलमिलापबाट धन, मित्र, कीर्ति र सुख नाश हुन्छ भने त्यो वेश हुँदैन ।

नानिष्टं प्रवदेत् कस्मिन् न छिद्रं कस्य लक्षयेत् ॥११८॥
आज्ञाभङ्गस्तु महतां राज्ञः कार्यो न वै क्वचित् ।

कसैको पनि कुभलो नचिताउनू (नभन्नू), अर्काको छिद्र ताकेर नहिँड्नू, ठूला-बडाको आज्ञा उल्लंघन नगर्नू, राजाको आज्ञालाई त कहिल्यै उल्लंघन गर्नु हुँदैन ।

असत्कार्यनियोक्तारं गुरुं वापि प्रबोधयेत् ॥११९॥
नातिक्रामेदपि लघुं क्वचित् सत्कार्यबोधकम् ।

खराब काममा लगाउन लागेमा गुरुलाई पनि सम्झाउनू र असल काम आफूभन्दा कम दर्जाकाले भने पनि त्यसलाई हेलाँ गर्नु हुँदैन ।

कृत्वा स्वतन्त्रां तरुणीं स्त्रियं गच्छेन्न वै क्वचित् ॥१२०॥
स्त्रियो मूलमनर्थस्य तरुण्यः किं परैः सह ।

तरुणी स्त्रीलाई स्वतन्त्रता दिएर (एक्लै छोडेर) अन्त कतै नजानू, किनभने आपत्ति आइपर्ने कुरामा स्त्रीजाति नै ज्यादा कारण हुन्छन्, अरूहरूसँग तरुणी स्त्रीको त के कुरा ।

नप्रमाद्येन्मदद्रव्यैर्न विमुह्येत् कुसंगतौ ॥१२१॥

घमण्डी वनाउने पदार्थ पाएर पनि मदमत्त नहुनू र कुसगतिमा कहिले पनि माया मोह नगर्नू ।

साध्वी भार्या पितृपत्नी माता बाला पिता स्नुषा ।
अभर्तृकानपत्या या साध्वी कन्या स्वसापि च ॥१२२॥
मातुलानी भ्रातृभार्या पितृमातृस्वसा तथा ।
मातामहोनपत्यश्च गुरुश्वशुरमातुलाः ॥१२३॥
बालोऽपिता च दौहित्रो भ्राता च भगिनीसुतः ।
एतेऽवश्यं पालनीयाः प्रयत्नेन स्वशक्तितः ॥१२४॥

साधु स्वभाव भएकी स्त्री, आफ्नी स्त्री, काकी, आमा, सोह्र वर्ष पुगेकी स्त्री, बाबु, बुहारी, छोरा छोरी र लोग्ने नभएकी कन्या, (छोरी) वहिनी, माइजू, भाउजू, फुपू, सानीमा, ठूलीमा, मावलीतिरका जिबा, छोराछोरी नभएका गुरु, ससुरा र मामा, बालक आफूलाई रक्षा गर्ने (रक्षक पिता), बाबु, नाती, भाइ, भानिज, यिनीहरूलाई पाल्न अवस्था आइपरेमा आफ्ना शक्तिअनुसार वडो जतन गरेर अवश्य पाल्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अविभवेऽपि विभंवे पितृमातृकुलं सुहृत् ।
पत्न्याः कुलं दासदासीभृत्यवर्गांश्च पोषयेत् ॥१२५॥

प्रशस्त सम्पति भए पनि नभए पनि आमा बाबुको कुलमा जन्मेका, मित्र, पत्नीका कुलमा जन्मेका, दास, दासी, र सेवकहरूलाई पालन गर्नुपर्दछ ।

विकलांगान् प्रव्रजितान् दीनानाथांश्च पालयेत् ।
कुटुंबभरणार्थे यो यत्नवान्न भवेच्च यः ।।
तस्य सर्वगुणैः किंतु जीवन्नेव मृतश्च सः ॥१२६॥

अङ्गभङ्ग भएका, सन्यासी, दुःखी र अनाथलाई पालन गर्नू । जुन मानिस आफ्ना कुलकुटुम्बहरूलाई पालन-पोषण गर्न प्रयत्न गर्दैन, त्यसका लाखौं गुण भए पनि व्यर्थ छन् र जिउँदै मरेको त्यही हो ।

न कुटुंबं भृतं येन नामिताः शत्रवोऽपि न ।
प्राप्तं संरक्षितं नैव तस्य किं जीवितेन वै ॥१२७॥

जसले कुटुम्वलाई भरण-पोषण (हेरविचार) गरेन, शत्रुलाई पनि बशमा ल्याउन सकेन र हात परेका कुरा जोगाउन पनि सकेन, त्यस्तो बाँचेर केही काम छैन ।

स्त्रीभिर्जितो ऋणी नित्यं सुदरिद्री च याचकः ।
गुणहीनोऽर्थधीनस्सन् मृता एते सजीवकाः ॥१२८॥

स्वास्नीले जितिएका, सधैं ऋणमा डुबेका, सदा दरिद्री, सधैं मागिरहने, गुणले हीन भएका, शत्रुका वशमा परेका यति जो छन् ती सवै ज्यूँदै मरेका हुन् भनी जान्नू ।

आयुर्वित्तं गृहच्छिद्रं मंत्रमैथुनभेषजम् ।
दानमानापमानं च नवैतानि सुगोपयेत् ॥१२९॥

आफ्नो आयु, सम्पत्ति, धरको नराम्रो कुरो, मन्त्र, मैथुन, औषधि, दान, मान र अपमान, यी नौ वटा कुरा गोप्य राख्नू ।

देशाटनं राजसभावेशनं शास्त्रचिन्तनम् ।
विश्यादिदर्शनं विद्वन्मैत्री कुर्यादतंद्रितः ॥१३०॥

देश-देशावर घुम्नु, राजाको सभामा जानु, शास्त्रको विचार गर्नु, वेश्यासँग पनि परिचय गर्नु र विद्वान्सँग मैत्री गर्नु, यति कुरा गर्न अल्छी नगर्न ।

अनेकाश्च तथा धर्माः पदार्था पशवो नराः ।
देशाटनात् स्वानुभूताः प्रभवंति च पर्वताः ॥१३१॥

अनेक प्रकारका धर्म, वस्तुहरू, पशुहरू, मानिसहरू र धेरै पर्वतहरू पनि देश-देशान्तर घुम्दा आफूले अनुभव गर्न पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कीदृशा राजपुरुषा न्यायान्यायं च कीदृशम् ।
मिथ्याविवादिनः के च के वै सत्यविवादिनः ॥१३२॥
कीदृशी व्यवहारस्य प्रवृत्तिश्शास्त्रलोकतः
सभागमनशीलस्य तद्विज्ञानं प्रजायते ॥१३३॥

राजाका सभासद् कस्ता हुन्छन्, न्याय र अन्यायमा इन्साफ कसरी हुन्छ, सत्यवादी कस्ता हुन्छन्, झूटो बोल्ने कस्ता हुन्छन्, शास्त्रको भनाइ र लोकको भनाइ कस्तो हुन्छ आदि कुरा सभामा जानाले ज्ञात हुन्छ ।

नाहंकारी च धर्मान्धः शास्त्राणां तत्त्वचिन्तनैः ।
एकं शास्त्रमधीयानो न विंद्यात् कार्यनिर्णयम् ॥१३४॥

मानिस शास्त्रका खास तत्त्वलाई विचार गर्नले अहंकारी र धर्मान्ध (धर्ममा हुरुक्क हुने) हुँदैन केवल एउटै विषयको शास्त्र मात्र हेर्नेले यथार्थ निर्णय गर्न सक्तैन ।

स्याद्बह्वागमसंदर्शी व्यवहारो महानतः ।
बुद्धिमानभ्यसेन्नित्यं बहुशास्त्राण्यतंद्रितः ॥१३५॥

त्यसो हुनाले धेरै शास्त्रहरू हेर्नुपर्दछ । त्यस्तै धेरै शास्त्र हेरेका विद्वान्बाट नै बडे बडे व्यवहार पार हुन्छन् । अतः बुद्धिमान् पुरुषले अल्छी नगरी धेरै शास्त्रहरू हेर्नुपर्दछ ।

तदर्थं तु गृहीत्वापि तदधीना न जायते ।
वेश्या तथाविधा वापि वशीकर्तुं नरः क्षमा ॥१३६॥
नेयात् कस्य वशं तद्वत् स्वाधीनं कारयेज्जगत् ॥१२७॥

कसैको धन लिएर पनि वेश्या त्यो पुरुषका अधीन रहँदैनन्, यस्ता वेश्यालाई पनि मानिसले वश पार्न सक्तछन् । अतः आफू कसैका वश नहुनू र संसारलाई आफ्नो वशमा राख्नुपर्दछ ।

श्रुतिस्मृतिपुराणानां अर्थविज्ञानमेव च ।
सहवासात् पण्डितानां बुद्धिः पंडा प्रजायते ॥१३८॥

वेद, धर्मशास्त्र, पुराण, अर्थशास्त्र, विद्वान्हरूको विशेष ज्ञानबाट र पण्डितसँग सहवास गर्नाले बुद्धि पण्डा (सम्पूर्ण शास्त्रमा निपुण) हुन्छ ।

देवपित्रातिथिभ्योन्नमदत्वा नाश्नियात् क्वचित् ।
आत्मार्थं यः पचन्मोहान्नरकार्थं स जीवति ॥१३९॥

देवता, पितृ र अतिथिलाई नदिईकन कहिल्यै नखानू । अज्ञानले गर्दा जसले केवल आफ्ना लागि मात्र पकाउँछ, त्यो केवल नरक जानका लागि मात्र बाँचेको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मार्गं गुरुभ्यो बलिने व्याधिताय शवाय च ।
राज्ञे श्रेष्ठाय व्रतिने यानगाय समुत्सृजेत् ।।१४०।।

गुरुलाई, बलियालाई, रोगीलाई, मुर्दालाई, राजालाई, उत्तम विशिष्ट पुरुषलाई व्रत लिएकालाई, सवारीमा चढेर आएका, यति जनालाई आफूले बाटो छोडी यिनीहरूलाई जान दिनू ।

शकटात् पञ्च हस्तं तु दशहस्तं तु वाजिनः ।
दूरतः शतहस्तं च तिष्ठेन्नागाद् वृषाद् दश ।।१४१।।

रथबाट ५ हात पर, घोडाबाट १० हात पर, हात्तीबाट १०० हात पर र साँढेबाट १० हात पर रहनू ।

शृङ्गिणां च नखीनां च द्रंष्ट्रिनां दुर्जनस्य च ।
नदीनां वसतौ स्त्रीणां विश्वासं नैव कारयेत् ।।१४२।।

सीङ, नङ्ग्रा र दाह्रा भएका पशुहरू, दुर्जन, नदी र स्वास्नीमानिस, यिनीहरूको विश्वास नगर्नू र यिनीहरूका नगीचमा वस्नु पनि ठीक छैन ।

खादन्न गच्छेदध्वानं न च हास्येन भाषणम् ।
शोकं न कुर्यान्नष्टस्य स्वकृतेरपि जल्पनम् ।।१४३।।

बाटामा खाँदै नहिंड्नू, कुरो नसक्तै बीचैमा हाँस्तै बोल्दै नगर्नू, बितिहालेका कुराको शोक नगर्नू र आफ्नू बढाइँ आफैले नगर्नू ।

स्वशंकितानां सामीप्यं त्यजेद्वै नीचसेवनम् ।
संल्लापं नैव शृणुयाद् गुप्तः कस्यापि सर्वदा ।।१४४।।

आफूलाई केही गर्छ कि भन्ने शंका लागेका मानिसका समीपमा नजानू, नीचको संगत नगर्नू, दुई जनाले गोप्य कुरा गरिरहेका ठाउँमा गई त्यस्तो कुरा नसुन्नू ।

उत्तमैरननुज्ञातं कार्यं नेच्छेच्च तैस्सह ।
देवैः साकं सुधापानाद्राहोश्छिन्नं शिरो यतः ।।१४५।।

ठूलाबडाको आज्ञाविना उनका साथ बस्ने र काम गर्ने चेष्टा नगर्नू, किनभने देवताहरूसित बसेर अमृत खान्छु भनी त्यसै वस्ता राहुको शिर काटियो ।

महतोऽसत्कृतमपि भवेद् तद्भूषणाय वै ।
विषपानं शिवस्यैव त्वन्येषां मृत्युकारकम् ।।१४६।।

निन्दित कार्य पनि ठूलाबडाले गरे त्यो उनलाई शोभा दिने हुन्छ, किनभने शिवजीले विष खाइदिनुभयो । अरूले त्यसो गरेका भए तुरुन्त मर्ने थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेजस्वी क्षमते सर्वं भोक्तुं वह्निरिवानघः ।
न सांमुख्ये गुरोः स्थेयं राज्ञः श्रेष्ठस्य कस्यचित् ॥१४७॥

जस्तो अग्नि सबै दोष पचाउन सक्छन्, त्यस्तै तेजस्वी पुरुष सबै कुरा सहन सक्तछ । गुरुका मान्यजनका र राजाका सोझै अगाडि गएर बस्नु हुँदैन ।

राजामित्रामितिज्ञात्वा न कार्यं मानसेप्सितम् ।
नेच्छेन्मूर्खस्य स्वामित्वं दास्यमिच्छेन्महात्मनाम् ॥१४८॥

राजालाई आफ्नै मित्र जस्तो सम्झेर मनले जे चाह्यो त्यही गर्न हुँदैन । मूर्खको आधिपत्य स्वीकार नगर्नू र महात्माहरूको दास हुन बरु इच्छा गर्नू । (मूर्खहरूको राजा हुनुभन्दा महात्माहरूको दास हुनु बेश छ)

विरोधं न ज्ञानलवदुर्विदग्धस्य रंजनम् ।
अत्यावश्यमनावश्यं क्रमात् कार्यं समाचरेत् ॥
प्राक् पश्चाद् द्राग्विलम्बेन प्राप्तं कार्यं तु बुद्धिमान् ॥१४९॥

जससँग ज्ञान भनेको अलिकति पनि छैन, त्यस्ता पटमूर्खसँग विरोध पनि नगर्नू र मेलमिलाप पनि नगर्नू । नगरी नहुने र नगरे पनि हुने कार्य विभाजन गरी नगरी नहुनेलाई पहिले गर्नू । बुद्धिमान् मानिसले कामलाई अत्यावश्यक, आवश्यक र अनावश्यक तीन खण्डमा विभाग गरी क्रमशः समय हेरेर काम गर्नुपर्दछ ।

पित्राऽज्ञप्तेनापि मातृवधरूपे सुपूजिता ।
धृता गौतमपुत्रेण ह्यकार्ये चिरकारिता ॥१५०॥

ठूलाबडाले अह्राए पनि अगतिलो काजमा काम गर्न ढीला सुस्ती गरे पनि बेशै हुन्छ । किनभने गौतमपुत्रलाई आमालाई मार्ने काम बाबुले आज्ञा दिएका थिए, तापनि उनले आलेटाले गरेकाले उनी पछि पूजनीय हुन गए ।

प्रेम्णा समीपवासेन स्तुत्या नत्या च सेवया ।
कौशल्येन कलाभिश्च कथाभिर्ज्ञानितोऽपि च ॥१५१॥
आदरेणार्जवेनैव शौर्याद्दानेन विद्यया ।
प्रत्युत्थानाभिगमनैरानंदस्मितभाषणैः ॥१५२॥
उपकारैस्त्वाशयेन वशीकुर्याज्जगत्सदा ।

प्रेमले, नगीचमा बसेर, प्रशंसा गरेर, नमस्कार गरेर, सेवाले, चतुऱ्याइँले, कलाद्वारा, कथाहरूले, ज्ञानले, आदरले, नम्रताले, शूऱ्याइँले, दानले, विद्याले, उठवस गर्नाले (आउने-जाने गर्नाले), आनन्दपूर्वकको हाँसीखुशीको बोलचाल गरेर, उपकार गरेर र त्याशयअनुसार चलेर पनि सधैं जगत् (दुनियाँ) लाई वश गर्नपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एते वश्यकरोपाया दुर्जने निष्फलाः स्मृताः ।।१५३।।
तत्सन्निधिं त्यजेत्माज्ञः शक्तस्तं दण्डतो जयेत् ।
छलभूतैस्तु तद्रूपैरुपायैरेभिरेव वा ।।१५४।।

अरूलाई वश गर्ने यिनै उपायहरू हुन्, तापनि दुर्जनमा यी उपायहरू पनि काम नलाग्ने हुन्छन् । त्यस कारण बुद्धिमान्ले दुर्जनको साथै नगर्नू र शक्तिअनुसार छलले अथवा त्यस्तै अरू उपायले अथवा यी नै उपायहरूद्वारा पनि सजायँ गरेर पनि दुर्जनलाई वश गर्नुपर्दछ ।

श्रुतिस्मृतिपुराणानां अभ्यासः सर्वदा हितः ।
सांगानां सोपवेदानां सकलानां नरस्य हि ।।१५५।।

श्रुति, स्मृति र पुराण हेर्ने अभ्यास ज्यादै हितकारी हुन्छ । वेदका छ अंग र उपवेदसहित संपूर्ण वेदको अभ्यास सवैको निमित्त उपकारी विषय हो ।

मृगयाक्षा स्त्रियः पानं व्यसनानि नृणां सदा ।
चत्वार्येतानि संत्यज्य युक्त्या संतोषयेत् क्वचित् ।।१५६।।

शिकार खेल्नु, जूवा खेल्नु, स्वास्नीमानिसको ज्यादा सेवा गर्नु र रक्सीको सेवन गर्नु, यति कुराले मानिसका खराव आदत बनाउँछन्, अतः यी चार कुरालाई छोड्नुपर्दछ। कदाचित सेवा गर्नै परे जुक्तीले पन्छाउनू अथवा फुस्ल्याउनू ।

कूटेन व्यवहारं तु वृत्तिलोपं न कस्यचित् ।
न कुर्याच्चिन्तयेत्कस्य मनसाप्यहितं क्वचित् ।।१५७।।

झूटो व्यवहार गर्न र कसैको जीवनवृत्ति पनि विगारिदिन हुँदैन । कसैको पनि कहिल्यै मनले पनि कुभलो नचिताउनू ।

तत्कार्यं तु सुखं यस्माद् भवेत् त्रैकालिकं दृढम् ।
मृते स्वर्गं जीवति च विंद्यात् कीर्तिं दृढां शुभाम् ।।१५८।।

भूत भविष्य र वर्तमान तीनै कालमा राम्रो सुख दिने काम मात्र गर्नू । मरेपछि स्वर्ग पाइने र बाँचिरहेसम्म कीर्ति भइरहने यस्तो काम गर्नपर्छ ।

जागर्ति च सचिंतो य अधिव्याधिनिपीडितः ।
जारश्चोरो बलिद्विष्टो विषयी धनलोलुपः ।।१५९।।
कुसुहायी कुनृपतिर्भिन्नामात्यसुहृत्प्रजः ।
कुर्याद्यथा समीक्ष्यैतत् सुखं स्वप्याच्चिरं नरः ।।१६०।।

चिन्ता परेको व्यक्ति, मानसिक रोगी, शरीरको रोगी, जार, चोर, वलियासँग वैरभाव गर्ने व्यक्ति, विषयको चिन्ता गर्ने, धनको लोभी, सहायता नपाउने व्यक्ति, दुष्ट राजा मन्त्री, मित्र र प्रजाहरूले त्यागेको राजा, यतिलाई राती निद्रा पर्दैन । अतः यति कुरालाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपायद्वारा हटाएर मानिसले सुखपूर्वक मजासित सुत्नुपर्दछ ।

राज्ञो नानुकृतिं कुर्यात् न च श्रेष्ठस्य कस्यचित् ।
नैको गच्छेद् व्यालव्याघ्रचोरेषु च प्रबाधितुम् ॥१६१॥

राजाको नक्कल कहिल्यै नगर्नू, ठूलाबडाको नक्कल पनि नगर्नू र सर्प, बाघ र चोरलाई पक्डन (बाध दिन) जाँदा एक्लै नजानू ।

जिघांसंतं जिघांसीयात् गुरुमप्याततायिनम् ।
कलहे न सहायः स्यात् संरक्षेद्बहुनायकम् ॥१६२॥

आफूलाई मार्न आउने आततायी गुरुलाई पनि मारिदिनू, झगडा गर्न लागे प्रोत्साहन नदिनू । लडाइँ पर्दा जसको धेरै सेना छ, त्यसकै हुँदो गर्नू ।

गुरूणां पुरतो राज्ञो न चासीत महासने ।
प्रौढपादो न तद्वाक्यं हेतुभिर्विकृतिं नयेत् ॥१६३॥

गुरु र राजा बसेका ठाउँमा उनीहरूको भन्दा अग्लो आसनमा नबस्नू, गोडा ठड्याएर पनि नबस्नू, उनीहरूको (गुरु र राजाको) कामलाई प्रमाण खोजी खोजी बिगार्ने प्रयास नगर्नू ।

यत् कर्तव्यं न जानाति कृतं जानाति चेतरः ।
नैव वक्ति च कर्तव्यं कृतं यश्चोत्तमो नरः ॥१६४॥

आफ्नो कर्तव्य के हो त्यो भने जान्दैन, तर उसले जो गर्‍यो, त्यो खूबै गरें भनी तुच्छ पुरुषहरू भन्दछन्, आफ्नो कर्तव्य भने गर्दछ, तर यति गरें भनेर जो भन्दैन, त्यो विशिष्ट व्यक्ति हो भनी जान्नू ।

न प्रिया कथितं सम्यङ् मन्येतानुभवं विना ।
अपराधं मातृस्नुषा भ्रातृपत्नी सपत्निजम् ॥१६५॥

जो मनुष्य स्वास्नीले भनी भन्दैमा अनुभव नगरी त्यसमा विश्वास गर्दैन, त्यो पुरुष पनि विशिष्ट पुरुष हो र जसले आमा, छोरी, बुहारी, सौतिनीपट्टिका सन्तान, यिनीहरूले कुनै अपराध गरे भने पनि आफैले नदेखी केवल भनेर मात्र पत्यार गर्दैन, त्यो पनि श्रेष्ठ पुरुष हो ।

अनृतं साहसं माया मूर्खत्वमतिलोभता ।
अशौचं निर्दया दर्पः स्त्रीणमष्टौ स्वदुर्गुणाः ॥१६६॥

झूटो बोल्नु, साहसको काम गर्नु, मोहमा फसाइदिनु, लिंडेढिपी वा मूर्ख्याइँ गर्नु, ज्यादा लोभ गर्नु, शुद्ध भएर रहन नसक्नु, कठोर हृदय पार्नु, यति ८ वटा दुर्गुण सामान्य स्त्रीका स्वाभाविक वैगुन हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षोडशाब्दात्परं पुत्रं द्वादशाब्दात्परं स्त्रियम् ।
न ताडयेद् दुष्टवाक्यैः पीडयेन्न स्नुषादिकम् ॥१६७॥

सोह्र वर्ष पुगेको छोरालाई र बाह्र वर्ष पुगेकी स्त्रीलाई चस्स बिझ्ने दुर्वचन नभन्नू र बुहारी, छोरीहरूलाई पनि बिझ्ने गरी गाली नगर्नू ।

पुत्राधिकाश्च दौहित्रा भागिनेयाश्च भ्रातरः ।
कन्याधिकाः पालनीया भ्रातृभार्या स्नुषा स्वसा ॥१६८॥

छोरीको छोरालाई आफ्नो छोराभन्दा बढी माया गरेर, भानिजहरूलाई भाइहरूभन्दा बढी माया गरी, त्यस्तै भाइबुहारी, बुहारी र बहिनीहरूलाई आफ्ना छोरीभन्दा बढी माया गरेर संरक्षण गर्नुपर्छ ।

आगमार्थं हि यतते रक्षणार्थं हि सर्वदा ।
कुटुंबपोषणे स्वामी तदन्ये तस्करा इव ॥१६९॥

जो सधैं संरक्षण र मेलमिलापका लागि प्रयत्न गर्दछ तथा आफ्ना कुटुम्बहरूको पालन-पोषण गर्न प्रयत्न गर्दछ, कुलको स्वामी भनेको त्यही हो, यसो नगर्ने अरू त चोर जस्ता मात्र हुन् ।

अनृतं साहसं मौर्ख्यं कामाधिक्यं स्त्रियं यतः ।
कामाद्विनैकशयने नैव सुप्यात् स्त्रिया सह ॥१७०॥

स्त्रीजातिमा झूटोपना दुस्साहस, मूर्ख्याइँ र कामवासना प्रवल हुन्छ, अतः कामभोगको समय बाहेक अरू बेलामा स्त्रीजातिसँग एउटै बिछ्याउनामा नसुत्नू ।

दृष्ट्वा धनं कुलं शीलं रूपं विद्यां बलं वयः ।
कन्यां दद्यादुत्तमं चेन्मैत्रीं कुर्यादथात्मनः ॥१७१॥

संपत्ति, कुलघरान, शीलस्वभाव, रूप, विद्या, बल र उमेरमा बराबरको हेरी छोरी दिनू । यति कुरामा आफूभन्दा ऊ बढी भएमा त्योसँग मैत्री गर्नू ।

भार्यार्थिनं वयोविद्यारूपिणं निर्धनं त्वपि ।
न केवलेन रूपेण वयसा न धनेन च ॥१७२॥

विवाह गर्न कन्या माग्न आउनेको उमेर विद्या र रूप छ भने गरीब भए पनि कन्या दिन हुन्छ । केवल राम्रो मात्र, उमेर मात्र र धन मात्र छ भनेर दिनु हुँदैन ।

आदौ कुलं परीक्षेत ततो विद्यां ततो वयः ।
शीलं धनं ततो रूपं देशं पश्चाद्विवाहयेत् ॥१७३॥

पहिले कुलको परीक्षा गर्नू, त्यसपछि विद्या, अनि उमेर, अनि शील, त्यसपछि रूप, त्यसपछि ठाउँको परीक्षा गरिसकेपछि मात्र विवाह गरिदिनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कन्या वरयते रूपं, माता वित्तं, पिता श्रुतम् ।
बांधवाः कुलमिच्छन्ति मिष्टान्नमितरे जनाः ॥१६४॥

कन्या राम्रो अनुहारको इच्छा गर्छिन्, आमा धन, बाबु विद्या, बन्धुहरू कुल र अरू आम्रेबाम्रेहरू मीठो खाने विषयको इच्छा गर्छन् ।

भार्यार्थं वरयेत्कन्यामसमानर्षिगोत्रजाम् ।
भ्रातृमतीं सुकुलां च योनिदोषविवर्जिताम् ॥१७५॥

पत्नीको इच्छा गर्ने पुरुषले प्रवर (ऋषि) र गोत्र बेग्लै भएकी, दाजुभाइ भएकी, कुलकी र योनिदोषले रहित भएकी कन्यालाई विवाह गर्नुपर्छ ।

क्षणशः कणशश्चैव विद्यामर्थं च साधयेत् ।
न त्याज्यौ तु क्षणकणौ नित्यं विद्या धनार्थिना ॥१७६॥

सधैं विद्या धनको इच्छा गर्ने पुरुषले समयको क्षण (एक छिन) र धनको कण (सानू भाग) जम्मा गर्नुपर्छ। अर्थात् धन र विद्या चाहनेले एक छिन त हो भनी सानो समय पनि खेर फाल्नु हुँदैन र धन पनि थौरै न हो भनी हेलाँ गरी छोड्न हुँदैन ।

सुभार्या पुत्रमित्रार्थं हितं नित्यं धनार्जनम् ।
दानार्थं च विना त्वेतैः किं धनैश्च जनैश्च किम् ॥१७७॥

असल पत्नीका लागि, छोराका लागि, मित्रका लागि र दान गर्नका लागि धन कमाउनुपर्दछ । कमाएको धन उपर्युक्तका लागि प्रयोग भएन भने त्यस्तो धन र मौकामा काम नलाग्ने मानिस पनि बेकामका हुन् भनी जान्नू ।

भाविसंरक्षणक्षमं धनं यत्नेन रक्षयेत् ।
जीवामि शतवर्षं तु नंदामि च धनेन वै ।
इति बुद्धयासंचिनुयाद्धनं विद्यादिकं सदा ॥१७९॥

पछि आपत् पर्दा काम दिन सक्ने धन जतनले जोगाउनुपर्दछ । सय वर्ष बाँच्तछु र धनको उपभोग पनि गर्दछु भन्ने यस्तो बुद्धि लिएर धन र विद्या जम्मा गर्नुपर्दछ ।

पञ्चविंशत्यब्दपूरं तदर्धं वा तदर्धकम् ।
विद्याधनं श्रेष्ठतरं तन्मूलमितरद्धनम् ॥१८०॥

पच्चीस वर्ष अथवा साढे बाह्र वर्ष अथवा छ वर्ष मात्र पढेको विद्यारूपी धन अरू धनभन्दा उत्तम मानिएको छ । किनभने अरू धनको मूल कारण विद्या नै हो ।

दानेन वर्धते नित्यं न भाराय न नीयते ।
अस्ति यावत्तु सधनस्तावत् सर्वैस्तु सेव्यते ॥१८१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्कालाई दिंदा (पढाउँदा) बढ्दछ, (झन बढी ज्ञान हुन्छ) भारी जस्तो धेरै भएर गह्रँगो पनि हुँदैन, कसैले हरण गर्न पनि सक्तैन । यसो हुँदा विद्वान् सदा पूजनीय हुन्छ । तर धनी मानिस त जहाँसम्म धन रहन्छ, त्यहाँसम्म मात्र मानिने हुन्छ ।

निर्धनस्त्यज्यते भार्यापुत्राद्यैस्सगुणोऽप्यतः ।
संसृतौ व्यवहाराय सारभूतं धनं स्मृतम् ॥१८२॥

गुणी छ तापनि गरीब छ भने स्वास्नी र छोराले पनि त्यागिने हुन्छ, त्यसो भएकोले संसारी र व्यवहारी पुरुषको सार भन्नु नै धन हो ।

अतो यतेत तत्प्राप्त्यै नरस्सूपायसाहसैः ।
सविद्यया सुसेवाभिः शौर्येण कृषिभिस्तथा ॥१८३॥

त्यस कारण मानिसले उपायले, साहसले, विद्याले, सेवाले, शूर्याइँले र खेती गरेर जसरी भए पनि धन कमाउन प्रयत्न गर्नुपर्छ ।

कौसीदवृद्ध्या पण्येन कलाभिश्च प्रतिग्रहैः ।
ययाकया चापि वृत्त्या धनवान् स्यात्तथा चरेत् ॥१८४॥

ब्याज लगाएर होस्, लेनदेन गरेर होस्, कुनै तरीकाबाट होस् वा धन आउने कुनै कलाबाट होस्, दानै लिएर होस्, जुनसुकै वृत्ति लिएर पनि जसरी धन प्राप्ति हुन्छ, त्यो कुरा गर्नुपर्छ ।

दोषा अपि गुणायन्ते दोषायन्ते गुणा अपि ।
धनवतो निर्धनस्य निंद्यते निर्धनोऽखिलैः ॥१८५॥

धनीका दोषहरू पनि गुण जस्ता हुन्छन् र निर्धनका गुणहरू पनि दोष जस्तै हुन्छन् । निर्धन पुरुष सबैले निन्दा गरिने हुन्छ ।

सुनिर्धनत्वं प्राप्यैके मरणं भेजिरे जनाः ।
ग्रामायैकेऽचलायैके नाशायैके प्रवव्रजुः ॥१८६॥
उन्मादमेके पुष्यन्ति यान्त्यन्त्ये द्विषतां वशम् ।
दास्यमेके च गच्छन्ति परेषामर्थहेतुना ॥१८७॥

कुनै मानिस पहिले धनी भई पछि निर्धन हुँदा मरणमा प्राप्त भए । कसैले गाउँ नै छोडे, कसैले पहाड (बसिरहेको ठाउँ) छोडे, कोही नष्ट भए । धनी भएर निर्धन हुँदा कोही बहुलाउँछन्, कोही शत्रुका शरण पर्दछन्, कोही धनप्राप्तिकै लागि अरूहरूको सेवक सम्म पनि बन्न पुग्दछन् ।

यथा न जानन्ति धनं संचितं कति कुत्र वै ।
आत्मस्त्रीपुत्रमित्राणि सलेखं धारयेत् तथा ॥१८८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसो गर्दा आफ्ना स्वास्नी छोरा र मित्रहरूले पनि यसले कति धन कहाँ जम्मा गरेको छ भन्ने कुरा थाहा पाउन सक्तैनन्, त्यसै गरी राख्नुपर्दछ, तर यससँग यति छ भन्ने कुरा त लेखेर नै राख्नुपर्दछ ।

नैवास्ति लिखितादन्यत्स्मारकं व्यवहारिणाम् ।
न लेख्येन विना कुर्याद् व्यवहारं सदा बुधः ॥१८९॥

व्यवहारी पुरुषको लागि झट्ट सम्झन लेखेर राख्नुभन्दा अर्को राम्रो उपाय छैन । अतः विद्वान् पुरुषले लिखत नगरीकन व्यवहार नगर्नू ।

निर्लोभे धनिके राज्ञि विश्वस्ते क्षमिणां वरे ।
सुसंचितं धनं धार्यं गृहीतलिखितं तु वा ॥१९०॥

लोभ नभएको, धनी राजा, विश्वास गर्न सकिने व्यक्ति, क्षमाशील, यस्तालाई मात्र आफूले जतन गरेर राखेको धन दिनू वा व्यवहार गर्नू । त्यस्तो व्यवहार गर्दा लेखे पनि हुन्छ अथवा हाते पैँचो मात्र गरे पनि हुन्छ ।

मैत्र्यर्थे याचितं दद्यादकुसीदं धनं सदा ।
तस्मिन् स्थितं चेन्न बहु हानिकृच्च तथाविधम् ॥१९१॥

मित्रता होस् भन्नाका लागि धन दिंदा ब्याज नलिनू । किनभने मित्रताका लागि दिइएको धनमा हानि हुने संभावना हुँदैन । त्यस्तो धन लिखित (तमसुक भएको) र अलिखित (तमसुक नभएको) भए पनि हुन्छ ।

दृष्ट्वाधमर्णं वृद्ध्यापि व्यवहारक्षमं सदा ।
संबंधं सप्रतिभुवं धनं दद्याच्च साक्षिमत् ॥१९२॥

ब्याज आउने गरी धन लगाउँदा पनि सधैं योग्य व्यक्ति हो हैन यो विचार राख्नुपर्दछ । योग्यलाई दिंदा पनि, यतिमा लिने भन्ने म्याद, धीतो (दृष्टि) राखी लिखत र साक्षी राखेर मात्र दिनू ।

गृहीतलिखितं योग्यमानं प्रत्यागमे सुखम् ।
न दद्याद् वृद्धिलोभेन नष्टं मूलधनं भवेत् ॥१९३॥

लिखत गरेर योग्य व्यक्तिलाई दिइएको धन सजिलैसँग आउँछ, लिन गाह्रो पर्दैन । मूलधन नै नाश हुने संभावना भएको ठाउँमा ब्याजको लोभले धन लगाउन हुँदैन ।

आहारे व्यवहारे च त्यक्तलज्जः सुखी भवेत् ।
धनं मैत्रीकरं दाने चादाने शत्रुकारकम् ॥१९४॥

खाने कुरामा र व्यवहारमा लाज नमान्ने व्यक्ति सुख पाउँछ । धन दिंदा सबै मित्र जस्ता हुन्छन् र त्यही धन झिंदा ती नै शत्रु जस्ता हुन्छन् । धनको यस्तो स्वभाव छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृत्वा स्वान्ते तथौदार्यं कार्पण्यं वहिरेव च।
उचितं तु व्ययं काले नरः कुर्यान्न चान्यथा ॥१९५॥

मानिसले समयानुसार भित्र उदारता लिएर बाहिर भने कृपणी जस्तो बन्नुपर्दछ र उचित कुरामा मात्र खर्च गर्नुपर्दछ, त्यसै खर्च गर्नु हुँदैन ।

सुभार्या पुत्रमित्राणि शक्त्या संरक्षयेद्धनैः।
नात्मा पुनरतोक्तानं सर्वैस्सर्वं पुनर्भवेत् ॥१९६॥

असल पत्नी, छोरा र मित्रहरूलाई आफ्नो गच्छेअनुसारको शक्तिले संरक्षण गर्नुपर्दछ । फेरि ती सबैबाट आफ्नो सुरक्षा गर्नुपर्छ । किनभने पत्नी, छोरा र मित्रहरू त फेरि पनि हुन सक्तछन्, तर आफू मरे फेरि हुन सकिन्न ।

पश्यति स्म सजीवश्चेन्नरो भद्रशतानि च।
सदारप्रौढपुत्रान् द्राक् श्रेयोऽर्थी विभजेत्पिता ॥१९७॥

मानिस बाँच्यो भने सयौं कल्याणकारक काम देख्न पाउँछ। आफ्नो कल्याणको कामना गर्ने बाबुले उमेर पुगेको र विवाह भैसकेको छोराहरूलाई चाँडै नै छुट्याइदिनुपर्दछ।

सदारभ्रातरः प्रौढा विभजेयुः परस्परम्।
एकोदरा अपि प्रायो विनाशायान्यथा खलु ॥१९८॥

अथवा उमेर पुगेका र विवाह भएका दाजुभाइहरू आफू आफू नै छुट्टियून्। किनकि एउटै पेटबाट निस्केका दाजुभाइ भए पनि झगडा गरेर अन्त्यमा प्रायशः छुट्टिई भिन्नै भएको देखिएको छ ।

नैकत्र संवसेच्चापि स्त्रीद्वयं मनुजस्य तु।
कथं वसेत्तद्बहुत्वं पशूनां तु नरद्वयम् ॥१९९॥

मानिसका दुइटी स्त्री मिलेर एकै ठाउँमा (घरमा) बस्न सक्तैनन् भने पशु जस्तै भएर दुई मानिस अथवा धेरै स्वास्नीमानिसहरू कसरी बस्न सक्तछन् र ।

विभजेयुर्न तत्पुत्रा यद्धनं वृद्धिकारणम्।
अधमर्णस्थितं चापि यद्देयं चौत्तमार्णिकम् ॥२००॥

छुट्टिने छोराहरूले पनि बढिरहने धन (ब्याजमा लगाएको धन) भने विभाजन गर्न हुँदैन र आफूले तिर्नुपर्ने ऋण भाग लगाउनु पनि हुँदैन ।

यस्येच्छेदुत्तमां मैत्रीं कुर्यान्नर्थाभिलाषकम्।
परोक्षे तद्गृहश्चारं तत्स्त्रीसंभाषणं तथा ॥२०१॥
तन्न्यूनदर्शनं चैव तत्प्रतीपविवादनम्।
असहाय्यं च तत्कार्ये ह्यनिष्टोपेक्षणं न च ॥२०२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जससँग राम्रो मेल-मिलापको सम्बन्ध राख्नु छ, त्यससँग धन पाउने इच्छा नगर्नू, ऊ नभएको बेलामा उसका खोपीमा नजानू, उसकी स्वास्नीसँग एकान्त पारेर बोलचाल नगर्नू, उसका त्रुटिहरू नखोज्नू र उसको प्रतिकूल व्यवहार पनि नगर्नू । उसलाई सहायता नगर्ने र उसलाई नराम्रो पर्ने कुरा देखेमा उपेक्षा पनि नगर्नू ।

सकुसीदमकुसीदं धनं यच्चौत्तमर्णिकम् ।
दद्यादगृहीतमिव नोभयोः क्लेशकृद्यथा ।
नासाक्षिमच्च लिखितमृणपत्रस्य पृष्ठतः ॥२०४॥

ब्याज अथवा निर्ब्याजी जे होस् धनको लगानी गर्दा जसरी जुन कबोलमा लिनु-दिनु गरेको छ आफ्नू रीतिअनुसार दिनुपर्दछ । यस्तो व्यवहार गर्दा लिने-दिने दुवैलाई अप्ठ्यारो पार्नु हुँदैन । साछी नराखी तथा तमसुकमा सहीछाप (पीठबन्धी) नगरी धन लगानी नगर्नू ।

आत्मपितृमातृगुणैः प्रख्यातश्चोत्तमोत्तमः ।
गुणैरात्मभवैः ख्यातः पैतृकैर्मातृकैः पृथक् ॥२०५॥
उत्तमो मध्यमो नीचोऽधमो मातृगुणैर्नरः ।
कन्या-स्त्री-भगिनी-भाग्यो नरः सोप्यधमाधमः ॥२०६॥

आफ्नै अथवा बाबु र आमाका नामले जो प्रख्यात छ, त्यो मानिस ज्यादै उत्तम दर्जामा गनिन्छ। केही आफ्नू पनि भएको तथा केही आमा बाबुको नाउँबाट पनि ख्यातिप्राप्त मानिस मध्यम दर्जामा गनिन्छ र आमाका नाउँले मात्र नाउँ चलेको मानिस उसको ल्याकतअनुसार उत्तम मध्यम र नीच पनि भनिने हुन्छ । तर जुन मानिस छोरी, स्वास्नीका नाउँद्वारा प्रख्यात भएर बाँच्नेछ, त्यो अधमभन्दा पनि अधम (निम्नस्तर) को हो भनेर मानिएको छ ।

भूत्वा महाधनः सम्यक् पोष्यवर्गं तु पोषयेत् ।
अदत्वा यत्किञ्चिदपि न नयेद्दिवसं बुधः ॥२०७॥

धनी भएर आफूले पालन-पोषण गर्नुपर्नेलाई पाल्नुपर्छ। केही नदिईकन एक दिन पनि नबिताउनू ।

स्थितो मृत्युमुखे चाहं क्षणमायुर्ममास्ति न ।
इति मत्वा दानधर्मौ यथेष्टौ तु समाचरेत् ॥२०८॥

'म मृत्युका मुखमा परिसकेको छु र अब मेरो आयु एकछिन मात्र बाँकी छ' भन्ने सम्झँदै दान र धर्म आफूलाई इच्छा लागेअनुसार गर्नू ।

न तौ विना मे परत्र सहायास्सन्ति चेतरे ।
दानशीलाश्रयाल्लोको वर्तते न शठाश्रयात् ॥२०९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दान र धर्म यी दुई बाहेक परत्रमा अरू कुनै चीज सहायक हुँदैनन् भन्ने सम्झनू । संसार पनि दानशीलताबाट अड्दछ र मूर्खताबाट संसार चल्न सक्तैन ।

भवन्ति मित्रा दानेन द्विषन्तोऽपि च किं पुनः ।

दिनाले शत्रु पनि मित्र हुन्छन् भने अरूको त के कुरा गर्नु ।

देवतार्थं च यज्ञार्थं ब्राह्मणार्थं गवार्थकम् ।
यद्दत्तं तत्पारलौक्यं संविदत्तं तदुच्यते ॥२१०॥

देवता, यज्ञ, ब्राह्मण र गाईका निमित्त जो दिइन्छ, त्यो परलोकका निमित्त दिइएको हो भनिएको छ र त्यसलाई 'संविदत्त' भनिन्छ ।

वन्दि-मागध-मल्लादि नटनार्थं च दीयते ।
पारितोष्ययशोर्थं तु श्रिया दत्तं तदुच्यते ॥२११॥

गवैया, भाट (स्तुति गाउने) पहलवान, नृत्यमण्डली यिनीहरूलाई जो दिइन्छ, त्यो कीर्तिका लागि दिइने इनाम वा वकस हो र त्यसलाई 'श्रियादत्त' भनेर कहिएको छ ।

उपायनीकृतं यत्तु सुहृत्संबन्धिबन्धुषु ।
विवाहादिषु चाचारदत्तं ह्रीदत्तमेव तत् ॥२१२॥

जुन धन मित्र, नातेदार र बन्धु-बान्धवहरूमा भेटघाटको रूपमा दिइन्छ र विवाहादिमा जो दिइन्छ, त्यस्तो दिइने कुरालाई 'आचारदत्त' भनिन्छ र व्यवहारबाट जो दिइन्छ, त्यो 'ह्रीदत्त' (लाज नहोस् भनेर दिइने हो) भनिएको छ ।

राज्ञे च बलिने दत्तं कार्यार्थं कार्यघातिने ।
पापभीत्याऽथवा यच्च तत्तु भीदत्तमुच्यते ॥२१३॥

राजालाई, बलिया पुरुषलाई कसैले काम बिगारिदिन्छ कि भनेर र कुनै पाप गरी त्यसका निमित्त दिइने यी सबैलाई जो दिइन्छ, त्यो 'भीदत्त' (डराएर दिइने हो) भनिन्छ ।

यद्दत्तं हिंस्रवृद्ध्यर्थं नष्टं द्यूतविनाशितम् ।
चौरैर्हृतं पापदत्तं परस्त्री-सङ्गमार्थकम् ॥२१४॥

जुन धन हिंसाकर्मवृद्धिका लागि दिइन्छ अथवा जूवामा हारिन्छ, चोरले हर्दछ अथवा अर्काकी स्त्रीमा संभोग गर्नाका लागि दिइन्छ, त्यस्तो धनदान 'पापदत्त' (पापका लागि दिइने) हो भनिन्छ ।

आराधयति यं देवं तमुत्कृष्टतरं वदेत् ।
तन्न्यूनतां नैव कुर्याज्जोषयेत्तस्य सेवनम् ॥२१५॥

जुन धनबाट देवताको आराधना गरिन्छ, त्यो धन उत्तमोत्तम धन हो भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्ता काममा खर्च नघटाउनू, बरु बढी खर्च गर्ने बानी गर्नुपर्छ ।

विना दानार्जवाभ्यां न भुव्यस्ति च वशीकरम् ।
दानशीलो विवर्धिष्णुश्शशी वक्रोऽप्यतश्शुभः ॥२१६॥

दान र नम्रताभन्दा पृथिवीमा अरू वश गर्ने कुरा केही छैन । जुन मनुष्य दान गर्दा गर्दै क्षीण भएको छ, त्यो कलादान गर्दा गर्दै क्षीण भएका चन्द्रमा जस्तै पछिको वृद्धिलाई योग्य भएको हुन्छ ।

विचार्य स्नेहं द्वेषं वा कुर्यात् कृतज्ञ न चान्यथा ।
नापकुर्यान्नोपकुर्याद्भवतोऽनर्थकारिणो ॥२१७॥

मित्रता र वैरत्व पनि विचार पुऱ्याएर मात्र गर्नुपर्छ । विचार नपुऱ्याई गरेका उपकार र अपकार दुवै अनर्थकारी हुन्छन् ।

नातिक्रौर्यं नातिशाठ्यं धारयेन्नाति मार्दवम् ।
नातिवादं नाति कार्या शक्तिमत्याग्रहं न च ॥२१८॥

ज्यादै क्रूरता, ज्यादै मूर्खता र ज्यादै नम्रता पनि गर्नु हुँदैन र ज्यादा बोल्नु, ज्यादा आसक्ति र ज्यादा आग्रह पनि गर्नु हुँदैन ।

अति सर्वं नाशहेतुर्ह्यतोत्यन्तं विवर्जयेत् ।
उद्वेजते जनः क्रौर्यात् कार्पण्यादति निन्दति ॥२१९॥

सबै कुरा ज्यादा भयो भने त्यो नाशको कारण बन्दछ । अतः अति केही कुरा पनि बेश हुँदैन । यसैले ज्यादा केही पनि नगर्नू । मानिसलाई ज्यादा कडाइ गर्नाले भित्र कोप लिने हुन्छ र ज्यादा खुकुलो गर्नाले गन्दै नगन्ने हुन्छ ।

मार्दवान्नैव गणयेदपमानोऽतिवादतः ।
अतिदानेन दारिद्र्यं तिरस्कारोऽतिलोभतः ॥२२०॥

ज्यादै नम्र (लोसो)लाई कोही पनि गन्दैन, ज्यादा बोल्नेको अपमान हुन्छ, ज्यादा दान गर्नाले दरिद्र हुन्छ र ज्यादा लोभ गर्नाले तिरस्कार पाइन्छ ।

अत्याग्रहान्नरस्यैव मौर्ख्यं सञ्जायते खलु ।
अनाचाराद्धर्महानिरत्याचारस्तु मूर्खता ॥२२१॥

ज्यादा आग्रह गर्नाले मानिसलाई मूर्ख्याइँ प्राप्त हुन्छ । आचारहीन हुनाले धर्मको हानि हुन्छ र अत्याचार गर्नु पनि मूर्खता हो ।

ह्यधिकोऽस्मीति सर्वेभ्यो ह्यधिकज्ञानवानहम् ।
धर्मतत्त्वमिदमिति नैवं मन्येत बुद्धिमान् ॥२२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबभन्दा म बढ्ता छु, सबैभन्दा म जान्ने छु र धर्मको तत्त्व यही हो भनेर बुद्धिमान्ले कहिल्यै पनि ठान्नु हुँदैन ।

तिमिंगिलगिलोऽप्यस्ति तद्गिलोऽप्यस्ति राघवः ।
कश्चित् तद्गिलोऽस्तीति मत्वा मन्येत कर्हिचित् ।।२२३।।

तिमि (नामको माछो) ज्यादै ठूलो छ, त्यसलाई निल्ने र त्यसलाई पनि निल्ने राघव (नाउँको माछा) छ र त्यसलाई पनि निल्ने अर्को कुनै छ भन्ने कुरा पनि कहिले कहिले त सोच्नुपर्दछ ।

नेच्छेत् स्वाम्यां तु देवेषु गोषु च ब्राह्मणेषु च ।
महानर्थकरं ह्येतत् समग्रकुलनाशनम् ।।२२४।।

देवता गाई र ब्राह्मणहरूमा आफ्नो प्रभुता जमाउँछु नभन्नू, किनभने यी रिसाए भने सम्पूर्ण कुलको नाश हुन्छ ।

भजनं पूजनं सेवामिच्छेदेतेषु सर्वदा ।
न ज्ञायते ब्रह्मतेजः कस्मिन् कीदृक्प्रतिष्ठितम् ।।२२५।।

गाई, ब्राह्मण र देवताको सदा सेवा पूजा गर्ने इच्छा गर्नू । किनभने ब्राह्मणसँग ब्रह्मतेज भन्ने कुरा कहाँ कोसँग कति कसरी रहेको छ भन्ने कुरा जान्न सकिन्न ।

पराधीनं नैव कुर्यात् तरुणीधनपुस्तकम् ।
कृतं चेल्लभ्यते दैवाद् भ्रष्टं नष्टं विमर्दितम् ।।२२६।।

तरुनी स्वास्नीमानिस, धन र पुस्तक यति कुरा अरूलाई नदिनू । यी सब अर्काको हातमा परेपछि फेरि आउँदैनन् । दैवगत्या आइहाले पनि माडिएर, नष्ट भ्रष्ट भएर मात्र आउँछन् ।

बह्वर्थं न त्यजेदल्पहेतुनाल्पं न साधयेत् ।
बह्वर्थव्ययतो धीमानभिमानेन वै क्वचित् ।।२२७।।

अभिमान लिएर कहिल्यै पनि थोरैका लागि धेरै खर्च नगर्नू र सानो कुरा पाउने इच्छा पनि नराख्नू । बुद्धिमान् मानिसले धेरै खर्च गर्नु पनि हुँदैन ।

बह्वर्थव्ययभीत्या तु सत्कीर्तिं न त्यजेत् सदा ।
भटानामसदुक्त्वा तु नेर्ष्येत् कुप्यान्नतैः सह ।।२२८।।

धेरै खर्च हुन्छ भन्ने डरले आफ्नो कीर्तिलाई त्याग्नु हुँदैन । कुनै पराक्रमी पुरुषले असत् वचन बोले तापनि त्यस्तासँग डाह लिएर रिसाउनु हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लज्यते च सुहृद्येन भिद्यते दुर्मना भवेत्।
वक्तव्यं न तथा किञ्चिद्विनोदेऽपि च धीमता ॥२२९॥

जुन कुराले मैत्री टुट्दछ, मित्रहरू चिडिन्छन् तथा मनोमालिन्य पैदा हुन्छ, त्यस्तो कुरा बुद्धिमान् पुरुषले ठट्टा गरेर पनि नबोल्नू ।

यस्मिन् सूक्तं दुरुक्तं च समं स्याद्वा निरर्थकम् ।
न तत्र प्रलपेत्प्राज्ञो बधिरेष्वेव गायनः ॥२३०॥

जहाँ असल वाणी पनि खराब सम्झिन्छ अथवा अप्रयोजनीय र निरर्थक सम्झिन्छ, त्यस्ता ठाउँमा विद्वान्‌ले नबोल्नू । बोल्यो भने बहिरा भएका ठाउँमा गाएजस्तो मात्र हुन्छ ।

व्यसने सज्जमानं हि यो मित्रं नाभिपद्यते ।
अनुनीय यथाशक्ति तं नृशंसं विदुर्बुधाः ॥२३१॥

जुन मित्र आपत्तिका क्षणमा उसको शक्तिअनुसार मद्दत गर्दैन, त्यस्ता मित्रलाई विद्वान्‌हरू घातकी भन्दछन् ।

ज्ञातीनां हि मिथो भेदे यन्मित्रं नाभिपद्यते ।
सर्वयत्नेन मध्यस्थं न तं मित्रं विदुर्बुधाः ॥२३२॥

दाजुभाइहरूका बीचमा भेदभाव भएको समयमा जुन मित्र हरतरहले बीचमा बसेर सम्झाउने चेष्टा गर्दैन, विद्वान्‌हरू त्यस्तालाई मित्र हैन भन्दछन् ।

आजन्मसेवितं दानैर्मानैश्च परिपोषितम् ।
तीक्ष्णवाक्यान्मित्रमपि तत्कालं याति शत्रुताम् ॥२३३॥

जनमभर सेवा गरेर, दान र संमानले मानिएको मित्र पनि रूखो वचनले गर्दा तत्काल शत्रु हुन आउँछ ।

वक्रोक्तिशल्यमुद्धर्तुं न शक्यं मानसं यतः ।
वहेदमित्रं स्कन्धेन यावत् स्यात् स्वबलाधिकः ।
ज्ञात्वा नष्टबलं त तु भिद्यात् घटमिवाश्मनि ॥२३५॥

चस्स बिझ्ने वचनरूपी, मनमा बिझेको किलो केही गरेर पनि झिक्न सकिन्न । आफूभन्दा शत्रु बलियो हुन्जेल त्यसलाई काँधमा चढाएर बोक्नु पनि पर्दछ । जब त्यो आफूभन्दा निर्बलियो हुन्छ, अनि ढुङ्गामा पछारेर माटाको गाग्रो फोरेझैं त्यसलाई भेदन गर्नुपर्छ ।

न भूषयत्यलंकारो न राज्यं न च पौरुषम् ।
न विद्या न धनं तादृग्यादृक् सौजन्यभूषणम् ॥२३६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अलंकार, राज्य, पुरुषार्थ र विद्या यीभन्दा पनि मानिसलाई शोभा दिने धन सौजन्य (भलाइ गर्नु) रूपी भूषण छ भन्ने मानिएको छ ।

अश्वे जवो, वृषे धौर्यं, मणौ कान्तिः, क्षमा नृपे ।
हावभावौ च वेश्यायां, गायके मधुरः स्वरः ॥२३७॥
दातृत्वं धनिके, शौर्यं सैनिके, बहुदुग्धता ।
गोषु, दमस्तपस्विषु, विद्वत्सु वावदूकता ॥२३८॥
सभ्येष्वपक्षपातस्तु, यथा साक्षिषु सत्यवाक् ।
अनन्यभक्तिर्भृत्येषु, सुहितोक्तिश्च मंत्रिषु ॥२३९॥
मौनं मूर्खेषु च स्त्रीषु पातिव्रत्यं सुभूषणम् ।
महादुर्भूषणं चैतत् विपरीतममीषु च ॥२४०॥

घोडामा बेग, गोरुमा बोक्ने शक्ति, मणिमा कान्ति, राजामा क्षमा, वेश्यामा हावभाव, गायकमा मीठो स्वर, धनीमा दान गर्ने शक्ति, सिपाहीमा शूर्याइँ, गाईमा दुधालुपन, तपस्वीमा शान्ति, विद्वान्मा बोल्न सक्ने शक्ति, पक्षपात नगर्ने सभासद्, साक्षीमा साँचो बोल्ने शक्ति, सेवकमा स्वामीको अनन्य भक्ति गर्ने मन, मंत्रीहरूमा हितका वचन बोल्ने शक्ति, मूर्खहरूमा मौनता, स्वास्नीमानिसमा पतिभक्ति, यति कुरा यिनका निम्ति ठूला शोभा दिने गहना वा गुण हुन् र यिनीहरूमा उपर्युक्त कुरा उल्टा भएमा ठूलो वैगुन हो भनेर कहिएको छ ।

गृहं बहुकुटुंबेन दीपैर्गोभिस्तु वालिशैः ।
भात्येकनायकं नित्यं नैव निर्बहुनायकम् ॥२४१॥
न च हिंस्रमुपेक्षेत शक्तो हन्याच्च तत्क्षणे ।

बत्तीले र धेरै जहान हुनाले घर तथा गाई हुनाले गोठ उज्यालो हुन्छ, स्वामी (नायक) एउटा भएमा मात्र शोभा हुन्छ। धेरै मालिक भए पनि मालिकै नभए पनि शोभा हुँदैन । आफूलाई मार्न खोज्नेलाई उपेक्षा नगर्नू । सकिन्छ भने उत्तिखेरै त्यस्तालाई समाप्त पारिदिनुपर्दछ ।

पैशुन्यं चण्डता चौर्यं मात्सर्यमतिलोभता ।
असत्यं कार्यघातित्वं तथालसकताप्यलम् ।
गुणिनामपि दोषाय गुणानाच्छाद्य जायते ॥२४३॥

छुल्याइँ गर्ने बानी, चटचटे स्वभाव, चोर्ने बानी, अर्काको गुण देख्न नसक्ने बानी, ज्यादा लोभ गर्ने बानी, झूठो बानी, काम बिगारिदिने र अल्छी गर्ने बानी, यति कुरामा एउटै मात्र छ भने पनि गुणी भए पनि त्यसका गुणहरू ढाकिन्छन् (त्यो वैगुनीतुल्य हुन्छ) ।

मातुः प्रियायाः पुत्रस्य धनस्य च विनाशनम् ।
बाल्ये मध्ये च वार्धक्ये महापापफलं क्रमात् ॥२४४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बालखकालमा आमा मर्नु, उमेर चढ्दाको समयमा स्वास्नी मर्नु, बुढेसकालमा छोरो मर्नु र धन नाश हुनु, यस्तो हुनु ठूलो पापको फल हो ।

श्रीमतामनपत्यत्वमधनानां च मूर्खता ।
स्त्रीणां षण्ढपतित्वं च न सौख्यायेष्ट निर्गमः ॥२४५॥

धनीहरूलाई सन्तान नहुनाले, गरीबमा मूर्ख्याइँ हुनाले, स्वास्नीमानिसलाई नपुंसक लोग्ने पाउनाले न सुख हुन्छ र न त इच्छा पुग्यो भन्न नै सकिन्छ ।

मूर्खपुत्रोऽथवा कन्या, चंडी भार्या, दरिद्रता ।
नीचसेवा, ऋणं नित्यं, नैतत्षट्कं सुखाय च ॥२४६॥

मूर्ख छोरो, राँडी छोरी, रिसाही स्वास्नी, गरीवी, नीचको सेवा गर्नु, सधैं ऋण लागिरहनु यति ६ कुराले कहिल्यै सुख हुँदैन ।

नाध्यापने नाध्ययने न देवे न गुरौ द्विजे ।
न कलासु न संगीते सेवायां नार्जवे स्त्रियाम् ॥२४७॥
न शौर्ये न च तपसि साहित्ये रमते मनः ।
यस्य मुक्तः खलः किंवा नररूपः पशुश्च सः ॥२४८॥

जसको पनि पढाउने कुरामा, पढ्ने कुरामा, देवतामा, गुरुमा, ब्राह्मणमा, कलामा, संगीतमा, सेवामा, स्वास्नीमानिसको नम्रतामा, शूरतामा, तपस्यामा र साहित्य (काव्यको रचना)मा मन रमाउँछ । यति कुरामा जसको मन रमाउँदैन, त्यो त्याज्य र मूर्खछो अथवा त्यो मानिसको अनुहार भएको पशु हो ।

अन्योदयासहिष्णुश्च छिद्रदर्शी विनिन्दकः ।
द्रोहशीलः स्वान्तमलः प्रसन्नास्य खलः स्मृतः ॥२४९॥

अर्काको उदय भएको देख्न नसक्ने, छिद्र खोज्दै हिंड्ने, निन्दा गर्ने, द्रोह गर्ने स्वभाव भएको, तर हेर्दा वाहिर भने उज्यालो अनुहार भएको भए पनि त्यस्तालाई मूर्ख भनेर कहिएको छ ।

एकस्यैव न पर्याप्तमस्ति यद् ब्रह्मकोशजम् ।
आशाबद्धस्योज्झितस्य तस्याल्पमपि पूर्तिकृत् ॥२५०॥

यस ब्रह्माण्ड जगत्को जम्मै धनले पनि आशावान् एक मानिसलाई पुग्दैन, तर आशा नराख्ने मानिसलाई भने थोरैले पनि तृप्ति हुन्छ ।

करोत्यकार्यं साशोऽन्यं बोधयत्यनुमोदते ।
भवन्त्यन्योपदेशार्थे धूर्तास्साधु समात्सदा ॥
स्वकार्यार्थं प्रकुर्वन्ति ह्यकार्याणां शतं तु ते ॥२५१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशा गर्ने पुरुष खराब काम पनि गर्दछ, अर्कालाई बुझाएझैं गर्छ, तथा सम्मति पनि दिन्छ । अर्कालाई उपदेश गर्दा साधु जस्तै पनि बन्दछ । त्यस्ता मानिसहरू आफ्नो कार्यसिद्धिका लागि सयौं खराब काम गर्न पनि हिचकिचाउँदैनन् ।

पित्रोराज्ञां पालयति सेवने च निरालसः ।
छायेव वर्तते नित्यं यतते चागमाय वै ॥२५२॥
कुशलस्सर्व-विद्यासु सपुत्रः प्रीतिकारकः ।
दुःखदो विपरीतो यो दुर्गुणी धननाशकः ॥२५३॥

बाबुको आज्ञा मान्ने, (बाबुको) सेवा गर्दा अल्छी नमान्ने, सदा छाया झैं साथमै रहने, कमाउन प्रयत्न गर्ने, सबै विद्यामा निपुण, यस्तो छोरो बाबुलाई खुशीलाग्दो हुन्छ । यसको विपरीत दुःख दिने बेगुनी धननाश मात्र गर्ने छोरो दुःखदायी हुन्छ ।

पत्यौ नित्यं चानुरक्ता कुशला गृहकर्मणि ।
पुत्रप्रसूः सुशीला या प्रिया पत्युस्सुयौवना ॥२५४॥

सदा पतिमा अनुरक्त भैरहने, शीलले युक्त भएकी, घरको, काममा चलाख, छोरो पाएकी, तरुणी यस्ती भार्या पतिको मन पर्ने हुन्छे ।

पुत्रापराधान् क्षमते या पुत्रपरिपोषिणी ।
सा माता प्रीतिदा नित्यं कुलटान्यातिदुःखदा ॥२५५॥

छोराका अपराधहरूलाई क्षमा गर्ने, छोरालाई पोस्ने, यस्ती आमा सदा सुख दिने हुन्छिन् र अरू वेश्या जस्ती आमा भइन् भने दुःख दिने हुन्छिन् ।

विद्यागमार्थं पुत्रस्य वृत्त्यर्थं यतते च यः ।
पुत्रं सदा साधु शास्ति प्रीतिकृत् स पितानृणी ।२५६।

जुन बाबुले छोराको विद्या र जीविकाका लागि प्रयत्न गर्दछ र छोरालाई सदा राम्रो शिक्षा दिन्छ, त्यो बाबु संतति-ऋणबाट छुट्तछ ।

यः सहाय्यं सदा कुर्यात् प्रतीपं न वदेत् क्वचित् ।
सत्यं हितं वक्ति याति दत्ते गृह्णाति मित्रताम् ॥२५७॥

जो नित्य मद्दत गर्छ, कहिल्यै प्रतिकूल व्यवहार गर्दैन, सत्य र हितकारक वचन बोल्छ, भनेको मान्छ, आउने-जाने गर्छ र लिने-दिने गर्छ, त्यो मित्र हो ।

नीचस्यातिपरिचयो ह्यन्यगेहे सदागतिः ।
जातौ संघे प्रातिकूल्यं मानहान्यै दरिद्रता ।।२५८।।

नीच जनसँग सम्पर्क राख्नु, अरूका घरमा गैरहनु, आफ्ना स्वजातिका साथ विरोध गर्नु र गरीब हुनु, यत्ति मानहानिका निमित्त कारण हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्याघ्राग्निसर्पहिंस्राणां न हि संघर्षणं हितम् ।
सेवितत्वात्तु राज्ञो नैते मित्राः कस्य सन्ति किम् ॥२५९॥

वाघ, अग्नि, सर्प र हिंसक जन्तुका साथ संपर्क राखिरहनु हितकारी हुँदैन र सेवा गरे पनि उपर्युक्त कुरा र राजा कहिल्यै मित्र हुँदैनन् ।

दौर्मनस्यं च सुहृदां सुप्राबल्यं रिपोस्सदा ।
विद्वत्स्वपि च दारिद्र्यं दारिद्र्ये बह्वपत्यता ॥२६०॥

मित्रहरूको मन पनि बिग्रन्छ, शत्रुहरू सधैं जित्न खोजिरहन्छन्, विद्वान्मा पनि दारिद्र्यले प्रवेश गरेको हुन्छ र दरिद्रहरूका धेरै सन्तान हुन्छन् ।

धनिगुणिवैद्यनृपजलहीने सदा स्थितिः ।
दुःखाय कन्यकाप्येका पित्रोरपि च याचनम् ॥२६१॥

धनी, गुणी, वैद्य, राजा र पानी, यी नभएका ठाउँमा बस्नु, एउटै मात्र भने पनि कन्या हुनु र बाबु आमासँग माग्न पर्नु यति कुरा दुःखदायी हुन्छन् ।

सुरूपस्सधनस्स्वामी विद्वानपि बलाधिकः ।
न कामयेद्यथेष्टं यस्स्त्रीणां नैव सुसौख्यकृत् ॥२६२॥

जुन मनुष्य राम्रो, धनी, सबको मालिक, विद्वान् र बलियो पनि छ, तर यथेच्छ कामवासना नभएको छ भने त्यो स्त्रीजातिलाई सुखकारक हो भन्न सकिन्न (स्वयं पनि सुखी हैन) ।

यो यथेष्टं कामयते स्त्री तस्य वशगा भवेत् ।
संधारणाल्लालनाच्च यथा याति वशं शिशुः ॥२६३॥

जस्तो काखमा लिनाले, लाडप्यार गर्नाले सानो बालक वश हुन्छ, त्यस्तै स्त्री-जाति पनि जो ज्यादा रुचाउँछ त्यसैका वश पर्दछन् ।

कार्यं तत्साधकादींश्च तद्व्ययं सुविनिर्गमम् ।
विचिन्त्य कुरुते ज्ञानी नान्यथा लध्वपि क्वचित् ॥२६४॥

धन खर्च गर्दा काम कस्तो छ, त्यसलाई संपन्न गर्ने कस्ता मानिस छन्, त्यो धन-लगानीबाट फाइदा छ छैन आदि सबै कुरा विचार गरेर ज्ञानी पुरुष ठूला ठूला काम गर्दछ, अन्यथा सानू काम पनि गर्दैन ।

न च व्ययाधिकं कार्यं कर्तुमीहेत पंडितः ।
लाभाधिक्यं यत् क्रियते स सेवेद् व्यवसायिभिः ॥२६५॥

विद्वान् जनले ज्यादा खर्च हुने काम गर्नु हुँदैन । जसले व्यय (खर्च) भन्दा लाभ (व्याप्ति) ज्यादा गर्दछ, काम गर्ने मानिसले त्यस्तै काम गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूल्यं मानं च पण्यानां याथाल्पान्मृग्यते सदा ।
तपःस्त्रीकृषिसेवासूपभोग्ये नापि भक्षणे ॥२६६॥

बेच्ने वस्तुको मोल र परिमाणको बहुत खोजी गर्नुपर्दछ । तपस्यार स्त्री भोगका लागि र कृषि-सेवा खानाका लागि गरिन्छ ।

हितः प्रतिनिधिर्नित्यं कार्येऽन्ये तं नियोजयेत् ।
निर्जनत्वं मधुरभुग्जारश्चोरस्सदेच्छति ॥२६७॥

हित चिताउने आफ्नो प्रतिनिधिलाई कार्यान्तरमा नियुक्ति गर्नू, मीठो खान खोज्ने मानिस, जार र चोर सधैं मानिस नभएको अवस्था मात्र खोज्दछन् ।

साहाय्यं तु बलिद्विष्टो वेश्या धनिकमित्रताम् ।
कुनृपश्च छलं नित्यं स्वामिद्रव्यं कुसेवकः ॥२६८॥

बलियासँग वैरभाव गर्ने व्यक्ति सहायता, वेश्या धनीसँग मित्रता, र दुष्ट राजा सधैं छल गर्न खोजिरहने र खराब नोकर आफ्ना स्वामीका धनको आग्रह गरिरहेका हुन्छन् ।

तत्त्वं तु ज्ञानवान् दम्भं तपोऽग्निं देवजीवकः ।
योग्येकान्तं च कुलटा जारं वैद्यं च व्याधितः ॥२६९॥

ज्ञानी मानिस तत्त्वको, ठग तपस्याको, देवजीवक अग्निको, यागी एकान्तको, वेश्या जारको र वैद्य रोगीको (इच्छा गर्दछन्) ।

धृतपण्यो महार्घत्वं दानशीलं तु याचकः ।
रक्षितारं मृगयते भीतश्छिद्रं तु दुर्जनः ॥२७०॥

माल नबिकेर बसिरहेको व्यक्ति महँगीको, माग्ने दाताको, रक्षा गर्ने व्यक्ति डराएकाको र दुर्जन अर्काका छिद्रको खोजी गरिरहेका हुन्छन् ।

चण्डायते विवदते स्वपित्यश्नाति मादकम् ।
करोति निष्फलं कर्म मूर्खो वा स्वेष्टनाशनम् ॥२७१॥

मूर्ख प्रचण्ड हुन्छ, झगडा गर्दछ, सुत्तछ, मादक पदार्थको सेवन गर्छ, काम नलाग्ने कुरा गर्दछ अथवा आफ्नै खराबी गर्दछ (मूर्खको यस्तो स्वभाव हुन्छ)

तमोगुणाधिकं क्षात्रं ब्राह्मं सत्त्वगुणाधिकम् ।
अन्यद्रजोऽधिकं तेजस्तेषु सत्त्वाधिक वरम् ॥२७२॥

क्षत्रियमा तमो गुण, ब्राह्मणमा सत्त्वगुण र अरूहरूमा रजोगुणको आधिक्य हुन्छ । यी तीन वर्गमा पनि जसको सत्त्व गुण बढी हुन्छ, त्यो उत्तम हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वाधिको ब्राह्मणस्तु जायते हि स्वकर्मणा ।
तत्तेजसोऽनु तेजांसि संति च क्षत्रियादिषु ॥२७४॥

आफ्ना कर्मले गर्दा सदैमा ब्राह्मण उत्तम छ र अरू क्षत्रियादिहरू ब्रह्मतेजभन्दा कम तेजयुक्त हुन्छन् ।

स्वधर्मस्थं ब्राह्मणं हि दृष्ट्वा बिभ्यति चेतरे ।
क्षत्रियादिनान्यथा स्वधर्मं चातः समाचरेत् ॥२७४॥

स्वधर्ममा अडेर रहेको ब्राह्मणलाई देखेर क्षत्रिय आदि (वर्ग) डराउँछन् अन्यथा डराउँदैनन् । यस कारण ब्राह्मणले आफ्नो धर्म गर्नुपर्दछ ।

न स्यात् स्वधर्महानिस्तु यया वृत्त्या च सा वरा ।
स देशः प्रवरो यत्र कुटुम्बपरिपोषणम् ॥२७५॥

जसबाट आफ्ना धर्मको हानि हुँदैन, त्यही वृत्ति असल छ र जहाँ परिवार पाल्न सकिन्छ, त्यही ठाउँ उत्तम हो ।

कृषिस्तु चोत्तमा वृत्तिर्या सरिन्मातृका मता ।
मध्यमा वैश्यवृत्तिश्च शूद्रवृत्तिस्तु चाधमा ॥२७६॥

कुलो लाग्ने जमीनमा खेती गर्नु उत्तम वृत्ति, वैश्यको वृत्ति (व्यापार) मध्यम र शूद्रको वृत्ति (चाकरी गर्नु) अधम मानिएको छ ।

याच्ञाधमतरा वृत्तिर्ह्युत्तमा सा तपस्विषु ।
क्वचित् सेवोत्तमा वृत्तिर्धर्मशीलनृपस्य च ॥२७७॥

माग्ने वृत्ति अधम हो तापनि त्यो तपस्वीका लागि उत्तम छ । धर्मात्मा राजाको सेवा गर्दा सेवावृत्ति पनि उत्तम गनिन्छ ।

आध्वर्यवादिकं कर्म कृत्वा या गृह्यते भृतिः ।
सा किं महाधनायैव वाणिज्यमलमेव किम् ॥२७८॥

यज्ञ-यागादि गरेर जो वेतन लिइन्छ, त्यसबाट र वाणिज्य अर्थात् लेनदेनबाट जो वेतन प्राप्त हुन्छ, त्यसबाट के धनी होइन्छ र ?

राजसेवां विना द्रव्यं विपुलं नैव जायते ।
राजसेवातिगहना बुद्धिमद्भिर्विना न सा ।
कर्तुं शक्या चेतरेण हयसिधारेव सा सदा ॥२८०॥

राजाको सेवा नगरी प्रशस्त धन हुँदैन र राजाको सेवा गर्न ज्यादै गाह्रो हुन्छ । तीखो र निक्कै बुद्धि भएकाले मात्र राजाको सेवा गर्न सक्तछन् । राजाको सेवा गर्नु तरवारका धारसँग चल्नु जस्तै हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यालग्राही यथाव्यालं मन्त्री मन्त्रबलान्नृपम् ।
करोत्यधीनं तु नृपे भयं बुद्धिमतां महत् ॥२८१॥

सर्पलाई समात्नेहरू जसरी मन्त्रबलबाट सर्पलाई पक्रन्छन्, त्यसै गरी असल मन्त्रणाले मन्त्रीले राजालाई वश पार्छन्, बुद्धिमान् पुरुषलाई राजाको डर हुन्छ ।

ब्राह्मं तेजो बुद्धिमत्सु क्षात्रं राजि प्रतिष्ठितम् ।
आरादेव सदा चास्ति तिष्ठन् दूरेऽपि बुद्धिमान् ॥२८२॥

बुद्धिमान्मा ब्रह्मतेज र क्षत्रियमा (राजामा) रक्षा गर्ने तेज (शक्ति) रहेको हुन्छ । त्यसै कारण बुद्धिमान् टाढा भए पनि ऊ सदा नगीचै भए जस्तो हुन्छ ।

बुद्धिपाशैर्वन्धयित्वा संताडयति कर्षति ।
समीपस्थोऽपि दूरेऽस्ति ह्यप्रत्यक्षसहायवान् ॥२८३॥

बुद्धिमान् पुरुष आफ्ना बुद्धिरूपी पाशले गर्दा सजायँ गर्न सक्तछ, प्रत्येकलाई आकर्षण गर्न सक्तछ । त्यस कारण बुद्धिमान् पुरुष समीपमा रहे पनि टाढा जस्तै हुन्छ र अप्रत्यक्ष भए पनि सहायक भैरहेको हुन्छ ।

नानुवाकहता बुद्धिर्व्यवहारक्षमा भवेत् ।
अनुवाकहता या तु न सा सर्वत्रगामिनी ॥२८४॥

शास्त्रको यथार्थ ज्ञान नभएको बुद्धि व्यवहारलायक हुँदैन, जुन बुद्धि शास्त्रबाट खारिएको छ, त्यो सबै व्यवहारलायकको हुन्छ ।

आदौ वरं निर्धनत्वं धनिकत्वमनंतरम् ।
तथादौ पादगमनं यानगत्वमनंतरम् ॥
सुखाय कल्पते नित्यं दुःखाय विपरीतकम् ॥२८५॥

पहिले गरीब भएर पछि धनी हुनु, पहिले आफैं हिंडेर पछि सवारी चढ्नु सुखका निमित्त हुन्छ र यसको विपरीत पहिले धनी भएर पछि गरीब हुनु आदि ज्यादै दुःखदायक हुन्छ ।

वरं हि त्वानपत्यत्वं मृतापत्यत्वतस्सदा ।
दुष्टयानात्पादगमो ह्यौदासीन्यं विरोधतः ॥२८६॥

सन्तान भएर मर्नुभन्दा नहुनु नै बेश छ । खराब सवारी चढ्नुभन्दा पदयात्रा नै बेश छ र विरोध गर्नुभन्दा उदासीन भएर बस्नु नै श्रेयस्कर छ ।

वरं देशाच्छादनतश्चर्मणा पादगूहनम् ।
ज्ञानलवदौर्विदग्ध्यादज्ञता प्रवरा मता ॥२८७॥

छालाले देशै ढाकिन्छ भने बरु जुत्ता लाएर हिंड्नु असल छ र प्रशस्त ज्ञान प्राप्त गर्न नसक्नुभन्दा बरु मूर्ख हुनु असल छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परगृहनिवासाद्ध्यरण्ये निवसनं वरम् ।
प्रदुष्टभार्या गार्हस्थ्याद्भैक्ष्यं वा मरणं वरम् ॥२८८॥

अर्काको घरमा बस्नुभन्दा वनमा गएर बस्नु असल छ र ज्यादै दुष्ट स्वभावकी स्वास्नीलाई लिएर गृहस्थी गर्नुभन्दा भिक्षा मागेर खानु अथवा मर्नु असल छ ।

श्वमैथुनमृणं गर्भाधानं स्वामित्वमेव च ।
खलसख्यमपत्यं तु प्राक्सुखं दुःखनिर्गमम् ॥२८९॥

कुकुरको रतिक्रीडा, ऋण लिने काम, गर्भधारण गर्ने काम, मालिक हुने काम, मूर्खसँगको मैत्री सम्बन्ध र कुपथ यति कुरा पहिले सुख दिने र पछाडि दुःख दिने हुन्छन् ।

कुमन्त्रिभिर्नृपो रोगी कुवैद्यैः कुनृपैः प्रजा ।
कुसंतत्या कुलं चात्मा कुबुद्ध्या हीयतेऽनिशम् ॥२९०॥

दुर्मन्त्रीहरूबाट राजा, खराब वैद्यबाट रोगी, दुष्ट राजाबाट प्रजा, खराब सन्तानबाट कुल र दुर्बुद्धिबाट आत्माको प्रतिदिन क्षय हुन्छन् ।

हस्त्यश्ववृषबालस्त्रीशुकानां शिक्षको यथा ।
तथा भवन्ति ते नित्यं संसर्गगुणधारकाः ॥२९१॥

हात्ती, घोडा, साँढे, बालक, स्वास्नीमानिस, सुगा, यति प्राणी जस्ता शिक्षकका फेला परे, तिनीहरूले शिक्षकको जस्तो आनीबानी छ, त्यही नै लिन्छन् ।

स्याज्जयोऽवसरोक्त्या सद्वसनैस्सुप्रसिद्धता ।
सभायां विद्यया मानस्त्रितयं त्वधिकारतः ॥२९२॥

समयानुसार बोलीले सबैलाई परास्त गर्ने काम, असल लुगा लगाएर ख्याति प्राप्त गर्नु, विद्याबाट सभामा मानप्राप्ति हुनु, यति तीन कुरा अधिकार प्राप्त भएपछि प्राप्त हुन्छन् ।

सुभार्या सुष्ठु चापत्यं सुविद्या सुधनं सुहृत् ॥२९३॥
सुदाससदास्यौ सद्देहः सद्वेश्म सुनृपस्सदा ।
गृहिणां हि सुखायालं दशैतानि न चान्यथा ॥२९४॥

असल पत्नी, गतिला सन्तति, राम्रो विद्या, गतिलो धन, मित्र, असल नोकर-नोकर्नी, र असल (निरोगी) शरीर राम्रो घर र गतिला राजा यति दश वटा गतिला कुरा गृहस्थीलाई सुखकारक हुन्छन् । यिनको विपरीत भएमा दुःख हुन्छ ।

वृद्धास्सुशीला विश्वस्ताः सदाचाराः स्त्रियो नराः ।
क्लीबा वान्तःपुरे योज्या न युवा मित्रमप्युत ॥२९५॥

बूढा, शीलस्वभाव गतिला भएका, विश्वासी आचारयुक्त, स्त्री अथवा यस्तै प्रकारका पुरुषहरू र नपुंसकहरू अन्तःपुर (खोपी) मा नियुक्त गर्नू । जवान भए त आफ्नै मित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भए पनि खोपीको काम गर्ने काममा नियुक्त गर्नु हुँदैन ।

कालं नियम्य कार्याणि ह्याचरेन्नान्यथा क्वचित् ।
गवादिस्वात्मवज्ज्ञानमात्मानं चार्थधर्मयोः ।
नियुंजीतान्नसं सिध्यै मातरं शिक्षणे गुरुम् ॥२९६॥

समयानुसार काम गर्नुपर्छ । मौका विचार गनरी कुनै पनि काम नगर्ने । काममा नियुक्त गर्दा आत्मज्ञानीलाई गाईको काममा, आफ्नो आत्मालाई धनप्राप्ति र धर्मप्राप्ति हुने काममा, खानपानमा आमालाई र शिक्षाविषयमा गुरुलाई नियुक्ति गर्नुपर्छ ।

गच्छेदनियमेनैव सदैवान्तःपुरं नरः ॥२९७॥

आफ्ना खोपीमा जाँदा जुन समयमा पनि जाने गर्नू अर्थात् त्यहाँ यही समयमा मात्र जाने भनी समय नतोक्नू ।

भार्यानपत्या सद्यानं भारवाही सुरक्षकः ।
परदुःखहरा विद्या सेवकश्च निरालसः ।
षडेतानि सुखायालं प्रवासे तु नृणां सदा ॥२९८॥

केटाकेटी नभएकी स्वास्नी, असल सवारी, पठाएको भारी (मालताल) सुरक्षापूर्वक पुर्याइदिने मानिस, अर्काको दुःख नाश गर्ने विद्या, जाँगरिलो नोकर, यति छ कुरा मानिसलाई परदेशमा पनि खूब सुख दिने हुन्छन् ।

मार्गं निरुध्य न स्थेयं, समर्थेनापि कर्हिचित् ।
सद्यानेनापि गच्छेन्न हट्टमार्गे नृपोऽपि च ॥२९९॥

समर्थवान् भए पनि बाटो छेकेर कहिल्यै नवस्नू । राजाले बजारको भ्रमण गर्दा असल सवारी (तडकभडकसाथको सवारी) लिएर पनि नजानू ।

ससाहाय्यस्सदा च स्यादध्वगो नान्यथा क्वचित् ।
समीपसन्मार्गजलाभयग्रामेऽध्वगो वसेत् ॥३००॥

राजाले पनि स्थलमार्ग गरेर हिंड्दा सहायक (पार्श्ववर्ती) साथमा लिएर मात्र जानू एक्लै नजानू । गाउँमा वस्नुपर्दा पनि नजीकै प्रशस्त पानी तथा डर नलाग्ने (भयरहित) र बाटो खुला ठाउँमा वस्नुपर्दछ ।

तथाविधे वा विरमेन्न मार्गे विपिनेऽपि न ॥३०१॥
अत्यटनं चानशनमतिमैथुनमेव च ।
अत्यायासश्च सर्वेषां द्राग्जराकरणं महत् ।

त्यस्तै प्रकारको सुखदायक गाउँमा बस्नुपर्दछ र बाटामा र जंगलमा वस्नु हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्यादा हिंड्नु, नखानु, अति स्त्री सेवन गर्नु, र ज्यादा परिश्रम गर्नु, यति चार कुराले राजा-लगायत सबैलाई चाँडै बूढो बनाउँछन् ।

सर्वविद्यास्वनभ्यासो जराकारी कलासु च ॥३०२॥

र सम्पूर्ण विद्याको र कलाहरूको यथार्थ ज्ञान नगर्नाले पनि चाँडै बुढ्याइँ प्राप्त हुन्छ ।

दुर्गुणं तु गुणीकृत्य कीर्तयेत् स प्रियो भवेत् ।
गुणाधिक्यं कीर्तयति यः किं स्यान्न पुनस्सखा ॥३०३॥

जसले वैगुनीलाई पनि गुनिलो छ भनेर बोलिदिन्छ, त्यस्ताको त्यो प्यारो हुन्छ । जसले उससँग भएका गुणहरूभन्दा पनि ऊ बढी गुणी छ भनेर बढाइँ गर्छ, त्यसको त्यो किन मित्र हुँदैन र अवश्य हुन्छ ।

दुर्गुणं वक्ति सत्येन प्रियोऽपि सोऽप्रियो भवेत् ।
गुणं हि दुर्गुणीकृत्य वक्ति यः स्यात् कथं प्रियः ॥३०४॥

जसले प्यारो लाग्ने छ, तर यो दुर्गुण हो भनेर यथार्थ भनेमा त्यस्तो भन्ने व्यक्ति सधैंको प्यारो भए पनि मन नपर्ने हुन्छ भने दुर्गुणलाई गुण हो भन्ने व्यक्ति त अझ के प्यारो होला !

स्तुत्या वशं यान्ति देवा ह्यञ्जसा किं पुनर्नराः ।
प्रत्यक्षं दुर्गुणान्नैव वक्तुं शक्नोति कोऽप्यतः ।३०५॥

स्तुति गर्नाले देवता पनि सजिलैसँग वश हुन्छन् भने मानिसको के कुरा ! यसै कारण कोही पनि कसैको दुर्गुण प्रत्यक्ष भन्न सक्तैन ।

स्वदुर्गुणान् स्वयं चातो विमृशेल्लोकशास्त्रतः ।
स्वदुर्गुणश्रवणतो यस्तुष्यति न क्रुध्यति ॥३०६॥
स्वोपहासप्रविज्ञाने यतते त्यजति श्रुते ।
स्वगुणश्रवणान्नित्यं समस्तिष्ठति नाधिकः ॥३०७॥

यस कारण लोकबाट र शास्त्रबाट आफ्ना वैगुनहरू आफैंले विचार गर्नुपर्दछ । आफ्ना बैगुन सुनेर दङ्ग पर्नु र रिसाउनु पनि हुँदैन तथा आफ्नो विशेष ज्ञानका विषयमा पनि यो ठट्टा मात्र हो भन्ने सम्झनुपर्दछ । आफ्ना दुर्गुण सुनेर तिनलाई छोड्न र आफ्ना गुण सुनेर दङ्ग पर्न पनि हुँदैन र बराबरको भावना रहनुपर्दछ ।

दुर्गुणानां खनिरहं गुणाधानं कथं मयि ।
मय्येव चाज्ञताप्यस्ति मन्यते सोऽधिकोऽखिलात् ।३०८॥

"म दुर्गुणहरूको खानी हूँ, ममा गुण कसरी आउँछन् र ममा मूर्खता पनि छ"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्ने जसले यस्तो सम्झन्छ, यस्तो व्यक्ति सबै व्यक्तिमा उत्तम हो भनिन्छ ।

स साधुस्तस्य देवा हि कलालेशं लभंति न ॥६०६॥
सदाल्पमप्युपकृतं महत् साधुषु जायते ।
मन्यते सर्वपादल्पं महच्चोपकृतं खलः ॥३१०॥

त्यस्तो उत्तम व्यक्ति नै साधुपुरुष हो । साधुपुरुषहरूमा रहने कलाको सानो अंश पनि देवताले पाउँदैनन् । साधुपुरुषहरूमा सानो उपकार गरे पनि ठूलो हुन्छ र मूर्खहरूमा ठूलो उपकार गरे पनि सर्स्यूंका दानाभन्दा पनि सानो हुन जान्छ (दुर्जन यस्तो सम्झन्छ) ।

क्षमिणं बलिनं साधुर्मन्यते दुर्जनोऽन्यथा ।
दुरुक्तमप्यतस्साधोः क्षमयेदुर्जनस्य च ॥३११॥

क्षमा नै बल भएका साधुपुरुषलाई दुर्जन अर्कै कुरा ठान्दछ । अतः दुर्जनले नराम्रो कुरा भने पनि साधुहरू दुर्जनलाई क्षमा नै गर्दछन् ।

तथा न क्रीडयेत् कैश्चित् कलहाय भवेद्यथा ।
विनोदेऽपि शयेन्नैवं ते भार्या कुलटास्ति किम् ॥३१२॥

जसबाट झगडा हुन्छ त्यस्तो खेल कसैसित पनि नखेल्नु र हँसीठट्टा गर्दा पनि 'तेरी स्वास्नी के वेश्या छ ?' भन्नु हुँदैन ।

अपशब्दाश्च नो वाच्या मित्रभावाच्च केष्वपि ।
गोप्यं न गोपयेन्मित्रे तद्गोप्यं न प्रकाशयेत् ॥३१३॥

मैत्रीभावले नै किननहोस् कसैमा पनि खराब वचन प्रयोग गर्नुहुँदैन । मित्रमा गोप्य कुरा भए पनि लुकाउन हुँदैन र उनीहरूमा गरिएको गोप्य कुरा अन्यत्र भन्नु पनि हुँदैन ।

वैरीभूतोऽपि पश्चात् प्राक्कथितं वापि सर्वदा ।
विज्ञातमपि यद्दौष्ट्यं दर्शयेत्तन्न कर्हिचित् ॥३१४॥

वैरी नहुँदै गोप्य गरेर भनिएका कुरा तथा उसका जानेका दुष्टयाइँहरू पनि पछि वैरी हुन आयो भने पनि त्यस्ता कुरा कसैलाई पनि भन्न र सुनाउनु हुँदैन ।

प्रतिकर्तुं यतेतैव गुप्तः कुर्यात् प्रतिक्रियाम् ।
यथार्थमपि न ब्रूयाद्बलवद्विपरीतकम् ॥३१५॥

अरूको दुष्ट्याइँको प्रतीकार गर्न प्रयत्न गर्नुपर्छ भन्ने मात्र हैन । त्यस्तो कुरा गोप्य रूपबाट गर्नुपर्छ । बलवान्ले नहुँदो गरेको प्रत्यक्ष देखे पनि भन्नु हुँदैन ।

दृष्टं त्वदृष्टवत् कुर्याच्छ्रुतमप्यश्रुतं क्वचित् ।
मूकोऽन्धो बधिरः खञ्जस्स्वापत्काले भवेन्नरः ॥३१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कहीं देखेको नदेख्यै र कतै सुनेको नसुन्यै पनी गर्नुपर्दछ । मानिसले आपत्काल-मा समयानुसार लाटो, अन्धो, वहिरो, खँजाहा (लँगडो) पनि बन्नुपर्दछ ।

अन्यथा दुःखमाप्नोति हीयते व्यवहारतः ।
वदेद्वृद्धानुकूलं यन्न बालसदृशं क्वचित् ॥३१७॥

त्यस्तो बन्न नसके मानिस व्यवहारबाट गिर्दछ र दुःख पनि पाउँछ । बूढा पाका-ले गरेअनुसार गर्नू र केटाकेटीको जस्तो व्यवहार गर्नु हुँदैन ।

परवेश्मगतस्तत्स्त्रो वीक्षणं न च कारयेत् ।
अधनादननुज्ञातान्न गृह्णीयात्तु स्वामिताम् ।
स्वशिशुं शिक्षयेदन्यशिशुं नाप्यपराधिनम् ॥३१८॥

अर्काका घरमा गएका समयमा उसकी स्वास्नीलाई (आँखा गाडेर) हेर्न हुँदैन । गरीब भए पनि मालिकको आज्ञाविना उसका कुनै वस्तु लिनु हुँदैन । आफ्ना बालकहरूलाई शिक्षा दिनु अर्काका केटाकेटीहरूलाई (त्यसै) दोष नलगाउनू ।

अधर्मनिरतो यस्तु नीतिहीनश्चलान्तरः ।
संकर्षकोऽतिदंडी तद्ग्रामं त्यक्त्वान्यतो वसेत् ॥३१९॥

जुन गाउँ अधर्म (पाप) गर्न हिचकिचाउँदैन, नीतिले रहित छ, छलकपटले युक्त छ, ज्यादा लोभी छ र ज्यादा दण्ड-सजायँ गर्दछ, यस्तो गाउँलाई छोडी अन्तै गएर बस्नू ।

यथार्थमपि विज्ञातमुभयोर्वादिनोर्मतम् ।
अनियुक्तो न वै ब्रूयाद्धीनशत्रुर्भवेदतः ॥३२०॥

दुइटै वादी र प्रतिवादीको कुरा यथार्थ जाने पनि राजाले अथवा सोध्न खटि-एको व्यक्तिले लौ भन् ! नभनी कुनै कुरा पनि नबोल्नू, यसो गर्नाले शत्रु कम बन्दछन् ।

गृहीत्वान्यविवादं तु विवदेन्नैव केनचित् ।
मिलित्वा संघशो राजमंत्रं नैव तु तर्कयेत् ॥३२१॥

अर्काको झगडाको विषयलाई लिएर कसैसँग पनि वादविवाद नगर्नू । कुनै संघ-संस्थामा पनि राजाको मन्त्रणाविषयमा तर्क पनि उठाउनु मनासिब छैन ।

अज्ञातशास्त्रो न ब्रूयाज्ज्यौतिषं धर्मनिर्णयम् ।
नीतिं दण्डं चिकित्सां च प्रायश्चित्तं क्रियाफलम् ॥३२२॥

शास्त्र नजानीकन ज्यौतिष, धर्मको निर्णय, नीति दण्ड-सजायँ, औषधि गर्ने काम, प्रायश्चित्त र कामको फल पनि भन्नु हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पारतन्त्र्यात् परं दुःखं न स्वातन्त्र्यात् परं सुखम् ।
अप्रवासी गृही नित्यं स्वतन्त्रःसुखमेधते ।।३२३।।

परतन्त्रताभन्दा ठूलो अर्को दुःख छैन र स्वतन्त्रताभन्दा ठूलो अर्को सुख छैन । परदेश नलाग्ने र सदा घरमा रहने स्वतन्त्र व्यक्ति सुख पाउँछ ।

नूतनप्राक्तनानां च व्यवहारविदां धिया ।
प्रतिक्षणं चाभिनवो व्यवहारो भवेदतः ।।३२४।।

नयाँ र पुराना व्यवहार जान्नेहरूको व्यवहार आफ्ना बुद्धिले हेर्नू । किनभने व्यवहार भन्ने कुरा छिन-छिनमा नयाँ हुन्छ ।

वक्तुं न शक्यते प्रायः प्रत्यक्षादनुमानतः ।
उपमानेन तज्ज्ञानं भवेदाप्तोपदेशतः ।।३२५।।

प्रत्यक्षबाट व्यवहार यसै हो भन्न सकिन्न । अतः अनुमान, उदाहरण र ठूलाबडा जान्ने मानिसका उपदेशबाट मात्र व्यावहारिक ज्ञान हुन्छ ।

कथितं तु समासेन सामान्यं नृपराष्ट्रयोः ।
नीतिशास्त्रं हितापालं यद्विशिष्टं नृपे स्मृतम् ।।३२६।।

यस प्रकार राजा र प्रजाको हितका निमित्त यो सामान्य नीतिशास्त्र संक्षेपले भनिया, जुन यो कुरा राजाका निमित्त अत्यन्त उत्तम छ ।

इति तृतीय अध्याय ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ चतुर्थ अध्याय

पहिलो (मिश्र) प्रकरण

अथ मिश्रप्रकरणं प्रवक्ष्यामि समासतः ।
लक्षणं सुहृदादीनां समासाच्छृणुताधुना ।।१।।

अब म संक्षेपमा मिश्रप्रकरण भन्दछु । अहिले मित्र आदिको लक्षण छोटकरीमा सुन !

मित्रशत्रुश्चतुर्धा स्यादुपकारापकारयोः ।
कर्ता कारयिता चानुमंता यश्च सहायकः ।।२।।

उपकार गर्ने र गराउने, अपकार गर्ने र गराउने, अनुमति दिने र दिलाउने तथा सहायता गर्ने र गराउने गरी मित्र र शत्रु चार किसिमका हुन्छन् ।

यस्य सुद्रवते चित्तं परदुःखेन सर्वदा ।
इष्टार्थे यततेऽन्यस्या प्रेरितः सत्करोति यः ।।३।।
आत्मस्त्रीधनगुह्यानां शरणं समये सुहृत् ।
प्रोक्तोऽत्तमोऽयमन्यश्च द्वित्र्येकपदमित्रकः ।।४।।

जसको चित्त अर्काको दुःखमा सधैं पग्लन्छ र प्रेरणा नगरीकन नै भलो गर्नमा यत्न गर्दछ । जुन मित्र आफू र स्त्री, धन, संपत्तिको गोप्य कुराको गोपन र समयमा शरण लिन्छ, त्यो नै उत्तम मित्र हो । अरू त दुई तीन पाइलासम्मका मित्र हुन् ।

अनन्यस्वत्वकामत्वमेकस्मिन् विषये द्वयोः ।
वैरिलक्षणमेतद्वान्येष्टनाशनकारिता ।।५।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकै विषयमा दुई जनाको यो मेरै हो भन्ने बुद्धि हुनु अथवा एकले अर्काको इष्टवस्तु विनाश गर्नु वैरीको लक्षण हो ।

भ्रातृभावे पितुर्द्रव्यमखिलं मम वै भवेत् ।
न स्यादेतस्य वश्येऽयं ममैव स्यात् परस्परम् ॥६॥
भोक्ष्ये खिलमहं चैतद्विनान्यस्तस्तु वैरिणौ ।
द्वेष्टि द्विष्ट उभौ शत्रूस्तश्चैकतरसंज्ञकौ ॥७॥

आफ्ना अरू भाइहरू छँदाछँदै बाबुको संपत्ति मैले मात्र पाउनुपर्छ, यिनीहरूले मेरो वशमा रहनुपर्छ, म यिनीहरूको वशमा रहन सक्तिनँ भन्ने परस्परमा विचार भएका, यी सवै धन संपत्तिहरू मै मात्र भोग गर्दछु, अरूले भोग्न नपाऊन् भन्ने विचार भएका पुरुषहरू परस्परमा वैरी हुन्छन् र एक अर्काको शत्रु हुन्छन् ।

शूरस्योत्थानशीलस्य बलनीतिमतः सदा ।
सर्वेऽमित्रा गूढवैरा नृपाः कालप्रतीक्षकाः ॥८॥
भवन्तीति किमाश्चर्यं राज्यलुब्धा न ते हि किम् ।
न राज्ञो विद्यते मित्रं राजा मित्रं न कस्य वै ॥९॥

जुन राजा शूरो छ, उत्थानशील (अरूमा चढाइ गर्ने) छ, सेनाको रक्षा गर्दछ, नीतिज्ञ छ, त्यस्ता राजाका मित्रहरू र अरू राजाहरू पनि कहिले यो मर्ला भनेर पछिको समय हेर्ने वैरी हुन्छन् । यसमा केही आश्चर्य छैन, किनभने राज्यको लोभ कसलाई हुँदैन र ? । न राजाका कुनै मित्र हुन्छन्, न राजा कसैको मित्र हुन्छ ।

प्रायःकृत्रिम मित्रे ते भवतश्च परस्परम् ।
केचित् स्वभावतो मित्राः शत्रवः सन्ति सर्वदा ॥१०॥

प्रायः यिनीहरू परस्परमा खालि मतलबका मित्र हुन्छन् । कुनै मनुष्य स्वभावले मित्र हुन्छन् र कुनै स्वभावैले शत्रु हुन्छन् ।

माता मातृकुलं चैव पिता तत्पितरौ तथा ।
पितृ-पितृव्यात्मकन्या पत्नी तत्कुलमेव हि ॥११॥
पितृमात्रात्मभगिनीकन्यकासन्ततिश्च या ।
प्रजापालो गुरुश्चैव मित्राणि सहजानि हि ॥१२॥

आमा, आमाको कुल, बाबु, बाजे, बज्यै, कान्छावाजे, छोरी, पत्नी र ससुरा, आमाहरू, फुपू, सानीमा, ठूलीआमा, बहिनी, भाञ्जा-भाञ्जीहरू, राजा, गुरु, यी सबै सदा स्वाभाविक मित्र हुन्छन् ।

विद्या शौर्यं च दाक्ष्यं च बलं धैर्यं च पञ्चमम् ।
मित्राणि सहजान्याहुर्वर्तयन्ति हि तैर्बुधाः ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्या, शूरता, चतुरोपना, बल र पाँचौं धैर्य पनि स्वाभाविक मित्र हुन् । किनभने बुद्धिमान् पुरुषहरू योसँग व्यवहार गरेर बस्तछन् ।

पित्रोर्निदेशवर्त्ती यः स पुत्रोऽन्यर्थनामवान् ।
श्रेष्ठ एकस्तु गुणवान् किं शतैरपि निर्गुणैः ॥१४॥

बाबुको आज्ञा-पालन गर्ने जुन छोरो छ, खास छोरो भन्नु त्यही हो । गुणवान् उत्तम एउटै मात्र छोरो भए पनि वेश छ, वैगुनी सयौं भए पनि व्यर्थ छन् ।

स्वभावतो भवन्त्येते हिंस्रो दुर्वृत्त एव च ।
ऋणकारी पिता शत्रुर्माता स्त्री व्यभिचारिणी ॥१५॥

हिंस्रक (घाती) र दुराचारी यी स्वभावैले शत्रु हुन् र ऋण लगाइदिने बाबु शत्रु हो र व्यभिचार गर्ने पत्नी र आमा पनि शत्रुतुल्य छन् ।

आत्मपितृभ्रातरश्च तत्स्त्रीपुत्राश्च शत्रवः ।
स्नुषाश्वश्रूः सपत्नी च ननान्दा धातरस्तथा ॥१६॥

आफ्ना बाबुका भाइ (जेठा कान्छा बाबुहरू), उनका पत्नीहरू उनका छोरा, बुहारी, सासु, सौता, नन्द, जेठानी, देउरानीहरू परस्परमा शत्रुभाव लिने हुन्छन् ।

मूर्खपुत्रकुवैद्यश्चारक्षकस्तु पतिः प्रभुः ।
चंडो भवेत् प्रजाशत्रुरदाता धनिकश्च यः ॥१७॥

मूर्ख छोरो खराव वैद्य, रक्षा नगर्ने लोग्ने र राजा, क्रोधी र धन भएर नदिने यस्ता सवै जनताका शत्रु हुन् ।

दुष्टानां नृपतिः शत्रुः कुलटानां पतिव्रता ।
साधुः खलानां शत्रुः स्यान्मूर्खाणां बोधको रिपुः ॥१८॥

दुष्टको राजा, पतिव्रताको वेश्या, मूर्ख व्यक्तिको साधु र मूर्खलाई सम्झाउने यति उनीहरूका शत्रु हुन्छन् ।

उपदेशो हि मूर्खाणां क्रोधायैव शमाय न ।
पयःपानं भुजङ्गानां विषायैवामृताय न ॥१९॥

मूर्खलाई उपदेश क्रोधका लागि मात्र हुन्छ, शान्तिका लागि हुँदैन । किनभने सर्पलाई दूध पियाउँदा विष मात्र बढ्दछ, अमृत बन्दैन ।

आसमन्तात् चतुर्दिक्षु सन्निकृष्टाश्च ये नृपाः ।
तत्परास्तत्परा येऽन्ये क्रमाद्धीनबलारयः ॥२०॥

राजाका चारै दिशामा वा चारैतिर जो अरू राजा रहन्छन् तिनीहरू र तिनी-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरूका आसपासमा रहने र तिनीहरूका पनि आसपासमा रहने पनि शत्रु हुन्छन् । यस्तालाई क्रमशः हीन बल भएका शत्रु भन्दछन् ।

शत्रुदासीनमित्राणि क्रमात्ते स्युस्तु माकृताः ।
अरिर्मित्रमुदासीनोऽनंतरस्तत्परः परः ॥२१॥

उपर्युक्त राजाहरूमा क्रमशः शत्रु, उदासीन, मित्र र स्वाभाविक पनि हुन्छन् । शत्रु मित्र र उदासीन र उनका समीपवर्त्तीहरू पनि परस्पर शत्रु हुन्छन् ।

क्रमशो वा नृपा ज्ञेयाश्चतुर्दिक्षु तथारयः ।
स्वसमीपतरा भृत्या ह्यमात्याद्याश्च कीर्तिताः ॥२२॥

राजाको क्रमशः समीपवर्ती राजा, उनका समीपवर्ती अरू अथवा चारै दिशामा रहने, आफ्ना वरिपरि रहने, नोकर-चाकर र मन्त्रीहरू पनि शत्रु हुन्छन् भनिएको छ ।

बृंहयेत् कर्षयेन्मित्रं हीनाधिकवलं क्रमात् ।
भेदनीयाः कर्षणीयाः पीडनीयाश्च शत्रवः ॥२३॥

हीन बल भएका मित्रलाई मद्दत दिएर बढाउनु र अधिक बल भएका शत्रुलाई खिच्नु, भेदनीति प्रयोग गर्नु र उनीहरूलाई मार्नू ।

विनाशनीयास्ते सर्वे सामादिभिरुपक्रमैः ।
मित्रं शत्रुं यथायोग्यैः कुर्यात् स्ववशवर्तिनम् ॥२४॥

त्यस्ता शत्रुहरूलाई साम, दान, भेद, दण्ड आदि उपायबाट नाश गर्नुपर्छ र मित्र र शत्रुलाई यथायोग्य रीतिबाट आफ्ना वशमा राख्नुपर्छ ।

उपायेन यथा व्यालो गजस्सिंहोऽपि साध्यते ।
भूमिष्ठा स्वर्गमायान्ति वज्रं भिन्दन्त्युपायतः ॥२५॥

जस्तो उपायबाट सर्प, हात्ती र बाघ पनि वश हुन्छ त्यस्तै उपायद्वारा नै पृथ्वीमा बस्नेहरू स्वर्गसम्म पनि पुग्दछन् तथा उपायद्वारा वज्र पनि फोरिन्छ ।

सुहृत्संबन्धिस्त्रीपुत्रप्रजाशत्रुषु ते पृथक् ।
सामदानभेददंडाश्चिन्तनीयाः स्वयुक्तितः ॥२६॥

मित्र, नातादार, स्त्री, पुत्र, शत्रु, यी सबैमा बेग्लाबेग्लै किसिमबाट साम, दान, भेद र दण्डको प्रयोग कसरी गर्ने भन्ने कुरा स्वयं विचार गर्नुपर्दछ ।

एकशीलवयोविद्याजातिव्यसनवृत्तयः ।
साहचर्यं भवेन्मित्रमेभिर्यदि तु सार्जवैः ॥२७॥

स्वभाव, शील, उमेर, जाति, रोजगार, विद्या, अवस्था बस्ने ठाउँ, यदि यति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै कुरा नम्रतासहित मिल्नगए भने यिनीहरूसँग मैत्रीसम्बन्ध राम्रो हुन्छ ।

त्वत्समस्तु सखा नास्ति मित्रो साम इदं स्मृतम् ।
मम सर्वं तवैवास्ति दानं मित्रो स जीवितम् ॥२८॥

'तिमीजस्तो मित्र अर्को छैन' भन्ने कुरा मित्रमा साम नीति प्रयोग गर्नु हो भनेर मानिएको छ । मित्रका लागि यो जीवनसहित मेरो सबै जो छ, त्यो तिम्रै हो भन्ने गस्तो वचन दिने कुरा मित्रका उपर दान नीति प्रयोग गर्ने कुरा हो भनिएको छ ।

मित्रेऽन्यमित्रासुगुणान् कीर्तयेद्भेदनं हि तत् ।
मित्रो दण्डो नाकरिष्ये मैत्रीमेवंविधोऽसि चेत् ॥२९॥

आफ्ना मित्रका अगाडि अरू मित्ररूहको गुण गाउनु मित्रका उपर भेदनीति प्रयोग गर्नु हो र तिमी यस्ता छौ भने तिमीसित मित्रता गर्दिनँ भन्नु मित्रका उपर दण्डनीति प्रयोग गर्नु हो ।

यो न संयोजयेदिष्टमन्यानिष्टमुपेक्षते ।
उदासीनः स न कथं भवेच्छत्रुस्सुसान्धिकः ॥३०॥

जुन मनुष्य इष्टको संयोग गराउँदैन र अरू अनिष्ट आइपर्दा उपेक्षा गर्छ, त्यस्तो उदासीन व्यक्ति मेलमिलापका समयमा शत्रु जस्तै हुँदैन र ?

परस्परमनिष्टं न चिंतनीयं त्वया मया ।
सुसाहाय्यं हि कर्तव्यं शत्रौ साम प्रकीर्तितम् ॥३१॥

'तिमी पनि, म पनि परस्परमा खराब नचिताऔं र परस्परमा सहायता गरौं' भनेर जो व्यवहार गरिन्छ, त्यो शत्रुसँग सामनीतिको प्रयोग गरिएको हो ।

करैर्वा प्रमितैर्ग्रामैर्वत्सरे प्रबलं रिपुम् ।
तोषयेत्तद्धि दानं स्याद् यथायोग्येषु शत्रुषु ॥३२॥

प्रतिवर्ष कर दिनु अथवा तोकिएका २।४ गाउँ दिनु, यसो गरेर उस्तै बलिया शत्रुसँग मित्रता गर्ने तरीकालाई दाननीतिको प्रयोग हो भनिन्छ ।

शत्रुसाधकहीनत्वकरणात् प्रबलाश्रयात् ।
तद्धीनतो जीवनाच्च शत्रुभेदनमुच्यते ॥३३॥

शत्रुलाई साहाय्य हीन गराएर, बलिया पुरुषको आश्रय गरेर अथवा उसभन्दा कम्ती स्थितिमा रहेर बाँच्ने प्रक्रियालाई शत्रुका उपरको भेदनीतिको प्रयोग हो भनेर कहिएको छ ।

दस्युभिः पीडनं शत्रोः कर्षणं धनधान्यतः ।
तच्छिद्रदर्शनादुग्रबलैर्नीत्या प्रभीषणम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राप्तयुद्धानिवृत्तित्वैस्त्रासनं दण्ड उच्यते ॥३४॥

चोरीको प्रक्रियाबाट दुःख दिनु, धन-धान्यले जित्नु, शत्रुको छिद्र खोजेर हिंड्नु, ठूलो सैन्यको आड लिएर शत्रुलाई तर्साउनु र लडाइँ पर्दा डटेर सामना गर्नु, यति कुरा गर्नु शत्रुका उपर दण्डनीतिको प्रयोग गर्नु हो भनिएको छ ।

क्रियाभेदादुपाया हि भिन्द्यन्ते च यथार्हतः ॥३५॥

यस्तै अनेक प्रकारका क्रिया-भेदक उपायहरूबाट यथायोग्य शत्रुको भेदन हुन्छ ।

सर्वोपायैस्तथा कुर्यान्नीतिज्ञः पृथिवीपतिः ।
यथास्वाम्यधिका न स्युर्मित्रोदासीनशत्रवः ॥३६॥

जसो गर्नाले मित्र, उदासीन र शत्रुहरू आफूभन्दा माथि हुन सक्तैनन्, त्यही कुरा अनेक उपायबाट नीतिज्ञ राजाले गर्नुपर्छ ।

सामैव प्रथमं श्रेष्ठं दानं तु तदनन्तरम् ।
सर्वदा भेदनं शत्रोर्दण्डनं प्राणसंशये ॥३७॥

पहिले सामनीति त्यसपछि दान, त्यसपछि भेद र प्राणमै संकट आइपरेपछि मात्र दण्डनीति प्रयोग गर्नू ।

प्रबलेऽरौ सामदानौ सामभेदोऽधिके स्मृतौ ।
भेददण्डौ समे कार्यौ दण्डः पूज्यप्रहीनके ॥३८॥

ज्यादै बलिया शत्रुमा साम र दानको, आफूभन्दा केही मात्र बलिया शत्रुमा साम र भेद, आफू बराबरका शत्रुमा भेद र दण्ड र निम्नस्तरको शत्रुमा दण्डनीति प्रयोग गर्नुपर्छ ।

मित्रे च सामदानौस्तो न कदा भेददण्डने ।
रिपोः प्रजानां संभेदपीडनं स्वजनाय वै ॥३९॥

मित्रका निमित्त साम र दान नीति वेश छन्, दण्डनीति कहिल्यै पनि प्रयोग गर्न ठीक हुन्न । शत्रु र प्रजाहरूको दमन र भेद गर्नु आफ्नो विजयका लागि हुन्छ ।

रिपुप्रपीडितानां च साम्ना दानेन संग्रहः ।
गुणवतां च दुष्टानां हितं निर्वासनं सदा ॥४०॥

शत्रुले दुःख दिइएका गुणी व्यक्तिहरूलाई साम तथा दान नीतिबाट आफ्ना पक्षमा ल्याउनु र दुष्टहरूलाई राज्यबाट निकालिदिनाले राजाको हित हुन्छ ।

स्वप्रजानां न भेदेन नैव दण्डेन पालनम् ।
कुर्वीत सामदानाभ्यां सर्वदा यत्नमास्थितः ॥४१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजाले आफ्ना प्रजाहरूलाई भेद दण्ड नीतिले रक्षा गर्नु ठीक हुँदैन र प्रयत्नबाट आफ्ना सत्ताको रक्षा गर्दै साम र दाननीतिबाट प्रजाको पालन गर्नुपर्छ ।

स्वप्रजादण्डभेदैश्च भवेद्राज्यविनाशनम् ।
हीनाधिका यथा न स्युस्सदा रक्ष्यास्तथा प्रजाः ॥४२॥

राजाले आफ्ना प्रजाका उपर दण्ड र भेदनीति प्रयोग गर्नाले उसको राज्यनाश हुन्छ । अतः जसरी प्रजाहरू निर्धा र मत्त हुँदैनन् त्यही स्थितिको सिर्जना गरी रक्षा गर्नुपर्छ ।

निवृत्तिरसदाचाराद्दमनं दण्डतश्च तत् ।
येन संदम्यते जन्तुरुपायो दंड एव सः ॥४३॥

खराब आचरणबाट छुट्कारा पाउने उपाय दण्ड नै हो । जुन उपायबाट जनताको नियन्त्रण हुन्छ, दण्ड (नियम) भन्नु त्यही हो ।

स उपायो नृपाधीनस्य सर्वस्य प्रभुर्यतः ।
निर्भत्सनं चापमानोऽनशनं बन्धनं तथा ।
ताडनं द्रव्यहरणं पुरान्निर्वासनांकने ॥४४॥
व्यस्तक्षौरमसद्यानमंगच्छेदो वधस्तथा ।
युद्धमेते ह्युपायाश्च दण्डस्यैव प्रभेदकाः ॥४५॥

हप्काउनु, अपमानित गर्नु, खान नदिनु, बाँध्नु, पिट्नु, सर्वस्व हरण गर्नु, राज्यबाट निकालिदिनु, चिनो लगाएर छोड्नु, चारपाटे मुड्नु, गधा आदिमा चढाउनु, अङ्गभङ्ग गर्नु, मार्नु र लडाइँ गर्नु, यति दण्डनीतिका अङ्ग छन् र सबै प्रजाको स्वामी हुनाले अपराधअनुसार राजाले यति गर्ने हुन्छ ।

जायते धर्मनिरता प्रजा दण्डभयेन च ।
करोत्याधर्षणं नैव तथा चासत्यभाषणम् ॥४६॥
क्रूराश्च मार्दवं यान्ति दुष्टा दौष्ट्यं त्यजन्ति च ।
पशवोऽपि वशं यान्ति विद्रवन्ति च दस्यवः ॥४७॥
पिशुना मूकतां यान्ति भयं यान्त्याततायिनः ।
करदाश्च भवन्त्यन्ते वित्रासं यान्ति चापरे ॥४८॥
अतो दण्डधरो नित्यं स्यान्नृपो धर्मरक्षणे ॥४९॥

दण्ड सजायँका डरले नै प्रजाहरू धर्मात्मा हुन्छन्, दगा गर्दैनन्, झूठो बोल्दैनन्, क्रूरहरू पनि नरम हुन्छन्, दुष्टहरूले दुष्टयाइँ छोड्छन्, पशु पनि वशमा आउँछन्, चोरहरू भाग्दछन्, छुल्याहाहरू चूप लाग्छन्, आततायीहरू डराउँछन्, अरूहरू पनि राजस्व दिने हुन्छन्, सबै कुस्तुर हुन्छन्, यसै कारण धर्म रक्षाका निमित्त राजाले सधैं दण्डधारण (दण्डनीतिको अवलम्बन) गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुरोरप्यवलिप्तस्य कार्याकार्यमजानतः ।
उत्पथं प्रतिपन्नस्य कार्यं भवति शासनम् ॥५०॥

राजाले कुन काम हो, कुन नकाम हो, त्यस्तो विचार गर्न नसक्ने, कुमार्गमा चल्ने, यस्तो गुरु भए पनि शिक्षा गर्नैपर्छ ।

राज्ञां सदण्डनीत्या हि सर्वे सिध्यन्त्युपक्रमाः ।
दण्ड एव हि धर्माणां शरणं परमं स्मृतम् ॥५१॥

दण्डयुक्त नीतिले गर्दा राजाले आँटे-ताकेका सबैकाम पूर्ण हुन्छन् । अतः धर्महरूको परम आश्रय दण्डनीति नै अन्तिम स्थान मानिएको छ ।

अहिंसैवा साधुहिंसा पशुवच्छ्रुतिचोदनात् ।
दण्डस्यादण्डनान्नित्यमदण्डस्य च दण्डनात् ।
अतिदण्डाच्च गुणिभिस्त्यज्यते पातकी भवेत् ॥५२॥

दुर्जनलाई हिंसा (दण्ड) गर्ने काम त वेदको आज्ञानुसार पशुहिंसा गर्दा हिंसा नगरेजस्तै हुन्छ । दण्ड नदिनुपर्नेलाई दण्ड दिने र दण्ड दिनुपर्नेलाई दण्ड नदिने अथवा ज्यादै दण्ड दिनाले पनि गुणीहरू त्यस्तो राजालाई छोडिदिन्छन् र त्यस्तो राजा पातकी पनि हुन्छ ।

अल्पदानान्महत्पुण्यं दण्डप्रणयनात्फलम् ।
शास्त्रेषूक्तं मुनिवरैः प्रवृत्यर्थं भयाय च ॥५३॥

थोरै दान गर्नाले पनि जस्तो धेरै पुण्य मिल्दछ, त्यस्तै दण्ड दिनु पर्नेलाई सामान्य दण्ड दिंदा पनि राजालाई ठूलो पुण्य प्राप्ति हुन्छ । अतः प्रवृत्ति (जीविका) र डरका लागि मुनिहरूले शास्त्रमा दण्डको फल बताएका छन् ।

अश्वमेधादिभिः पुण्यं तत्किं स्यात्स्तोत्रपाठतः ।
क्षमया यत्तु पुण्यं स्यात् तत् किं दण्डनिपातनात् ॥५४॥

यस्तो हो तापनि अश्वमेध आदि यज्ञ गरेको फल केवल स्तोत्रपाठ गर्दा जस्तो हुँदैन, त्यस्तै क्षमाबाट जो पुण्य पाइन्छ, त्यो केवल दण्ड दिनाले मात्र पाइन्छ र ? पाइन्न ।

तद्दंडाज्जायते कीर्तिधनपुण्यविनाशनम् ॥५५॥
नृपस्य धर्मपूर्णत्वाद्दंडः कृतयुगे नहि ।
त्रेतायुगे पूर्णदण्डः पादाधर्माः प्रजा यतः ॥५६॥

केवल दण्डनीतिको मात्र आश्रय गर्नाले कीर्ति, धन र पुण्य नाश हुन्छ । राजा पूर्ण धर्ममा रहने हुनाले सत्ययुगमा दण्डनीतिको प्रयोग गर्नुपर्दैनथ्यो ।

त्रेतायुगमा प्रजाहरू चौथाइ पापमा प्रवेश भएकाले दण्डनीतिको प्रयोग प्रशस्त हुन गयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वापरे चार्धधर्मत्वात् त्रिपाद्दण्डो विधीयते ।
प्रजानिःस्वा राजदौष्ट्याद्दण्डार्धं तु कलौ यथा ।।५७।।

द्वापर युगमा धर्म आधा मात्र बाँकी रहेकोले दण्ड तीन गुना गर्नुपर्‍यो। कलियुगमा प्रजाहरू निर्धनी र राजाहरू दुष्ट हुनाले आधा मात्र दण्ड गर्नू भनिएको छ ।

युगप्रवर्तको राजा धर्माधर्मप्रशिक्षणात् ।
युगानां न प्रजानां न दोषः किन्तु नृपस्य हि ।।५८।।

राम्रो अथवा नराम्रो युग ल्याउने कारण राजाबाटै हुन्छ, किनभने धर्म र अधर्मको उपदेश राजाबाटै हुन्छ । अतः यसमा युगको र प्रजाको केही दोष छैन। यसमा राजा नै दोषी हुन्छ ।

प्रसन्नो येन नृपतिस्तदाचरति वै जनः ।
लोभाद् भयाच्च किं तेन शिक्षितं नाचरेत् कथम् ।।५९।।

राजा जसो गर्नाले खुशी हुन्छन्, जनता त्यसै गर्छ । अतः लोभले र डरले गर्दा जनता उसको उपदेश किन लिंदैनथ्यो, अवश्य पनि लिन्छ ।

सुपुण्यो यत्र नृपतिर्धर्मिष्ठास्तत्र वै प्रजाः ।
महापापी यत्र राजा तत्राधर्मपरो जनः ।।६०।।

जहाँ राजा धर्मात्मा हुन्छन्, त्यहाँ प्रजाहरू पनि धर्मात्मा हुन्छन् र जहाँ राजा पापिष्ठ हुन्छ, त्यहाँ प्रजा पनि पापी हुन्छन् ।

न कालवर्षी पर्जन्यस्तत्र भूर्न महाफला ।
जायते राष्ट्रह्रासश्च शत्रुवृद्धिर्धनक्षयः ।।६१।।

त्यस्तो पापी राजा भएको राष्ट्रमा पानी पर्दैन । पानी नपरेपछि धनधान्यवृद्धि हुँदैन । अनि राष्ट्रको पतन, शत्रुहरूको वृद्धि र धनको नाश हुन्छ ।

सुराप्यपि वरो राजा न स्त्रैणो नातिकोपवान् ।।६२।।
लोकांश्चण्डस्तापयति स्त्रैणो वर्णान् विलुम्पति ।
मद्यप्येकश्च भ्रष्टः स्याद् बुद्ध्या च व्यवहारतः ।।६३।।

बरु अरख पिउने राजा असल मानिन्छ, तर ज्यादा स्वांस्नीमानिस चाहिने र क्रोधी राजा निन्दित छ; किनभने धेरै स्वास्नीको इच्छा गर्ने राजाले जात बिगार्छ । ज्यादा रिसाहाले लोकलाई पीडा गर्छ, ज्यादा मदिरा सेवन गर्ने राजा बुद्धि र व्यवहारबाट पनि च्युत हुन्छ ।

कामक्रोधौ मद्यतमौ सर्वमद्याधिकौ यतः ।
धनप्राणहरो राजा प्रजायाश्चातिलोभतः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्मादेतत्त्रयं त्यक्त्वा दण्डधारी भवेन्नृपः ॥६४॥

मत्याउने कुरामध्ये काम र क्रोध ज्यादै ठूला मानिएका छन् । राजा ज्यादा लोभी भयो भने प्रजाको धन र प्राण हर्न पनि वेर मान्दैन । अतः राजाले काम क्रोध र लोभलाई छोडेर सदा दण्डधारी (राम्रो शासन गर्ने) हुनुपर्छ ।

अन्तर्मृदुर्बहिःक्रूरो भूत्वा स्वां दण्डयेत् प्रजाम् ।
अत्युग्रदण्डकल्पः स्यात् स्वभावाहितकारिणः ॥६५॥

राजाले भित्र मनमा दया र वाहिर हेर्दा डरलाग्दो देखिने बनेर आफ्ना प्रजालाई सजाय गर्नुपर्दछ र स्वभाववाटै जो उग्रकर्म (खराव काम गर्ने) छन्, तिनीहरूलाई वडा सजाय दिनुपर्छ ।

राष्ट्रं कर्णेजपैर्नित्यं हन्यते च स्वभावतः ।
अतो नृपस्सूचितोऽपि विमृशेत् कार्यमादरात् ॥६६॥

कुरौटेहरू आफ्ना दुष्ट स्वभावले गर्दा राष्ट्रलाई क्षति पुऱ्याउँछन् । अतः राजाले कसैले खासखुस गरे पनि आफ्नो काम विचार पुऱ्याएर मात्र गर्नुपर्दछ ।

आत्मनश्च प्रजायाश्च दोषदर्श्युत्तमो नृपः ।
विनियच्छति चात्मानमादौ भृत्यांस्ततः प्रजा ॥६७॥

जुन राजाले आफ्नो तथा प्रजाको पनि दोष यथार्थ देख्तछ, त्यो राजा उत्तम राजा हो । त्यस्तो असल राजाले पहिले आफैलाई, त्यसपछि आफ्ना सेवकलाई र त्यसपछि प्रजालाई नियन्त्रण गर्न सक्तछ ।

कायिको वाचिको मानसिकः सांसर्गिकस्तथा ।
चतुर्विधोऽपराधस्स बुद्ध्यबुद्धिकृतो द्विधा ॥६८॥

शरीरवाट हुने, वचनवाट हुने, मनवाट हुने र संसर्गवाट हुने अपराध ४ किसिमबाट हुन्छ ।त्यो पनि बुद्धि (जानेर गरिने) र अबुद्धि (नजानेर गरिने) गरी दुई प्रकारको हुन्छ ।

पुनर्द्विधा कारितश्च तथा ज्ञेयोऽनुमोदितः ।
सकृदसकृदभ्यस्तस्वभावैस्स चतुर्विधः ॥६९॥

त्यही अपराध अरूवाट गराउनु र आफूले सम्मति दिनु समेतको अपराध फेरि दुई किसिमको हुन्छ । फेरि त्यो अपराध पनि एक पटक गर्नु, वारंवार गर्नु, र अभ्यासबाट गर्नु स्वभावैवाट गर्नु गरी ४ प्रकारमा विभाजित छ ।

नेत्रवक्त्रविकाराद्यैर्भावैर्मानसिकं तथा ।
क्रियया कायिकं वीक्ष्य वाचिकं क्रूरशब्दतः ॥७०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सांसर्गिकं साहचर्यैर्ज्ञात्वा गौरवलाघवम् ।
उत्पन्नोत्पत्स्यमानानां कार्याणां दण्डमावहेत् ॥७१॥

मनमा उब्जेर आँखा मुख आदिबाट विकृत भै प्रकट हुने अपराध मानसिक अपराध हो । शरीरबाट हुने कायिक र कठोर बोलीबाट हुने अपराध वाचिक (वचनबाट हुने) हो र संपर्कबाट हुने अपराध सांसर्गिक हो । यसरी उत्पन्न भएका र उत्पन्न हुने अपराधको दण्ड दिंदा ठूलालाई ठूलै र सानालाई सानै सजाय दिनुपर्दछ ।

प्रथमं साहसं कुर्वन्नुत्तमो दण्ड मर्हति ॥७२॥
न्याय्यं किमिति संपृच्छेत् तवैवेयमसत्कृतिः ।
उपहासं यथोक्तं च द्विगुणं त्रिगुणं ततः ॥७३॥

ठूलो पुरुष जानी जानी अपराध गर्छ भने त्यसलाई ठूलै सजाय दिनुपर्दछ । सजाय दिदा कसो गर्दा न्याय पर्छ भनी (जान्नेसँग) सोध्नू अथवा त्यै अपराध गर्नेलाई तेरो अपराध यो हो भनी भन्दिनू र अरू दुई-तीन पटक फेरि तैंले यो यो अपराध गरिस् भनी उपहास-पूर्वक भन्नुपर्छ ।

मध्यमं साहसं कुर्वन्नुत्तमो दण्डमर्हति ।
धिग्दण्डं प्रथमं चाद्य साहसं तदनन्तरम् ॥
यथोक्तं तु तथा सम्यग्यथावृद्धि ह्यनंतरम् ॥७४॥

विशिष्ट व्यक्तिले मझ्यौला अपराध गरेमा विशेष (उत्तम) दण्ड दिनुपर्छ। त्यस्तालाई पहिले 'तँलाई धिक्कार छ' भन्ने धिक्दण्ड दिनू र त्यसपछि अपराध गर्दै रहे अपराध-माफिक सजाय पनि बढाउँदै लैजानुपर्दछ ।

उत्तमं साहसं कुर्वन्नुत्तमो दण्डमर्हति ।
प्रथमं साहसं चादौ मध्यमं तदनन्तरम् ॥७५॥
यथोक्तं द्विगुणं पश्चादवरोधं ततः परम् ।

उत्तम पुरुषले उत्तम (विशिष्ट) प्रकारको अपराध गरे त्यसलाई उत्तम (विशिष्ट) दण्ड दिनुपर्दछ । पहिले अपराध हेरी सानू र त्यसपछि मझ्यौला अथवा त्यसपछि दोब्बर सजाय दिनुपर्छ । जब यति सजाय दिने क्रम नाघिने अपराध हुन्छ अनि कैदै गर्नुपर्छ ।

बुद्धिपूर्वनृघातेन विनैतद्दण्डकल्पनम् ॥७६॥
उत्तमत्वं मध्यमत्वं नीचत्वं चात्र कीर्त्यते ॥
गुणेनैव तु मुख्यं हि कुलेनापि धनेन च ॥७७॥

जसले जानी जानी मानिसलाई मार्छ, यहाँ भनिएका उत्तम, मध्यम, निम्न प्रकारका अपराध के हुन् भनी विचार गर्न नलागी तुरुन्तै सजाय दिइहाल्नुपर्दछ । विशेषता भन्ने कुरा कि गुणबाट हुन्छ कि त कुलबाट हुन्छ र धनबाट पनि विशेषता हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रथमं साहसं कुर्वन् मध्यमो दण्डमर्हति ॥७८॥
धिग्दण्डमर्धदण्डं च पूर्णदण्डमनुक्रमात् ॥
द्विगुणं त्रिगुणं पश्चात् संरोधं नीचकर्म च ॥७९॥

उत्तम पुरुषले मध्यम अपराध गरे पनि सजायभागी हुन्छ । त्यस्तालाई धिक्कार रूपी दण्ड, पूर्ण दण्ड (पूरा सजाय) अथवा आधा सजाय, दोब्बर, तेब्बर दण्ड हुन्छ । त्यति गरी त्यसपछि कैद अथवा तुच्छ काम गर्न लगाउनुपर्छ ।

मध्यमं साहसं कुर्वन् मध्यमो दण्डमर्हति ।
पूर्वसाहसमादौ तु यथोक्तं द्विगुणं ततः ।
ताडनं बन्धनं पश्चात् पुरान्निर्वासनाङ्कने ॥८०॥

मध्यम स्तरका मानिसले मध्यम प्रकारको अपराध गरेमा त्यो पनि दण्डनीय हुन्छ र त्यसलाई आधा दण्ड अथवा शास्त्रअनुसार दोब्बर-तेब्बर दण्ड हुन्छ र अनि वल्ल पछि कैद गर्नू । अपराध गर्न लागेको तर गर्न नपाएको भए शास्त्रानुसार पाउने सजायमा दोब्बर सजाय गर्नू । अनिपछि अपराधअनुसार शहरबाट निकालिदिनू अथवा चिनु लगाएर छोडिदिनू ।

उत्तमं साहसं कुर्वन् मध्यमो दण्डमर्हति ॥८१॥
मध्यमं साहसं चादौ यथोक्तं तदनन्तरम् ।
द्विगुणं त्रिगुणं पश्चाद्यावज्जीवं तु बन्धनम् ॥८२॥

मध्यम खालका मानिसले उत्तम (विशिष्ट प्रकारको) अपराध गरेमा त्यो पनि दण्डनीय हुन्छ र त्यस्तालाई पहिले अपराधअनुसार र पछि शास्त्रमा बताएअनुसार दण्ड गर्नुपर्छ । यसबाट सजाय नपुगे दोब्बर, तेब्बर र त्यसपछि जनमभर कैद गर्नुपर्छ ।

प्रथमं साहसं कुर्वन्नधमो दण्डमर्हति ।
अर्धं यथोक्तं द्विगुणं त्रिगुणं बन्धनं ततः ॥८३॥

प्रथम साहस गर्ने अधमले पहिले तोकिएकोको आधा अनि तोकेअनुसार त्यसपछि दोबर त्यहाँपछि तेबर र त्यसपछि चाहिं कैद नै दण्ड दिनुपर्छ ।

मध्यमं साहसं कुर्वन्नधमो दण्डमर्हति ।
पूर्वसाहसमादौ तु यथोक्तं द्विगुणं ततः ॥८४॥
ततः संरोधनं नित्यं मार्गसंस्करणार्थकम् ।

मझौला अपराध गर्ने अधमले पहिले प्रथम साहसमा तोकिएको दण्ड, त्यसपछि मध्यम साहसमा तोकेअनुसार र त्यहाँपछि गऱ्यो भने दोबर दण्ड पाउनुपर्छ । त्यसपछि पनि गरे यस्तो काम नहोस् भनी त्यो बाटो रोक्न त्यसलाई कैदमा राख्नुपर्छ ।

उत्तमं साहसं कुर्वन्नधमो दण्डमर्हति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मध्यमं साहसं चादौ यथोक्तं द्विगुणं ततः ।
यावज्जीवं बन्धनं च नीचकर्मैव केवलम् ।।८६।।

उत्तम साहस गर्ने अधमले पहिले मध्यम साहस गर्नेले पाउने दण्ड दिनू, त्यसपछि उत्तम साहसलाई दिने भनी तोकिएको दण्ड दिनू, त्यहाँबाट दोब्बर दण्ड दिनू । बाँचुन्जेल कैद र खालि नीच कर्म मात्रमा लगाउनू ।

हरेत् पादं धनात् तस्य यः कुर्याद् धनगर्वतः ।
पूर्वं ततोऽर्धमखिलं यावज्जीवं तु बन्धनम् ।।८७।।

धनका बलले कसैले पाप गरेमा त्यसलाई पहिले त्यसका धनको १ चौथाइ धन लिनू । त्यसपछि आधा र त्यसपछि जम्मै धन लिई जन्मभर कैद पनि गर्नू ।

सहायगौरवाद्विद्यामदाच्च बलदर्पतः ।
पापं करोति यस्तं तु बन्धयेत् ताडयेत् सदा ।।८८।।

जुन मानिसले कसैको मद्दत लिएर, घमण्डले र बलबाट पापकर्म गर्छ, त्यस्तालाई पहिले बाँध्नु अनि कुट्नुपर्दछ ।

भार्या पुत्रश्च भगिनी शिष्यो दासस्नुषानुजः ।
कृतापराधास्ताड्यास्ते स्तनुरज्जुसुवेणुभिः ।।८९।।

पत्नी, छोरा, वहिनी, चेला, सेवक, बुहारी, भाइ यिनीहरूले अपराध गरे भने मसीना डोरीले बाँध्नू अथवा बाँसको मसिनो सिम्किनाले पिट्नुपर्दछ ।

पृष्ठतस्तु शरीरस्य नोत्तमाङ्गे कथंचन ।
अतोऽन्यथा तु प्रहरेच्चोरवद्दण्डमर्हति ।।९०।।

अपराधीलाई कुट्नुपर्दा पिठ्यूँमा कुट्नुपर्छ टाउकामा कुट्नु हुँदैन । यस्तो नगरी जसले टाउकामा कुट्तछ, त्यस्तो व्यक्तिलाई चोरलाई गर्ने सजाय गर्नू ।

नीचकर्मकरं कुर्याद् बन्धयित्वा तु पापिनम् ।
माससमात्रं त्रिमासं वा षण्मासं वापि वत्सरम् ।
यावज्जीवं तु वा कश्चिन्न कश्चिद्वधमर्हति ।।९१।।

पाप गर्ने मनुष्यलाई सजाय गर्दा एक महीना, तीन महीना, छ महीना अथवा वर्षदिनभरि उसको स्तर हेरी त्यसभन्दा तल्लो किसिमको काम गर्न लगाउनू अथवा जन्मभर कैद गर्नू, तर मारिहाल्न हुँदैन ।

न निहन्याच्च भूतानि त्विति जागर्ति वै श्रुतिः ।।९२।।
तस्मात्सर्वप्रयत्नेन बधदण्डं त्यजेन्नृपः ।
अवरोधाद्बन्धनेन ताडनेन च कर्षयेत् ।।९३।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुनै पनि जीवधारीलाई मार्नु हुन्न भन्ने श्रुतिको भनाइ छ। त्यस कारण राजाले सहसा मार्ने सजाय नगर्नु बरु देशनिकाला गर्नु, कैद गर्नू र पिटेर पनि नियन्त्रण गर्नु।

लोभान्नकर्षयेद्राजा धनदण्डेन वै प्रजाम्।
नासहायास्तु पित्राद्या दण्ड्यास्युरपराधिनः ॥९४॥

राजाले लोभी बनेर धन तिर्ने सजाय राखेर प्रजालाई कष्ट दिनु हुँदैन र अपराध गरिहाले पनि आफ्ना बाबु आदि सम्बन्धितहरू असहाय छन् भने त्यस्तालाई पनि सजाय गर्नु हुँदैन।

क्षमाशीलस्य वै राज्ञो दण्डग्रहणमीदृशम्।
नापराधं तु क्षमते प्रदण्डो धनहारकः।
नृपो यदा तदालोकः क्षुभ्यते भिद्यते परैः ॥९५॥

माथि बताएअनुसारको दण्ड सजाय क्षमाशील राजाका निमित्त मात्र हो। सामान्य अपराध पनि क्षमा नगर्ने, क्रोधी, धन मात्र जम्मा गर्ने राजा भयो भने त जनता सन्त्रासमा पर्दछ र त्यस्तो राजा शत्रुबाट पनि आक्रमण गरिन्छ।

अतस्सुभागदण्डी स्यात् क्षमावान् रञ्जको नृपः।
मद्यपः कितवस्तेनो जारश्चण्डश्च हिंसकः ॥९३॥
त्यक्तवर्णाश्रमाचारो नास्तिकश्शठ एव हि ॥९७॥

यसै कारण राजाले विचारपूर्वक सजाय दिने, क्षमायुक्त र प्रजालाई खुशी राख्न सक्ने हुनुपर्छ। ज्यादा मदिरा पिउने, धूर्त, चोर, जार, क्रोधी, हिंसा गर्ने, वर्णाश्रमाचार छोडेका यी नास्तिक र मूर्ख हुन् (यस्तालाई राज्यबाट निकालिदिनुपर्छ)।

मिथ्याभिशापकः कर्णेजपार्यदेवदूषकौ।
असत्यवाङ्न्यासहारी तथा वृत्तिविघातकः ॥९८॥
अन्योदयासहिष्णुश्च ह्युत्कोचग्रहणे रतः।
अकार्यकर्ता मन्त्राणां कार्याणां भेदकस्तथा ॥९९॥
अनिष्टवाक् परुषवाग्जलाराम प्रबाधकः।
नक्षत्रसूची राजद्विट् कुमन्त्री कूटकार्यवित् ॥१००॥
कुवैद्यामंगलाशौचशीला मार्गनिरोधकाः।
कुसाक्ष्युद्धतवेषश्च स्वामिद्रोही व्ययाधिकः ॥१०१॥
अग्निदो गरदो वेश्यासक्तः प्रबलदण्डकृत्।
तथा पाक्षिकसभ्यश्च बलाल्लिखितग्राहकः ॥१०२॥
अन्यायकारी कलहश्शीलो युद्धे पराङ्मुखः।
साक्ष्यलोपी पितृमातृ सतीस्त्रीमित्रद्रोहकः ॥१०३॥
असूयकश्शत्रुसेवी मर्मभेदी च वंचकः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वकीयद्विट् गुप्तवृत्तिर्वृषलो ग्रामकण्टकः ॥१४॥

विनाकारण दुःख दिने, घुसघुसे, आर्यधर्म र देवतालाई निन्दा गर्ने, झूटो बोल्ने, नासो खाइदिने, जीवनवृत्ति बिगारिदिने, अर्काको भलो भएको देख्न नसक्ने घूस खाने, खराब काम गर्ने, मन्त्र र काम सबैलाई भन्दै हिंड्ने, अनिष्ट र कठोर वचन बोल्ने, कूवा, बघैंचालाई बिगार्ने, ज्योतिषशास्त्र जता पायो उतै भन्ने, राजासित वैरभाव गर्ने, खराब सल्लाह दिने, कूट काम गर्ने, कुवैद्य, अलच्छिनी, सदा अशुद्ध रहने (फोहोरी), बाटो रोक्ने, झूटो साछी बक्ने, भडकिलो लुगा लगाउने, मालिकको निन्दा गर्ने, ज्यादा खर्चालु, आगो लगाउने, विष दिने, वेश्यासँग पल्केको, कडा सजाय गर्ने, समाजमा बसेर पक्षपात गर्ने, जबर्जस्ती कागज गराइलिने, अन्याय गर्ने, झगडा गर्ने, लडाइँमा भाग्ने, साछीले भनेको नमान्ने, आमा बाबु, सती, स्त्री र मित्रको निन्दा गर्ने, शत्रुको पक्ष लिने, अर्काको मर्म खोलिदिने, ठग, आफ्नो मानिसको द्रोह गर्ने, गुप्त जीविका गर्ने, वृषल (ब्राह्मणत्वबाट पतन भएको शूद्र) र गाउँका मानिसलाई पिर्ने, यी सबै अपराधी हुन् र राजाले यी सबैलाई राज्यबाट हटाउनुपर्छ। (यिनीहरू र फेरि)

विनाकुटुंबभरणात्तपो विद्यार्थिनां सदा ।
तृणकाष्ठादिहरणे शक्तस्सन् भैक्ष्यभोजकः ॥१०५॥
कन्याया अपि विक्रेता कुटुंबवृत्तिहासकः ।
अधर्मसूचकश्चापि राजानिष्टमुपेक्षकः ॥१०६॥
कुलटा पतिपुत्रघ्नी स्वतन्त्रा वृद्धनिन्दिता ।
गृहकृत्योज्झिता नित्यं दुष्टाचाराप्रियस्नुषा ।
स्वभावदुष्टानेतान् हि ज्ञात्वा राष्ट्राद्विवासयेत् ॥१०७॥

आफ्ना जहानहरू नपाली तपस्या गर्न खोज्ने र विद्याध्ययन गर्न खोज्ने, घाँस र काठको काम गर्न सक्ने भएर पनि मागेर खाने, छोरी बेच्ने, कुटुम्बको वृत्ति छुटाइदिने, अधर्मको प्रचार गर्ने, राजाको अनिष्ट आइपरेमा वास्ता नगर्ने यस्ता पुरुषहरू र वेश्या, लोग्ने र छोरालाई मार्ने, मनपरि हिंड्ने, बूढाहरूले दोष लगाएर निन्दित भएकी, आफ्ना घरको व्यवहारको वास्ता नगर्ने, सदा खराब आचरण भएकी, दुष्ट स्वभावकी छोरी बुहारी, यस्ता स्त्रीजातिहरू पनि स्वभावैले दुष्ट हुन् भनिन्छन् र यस्तालाई राजाले राज्यबाट निकालिदिनुपर्दछ।

द्वीपे निवासितव्यास्ते बध्वा दुर्गोदरेऽथवा ।
मार्गसंस्करणे योज्या कदन्नन्यूनभोजनाः ॥१०८॥
तत्तज्जात्युक्त कर्माणि कारयीत च तैर्नृपः ॥१०९॥

अथवा उपर्युक्त यस्ता स्वभावदुष्ट व्यक्तिहरूलाई कुनै द्वीपमा लगेर थुनेर अथवा बाँधेर राखिदिनू। अथवा बाटो सफा गर्न लगाउनू, त्यस्तालाई सामान्य खाना दिनू, थोरै खान दिनू, अथवा उनीहरूका जातले गरी आएको काम गराउनुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवंविधानसाधूंश्च संसर्गेण च दूषितान् ।
दण्डयित्वा च सन्मार्गे शिक्षयेत्तान्नृपस्सदा ।।११०।।

राजाले यस्ता प्रकारका ती बदमाशहरूलाई र तिनीहरूका संगगले बिग्रेका अरूहरूलाई पनि दण्ड दिएर सदा असल मार्गमा लगाउनुपर्छ ।

राज्ञो राष्ट्रस्य विकृतिं तथा मन्त्रिगणस्य च ।
इच्छन्ति शत्रुसंवधाद्ये तान् हन्याद्धि द्राङ् नृपः ।।१११।।

जसले राजाको, राष्ट्रको र मन्त्रिगणहरूको खराब चिताउँछन् वा यिनीहरूसँग वैरत्वगर्न खोज्छन्, त्यस्तालाई राजाले तुरुन्तै सजाय दिनू ।

नेच्छेच्च युगपद्धासं गणदौष्ट्ये गणस्य च ।
एकैकं घातयेद्राजा वत्सोऽस्नाति यथास्तनम् ।।११२।।

यदि कुनै समुदाय मिलेर दुष्टता (राजाको कुभलो) गर्न लागे भने तिनीहरूलाई बाच्छो जस्तो चार थूनलाई क्रमशः खान्छ, त्यसै गरी त्यो समुदायबाट एक एक गरी त्यस समुदायलाई नाश गर्नुपर्छ ।

अधर्मशीलो नृपतिर्यदा तं भीषयेज्जनः ।
धर्मशीलातिबलवद्रिपोराश्रयतस्सदा ।।११३।।

यदि राजा पापी भएर प्रजालाई ज्यादै भय र त्रासमा पार्न लाग्यो भने बलियो र धर्मात्मा उसका शत्रुको आश्रय गर्नुपर्छ ।

यावत्तु धर्मशीलस्स्यात् स नृपस्तावदेव हि ।
अन्यथा नश्यते लोको द्राङ्नृपोऽपि विनश्यति ।।११४।।

जहाँसम्म राजा धर्ममा अड्दछ, त्यहाँसम्म मात्र त्यो राजा भन्न सुहाउँछ अन्यथा पापी भएमा पहिले प्रजा बिग्रन्छ अनि चाँडै नै राजा पनि नाश हुन्छ ।

मातरं पितरं भार्यां यः संत्यज्य विवर्तते ।
निगडैर्बन्धयित्वा तं योजयेन्मार्गसंस्कृतौ ।।११५।।

जसले आमा, बाबु र स्वास्नीलाई त्यसै विनाअपराध त्यागेर बस्तछ, त्यस्ता मानिसलाई पहिले नेल हालेर राख्नू अनि त्यसलाई बाटो सफा गर्ने काममा लगाउनू ।

तद्भृत्यर्धं तु संदद्यात् तेभ्यो राजा प्रयत्नतः ।
विंद्यात्पणसहस्रं तु दण्ड उत्तमसाहसः ।।११६।।

यस्तो व्यक्तिको आमदानीको आधा भाग राजाले त्यस्ता व्यक्तिका आमा-बाबु र स्वास्नीलाई दिनुपर्दछ । उत्तम (विशिष्ट प्रकारको) अपराध गर्नेलाई हजार पण दण्ड गर्नू भनी जान्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशमाषमितं ताम्रं तत् पणो राजमुद्रितम् ।
वराटिसार्धशतकमूल्यः कार्षापणश्च सः ॥११७॥

राजाको छाप लागेको दश मासा (१ तोला) तामा (धातु) को टुक्रा एक पण हुन्छ। एक सय पचास कौडीको जो दाम छ, त्यसलाई कार्षापण भनिन्छ।

तदर्धश्च तदर्धश्च मध्यमः प्रथमः क्रमात् ।
प्रथमे साहसे दण्डः प्रथमश्च क्रमात् परौ ।
मध्यमे मध्यमो धार्यश्चोत्तमे तूत्तमो नृपैः ॥११८॥
सोपायाः कथिता मिश्रे मित्रोदासीनशत्रवः ॥११९॥

यस प्रकार एक हजार पण लिइने दण्ड (सजाय) प्रथम, त्यसको आधा पाँच सय पण लिइने मध्यम र दुई सय पचास पण लिइने दण्ड अधम भनिन्छ। यसै गरी प्रथम साहस (सबभन्दा ठूलो अपराध) मध्यम साहस र अधम साहस हेरेर दण्ड पनि त्यस्तै उत्तम मध्यम अधम तीन प्रकारको हुन्छ। राजाले सजाय गर्दा जुन प्रकारको अपराध छ, त्यहीअनुसार पहिलो, दोस्रो र तेस्रो प्रकारको दण्ड दिनुपर्दछ। यसरी यो मिश्र प्रकरणमा शत्रु, मित्र र उदासीन (तटस्थ) का कुरा र उनीहरूका उपाय भनिए।

इति चतुर्थ अध्याय प्रथम प्रकरण समाप्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ

चौथो अध्याय

दोस्रो प्रकरण

अथ कोशप्रकरणं ब्रुवे मिश्रे द्वितीयकम् ।
एकार्थस्समुदायो यः सकोशः स्यात् पृथक् पृथक् ॥१॥

अव मिश्रप्रकरणमा दोस्रो कोशप्रकरण भनिन्छ । एकै प्रकारका धनको समुदायलाई कोश (ढुकुटी भनिन्छ) । त्यो बेग्लाबेग्लै प्रकारको हुन्छ ।

येनकेन प्रकारेण धनं संचिनुयान्नृपः ।
तेत संरक्षयेद्राष्ट्रं बलं यज्ञादिकाः क्रियाः ॥२॥

राजाले जसरी-तसरी धन जम्मा गर्नुपर्छ, गरोस् । त्यसरी जम्मा गरेको धनवाट आफ्नो राष्ट्र, सेना र यज्ञ आदिको रक्षा गरोस् ।

बलं प्रजारक्षणार्थं यज्ञार्थं कोशसंग्रहः ।
परत्रेह च सुखदो नृपस्यान्यश्च दुःखदः ॥३॥

फौज, जनताको रक्षा र यज्ञयागादिका निमित्त नै ढुकुटी (धन) को संग्रह गर्नुपर्छ, यस्तो धन-संग्रह परलोक र यस लोकमा सुख दिने हुन्छ । केवल यसै लोक र केवल परलोकका लागि जम्मा गरिएको धन भने दुःखदायी हुन्छ ।

स्त्रीपुत्रार्थं कृतो यश्च स्वोपभोगाय केवलम् ।
नरकायैव स ज्ञेयो न परत्र सुखप्रदः ॥४॥

जुन सम्पत्ति केवल स्वास्नी र छोराछोरीका लागि खर्च हुन्छ । त्यो केवल आफ्नो भोगका निमित्त मात्रको हो । त्यसले परलोकलाई काम दिंदैन र त्यो संपत्ति नरकका निमित्त मात्र हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्यायेनार्जितो यस्माद्यो न तत्पापभाक् च सः ।
सुपात्रतो गृहीतं यद्दत्तं वा वर्धते च तत् ॥५॥

अन्यायबाट संपत्ति कमाउनाले त्यस्तो धनको अधिकारी व्यक्ति पापको भागी हुन्छ र जुन संपत्ति सुपात्रबाट कमाइन्छ अथवा सुपात्रमा दिइन्छ, त्यसको सदा वृद्धि हुन्छ ।

स्वागमी सद्व्ययी पात्रमपात्रं विपरीतकम् ।
अपात्रस्य हरेत् सर्वं धनं राजा न दोषभाक् ॥६॥

जुन मानिस असल मार्गद्वारा संपत्ति कमाएर असलै काममा खर्च गर्दछ, पात्र भनेको त्यही हो । यस्ता व्यक्तिभन्दा अतिरिक्त अरू अपात्रहरूको संपत्ति हरण गरे पनि राजा पापको भागी हुँदैन ।

अधर्मशीलनृपतेः सर्वतः संहरेद्धनम् ।
छलाद्बलाद्दस्युवृत्त्या परराष्ट्राद्धरेत्तथा ॥७॥

पापी राजाको संपत्ति छलले, बलले तथा चोरेर भए पनि हरण गर्नैपर्छ । त्यस्तै अर्काको राष्ट्रबाट पनि संपत्ति ल्याउनैपर्छ ।

त्यक्त्वा नीतिबलं स्वीयमजापीडनतो धनम् ।
सञ्चितं येन तत्तस्य स्वराज्यं शत्रुसाद्भवेत् ॥८॥

राजाले लिनुपर्ने नीतिको बल (तरीका) लाई छोडेर जुन राजाले आफ्नै प्रजा-लाई दुःख दिएर धन ग्रहण गर्छ, त्यस्तो त्यो राजाको राज्य शत्रुका हातमा पर्दछ ।

दण्डभूभागशुल्कानामाधिक्यात् कोशवर्धनम् ।
अनापदि न कुर्वीत तीर्थदेवकरग्रहात् ॥९॥

राजाले आपत्ति नपरीकन तीर्थ र देवस्थलबाट कर उठाउनु हुँदैन । जरीवाना, जमीनको तिरो आदिबाट नै कोश (ढुकुटी) बढाउनुपर्दछ ।

यदा शत्रुविनाशार्थं बलसंरक्षणोद्यतः ।
विशिष्टदण्डशुल्कादिधनं लोकात्तदाहरेत् ॥१०॥

राजाले जब शत्रुलाई परास्त गर्न फौज जम्मा गर्नुपर्ने अवस्था हुन्छ, त्यो समयमा जनताबाट विशेष जरीवाना तथा कर लगाएर धन जम्मा गर्नुपर्छ ।

धनिकेभ्यो भृतिं दत्वा स्वापत्तौ तद्धनं हरेत् ।
राजा स्वापत्समुत्तीर्णस्तत् स्वं दद्यात् सवृद्धिकम् ॥११॥

राजाले आफूलाई आपत्ति परेका बेलामा धनीहरूबाट ब्याजशान्ति धन लिइ-छोड्नुपर्छ र जब आपत्ति हट्तछ, अनि ब्याजसहित उनीहरूको धन दिनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रजान्यथा हीयते च राज्यं कोशो नृपस्तथा ।
हीनाप्रबलदण्डेन सुरथाद्या यथा नृपः ॥१२॥

यसो नगर्ने हो भने प्रजा, राज्य, ढुकुटी र राजा पनि क्षीण हुन्छन् । किनभने कडा सजायको व्यवस्था नगर्नाले सुरथ आदि राजाहरू राज्यभ्रष्ट हुन गए । अतः राजाले सजायको व्यवस्था राम्रो गर्नुपर्छ ।

दण्डभूभागशुल्कैस्तु विना कोशाद् बलस्य च ।
संरक्षणं भवेत् सम्यग्यावद्विंशतिवत्सरम् ॥१३॥
तथा कोशस्तु संधार्यः स्वप्रजारक्षणक्षमः ।

जरीवाना, भूमिकर र ढुकुटी (मूल ढुकुटी) यिनमा कुनै आय हुन नगए पनि बीस बर्षसम्म राष्ट्रको र प्रजाको रक्षा हुन सक्ने गरी मूल ढुकुटी राख्नुपर्दछ ।

बलमूलो भवेत्कोशः कोशमूलं बलं स्मृतम् ॥१४॥
बलसंरक्षणात्कोशराष्ट्रवृद्धिररिक्षयः ।
जायते तत्त्रयं स्वर्गः प्रजासंरक्षणेन वै ॥१५॥

किनभने ढुकुटीको आश्रय बल (सेना आदि) हो र बलको आश्रय कोश (ढुकुटी) हो । बलको रक्षाबाट कोश, र राष्ट्रको वृद्धि र शत्रुको नाश गर्न सकिन्छ । यी तीन कुरा (बल, राष्ट्र र कोश) को रक्षाबाट प्रजाको रक्षा हुन्छ र त्यसबाट स्वर्गप्राप्ति हुन्छ ।

यज्ञार्थं द्रव्यमुत्पन्नं यज्ञः स्वर्गसुखायुषे ।
अर्यभावो बलं कोशो राष्ट्रवृद्धयै त्रयं त्विदम् ॥१६॥

संपत्ति यज्ञ, स्वर्ग, सुख र आयुको निमित्त हो र शत्रु नहुनु बल, कोश र राष्ट्र-वृद्धिका निमित्त हो भनी मानिएको छ ।

तद्वृद्धिर्नीतिनैपुण्यात् क्षमाशीलनृपस्य च ।
जायतेऽतो यतेतैव यावद्वृद्धिबलोदयम् ॥१७॥

क्षमायुक्त राजाको श्रीवृद्धि नीतिनैपुण्यबाट नै हुन्छ । अतः जहाँसम्म बुद्धि र बलले भेट्तछ, त्यहाँसम्म श्रीवृद्धिका लागि प्रयत्न गर्नुपर्छ ।

मालाकारस्य वृत्त्यैव स्वप्रजारक्षणेन च ।
शत्रुं हि करदीकृत्य तद्धनैः कोशवर्धनम् ॥१८॥

जस्तो मालीले फूलको रक्षा गरी आफ्नो जीविका गर्छ, त्यसरी नै प्रजाको रक्षा गरी शत्रुबाट कर तिर्ने व्यवस्था मिलाएर राजाले आफ्नो ढुकुटी बढाउनुपर्दछ ।

करोति स नृपश्रेष्ठो मध्यमो वैश्यवृत्तितः ।
अधमः सेवया दण्डतीर्थदेवकरग्रहैः ॥१९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तम राजाले शत्रुबाट कर लिएर, मध्यम राजाले वैश्य वृत्ति (व्यापार आदि) बाट र अधम राजाले धेरै जरीवाना, सेवा तथा तीर्थ र देवताको आयबाट धन जम्मा गर्दछ।

प्रजा हीनधना रक्ष्या भृत्यामध्यधनास्सदा ।
यथाधिकृतप्रतिभुवोऽधिकद्रव्यास्तथोत्तमाः ।
धनिकाश्चोत्तमधना न हीना नाधिका नृपैः ॥२०॥

राजाले गरीब प्रजा र मझौला धन भएको सेवकको सदा संरक्षण गर्नुपर्छ । साक्षी भने जति धनी भयो त्यति नै असल हुन्छ । राजाले धनी व्यक्तिलाई आफ्ना समीप राख्दा आफूभन्दा ज्यादा धनी र ज्यादै निम्न कक्षा नभएका धनीलाई राख्नुपर्दछ ।

द्वादशाब्दप्रपूरं यद्धनं तन्नीचसंज्ञकम् ।
पर्याप्तं षोडशाब्दानां मध्यमं तद्धनं स्मृतम् ॥२१॥
त्रिंशदब्द प्रपूरं यत् कुटुंबस्योत्तमं धनम् ।
क्रमादर्थं रक्षयेद्वा स्वापत्तौ नृप एषु वै ॥२२॥

कुटुंबसहित राजालाई बाह्र वर्ष पुग्ने धन नीच धन हो, सोह्र वर्षसम्म पुग्ने धन उत्तम मानिएको छ । यस कारण राजाले आफ्नो आपत्तिको समयका निमित्त यस्ता तीनै प्रकारका धनको संरक्षण गर्नुपर्छ ।

मूलैर्व्यवहरन्त्यर्धैर्न वृद्ध्या वणिजः क्वचित् ।
विक्रीणन्ति महार्घे तु हीनार्घे संचयन्ति च ॥२३॥

जुन व्यापारीले आफ्नो जम्मा भएको आधा मूल धनबाट ब्याजका निमित्त व्यापार गर्छ, त्यो त व्यापारी नै हैन । व्यापारीहरू त सस्तो हुँदा लिन्छन् र महँगो हुँदा बिक्री गर्छन् ।

व्यवहारे धृतं वैश्यैस्तद्धनेन विना सदा ।
अन्यथा स्वप्रजातापो नृपं दहति सान्वयम् ॥२४॥

व्यापारीहरूले व्यवहारमा लगाएको धनविना नै व्यापार गर्दछन् । (अर्थात् व्यापारीहरूको धेरै सापटीबाट काम चल्छ) । राजाले पूर्वोक्त व्यवहार नगर्नाले प्रजा-चिढिन्छन् र राजा वंशसहित नाश हुन्छ ।

धान्यानां संग्रह कार्यो वत्सरत्रयपूर्तिदः ।
तत्तत्काले स्वराष्ट्रार्थं नृपेणात्मगृहिताय च ॥२५॥
चिरस्थायी समृद्धानामधिको वापि चेष्यते ॥२६॥

राजाले राष्ट्रमा तीन वर्षसम्मलाई पुग्ने धान जगेडा राख्नुपर्छ । किनभने मौका-अनुसार त्यो धान राष्ट्र र स्वयं राजालाई पनि काम लाग्छ । त्यस्तो धान राख्दा पाकेको पोटिलो र धेरै समयसम्म रहने चाहिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुपुष्टं कान्तिमज्जातिश्रेष्ठं शुष्कं नवीनकम् ।
ससुगन्धवर्णरसं धान्यं संवीक्ष्य रक्षयेत् ।।२७।।

त्यो धान पोटिलो, राम्रो, असल जातको, सुकेको नयाँ, वास्ना आउने र रसिलो हेरेर जतनसाथ राख्नुपर्दछ ।

सुसमृद्धं चिरस्थायी महार्घमपि नान्यथा ।
विषवह्निहिमव्याप्तं कीटजुष्टं न धारयेत् ।।२८।।

जुन वस्तु (धान) असल र धेरै समयसम्म रहन सक्तछ, त्यो वस्तु (धान) महँगो भए पनि खरीद गरी राख्नू । विष परेको, आगोले खाएको, असिनाले झारेको र कीरा परेको (पुत्ला लागेको) यस्तो वस्तु राख्नै हुँदैन ।

निःसारतां न हि प्राप्तं व्यये तावन्नियोजयेत् ।
व्ययीभूतं तु यद् दृष्ट्वा तत्तुल्यं तु नवीनकम् ।
गृह्णीयात् सुप्रयत्नेन वत्सरे वत्सरे नृपः ।।२९।।

राजाले जुन धान सारहीन हुन पाएको छैन, खर्च गर्नुपर्दा पहिले त्यही खर्च गर्नू र हेरेर जति खर्च हुन गएको छ त्यसको ठाउँमा प्रतिवर्ष त्यत्ति जतनपूर्वक फेरि राख्नुपर्दछ ।

औषधीनां च धातूनां तृणकाष्ठादिकस्य च ।
यन्त्रशस्त्रास्त्राग्निचूर्णभांडादेर्वाससां तथा ।।३०।।
यद्यच्च साधकं द्रव्यं यद्यत्कार्ये भवेत्सदा ।
संग्रहस्तस्य तस्यापि कर्तव्यः कार्यसिद्धिदः ।।३१।।

राजाले ओखती, धानहरू, झारपात, काठ, कलपुर्जा शस्त्र, अस्त्र, वारूद, यिनीहरूको प्रयोग गर्ने भाँडावर्तन आदि सम्पूर्ण चीजवीजको संग्रह गर्नू । यसो गर्दा कार्यसिद्धि हुन्छ ।

संरक्षयेत् प्रयत्नेन संगृहीतं धनादिकम् ।।३२।।
आर्जने तु महद्दुःखं रक्षणे तच्चतुर्गुणम् ।
क्षणं चोपेक्षितं यत्तद्विनाशं द्राक् समाप्नुयात् ।।३३।।

धन कमाउँदा जो दुःख हुन्छ, त्यसको रक्षा गर्दा अझ चार गुना बढी दुःख हुन्छ । अतः जम्मा गरिएको धनलाई राम्ररी हिफाजत गर्नुपर्छ । किनभने धनलाई यसरी याद गरेन भने पनि तुरुन्तै त्यो नाश हुन्छ ।

आर्जकस्यैव दुःखं स्यात् तथार्जितविनाशने ।
स्त्रीपुत्राणामपि तथा नान्येषां तु कथं भवेत् ।।३४।।

धन कमाउने मानिसलाई आफूले कमाएको धन नाश हुँदा जुन दुःख हुन्छ, त्यस्तो दुःख उसैका स्वास्नी र छोरालाई पनि हुँदैन भने अरूको त के कुरा ! अरूलाई त झन् हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वकार्ये शिथिलो यः स्यात् किमन्ये न भवन्ति हि ।
जागरूकः स्वकार्ये यस्तत्सहायाश्च तत्क्षमाः ॥३५॥

जुन व्यक्तिले आफ्नो काममा स्वयं अल्छी गर्छ, त्यसको काममा अरूहरू पनि अवश्य अल्छी गर्छन् । यदि कसैले आफ्नो काममा तत्परता देखायो भने अरूहरू पनि त्यसमा स्वतः मद्दतगार बन्दछन् ।

यो जानात्यर्जितुं सम्यगर्जितं न हि रक्षितुम् ।
नातः परतरो मूर्खो वृथा तस्यार्जनश्रमः ॥३६॥

जो कमाउन भने जान्दछ, तर जोगाउन भने कत्ति जान्दैन, त्यो व्यक्तिभन्दा ठूलो मूर्ख कुनै हुँदैन र त्यसको कमाउँदाको परिश्रम पनि व्यर्थ हुन्छ ।

एकस्मिन्नधिकारे तु यो द्वावधिकरोति सः ।
मूर्खो जीवद्द्विभार्यश्च ह्यति विश्रंभवाँस्तथा ॥३७॥

एक काममा दुइटालाई अधिकार दिएर पठाउने, दुईवटी स्वास्नी भएर दुवै स्वास्नी बाँचेको र सबैमा अत्यन्त विश्वास गर्ने यस्ता तीन व्यक्तिभन्दा अर्को मूर्ख कोही छैन ।

महाधनाशो ह्यलसस्स्त्रीभिर्निर्जित एव हि ।
तथायं सक्षितां पृच्छेच्चोरजाराततायिषु ॥३८॥

ज्यादा धनको इच्छा गर्ने अल्छी, स्वास्नीले जितिएको र चोर, जार र आततायी (घाती) लाई साछी राख्नेहरू पनि मूर्ख हुन् ।

संरक्षेत् कृपणवत् काले दद्यात् विरक्तवत् ।
मूर्खत्वमन्यथा याति स्वधनव्ययतोऽपि च ॥३९॥

धनलाई मौकामा कृपणी जस्तै बनेर राखोस् र मौकामा विरक्त जस्तो बनेर देओस् पनि । यदि मानिसले मौका विचार गर्न रुकेन भने धन खर्च गरेर पनि मूर्ख जस्तै बन्न पुग्छ ।

वस्तुयाथात्म्यविज्ञाने स्वयमेव यतेत् सदा ।
परीक्षकैः स्वयं राजा रत्नादीन् वीक्ष्य रक्षयेत् ॥४०॥

राजाले वस्तुहरूको यथार्थ जाँच गर्नुपर्दा आफैंले जाँच्नुपर्छ । त्यस्तो जाँच्दा रत्नका पारखी जौहरीका साथ आफूले पनि विचार गरी रत्नहरूको संरक्षण गर्नुपर्छ ।

वज्रं मुक्ता प्रवालं च गोमेदश्चेन्द्रनीलकः ।
वैदूर्यपुष्परागश्च पाचिर्माणिक्यमेव च ।
महारत्नानि चैतानि नव प्रोक्तानि सूरिभिः ॥४१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हीरा, मोती, मुगा, गोमेद, इन्द्रनील, वैदूर्य, पुष्पराग, पाचि र माणिक यत्ति नौ वटा महारत्न हुन् भनी विद्वान्ले भनेका छन् ।

रवेः प्रियं रक्तवर्णं माणिक्यं त्विन्द्रगोपरुक् ।
रक्तपीतसितश्यामच्छविर्मुक्ता प्रिया विधोः ॥४२॥

इन्द्रगोप मणिको जस्तो रातो वर्ण भएको माणिक्य सूर्यलाई प्यारो लाग्ने हुन्छ र रातो पहेंलो सेतो र श्याम वर्ण भएको मोती चन्द्रमालाई प्यारो लाग्ने हुन्छ ।

सपीतरक्तरुग्भौमप्रियं विद्रुममुत्तमम् ।
मयूरचाषपत्राभा पाचिर्बुधहिता हरित् ॥४३॥

केही पहेंलो र रातो वर्ण भएको मूँगा मङ्गललाई प्यारो लाग्ने हुन्छ र मुजुर र ठेउवाको प्वाँखका जस्तो छिरबिरे र हरियो रङ्ग भएको पाचि (माणिक्य) बुधलाई प्यारो लाग्ने हुन्छ ।

स्वर्णच्छविः पुष्परागः पीतवर्णो गुरुप्रियः ।
अत्यन्तविशदं वज्रं तारकाभं कवेः प्रियम् ॥४४॥

सुनको जस्तो कान्ति भएको पहेंलो वर्णको पुष्पराज मणि वृहस्पतिलाई प्यारो लाग्ने हुन्छ ।स्वच्छ सेतो ताराको जस्तो कान्ति भएको हीरा शुक्रलाई प्यारो लाग्ने हुन्छ ।

हितश्शनेरिन्द्रनीलो ह्यसितो घनमेघरुक् ।
गोमेदप्रियकृद्राहोरीषत्पीतारुणप्रभः ॥४५॥

बाक्लो मेघका जस्तो कालो कान्ति भएको इन्द्रनीलमणि शनिश्चरलाई प्यारो लाग्ने हुन्छ र केही पहेंलो र केही रातो वर्ण भएको गोमेद मणि राहुलाई प्यारो लाग्ने हुन्छ ।

ओतवक्षाभश्चलत्तं तु वैदूर्यं केतुप्रीतिकृत् ।
रत्नश्रेष्ठतरं वज्रं नीचे गोमेदविद्रुमे ॥४६॥
गारुत्मतं तु माणिक्यं मौक्तिकं श्रेष्ठमेव हि ।
इन्द्रनीलं पुष्परागो वैदूर्यं मध्यमं स्मृतम् ॥४७॥

बिरालाका आँखाको जस्तो कान्ति भएको र रेखा भएको वैदूर्यमणि केतुलाई प्यारो लाग्ने हुन्छ । रत्नहरूमा उत्तम हीरा हो र गोमेद मणि र मुगा निम्न स्तरीय रत्न हुन् र इन्द्रनील, पुष्पराज र वैदूर्यमणि मझौला प्रकारका रत्न हुन् ।

रत्नश्रेष्ठो दुर्लभश्च महाद्युतिरहेर्मणिः ।
अजालगर्भं सद्वर्णं रेखाविन्दुविवर्जितम् ।
सत्कोणं सुप्रभं रत्नं श्रेष्ठं रत्नविदो जगुः ॥४८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

झलझल झल्कने सर्पको मणि सबै रत्नहरूमा श्रेष्ठ छ, त्यो सहसा पाउन सकिन्न । भित्र दाग नभएको, राम्रो वर्ण भएको, रेखा र विन्दु नभएको कुना मिलेको, कान्तियुक्त, यस्तो रत्न रत्नहरूमा श्रेष्ठ हुन्छ भनी रत्नका पारखीहरू भन्दछन् ।

शर्कराभं दलाभं च चिपिटं वर्तुलं हि तत् ।
वर्णाः प्रभास्सिता रक्ताः पीतकृष्णास्तु रत्नजाः ॥५०॥

सखरको जस्तो वर्ण, कमलका दल (फूलका पात) जस्तो चेप्टो अथवा वाटुलो आकार भएको र चिल्लो रत्न पनि उत्तम रत्न मानिन्छ । रत्नहरूका रङ्ग सेता, राता, पहेंला र काला आदि हुन्छन् ।

यथावर्णं यथाछायं रत्नं यद्दोषवर्जितम् ।
श्रीपुष्टिकीर्तिशौर्यायुःकरमन्यदसत् स्मृतम् ।
वर्णमाक्रमते छाया प्रभावर्णप्रकाशिनी ॥५१॥

लक्षण शास्त्रमा भनेअनुसार वर्ण, कान्ति भै दोष नभएको रत्न श्री, पुष्टि, कीर्ति, सूर्याइँ र आयु बढाउने हुन्छ । दोषी रत्न त्यस्तो फलदायक हुँदैन भनिएको छ । रत्नमा वर्णले कान्तिलाई असर गर्छ र प्रभा [कान्ति] ले वर्णलाई प्रकाश गर्ने हुन्छ ।

पद्मरागस्तु माणिक्य भेदः कोकनदच्छविः ।
न धारयेत् पुत्रकामा नारी वज्रं कदाचन ॥५२॥

पद्मराग खास मणि नभए पनि मणिकै भेद हो । यो रातो कमलका जस्तो कान्ति भएको हुन्छ र छोराको इच्छा गर्ने स्त्री जातिले हीरा कहिल्यै नलाउनू ।

कालेन हीनं भवति मौक्तिकं विद्रुमं धृतम् ।
गुरुत्वात् प्रभया वर्णाद्विस्ताराश्रयादपि ॥५३॥
आकृत्या चाधिमूल्यं स्याद्रत्नं यद्दोषवर्जितम् ।

मोती र मूँगा धेरै समयसम्म लगाउनाले खिइन्छन् । वजनले, कान्तिले, वर्णले, ठूलो हुनाले र आश्रय र आकृतिले र दोषरहित रत्न छन् भने यस्ता रत्नहरू धेरै मोल पर्ने हुन्छन् ।

नायसोल्लिख्यते रत्नं विनामौक्तिकविद्रुमात् ।
पाषाणेनापि च प्राय इति रत्नविदो जगुः ॥५५॥

मोती र मूगालाई छोडेर अरू रत्नहरूमा ढुङ्गा र फलामका धर्का प्रायशः हुँदैनन्, यस्तो कुरा जौहरी भन्दछन् ।

मूल्याधिक्याय भवति यद्रत्नं लघु विस्तृतम् ।
गुर्वल्पं हीनमौल्याय स्याद्रत्नं त्वपि सद्गुणम् ॥५६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन रत्न हलुङ्गो तर ठूलो छ त्यसको मोल ज्यादा पर्छ । असल गुणले युक्त भएको रत्न पनि ठूलो अथवा सानो जे भए पनि त्यसको मोल कम पनि हुन सक्तछ, धेरै पर्न पनि सक्छ ।

शर्कराभं हीनमौल्यं चिपिटं मध्यमं स्मृतम् ।
दलाभं श्रेष्ठमूल्यं स्याद्यथाकामात्तु वर्तुलम् ॥५७॥

रत्नहरूमा चाकुका वर्णको कम मोल पर्ने, चेप्टो मझ्यौला मोल पर्ने र कमल दलका आकारका रत्न धेरै मोल पर्ने र वाटुला आकारको रत्न हेरी धेरै अथवा थोरै मोल पर्ने हुन्छन् ।

न जरां यान्ति रत्नानि विद्रुमं मौक्तिकं विना ।
राजदौष्टयाच्च रत्नानां मूल्यं होनाधिकं भवेत् ॥५८॥

मूगा र मोतीलाई छोडेर अरू रत्नहरू कहिल्यै बिग्रँदैनन्, पुराना पनि हुँदैनन् । रत्नहरूको मोल घट्ने र वढ्ने कुरा त राजाका नियमानुसार हुन्छ ।

मत्स्याहिशङ्खवाराहवेणुजीमूतशुक्तितः ।
जायते मौक्तिकं तेषु भूरि शुक्त्युद्भवं स्मृतम् ॥५९॥

माछा सर्प, शंखेकीरो, वनेल, वाँस मेघ, सिपी यिनीहरूबाट मोती पैदा हुन्छ । तर पनि अक्सर ज्यादा मोतीको उत्पत्ति सिपीबाट नै हुन्छ ।

कृष्णं सितं पीतरक्तं द्विचतुस्सप्तकंचुकम् ।
त्रिपञ्चसप्तावरणमुत्तरोत्तरमुत्तमम् ।
कृष्णं सितं क्रमाद्रक्तं पीतं तु जरठं विदुः ॥६०॥

काला, सेता, पहेंला र राता धर्का भएको र दुई-चार अथवा सात वटा घेरा भएको, तीन, पाँच सात अथवा यीभन्दा पनि वढी आवरणले युक्त भएको मोती घेरा हेरी क्रमशः उत्तरोत्तर उत्तम मानिएको छ । कालो, सेतो, रातो र केवल पहेंलो किसिमको मोती पुरानो भनेर जान्नू ।

कनिष्ठं मध्यमं श्रेष्ठं क्रमाच्छुक्त्युद्भवं विदुः ।
तदेव हि भवेद्वेध्यमवेध्यानीतराणि च ॥६१॥

सिपीबाट उत्पन्न हुने उत्तम मध्यम र तल्लो दर्जाको मोती मात्र छेड्नुहुन्छ अरू पदार्थबाट उत्पन्न मोतीलाई नछेड्नू ।

कुर्वन्ति कृत्रिमं तद्वत् सिंहलद्वीपवासिनः ।
तत्संदेह विनाशार्थं मौक्तिकं सुपरीक्षयेत ॥६२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहल (लङ्का) द्वीपमा बस्नेहरू नकली मोती पनि बनाउँछन् । अतः मोती असलै हो होइन भनी त्यसको परीक्षा गर्नुपर्छ ।

उष्णे सलवणस्नेहे जले निश्युषितं हि तत् ।
व्रीहिभिर्मर्दितं नेयाद्वैवर्ण्यं तदकृत्रिमम् ॥६३॥

नून अथवा तेल मिलाएको तातो पानीमा रातभर राख्नू र भोलिपल्ट धानले त्यसलाई माड्नू, यसो गर्दा पनि त्यो मोतीको वर्ण बिग्रेन भने त्यो मोती असल हो भनी जान्नू ।

श्रेष्ठाभं शुक्तिजं विद्यान्मध्याभं त्वितराद्विदुः ।
तुलाकल्पितमूल्यं स्याद्रत्नं गोमेदकं विना ॥६४॥

असल कान्ति भएको मोती सिपीबाट र मध्यम कान्ति भएको मोती अरू वस्तुबाट निस्केको हो भनी जान्नू । अरू रत्नको मोल तौलेर हुन्छ, तर गोमेद मणिको जोखतौलबाट मोल हुँदैन ।

क्षुमा विंशतिभी रक्ती रत्नानां मौक्तिकं विना ।
रक्तित्रयं तु मुक्तायाःश्चतुः कृष्णलकैर्भवेत् ॥६५॥

मोतीबाहेक अरू रत्नको तौल जिदा बीस वटा अतसीको गेडाको एक रत्ती हुन्छ । तीन रत्ती मोती चार कृष्णलक (रत्नविशेष बराबर हुन्छ) ।

चतुर्विंशतिभिस्ताभी रत्नटंकस्तु रक्तिभिः ।
टंकैश्चतुर्भिस्तोलस्स्यात् स्वर्णविद्रुमयोः सदा ॥६६॥

सुन, मुगा र रत्नहरू जोख्दा चौबीस रत्तीको एक टंक हुन्छ र चार टंकको एक तोला हुन्छ ।

एकस्यैव हि वज्रस्य त्वेकरक्तिमितस्य च ।
सुविस्तृतदलस्यैव मूल्यं पञ्चसुवर्णकम् ॥६७॥

कमलदल (पाटा) फिंजारिएको एक रत्तीभरको एक हीराको मोल पाँच सुवर्ण (यहाँ ८ रत्तीको १ मासा र १० मासाको १ सुवर्ण भनिएको छ) हुन्छ ।

रक्तिकादलविस्ताराच्छ्रेष्ठं पञ्चगुणं यदि ।
यथा यथा भवेन्नूनं हीनमौल्यं तथा तथा ॥६८॥

रत्तीको दलभन्दा अझै पाँच गुना फिंजारिएका पाटा भएको भए त्यो (हीरा) श्रेष्ठ हो र त्यसको मोल सानो भए सानै र ठूलो भए ठूलै हुन्छ ।

अत्राष्टरक्तिको माषो दशमाषैः सुवर्णकः ।
स्वर्णस्य तत्पञ्चमूल्यं राजताशीतिकर्षकम् ॥६९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँ तौलको परिमाणमा ८ रत्तीको १ मासा र दश मासाको १ सुवर्ण मानिएको छ । पाँच सुवर्णको मोल ८० कर्ष चाँदीका बराबरको हुन्छ ।

यथा गुरुतरं वज्रं तन्मूल्यं रक्तिवर्गतः ।
त्रितीयांशविहीनं तु चिपिटस्य प्रकीर्तितम् ।।७०।।

हीरा जति ठूलो भयो त्यो मूल्यवान् हुन्छ र तदनुसार रत्तीको अनुसार त्यसको मोल हुन्छ । यदि हीरा चेप्टो छ भने त्यसको मोल तेब्बर कम हुन्छ ।

अर्धन्तु शर्कराभस्य चोत्तमं मूल्यमीरितम् ।
रक्तिकायाश्च द्वे वज्रे तदर्धं मूल्यमर्हतः ।।७१।।

सक्खर (चाकु) का वर्ण जस्तो वर्णको हीरा हुनुपर्ने तोलमा आधा सानो भए पनि पहिला दर्जाको मोल पर्ने हुन्छ । दुई वटा हीरा मिलाउँदा एक रत्ती भयो भने त्यो हीराको आधा भाग हो भनिन्छ ।

तदर्धं बहवोऽर्हन्ति मध्या हीना यथागुणैः ।
उत्तमार्धं तदर्धं वा हीरकाः गुणहीनतः ।।७२।।

धेरै हीराहरू उनीहरूमा हुने गुणमा मध्यम अथवा कम भए तापनि हीराको मोल महँगै हुन्छ र गुणहीन भए पनि आधाभन्दा घटी मोल हीराको रहनैपर्छ ।

वर्गरक्तिषु संधार्यं कलानां नवकं पृथक् ।
तथांशपूर्वकं पूर्वं त्रिंशद्भिस्तद्भजेत्ततः ।।७३।।
लब्धं कलासु संयोज्यं कलानां षोडशांशकैः ।
मुक्तानां कल्पयेन्मूल्यं हीनमध्योत्तमं यथा ।।७४।।

बेग्लाबेग्लै वर्ग र रत्तीको (मूल्य) लाई नवौं कलामा जोड्नू, अनि पहिलेको पाँचौं भागलाई तीसौं भागले विभाजन गर्नू । यसरी रत्ती र वर्गको भागबाट निस्केको लब्धिलाई कलासँग जोड्दा जति संख्या हुन्छ, त्यही नै मोतीको मोल हुन्छ र यस प्रकार उत्तम, मध्यम र तल्लो जस्तो प्रकारको मोती छ, त्यस्तै मोल हुन्छ ।

सहस्रादधिके मुक्तारक्तिर्वर्गगते शते ।
कला त्रिंशतकं त्यक्त्वा शेषान्मूल्यं प्रकल्पयेत् ।।७५।।

हजारौं रत्तीका संख्या (परिमाण) को मोतीको मोल गर्दा सय संख्यक वर्गमा तीस कलालाई छोडेर जति बाँकी रहन्छ, त्यहीअनुसार मोतीको मोल गर्नुपर्छ ।

शतादूर्ध्वं रक्तिवर्गाद्ध्रसो विंशतिरक्तिकाः ।
प्रतिशतात्तु वज्रस्य सुविस्तृत दलस्य च ।।७६।।

हीरा अथवा मोती सय रत्तीभन्दा माथिको भएमा बीस रत्ती घटाएर मोल गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फिंजारिएका दल (पाटा)छन् भने ती असल भए हीरा अथवा मोतीकै पनि चेप्टो र फैलिएको भए पनि प्रतिशत बीस रत्ति घटाएर मोल गर्नुपर्छ ।

शर्कराभस्य पञ्चाशच्चत्वारिंशच्च वैकत: ॥७७॥
रत्नं न धारयेत् कृष्णरक्तविन्दुयुतं सदा ॥७८॥

चाकुका जस्तो वर्ण भएका (हीराको वा मोती) को प्रत्येकमा पचास अथवा चालीस रत्ती मोल कम गर्नुपर्छ । काला अथवा राता विन्दु भएको रत्न कहिल्यै पनि धारण गर्नु हुँदैन ।

गारुत्मतं तूत्तमं चेन्माणिक्यं मूल्यमर्हत: ।
सुवर्णं रक्तिमात्रं चेद्यथा रक्तिस्तथा गुरु ॥७९॥

गारुडमणि यदि असल छ भने माणिक जति नै मूल्यवान् हुन्छ । तर त्यसको तौल १ रत्ती जति वा १ रत्ती सुवर्ण जत्तिकै गह्रुँगो हुनुपर्छ ।

रक्तिमात्रपुष्परागो नीलस्स्वर्णार्धमर्हत: ।
चलत्रिसूत्रो वैदूर्यश्चोत्तमं मूल्यमर्हति ॥८०॥

एक रत्ती जति तौल भएको नीलमणि अथवा पुष्पराजको आधा सुवर्णलाई जति पर्छ त्यति नै त्यसको मोल पर्छ । जुन वैदूर्यमणिमा असल तीन धर्का हुन्छन्, त्यसको मोल पहिला दर्जाको हुन्छ ।

प्रवालं तोलकमितं स्वर्णार्धं मूल्यमर्हति ।
अत्यल्पमूल्यो गोमेदो नोन्मानं तु यतोऽर्हति ॥८१॥

१ तोला मूँगाको आधा सुवर्णको जति मोल पर्छ, त्यसको मोल त्यत्ति नै हुन्छ र गोमेद मणि ज्यादै सानो छ भने त्यसको मोल नै गर्नुपर्दैन ।

संख्यातस्वल्परत्नानां मूल्यं स्याद्धीरकाद्विना ।
अत्यन्तरमणीयानां दुर्लभानां च कामत: ।
भवेन्मूल्यं न मानेन तथातिगुणशालिनाम् ॥८२॥

साना साना रत्नहरूको मोल गनेर जति छन्, त्यहीअनुसार गर्नू, तर जति सानो भए पनि हीरा भने तौलनुपर्छ । ज्यादै नै राम्रो, लच्छिनको, पाउन मुश्किल हुने रत्नहरूको मोल जोखतौलबाट हुँदैन, इच्छानुसार हुन्छ ।

व्यंघ्रिचतुर्दशहतो वर्गो मौक्तिकरक्तिज: ।
चतुर्विंशतिभिर्भक्तो लब्धान्मूल्यं प्रकल्पयेत् ॥८३॥

मोती तौलेर भएका रत्तीहरूमा चौथाई घटाई चौधले गुन्नू र चौबीस संख्याले भाग लिनू आएको लब्धि त्यो मातीको मोल हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तमं तु सुवर्णार्धमूनमूनं यथागुणम् ।
मुक्ताया रक्तिवर्गस्य प्रतिरक्तौ कला नव ॥८४॥
कल्पयेत्पञ्च भागान्हि त्रिंशद्भिः प्राग्भजेच्च तान् ।
लब्धं कलासु संयोज्य कलाषोडशभिर्भजेत् ।
मूल्यं तल्लब्धतो योज्यं मुक्ताया वा यथागुणम् ॥८५॥

उत्तम मोतीको मोल आधा सुवर्ण बराबर हुन्छ । साना मोतीहरू भने हेरेर मोल गर्नुपर्छ । मोतीको मोल लगाउँदा पहिले मोती जोख्नू र आएका रत्तीहरूमा प्रत्येक रत्तीको ९ कला हुन्छ र तिनीहरूलाई ५ भाग गरी तीसले भाग दिनू । आएको लब्धिलाई कलाहरूमा जोड्नू र ती कलाहरूलाई पनि १६ ले भाग दिनू र अनि जो लब्धि आउँछ, त्यही नै मोतीको मोल हुन्छ अथवा मोतीको मोल कुन प्रकारको करतो छ हेरी विचार गरी गर्न पनि सकिन्छ ।

रक्तं पीतं वर्तुलं चेन्मौक्तिकं चोत्तमं सितम् ।
अधमं चिपिटं शर्कराभमन्यत्तु मध्यमम् ॥८६॥
रत्ने स्वाभाविका दोषास्सन्ति धातुषु कृत्रिमाः ।
अतो धातून् संपरीक्ष्य तन्मूल्यं कल्पयेद्बुधः ॥८७॥

रातो पहेंलो र वाटुलो मोती उत्तम, केवल सेतो मध्यम र चेप्टो, चाकुका जस्तो वर्ण भएको तल्लो दर्जाको र बाँकी अरू किसिमको मोती मझ्यौला खालको जान्नू रत्नहरूमा स्वाभाविक दोष हुन्छन् । तर धातुहरूमा कृत्रिम (गराइएका) दोषहरू हुन्छन् । अत: विद्वान्हरूले रत्नहरूको व्यवहार गर्दा परीक्षा गरेर मात्र मोल लगाउनुपर्छ ।

सुवर्णं रजतं ताम्रं वङ्गं सीसं च रङ्गकम् ।
लोहं च धातवः सप्त ह्येषा मन्ये तु संकराः ॥८८॥

सुन, चाँदी, तामा, वंग, सीसा, राँग र फलाम यी सात धातु हुन् र अरू धातुहरूमा यी सात धातुहरूमध्येको कसैमा कसैको कसैमा कसैको केही भाग मिस्सिएको हुन्छ ।

यथापूर्वं तु श्रेष्ठं स्यात् स्वर्णं श्रेष्ठतरं मतम् ।
वङ्गताम्रभवं कांस्यं पित्तलं ताम्ररङ्गजम् ॥८९॥

उपर्युक्त धातुहरूमा क्रमशः पहिले भनिएकाको पहिलो र दोस्रो भनिएकाको दोस्रो गरी स्थान राखिएको छ । सुन सबै धातुहरूमा उत्तम मानिन्छ । वङ्ग र तामा मिलेर काँसो बनेको हुन्छ तथा तामा र राँग मिलाएर पित्तल बन्दछ ।

मानं सममपि स्वर्णं तनु स्यात् पृथुलाः परे ।
एकच्छिद्रसमाकृष्टे समखण्डे द्वयोर्यदा ।
धातोस्सूत्रं मानसमं निर्दुष्टस्य भवेत्तदा ॥९०॥

सुनमान (उसको परिमाणअनुसार) ज्यादै पातलो पनि हुन सक्तछ, तर अरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धातु भने मोटा नै हुन्छन्, त्यति पातला हुन सक्तैनन् । सुनको र अरू धातुको भागलाई यौटा सानु प्वालबाट तान्नु निर्दोष र शुद्ध धातु धागो जस्तो बन्दछ । दोषयुक्त धातु त्यस्तो (धागो जस्तो) बन्दैन ।

यन्त्रशस्त्रास्त्ररूपं यन्महामूल्यं भवेदयः ।
रजतं षोडशगुणं भवेत् स्वर्णस्य मूल्यकम् ॥९१॥

फलाम पनि यन्त्र, शस्त्र र अस्त्र बनेको छ भने त्यो ज्यादा मूल्यवान् हुन्छ र सुनको मोल चाँदीको भन्दा सोह्र गुना बढी हुन्छ ।

ताम्रं रजतमूल्यं स्यात् प्रायोऽशीतिगुणं तथा ।
ताम्राधिकं सार्धगुणं वङ्गं वङ्गात्तथापरे ॥९२॥

चाँदीको मोल तामाको भन्दा असी खण्ड बढी हुन्छ । तामाभन्दा डेढ गुना बढी मोल वंगको हुन्छ । त्यस्तै मूल्यमान अरू धातुहरूको पनि छ ।

रङ्गसीसे द्वित्रिगुणे ताम्राल्लोहं तु षड्गुणम् ।
मूल्यमेतद्विशिष्टं तु ह्युक्तं प्राङ्मूल्यकल्पनम् ॥९३॥

राँग र सीसा क्रमशः परस्पर दोब्बर र तेब्बर फरक मोल पर्ने र फलामभन्दा तामो छ गुना बढी मूल्यमा रहन्छ ।

मूल्यमेतद्विशिष्टं तु ह्युक्तं प्राङ्मूल्यकल्पनम् ।

यो त धातुहरूको विशेष प्रकारको मोल भनिएको हो र सामान्य मोलका विषयमा पहिले नै भनिएको अनुसार गर्न ।

सुशृङ्गवर्णा सुदुघा बहुदुग्धा सुवत्सका ।
तरुण्यल्पा वा महती मूल्याधिक्याय गौर्भवेत् ।
पीतवत्सा प्रस्थदुग्धा तन्मूल्यं राजतं पलम् ॥९४॥

राम्रो सीङ र वर्ण भएकी सजिलैसित दुहुन सकिने धेरै दूध दिने, राम्रो बाच्छो भएकी गाई भरखरकी अथवा उमेर पुगेकी भए पनि तिनको मोल बढी नै जान्छ । बाच्छोसहितकी एक पाथी दूध दिने गाईको मोल एक पल चाँदी मानिएको छ ।

अजायाश्च गवार्धं स्यान्मेष्यामूल्यमजार्धकम् ।
दृढस्य युद्धशीलस्य पलं मेषस्य राजतम् ९५॥

बाख्रीको मोल गाईको मोलको आधा हुन्छ र भेडीको मोल बाख्रीको भन्दा आधा हुन्छ । बलियो र जुध्न सक्ने भेडाको मोल १ पल चाँदी हो भनिएको छ ।

दश वाष्टौ पलं मूल्यं राजतं तूत्तमं गवाम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पलं मेष्या अवेश्चापि राजतं मूल्यमुत्तमम् ।
गवां समं सार्धगुणं महिष्या मूल्यमुत्तमम् ॥९६॥

दश अथवा आठ पल चाँदी गाईको सबभन्दा ठूलो मोल हो भेडा र भेडीको सबभन्दा ठूलो मोल एक पल चाँदी हो र गाईके समान अथवा डेढ गुणसम्म बढी हुनु श्रेष्ठ भैंसीको मोल मानिएको छ ।

सुशृङ्गवर्णबलिनो वोढ्ः शीघ्रगमस्य च ।
अष्टतालवृषस्यैव मूल्यं षष्टिपलं स्मृतम् ॥९७॥

राम्रा सींग भएको, बलियो, भार बोक्न सक्ने, चाँडो हिंड्ने आठ ताल (कुनै मान विशेष) अग्लो गोरु भए त्यसको मोल साठी पल चाँदी हुन्छ मानिएको छ ।

महिषस्योत्तमं मूल्यं सप्तचाष्टौ पलानि च ।
द्वित्रिचतुःसहस्रं वा मूल्यं श्रेष्ठं गजाश्वयोः ॥९८॥

भैंसीको विशेष मोल सात अथवा आठ पल (चाँदी) मानिएको छ। अब्बल दर्जाका हात्ती र घोडाको मोल दुई हजार, तीन हजार, अथवा चार हजार पल (चाँदी) मानिएको छ ।

उष्ट्रस्य माहिषसमं मूल्यमुत्तममीरितम् ॥९९॥
योजनानां शतं गन्ता चैकेनाह्नाश्व उत्तमः
मूल्यं तस्य सुवर्णानां श्रेष्ठं पञ्चशतानि हि ॥१००॥

असल ऊँटको मोल असल भैंसीका बराबरको मानिएको छ । एकै दिनमा एक सय योजन हिंड्ने उत्तम घोडा मानिएको छ र त्यसको मोल पाँच सय सुवर्ण हो भनेर पनि मानिएको छ ।

त्रिंशद्योजन गन्ता वै उष्ट्रः श्रेष्ठस्तु तस्य वै ।
पलानां तु शतं मूल्यं राजतं परिकीर्तितम् ॥१०१॥

एकै दिनमा तीस योजन हिंड्ने ऊँट उत्तम ऊँट मानिएको छ र त्यसको मोल सय पल चाँदी हो भनिएको छ ।

बलेनौच्चेन युद्धेन मदेनाप्रतिमो गजः ।
यस्तस्य मूल्यं निष्काणां द्विसहस्रं प्रकीर्तितम् ॥१०२॥

ज्यादै बलियो र युद्धमा सबैलाई जित्ने जुन हात्ती छ, त्यसको मोल दुई हजार निष्क हो भनेर मानिएको छ ।

चतुर्माषमितं स्वर्णं निष्क इत्यभिधीयते ।
पञ्चरक्तिमितो माषो गजमौल्ये प्रकीर्तितः ॥१०३॥

चार मासा सुनको एक निष्क हुन्छ र पाँच रत्तीको एक मासा हुन्छ यो कुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हात्तीको मोल गर्दा हिसाब गरिएको छ ।

रत्नभूतं तु यत्तत् स्याद्यद्यदप्रतिमं भुवि ।
यथादेशं यथाकालं मूल्यं सर्वस्य कल्पयेत् ॥१०४॥

यस पृथिवीमा कसैसँग दाँजोमा नआउने रत्न जस्ता वस्तुहरूको मोल देश र समय हेरेर लगाउनुपर्छ ।

न मूल्यं गुणहीनस्य व्यवहाराक्षमस्य च ।
नीचमध्योत्तमत्वं तु सर्वस्मिन्मूल्यकल्पने ।

जुन वस्तुहरू गुणले हीन र व्यवहारमा अयोग्य छन् त्यस्ताको मोल पनि उत्तम मध्यम र अधम तीन प्रकारको विचार गरी लगाउनुपर्छ ।

चिन्तनीयं बुधैर्लोका द्वस्तुजातस्य सर्वदा ॥१०५॥

यसरी विद्वान्ले व्यवहारमा वस्तुहरूको मोल सदा मिलाउनुपर्छ ।

विक्रेतृक्रेतृतो राजभागः शुल्कमुदाहृतम् ।
शुल्कदेशा हट्टमार्गाकरसीमाः प्रकीर्तिताः ॥१०६॥

किन्ने र वेच्ने दुवै थरीबाट राजाको लागि जुन भाग लिइन्छ, त्यसलाई कर भन्दछन् । त्यस्तो कर उठाउने ठाउँ मुलुक हाट बजार हो भनिएको छ ।

वस्तुजातस्यैकवारं शुल्कं ग्राह्यं प्रयत्नतः ।
कचिचन्नैवासकृच्छुल्कं राष्ट्रे ग्राह्यं नृपैश्छलात् ॥१०७॥

मुलुकमा वस्तुको कर लिंदा एक पटक मात्र लिनू । त्यो जतनपूर्वक लिनुपर्छ । राजाले छलबाट पनि वारंवार (एकै वर्षमा धेरै पटक) कर लिनु हुँदैन ।

द्वात्रिंशांशं हरेद्राजा विक्रेतुः क्रेतुरेव वा ।
विंशांशं वा षोडशांशं शुल्कं मूल्याविरोधकम् ॥१०८॥

राजाले किन्ने-वेच्ने दुवैबाट वस्तुका मोलको सयकडा बत्तीसका हिसाबले कर लिनुपर्छ । अथवा ठाउँ हेरी वीस वा सोह्र प्रतिशतसम्म पनि लिनुपर्दछ ।

न हीनसममूल्याद्धि शुल्कं विक्रेतृतो हरेत् ।
लाभं दृष्ट्वा हरेच्छुल्कं क्रेतृतश्च सदा नृपः ॥१०९॥

मूलधन मात्र जोगाएका अथवा नोक्सान परेका यस्ता व्यापारीसँग राजाले कर लिनु हुँदैन । त्यसले कत्तिको नाफा गरेको छ त्यो हेरेरं किन-बेच गर्ने व्यापारीसँग राजाले कर लिनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बहुमध्याल्पफलितां भुवं मानमितां सदा ।
ज्ञात्वा पूर्वं भागमिच्छुः पश्चाद्भागं विकल्पयेत् ॥११०॥

ज्यादा फल्ने, सामान्य फल्ने र ज्यादै कम फल्ने कस्तो जमीन छ, त्यो हेरेर जाने-पछि अनि मात्र राजाले त्यही किसिमको आफ्नो भागरूपी कर लगाउनुपर्छ ।

हरेच्च कर्षकाद्भागं यथानष्टो भवेन्न सः ।
मालाकार इव ग्राह्यो भागो नांगारकारवत् ॥१११॥

राजाले कर लिंदा सानो कुराको पनि कर लिनुपर्छ, तर जसरी त्यो कर दिने बिग्रँदैन त्यो उपाय सोच्नुपर्छ । मालीले बोट नबिगारी फूल टिपेजस्तै गरी कर लिनुपर्दछ । तर गोल बनाउनेले रूखै नष्ट गरी पोलेर गोल बनाएजस्तो गरी करलिनु हुँदैन ।

बहुमध्याल्पफलतस्तारतम्यं विमृश्य च ।
राजभागादिव्ययतो द्विगुणं लभ्यते यतः ॥
कृषिकृत्यं तु तच्छ्रेष्ठं तन्न्यूनं दुःखदं नृणाम् ॥११३॥

राजाले पहिले धेरै मझ्यौला अथवा ज्यादै कम्ती कस्तो उब्जा हुन्छ, त्यो विचार गर्नुपर्छ । राजालाई पन्छाएर (बाली तिरेर) खर्च बर्च गर्दा पनि जहाँ दोब्बर वस्तु प्राप्त हुन्छ, त्यो खेती उत्तम भनिन्छ र यसो गर्दा केही पनि न बच्ने खेती मानिसका लागि अधम खेती हो, त्यस्ता खेतीले दुःखमात्र हुन्छ भनी जान्नू ।

तडागवापिकाकूपमातृकाद्देवमातृकात् ।
देशान्नदीमातृकात्तु राजानुक्रमतस्सदा ॥११४॥

राजाले आफ्ना देशमा भएका तलाउ (ताल) पोखरी, कूवा, नदी, नहर, भलपानी लाग्ने टाउँबाट कर लिनुपर्दछ ।

तृतीयांशं चतुर्थांशमर्धांशं तु हरेत् फलम् ।
षष्ठांशमूषरात्तद्वत् पाषाणादि समाकुलात् ॥११५॥

राजाले उपर्युक्त प्रकारबाट पानी लाग्ने जमीनबाट क्रमशः तीन भागको एक भाग, चार भागको एक भाग र आधासम्म पनि कर लिनुपर्छ ।

रूखो र ढुङ्गै ढुङ्गा भएको जमीनबाट त छ भागको एक भाग मात्र कर लिनुपर्दछ ।

राजभागस्तु रजतशतकर्षमितो यतः
कर्षकाल्लभ्यते तस्मै विंशांशमुत्सृजेन्नृपः ॥११६॥

जुन भूमिबाट एक सय कर्ष चाँदी पैदा हुन्छ, त्यो प्राप्त गर्दा राजाले बीस प्रतिशत चाँदी किसानलाई छोडिदिनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वर्णदर्धं च रजता तृतीयांशं च ताम्रत:
चतुर्थांशं तु षष्ठांशं लोहाद्वङ्गाच्च सीसकात् ।।११७।।

सुन र चाँदी लिंदा चार भागको तीन भाग लिएर एक भाग छोडिदिनू, तामाको चार भागमा एक भाग लिनू अरू फलाम बङ्ग र सीसामा छ भागको एक भाग लिनू अरू किसानलाई नै दिनू ।

रत्नार्धं चैव क्षारार्धं खनिजाद्व्ययशेषत:
लाभाधिक्यं कर्षकादेर्यथा दृष्ट्वा हरेत् फलम् ।।११८।।

खर्च भएको उपर भैसकेपछि खानीबाट निस्कने कुरामा रत्न र नून यी दुई चीज आधा छोडिदिनू । अथवा त्यो कृषकलाई केही फायदा नै हुने गरी आफूले लिनुपर्छ ।

त्रिधा वा पञ्चधा कृत्वा सप्तधा दशधापि वा
तृणकाष्ठादिहर्काद्विंशत्यंशं हरेत् फलम् ।।११९।।

भूमिबाट कर लिंदा लाभ-हानि विचार गरी तीन, खण्ड, पाँच खण्ड, सात खण्ड अथवा दश खण्ड गरी मिलाएर लिनुपर्छ । राजाले घाँस-दाउरा आदि बेच्नेहरूसँग कर असूल गर्दा सयकडा बीसका दरले कर असूल गर्नुपर्छ ।

अजाविगोमहिष्यश्ववृद्धितोऽष्टांशमाहरेत्
महिष्यजाविगो दुग्धात् षोडशांशं हरेन्नृप: ।।१२०।।

राजाले बाख्रा, भेडा, गाई र भैंसीका वृद्धिको कर लिदा प्रतिशत आठ भाग कर लिनू । भैंसी, बाख्रा, भेडा र गाईका दूधमा लगाउने कर सोह्रप्रतिशत मात्र लिनू ।

कारु शिल्पिगणात् पक्षे दैनिकं कर्म कारयेत्
तल्य वृद्धै तडागं वा वापिकां कृत्रिमां नदीम् ।।१२१।।
कुर्वत्यन्यत्तद्विधं वा कर्षत्यभिनवां भुवम्
तद्व्ययद्विगुणं यावन्न तेभ्यो भागमाहरेत् ।।१२२।।

राजाले कालीगढ र शिल्पीहरूबाट करको रूपमा पक्षमा एक दिन काम लिनू । कसैले जगा बिरायो (बाँझोलाई आवाद गर्‍यो) भने त्यसको खर्चको दोब्बर नउठिञ्जेलसम्म कर नलिनू ।

भुवि भागं भृतिं शुल्कं वृद्धिमुत्कोचकं करम्
सद्य एव हरेत्सर्वं न तु काल विलंबनै ।।।।१२३।।

जमीनको पाउने भाग, भत्ता, कर, व्याज, घूस खाँदा सजायबाट आउने दण्ड, खास महसूल यति कुराबाट प्राप्त हुने कर तुरुन्तै लिइहाल्नू । पछि लिउँला भनी पर्खनु हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दद्यात् प्रतिकर्षकाय भागपत्रं स्वचिह्नितम् ।
नियम्य ग्रामभूभागमेकस्माद्धनिकाद्धरेत् ॥१२४॥

किसानले कर (वाली) बुझाएपछि आफूले सही-छाप गरी रसीद गरिदिनुपर्छ । गाउँबाट कर असूल गर्दा गाउँको एउटा धनी व्यक्तिलाई सुम्पी त्यसले तोकिएका ठाउँका सबैबाट र त्यसबाट आफूले लिनुगर्छ ।

गृहीत्वा तत्प्रतिभुवं धनं प्राक् तत्समं तु वा
विभागशो गृहीत्वापि मासि मासि ऋतौ ऋतौ ॥१२५॥
षोडषद्वादशदशाष्टांशतो वाधिकारिणः ।
स्वांशात् षष्ठांशभागेन ग्रामपान् तन्नियोजयेत् ॥१२६॥

यदि त्यो धनी व्यक्तिले खाए अथवा करको नोक्सान पारे पहिले त्यसको जमीन लिनू ।त्यसपछि त्यो जमीनबराबरको धन लिनू । तर जग्गा पहिल्यै लीलाम नगर्नू । गाउँको अधिपति (मुखिया) लाई नियुक्त गर्दा आफूले पाउने करको छ भागको एक भाग दिएर नियुक्त गर्नुपर्छ ।

गवादि दुग्धान्नफलं क्रुट्टुंवार्थाद्धरेन्नृपः ।
उपभोगे धान्यवस्त्रं क्रे तृतोनाहरेत् फलम् ॥१२७॥

यदि कसैले जहान-बच्चाको पालन-पोषणकालागि मात्र गाई-भैंसी आदिको दूध, अन्न, फलफूल किनेको देखिएमा र व्यापार गर्न नभै केवल लाउन मात्र कपडा किनेको देखिन आएमा त्यस्ताकिन्नेबाट राजाले कर लिनु हुँदैन ।

वार्धुषिकाच्च कौसीदात् द्वात्रिंशांशं हरेन्नृपः ।
गृहाद्याधारभूशुल्कं कृष्टभूमेरिवाहरेत् ॥१२८॥

राजाले व्यापारी र व्याज लिनेहरूसँग बत्तीस प्रतिशत कर लिनुपर्छ । घर भएको जमीनको कर भने केवल जमीनको मात्र लिनू ।

तथा चापणिकेभ्यस्तु पण्यभूशुल्कमाहरेत् ।
मार्गसंस्काररक्षार्थं मार्गगेभ्यो हरेत् फलम् ॥१२९॥

हाट-वजार गर्नेहरूबाट हाट-वजार लाग्ने जमीनको कर असूल गर्नू र बाटो सफा गर्नका लागि र वनाउनका लागि बाटामा हिंड्ने (मानिस र सवारीहरू) बाट कर असूल गर्ने ।

सर्वतः फलभुग्भूत्वा दासवत् स्यात्तु रक्षणे ।
इति कोशप्रकरणं समासात् कथितं किल ॥१३०॥

यसरी राजाले चारैतिरबाट फलप्राप्ति गर्ने भएर पनि सबैको रक्षा गर्ने विषयमा सेवक जस्तो हुनुपर्छ । यस प्रकार कोशप्रकरण संक्षेपबाट भनेर सकियो ।

इति चतुर्थेऽध्याये कोशनिरूपणं नाम द्वितीयं प्रकरणम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ

तृतीयप्रकरणम्

अथ मिश्रे तृतीयं तु राष्ट्रं वक्ष्ये समासतः ।
स्थावरं जङ्गमं चापि राष्ट्रशब्देन गीयते ॥१॥

अब मिश्रप्रकरणको यो तृतीयप्रकरणमा संक्षेपमा राष्ट्रका विषयमा भनिन्छ । चाहे बस्ने (रूख माटो आदि) हुन् चाहे हिड्ने (मानिस वा पशुहरू) हुन् ती सबैलाई 'राष्ट्र' यस शब्दले गाइन्छ वा बोलाइन्छ ।

यस्याधीनं भवेद्यावत्तद्राष्ट्रं तस्य वै भवेत् ।
कुबेरता शतगुणा धिका सर्वगुणात् ततः ॥२॥

जति देश जसको अधीन छ त्यो राज्य त्यसैको हुन्छ । राष्ट्र सबै गुणले परिपूर्ण छ तापनि अरू सय्यौं गुणहरूभन्दा पूर्ण संपत्तिवान् (धनी) हुनु नै सय्यौंगुणा असल मानिएको छ ।

ईशता चाधिकतरा सा नाल्पतपसः फलम् ।
स दीव्यति पृथिव्यां तु नान्यो देवो यतः स्मृतः ॥३॥

सर्वाधिकारसंपन्न हुनु भनेको कुरा सानु तस्याबाट पाइने कुरा होइन । किनभने राजा यस पृथिवीमा रजाइँ गर्छन् अतः उनी देवता हुन् र उनीबाहेक यहाँ अर्को कुनै (प्रत्यक्ष) देवता छैन ।

तस्याश्रितो भवेल्लोकस्तद्वदाचरति प्रजा ।
भुङ्क्ते राष्ट्रफलं सम्यगतो राष्ट्रकृतं त्वघं ॥४॥

संपूर्ण जगत् उही राजाकै आश्रय गरेर बसेको हुन्छ । प्रजा (जनता) उसले जस्तो गर्‍यो त्यहीअनुसार गर्ने हुन्छ । अतः राजाले राष्ट्रको पाप र पुण्य दुवै भोग गर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वस्वधर्मपरो लोको यस्य राष्ट्रे प्रवर्तते ।
धर्मनीतिपरो राजा चिरं कीर्तिं स चाश्नुते ॥५॥

जुन राजाको राज्यमा प्रजाहरू आफ्नो आफ्नो धर्ममा तत्पर भएर रहन्छन् त्यस्तो राज्यमा रहने धर्म र नीतिमा तत्पर भएको राजाले धेरै समयसम्म कीर्तिको भोग गर्दछ ।

भूमौ यावद्यस्य कीर्तिस्तावत्स्वर्गे स तिष्ठति ।
अकीर्तिरेव नरको नान्योऽस्ति नरको दिवि ॥६॥

जसको कीर्ति पृथिवीतलमा जहाँसम्म रहन्छ, त्यहाँसम्म त्यो स्वर्गमा रहन्छ र जसको कुकीर्ति जहाँसम्म पृथिवीतलमा रहन्छ त्यहाँसम्म त्यो नरकमा पर्दछ । अन्यत्र नरक छैन कुकीर्ति नै नरक हो ।

नरदेहाद्विनात्वन्यो देहो नरक एव सः ।
महत् पापफलं विद्यादाधिव्याधिस्वरूपकम् ॥७॥

मानिसको शरीरभन्दा अरू शरीरधारी हुनु नै नरक हो । शरीरका र मनका व्यथा लाग्नु नै पूर्वजन्मका पापका फल फलेका हुन् भन्ने जान्नू ।

स्वयं धर्मपरो भूत्वा धर्मे संस्थापयेत् प्रजाः ।
प्रमाणभूतं धर्मिष्ठमुपसर्पन्त्यतः प्रजाः ॥८॥

राजाले पहिले आफू धर्ममा रहेर त्यसपछि प्रजालाई पनि धर्ममा लगाउनुपर्दछ । प्रामाणिक धर्ममा रहने राजालाई जनताले जहिले पनि साथ दिन्छ ।

देशधर्मा जाति धर्माः कुल धर्मास्सनातनाः ।
मुनिप्रोक्ताश्च ये धर्माः प्राचीना नूतनाश्च ये ॥९॥
ते राष्ट्रगुप्त्यै संधार्या ज्ञात्वा यत्नेन सन्नृपैः ।
धर्मसंस्थापनाद्राजा श्रियं कीर्तिं प्रविन्दति ॥१०॥

राजाले देशका, जातिका, कुलका, मुनिहरूले भनेका, पहिलेका र अहिलेका जुन सनातन धर्महरू छन् ती सबै राष्ट्रको रक्षाका लागि जतनले संरक्षण गर्नुपर्छ । किनभने धर्मको स्थापन गर्नाले राजालाई लक्ष्मी र कीर्ति प्राप्त हुन्छ ।

चतुर्धा भेदिता जातिर्ब्रह्मणा कर्मभिः पुरा ।
तत्तत्सांकर्यसांकर्यात् प्रतिलोमानुलोमतः ॥
जात्यानन्त्यं तु संप्राप्तं तद्वक्तुं नैवशक्यते ॥११॥

पहिले ब्रह्माजीले कर्मका भेदले चार प्रकारका जातिको भेद बनाउनुभएको थियो । तिनीहरू मिस्सिएका र नमिस्सिएका भेदबाट र उल्टोपाल्टो स्थितिबाट अहिले त जातिहरू यति छन् भनेर वर्णन गर्न सकिन्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्यन्ते जातिभेदं ये मनुष्याणं तु जन्मना ।
त एव हि विजानन्ति पार्थक्यं नामकर्मभिः ॥१२॥

वास्तवमा मनुष्यजातिको जन्म एक मात्र छ । जो व्यक्तिहरू नाम र कर्मले तथा जन्मले मानिसका जाति भेद छुट्याउँछन् तिनीहरू नै यति जाति छन् भन्ने कुरा गर्दछन् ।

जरायुजांडजा स्वेदोद्भिज्जा जातिस्तु संग्रहात् ।
उत्तमो नीचसंसर्गाद्भवेन्नीचस्तु जन्मना ॥१३॥

साल-नालबाट जन्मने, फूल (अंडा) बाट जन्मने, जमीन फोरेर जन्मने र पसीनाबाट जन्मने यस्तो चार प्रकारको जातिसंग्रह रहेको छ । जन्मँदा उत्तम छ भने पनि नीचको संसर्गबाट त्यो पनि नीच हुन्छ ।

नीचो भवेन्नोत्तमस्तु संसर्गाद्वापि जन्मना ।
कर्मणोत्तम नीचत्वं कालतस्तु भवेद्गुणैः ॥१४॥

जन्मँदा नीच छ भने पनि उत्तमको संसर्ग भयो भने त्यो उत्तम हुन्छ । उत्तम र नीच भन्ने कुरा कामले गुणले र कालले पनि हुन्छ ।

विद्याकलाश्रयेणैव तन्नाम्ना जातिरुच्यते ॥१५॥

विद्या र कलाको आश्रय गर्नाले त्यही किसिमको जाति भनिन्छ ।

ईज्याध्ययनदानानि कर्माणि तु द्विजन्मनाम् ।
प्रतिग्रहोऽध्यापनं च याजनं ब्राह्मणेऽधिकम् ॥१६॥

यज्ञ गर्नु, पढ्नु, दान गर्नु, दान लिनु, पढाउनु यति कर्म ब्राह्मणका हुन् र विशेष गरेर यज्ञगर्नु ब्राह्मणको कर्म मानिन्छ ।

सद्रक्षणं दुष्टनाशः स्वांशादानं तु क्षत्रिये ।
कृषिगोगुप्तिवाणिज्यमधिकं तु विशां स्मृतम् ॥
दान सेवैव शुद्रादेर्नीचकर्म प्रकीर्तितम् ॥१७॥

सज्जनलाई रक्षागर्नु, दुष्टलाई नाश गर्नु, आफ्नो भाग लिईछोड्नु, यति कुरा क्षत्रियका मुख्य कर्म हुन् । खेती, पशुपालन, गर्नु, ब्यापार गर्नु यति काम वैश्यका प्रधान छन् र दान गर्नु सेवा गर्नु नीचवृत्ति गर्ने काम शूद्रका हुन् भनी मानिएको छ ।

क्रियाभेदैस्तु सर्वेषां भृतिवृत्तिरनिन्दिता ॥१८॥

कामको भेद मात्र हो, भरण-पोषण गर्ने वृत्ति कसैको पनि दिन्दित मानिन्न ।

सीरभेदैः कृषिः प्रोक्ता मन्वाद्यैर्ब्राह्मणादिषु ।
ब्राह्मणैष्षोडशगवं चतुरूनं यथा परैः ॥
द्विगवं वांस्त्यजैस्सीरं दृष्ट्वा भूमार्दवं तथा ॥१९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनु आदि ऋर्षिहरूले ब्राह्मण आदि जातिलाई हलाको भेदबाट खेती गर्ने कुरा बताएका छन् जस्तै ब्राह्मणले यौटा हलामा सोह्र गोरु नार्नू खेती गर्नू क्षत्रियले बाह्र, वैश्यले आठ र शूद्रले चार गोरु नारेर खेती गर्नू । अथवा जमीन साह्रो र कमलो हेरी त्यैअनुसार गोरुको संख्या घटाउनू वा बढाउनू ।

ब्राह्मणेन विनान्येषां भिक्षावृत्तिर्विगर्हिता ।।२०।।
तयो र्विशेषैर्विविधै र्व्रतैश्च विधिचोदितैः
वेदः कृत्स्नोऽधिगन्तव्यः सरहस्यो द्विजन्मना ।।२१।।

ब्राह्मणले बाहेक अरूले भिक्षावृत्ति गर्नु निन्दित मानिएको छ । नियमानुसार बताइएका तपस्याविशेष तथा व्रतहरू गर्दै ब्राह्मणले वेदलाई रहस्यसहित यथार्थ रूपले जान्नुपर्छ ।

योऽधीतविद्यस्सकलः स सर्वेषां गुरुर्भवेत् ।
न च जात्यानधीतो यो गुरुर्भवितुमर्हति ।।२२।।

जसले संपूर्ण विद्या पढेको छ त्यो सबैको गुरु हुन्छ । नपढी केवल जातले मात्र कोही पनि कसैको गुरु हुन सक्तैन ।

विद्या ह्यनन्ताश्च कलाः संख्यातुं नैव शक्यते ।
विद्या मुख्याश्च द्वात्रिंशच्चतुष्षष्ठिः कलास्मृताः ।।२३।।

विद्या अनन्त छन् र कला यति छन् भनेर गन्नै सक्किन्न । तथापि मुख्य विद्या बत्तीस ओटा छन् र मुख्य कला चौसट्ठी छन् ।

यद्यत् स्याद्वाचिकं सम्यक् कर्म विद्याभिसंज्ञकम् ।
शक्तो मूकोऽपि यत् कर्तुं कलासंज्ञं तु तत्स्मृतम् ।।२४।।

जुन जुन कर्म बोलीका विषय बनेर रहेका छन् त्यसलाई विद्या भनिन्छ र जुन कुरा लाटाले पनि गर्न सकिन्छ त्यस कुरालाई कला भनेर कहिएको छ ।

उक्तं संक्षेपतो लक्ष्मविशिष्टं पृथगुच्यते ।
विद्यानां च कलानां च नामानि तु पृथक् पृथक् ।।२५।।

यस प्रकार विद्या र कलाका लक्षण सामान्य रूपमा भनियो। इनीहरूका विशेषता बेग्लै भनिनेछन् । विद्या र कलाका नाम पनि बेग्लाबेग्लै छन् ।

ऋग्यजुः साम चाथर्वा वेदा आयुर्धनुः क्रमात् ।
गान्धर्व श्चैव तन्त्राणि उपवेदाः प्रकीर्तिताः ।।२६।।

ऋक्, यजु, साम र अथर्व यी चार वेद हुन् र आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र तन्त्र यिनीहरू उपवेद हुन् भनेर कहिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिक्षा व्याकरणं कल्पो निरुक्तं ज्योतिषं तथा
छंन्दश्षडङ्गानीमानि वेदानां कीर्तितानि हि ॥२७॥

व्याकरण, शिक्षा, कल्प, निरुक्त, ज्योतिष र छन्द, यी ६ वटा (शास्त्र) वेदका अङ्ग भनी बताइएको छ ।

मीमांसातर्कसांख्यानि वेदान्तो योग एव च
इतिहासाः पुराणानि स्मृतयो नास्तिकं मतम् ॥२८॥

मीमांसा, तर्क (न्याय) सांख्य, वेदान्त, योग, इतिहास, पुराण, धर्मशास्त्र, नास्तिकहरूको मत, (यिनीहरू र)

अर्थशास्त्रं कामशास्त्रं तथा शिल्पमलंकृतिः ।
काव्यानि देशभाषावसरोक्तिर्यावनं मतम् ॥
देशादिधर्मा द्वात्रिंशदेता विद्याभिसंज्ञिताः ॥२९॥

अर्थशास्त्र, कामशास्त्र, शिल्पशास्त्र, अलंकारशास्त्र, काव्यशास्त्र, देशभाषा, मौकाको बोली प्रयोग गर्ने शास्त्र, मुसलमानको मत र देश आदिका धर्म इत्यादि बत्तीस ओटा कुरालाई विद्या भनिन्छ ।

मन्त्रब्राह्मणयोर्वेदनाम प्रोक्तमृगादिषु ॥३०॥
जपहोमार्चनं यस्य देवताप्रीतिदं भवेत् ।
उच्चारान्मन्त्रसंज्ञं तद्विनियोगि च ब्राह्मणम् ॥३१॥

वेदलाई ऋक् आदिमा मन्त्र र ब्राह्मण पनि भनिन्छ। जसको उच्चारण गरेर जप, होम र पूजा गरी देवतालाई खुसी गराइन्छ, त्यस्तो उच्चारण गरिने वाक्य मन्त्र भनिन्छ र जसमा विनियोग छ त्यो ब्राह्मण (वेदको उच्चारण गर्ने कुनै विधि) हो ।

ऋग्रूपा यत्र ये मन्त्राः पादशोऽर्धर्चशोऽपि वा ।
येषां हौत्रं स ऋग्भागस्समाख्यानं च यत्र वा ॥३२॥

ऋग्वेदस्वरूप जुन मन्त्रहरू छन् चाहे ती पाउ मात्र हुन्, चाहे ती आधा ऋचा मात्र हुन् तथा जुन ती ऋचाबाट हवनकर्म हुन्छ, अथवा जहाँ इतिहासको समावेस छ त्यो सबै ऋग्वेदको भाग हो ।

मश्लिष्टपठिता मन्त्रा वृत्तगीतिविवर्जिताः ।
आध्वर्यवं यत्र कर्म त्रिगुणं यत्र पाठनम् ॥३३॥
मन्त्र ब्राह्मणयोरेव यजुर्वेदस्स उच्यते ॥

जहाँ मन्त्रहरू बेग्लाबेग्लै पढिन्छन् र जसमा वृत्तान्त र गीति हुँदैनन् र जसमा आध्वर्युको कर्म हुन्छ र जसको पढाइ वा उच्चारण तीन गुणा (प्लुत) हुन्छ यस्तो मन्त्र र ब्राह्मणस्वरूप भएको वेद यजुर्वेद हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उद्गीथं यस्य शस्त्रादेर्यज्ञे तत्सामसंज्ञकम् ॥३४॥
अथर्वाङ्गिरसो नाम ह्यु पास्योपासनात्मकः ।
इति वेदचतुष्कं तु ह्यु द्दिष्टं च समासतः ॥३५॥

जसमा यज्ञका बीचमा शस्त्रादिको उच्च स्वरमा गाना हुन्छ, त्यो सामवेद हो भनिएको छ र जसमा उपासना (पूजा) र उपास्य (पूजनीय कुरा) को वर्णन हुन्छ त्यो अथर्ववेद हो र यसलाई अंगिरा पनि भन्छन् । यस प्रकार संक्षेपमा चार वेदका विषयमा केही भनियो ।

विदत्यायुर्वेत्ति सम्यगाकृत्यौषधिहेतुतः ।
यस्मिन्नृग्वेदोपवेदस्स चायुर्वेदसंज्ञकः ॥३६॥

जसमा आकृति र हेतु (निदान) बाट आयुको यथार्थ ज्ञान हुन्छ त्यसलाई आयुर्वेद भन्दछन् । त्यो ऋग्वेदअन्तर्गतको उपवेद हो ।

युद्धशस्त्रास्त्रव्यूहादिरचनाकुशलो भवेत्
यजुर्वेदोपवेदोऽयं धनुर्वेदस्तु येन सः ॥३७॥

लडाइँका कुरा, शस्त्र अस्त्र, व्यूह आदि रचन सिकाउने कुरा प्रशस्त भएको, यजुर्वेदको उपवेद धनुर्वेद हो ।

स्वरैरुदात्तादिधर्मैं स्तंत्रीकण्ठोत्थितैस्सदा ।
सतालै र्ज्ञानविज्ञानं गांधर्वो वेद एव सः ॥३८॥

सामान्य स्वर र उदात्त आदि स्वरका धर्म (गति) र वीणा अथवा घाँटीबाट निस्कने तालहरुसहित जसबाट गाउने ज्ञान हुन्छ त्यो गान्धर्ववेद हो ।

विविधोपास्यमन्त्राणां प्रयोगास्सुविभेदतः ।
कथितास्सोपसंहारा स्तद्धर्मनियमैश्च षट् ।
अथर्वणां चोपवेदस्तन्त्ररूपस्स एव हि ॥३९॥

जुन शास्त्रमा अनेक प्रकारका पूजाका मन्त्रहरूको प्रयोग र उनीहरूका समाप्ति, धर्म तथा नियमसहित ६ वटा उपायद्वारा बताइन्छ त्यसलाई तन्त्र भन्दछन् र त्यो तन्त्र शास्त्र अथर्ववेद अन्तर्गतको उपवेद हो ।

स्वरतः कालतः स्थानात् प्रयत्नानुप्रदानतः ।
सवनाद्यैश्च सा शिक्षा वर्णानां पाठशिक्षणात् ॥४०॥

जसमा स्वर, काल, स्थान, प्रयत्न र अनुप्रदानबाट सवन आदिबाट वर्ण (अक्षर) हरू उच्चारण गर्ने शिक्षा दिइन्छ त्यो शिक्षाशास्त्र हो भनिएको छ ।

प्रयोगो यत्र यज्ञानामुक्तो ब्राह्मणशेषतः ।
श्रौतकल्पः स विज्ञेयः स्मार्तकल्पस्तथेतरः ॥४१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदको ब्राह्मण भागबाट जहाँ यज्ञको विधान बताइन्छ त्यो श्रौत कल्प हो र यसभन्दा भिन्न अरू स्मार्त कल्प हो भनी जान्नू ।

व्याकृताः प्रत्ययाद्यैश्च धातुसंधिसमासतः
शब्दाःयत्रव्याकरणमेतद्धि बहुलिंगतः ॥४२॥

जुन शास्त्रमा प्रत्यक्षरूपबाट प्रत्यय, धातु, सन्धि र समासबाट अपशब्दको व्याख्या गरिन्छ र एक, दुई, अथवा धेरै लिङ्गका भेदले शब्दको वर्णन हुन्छ त्यस्तो शास्त्र व्याकरण हो ।

शब्दनिर्वचनं यत्र वाक्यार्थैकार्थसंग्रहः ।
निरुक्तं तत्समाख्यानाद्वेदाङ्गं श्रौत्रसंज्ञकम् ॥४३॥

जुन शास्त्रमा वाक्यका अर्थहरूमध्ये एक अर्थको संग्रह गरिएको हुन्छ, त्यो शास्त्र निरुक्त हो । त्यो श्रौत नामक वेदकै अङ्ग हो ।

नक्षत्रग्रहगमनैः कालो येन विधीयते ।
संहिताभिश्च होराभिर्गणितैज्योतिषं हि तत् ॥४४॥

जुन शास्त्रमा नक्षत्र (तारा) र ग्रह (सूर्यादि) का गतिबाट (शुभाशुभ) समयको निरूपण गरिन्छ र संहिता र होरा (गणित विशेष) बाट गणना गरिन्छ त्यो शास्त्र ज्योतिष शास्त्र हो ।

म्यरस्तजभ्नगैर्लान्तैः पद्यं यत्र प्रमाणतः ।
कल्प्यते छन्दशास्त्रं तद्वेदानां पादरूपधृक् ॥४५॥

जुन शास्त्रमा मगण, यगण, रगण, सगण, तगण, जगण, भगण र नगण रहन्छन् र लघु र गुरुका प्रमाणले पद्य (श्लोक) बनाइन्छ त्यो शास्त्र कल्परूप छन्दः शास्त्र हो र त्यो पनि वेदका छ अङ्गमध्ये एक हो ।

यत्र व्यवस्थिता चार्थकल्पनाविधिभेदतः ।
मीमांसावेदवाक्यानां सैव न्यायश्च कीर्तितः ॥४६॥

जुन शास्त्रमा अर्थको कल्पना विधि (नियम) का भेदबाट निश्चित गरिन्छ, त्यो शास्त्र मीमांसाशास्त्र हो र त्यसैलाई न्यायशास्त्र पनि भन्दछन् ।

भावाभावपदार्थानां प्रत्यक्षादिप्रमाणतः ।
सविवेको यत्र तर्कः कणादादिमतं च यत् ॥४७॥

जुन शास्त्रमा भाव र अभावरूप पदार्थ (द्रव्यादि सात पदार्थ) हरूको प्रत्यक्ष आदि प्रमाणबाट विवेचनापूर्वक वर्णन गरिन्छ कणाद आदि विद्वान्हरूको मत भएको त्यो शास्त्र तर्कशास्त्र हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरुषोऽष्टौ प्रकृतयो विकाराः षोडशेति च ।
तत्त्वादिसंख्यावैशिष्ट्यात् सांख्यमित्यभिधीयते ।।४८।।

जुन शास्त्रमा पुरुष (ईश्वर) आठ प्रकृति र सोह्र विकार तथा तत्त्व आदिको संख्यापूर्वक विवेचना गरिन्छ त्यो शास्त्र सांख्यशास्त्र हो भनिएको छ ।

ब्रह्मैक मद्वितीयं स्यान्नाना नेहास्ति किंचन ।
मायिकं सर्वमज्ञानाद्भाति वेदान्तिनां मतम् ।।४९।।

ब्रह्म नै एक अद्वितीय छ अरू यहाँ भएको नानात्व (माया) भन्नु मात्र हो केही छैन । यो सबै अज्ञानले गर्दा माया नै प्रतीत भइरहेको छ, यस्तो भन्ने शास्त्र वेदान्तशास्त्र हो र वेदान्तीहरूको मत (राय) पनि यस्तै छ ।

चित्तवृत्तिनिरोधस्तु प्राणसंयमनादिभिः ।
तद्योगशास्त्रं विज्ञेयं यस्मिन् ध्यानसमधितः ।।५०।।

जुन शास्त्रमा प्राणवायुलाई रोकेर चित्तका वृत्ति (व्यापार) लाई रोक्न अथवा ध्यान समाधिबाट पनि चित्तवृत्तिलाई नियन्त्रण गर्ने उपाय बताइएको हुन्छ त्यो शास्त्र योगशास्त्र हो ।

प्राग्वृत्तकथनं चैक राजकृत्यमिषादितः ।
यस्मिन् स इतिहासः स्यात् पुरावृत्तः स एव हि ।।५१।।

राजाका कामकाज आदि बर्णन गर्ने निहुँले जुन शास्त्रमा प्राचीन कुराहरूको वर्णन गरिएको हुन्छ त्यो शास्त्र इतिहासशास्त्र हो र त्यसलाई पुरावृत्त पनि भनिन्छ ।

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च ।
वंशानुचरितं यस्मिन् पुराणं तद्विकीर्तितम् ।।५२।।

जुन शास्त्रमा सर्ग, प्रतिसर्ग, वंश, मन्वन्त र वंशमा भएका चरित्रहरूको वर्णन गरिएको हुन्छ त्यो शास्त्र पुराणशास्त्र हो भनी बताइएको छ ।

वर्णादिधर्मस्मरणं यत्र वेदाविरोधकम् ।
कीर्तनं चार्थशास्त्राणां स्मृतिः सा च प्रकीर्तिताः ।।५३।।

जुन शास्त्रमा वेदले भनेअनुसार वर्ण (जात) हरूका धर्मको वेदकै अनुकूल बर्णन गरिएको हुन्छ, जसमा अर्थशास्त्रको पनि यथार्थ विवेचना गरिन्छ, त्यो शास्त्र स्मृतिशास्त्र हो भनेर कहिएको छ ।

युक्तिर्बलीयसी यत्र सर्वं स्वाभाविकं मतम् ।
कस्यापि नेश्वरः कर्ता न वेदो नास्तिकं मतम् ।।५४।।

जुन शास्त्रमा युक्ति (भनाइ) बलबान् हुन्छ र अरू वर्णन (भनाइ) सामान्य हुन्छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईश्वर छैन, त्यो कर्ता पनि हैन र वेदले भनेको कुरा पनि सत्य हैन भनेर व्याख्या गरिन्छ त्यो शास्त्र नास्तिकशास्त्र हो र नास्तिकहरूको मत पनि यै हो ।

श्रुतिस्मृत्यविरोधेन राजवृत्तादिशासनम् ।
सुयुक्त्यार्थार्जनं यत्र ह्यर्थशास्त्रं तदुच्यते ।।५५।।

जुन शास्त्रमा श्रुति (वेद) र स्मृति (धर्मशास्त्र) लाई विरोध नपारी असल जुक्तिबाट धन जम्मा गर्ने प्रसंग छ त्यस्तो राजकाज चलाउने शास्त्रलाई अर्थशास्त्र भनिएको छ ।

शशादिभेदत: पुंसामनुकूलादिभेदत: ।
पद्मिन्यादिप्रभेदेन स्त्रीणां स्वीयादिभेदत: ।।
तत् कामशास्त्रं सत्वादेर्लक्ष्म यत्रास्ति चोभयो: ।।५७।।

जुन शास्त्रमा पुरुषका शश आदि र अनुकूल आदि भेदले र स्त्रीजातिका स्वीय (आफ्ने शील स्वभाव) र पद्मिनी आदि भेदले यी दुवैका सत्व आदि लक्षणहरूको वर्णन गरिन्छ त्यस शास्त्रलाई कामशाम्त्र भन्दछन् ।

प्रासादप्रतिमाराम गृहवाप्यादिसत्कृति: ।
कथिता यत्र तच्छिल्पशास्त्रमुक्तं महर्षिभि: ।।५८।।

जुन शास्त्रमा मन्दिर, प्रतिमा, बगैंचा, घर, कुवा आदि बनाउने विधिको वर्णन गरिन्छ त्यस्तो शास्त्रलाई महर्षिहरूले शिल्पशास्त्र हो भनेका छन् ।

समन्यूनाधिकत्वेन सारूप्यादिप्रभेदत:
अन्योऽन्यगुणभूषा तु वर्ण्यतेऽलंकृतिश्च सा ।।५९।।

जुन शास्त्रमा सामान्य, विशेष अथवा निम्न प्रकारले अथवा सारूप्प आदि भेदबाट परस्पर (दुई व्यक्तिमा हुने) गुण र अलङ्कारको वर्णन गरिन्छ त्यस शास्त्रलाई अलंकारशास्त्र हो भनिएको छ ।

सरसालंकृतादुष्टशब्दार्थं काव्यमेव तत् ।
विलक्षणचमत्कारबीजं पद्यादिभेदत: ।।६०।।

जुन शास्त्रमा रसिलोपना (मीठो भनाइ), अलंकार र खराब शब्द नपरीकन विलक्षण चमत्कारयुक्त शब्द र अर्थको विन्यासद्वारा गद्य-पद्यबाट जुनसुकै विषयको पनि वर्णन गरिन्छ त्यस शास्त्रलाई काव्यशास्त्र भनिन्छ ।

लोकसंकेततोऽर्थानां सुग्रहावाक् तु दैशिकी ।
विनाकौशिकशास्त्रीयसंकेतै: कार्यसाधिका ।।
यथाकालोचिता वाग्वावसरोक्तिश्च सा स्मृता ।।६१।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शास्त्रै नहेरी लोकको रीतबाट नै राम्रोसँग देशको भाषा ज्ञान हुने, कोष र शास्त्रविना पनि कार्यसिद्ध गर्न सक्ने, समयानुसार (मौकामा) जुन बोली बोलिन्छ त्यसलाई 'अवसरको बोली' भन्दछन् ।

ईश्वर: कारणं यत्राद्दश्योऽस्ति जगत: सदा
श्रुतिस्मृतिविना धर्माधर्मौ स्तःतच्च यावनम् ।।६२।।
श्रुत्यादि भिन्न धर्मेऽस्ति यत्र तद्यावनं मतम् ।।६३।।

यत्रो विशाल जगत्को कारणस्वरूप ईश्वर देखिंदैन, (छैन) भन्ने र श्रुति र स्मृतिदेखि भिन्न धर्म र अधर्मको व्याख्या गर्ने शास्त्र यावन (फारसी) शास्त्र हो र श्रुति-स्मृतिदेखि भिन्न धर्म मान्नु यावत (मुसलमान) हरूको मत हो ।

कल्पितश्रुतिमूलो वा मूलो लोकैर्धृतस्सदा ।
देशादिधर्म: स ज्ञेयो देशे देशे कुले कुले ।।६४।।

कपोलकल्पित होस् अथवा शास्त्रानुसार होस् जे भए पनि दुनियाँहरूले परम सत्य मानेको कुरालाई देशविशेषको धर्म र कुलविशेषको धर्म भनेर जान्नू ।

पृथक् पृथक् तु विद्यानां लक्षणं संप्रकाशितम् ।
कलानां तु पृथङ्नाम लक्ष्म चास्तीह केवलम् ।।६५।।

बेग्लाबेग्लै विद्याका बेग्लाबेग्लै प्रकारका लक्षणहरू भनिए यहाँ ६४ कलाका नाम उल्लिखित छैनन् केवल लक्षण मात्र भनिन्छन् ।

पृथक् पृथक् क्रियाभिर्हि कलाभेदस्तु जायते ।
यां यां कलां समाश्रित्य तन्नाम्ना जातिरुच्यते ।।६६।।

विभिन्न प्रकारका कार्य-कलापले गर्दा नै कलाको भेद हुन जान्छ । मानिसले जुन जुन कलाको आश्रय लिन्छन्, त्यसले गर्दा उनीहरूको जाति पनि त्यही कलाअनुसार बोलाइने हुन्छ ।

हावभावादिसंयुक्तं नर्तनं तु कला स्मृता ।
अनेक वाद्यविकृतौ ज्ञानं तद्वादने कला ।।६७।।

हावभावसहित नाच्नु पनि कला हो र धेरै प्रकारका बाजा बजाउँदा पनि कुनै बाजाको स्वर बिग्रेको पक्रन सक्नु त्यो पनि बजाइने कला हो भनिन्छ ।

वस्त्रालंकारसंधानं स्त्रीपुंसोश्च कला स्मृता ।
अनेक रूपाभिर्भावकृतिज्ञानं कला स्मृता ।।६८।।

स्वास्नीमानिस र लोग्ने मानिसको चिटिक पारेर लुगा लगाउनु पनि कला हो । अनेक रूपको प्रदर्शनबाट कामको ज्ञान गर्नु पनि कला हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शय्यास्तरणसंयोगपुष्पादिग्रथनं कला ।
द्यूताद्यनेक क्रीडाभी रञ्जनं तु कला स्मृता ।।६९।।

शय्या र बस्ने ठाउँहरूमा फूलहरू सजाउनु पनि कला हो र जूवा आदि अनेक खेलबाडले आनन्द लिनु पनि कला हो ।

अनेकासनसंधानै रतेर्ज्ञानं कला स्मृता ।
कलासप्तकमेतद्धि गान्धर्वे समुदाहृतम् ।।७०।।

अनेक आसनका तरीकाबाट रतिक्रीडा (मैथुन) गर्नु पनि कला हो । यति माथि बताइएका सात कला गान्धर्व वेदमा व्याख्या गरिएका छन् ।

मकरन्दासवादीनां मद्यादीनां कृतिः कला ।
शल्य गूढाहृतौ ज्ञानं शिराव्रणव्यधे कला ।।७१।।

मकरन्द, आसव (झोल पार्ने) र मदिरा आदि पार्ने पनि कला हो । त्यस्तै भित्र बिझेको काँढो झिक्ने, घाउ चिर्ने, र नसा चिर्ने ज्ञान हुनु पनि कला हो ।

हीनादिरससंयोगान्नादिसंपाचनं कला ।
वृक्षादि प्रसवारोपपालनादि कृतिः कला ।।७२।।

धेरै थोरै पानी मिलाउन जानेर अन्न पकाउनु जान्नु पनि कला हो र वृक्षहरू रोप्ने उमार्ने र हुर्काउने पनि कला हो ।

पाषाणधात्वादिदृतिस्तद्भस्मकरणं कला ।
यावदिक्षु विकाराणां कृतिज्ञानं कला स्मृता ।।७३।।

पत्थर आदि धातुहरूलाई कुँद्नु, ढाल्नु र तिनीहरूको भस्म बनाउनु पनि कला हो र सम्पूर्ण ऊखुका विकार सखर घैला चाकु चिनी मिस्री चास्नी बनाउन जान्नु पनि कला हो ।

धात्वौषधीनां संयोगक्रियाज्ञानं कला स्मृता ।
धातुसांकर्यपार्थक्यकरणं तु कला स्मृता ।।७४।।

धातु (सुन-चाँदी आदि) र औषधीहरूको संयोग गर्ने क्रियाज्ञान गर्नु पनि कला हो र धातुहरू मिसाउनु र छुट्याउनु पनि कला हो ।

संयोगापूर्वविज्ञानं धात्वादीनां कला स्मृता ।
क्षारनिष्कासनज्ञानं कलासंज्ञं तु तत्स्मृतम् ।।
कलादशकमेतद्धि ह्यायुर्वेदागमेषु च ।।७५।।

धातुहरूलाई अनौठा प्रकारले जोड्न जान्नु पनि कला हो र खारलाई वस्तुबाट छुट्याउन जान्नु पनि कला हो भनिएको छ । यी उर्युक्त दश कला आयुर्वेद र आगम (तन्त्रशास्त्र) मा व्याख्या गरिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शस्त्रसंधानविक्षेपः पदादिन्यासतः कला ।
ध्याघाताकृष्टिभेदैर्मल्लयुद्धं कला स्मृता ॥७६॥

शस्त्रको तम्तयारी पार्नु, त्यसको निशाना लगाउनु, गोडा राख्नु उठाउनु पनि कला हो र जोर्नीमा हिर्काउन जान्नु, अर्कालाई खिच्न (तान्नु) जान्नु र कुस्ती खेल्न जान्नु पनि काला हो भनिएको छ ।

बाहुयुद्धं तु मल्लानामशस्त्रं मुष्टिभिः स्मृतम् ।
मृतस्य तस्य नस्वर्गो यशोनेहापि विद्यते ॥७७॥
बलदर्पविनाशान्तं नियुद्धं यशसे रिपोः ।
नकस्यासीत कुर्याद्वा माणान्तं बाहुयुद्धकम् ॥७८॥

पहलवानहरूको लडाइँ हतियार नलिईकन केवल मुड्की-मुड्कीले मुक्याउनु मात्र हो । बल घमण्ड हटेर शान्त भएको, हारेर भागेको, यस्तो कसैसँग पनि र कुस्ताकुस्ती गर्दा मर्नै भैसकुञ्जेलसम्मका अवस्थामा पुगेपछि त्यस्तासँग पनि लडिरहनु हुँदैन । त्यस्तो अवस्थामा गुगेका प्रतिद्वन्दी र (शत्रु) सँग जो लडिरहन्छ त्यस्ताको यहाँ कीर्ति पनि रहँदैन र मरेपछि त्यो स्वर्गमा पनि जाँदैन ।

कृतप्रतिकृतैश्चित्रै बाहुभिश्च सुसंकटैः ।
सन्निपातावघातैश्च प्रमादोन्मथनैस्तथा ।
कृतं निपीडनं ज्ञेयं तन्मुक्तिस्तु प्रतिक्रिया ॥८०॥

पहलवानी खेल्दा जोडका तोडले, विचित्र प्रकारले, हातले, अनेक बाधा पार्दै, जोडले अँठ्याएर, ठोकाइले, मुख्र्याईको किसिमबाट, निमोठेर लड्दा पनि त्यतिञ्जेलसम्म यसले मलाई जित्नै खोजेको छ भन्ने जान्नू, तर जसका यति कुरा हुँदैनन्, त्यो हाऱ्यो भन्ने जान्नू ।

कलाभिर्लक्षिते देशे यन्त्राद्यस्त्र निपातनम् ।
वाद्यसंकेततो व्यूहरचनादि कला स्मृता ॥८१॥

कलाहरूले ठम्याइएको ठाउँमा यन्त्र र अस्त्र निपातन (गिराउनु) गनु पनि कला हो र बाजा बजाएर त्यसका आवाजअनुसार व्यूह (चक्र) को रचना गर्नु (फौज जम्मा गर्नु आदि) कला हो ।

गजाश्वरथगत्या तु युद्धसंयोजनं कला ।
कलापञ्चकमेतद्धि धनुर्वेदागमे स्थितम् ॥८२॥

हात्ती, घोडा र रथका हिंडाइका गतिबाट युद्धको तारतम्य (तरीका) मिलाउनु पनि कला हो । उपर्युक्त पाँच कला "धनुर्वेदको" आगम (तन्त्र) मा रहेका छन् ।

विविधासनमुद्राभिर्देवतातोषणं कला ।
सारथ्यं च गजाश्वादेर्गति शिक्षा कला स्मृता ॥८३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनेक प्रकारका आसन र मुद्रा गरेर देवतालाई खुशी गराउनु पनि कला हो र सारथी बनेर हात्ती घोडाहरूलाई तालीम दिनु पनि कला हो ।

मृत्तिकाकाष्ठपाषाणधातुभांडादिसत्क्रिया ।
पृथक्कला चतुष्कं तु चित्राद्यालेखनं कला ॥८४॥

माटाका, काठका, ढुङ्गाका र धातुका असल, राम्रा भाँडा बनाउनु पनि कला हो र यी उपर्युक्त चार कला बेग्लै हुन् (अर्थात् ६४ कलाभन्दा बाहिरका हुन्) र तसवीर आदि लेख्नु पनि कला हो ।

तडागवापीप्रासादसमभूमिक्रिया कला ।
घट्याद्यनेकयन्त्राणां वाद्यानां तु कृतिः कला ॥८५॥

तलाउ, पोखरी, मन्दिर बनाउनु र अग्लो-होचो जमीनलाई सम्म पार्नु पनि कला हो र घडी आदि अनेक यन्त्र र बाजाहरू बनाउनु पनि कला हो ।

हीनमध्यादिसंयोगवर्णाद्यैः रंजनं कला ।
जलवाय्वग्निसंयोगनिरोधैश्च क्रिया कला ॥८६॥
नौकारथादियानानां कृतिज्ञानं कलास्मृता ।
सूत्रादि रज्जुकरणविज्ञानं तु कलास्मृता ॥८७॥

गाढा, फिक्का रङ्गबाट रँगाउनु पनि कला हो, पानी, हावा, आगोहरूलाई निर्माण गर्नु र यिनलाई नियन्त्रण गर्नु पनि कला हो तथा डुंगा, रथ आदि सवारी बनाउनु, ती बनाउन जान्नु पनि कला हो । त्यस्तै धागो कात्नु, डोरी बाट्नु आदि विषयको ज्ञान गर्नु पनि कला हो ।

अनेकतन्तुसंयोगैः पटबन्धकला स्मृता ।
वेधादि सदसज्ज्ञानं रत्नानां च कला स्मृता ॥८८॥

धेरै प्रकारका धागाहरू मिलाएर कपडा बुन्नु पनि कला हो र रत्नहरूलाई राम्रो तरीकाबाट छेड्नु, काट्नु आदि र ती असल खराव के हुन् भनी यथार्थ ज्ञान गर्नु पनि कला हो ।

स्वर्णादीनां तु याथात्म्यविज्ञानं च कला स्मृता ।
कृत्रिमस्वर्णरत्नादिक्रियाज्ञानं कला स्मृता ॥८९॥

सुन आदि धातुहरूलाई यथार्थ रूपले परीक्षा गर्न सक्नु र नकली सुन, रत्न बनाउने र त्यसलाई असल र खराव भनी छुट्याउन सक्ने ज्ञान पनि कला हो ।

स्वर्णाद्यलंकारकृतिः कला लेपादिसत्कृतिः ।
मार्दवादिक्रियाज्ञानं चर्मणां तु कला स्मृता ॥९०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पशुचर्माङ्गनिर्हारक्रियाज्ञानं कला स्मृता ।
दुग्धदोहादिविज्ञानं घृतांतं तु कला स्मृता ।।६१।।

सुनका गहनाहरू बनाउनु, लेप लगाउने कुरालाई यथार्थरूपबाट जान्नु र छालालाई नरम बनाउन जान्नु पनि कला हो। त्यस्तै पशुका रौं र अङ्गहरूलाई सफा गर्ने तिनीहरूलाई काममा प्रयोग गर्ने तरीका जान्नु र दूध दुहुने कामदेखि दही बनाउने र त्यो मथेर घ्यू बनाउनेसम्मका क्रियाहरूको ज्ञान गर्नु पनि कला हो ।

सीवने कंचुकादीनां विज्ञानं तु कलात्मकम् ।
बाह्वादिभिश्च तरणं कलासंज्ञं जले स्मृतम् ।।६२।।

चोला आदि लुगाहरू सिउने कुराको ज्ञान गर्नु पनि कला हो । त्यस्तै पानीमा हातले ख्याएर (पौडेर) तर्नु पनि कला हो ।

मार्जने गृहभांडादेर्विज्ञानं तु कला स्मृता ।
वस्त्रसम्मार्जनं चैव क्षुरकर्मकले ह्युभे ।।६३।।

घर र भाँडा-वर्तन सफा गर्न जान्नु पनि कला हो र लुगा धुनु तथा अनेक प्रकारले कपाल बनाउनु यी दुई कुरा पनि कला हुन् ।

तिलमांसादिस्नेहानां कलानिष्कासने कृतिः ।
सीराद्याकर्षणे ज्ञानं वृक्षाद्यारोहणे कला ।।६४।।

तिल, मासुको बोसोहरूलाई पेलेर तेल निकाल्ने विधि पनि कला हो र हलो चलाउने (जोत्ने) कुराको ज्ञान र रूख आदिमा चढ्ने ज्ञान गर्नु पनि कला हो ।

मनोऽनुकूलसेवायाः कृतिज्ञानं कला स्मृता ।
वेणुतृणादिपात्राणां कृतिज्ञानं कला स्मृता ।।६५।।

स्वामीका मनका अनुकूलको सेवा गर्न सक्ने ज्ञान कला हो र बाँस झार-पातबाट भाँडा-टोकरी आदि बनाउने विधिको विशेष ज्ञान गर्नु पनि कला हो ।

काचपात्रादिकरणविज्ञानं तु कला स्मृता ।
संसेचनं संहरणं जलानां तु कला स्मृता ।।६६।।

काँचका भाँडाहरू बनाउन विशेष प्रकारको ज्ञान गर्नु पनि कला हो र पानीलाई असल तरीकाबाट सेवन गर्ने र फाल्ने तरीका जान्नु पनि कला हो ।

लोहाभिसारशस्त्रास्त्रकृतिज्ञाने कला स्मृता ।
गजाश्ववृषभोष्ट्राणां पल्याणादि क्रिया कला ।।६७।।

फलाम र अभिसार (धातुविशेष) का शस्त्र-अस्त्र बनाउने विधिको ज्ञान गर्नु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि कला हो र हात्ती, घोडा, साँढे, ऊँटहरूको पल्याण (पाल्ने, सुमर्ने) आदि विधिलाई ज्ञान गर्नु पनि कला हो ।

शिशोः संरक्षणे ज्ञानं धारणे क्रीडने कला ।
सुयुक्त ताडनज्ञानमपराधिजने कला ॥९८॥

बालकलाई रक्षा गर्नु, लिनु, खेलाउनु, पालन-पोषण गर्ने कुरा जान्नु पनि कला हो र अपराधी व्यक्तिलाई सजाय दिनु कुट्न जान्नु पनि कला हो ।

नानादेशीयवर्णानां सुसम्यग्लेखने कला ।
तांबूलरक्षादिकृतिविज्ञानं तु कला स्मृता ॥९९॥

देश-विदेशका अनेक प्रकारका लिपिबाट राम्रा तरीकाले लेख्नु पनि कला हो र पान बनाउनु र त्यसलाई खेती गरी रक्षा गर्ने उपायको ज्ञान गर्नु पनि कला हो ।

आदानमाशुकारित्वं प्रतिदानं चिरक्रिया ।
कलासु द्वौ गुणौ ज्ञेयौ द्वे कले परिकीर्तिते ॥१००॥

भनेको कुरा टिपिहाल्नु (जानिहाल्नु) र आइपरेको काम चाँडै पूरा गर्नु, अरूलाई सिकाउनु र काम ज्यादा ढीलो गर्नु (अलमल्याउनु, प्रत्येक कलामा यस्ता दुई प्रकारका गुण हुन्छन् र यिनलाई पनि कला नै भन्दछन् ।

चतुष्षष्टि कला ह्येतास्संक्षेपेण निर्दशिताः ।
यां यां कलां समाश्रित्य तां तां कुर्यात् स एव हि ॥१०१॥

पूर्वोक्त यी चौसट्ठी कला संक्षेपले भनिए । जसलाई जुन जुन कलाको आश्रय गर्न मन लाग्छ, तिनै तिनै कलाको आश्रय र अभ्यास गर्नु ।

विद्याकलानिरूपण नामको तेस्रो
अध्याय समाप्त भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ

चतुर्थोऽध्याये चतुर्थं प्रकरणम्

ब्रह्मचारी गृहस्थश्च वानस्प्रस्थो यतिः क्रमात् ।
चत्वार आश्रमाश्चैते ब्राह्मणस्य सदैव हि ॥१॥

ब्रह्मचर्य, गार्हस्थ्य, वानस्प्रस्थ र सन्यास यी चार आश्रम ब्राह्मणका लागि नियमित छन् र संन्यास आश्रमलाई छोडेर अरू तीन आश्रम क्षत्रिय, वैश्य र शूद्रका लागि नियमित छन् ।

अन्येषामन्त्यहीनाश्च क्षत्रविट् शूद्रकर्मणाम् ।
विद्यार्थं ब्रह्मचारी स्यात् सर्वेषां पालने गृही ॥२॥

विद्याध्ययनका लागि ब्रह्मचर्य, सबैको पालन गर्नका लागि गार्हस्थ्य आश्रम उपयुक्त छ भनेर विभाजन गरिएको छ । ब्राह्मणलाई चारै आश्रम नियमित छन् र क्षत्रिय, वैश्य र शूद्रका लागि भने तीन आश्रम उपयुक्त मानिएका छन् ।

वानप्रस्थः संदमने सन्यासी मोक्षसाधने ।
वर्तयन्त्यन्यथा दंण्ड्या या वर्णाश्रमजातयः ॥३॥

इन्द्रिय-दमन गर्नका लागि वानप्रस्थ आश्रम र मोक्षप्राप्तिका लागि संन्यास आश्रम हो । यिनमा आफ्ना अवस्थानुसार आश्रममा नियमपूर्वक रहनुपर्दछ । अन्यथा गरेमा ती आश्रममा रहने जातिहरूलाई दण्ड दिनुपर्दछ ।

कुलान्यकुलतां यान्ति ह्यकुलानि कुलीनताम् ।
यदि राज्ञोपेक्षितानि दण्डतोऽशिक्षितानि च ॥४॥

यदि राजाले दण्ड (सजाय) र शिक्षा (उपदेश र नियमहरू) नलगाउने हो भने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुलीन अकुलीन हुँ र अकुलीनहरू पनि कुलीन हुँ भन्न खोज्दछन् । अतः राजाले सबैलाई दण्ड र शिक्षा दिनैपर्छ ।

जपं तपस्तीर्थसेवां प्रव्रज्यां मन्त्रसाधनम् ।
देवपूजां नैव कुर्यात् स्त्रीशूद्रस्तु पतिं विना ॥५॥

जप, तपस्या, तीर्थसेवा, संन्यास, मन्त्र सिद्ध गर्ने काम र देवताको पूजा शूद्रहरूले गर्नु हुँदैन र अरू वर्णका स्त्रीजातिहरूले पनि आफ्ना पतिको आज्ञाविना यति कुरा गर्नु हुँदैन ।

न विद्यते पृथक् स्त्रीणां त्रिवर्गविधिसाधनम् ।
पत्युः पूर्वं समुत्थाय देहशुद्धिं विधाय च ॥६॥
उत्थाप्य शयनीयानि कृत्वा वेश्मविशोधनम् ।
मार्जनैर्लेपनैः प्राप्य सानलं यवसांगणम् ।॥७॥
शोधयेद्यज्ञपात्राणि स्निग्धान्युष्णेन वारिणा ।
प्रोक्षणीयेरितान्येव यथास्थानं प्रकल्पयेत् ।
शोषयित्वा तु पात्राणि पूरयित्वा तु धारयेत् ॥८॥

स्त्रीजातिको धर्म, अर्थ र काम यी तीन कुरा सिद्ध गर्न पतिविना अर्को साधन छैन। पत्नीले पतिभन्दा पहिले उठेर घरलाई सफा गरी लिप-पोत सकेर अग्निशाला र आँगन सफा गरी चिल्ला यज्ञका भाँडालाई तातो पानीले सफा गरोस् । सफा पारेका ती पात्रहरूलाई यथास्थान राखोस् र सबै पानीका भाँडा सुकेपछि तिनमा पानी हाली पूर्ण पारि-राखोस् ।

महानसस्थपात्राणि बहिः प्रक्षाल्य सर्वशः ।
मृद्भिस्तु शोधयेच्चुल्लीं तत्राग्निं सेन्धनं न्यसेत् ॥९॥
स्मृत्वा नियोगपात्राणि रसान्नद्रविणानि च ।
कृतपूर्वाह्णकार्येयं श्वसुरावभिवादयेत् ॥१०॥

अनि भान्सामा लगिने भाँडाहरू वाहिरै पखालेर लैजानू र चुह्लालाई माटाले पोतेर त्यहाँ दाउरा राखी आगो फुक्नू । त्यसपछि कामका भाँडाहरू विचार गरी पानी अन्न वस्तुहरू ठिक्क पारी यसरी पूर्वाह्णको काम सकी सासु-ससुरालाई ढोगिदिनू ।

ताभ्यां भर्त्रा पितृभ्यां वा भ्रातृमातुलबान्धवैः ।
वस्त्रालंकाररत्नानि प्रदत्तान्येव धारयेत् ॥११॥

सासु, ससुरा, आमा, वाबु, पति, भाइ, मामा बन्धुहरू जस्ता गहना कपडा रत्नादि दिन्छन्, त्यो लगाउनू । नदिएका गहना कपडा नलगाउनू ।

मनोवाक्कर्मभिः शुद्धा पतिदेशानुवर्तिनी ।
छायेवानुगता स्वच्छा सखीव हितकर्मसु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दासीवदिष्टकार्येषु भार्या भर्तुः सदा भवेत् ॥१३॥

स्त्रीजातिले मन, वचन र कर्मले शुद्ध रहनू र आफ्ना लोग्नेले भनेको मान्ने, छाया जस्तै सदा साथ रहने, अनुकूला, असल काममा मित्र जस्ती, (दुवैको) भलो काममा दासी बराबर, आफ्ना पतिका प्रति सदा यस्ती बन्नुपर्छ (यस्तो गृहस्थी सुखी हुन्छ)।

ततोऽन्नसाधनं कृत्वा पतये विनिवेद्य सा ।
वैश्वदेवोद्धृतैरन्नैर्भोजनीयांश्च भोजयेत् ॥१४॥

त्यसपछि खाने अन्न तयार पारेर पतिलाई यस कुराको खबर गरी बलिवैश्वदेव-बाट बचेको अन्नद्वारा सबै खुवाउनुपर्नेहरूलाई भोजन गराउनू ।

पतिं च तदनुज्ञाता शिष्टमन्नाद्यमात्मना ।
भुक्त्वा नयेदहःशेषं सदायव्ययचिन्तया ॥१५॥

त्यसपछि पतिलाई भोजन गराइसकेपछि उनको आज्ञा पाएपछि आफूले खानु र अनि आज कति आमदानी भयो कति खर्च भयो भन्ने याद गर्दै दिनको कृत्य गर्नुपर्छ ।

पुनस्सायं पुनः प्रातर्गृहशुद्धिं विधाय च ।
कृतान्नसाधना साध्वी सभृत्यं भोजयेत् पतिम् ॥१६॥

यसरी वारंवार प्रतिदिन साँझ- विहान घर सफा गरेर भोजन बनाएर नोकर-चाकरसहित आफ्ना पतिलाई भोजन गराउनुपर्छ ।

नातितृप्ता स्वयं भुक्त्वा गृहनीतिं विधाय च ।
आस्तृत्य साधु शयनं ततः परिचरेत् पतिम् ॥१७॥

आफूलाई नपुगोस् वरु, तर अरू सबैलाई खुवाएर घरको काम सकी राम्रोसँग बिछ्यौना बिछ्याएर अनि पतिको सेवातर्फ लाग्नुपर्छ ।

सुप्ते पत्यौ तदभ्यासे स्वयं तद्गतमानसा ।
अनग्ना चाप्रमत्ता च निष्कामा च जितेन्द्रिया ॥१८॥

जब पति निदाउँछन् अनि आफू पनि उनका नगीच उनमै मन लगाएर सुत्नू । नाङ्गै उत्ताउली भएर कहिल्यै नसुत्नू र ज्यादा काम-लम्पट नभै इन्द्रियलाई वश गर्नुपर्छ ।

नोच्चैर्वदेन्न परुषं न बह्वाहूतिमप्रियम् ।
न केनचिच्च विवदेदप्रलापविवादिनी ॥१९॥

पतिसँग चर्को गरी नबोल्नू, रूखो कुरा नबोल्नू, ज्यादा मन नपर्ने कुरा पनि नबोल्नू, डाँको निकालेर पनि नबोल्नू । अझ कसैसित पनि गफगाफ नगर्नू र झगडा पनि नगर्नू, ज्यादा फनफन नगर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न चास्य व्ययशीला स्यान्न धर्मार्थविरोधिनी ।
प्रमादोन्मादरोषेर्ष्यावचनान्यतिनिन्दिताम् ॥२०॥

ज्यादा खर्चालु नबन्नू, धर्म र धनलाई नोक्सान हुने कुरा नगर्नू, बहुलट्ठीपना, मुर्ख्याइँ, डाह र ज्यादै नराम्रो, सबैले निन्दा गरिने कुरा पनि नबोल्नू ।

पैशुन्यहिंसाविषयमोहाहंकारदर्पताम् ।
नास्तिक्यसाहसस्तेयदम्भान् साध्वी विवर्जयेत् ॥२१॥

चुक्ली, हिंसा, मोह, अहंकार, घमण्ड, नास्तिकता, साहस, चोरी यति कुरा पतिव्रता स्त्रीले छोडिदिनू ।

एवं परिचरन्ती सा पतिं परमदैवतम् ।
यशस्यमिह यात्येव परत्रैषा सलोकताम् ॥२२॥

यसरी जुन स्त्रीले परमदेवतास्वरूप आफ्ना पतिको सेवा गर्दछे, त्यस स्त्रीले यस लोकमा कीर्ति र मरेपछि पतिसँगै स्वर्ग जान्छे ।

पोषितो नित्यकर्मोक्तं नैमित्तिकमथोच्यते ।
रजसो दर्शनादेषा सर्वमेव परित्यजेत् ॥२३॥

स्वास्नीमानिसका यो नित्यकर्म भनियो र अब नैमित्तिक कर्म भनिन्छ । स्वास्नीमानिसले आफू रजस्वला भएको जानेपछि सबै काम छोडिदिनू ।

सर्वैरलक्षिता शीघ्रं लज्जितान्तर्गृहं वसेत् ।
एकाम्बरा कृशा दीना स्नानालंकारवर्जिता ॥२४॥

कसैले नदेखिने गरी घरभित्र बस्नुपर्छ र एउटा मात्र लुगा लगाएर शान्त नम्र हुनुपर्छ तथा नुहाउने कुरा गर्न र गहना लाउन पनि हुँदैन ।

स्वपेद्भूमावप्रमत्ता क्षपेदेवमहस्त्रयम् ।
स्नानीय सा त्रिरात्र्यन्ते सचैलाभ्युदिते रवौ ॥२५॥

भूमिमा सुत्नू, घमण्ड नगर्नू र जब तीन रात बित्तछन्, अनि सूर्योदय भएपछि लगाएका कपडासहित नै नुहाउनुपर्छ ।

विलोक्य भर्तृवदनं शुद्धा भवति धर्मतः ।
कृतशौचा पुनः कर्म पूर्ववच्च समाचरेत् ॥२६॥

त्यसपछि आफ्ना पतिको अनुहार हेरेर धर्मपूर्वक त्यो स्त्री शुद्ध हुन्छे । अनि शुद्ध भएर फेरि आफूले गर्नुपर्ने काम गर्नुपर्छ ।

द्विजस्त्रीणामयं धर्मः प्रायोऽन्यासामपीष्यते ।
कृषिपण्यादिपुंकृत्ये भवेयुस्ताः प्रसाधिकाः ॥२७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माथि भनिएका स्त्रीजातिका धर्महरू ब्राह्मणका स्त्रीजातिका निमित्तका हुन् र अक्सर अरू वर्णका स्त्रीजातिले पनि गरे हुन्छ । स्त्रीले आफ्ना पतिको खेती व्यापार आदि पतिका व्यवहारमा सहयोग गर्नुपर्दछ ।

संगीतैर्मधुरालापैः स्वायत्तस्तु पतिर्यथा ।
भवेत्तथाऽचरेयुर्वै मायाभिः कामकेलिभिः ॥२८॥

संगीतले, मीठा बोलीहरूले, मायाले र विनोदका खेलवहाडले आफ्नू पति छुन स्वभावको छ, तदनुसार उसकी स्त्रीले पनि व्यवहार गर्नुपर्छ ।

मृते भर्तरि संगच्छेत् भर्तुर्वा पालयेत् व्रतम् ।
परवेश्मरुचिर्न स्यात् ब्रह्मचर्ये स्थिता सती ॥२९॥

ब्रह्मचर्यमा रहेकी सती स्त्री मन लाग्यो भने पति मरेपछि उसैसँग सती पनि जान-सक्छे अथवा उसकै सतीत्व पालन गरेर वसे पनि हुन्छ । स्त्री जातिले त्यसै अर्काका घरमा नजानू ।

मण्डनं वर्जयेन्नित्यं तथा प्रोषितभर्तृका ।
देवताराधनपरा तिष्ठेद्भर्तृहिते रता ।
धारयेन्मङ्गलार्थानि किंचिदाभरणानि च ॥३०॥

पति परदेश लागेकी स्त्रीले शृङ्गार नपार्नू, देवताको पूजा गर्नु र लोग्नेकै हित चिताएर बस्नु र सौभाग्यका सामान्य प्रकारका गहना मात्र लगाउनुपर्छ ।

नास्ति भर्तृसमो नाथो नास्ति भर्तृसमं सुखम् ।
विसृज्य धनसर्वस्वं भर्ता वै शरणं स्त्रियाः ॥३१॥

स्वास्नीमानिसको लोग्ने जत्तिको अरू कुनै ठूलो मालिक छैन, त्योभन्दा सुख-दिने अरू केही छैन र धन सर्वस्व छोडेर स्त्रीजातिका लागि एक उनको पति मात्र गतिलो आधार हुन्छ ।

मितं ददाति हि पिता मितं भ्राता मितं सुतः ।
अमितस्य प्रदातारं भर्तारं का न पूजयेत् ॥३२॥

स्त्रीजातिलाई बाबुले, भाइले र छोराले पनि अड्कलेर मात्र दिन्छन्, तर भनेजति उसका लोग्नेले दिन्छन् । अतः त्यस्ता आफ्ना लोग्नेलाई किन सेवा नगर्नु ?

शूद्रो वर्णश्चतुर्थोऽपि वर्णत्वाद्धर्ममर्हति ॥३३॥
वेदमंत्रस्वधास्वाहावषट्कारादिभिर्विना ॥
पुराणाद्युक्तमन्त्रैश्च नमोऽन्तैः कर्म केवलम् ॥३४॥

शूद्र पनि चौथो वर्ण हो । अतः वेदका मन्त्र, स्वाहा, स्वधा र वषट्कार आदि-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाई छोडेर केवल 'नमः' भन्ने मन्त्र प्रयोग गरेर त्यसले पनि धर्म गर्नुपर्छ । अथवा पुराणका मन्त्रहरू प्रयोग गर्नुपर्छ ।

विप्रवद्विप्रवन्नासु क्षत्रविन्नासु क्षत्रवत् ।
प्रजाता कर्म कुर्युर्वै वैश्यविन्नासु वैश्यवत् ॥३५॥

ब्राह्मण क्षत्रिय र वैश्यले आफ्नै जातमा विवाह-कर्म गरी जन्मेका त्यस्ता स्त्री-जातिबाट जन्मेकामा मात्र विवाहादिकर्म गर्नुपर्छ ।

वैश्यासु क्षत्रविप्राभ्यां जातः शूद्रासु शूद्रवत् ।
अधमादुत्तमायां तु जातस्शूद्राधमस्मृतः ॥
सशूद्रादनुसत्कुर्यान्नाम मन्त्रेण सर्वदा ॥३६॥

क्षत्रिय र ब्राह्मणबाट वैश्या अथवा शूद्रामा जन्मेका व्यक्तिले उसकी आमाका कुलमा चलेको व्यवहारअनुसार धर्मकर्म गर्नू र नीच जातबाट उत्तम जातकी स्त्रीमा जन्मेको व्यक्ति भने शूद्रभन्दा पनि अधम (नीच) मानिन्छ । त्यसले शूद्रकै अनुसार नाम मन्त्र उच्चारण गरी आफ्ना धर्मकर्म गर्नुपर्दछ ।

ससंकरचतुर्वर्णा एकत्रैकत्र यावनाः ।
वेदभिन्नप्रमाणास्ते प्रत्यगुत्तरवासिनः ॥३७॥
तदाचार्यैश्च तच्छास्त्रं निर्मितं तद्धितार्थकम् ।
व्यवहाराय या नीतिरुभयोरविवादिनी ॥३८॥

चारै वर्ण छ्यासमिस भएर उत्पन्न भएको जाति मुसलमान हो । यस्ता ठाउँ-ठाउँमा छन् । तिनीहरू पश्चिम र उत्तरतर्फ रहन्छन् । तिनीहरूको वेद बाहेक अर्कै प्रमाण ग्रन्थ छ र तिनीहरूका पुर्खाहरूले तिनीहरूको हितका लागि उनीहरूको शास्त्र बनाएका छन् । इहलोक र परलोकको समेत व्यवहार सप्रने कुरालाई नीति भन्दछन् ।

कदाचिद्बीजमाहात्म्यात् क्षेत्रमाहात्म्यतः क्वचित् ।
नीचोत्तमत्वं भवति श्रेष्ठत्वं क्षेत्रबीजतः ॥३९॥

कहीं बीजको प्रभावबाट र कहीं क्षेत्र (योनि) को प्रभावबाट नीच, मध्यम र उत्तम जातिको सृष्टि हुन्छ ।

विश्वामित्रश्च वासिष्ठो मातंगो नारदादयः ।
तपोविशेषैः संप्राप्ता उत्तमत्वं न जातितः ॥४०॥

विश्वामित्र, वसिष्ठ, मातंग र नारद तपस्याबाट नै उत्तम जातमा प्राप्त भएका हुन् जन्मविशेषबाट होइन ।

स्वस्वजात्युक्तधर्मो यः पूर्वैराचरितः सदा ।
तमाचरेच्च सा जातिर्दण्ड्या स्यादन्यथा नृपैः ॥४१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आ-आफ्ना जातिविशेषलाई ठूला-वडाले जुन जुन धर्म-कर्म गर्नू भनेका छन्, तिनीहरूले त्यही त्यही गर्नुपर्दछ । त्यसो नगर्नेलाई राजाले दण्ड दिनुपर्दछ ।

जातिवर्णाश्रमान् सर्वान् पृथक् चिह्नैः सुलक्षयेत् ।
यन्त्राणि धातुकराणां संरक्षेद्वीक्ष्य सर्वदा ॥४२॥

सबै जाति, वर्ण र आश्रमलाई वेग्ला-वेग्लै निशाना दिएर चिह्निने वनाउनुपर्दछ र धातु वनाउने यन्त्रहरूलाई वडो जतन गरी हेरी जाँची संरक्षण गरिराख्नुपर्दछ ।

कारूशिल्पीगणान् राष्ट्रे रक्षेत् कार्यानुमानतः ।
अधिकान् कृषिकृत्ये वा भृत्यवर्गे नियोजयेत् ॥४३॥

कालीगढ र शिल्पीहरूका वर्गहरूलाई जतन गरी आफ्नू राज्यमा राख्नुपर्दछ । चाहिएभन्दा वढी मात्रामा तिनीहरूको संख्या हुन गएमा तिनीहरूलाई खेतीको काममा वा अरू कुनै सेवा गर्ने काममा पनि नियुक्त गर्नू ।

चौराणां पितृभूतास्ते स्वर्णकारादयस्त्वतः ।
गंजागृह पृथग्ग्रामात् तस्मिन् रक्षेत्तु मद्यपान् ॥४४॥

सुनारहरू चोरका वावु हुन् भने पनि हुन्छ । रक्सी खानेलाई गाउँबाट छुट्टै गंजागृह (रक्सी खाने घर) वनाई त्यहीं राखिदिनुपर्दछ ।

न दिवा मद्यपानं हि राष्ट्रे कुर्याद्धि कर्हिचित् ।
ग्रामे ग्राम्यान् वने वन्यान् वृक्षान् संरोपयेन्नृपः ॥४५॥

राजाले राष्ट्रमा दिउसो रक्सी खान दिनु हुँदैन र गाउँमा उपयुक्त वृक्ष गाउँमा र वनमा उपयुक्त हुने वृक्ष वनमा लगाउनू ।

उत्तमान् विंशति करैर्मध्यमांस्तिथिहस्ततः ॥४६॥
सामान्यान् दशहस्तैश्च कनिष्ठान् पञ्चभिः करैः ।
अजाविगोशकृद्भिर्वा जलैर्मांसैश्च पोषयेत् ॥४७॥

ठूला हुने खालका रूखहरूलाई बीस हातको फरक, मझ्यौला वृक्षहरूलाई पन्ध्र हातको फरक र सामान्य वृक्षलाई दश हातको फरक र साना जातका रूखहरू पाँच हातको फरक गरी रोप्नू । तिनीहरूलाई बाख्राको, भेंडाको वा गाईको मल तथा पानी र मासुको मल दिएर हुर्काउनुपर्दछ ।

उदुंवराश्वत्थवटचिञ्चाचन्दनजंभलाः ।
कदंबाशोकबकुलविल्वामृतकपित्थकाः ॥४८॥
राजादनाम्रपुन्नागतूदकाष्ठाम्रचंपकाः ।
नीपकोकाम्रसरलदाडिमाक्षोटभिस्सटाः ॥४९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिंशुपाशिंशुबदरनिंबजंबीरक्षीरिका: ।
खर्जूरदेवकरजफल्गुतापिच्छसिंभला: ॥५०॥
कुद्दालो लवली धात्री क्रमुको मातुलुंगक: ।
लुकुचो नारिकेलश्च रंभान्ये सत्फला द्रुमा: ।
सुपुष्पाश्चैव ये वृक्षा ग्रामाभ्यर्णे नियोजयेत् ॥५१॥

डुम्री, पीपल, वर, अमिली, चन्दन, जंमल (जमालगोटा) कदम, अशोक, बकुलपुष्प, बेल, अमारो, कयथ, राजालाई उपयुक्त हुने आँप, पुन्नाग, तूद-काठ, आँप, चाँपो, नीप, कोक, आँप, सल्लो, अनार, ओखर, मिस्सट, (फलविशेष शीसम, शिंशु, बयर, नीम, ज्यामीर क्षीरिका (दूधेझार) खजूर, देवरंजक (देवदारु), खनायो, तमाल (ताड), सिमल, कोइरालो, लवली अमला, कुमक, सुपारी, बडहर, नरिवल, केरा र अरू असल फल लाग्ने वृक्षहरू तथा असल फूल फुल्ने फूलहरू गाउँका वरिपरि लगाउनुपर्छ ।

वामभागेऽथवोद्यानं कुर्याद्वासगृहे शुभम् ।
सायं प्रातस्तु घर्मान्ते शीतकाले दिनान्तरे ।
वसन्ते पञ्चमेऽह्नस्तु सेव्या वर्षासु न क्वचित् ॥५३॥

वासस्थानको देब्रेपट्टि बगैंचा लगाउनु बेश छ । बिहान, बेलुका, घाम भएपछि, जाडाको समयमा दिन बितेपछि (साँझमा), वसन्तऋतुमा पाँच दिन बगैंचामा डुल्नु बेश छ, तर वर्षाकालमा भने बगैंचामा जानु उचित छैन ।

फलनाशे कुलुत्थैश्च माषैर्मुद्गैर्यवैस्तिलै: ।
शतशीतपयस्सेक: फलपुष्पाय सर्वदा ।
मत्स्यांभसा तु सेकेन वृद्धिर्भवति शाखिनाम् ॥५४॥

फलहरू झर्न लागे भने कुलुत्थ, मास, मुगी, जौ, तिल हालिदिनु र तताएर चीसो पारेको दूध वा पानीले सेचन गर्नू, फल-फूलहरूलाई ज्यादा असल हुन्छ । माछा कुटी बनाएको लेदो पानीले सेचन गर्नाले पनि वृक्षलाई बढ्न मद्दत हुन्छ ।

आविकाजशकृच्चूर्णं यवचूर्णं तिलानि च ॥५५॥
गोमांसमुदकं चेति सप्तरात्रं निधापयेत् ।
उत्सेक: सर्ववृक्षाणां फलपुष्पादिवृद्धिद: ॥५६॥

भेडा-वाख्राको मल (जुतो) को धूलो, जौको पीठो, तिलको धूलो वा पिना, मरेका गाईहरूको सिनो, त्यसको झोल यति कुरा सात रातसम्म दिनाले सबै वृक्षका लफफूल-हरू प्रशस्त मात्रामा बढ्दछन् ।

ये च कंटकिनो वृक्षा: खदिराद्यास्तथापरे ।
आरण्यकास्ते विज्ञेयास्तेषां तत्र नियोजनम् ॥५७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काँढा भएका वृक्षहरू र खयर आदि वृक्षहरू बनैया हुन् र तिनीहरूलाई वनमा नै लगाउनुपर्छ।

खदिराश्मंतशाकाग्निमन्थस्योनाकबब्बुलाः।
तमालशालकुटजधर्वार्जुनपलाशकाः ॥५८॥
सप्तपर्णशमीतुन्नदेवदारुविकंकताः।
करमर्देङ्गुदीभूर्जविषमुष्टिकरीरकाः ॥५९॥
शल्लकी काश्मरी पाठा तिंदुको बीजसारकः।
हरीतकी च भल्लातः शंपाकोऽर्कश्च पुष्करः ॥६०॥
अरिमेदश्च पीतद्रुः शाल्मलिश्च विभीतकः।
नरवेलो महावृक्षोऽपरे ये मधुकादयः ॥६१॥
प्रतानवत्यस्तंविन्यो गुल्मिन्यश्च तथैव च।
ग्राम्या ग्रामे वने वन्या नियोज्यास्ते प्रयत्नतः ॥६२॥

खयर, अस्मातक, शाक, अरणी, स्योनाक, बबूल, तमाल, साल, इन्द्रजौ, धाइरो, खरी, पलाश, छत्तिउन, शमी, तून, गोब्रेसल्लो, विकंकत, करौंजा, च्यूरी, भूजिपात, बिषमुष्टि, लाँकुरी, शल्यकी, काश्मरी, मोथे, तीजू, विजयसाल, हर्रो, भलायो शम्याक, आँक, पुखरभूल, अरिभेद, पीतवृक्ष, सीमल, बिभीतक, नरवेल र ठूलो जातको रूख महुवा आदि यस्ता वृक्षहरू तथा खूब फिंजारिने, झाङ्गिने, गुटमुटिने र लहलह हुने यस्ता रूख-वृक्ष लहरा आदि हेरी विचार गरी गाउँमा लायक हुनेलाई गाउँमा र वनमा उपयुक्त हुनेलाई बनमा जतनसाथ लगाउनुपर्दछ।

कूपवापि पुष्करिण्यस्तडागास्सुगमास्तथा।
कार्या खातद्वित्रिगुणविस्तारपदधानिकाः ॥६३॥

कूवा, तलाउ, पोखरी, ताल यिनीहरू धेरै बनाउनुपर्दछ। यिनीहरू बनाउँदा यिनीहरू जति गहिरा बनाइन्छन् त्यसको दोब्बर अथवा तेब्बर चाक्लो बनाउनुपर्छ।

यथा तथा ह्यनेकाश्च राष्ट्रे स्याद्विपुलं जलम्।
नदीनां सेतवः कार्या विबंधाः सुमनोहराः।
नौकादिजलयानानि पारगानि नदीषु च ॥६४॥

जसरी आफ्नो मुलुकमा पानी पर्याप्त मात्रामा हुन्छ, त्यसरी नदीहरूमा बलिया र राम्रा बाँध बाँध्नुपर्छ र यातायातको सुबिधाका लागि नदीहरूमा पुल तथा डुङ्गाहरूको प्रबन्ध पनि गर्नुपर्छ।

यज्जातिपूज्यो यो देवस्तद्विद्यायाश्च यो गुरुः।
तदालयानि तज्जातिगृहपंक्तिमुखे न्यसेत् ॥६५॥

जुन जातिको पूज्य जुन देवता छन् र ती देवतासम्बन्धी विषयमा जान्ने जो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यक्ति छ त्यो र त्यस्ता देवताका मन्दिर तथा त्यस्ता जातका मानिसहरू घरका पंक्तिमा पहिलो मुखमा नै राख्नू ।

श्रृङ्गाटके ग्राममध्ये विष्णोर्वा शंकरस्य च ।
गणेशस्य रवेर्देव्याः प्रासादान् क्रमतोन्यसेत् ।।६६।।

चौबाटामा अथवा गाउँका बीचमा विष्णुको, शिवजीको, गणेशको, सूर्यको अथवा देवीको क्रमशः मन्दिर बनाउनुपर्दछ ।

मेर्वादिषोडशविधलक्षणान् सुमनोहरान् ।
वर्तुलांश्चतुरस्रान् वा यंत्राकारान् समंडपान् ।।६७।।
प्राकारगोपुरगणयुतान् द्वित्रिगुणोच्छ्रितान् ।
यथोक्तांतस्सुप्रतिमाञ्जलमूलान् विचित्रितान् ।।६८।।

उपर्युक्त देवताका मन्दिर बनाउँदा मेरु आदि सोह्र लक्षणले युक्त भएका, राम्रा, बाटुला, अथवा चार कुने, अथवा यन्त्रको आकार भएका, मंडपसहित भएका, पर्खालले घेरिएका, गोपुरका समूहले युक्त भएका र चौडाइभन्दा दोब्बर अथवा तेब्बर अग्ला प्रमाणका, प्रतिमायुक्त तथा पानी नजीक भएका, विचित्र प्रकारका अथवा शास्त्रमा जस्तो भनेको छ, त्यस्तै बनाउनुपर्दछ ।

रम्यसहस्रशिखरः सपादशतभूमिकः ।
सहस्रहस्तविस्तारोच्छ्रायस्यान्मेरुसंज्ञकः ।।६९।।

राम्रा हजार चुचुरा भएको एक सय पच्चीस हातको जमीनमा भएको हजार हात अग्लो र हजार हात चाक्लो परिमाण भएको पर्वत मेरु पर्वत हो भनिएको छ ।

ततस्ततोऽष्टांशहीना अपरे मन्दरादयः ।
मंदरोऋक्षमाली च द्युमणिश्चन्द्रशेखरः ।।७०।।
माल्यवान् पारियात्रश्च रत्नशीर्षश्च धातुमान् ।।७१।।
पद्मकोशः पुष्पहासः श्रीकरः स्वस्तिकाभिधः ।
महापद्म पद्मकूटः षोडशो विजयाभिधः ।।७२।।

उपर्युक्त मेरु पर्वतभन्दा क्रमशः आठ आठ गुणा घटी परिधि भएका मन्दर, ऋक्षमाली, द्युमणि, चन्द्रशेखर, माल्यवान्, पारियात्र, रत्नशीर्ष, धातुमान्, पद्मकोश, पुष्पहास, श्रीकर, स्वस्तिक, महापद्म, पद्मकूट र विजय नाम गरेका यस्ता सोह्र मेरु पर्वत रहेका छन् भनिएको छ ।

तन्मण्डपश्च तत्तुल्यः पादन्यूनोच्छ्रितः पुरः ।
स्वाराध्यदेवताध्यानैः प्रतिमास्तेषु योजयेत् ।।७३।।

आफूले आराधना गरिएका देवताको मण्डप (मन्दिर) बनाउँदा उनको जस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ध्यान गरिन्छ, त्यस्तै आकारको प्रतिमा र मन्दिर त्यो मूर्तिभन्दा चौथाइ कम भएको छ भने त्यो पुर भनिन्छ । त्यसमा आराध्य देवताको ध्यानमा भनेजस्तो प्रतिमा त्यहाँ स्थापना गर्नुपर्दछ ।

ध्यानयोगस्य संसिद्ध्यै प्रतिमालक्षणं स्मृतम् ।
प्रतिमाकारको मर्त्यो यथा ध्यानरतो भवेत् ।
तथा नान्येन मार्गेण प्रत्यक्षेणापि वा खलु ॥७४॥

ध्यानयोगको सिद्धिका लागि प्रतिमाको लक्षण भनिएको हो। त्यसै कारण प्रतिमा बनाउनेले जस्तो ध्यान भनेको छ, त्यसको विचार पुऱ्याउनुपर्छ । किनभने प्रत्यक्ष अथवा अरू कुनै उपायबाट पनि त्यसै ध्यानअनुसारको मूर्ति हुँदैन । अतः ध्यानअनुसार बनाउनू ।

प्रतिमा सैकती पैष्टी लेख्या लेप्या च मृन्मयी ।
वार्क्षी पाषाणधातूत्था स्थिरा ज्ञेया यथोत्तरा ॥७५॥

बालुवाको, पीठाको, लेखेको, लिपेर बनाएको, माटाको काठको, ढुङ्गाको र धातुको गरी आठ प्रकारले प्रतिमा बनाइन्छ र यिनमा क्रमशः पछाडिका स्थिर हुन्छन् ।

यथोक्तावयवैः पूर्णा पुण्यदा सुमनोहरा ।
अन्यथायुर्धनहरा नित्यं दुःखविवर्धिनी ॥७६॥

शास्त्रमा भनेजस्तै अङ्गहरूले परिपूर्ण राम्रो प्रतिमा पुण्यदायक हुन्छ । त्यस्तो नभएमा आयु-धनलाई नाश गर्ने र सधैं दुःख मात्र बढाउने हुन्छ ।

देवानां प्रतिबिंबानि कुर्याच्छ्रेयस्कराणि च ।
स्वर्ग्याणि मानवादीनामस्वर्ग्याण्यशुभानि च ।
मानतो नाधिकं हीनं तद्बिंबं रम्यमुच्यते ॥७८॥

देवताहरूको प्रतिबिंब (मूर्ति) बनाउँदा कल्याणकारी बनाउनुपर्दछ । जस्तो जत्रो बनाउनुपर्छ, त्यसैअनुसार भएको त्यो प्रतिमाबाट मानिसलाई स्वर्गप्राप्ति हुन्छ अन्यथा अशुभकारक र स्वर्गफल नदिने हुन्छ। मान (परिमाण) अनुसार न घटी न बढी भएको यस्तो प्रतिमालाई रम्य (उपयुक्त) भनिन्छ ।

अपि श्रेयस्करं नृणां देवबिंबमलक्षणम् ।
सलक्षणं मर्त्यबिंबं न हि श्रेयस्करं सदा ॥७९॥

देव-प्रतिमा बरु लक्षणरहित हुन गए पनि कल्याणकारक हुन्छ । तर मर्त्यबिंब भने लक्षणयुक्त भए पनि कल्याणकारक हुँदैन ।

सात्विकी राजसी देवप्रतिमा तामसी त्रिधा ।
विष्णवादीनां तु या यत्र योग्या पूज्या च तादृशी ॥८०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विष्णु आदि देवताको प्रतिमा सात्विकी, राजसी र तामसी गरी तीन प्रकारको हुन्छ । तिनीहरूलाई जहाँ जुन गुण उपयुक्त मानिएको छ, त्यस काममा तदनुरूप गुणको प्रतिमा प्रयोग गर्नुपर्छ र पूजा गर्नुपर्छ ।

योगमुद्रान्विता स्वस्था वराभयकरान्विता ।
देवेन्द्रादिस्तुतनुता सात्त्विकी सा प्रकीर्तिता ॥८१॥

योगमुद्राले युक्त भएको, स्वच्छ, वर र अभय मुद्राले युक्त भएको, इन्द्रादि देवताहरूले स्तुति र नमस्कार गरिएको यस्तो प्रतिमालाई 'सात्विकी प्रतिमा' भनिएको छ ।

तिष्ठन्ती वाहनस्था वा नानाभरणभूषिता ।
या शस्त्रास्त्राभयवरकरा सा राजसी स्मृता ॥८२॥

जुन प्रतिमा ठड्याइएको छ, वाहनमा चढाइएको छ, अनेक प्रकारका गहनाहरूले सजाइएको छ तथा शस्त्र-अस्त्र लिएको र वर-अभय मुद्रायुक्त छ, त्यस्तो प्रतिमा राजसी प्रतिमा हो भनिएको छ ।

शस्त्रास्त्रैर्दैत्यहन्त्री या ह्युग्ररूपधरा सदा ।
युद्धाभिनंदिनी सा तु तामसी प्रतिमोच्यते ॥८३॥

शस्त्र-अस्त्र लिएर दैत्यलाई मारिरहेको, सधैं डरलाग्दो रूप धारण गरेको, लडाइँ मन पराइरहेको यस्तो प्रतिमा तामसी प्रतिमा, हो भन्ने बताएको छ ।

संक्षेपतस्तु ध्यानादि विष्णवादीनां तथोच्यते ।
प्रमाणं प्रतिमानाञ्च तदंगानां सुविस्तरम् ॥८४॥

अब विष्णु आदि देवताहरूको ध्यान आदि संक्षेपमा र प्रतिमाहरूको प्रमाण र तिनका अङ्गहरूको विस्तारपूर्वक वर्णण गरिन्छ ।

स्वस्वमुष्टेश्चतुर्थोऽशो ह्यंगुलं परिकीर्तितम् ।
तदंगुलैर्द्वादशभिर्भवेत्तालस्य दीर्घता ॥८५॥

आफ्नो मुठी पार्दा जुन प्रमाण (नाप) निस्कन्छ, त्यसको चार भागको एक भागलाई अंगुल भनिन्छ र त्यस्ता बाह्र अंगुलको एक ताल (बित्ता) भएको लमाई मानिन्छ ।

वामनो सप्तताला स्यादष्टताला तु मानुषी ।
नवताला स्मृता दैवी राक्षसी दशतालिका ॥८६॥

सात तालको प्रतिमा वामनी, आठ तालको प्रतिमा मानुषी, नौ तालको प्रतिमा दैवी र दश तालको प्रतिमा राक्षसी भनिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सप्ततालाथ्युचता वा मूर्तीनां देशभेदतः ।
सदैव स्त्री सप्तताला सप्ततालश्च वामनः ।।८७।।

अथवा देशका भेदले मूर्तिहरूको ऊँचाई सात ताल प्रमाणकै हुन्छ । स्त्रीजातिको मूर्ति र वामनी प्रकारको मूर्ति पनि सधैं सात ताल प्रमाणकै हुन्छ भनेर मानिएको छ ।

नरो नारायणो रामो नृसिंहो दशतालकः ।
दशतालः स्मृतो बाणो बलीन्द्रो भार्गवोऽर्जुनः ।।८८।।

नर, नारायण, राम, नृसिंहका मूर्ति दश ताल प्रमाणका मानिएका छन् र बाण, बली, भार्गव र अर्जुनका मूर्तिहरू पनि दश ताल प्रमाणकै मानिएका छन् ।

चंडीभैरववेतालनरसिंहवराहकाः ।
क्रूरा द्वादशतालाःस्युर्हयशीर्षादयस्तथा ।।८९।।
ज्ञेयाः षोडशतालाः तु पैशाची वासुरी सदा ।
हिरण्यकशिपुर्वृत्रो हिरण्याक्षश्च रावणः ।।९०।।
कुंभकर्णोऽथनमुचिर्निशुंभः शुंभ एव हि ।
एते षोडशतालाःस्युर्महिषोरक्तवीजकः ।
पञ्चतालाः स्मृता बालाष्षट्तालाश्च कुमारकाः ।।९१।।

चंडिका, भैरव, वेताल, नृसिंह, वराह डरलाग्दा यति देवताको मूर्ति बाह्र ताल प्रमाणको हुन्छ, हयशिरा आदि देवताको मूर्ति सोह्र ताल प्रमाणको हुन्छ। पैशाची र आसुरी मूर्तिहरू जस्तै हिरण्यकशिपु, वृत्रासुर, हिरण्याक्ष, रावण, महिषासुर, रक्तवीज कुम्भकर्ण, नमुचि, निशुंभ र शुंभ यिनीहरुको मूर्ति सोह्र ताल प्रमाणको हुन्छ । बाला (भगवती) को मूर्ति पाँच ताल प्रमाणको र कुमार आदिको मूर्ति छ ताल प्रमाणको हुन्छ ।

दशताला कृतयुगे त्रेतायां नवतालिका ।
अष्टताला द्वापरे तु सप्तताला कलौ स्मृता ।।९२।।

यिनीहरू प्रत्येकको तालप्रमाण तोकिएको भए पनि सत्य युगमा दश ताल, त्रेता युगमा नौ ताल, द्वापर युगमा आठ ताल र कलि युगमा सात ताल प्रमाणको बनाउनु भनिएको छ ।

नवतालप्रमाणे तु मुखं तालमितं स्मृतम् ।
चतुरंगुलं ललाटं स्यादधो नासा तथैव च ।।९३।।

नौ ताल प्रमाणको मूर्तिमा ताल प्रमाणको मुख, चार अंगुल प्रमाणको निधार र नाकको तल्लो भाग (पोरा) हुनुपर्दछ ।

नासिकाधश्च हन्वन्तं चतुरंगुलमीरितम् ।
चतुरंगुला भवेद्ग्रीवा तालेन हृदयं पुनः ।।९४।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाकको तल्लापछिको भागदेखि लिएर च्यूँडापर्यन्तको भाग-घाँटी चार अंगुल प्रमाणको र एक ताल प्रमाणको छाती हुनुपर्दछ ।

नाभिस्तस्मादधः कार्या तालेनैकेन शोभिता ।
नाभ्यधश्च भवेन्मेढ्रं भागेनैकेन वा पुनः ॥९५॥

त्यसपछि एक ताल प्रमाणको राम्रो नाभि बनाउनु र त्यसमनि एक भाग (आधा-ताल) ले लिङ्ग बनाउनुपर्दछ ।

द्वितालौ ह्यायतावूरू जानुनी चतुरङ्गुले ।
जंघे उरूसमे कार्ये गुल्फाधश्चतुरंगुलम् ॥९६॥
नवतालात्मकमिदमूध्वमानं बुधैः स्मृतम् ॥९७॥

दुई ताल लामा तिघ्रा, चार अंगुल बराबरका घुँडा र जाँघ तीघ्रा बराबरका र गोली गाँठामनिको भाग चार अंगुल बराबरको बनाउनुपर्छ । यो तालिका नौ ताल प्रमाणको अग्लो मूर्तिका लागि विद्वान्हरूले बताएका छन् ।

शिखावधि तु केशांतं त्र्यंगुलं सर्वमानतः ।
दिशानया च विभजेत् सप्ताष्टदशतालिकम् ॥९८॥

रौंदेखि लिएर शिखा (टुप्पी) पर्यन्तको सबै भाग तीन अंगुलको प्रमाणअनुसार बनाउनू । यही हिसाबबाट सात, आठ र दश ताल प्रमाणका मूर्ति पनि बनाउनुपर्दछ ।

चतुष्तालात्मकौ बाहू ह्यंगुल्यं ताबुदाहृतौ ।
स्कन्धादिकूर्परान्तं च विंशत्यङ्गुलमुत्तमम् ॥९९॥

औंलासम्मका हातको भाग चार ताल बराबरको भनिएको छ । काँधदेखि कोखासम्मको भाग बीस अंगुल प्रमाणको उत्तम मानिएको छ ।

त्रयोदशांगुलं चाधः कक्षायाः कूर्परान्तकम् ।
अष्टाविंशत्यंगुलस्तु मध्यमान्तः करः स्मृतः ॥१००॥

कोखादेखि घुँडीकोप्रासम्मको तल्लो भाग तेह्र अंगुलको र माझको औंलादेखि अन्त्यतक जुन अट्ठाइस अंगुलको भाग हुन्छ त्यो कर भनेर कहिएको छ ।

सप्तांगुलं करतलं मध्या पञ्चाङ्गुला मता ।
सार्धत्रयांङ्गुलोऽङ्गुष्ठस्तर्जनीमूलपर्वभाक् ॥१०१॥

हातका लपेटा सात अंगुल र हातका माझको भाग पाँच अंगुल उपयुक्त हुन्छ भनिएको छ । साढे तीन अंगुलको बूढी औंलो र चोर औंलो-बीचका भागको पर्व बराबर हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पर्वद्वयात्मकोऽन्यासां पर्वाणि त्रीणि त्रीणि तु ।
अर्धांगुलेनांगुलेन हीनानामा च तर्जनी ॥१०२॥

दुई पर्वको एक अंगुष्ठ हुन्छ र अरू औंलाहरूको तीन तीन पर्व प्रमाण गर्नुपर्छ, डेढ अंगुल कम्तीको चोर औंलो र अनामिका (काहिंली औंलो) बनाउनुपर्छ ।

कनिष्ठिकानामिकान्तोंगुलोना च प्रकीर्तिता ।
चतुर्दशाङ्गुलौ पादौ ह्यंगुष्ठो द्वयंगुलो मतः ॥१०३॥

काँहिली औंलोभन्दा एक अंगुल घटीको कान्छी औंलो बनाउनुपर्छ । चौध अंगुलका पाउ र गोडाको बूढी औंलो दुई अंगुल प्रमाणको बनाउनुपर्छ ।

सार्धद्वयांगुलोंगुष्ठस्तन्मिता वा प्रदेशिनी ।
प्रदेशिनी द्व्यगुला तु सार्धांगुलमथेतराः ॥१०४॥

अथवा गोडाको बूढी औंलो अढाई अंगुल प्रमाणको बनाउनू र त्यत्रै परिमाणको गोडाको चोर औंलो बनाउनू अथवा दुई औंलाको मात्र बनाए पनि हुन्छ र अरू औंला डेढ अंगुल प्रमाणका बनाउनुपर्छ ।

शिरोज्झितौ पाणिपादौ गूढगुल्फौ प्रकीर्तितौ ।

नङ नदेखिने हात पाऊलाई गूढगुल्फ भन्दछन् ।

तद्विज्ञैः प्रस्तुता ये ये मूर्तेरवयवास्सदा ॥१०५॥
न हीना नाधिका मानात् ते ते ज्ञेयाः सुशोभनाः ।
न स्थूला न कृशा वापि सर्वे सर्वमनोरमाः ॥१०६॥

बढी पनि नभएका, घटी पनि नभएका, प्रमाणअनुसारका, मूर्तिका अङ्गका विषयमा जान्ने विद्वान्हरूले भनेबमोजिमका, ठूला-साना नभै ठीक प्रमाणका यस्ता सबै मूर्तिहरू सबैलाई राम्रा लाग्ने हुन्छन् ।

सर्वाङ्गैः सर्वरम्यो हि कश्चिल्लक्षे प्रजायते ।
शास्त्रमानेन यो रम्यः स रम्यो नान्य एव हि ॥१०७॥

सबै प्रकारको भनेजस्तै किसिमको मूर्ति त लाखमा एक मात्र पाइन्छ तर शास्त्रका प्रमाणअनुसारको जुन राम्रो मूर्ति बन्दछ त्यही नै राम्रो मूर्ति हो अरू राम्रा भए पनि राम्रा मान्न सकिन्न ।

शास्त्रमानविहीनं यदरम्यं तद्विपश्चिताम् ।
एकेषामेव तद्रम्यं लग्नं यत्र च यस्य हृत् ॥१०८॥

जुन कुरा शास्त्रका प्रमाणले हीन छ, त्यो कुरा विद्वान्को निमित्त राम्रो हुँदैन, त्यो त जसले बनायो वा जसको हो त्यही एउटाका लागि मात्र राम्रो लाग्ने हुन्छ किनभने त्यसको हृदय त्यसैमा रमाएको हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अष्टांगुलं ललाटं स्यात् तावन्मात्रौ भ्रुवौ मतौ ।
अर्धांगुला भ्रुवोर्लेखा मध्ये धनुरिवायता ।
नेत्रे च त्र्यंगुलायामे द्व्यंगुले विस्तृते शुभे ।।१०९।।

आठ अंगुल प्रमाणको निधार हुनुपर्छ र त्यति नै प्रमाण लामा आँखिभौं हुनुपर्छ । आँखिभौंका रेखा आधा अंगुल बराबरका र माझमा धनु झैं नुहेका हुनुपर्छ । दुवै आँखा तीन अंगुल लामा र दुई अंगुल चेप्टा भएको राम्रो हुन्छ ।

तारका तत्तृतीयांशा नेत्रयोः कृष्णरूपिणी ।
द्व्यंगुलं तु भ्रुवोर्मध्यं नासामूलमथाङ्गुलम् ।।११०।।

आँखाका नानी आँखाका तीन भागको एक भाग र काला हुनुपर्छ । आँखिभौंका मध्यभाग दुई अंगुल वरावरको हुनुपर्छ र नाके डाँडी एक अंगुल प्रमाणको हुनुपर्छ ।

नासाग्रविस्तरं तद्वद्द्व्यंगुलं तद्बिलद्वयम् ।
शुकमुखाकृतिर्नासा पुष्पवद्द्विविधा शुभा ।।१११।।

नाकका पोरा र दुइटै प्वाल ठीक दुई अंगुल बराबरका हुनुपर्छ । सुगाका चुच्चा जस्तो र अनेक प्रकारका राम्रा फूल जस्तो नाक असल मानिएको छ ।

निष्पावसदृशं नासापुटयुग्मं सुशोभनम् ।
कर्णौ च भ्रूसमौ ज्ञेयौ दीर्घौ च चतुरंगुलौ ।।११२।।

निष्पाव (तिलका फूल) जस्तो नाक ज्यादै शोभनीय हुन्छ । कान आँखिभौंका प्रमाण बराबरका लामा र चार अंगुल चेप्टा राम्रा हुन्छन् ।

कर्णपाली त्र्यंगुला स्यात् स्थूला चार्धांगुला मता ।
नासावंशोऽर्धांगुलस्तु श्लक्ष्णस्साधांगुलोन्नतः ।।११३।।

कर्णपाली (कानका पछाडिपट्टिको छाला) तीन अंगुल लामा र आधा अंगुल मोटा हुनुपर्छ भनिएको छ । नाकका वंश भाग आधा अंगुल मोटा र अगाडिपट्टि चिल्ला र र केही उठेका राम्रा हुन्छन् ।

ग्रीवामूलाच्च स्कंधान्तमष्टाङ्गुलमुदाहृतम् ।
बाह्वन्तरं द्वितालं स्यात् तालमात्रं स्तनान्तरम् ।।११४।।

घाँटीको फेदबाट काँधसम्मको भाग आठ अंगुल हुनुपर्छ दुई हातको बीचभाग दुई ताल प्रमाणको फरक र स्तनहरूको फरक एक तालको मात्र हुनुपर्दछ ।

षोडशांगुलमात्रं तु कर्णयोरन्तरं स्मृतम् ।
कर्णहन्वग्रान्तरं तु सदैवाष्टांगुलं मतम् ।।११५।।

दुई कानको बीचको भाग सोह्र अंगुल हुनुपर्छ र कानदेखि च्यँडासम्मको भाग सर्वत्र आठ अंगुलको हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नासाकर्णान्तरं तद्वत् तदर्धं कर्णनेत्रयोः ।
मुखं तालतृतीयांशमोष्ठावर्धांगुलौ मतौ ॥११॥

यस प्रकार नाक र कानका बीचको भाग आठ अंगुलको हुनुपर्दछ र कान र आँखाका बीचको भाग चार अंगुलको हुनुपर्छ । मुख एक तालको तीन भागको एक भाग र ओठहरू आधा अंगुलका हुनुपर्छ ।

द्वात्रिंशदङ्गुलः प्रोक्तः परिधिर्मस्तकस्य च ।
दशांगुलाविस्तृतिस्तद्द्वादशांगुलदीर्घता ॥११७॥

शिरको परिधि बत्तीस अंगुलको, चौडाई दश अंगुल र शिर बाह्र अंगुल फराकिलो हुनुपर्छ भनिएको छ ।

ग्रीवामूलस्य परिधिर्द्वाविंशत्यगुलात्मकः ।
हृन्मध्ये परिधिर्ज्ञेयश्चतुपंचाशदङ्गुलः ॥११८॥

मूर्तिको घाँटीको मूल परिधि बाईस अंगुल र छातीको मूल परिधि चौवन्न अंगुलको हुनुपर्छ भनी जान्नू ।

हीनांगुल चतुस्ताल परिधिर्हृदयस्य च ।
आस्तनात् पृष्ठदेशान्ता पृथुता द्वादशांगुला ॥११९॥

चार अंगुल कम एक ताल प्रमाणको छाती र स्तनदेखि लिएर पिठ्यूँसम्मको भाग बाह्र अंगुल मोटो हुनुपर्दछ ।

सार्धत्रितालपरिधिःकट्याश्च द्व्यंगुलाधिकः ।
चतुरंगुल उत्सेधो विस्तारः स्यात् षडंगुलः ॥१२०॥

दुई अंगुल साढे तीन तालको कटि भाग हुनुपर्छ र त्यसको प्रमाण चार अंगुल उँचाई र छ अंगुल फराकिलो हुनुपर्छ ।

पश्चाद्भागे नितंबस्य स्त्रीणामंगुलतोऽधिकः ।
बाह्वग्रमूलपरिधिष्षोडशाष्टादशांगुलः ॥१२१॥

उपर्युक्त प्रमाणमा स्त्रीजाति (देवता) को मूर्ति बनाउँदा एक अंगुल उचाई थप्नुपर्छ र भुजा (हात) को अग्रभाग र मूलभागको परिधि क्रमशः सोह्र अंगुल र आठ अंगुलको बनाउँनुपर्दछ ।

हस्तमूलाग्रपरिधिश्चतुर्दशदशांगुलः ।
पञ्चांगुला पादकरतलयोर्विस्तृतिः स्मृता ॥१२२॥

हातको मूलभाग अग्रभागको परिधि क्रमशः चौध अंगुल र दश अंगुल गर्नुपर्छ र पाउ र हातका लपेटाको परिधि पाँच अंगुलका प्रमाणको बनाउनुपर्छ भनिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उरुमूलस्य परिधिर्द्वात्रिंशदंगुलात्मकः ।
ऊनविंशत्यंगुलस्याद्दूर्वग्रपरिधिः स्मृतः ॥१२३॥

तिघ्राका मूलभागको परिधि बत्तीस अंगुलको बनाउनुपर्छ र तिघ्राका अगाडि-पट्टिको परिधि उन्नाईस अंगुलको बनाउनुपर्छ भनी कहिएको छ ।

जंघामूलाग्रपरिधिष्षोडशद्वादशांगुलः ।
मध्यमामूलपरिधिर्विज्ञेयश्चतुरंगुलः ॥१२४॥

जाँघको मूलभागको परिधि सोह्र अंगुलको र त्यसको अगाडिको भागको परिधि बाह्र अंगुलको बनाउनुपर्छ र बीच (साँहिली) औंलाको परिधि चार अंगुलको हुन्छ भनी जान्नू ।

तर्जन्यनामिकामूलपरिधिः सार्धत्र्यंगुलः ।
कनिष्ठिकायाः परिधिर्मूले त्र्यंगुल एव हि ॥१२५॥

चोर औंलो र काँहिली औंलाको मूल परिधि साढे तीन अंगुलको र कान्छी औंलाको मूलपरिधि तीन अंगुलको मात्र हुन्छ भनी बताइएको छ ।

स्वमूलपरिधेः पादहीनोऽग्रे परिधिस्मृतः ।
हस्तपादांगुष्टयोश्च चतुःपञ्चाङ्गुलं क्रमात् ॥१२६॥

जुन अङ्गको निर्माण गरिन्छ त्यस अङ्गका परिधिको चार भागको एक भाग कम गरी त्यसको अगाडिको भाग बनाउनुपर्छ ।

हातको बूढी औंलो चार अंगुल परिधिको र गोडाको बढी औंलो पाँच अंगुल परिधिको बनाउनुपर्छ ।

पदांगुलीनां परिधिः त्र्यंगुलः समुदाहृतः ।
मण्डलं स्तनयोर्नाभिः सार्धांगुलमथाङ्गुलम् ॥१२७॥

पाउका अरू औंला तीन अंगुलका बनाउनुपर्दछ । स्तन (दूध) को मण्डल (घेरा) वा सुण्टो आधा अंगुल र नाभिस्थान एक अंगुलको बनाउनू ।

सर्वाङ्गानां यथाशोभिपाटवं परिकल्पयेत् ।
नोर्ध्वदृष्टिमधोदृष्टिं मीलिताक्षीं प्रकल्पयेत् ॥१२८॥
नोग्रदृष्टिं तु प्रतिमां प्रसान्नाक्षीं विचिन्तयेत् ।
प्रतिमायाः तृतीयांशमर्धांशं तत्सुपीठकम् ॥१२९॥

संपूर्ण अङ्गको शोभा जसरी खुल्दछ त्यसै गरी प्रतिमा (मूर्ति) बनाउनुपर्छ । माथितिर आँखा लगाएको, तलतिर आँखा लगाएको र आँखा चिम्लेको मूर्ति पनि बनाउनुहुँदैन र प्रस्ट र प्रसन्न आँखा भएको प्रतिमा बनाउनुपर्छ। प्रतिमाको पीठ बनाउँदा प्रतिमाको तीन भागको एक भाग अथवा प्रतिमाका आधा भागको बनाउनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्विगुणं त्रिगुणं द्वारं प्रतिमायाश्चतुर्गुणम् ।
एकद्वित्रिचतुर्हस्तं पीठं देवालयस्य च ॥१३०॥

प्रतिमाभन्दा दोब्बर, तेब्बर अथवा चौब्बर मन्दिरको ढोका बनाउनू । देवताको पीठ बनाउँदा मन्दिर हेरेर एक, दुई, तीन र चार हातसम्मको बनाउनुपर्छ ।

पीठतस्तु समुच्छ्रायो भित्तेर्दशकराधिकः ।
द्वारात् तु द्विगुणोच्छ्रायः प्रासादस्योर्ध्वभूमिभाक् ॥१३१॥

पीठभन्दा दश हात अग्लो भित्तो (गाह्रो) बनाउनुपर्छ र ढोकाभन्दा दोब्बर बढी अग्लो हुने गरी मन्दिरको माथिल्लो भाग बनाउनुपर्छ ।

शिखरं चोच्छ्रायसमं द्विगुणं त्रिगुणं तु वा ।
एकभूमिं समारभ्य सपादशतभूमिकम् ॥१३२॥
प्रासादं कारयेच्छक्त्या ह्यष्टाश्रं पद्मसन्निभम् ॥१३३॥

मन्दिरको गजूर बनाउँदा मन्दिरको ऊँचाइ हेरी त्यहीअनुसार दोब्बर, तेब्बर वा बराबर प्रमाणको बनाउनुपर्छ । भूमि (जमीनको कुनै हातको संख्या) हो त्यस्तो एक भूमि अथवा क्रमशः ठाउँ मन्दिर हेरी सवा सय भूमिसम्मको परिधिमा मन्दिर बनाउनुपर्छ । त्यस्तो मन्दिर बनाउँदा आफ्नो शक्तिअनुसार अष्टदलाकार अथवा कमलको आकार जस्तो बनाउनू ।

चतुर्दिङ्मण्डपं वापि चतुःशालं समन्ततः ।
सहस्रस्तम्भसंयुक्तश्चोत्तमोऽन्यः समोऽधमः ॥१३४

अथवा मन्दिरका चारै दिशापट्टि मण्डप र धर्मशाला बनाउनू । हजार वटा थामले युक्त भएको मन्दिर सर्वोत्तम भनिएको छ र अरू हेरेर मन्दिर पनि उत्तम, मध्यम र अधम तीन प्रकारका हुन्छन् ।

प्रासादे मण्डपे वापि शिखरं यदि कल्प्यते ।
स्तम्भास्तत्र न कर्तव्या भित्तिस्तत्र सुखप्रदा ॥१३५॥

मन्दिर मण्डपमा यदि गजूर राख्ने विचार भएमा त्यस्तो मन्दिर वा मण्डप बनाउँदा खामा नराख्नू र गाह्रो लगाएर भित्तो बनाउनु नै ज्यादै सुखदायी हुन्छ ।

प्रासादमध्यविस्तारः प्रतिमायाः समन्ततः ।
षड्गुणोऽष्टगुणो वापि पुरतो वा सुविस्तरः ॥१३६॥

मन्दिर माझमा फुकेको हुनुपर्छ तथा प्रतिमाको चारैतिर तथा अगाडिपट्टि पनि ६ गुना अथवा आठ गुना फराकिलो भएको बनाउनुपर्छ ।

वाहनं मूर्तिसदृशं सार्धं वा द्विगुणं स्मृतम् ।
यत्र नोक्तं देवताया रूपं तत्र चतुर्भुजम् ॥१३७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थापना गरिएका मूर्तिको वाहन त्यै मूर्ति जत्रो अथवा त्यसको आधा वा दोब्बर प्रमाणको पनि बनाउन हुन्छ भनिएको छ र जहाँ देवताको यस्तै प्रकारको रूप भनेर रूपको किटान भएको हुन्न त्यहाँ चार हात भएको मूर्ति बनाउनुपर्दछ ।

अभयं च वरं दद्याद्यत्र नोक्तं यदायुधम् ।
अधःकरे रूर्ध्वकरे शंखंचक्रं तथांकुशम् ॥१३८॥
पाशं वा डमरूं शूलं कमलं कलशं स्रजम् ।
लड्डूकं मातुलुङ्गं वा वीणां मालां च पुस्तकम् ॥१३९॥

यदि कुनै मूर्तिको यस्तो हतियार धारणा गरेको भनी हतियारको उल्लेख नभएको भए त्यस मूर्तिमा अभय र वर मुद्रा बनाउनू । धेरै हात भएको मूर्तिमा तल र माथिका हातमा क्रमशः शंख, चक्र, अंकुश, पाश, डमरु, शूल, कमल, कलश, माला, लड्डू, मातुलिंग, वीणा, माला र पुस्तक लिएको बनाउनू ।

मुखानां यत्र वाहुल्यं तत्र पंक्त्या निवेशनम् ।
तत् पृथग्ग्रीवमुकुटं सुमुखं स्वक्षिकर्णयुक् ॥१४०॥

धेरै मुख भएको मूर्तिनिर्माण गर्दा मुखको पङ्क्ति मिलाएर राख्नू तर ती मुखका घाँटी र मुकुट बेग्लाबेग्लै छुट्टिने गरी बनाउनुपर्छ । मूर्तिका मुख, आँखा र कान राम्रो गरी बनाउनुपर्छ ।

भुजानां यत्र बाहुल्यं न तत्र स्कन्धभेदनम् ।
कूर्परोर्ध्वं तु सूक्ष्माणि चिपिटानि दृढानि च ।
भुजमूलानि कार्याणि पक्षमूलानि वै यथा ॥१४१॥

धेरै हात भएको मूर्तिमा काँध पनि धेरै बनाउनु हुँदैन, कुहुनादेखिको माथिल्लो भाग खिरिलो पोटिलो चेप्टो र हातको मूल भाग पक्षमूल जस्तै बनाउनुपर्दछ ।

ब्रह्मणस्तु चतुर्दिक्षु मुखानां विनियोजनम् ॥१४२॥
हयग्रीवो वराहश्च नृसिंहश्च गणेश्वरः ।
मुखैर्विना नराकारो नृसिंहश्च नखैर्विना ॥१४३॥

ब्रह्माका मुख चारै दिशातर्फ बनाउनुपर्छ । हयग्रीव, वराह, नृसिंह र गणेशको मूर्ति बनाउँदा हयग्रीव र गणेशको शिरबाहेक अरू मानिसका जस्तो नृसिंह र वराहको पनि शिरबाहेक अरू मानिसकै जस्तो तर नृसिंहमा नङ्ग्रा बनाउनुपर्छ ।

तिष्ठतीं सूपविष्टां वा स्वासने वाहनस्थिताम् ।
प्रतिमामिष्टदेवस्य कारयेदुक्तलक्षणाम् ।
हीनश्मश्रुनिमेषां च सदा षोडशवार्षिकीम् ॥१४४॥
दिव्याभरणवस्त्राढ्यां दिव्यवर्णक्रियां सदा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वस्त्रैरापादगूढां च दिव्यालंकारभूषिताम् ॥१४५॥

इष्टदेवको प्रतिमा बनाउँदा, वसेको, अथवा वाहन चढेको, आसनमा रहेको, परेला नभएको, जुँघादाह्री नभएको, सधैं सोह्र वर्षको जस्तो, राम्रा लुगा र गहना लाएको, राम्रो अनुहार भएको र असल काम गर्न लागेको, लुगाले पाउसम्म ढाकेको र दिव्य गहना लाएको यस्ता लक्षणका प्रतिमा बनाउनुपर्छ ।

हीनांग्यो नाधिकांग्यश्च कर्तव्या देवताः क्वचित् ।
हीनांगी स्वामिनं हन्ति ह्यधिकाङ्गी च शिल्पिनम् ॥१४६॥

देवताको प्रतिमा (मूर्ति) बनाउँदा अङ्ग घटी-बढी पारेर नबनाउनू । घटी अङ्ग हुन गए त्यो प्रतिमाले स्वामीलाई पिर्छ र बढी अङ्ग हुन गए त्यस्तो प्रतिमा बनाउने कालीगढलाई पिर्छ ।

कृशा दुर्भिक्षदा नित्यं स्थूला रोगप्रदा सदा ।
गूढसंध्यस्थिधमनी सर्वदा सौख्यवर्धिनी ॥१४७॥

दुब्लो प्रतिमाले सदा अनिकाल पार्दछ, ज्यादै मोटो प्रतिमाले रोगी गराउँछ । बलीया जोर्नी अङ्ग अवयव र नसा फोक्सो बलिया र गुप्त भएको प्रतिमा सदा सुखलाई बढाउने हुन्छ ।

वराभयाब्जशंखाढ्यहस्ता विष्णेश्च सात्विकी ।
मृगवाद्याभयवरहस्ता सोमस्य सात्विकी ॥१४८॥

कमल, शंख, वर, अभय मुद्रायुक्त विष्णुको प्रतिमा सात्विकी प्रतिमा हो । मृग, बाजा, अभयमुद्रा, वरमुद्रायुक्त सोम (शिव) को प्रतिमा सात्विकी प्रतिमा हो भनिएको छ ।

वराभयाब्जलड्डुकहस्ते भास्यस्य सात्त्विकी ।
पद्ममालाभयवरकरा सत्वाधिका रवेः ॥१४९॥

वर, अभयमुद्रा, कमल र लड्डू हातमा लिएको गणेशको प्रतिमा 'सात्विकी प्रतिमा हो र कमल र माला हातमा लिएको सूर्यको प्रतिमा पनि सूर्यको सात्विकी प्रतिमा हो ।

वीणालुंगाभयवरकरा सत्वगुणा श्रियः ॥१५०॥

वीणा, मातुलिंग, अभय र वरमुद्रायुक्त हात भएको लक्ष्मीको प्रतिमा पनि लक्ष्मीको सात्विकी प्रतिमा हो ।

शंख चक्रगदापद्मै रायुधैरादितः पृथक् ।
षट् षड् भेदाश्च मूर्तीनां विष्णवादीनां भवन्ति हि ॥१५१॥

शंख, चक्र, गदा पद्म (कमल) र अरू हतियारहरू लिएका ६ प्रकारका वेग्ला-बेग्लै मूर्तिहरू विष्णु आदि देवताका हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यथोपाधिप्रभेदेन ससंयोगविभागतः ।
समस्तव्यस्तवर्णादिभेदज्ञानं प्रजायते ॥१५२॥

यसरी उपाधिका भेद, संयोग र विभाग, समस्त र व्यस्तका भेदबाट पनि वर्ण-हरूको भेदहरूको ज्ञान हुन्छ ।

लेप्या लेख्या सैकती च मृन्मयी पैष्टिकी तथा ।
एतासां लक्षणभावे न कैश्चिद्दोष ईरितः ॥१५३॥

मूर्तिहरूका उपर्युक्त लक्षणहरू छन् तापनि लेखिएको, लिपिएको वालुवाको, माटाको र पीठाका मूर्तिहरूमा भने उपर्युक्त लक्षण नमिले पनि केही दोष मानिदैन ।

बाणलिंगे स्वयंभूते चन्द्रकान्तसमुद्भवे ।
रत्नजे गंडकोद्भूते मानदोषो न सर्वथा ॥
पाषाणधातुजायां तु मानदोषान् विचिन्तयेत् ॥१५४॥

आफै प्रादुर्भाव भएको बाणलिंगमा, चन्द्रकान्तमणिबाट उत्पन्न भएको मूर्तिमा, रत्नबाट पैदा भएको र गण्डकी नदीबाट पैदा भएका मूर्तिहरूमा कुनै प्रकारको मानको (प्रमाण) को दोष छैन । केवल पत्थर र धातुनिर्मित मूर्तिहरूमा मात्र मानदोषहरू विचार गर्नु पर्छ ।

श्वेतपीता रक्तकृष्ण पाषाणैर्युगभेदतः ।
प्रतिमां कल्पयेच्छिल्पी यथारुच्यपरैः स्मृता ॥१५५॥

युग-युगका भेदले कालिगढले सेता, पहेंला, राता र काला प्रतिमा बनाउनुपर्छ । अरूले त आफ्नो रुचिअनुसार बनाउनू भनेर कहिएको छ ।

श्वेता स्मृता सात्त्विकी तु पीता रक्ता तु राजसी ।
तामसी कृष्णवर्णा तु ह्युक्तलक्ष्मयुता यदि ॥१५६॥

यदि सबै लक्षण छन् भने सेतो प्रतिमा सात्विकी हो, पहेंलो र रातो राजसी हो र कालो तामसी प्रतिमा हो भनिन्छ ।

सौवर्णी राजती ताम्री रैतिकी वा कृतादिषु ।
शांकरी श्वेतवर्णा वा कृष्णवर्णातु वैष्णवी ॥१५७॥
सूर्यशक्तिगणेशानां ताम्रवर्णा स्मृतापि च ।
लोहसीसमयी वापि यथोद्दिष्टा स्मृता बुधैः ॥१५८॥

प्रतिमाहरू सत्ययुग आदि युगानुसार सुनका, चाँदीका, तामाका र पित्तलका हुन्छन् । तिनीहरूमा सेतो वर्ण शिवजीको, कालोवर्ण विष्णुको, सूर्य, शक्ति र गणेश आदिको ताम्रवर्ण (रातो वर्ण) पनि भनिएको छ । यसरी विद्वान्हरूले फलामका र सीसाका पनि प्रतिमा इच्छानुसार हुन सक्छन् भनेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चलार्चायां स्थिरार्चायां प्रासादाद्युक्त लक्षणम् ।
प्रतिमां स्थापयेन्नान्यां सर्वसौख्यविनाशिनीम् ॥१५९॥

चलनअनुसारको पूजा र नियमित प्रकारले गरिने पूजाका लागि मन्दिरमा राख्न उपयुक्त लक्षण भएका प्रतिमा स्थापना गर्नुपर्छ । यिनीहरूभन्दा अरू किसिमका राख्ता संपूर्ण सुखलाई नाश गर्ने हुन्छन् ।

सेव्यसेवकभावेषु प्रतिमालक्षणं स्मृतम् ॥१६०॥
प्रतिमायाश्च ये दोषा ह्यर्चकस्य तपोबलात् ।
सर्वत्रेश्वरचित्तस्य नाशं यान्ति क्षणात् किल ॥१६१॥

सेवा गर्ने र सेवा गरिने अभिप्रायका लागि प्रतिमाको लक्षण बताइएको छ । यदि प्रतिमामा दोष छन् भने पनि ईश्वरमा चित्त लगाएका पूजाहारीका तपोबलबाट पनि ती सबै दोषहरू निश्चय नै तुरुन्तै नाश हुन सक्तछन् ।

देवतायाश्च पुरतो मंडपे वाहनं न्यसेत् ।
द्विबाहुर्गरुडः प्रोक्तः सुचंचुः स्वक्षिपक्षयुक् ॥१६२॥

देवताका मण्डपका अगाडि उनै देवताको बाहन राख्नुपर्छ । चुच्चो, आँखा र पखेटा राम्रो भएको र दुई हात भएको गरुडको प्रतिमा हुन्छ भनेर बताइएको छ।

नराकृतिश्चंचुमुखो मुकुटी कवचांगदी ।
बद्धाञ्जलिर्नम्रशीर्षः सेव्यपादाब्जलोचनः ॥१६३॥

गरुडको मूर्ति बनाउँदा मानिसको आकारको, चुच्चे मुख भएको, मुकुट, कवच र अंगद लाएको, हात जोडेको, नुहेको शिर भएको, र आफूले सेवा गरिने देवताको पाउमा हेरिरहेको बनाउनुपर्छ ।

वाहनत्वं गता ये ये देवतानां च पक्षिणः ।
कामरूपधरास्ते ते तथा सिंहवृषादयः ॥१६४॥
स्वनामाकृतयश्चैते कार्या दिव्या बुधैः सदा ।
सुभूषिता देवताग्रमण्डपे ध्यानतत्पराः ॥१६५॥

जुन जुन पक्षीहरू देवताका वाहन हुन गएका छन् तथा जुन सिंह, साँढे आदि पशुहरू बाहन हुन गएका छन्, ती सबै इच्छानुसारको रूप धारण गर्न सक्ने हुन्छन् ।

अनेक प्रकारका नाम र आकार भएका तिनीहरूलाई राम्रा तथा ध्यानमा रहेका बनाएर देवताका मंडप र मन्दिरका अगाडिपट्टि गहनाहरूले सिंगारेर, सजाएर स्थापना गर्नुपर्दछ ।

मार्जाराकृतिकः पीतः कृष्णचिह्नो बृहद्वपुः ।
असटो व्याघ्र इत्युक्तः सिंहः सूक्ष्म कटिर्महान् ॥१६६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिरालोको जस्तो अनुहार भएको, पहेंलो वर्णमा काला थोप्ला भएको, ठूलो शरीर भएको र जगर नभएको पशुलाई बाघ भनिन्छ र सानो कटि भएको र शरीर ठूलो भएकोलाई सिंह भनिन्छ ।

बृहद्भ्रूगंडनेत्रेस्तु भालरेखो मनोहरः ।
सटावान् धूसरोऽकृष्णलाञ्छनश्च महाबलः ॥१६७॥

जसका आँखीभौं, टाउको र आँखा ठूला हुन्छन्, निधारमा रेखा परेका हुन्छन्, हेर्दा राम्रो हुन्छ, जगर भएको, खैरो रंगको हुन्छ र काला कुनै चिह्न पनि हुँदैनन् र खूब बलियो हुन्छ, यी लक्षण भएको त्यस पशुलाई पनि सिंह भनिन्छ ।

भेदस्सटा लाञ्छनतो नाकृत्या व्याघ्रसिंहयोः ॥१६७॥

अनुहारमा बाघ र सिंहमा केही फरक हुँदैन, तर सिंहको केशर (जगर) हुन्छ, बाघको त्यो नहुने हुनाले मात्र यी दुइटालाई छुट्याउन सकिन्छ ।

गजाननं नराकारं ध्वस्तकर्णं पृथूदरम् ।
बृहत्स्कंक्षिप्रगहनपीनस्कन्धांघ्रिपाणिनम् ॥१६८॥
बृहच्छुण्डं भग्नवामरदमीप्सितवाहनम् ॥१६९॥
ईषत्कुटिलदंडाग्रवामशुण्डमदक्षिणम् ।
संध्यस्थिधमनीगूढं कुर्यान्मानमितं सदा ॥१७०॥

हात्तीको शिर, मानिसको आकृति, काँध, पाउ र हात पुष्ट भएको ठूलो सूँड भएको, देब्रे दाँत (दाह्रो) टुटेको, इच्छानुसारको वाहन भएको, सूँडको टुप्पो केही बाङ्गो भएको, दाहिनेपट्टि नभएर देब्रेपट्टि सूँड फर्केको, जोर्नी हाड र नसाहरू छोपिएको, प्रमाण-अनुसारको यस्तो गणेशको मूर्ति बनाउनुपर्दछ ।

सार्धश्चतुस्तालमितः शुण्डादण्डः समस्ततः ।
दशांगुलं मस्तकं च भ्रूगण्डश्चतुरंगुलः ॥१७१॥

गणेशका मूर्तिको प्रमाण यस प्रकार छः–साढे चार ताल लामो सूँड, दश अंगुलको शिर, आँखीभौं र गण्डस्थल चार चार अंगुलका हुनुपर्छ ।

नासोत्तरोष्ठरूपा च शेषा शुण्डा सपुष्करा ।
दशांगुलं कर्णदैर्घ्यं तदष्टांगुलविस्तृतम् ॥१७२॥

नाक र उपल्लापट्टिको ओठ जस्तो सूँडको संपूर्ण भाग पुष्करयुक्त हुनुपर्दछ । कानको लमाइ दश अंगुल र चौडाइ आठ अंगुल हुनुपर्छ ।

कर्णयोरन्तरे व्यासो द्व्यंगुलस्तालसंमितः ।
मस्तकेऽस्यैवपरिधिर्ज्ञेयः षट्त्रिंशदंगुलः ॥१७३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कानका बीचको भाग एक ताल र दुई अंगुल प्रमाणको मानिएको छ र शिरको परिधि छत्तीस अंगुल प्रमाणको मानिएको छ ।

नेत्रोपान्ते च परिधिः शीर्षस्तुल्यस्सदा मतः ।
सद्व्यंगुलद्वितालस्यान्नेत्राधः परिधिः करे ॥१७४॥

हात्तीका आँखाका वरिपरिको परिधि शिरका परिधि जत्तिकै प्रमाणको सधैं मानिएको छ र आँखामनिको परिधि भने दुई ताल र दुई अंगुल प्रमाणको मानिएको छ ।

कराग्रे परिधिर्ज्ञेयः पुष्करे च दशांगुलः ।
त्र्यंगुलं कण्ठदैर्घ्यं तत्परिधिस्त्रिंशदङ्गुलः ॥१७५॥

हात र पुष्करका अग्र भागको परिधि दश अंगुलको हुन्छ र घाँटीको लमाइ तीन अंगुलको तथा घाँटीको परिधि तीस अंगुल प्रमाणको हुन्छ ।

परिणाहस्तूदरे च चतुस्तालात्मिकस्सदा ।
षडंगुलो नियोक्तव्योऽष्टांगुलो वापि शिल्पिभिः ॥१७६॥

पेटको विस्तार भने सधैं चार ताल प्रमाणको हुन्छ, तर त्यसमा कालिगढहरूले छ अंगुल वा आठ अंगुल मिलाए पनि हुन्छ ।

दन्तः षडंगुलो दीर्घस्तन्मूलपरिधिस्तथा ।
षडंगुलश्चाधरोष्ठः पुष्करं कमलान्वितम् ॥१७७॥

दाँतका फेदको परिधि र त्यसको लमाइ पनि छ अंगुल प्रमाणको हुन्छ। कमलले युक्त पुष्कर (सूँड) बनाउनुपर्छ र तल्लो ओठको प्रमाण छ अंगुलको लिइएको छ ।

ऊरुमूलस्य परिधिः षट्त्रिंशदङ्गुलो मतः ।
त्रयोविंशत्यङ्गुलः स्यादूर्वग्रपरिधिस्तथा ॥१७८॥

तिघ्राको मूलभागको परिधि छत्तीस अंगुल प्रमाणको र त्यस्तै तिघ्राका अगाडि-पट्टिका भागको परिधि तेइस अंगुलको मानिएको छ ।

जंघामूले तु परिधिर्विंशत्यङ्गुलसंमितः ।
परिधिर्बाहुमूलादेरधिको द्व्यंगुलोऽङ्गुलः ॥१७९॥

जाँघका मूलभागको परिधि बीस अंगुल र हातका मूल भागको र अग्र भागको परिधि पनि क्रमशः बीस अंगुलको एक वा दुई अंगुल बढी भएको मानिएको छ ।

कर्णनेत्रान्तरं नित्य विज्ञेयं चतुरंगुलम् ।
मूलमध्याग्रान्तरं तु दश सप्तषडंगुलम् ॥१८०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कान र आँखाका बीचको अन्तर सधैं चार अंगुलको फरक मानिएको छ र आँखाको मूल, मध्य र अग्र भाग क्रमशः दश सात र छ अंगुलको मानिएको छ ।

नेत्रयोः कथितं तज्ज्ञैर्गणपस्य विशेषतः ।
उत्सेधपृथुता स्त्रीणां स्तने पञ्चांगुला मता ॥१८१॥

गणेशका विषयमा जान्ने विशेषज्ञहरूले पनि आँखाको उचाइ पनि पूर्वोक्त प्रकार-कै भनेका छन् । स्त्रीलिङ्गी मूर्तिमा स्तनको उँचाइ र लमाइ पनि पाँच अंगुल प्रमाणको मानिएको छ ।

स्त्रीकट्यां परिधिः प्रोक्तस्त्रितालो द्व्यंगुलाधिकः ।
स्त्रीणामवयवान् सर्वान् सप्ततालैर्विभावयेत् ॥१८२॥

स्त्रीलिङ्गी मूर्तिका कटिको परिधि दुई अंगुल अधिक तीन ताल प्रमाणको मानिएको छ र स्त्रीका अरू सम्पूर्ण अङ्गहरू सात ताल प्रमाणका मानिएका छन् ।

सप्ततालादिमानेऽपि मुखं स्वद्वादशांगुलम् ।
बालादीनामपि सदा दीर्घता तु पृथक् पृथक् ॥१८३॥

स्त्रीलिङ्गी मूर्तिका सबै अङ्गहरू सात ताल प्रमाणका मानिए पनि मुख बाह्र अंगुल प्रमाणको मानिएको छ । कपालको लमाइ पनि बेग्लाबेग्लै प्रकारको मानिएको छ ।

शिशोस्तु कंधरा ह्रस्वा पृथुशीर्षं प्रकीर्तितम् ।
कंठाधो वर्तते यादृक् तादृक् शीर्षं न वर्धते ॥१८४॥

बालकको मूर्ति निर्माण गर्दा घाँटी छोटो र शिर (टाउको) ठूलो प्रमाणको हुनुपर्छ भनी भनिएको छ, किनभने बालकको घाँटीमनिको भागको वृद्धि जतिसुकै भए पनि शिरको वृद्धि त्यति हुँदैन ।

कंठाधो मुखमानेन बालस्सार्धचतुर्गुणः ।
द्विगुणाः शिश्नपर्यन्तो ह्यधश्शेषं तु सक्थितः ॥१८५॥

बालकको वृद्धि मुखको प्रमाणबाट घाँटीमनि साढे चार गुना र तलका बाँकी सक्थिदेखि लिएर लिङ्गपर्यन्त दुई गुना वृद्धि हुन्छ ।

सपादद्विगुणौ हस्तौ द्विगुणौ वा मुखेन हि ।
स्थौल्ये तु नियमो नास्ति यथाशोभि प्रकल्पयेत् ॥१८६॥

मुखभन्दा सवा दुई गुना वा दुई गुना हातको वृद्धि हुन्छ र अझै मोटो हुने कुरामा भने केही नियम छैन जसरी राम्रो हुन्छ त्यसै गरी निर्माण गर्नू ।

नित्यं प्रवर्धते बालः पञ्चाब्दात् परतो भृशम् ।
स्यात् षोडशेऽब्दे सर्वाङ्गपूर्णस्त्री विंशतौ पुमान् ॥१८७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाँच वर्षभन्दा माथिको उमेर लागेपछि वालकको वृद्धि खूब हुन्छ । सोह्र वर्ष पुगेपछि स्त्री सर्वाङ्ग पूर्ण भएकी हुन्छे, तर पुरुषको सर्वाङ्ग पूर्ण हुनलाई वीस वर्षको उमेर पुग्नुपर्दछ ।

ततोऽर्हन्ति प्रमाणं तु सप्ततालादिकं सदा ।
कश्चिद्बालेऽपि शोभाढ्यस्तारुण्ये वार्धके क्वचित् ॥१८८॥

त्यसपछि (स्त्री पुरुषहरू) प्रायशः सात ताल प्रमाणका हुन जान्छन् कुनै (मानिस) बालककालमा, कुनै जवानीको उमेरमा र कुनै भने बूढा भएपछि राम्रा हुन्छन् ।

मुखाधस्त्र्यंगुला ग्रीवा हृदयं तु नवांगुलम् ।
तथोदरश्च वस्तिश्च सक्थि त्वष्टादशांगुलम् ॥१८९॥

प्रायशः (मानिसहरूको) मूर्तिमा मुखको तल्लो भाग तीन अंगुलको र घाँटी पनि तीन अंगुल तथा छाती नौ अंगुलको, पेट वस्तिभाग र सक्थि अठार अंगुलको हुन्छ भनी मानिएको छ ।

त्र्यंगुलं तु भवेज्जानु जंघात्वष्टादशांगुला ।
गुल्फाधस्त्र्यंगुलं ज्ञेयं सप्ततालस्य सर्वदा ॥१९०॥

प्रायशः सात ताल प्रमाणका मानिसहरूको मूर्तिको तीन अंगुल प्रमाणका घुँडा, जाँघ अठार अंगुल प्रमाणको र गोलीगाँठामनिको भाग तीन अंगुल प्रमाणको हुन्छ भनिएको छ ।

वेदांगुला भवेद् ग्रीवा हृदयं तु दशांगुलम् ।
दशांगुलं चोदरं स्याद्वस्तिश्चैव दशांगुलः ॥१९१॥
एकविंशांगुलं सक्थि जानु स्याच्चतुरंगुलम् ।
एकविंशांगुला जंघा गुल्फाधश्चतुरंगुलम् ॥१९२॥
अष्टतालप्रमाणस्य मानमुक्तमिदं सदा ।

सधैं आठ ताल प्रमाणका मानिसको मूर्तिमा चार अंगुलको घाँटी, दश अंगुल प्रमाणको छाती, दश अंगुल प्रमाणको पेट र बस्तिभाग दश अंगुल प्रमाणको, सक्थि एक्काईस अंगुल, घुँडा चार अंगुल, जाँघ एक्काईस अंगुल र गोलीगाँठामनिको भाग चार अंगुल प्रमाणको हुन्छ भनिएको छ ।

त्रयोदशांगुलं ज्ञेयं मुखञ्च हृदयं तथा ॥१९३॥
उदरं च तथा बस्तिर्दशतालेषु सर्वदा ।
गुल्फाधश्च तथा ग्रीवा जानु पञ्चाङ्गुलं स्मृतम् ॥१९४॥
षड्विंशत्यङ्गुलं सक्थि तथा जंघा प्रकीर्तिता ।
एकांगुलो मूर्ध्नि मणिर्दशताले प्रकल्पयेत् ॥१९५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुख र छाती तेह्र अंगुल, पेट र वस्तिभाग दश अंगुल दश ताल प्रमाणका मानिसको मूर्तिको हुन्छ भनिएको छ । त्यस्तै गोलीगाँठामनिको भाग, घाँटी र घुँडा पाँच पाँच अंगुलका पनि मानिएका छन् । छत्तीस अंगुल प्रमाणको सक्थिभाग तथा जाँघ र शिरको मणि एक अंगुल प्रमाणको दश ताल प्रमाणको (मानिसका मूर्तिको) हुन्छ भनेर बताइएको छ ।

पञ्चाशदंगुलौ बाहू दशताले स्मृतौ सदा ।
द्व्यंगुलौ द्व्यंगुलौ चोनौ तथा हीनप्रमाणके ॥१९६॥

दश ताल प्रमाणको मानिसका हात पचास अंगुल प्रमाणका हुन्छन् र त्यसभन्दा घटी प्रमाणका मानिसका हात दुई दुई अंगुल कम हुन्छन् ।

पाटवं तु यथाशोभि सर्वमानेषु कल्पयेत् ।
नवतालप्रमाणे न ह्यूनाधिक्यं प्रकल्पयेत् ॥१९७॥

सबै प्रमाणका मानिसहरूमा जसरी राम्रो हुन्छ, त्यस्तै कल्पना गर्नू र नौ ताल प्रमाणका मानिसमा भने घटीबढीको कल्पना गर्नु हुँदैन ।

दशताले तु विज्ञेयौ पादौ पञ्चदशांगुलौ ।
दशतालोर्ध्वमाने तु ताले तालेऽधिकांगुलम् ।
कल्पयेन्मुखतो धीमान् शिल्पवत्सु यथा तथा ॥१९८॥

दश ताल प्रमाणको मानिसको मूर्तिका पाउ पन्ध्र अंगुलको हुनुपर्छ । दश तालभन्दा माथिका प्रमाणमा भने प्रत्येक तालहरूमा एक एक अंगुल बढाउँदै लैजानुपर्दछ । यसरी बढाउँदै लैजाँदा बुद्धिमान् कालिगढले क्रमशः मुखदेखि थप्तै बढाउँदै लैजानुपर्दछ ।

दीर्घोरुजंघा विकटा क्रूरास्याद्भीषणासुरी ।
पैशाची प्रतिमा ज्ञेया राक्षसी सुकृशापि वा ॥१९९॥

ठूला ठूला तिघ्रा र जाँघ भएको, डरलाग्दो, विकट, क्रूर यस्तो प्रतिमा 'आसुरी प्रतिमा' हो र यसैलाई 'पैशाची प्रतिमा' पनि भनिन्छ । ज्यादै दुब्लो आकारको प्रतिमालाई 'राक्षसी प्रतिमा' हो भनी जान्नू ।

एकैकांगुलहीनौ स्तस्ततो न्यूनप्रमाणके ॥२००॥

उपरोक्त दश ताल प्रमाणको मानुषी प्रतिमामा चौध अंगुल प्रमाणका पाउ हुन्छन् र त्यसभन्दा कम ताल संख्या भएको मानुषी मूर्तिको प्रमाणमा भने एक एक अंगुल घटेर जाने हुन्छ ।

न पंचांगुलतो हीना न षडंगुलतोऽधिका ।
करस्य मध्यमा प्रोक्ता सर्वमानेषु तद्विदैः ॥२०१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हातको माझी औंलाको प्रमाण पाँच अंगुलभन्दा कम्ती र छ अंगुलभन्दा बढी बनाउनु हुँदैन भनेर सबै मानका विषयमा बताइएको छ भनेर त्यो मानको विषय जान्नेहरूले भनेका छन् ।

क्वचित्तु बालसदृशं सदैव तरुणं वपुः ।
मूर्तीनां कल्पयेच्छिल्पी न वृद्धसदृशं क्वचित् ॥२०२॥

मूर्तिको निर्माण गर्ने कालिगढले कतै भने तरुण अवस्थाको मूर्ति पनि बालकको जस्तो बनाउनू भनिएको छ र बूढा अनुहारको प्रतिमा बनाउने कल्पना कहिल्यै पनि नगर्नू ।

एवंविधान् नृपो राष्ट्रे देवान् संस्थापयेत् सदा ।
प्रतिसंवत्सरं तेषामुत्सवान् सम्यगाचरेत् ॥२०३॥

राजाले यस्ता प्रकारबाट यस किसिमका देवताका प्रतिमा (मूर्ति) सधैं स्थापना गर्नुपर्छ र हरेक वर्ष तिनीहरूको यात्रा पर्व राम्रोसँग सम्पन्न गर्नुपर्छ ।

देवालये मानहीनां मूर्तिं भग्नां न धारयेत् ।
प्रासादांश्च तथा देवाञ्जीर्णानुद्धृत्य यत्नतः ॥२०४॥

प्रमाणले रहित एवं टुटे-फुटेको मूर्तिलाई मन्दिरमा राख्नु हुँदैन। त्यस्तै टुटे-फुटेका देवमूर्तिहरू र भत्के-बिग्रेका मन्दिरहरूको जतनपूर्वक जीर्णोद्धार गर्नुपर्छ ।

देवतां तु पुरस्कृत्य नृत्यादीन् वीक्ष्य सर्वदा ।
न मनः स्वोपभोगार्थं विदध्याद्यत्नतो नृपः ॥२०५॥

राजाले देवताको निमित्त गरेर नै नाचगान हेर्नुपर्दछ, केवल आफ्नू मन लागेर केवल भोगविलासका लागि मात्र नाच नचाउने र गानबजान गराउने गर्नु हुँदैन, यति कुरा राजाले खूब विचार गर्नपर्छ ।

प्रजाभिर्विधृता ये ये ह्युत्सवास्तांश्च पालयेत् ।
प्रजानन्देन संतुष्येत् तद्दुःखैर्दुःखितो भवेत् ॥२०६॥

राजाले प्रजाहरूले जुन जुन उत्सव चाडपर्व गर्ने गरेका छन्, तिनीहरू सबैलाई शक्तिअनुसार संरक्षण गर्नुपर्दछ र प्रजाहरू खुशी भएमा हर्ष मान्नुपर्छ र प्रजालाई दुःख परेमा तिनीहरूको दुःखले आफू पनि दुःखी बन्नुपर्छ ।

चौथो अध्यायको चौथो प्रकरण समाप्त भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौथो अध्याय पाँचौं प्रकरण

दुष्टनिग्रहणं कुर्याद्व्यवहारानुदर्शनैः ।
स्वाज्ञया वर्तितुं शक्या स्वाधीना च सदा प्रजा ॥१॥

राजाले चालचलनको विचार गरी दुष्टहरूलाई सजायँ दिनुपर्छ । यसो भए जनता आफ्नू वशमा हुन्छ, जनता आफ्ना वशमा रहे आफूले जे भन्यो त्यही पालन गर्ने हुन्छ ।

स्वेष्टहानिकरः शत्रुर्दुष्टः पापप्रचारवान् ।
इष्टसंपादनं न्याय्यं प्रजानां पालनं हि तत् ॥२॥

आफ्नू इष्टप्राप्तिमा हानि पुऱ्याउने शत्रु हो, पापको प्रचार गर्ने दुष्ट हो र यथार्थ कुरा गर्नु उचित कुरा हो । दुष्टको निग्रह र इष्टको संपादन गर्नु नै प्रजापालन गर्नु हो ।

शत्रोरनिष्टकरणान्निवृत्तिः शत्रुनाशनम् ।
पापाचारनिवृत्तिर्यैर्दुष्टनिग्रहणं हि तत् ॥३॥

शत्रुबाट हुने खराब कुरा हुन नदिनु नै शत्रु नास्नु हो र पापाचारीहरूलाई निर्मूल पार्नु नै दुष्टनिग्रह गर्नु हो भनिएको छ ।

स्वप्रजाधर्मसंस्थानसदसत्प्रविचारतः ।
जायते चार्थसंसिद्धिर्व्यवहारस्तु येन सः ॥४॥

असल खराब दुवै कुरा विचार गरी आफ्ना प्रजालाई धर्ममा प्रवृत्त गराउनू । जुन कुरा गर्नाले अर्थसिद्धि हुन्छ, व्यवहार भनेको त्यही हो ।

धर्मशास्त्रानुसारेण क्रोधलोभविवर्जितः ।
सप्राड्विवाकः सामात्यः सब्राह्मणपुरोहितः ।
समाहितमतिः पश्येद्व्यवहाराननुक्रमात् ॥५॥

राजाले रिस र लोभ नलिईकन, न्यायाधीश, बुद्धिको कुरा पर्दा सल्लाह दिने मन्त्री, ब्राह्मण र पुरोहितलाई साथमा राखी सावधानपूर्वक धर्मशास्त्रअनुसार व्यवहार (झगडा आदि व्यवहार) क्रमशः हेर्नपर्छ ।

नैकः पश्येच्च कार्याणि वादिनोः शृणुयाद्वचः ।
रहसि च नृपः प्राज्ञः सभ्याश्चैव कदाचन ॥६॥

राजाले झगडाको विषय आफैंले मात्र नहेर्नू र वादी प्रतिवादी दुवै तर्फको भनाइलाई सुन्नू । बुद्धिमान् राजा र सभासद्ले एकान्तमा कसैले केही भनेमा त्यस्तो सुन्नु पनि हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पक्षपाताधिरोपस्य कारणानि च पञ्च वै ।
रागलोभभयद्वेषा वादिनोश्च रहः श्रुतिः ॥७॥

राग, लोभ, डर, द्वेष र वादी-प्रतिवादीसँग एकान्तमा कुरा गर्नु, पक्षपात हुनामा यिनै पाँच कारण मानिएका छन् ।

पौरकार्याणि यो राजा न करोति सुखे स्थितः ।
व्यक्तं स नरके घोरे पच्यते नात्र संशयः ॥८॥

आफू आनन्दमा बसेर जुन राजा दुनियाँको कामकाजको वास्ता गर्दैन, त्यो राजा घोर नरकमा पर्दछ । यो कुरा प्रष्ट छ, यसमा कुनै सन्देह छैन ।

यस्त्वधर्मेण कार्याणि मोहात् कुर्यान्नराधिपः ।
अचिरात्तं दुरात्मानं वशे कुर्वन्ति शत्रवः ॥९॥

जुन राजा नजानीकन र अधर्मपूर्वक कामहरूमा हात हाल्छ वा गर्दछ, त्यो दुष्ट राजा हो र त्यस्ता राजालाई शत्रुहरूले चाँडै नै वशमा पार्दछन् ।

अस्वर्ग्या लोकनाशाय परानीकभयापहा ।
आयुर्बीजहरी राज्ञामस्ति वाक्ये स्वयं कृतिः ॥१०॥

नरक प्राप्त गराउने, संपूर्ण लोकलाई नाश गर्न सक्ने, शत्रुको सैन्यलाई पनि तर्साउन सक्ने, आयुनाश गर्ने र बीजहरी (आमूल नाश गर्ने वा हुने) यस्तो शक्ति तथा कार्य राजाको बोलीमा स्वयं बसेको हुन्छ ।

तस्माच्छास्त्रानुसारेण राजा कार्याणि साधयेत ॥११॥
यदा न कुर्यान्नृपतिः स्वयं कार्यविनिर्णयम् ।
तदा तत्र नियुंजीत ब्राह्मणं वेदपारगम् ॥१२॥
दांतं कुलीनं मध्यस्थमनुद्वेगकरं स्थिरम् ।
परत्र भीरुं धर्मिष्ठमुद्युक्तं क्रोधवर्जितम् ॥१३॥

त्यसै कारण राजाले शास्त्रले भनेअनुसार कामकाज गर्नुपर्छ । यदि राजाले स्वयं सबै काम हेर्न नसके, निर्णय गर्न नसके त्यरता ठाउँमा वेदमा पारङ्गत भएको, इन्द्रिय जितेको, कुलीन, समबुद्धि भएको, कोमल वचन भएको, स्थिर बुद्धि भएको, परलोकदेखि डराउने, धर्मात्मा उद्योगी र रिस नभएको यस्तो ब्राह्मणलाई नियुक्त गर्नु ।

यदा विप्रो न विद्वान् स्यात् क्षत्रियं तत्र योजयेत् ।
वैश्यं वा धर्मशास्त्रज्ञं शूद्रं यत्नेन वर्जयेत् ॥१४॥

यदि त्यस्तो ब्राह्मण पाइएन भने त्यस ठाउँमा क्षत्रियलाई र क्षत्रिय पनि नपाइए वैश्यलाई नियुक्त गर्नु, तर शूद्रलाई त केही गरेर पनि नियुक्त गर्नु हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यद्वर्णजो भवेद्राजा योज्यस्तद्वर्णजस्सदा ।
तद्वर्ण एव गुणिनः प्रायशः संभवन्ति हि ॥१५॥

जुन जातको राजा छ (काममा) त्यही जातलाई नै नियुक्त गर्नू, किनभने प्रायशः त्यस्तै जात त्यसका लागि गुणी (हितकारी) हुन्छन् ।

व्यवहारविदः प्राज्ञा वृत्तशीलगुणान्विता ।
रिपौ मित्रे समा ये च धर्मज्ञाः सत्यवादिनः ॥१६॥
निरालसा जितक्रोधकामलोभाः प्रियंवदाः ।
राज्ञा नियोजितव्यास्ते सभ्याः सर्वासु जातिषु ॥१७॥

व्यवहार जान्ने, विद्वान्, आचारी, शीलवान् र गुणी, मित्र र शत्रुमा पनि समान व्यवहार गर्न जान्ने, धर्म जान्ने, सत्यवादी, जाँगरिला, काम क्रोध लोभ जितेका, मीठो बोल्ने व्यक्ति जुन जातिका भए पनि राजाले आफ्ना सभासद् बनाउनू ।

कीनाशाः कारुकाः शिल्पिकुसीदिश्रेणिनर्तकाः ।
लिंगिनः तस्कराः कुर्युः स्वेन धर्मेण निर्णयम् ॥१८॥

खेतीवाल, कालिगढ, चित्रकार, व्यापारी, नटुवा, संन्यासी र चोरहरूले आफ्नो धर्मअनुसार व्यवहार पर्दा निर्णय गर्नुपर्छ ।

अशक्यो निर्णयो ह्यन्यैः तज्जैरेव तु कारयेत् ।
आश्रमेषु द्विजातीनां कार्ये विवदतां मिथः ।
न विब्रूयान्नृपो धर्मं चिकीर्षुर्हितमात्मनः ॥१९॥

माथि भनिएका खेतीवाल आदिको निर्णय अरूले गर्न सकिन्न । त्यस्तो परेमा उनीहरूकै जातबाट निर्णय गर्न लगाउनू । ब्राह्मण आदिको आश्रमका विषयमा झगडा परेमा उनीहरूको धर्मका बारेमा आफ्नो हित चिताउने राजाले धर्मविरुद्ध हुने गरी कहिल्यै नबोल्नू ।

तपस्विनां तु कार्याणि त्रैविद्यैरेव कारयेत् ।
माया योगविदां चैव न स्वयं कोपकारणात् ॥२०॥

राजाले तपस्वीहरूको कामकाज त्रिवेदी (ब्राह्मण) द्वारा गराउनू र माया (छल) र योग जान्ने योगीहरूको काम गर्न रिस उठे पनि स्वयं राजा अघि नसर्नू ।

सम्यग्विज्ञानसंपन्ने नोपदेशं प्रकल्पयेत् ।
उत्कृष्टतातिशीलानां गुर्वाचार्यतपस्विनाम् ॥२१॥

प्रशस्त ज्ञान भएका व्यक्तिलाई उपदेश गर्न अघि नसर्नू । त्यस्तै आचारविचार भएका गुरु, आचार्य र तपस्वीहरूलाई पनि उपदेश गर्न अघि नसर्नू ।

आरण्यास्तु स्वकैः कुर्युः सार्थिकाः सार्थिकैः सह ।
सैनिकाः सैनिकैरेव ग्रामेप्युभयवासिभिः ॥२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जंगलीहरू र सार्थिक (व्यापारी), यिनीहरूको व्यवहार उनीहरूकै जातिसँग र फौजको व्यवहार फौजका अधिकारीहरूसँग नै गर्नु गराउनुपर्छ। गाउँलेहरूको व्यवहार गर्नुपर्दा त गाउँले र वनवासी दुवै मिली मिलाउनुपर्दछ।

अभियुक्ताश्च ये यत्र यन्निबंधनियोजना: ।
तत्रत्यगुणदोषाणां त एव हि विचारका: ॥२३॥

जुन जुन पदवीमा जो जो नियुक्त गरिएका छन् र तिनीहरूका निमित्त जुन जुन नियम तोकिएको छ, त्यस्ताका गुणदोषको निर्णय गर्ने कुरा उनीहरुद्वारा नै गराउनुपर्छ।

राजा तु धार्मिकान् सभ्यान् नियुंज्यात् सुपरीक्षितान् ।
व्यवहारधुरं वोढुं ये शक्ता: पुङ्गवा इव ॥२४॥

राजाले आफ्ना सभासद्हरू नियुक्त गर्दा खूब परीक्षा गरिएका, बयलले जस्तै व्यवहारको बोझा वोकन सक्ने धर्मात्मालाई नियुक्त गर्नुपर्छ।

लोकवेदज्ञधर्मज्ञा: सप्त पञ्च त्रयोऽपि वा ।
यत्रोपविष्टा विप्रा: स्यु: सा यज्ञसदृशी सभा ॥२५॥

लोकाचार, वेद र धर्मको तत्त्व जान्ने सात, पाँच अथवा तीन जना ब्राह्मण जुन सभामा रहन्छन्, त्यो सभा यज्ञस्थल जत्तिकै पवित्र जान्नू।

श्रोतारो वणिजस्तत्र कर्तव्या: सुविचक्षणा: ॥२६॥
अनियुक्तो नियुक्तो वा धर्मज्ञो वक्तुमर्हति ।
दैवीं वाचं स वदति य: शास्त्रमुपजीवति ॥२७॥

राजाले त्यस्ता सभामा असल विद्वान् र कामकाज गर्न जान्ने वैश्यलाई नियुक्त गर्नू। धर्मको मर्म जान्नेले त्यस्तो कुरा बोल्न नियुक्त गरिएको वा नगरिएको भए पनि बोल्नैपर्छ; किनभने जसले शास्त्र जानेको हुन्छ, त्यसले दैवी वाणी (यथार्थ कुरा) बोल्दछ।

सभा वा न प्रवेष्टव्या वक्तव्यं वा समञ्जसम् ।
अब्रुवन् विब्रुवन् वापि नरो भवति किल्विषी ॥२८॥

सभामा वसास् वा नबसोस् यथार्थ देखेको कुरा भन्नैपर्छ, त्यस्तो जानेर नभन्ने वा जानेको कुरा लुकाउने व्यक्ति पापी हुन्छ।

राज्ञा ये विदिता: सम्यक् कुलश्रेणिगणादय: ।
साहसस्तेयवर्ज्यानि कुर्यु: कार्याणि ते नृणाम् ॥२९॥

राजाले जसको कुल, श्रेणी र समूहलाई राम्ररी जानेको छ, त्यस्ता व्यक्तिहरूको चोरीको विषयमा बाहेक अरू काम गरिदिइहाल्नुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विचार्य श्रेणिभिः कार्यं कुलैर्यन्न विचारितम् ।
गणैश्च श्रेण्यविज्ञातं गणज्ञातं नियुक्तकैः ।।३०।।

आफ्ना कुलले कहिल्यै नगरेको कुनै काम आइपर्‍यो भने त्यसलाई विचार पुर्‍याएर श्रेणीमा विभाजन गरी गर्नू । श्रेणीबाट सिद्ध नभए समूहद्वारा गर्नू र समूहबाट पनि निर्णय नभए राजाबाट तोकिएका व्यक्तिले त्यो काम गर्नुपर्छ ।

कुलादिभ्योऽधिकाः सभ्याः तेभ्योऽध्यक्षोऽधिकः कृतः ।
सर्वेषामधिको राजा धर्माधर्मनियोजकः ॥३१॥

वंशपरम्पराका व्यक्तिभन्दा सभासद् बढी जान्ने हुन्छन्, तिनीहरूभन्दा अध्यक्ष (मन्त्री) र धर्म र अधर्मको निर्णय गर्ने कुरामा सबैभन्दा बढी जान्ने राजा हुनुपर्छ ।

उत्तमाधममध्यानां विवादानां विचारणात् ।
उपर्युपरि बुद्धीनां चरन्तीश्वरबुद्धयः ।।३२।।

उत्तम, मध्यम र अधम व्यक्तिहरूको झगडामा विचार गर्ने हुनाले तिनीहरू सबैको बुद्धिभन्दा राजाको बुद्धि विशेष जान्ने भएर रहेको हुन्छ ।

एकं शास्त्रमधीयानो न विद्यात् कार्यनिर्णयम् ।
तस्माद् बह्वागमः कार्यो विवादेषूत्तमो नृपैः ॥३३॥

एउटा शास्त्र मात्र पढेका व्यक्तिबाट कार्यको किटान हुन सक्तैन । तसर्थ त्यस्ता कुराको निर्णय गर्नलाई वा त्यस्तो विषयमा वादविवाद पर्दा राजाले धेरै विषयका शास्त्र पढेका व्यक्तिलाई नियुक्त गर्नुपर्छ ।

स ब्रूते यं स धर्मः स्यादेको वाध्यात्मचिन्तकः ।
एकद्वित्रिचतुर्वारं व्यवहारानुचिन्तनम् ।
कार्यं पृथक् पृथक् सभ्यै राज्ञा श्रेष्ठोत्तरैः सह ॥३४॥

त्यस्तो धेरै शास्त्र जानेको र अध्यात्मको चिन्तना गर्ने पुरुष एउटा मात्र भए पनि त्यसले जो बोल्छ, त्यो 'धर्मवाणी' हुन्छ । राजाले उत्तम विशिष्ट व्यक्तिका साथ सभामा रहेर व्यवहार (आफूले गर्नु पर्ने काम) लाई एक, दुई, तीन र चार पटकसम्म पनि विचार गर्नुपर्छ ।

अर्थिमत्यर्थिनौ सभ्याँल्लेखकप्रेक्षकांश्च यः ।
धर्मवाक्यै रंजयति स सभास्तारतामियात् ।।३५।।

वादी-प्रतिवादीलाई, लेखक र दर्शकलाई पनि धर्मका प्रमाण र वाक्यबाट जुन सभाले चित्त बुझाउन सक्तछ, त्यस सभाले आनन्द दिलाएर डरबाट निवृत्ति दिलाउन सक्तछ ।

नृपोऽधिकृत सभ्याश्च स्मृतिर्गणकलेखकौ ।
हेमाग्न्यम्बुस्वपुरुषाः साधनाङ्गानि वै दश: ।।३६।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्री, सभासद्, धर्मशास्त्र, हिसाव गर्ने (एकाउण्टेण्ट), लेखक, सुन, आगो, पानी र सिपाही राजपुरुष यति दश थरी कामदार नै कार्यसिद्धिमा साधन मानिएका छन् ।

एतद्दशाङ्गकरणं यस्यामध्यस्य पार्थिवः ।
न्यायान् पश्यत् कृतमतिः सा सभाध्वरसन्निभा ॥३७॥

यति उपर्युक्त दश प्रकारका साधन साथमा राखेर त्यसको अध्यक्षता आफूले गरी न्याय अन्याय हेरिने सभा पवित्र यज्ञ जस्तै भनिन्छ ।

दशानामपि चैतेषां कर्म प्रोक्तं पृथक् पृथक् ॥३८॥
वक्ताध्यक्षो नृपः शास्ता सभ्याः कार्यपरीक्षकाः ।
स्मृतिर्विनिर्णयं ब्रूते जपं दानं दमं तथा ॥३९॥

उपरोक्त कार्यसिद्धिका दश साधनको पनि प्रत्येकको बेग्लाबेग्लै कार्य विभाजन गरिएको छ; जस्तै मन्त्रीले पढेर सुनाउने, राजाले शिक्षा (आज्ञा) दिने, सभासद्ले काम जाँच्ने, धर्मशास्त्रले त्यसको निर्णय दिने र जप, दान, इन्द्रियनिग्रहका बारेमा उचित सल्लाह दिने ।

शपथार्थे हिरण्याग्नी अम्बु तृषितक्षुब्धयो ।
गणको गणयेदर्थं लिखेन्न्याय्यं च लेखकः ॥४०॥

शपथ (किरिया खानु) का लागि सुन र अग्नि, तिर्खाएकाका लागि र हडवडाएकाका लागि पानी, हिसाव ठीक राख्नाका लागि गणक (एकाउण्टेण्ट) र न्याय (फैसला) का लागि लेखकको काम तोकिएको छ ।

शब्दाभिधानतत्त्वज्ञौ गणनाकुशलौ शुची ।
नानालिपिज्ञौ कर्तव्यौ राज्ञा गणकलेखकौ ॥४१॥

राजाले धेरै भाषा बोल्न र जान्ने, हिसाव गर्न सक्ने र शुद्ध आचरण भएका, धेरै थरी लिपिज्ञान भएका गणक र लेखकलाई नियुक्त गर्नुपर्छ ।

धर्मशास्त्रानुसारेण ह्यर्थशास्त्रविवेचनम् ।
यत्राधिक्रियते स्थाने धर्माधिकरणं हि तत् ॥४२॥

जुन ठाउँबाट धर्मशास्त्रअनुसार अर्थशास्त्र वा व्यवहारको विवेचना गरिन्छ, त्यो ठाउँलाई धर्माधिकारिस्थान हो भनी जान्नु ।

व्यवहारान् दिदृक्षुस्तु ब्राह्मणैः सह पार्थिवः ।
मन्त्रज्ञैर्मन्त्रिभिश्चैव विनीतः प्रविशेत् सभाम् ॥४३॥

राजाले राजकाजको व्यवस्था हेर्न सभामा प्रवेश गर्दा मन्त्रण गर्न जान्ने मन्त्री र असल सत्पात्र ब्राह्मणले युक्त भएर शान्तिपूर्वक सभामा प्रवेश गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मासनमधिष्ठाय कार्यदर्शनमारभेत् ।
पूर्वोत्तरसमो भूत्वा राजा पृच्छेत् विवादिनौ ॥४४॥

राजाले धर्मासन (राजगद्दी) मा बसेर कामकाज हेर्नुपर्छ र यसो गर्दा शुरूदेखि लिएर अन्तसम्म झगडिया वा कामको विषयमा सोधी सोधी खूब सुन्नुपर्छ ।

प्रत्यहं देशदृष्टैश्च शास्त्रदृष्टैश्च हेतुभिः ।
जातिजानपदान् धर्माञ्श्रेणिधर्मांस्तथैव च ॥४५॥
समीक्ष्य कुलधर्मांश्च स्वधर्मं प्रतिपालयेत् ।

राजाले दिनदिनै देशदेशावरमा शास्त्रमा देखिएका प्रमाणबाट जाति, देश, श्रेणी र धर्मलाई विचार गरी आफ्ना कुलधर्म र स्वधर्मलाई संरक्षण गर्नुपर्छ ।

देशजातिकुलानां च ये धर्माः प्राक् प्रवर्तिता ।
तथैव ते पालनीया: प्रजा प्रक्षुभ्यतेऽन्यथा ॥४६॥

देश, जाति र कुलमा पहिलेदेखि जुन जुन धर्म चलेर आएका छन्, ती सबै धर्मलाई राजाले कत्ति खलबल नपारी संरक्षण गर्नुपर्छ । यसो भएन भने प्रजामा खलबल पर्दछ ।

उद्‌ह्यते दाक्षिणत्यैर्मातुलस्य सुता द्विजैः ।
मध्यदेशे कर्मकराः शिल्पिनश्च गवाशिनः ॥४७॥

दक्षिणपट्टिको देशमा ब्राह्मणले मामाकी छोरी विवाह गर्छन् । मध्यदेशका ब्राह्मण सेवा (चाकरी) वृत्ति गर्छन् र कालिगढहरू गाई पनि खान्छन् ।

मत्स्यादाश्च नराः सर्वे व्यभिचाररतास्त्रियः ।
उत्तरे मद्यपा नार्यः स्पृश्या नृणां रजस्वलाः ॥४८॥

मध्यदेशका सबै मानिसहरूले माछा खान्छन् र नारीहरू व्यभिचारिणी हुन्छन् । उत्तरदेशपट्टिका नरनारी रजस्वला नबार्ने हुन्छन् र मदिरापान गर्ने हुन्छन् ।

खशजाताः प्रगृह्यन्ति भ्रातृभार्यामभर्तृकाम् ।
अनेन कर्मणा नैते प्रायश्चित्तदमार्हकाः ॥४९॥

खशदेशका मानिसहरू दाजुभाइकी विधवा पत्नी (भाउजु वा बुहारी) लाई राख्तछन् । त्यस कारण उनीहरूले त्यसो गरेमा उनीहरूको त्यो चलन हुनाले उनीहरू दण्डनीय हुँदैनन् ।

येषां परंपराप्राप्ताः पूर्वजैरप्यनुष्ठिताः ।
त एव तैर्न दुष्येयुराचाराान्नेतरस्य तु ॥५०॥

जसको जुन जुन परम्परा चली आएको छ र उनका पूर्वजले गरेर आएका छन्,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यमताले त्यो गरे भने उनीहरूको त्यो कुलाचार हुन्छ र दण्डनीय हुँदैनन् । अरूले त्यसो गरे दूषित हुन्छन् ।

परस्त्रीधनसंलुब्धा मद्यासक्तरता: कलौ ।
विज्ञानलवदुर्दग्धा: प्राय: श्रीसंयुताश्च ये ॥५१॥
तन्त्रकर्मरता वेदविमुखा: स्यु: सदैव हि ।
महादण्डेन चैतेषां कुर्यात् संसाधनं नृप: ॥५२॥

कलियुगमा मानिसहरू अर्काको स्त्री र धनमा लोभ गर्ने, मदिरा खाने, विशेष ज्ञान नभएका, प्रायशः धेरै धन जम्मा गर्न खोज्ने, वेद नमान्ने, तन्त्रोक्त कर्म गर्ने हुन्छन्; अतः राजाले यस्तालाई ठूलो, कडा सजायबाट नियन्त्रण गर्नुपर्दछ ।

न्यायान् पश्येत् तु मध्याह्ने पूर्वाह्ने स्मृतिदर्शनम् ॥५३॥
मनुष्यमारणे स्तेयसाहसेऽत्ययिके सदा ।
न कालनियमस्तत्र सद्य एव विवेचनम् ॥५४॥

राजाले मध्याह्नको समयमा न्याय, पूर्वाह्नमा धर्मशास्त्रको विवेचना गर्नुपर्छ । मानिसलाई मार्ने काम, चोरलाई सजाय गर्ने, अपराधीलाई सजाय दिने, यति काम गर्न भने कुनै समय पर्खन पर्दैन, तुरुन्तै गरिहाल्नुपर्छ ।

धर्मासनगतं दृष्ट्वा राजानं मंत्रिभि: सह ।
गच्छेन्निवेद्यमानं यत् प्रतिरुद्धमधर्मत: ॥५५॥

मन्त्रीहरूले सहित धर्मासनमा राजालाई बसेको देखेपछि मात्र निवेदन गर्नुपर्ने कुरा धर्म नछोडी सत्य सत्य कुरा भन्नुपर्छ ।

यथासत्यं चिन्तयित्वा लिखित्वा वा समाहित: ।
नत्वा वा प्राञ्जलि: प्रह्वो ह्यर्थी कार्यं निवेदयेत् ॥५६॥

कामदार पुरुषले यथार्थ सत्य विचार गरी सावधानीपूर्वक लेखेर हात जोडी झुकेर नमस्कारपूर्वक बिन्ती चढाउनेले पनि यस प्रकार राजालाई बिन्ती चढाउनुपर्छ ।

यथार्हमेनमभ्यर्च्य ब्राह्मणै: सह पार्थिव: ।
सांत्वेन प्रशमय्यादौ स्वधर्मं प्रतिपादयेत् ॥५७॥

यस्ता प्रकारले आफ्नू कुरा बिन्ती चढाउने व्यक्तिलाई राजाले पनि यथायोग्य सत्कार गरी ब्राह्मणलाई साथ लिएर शान्तिपूर्वक पहिले आफ्नो धर्मको विषयमा उपदेश दिनू ।

काले कार्यार्थिनं पृच्छेत् प्रणतं पुरत: स्थितम् ।
किं कार्यं का च ते पीडा मा भैषी ब्रूहि मानव ॥५८॥

राजाले त्यस बेलामा नम्र भै अगाडि उभिएको त्यो काम भन्न आउनेलाई तिम्रो के काम छ ? कुन बाधा छ ? हे मानिस ! नडराई भन भन्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केन कस्मिन् कदा कस्मात् पीडितोऽसि दुरात्मना ।
एवं पृष्ट्वा स्वभावोक्तं तस्य संशृणुयाद्वचः ॥५९॥

राजाले त्यस्तालाई कसले, के कुरामा, कहिले, केबाट, कुन दुष्टले तिमीलाई दुःख दियो भनी सोध्नू र उसले भनेको कुरा राम्ररी सुन्नुपर्छ ।

प्रसिद्धलिपिभाषाभिस्तदुक्तं लेखको लिखेत् ।
अन्यदुक्तं लिखेदन्यद्योऽर्थिप्रत्यर्थिनां वचः ॥६०॥

त्यस्ताले भनेका कुरा चलनअनुसारको भाषामा लेख्नू । यसै गरी वादी-प्रतिवादी दुवैतर्फले भनेको कुरा लेख्नुपर्छ ।

चौरवत् त्रासयेद्राजा लेखकं द्रागतन्द्रितः ।
लिखितं तादृशं सभ्या न विब्रूयुः कदाचन ॥६१॥

त्यस्तो लेख (वादी प्रतिवादीको भनाइ) लेख्ता लेख्नेलाई राजाले चोरलाई झैं खूब तर्साउनुपर्छ । त्यसरी लेखिएको लेखका विषयमा सभासद्हरूले केही पनि बोल्नु हुँदैन ।

बलाद् गृह्णन्ति लिखितं दण्डयेत् तांस्तु चौरवत् ।
प्राड्विवाको नृपाभावे पृच्छेदेव सभागतम् ॥६२॥

जसले जबरजस्ती करकापद्वारा लेख (तमसुक) बनाएँछ, त्यसलाई राजाले चोरलाई हुने सजाय दिनू । यस्तो पर्दा राजा उपस्थित नभए वकीलले सभामा ल्याई यस विषयमा सबै कुरा सोध्नुपर्छ ।

वादिनौ पृच्छति प्राड्वा विवाको विविनक्त्यतः ।
विचारयति सभ्यैर्वा धर्माधर्मान् विवक्ति वा ।
सभायां ये हिता योग्याः सभ्यास्ते चापि साधवः ॥६३॥

वकीललाई प्राड्विवाक किन भनिन्छ भने वादी-प्रतिवादीसँग सोध्ने हुँदा प्राड् र सत्य–असत्यको विवेक गर्ने हुँदा विवाक अथवा सभासद्सँग सत्य, असत्य, धर्म, अधर्मका विषयमा विचार गर्ने हुनाले वकीललाई प्राड्विवाक भन्ने संज्ञा दिइएको हो । सभामा हित र योग्य काम गर्ने हुँदा सभासद्लाई 'साधु' भन्ने संज्ञा दिइएको हो ।

स्मृत्याचारव्यपेतेन मार्गेणाधर्षितः परैः ।
आवेदयति चेद्राज्ञे व्यवहारपदं हि तत् ॥६४॥

धर्मशास्त्र र लोकाचारविरुद्ध मार्गद्वारा जसले दुःख दिन्छ, त्यही कुराको उजूर गर्न राजाकहाँ आउँदा जो निवेदन लेखिन्छ, त्यस कुरालाई व्यवहार (झगडा) भनिन्छ ।

नोत्पादयेत् स्वयं कार्यं राजा नाप्यस्य पूरुषः ॥६५॥
न रागेण न लोभेन न क्रोधेन ग्रसेन्नृपः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परैरमापितानर्थान्न चापि स्वमनीषया ॥६६॥

राजाले अथवा राजाका मानिसहरूले त्यसै कुनै झमेला उठाउनु हुँदैन । राजाले पनि रागले, लोभले, रिसले पनि कुनै जानेको कुरा लुकाउन हुँदैन र आफूले अप्रयोजनीय सम्झेको कुरामा आफ्नो बुद्धिबाट राजाले हात नहाल्नू ।

छलानि चापराधांश्च पदानि नृपतेस्तथा ।
स्वयमेतानि गृह्णीयान्नृपस्त्वावेदकैर्विना ॥
सूचकस्तोभकाभ्यां वा श्रुत्वा चैतानि तत्त्वतः ॥६७॥

राजाले गुप्तचर अथवा खबर ल्याउनेहरूले भनेर वा स्वयं थाहा पाए पनि छल, अपराध र पदवी (पोष्ट) सम्बन्धी कुरा (गादी ताक्ने कुरा) थाहा पाउनेबित्तिकै आफैले तुरुन्त कारवाई गरिहाल्नुपर्छ ।

शास्त्रेण निन्दितस्त्वर्थी नापि राज्ञा प्रचोदितः ।
आवेदयति यत्पूर्वं स्तोभकः स उदाहृतः ॥६८॥

शास्त्र (कानून) द्वारा दोषी ठहराइएको र राजाले नियुक्त नगरिएको, तर धनको अभिलाषा राख्ने र केही गुप्त कुरा सुन्नेबित्तिकै ल्याउने व्यक्ति स्तोभक भनेर कहिन्छ ।

नृपेण विनियुक्तो यः परदोषानुवीक्षणे ।
नृपं संसूचयेज्ज्ञात्वा सूचकः स उदाहृतः ॥६९॥

राजाले अरूहरूको दोष हेर्न नियुक्त गरिएको र त्यस्तो कुरा पत्ता लगाएर राजालाई सूचित गर्ने व्यक्ति सूचक (गुप्तचर) भनिन्छ ।

पथिभंगी पराक्षेपी प्राकारोपरि लंघकः ।
निपानस्य विनाशी च तथा चायतनस्य च ॥७०॥

बाटो भत्काउने, अर्काको निन्दा गर्ने, पर्खाल नाघ्दै हिंड्ने, जलस्थान भत्काउने, घर नाश गरिदिने ।

परिखा पूरकश्चैव राजच्छिद्रप्रकाशकः ।
अन्तःपुरं वासगृहं भांडागारं महानसम् ॥७१॥
प्रविशत्यनियुक्तो यो भोजनं च निरीक्षते ।
विड्मूत्रश्लेष्मवातानां क्षेप्ता कामान्नृपाग्रतः ॥७२॥
पर्यङ्कासनबंधो चाप्यग्रस्थानविरोधकः ।
नृपातिरिक्तवेषश्च विधृतः प्रविशेत् यः ॥७३॥

परिखा पुरिदिने, राजाको छिद्र भन्दै हिंड्ने, खोपी, वासगृह, भंडार र भान्सामा नियुक्त नगरीकन त्यसै पस्ने, खाने कुरा कहाँ होला भनेर खोज्ने, दिशा-पिशाब, कफ र अयानवायु राजाकै अगाडि छोडिदिने, राजाको पलङ्गमा बस्ने, छेकेर राजाको अगाडि बस्ने, राजाले नदिएको वेष धारण गर्ने, त्यस्तो वेष धारण गरेर जता पायो उतै पस्ने,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पश्चापद्वारेण विशेदवेलायां तथैव च ।
शय्यासने पादुके च शयनासनरोहणे ॥७४॥
राजन्यासन्नशयने यस्तिष्ठति समीपतः ।
राज्ञो विद्विष्टसेवी चाप्यदत्तविहितासनः ॥७५॥

त्यस्तो अवस्था नपरीकन नै आपत्कालीन द्वारबाट पस्ने, राजाको शय्या, आसन, खराउ लाउने समय र सवारी चढ्ने तथा सुत्ने अवस्थामा पनि नगीचै बसिरहन खोज्ने यस्तो व्यक्ति राजाका विरोधीहरूको सेवा गर्ने, बस नभनीकन आसन ग्रहण गर्ने,

अन्यवस्त्राभरणयोः स्वर्णस्य परिधायकः ।
स्वयग्राहेण तांबूलं गृहीत्वा भक्षयेत् तु यः ॥७६॥
अनियुक्तप्रभाषी च नृपाक्रोशक एव च ।
एकवासास्तथाभ्यक्तो मुक्तकेशोऽवगुंठितः ॥७७॥
विचित्रिताङ्गस्रग्वी च परिधानविधूनकः ।
शिरः प्रच्छादकश्चैव छिद्रान्वेषणतत्परः ॥७८॥
आसंगी मुक्तवेशश्च घ्राणकर्णाक्षिदर्शकः ॥७९॥
दन्तोल्लेखनकश्चैव कर्णनासाविशोधकः ।
राज्ञः समीपे पञ्चाशच्छलान्येतानि संति हि ॥८०॥

अरुहरूका लुगा र गहना तथा सुन लगाउने, कसैले नदिईकन आफै झिकेर पान खाने, राजाले बोल्नू नभनिएको कुरामा स्वयं जान्ने भएर बोल्ने, राजाको निन्दा गर्ने, एउटा मात्र लुगा लगाएर, तेल मालिस गरेर, कपाल फिंजारेर घुम्लुङ्ग लुगा ओढेर, अंगप्रत्यङ्ग सिंगारेर, माला पैह्रेर, लुगा फट्कार्दै राजाका समीपमा जाने यस्तो व्यक्ति तथा शिर छोपेर हिंड्ने, छिद्र खोज्दै हिंड्ने, एक कामको बहाना गर्ने, तर मन भने अन्तै लगाउने, लुगाहरू खल्याङ-वल्याङ पारेर लगाउने, नाक कान र आँखा विचित्र किसिमबाट देखाउने, दाँत सफा गर्ने काम गर्ने, कान र नाक सफा गर्ने काम गर्ने यति माथि भनिएका पचास व्यक्तिबाट राजामा छल (कपट) पर्न सक्तछ । (याने राजाका समीपमा यस्ता छली (कपटी) आउन पनि सक्तछन्)।

आज्ञोल्लङ्घनकर्तारः स्त्रीवधो वर्णसंकरः ।
परस्त्रीगमनं चौर्यं गर्भश्चैव पतिं विना ॥८१॥
वाक्पारुष्यमवाच्याथ दंडपारुष्यमेव च ।
गर्भस्य पातनं चैवेत्यपराधा दशैव तु ॥८२।

आज्ञाको उल्लंघन गर्नु, स्त्रीजातिलाई मार्नु, जात छ्यासमिस पार्नु, अर्काकी स्त्रीमा संभोग गर्नु, चोर्नु, अर्काको लोग्नेको गर्भधारण गर्नु, रूखो बोल्नु, भन्नै नहुने कुरा भन्नु, कठोर सजाय दिनु, गर्भ तुहाउनु यिनै दश अपराध हुन् भनी बताइएको छ ।

उत्कृती सस्यघाती चाप्यग्निदश्च तथैव च ।
राज्ञो द्रोहप्रकर्ता च तन्मुद्राभेदकस्तथा ॥८३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्मन्त्रस्य प्रभेत्ता च बद्धस्य च विमोचकः ।
अस्वामिविक्रयं दानं भागं दण्डं विचिन्वति ॥८४॥
पटहाघोषणाच्छादिद्रव्यमस्वामिकं च यत् ।
राजावलीढद्रव्यं च यच्चैवांगविनाशनम् ।
द्वाविंशतिपदान्याहुर्नृपज्ञेयानि पंडिताः ॥८५॥

अन्नलाई उखेल्ने, घाँस-पात नाश गरिदिने, आगो लगाउने, राजाको द्रोह गर्ने, टक गाल्ने, राजाको गोप्य कुरा भन्दै हिंड्ने, कैदीलाई त्यसै भगाइदिने, मालिक नभैकन उसको वस्तु बेचिदिने वा दान गरिदिने, इयाली पिटिएको कुरा लुकाउने, स्वामिविनाको र राजालाई प्राप्त हुने धन आफै लिने, अङ्गभङ्ग पारिदिने वा अपराधीको अपराधको वास्ता नगर्ने आदि बाईस पद (ठाउँ)लाई राजाले राम्ररी पत्ता लगाएर जान्नुपर्दछ भनी विद्वान्हरूले भनेका छन् ।

उद्धतः क्रूरवाग्वेषो गर्वितश्चण्ड एव हि ।
सहासनश्चातिमानी वादी दण्डमवाप्नुयात् ॥८६॥

मान्यको आसनमा गएर बस्ने, अतिमानी, झगडा गर्ने, उद्दंड, रूखो बोली र उत्ताउलो वेष धारण गर्ने, घमण्डी र रिसाहा यस्तो व्यक्तिलाई दण्ड दिनुपर्दछ ।

अर्थिना कथितं राज्ञे तदावेदनसंज्ञकम् ।
कथितं प्राड्विवाकादौ सा भाषाखिलबोधिनी ॥८७॥

आवश्यक व्यक्तिले जुन कुरा राजाका समक्ष भनिन्छ, त्यसलाई आवेदन भनिन्छ र वकीलहरू र अरूसँग जो कुरा भनिन्छ त्यसलाई भाषा भनिन्छ। त्यो भाषा सबैले बुझिने हुन्छ ।

सपूर्वपक्षसभ्यादिस्तं विमृश्य यथार्थतः ।
अर्थितः पूरयेद्धीनं तत्साक्ष्यमधिकं त्यजेत् ॥८८॥
वादिनश्चिह्नितं साक्ष्यं कृत्वा राजा विमुद्रयेत् ॥८९॥

सभासद्हरूले पनि पूर्वपक्ष (वादी) सहित त्यो कुरा यथार्थ छानबिन गरेर त्यसमा जो नपुगेको त्यो काम गर्नु, त्यो कुरा वादीवालाबाट सोधेर पूर्ण गर्नुपर्छ । यसो गरेपछि त्यसका साछी धेरै नबकाउनू, अनि त्यो कागत (फिरादपत्र) मा वादीको सहीछाप लगाएर साछी राखी अनि राजाको छाप लगाउनुपर्छ ।

अशोधयित्वा पक्षं ये ह्युत्तरं दापयन्ति तान् ।
रागाल्लोभाद्भयाद्वापि स्मृत्यर्थं वाधिकारिणः ।
सभ्यादीन् दण्डयित्वा तु ह्यधिकारान्निवर्तयेत् ॥९०॥

जुन अधिकारी वा सभासद्ले पूर्वपक्षलाई यथार्थ नबुझीकन नै रागले लोभले, वा डरले भए पनि प्रत्युत्तर दिन्छन् र धर्मशास्त्रको विरुद्ध कुरा गर्छन्, त्यस्ता सभासद् वा अधिकारीलाई सजाय गरी अधिकार (जागीर) बाट पनि खोसिदिनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्राह्याग्राह्यं विवादं तु सुविमृश्य समाश्रयेत् ।
सञ्जातपूर्वपक्षं तु वादिनं संनिरोधयेत् ॥६१॥
राजाज्ञया सत्पुरुषैः सत्यवाग्भिर्मनोहरैः ।
निरालसेङ्गितज्ञैश्च दृढशस्त्रास्त्रधारिभिः ॥६२॥

झगडा कुन लिनुहुन्छ, कुन हुँदैन, राम्रोसँग विचार गरी लिनुपर्छ र जब वादीको पूर्वपक्षको कुरा सकिन्छ, अनि त्यसलाई (मानिस हेरी) राम्रा साँचो बोल्ने असल जाँगरिला, इशारा बुझ्ने, बलिया, शस्त्र र अस्त्र लिएका पुरुषद्वारा त्यस्तालाई राजाले दिएको आज्ञानुसार चूप लाग्न लगाउनू (बोल्न नदिनू) ।

वक्तव्येऽर्थे ह्यतिष्ठं तमुत्क्रामन्तं च तद्वचः ॥६३॥
आसेधयेत् विवादार्थी यावदाह्वानदर्शनम् ।
प्रत्यर्थिनं तु शपथैराज्ञया वा नृपस्य च ॥६४॥

जुन वादी भनेको कुरो मान्दैन अथवा वचनको अपहेलना गर्छ, त्यस्तालाई मुद्दा नहेरिञ्जेलसम्म वा राजाको आज्ञा नहुञ्जेल रोकिदिनू (थुनिदिनू) र प्रतिवादीलाई पनि प्रतिज्ञा गराई वा राजाको आज्ञाद्वारा रोक्नूपर्छ ।

स्थानासेधः कालकृतः प्रवासात् कर्मणस्तथा ।
चतुर्विधस्यादासेधो नासिद्धस्तं विलङ्घयेत् ॥६५॥

थुन्ने कुरा ठाउँ, समय, परदेश र काम कस्तो छ, त्यो हेरी चार प्रकारको हुन्छ । त्यसरी थुनिनुपर्ने ठहरिएको व्यक्तिले यस्तो कुराको निर्णय नहुञ्जेल त्यो कुराको उल्लंघन कहिल्यै गर्नु हुँदैन ।

यस्त्विन्द्रियनिरोधेन व्याहारोच्छ्वासनादिभिः ।
आसेधयदनासेधैः स दण्ड्यो न त्वतिक्रमी ॥६६॥

जुन मानिसले रोक्न नहुने इन्द्रिय (नाक कान मुख आदि) लाई र खानेकुरा तथा सास फेर्ने कुरालाई रोक्तछ (थुन्दछ), त्यसो गर्दा जसले त्यो कुराको उल्लंघन गर्दछ, यिनमा रोक्न खोज्नेलाई दण्ड गर्नू, तर रोक्तिनँ भन्नेलाई दण्ड नगर्नू ।

आसेधकाल आसिद्ध आसेध योऽतिवर्तते ।
स विनयोऽन्यथा कुर्वन्नासेद्धा दंडभाग्भवेत् ॥६७॥

जुन थुन्ने समयमा नै थुनिएको छ, त्यस्तो व्यक्ति थुनाबाट भाग्यो भने वा थुनिन चाहेन भने त्यो सजायभागी हुन्छ, त्यस्ता व्यक्तिलाई थुन्न खोज्ने व्यक्ति सजायभागी हुँदैन ।

यस्याभियोगं कुरुते तत्त्वेनाशंकयाथ वा ।
तमेवाह्वानयेद्राजा मुद्रया पुरुषेण वा ॥६८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन मानिसका उपर शंका लाग्छ वा जुन अपराधी हो भन्ने कुरा थाहा पाइसकेको छ, त्यस्तालाई मात्र राजाले पकडनालाई आफ्नू छाप भएको कागतद्वारा वा मानिसद्वारा बोलाउनुपर्छ ।

शंकासतां तु संसर्गादनुभूतकृतेस्तथा ।
होढाभिदर्शनात् तत्त्वं विज्ञास्यति विचक्षणः ॥९९॥

शंका लागेका मानिससँग आवत-जावत (संसर्ग) गरेको देखेर खास काम गरेको थाहा भएपछि तथा अपराधीका साथ हिंडेको कुरा देखेपछि विद्वान् पुरुष यथार्थ कुरा थाहा पाउँछ ।

अकल्पबालस्थविरविषमस्थक्रियाकुलान् ।
कार्यातिपातिव्यसनीनृपकार्योत्सवाकुलान् ॥१००॥
मत्तोन्मत्तप्रमत्तार्तभृत्यान् नाह्वानयेन्नृपः ।
न हीनपक्षां युवतिं कुले जातां प्रसूतिकाम् ।
सर्ववर्णोत्तमां कन्यां नाज्ञातप्रभुकाः स्त्रियः ॥१०१॥

असमर्थ, बालक, बूढा, अप्ठेरामा परेका, काममा व्यस्त भएका, खूब काम गरिरहेका, व्यसनमा लट्ठ भएका, राजाको काममा र चाडपर्वमा मस्त भएको, मत्त, उन्मत्त, प्रमत्त, र रोगी यस्ता सेवकलाई र कोही सहायक नभएकी स्त्री, कुलीन स्त्री, सुत्केरी स्त्री, ब्राह्मणकी छोरी र जातहरूमा प्रधान स्त्री यिनलाई राजाले बोलाउनु (वारन्ट जारी गर्नु) हुँदैन र उसको लोग्नेमानिस थाहा नपाइएकी स्त्रीहरूलाई पनि राजाले बोलाउनु हुँदैन ।

निर्वेष्टुकामो रोगार्तो यियक्षुर्व्यसने स्थितः ।
अभियुक्तस्तथान्येन राजकार्योद्यतस्तथा ॥१०२॥
गवां प्रचारे गोपालाः सस्यावापे कृषीवलाः ।
शिल्पिनश्चापि तत्कालमायुधीयाश्च विग्रहे ॥१०३॥
अप्राप्तव्यवहारश्च दूतो दानोन्मुखो व्रती ।
विषमस्थाश्च नासेध्या न चैतानाह्वयेन्नृपः ॥१०४॥

विवाहका काममा लागेको, रोगले पीडित, यज्ञ गर्न इच्छा गरेको, आपत्तिमा परेको, अरूहरूसँग विरोध परेको, राजाकै काममा लागेको, गाई चराइरहेको गोठाला, धान रोपिरहेका खेतीवाल, शिल्पी तथा भरखर लडाइँमा लडेर आएको व्यक्ति, व्यवहार कत्ति नजानेको, दूत, दान दिन लागेको व्रती (व्रत बसेको मानिस) अप्ठेरो ठाउँमा बसेको व्यक्ति, यिनलाई राजाले पक्रनु हुँदैन र यिनीहरूलाई बोलाउनु (वारन्ट जारी गर्नु) पनि हुँदैन ।

नदीसंतारकांतारदुर्देशोपप्लवादिषु ।
असिद्धस्तं परासेधमुत्क्रामन् नापराध्नुयात् ॥१०५॥

नदी तर्न लागेका समयमा, वनमा, डरलाग्दो देशको उपद्रवमा, जसले पक्रन्छ त्यस वेलामा त्यो पक्रिने व्यक्तिले पक्रिन नखोजे पनि त्यो अपराधी ठहरिंदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कालं देशं च विज्ञाय कार्याणां च बलाबलम् ।
अकल्पादीनपि शनैर्यानैराह्वानयेन्नृपः ॥१०६॥

राजाले काल र देशलाई विचार गरेर तथा कामको बल र निर्बल स्थिति जानेर असमर्थ र सज्जन आदि व्यक्तिहरूलाई सवारी पठाएर बिस्तारै बोलाउनुपर्छ ।

ज्ञात्वाभियोगं येऽपि स्युर्वने प्रव्रजितादयः ।
तानप्याह्वानयेद्राजा गुरुकार्येष्वकोपयन् ॥१०७॥

आफ्नो अपराधले गर्दा जो वनमा जोगी जस्ता बनेर बसेका छन् ठूलो कामको अभिभारा पर्दा राजाले तिनीहरूलाई पनि जसो गर्दा तिनीहरू रिसाउँदैनन्, त्यसै गरी बोलाउनुपर्छ ।

व्यवहारानभिज्ञेन ह्यन्यकार्याकुलेन च ।
प्रत्यर्थिनार्थिना तज्ज्ञः कार्यः प्रतिनिधिस्तदा ॥१०८॥

जसले मुद्दा (झगडा)को विषय जानेको छैन र अरू काम-काजबाट फुर्सद पाउन सक्दैन यस्ता वादी-प्रतिवादी दुवैले त्यस अवस्थामा त्यस विषयमा सिपालु प्रतिनिधि (वारेस) राख्नुपर्छ ।

अप्रगल्भजडोन्मत्तवृद्धस्त्रीबालरोगिणम् ।
पूर्वोत्तरं वदेद्बन्धुर्नियुक्तो वाथवा नरः ॥१०९॥
पिता माता सुहृद्बन्धुर्भ्राता संबन्धिनोऽपि च ।
यदि कुर्युरुपस्थानं वादं तत्र प्रवर्तयेत् ॥११०॥

वादी, वारेस राख्ता लूलो, पटमूर्ख, मात्तिएको बूढो, स्वास्नीमानिस, बालक, रोगी पहिले यिनीहरू र पछि उत्तर पक्ष बान्धव अथवा कुनै नियुक्त (तोकिएको व्यक्ति) अथवा बाबु, आमा, मीत, भाइ वा अरू कुनै नातेदार वादी-प्रतिवादीले तयार पार्छ भने अनि उजर (नालेस) लिनुपर्छ ।

यः कश्चित् कारयेत् किञ्चिन्नियोगाद्येन केनचित् ।
तत् तेनैव कृतं ज्ञेयमनिवार्यं हि तत् स्मृतम् ॥१११॥

वादी प्रतिवादी जो होस्, तिनीहरूले वारेस राखिएको जो कोही भए पनि त्यसले उनीहरूको जुनसुकै काम गरे तापनि त्यो कुरा उनीहरूले नै गरेको हुन्छ भन्ने कुरा अकाट्य मानिन्छ ।

नियोगितस्यापि भृतिं विवादात् षोडशांशिकीम् ।
विंशत्यंशां तदर्धां वा तदर्धां च तदर्धिकाम् ॥११२॥
यथा द्रव्याधिकं कार्यं हीनाहीना भृतिस्तथा ।
यदि बहुनियोगी स्यादन्यथा तस्य पोषणम् ॥११३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मज्ञो व्यवहारज्ञो नियोक्तव्योऽन्यथा न हि ।
अन्यथा भृतिगृह्णन्तं दंडयेच्च नियोगिनम् ।।११४।

त्यसरी नियुक्त गरेका वारेसको भत्ता झगडा जति मूल्यवान् छ, त्यसको सोह्र भागको एक भाग तोकिएको छ । अथवा झगडाका मूल्यको आधा, आधाको आधा वा त्यसको पनि आधा गर्नू । अथवा झगडा हेरी ठूलो भए त्यहीअनुसार धेरै र सानो भए थोरै गर्नू । यदि वारेसले धेरै झगडा नबोकी वारेसको साँझ-सबेर नहुने भए धर्म र व्यवहार जानेर तदनुसार नियुक्त गर्नुपर्छ । नत्र त्यसै वारेसको काममा नियुक्त गर्नु हुँदैन । यस्तो नियमानुसार नगर्ने वारेस बस्ने र राख्ने दुवैलाई सजाय दिनुपर्छ ।

कार्यो नित्यो नियोगी च नृपेण स्वमनीषया ।
लोभेनतऽन्यथा कुर्वन् नियोगी दण्डमर्हति ॥११५॥

राजाले पनि सदाका लागि आफ्नू बुद्धिअनुसार एउटा मानिस नियुक्त (मुखत्यार) लाई नियुक्त गर्नुपर्छ । त्यस्तो नियुक्त गरिएको व्यक्ति लोभी भएर अन्यथा गर्छ भने त्यो सजायको भागी हुन्छ ।

यो न भ्राता न च पिता न पुत्रो न नियोगकृत् ।
परार्थवादी दंड्यस्याद्व्यवहारेषु विब्रुवन् ॥११६॥

जुन व्यक्ति भाइ हैन, बाबु हैन, छोरो हैन र तिनीहरूले नियुक्त गरिएको पनि हैन, यस्ता व्यक्तिले अरूको प्रयोजनका निमित्त झगडामा विरुद्ध बोल्न लाग्यो भने त्यो सजायभागी हुन्छ ।

तदधीनकुटुम्बिन्यः स्वैरिण्यो गणिकाश्च या ।
निष्कुला याश्च पतिताः तासामाह्वानमिष्यते ॥११७॥

जुन स्वास्नीमानिसका कुटुंबहरू अधीन छन्, जो स्वतन्त्र छन्, जो वेश्या छन्, जसका वंशमा कोही छैनन, यस्ता र पतित स्वास्नीमानिसलाई वरु (झगडामा केही सोध्न) बोलाउनु मनासिब पर्छ ।

प्रवर्तयित्वा वाद तु वादिनौ तु मृतौ यदि ।
तत्पुत्रो विवदेत्तज्ज्ञो ह्यन्यथा तु निवर्तयेत् ॥११८॥

यदि फिरादपत्र दरेर दुवै वादी-प्रतिवादी मरे भने त्यस्तो ठाउँमा उनीहरूका त्यस विषयमा जान्ने छोराहरूले त्यसमा झगडा गरून् । कोही नभए त्यो उजूर वा झगडा खारेज गरिदिनू ।

मनुष्यमारणे स्तेये परदाराभिमर्शने ।
अभक्षभक्षणे चैव कन्याहरणदूषणे ॥११९॥
पारुष्ये कूटकरणे नृपद्रोहे च साहसे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतिनिधिर्न दातव्यः कर्ता तु विवदेत्स्वयम् ॥१२०॥

मानिसलाई मार्ने, चोर्ने, अर्काकी स्वास्नीलाई हात हाल्ने, खान नहुने कुरा खाने, कन्या चोर्ने र कन्यालाई हातपात गर्ने, कठोर वचन बोल्ने, झूटो कुरा गर्ने, राजाको द्रोह गर्ने, ठूलो अपराध गर्ने यस्ता व्यक्तिहरू प्रतिनिधि (वारेस) राख्न पाउँदैनन् र स्वयं उपस्थित भएर पुर्पच्छे गर्नुपर्छ ।

आहूतो यत्र नागच्छेद्दर्पाद्बंधुबलान्वितः ।
अभियोगानुरूपेण तस्य दण्डं प्रकल्पयेत् ॥१२१॥

जुन मानिस (पूर्जीद्वारा) बोलाइँदा पनि घमण्ड र बन्धुबलको अभिमान लिएर आउँदैन, त्यस्ता व्यक्तिलाई अपराधअनुसारको दण्ड गर्नू ।

दूतेनाह्वानितं प्राप्ताधर्षक प्रतिवादिनम् ।
दृष्ट्वा राज्ञा तयोश्चिन्त्यो यथार्हप्रतिभूस्ततः ॥१२२॥

मानिस पठाएर आएका वादी-प्रतिवादीहरूलाई हेरेर राजाले ती दुवैलाई यथोचित साछी ल्याऊ भन्नू ।

दास्याम्यदत्तमेतेन दर्शयामि तवान्तिके ।
एनमाधिं दापयिष्ये ह्यस्मात्ते न भयं क्वचित् ॥१२३॥
अकृतं च करिष्यामि ह्यनेनायं च वृत्तिमान् ।
अस्तीति न च मिथ्यैतदंगीकुर्यादतन्द्रितः ॥१२४॥

यसले नदिएको म दिन्छु, यसलाई तिम्रो समीपमा उपस्थित गराउँछु; यसको धरोट म दिन्छु, यसबाट तिमीलाई डर छैन, यसले नगरेको म गराइदिन्छु, यो काम गरेर खाने व्यक्ति हो, यो कुरा कहिल्यै झूटो हुने छैन भनी जो भन्दछ (जमानी बस्तछ) भने त्यसलाई विश्वासपूर्वक स्वीकार गर्नुपर्छ ।

प्रगल्भो बहुविश्वस्तश्चाधीनो विश्रुतो धनी ।
उभयोः प्रतिभूर्ग्राह्यः समर्थः कार्यनिर्णये ॥१२५॥

जान्ने, सुन्ने, धेरै विश्वासिलो, भनेको मान्ने, प्रख्यात, धनी यस्तो व्यक्तिलाई झगडाको निर्णय गर्नुपर्दा वादी-प्रतिवादी दुवै तर्फको यस्ता साछी राख्नुपर्छ ।

विवादिनौ संनिरुध्य ततोवादं प्रवर्तयेत् ।
स्वपुष्टौ राजपुष्टौ वा स्वभृत्या पुष्टरक्षकौ ॥१२६॥

राजाले वादी-प्रतिवादीलाई अगाडि खडा गरेर मात्र मुद्दा हेर्नुपर्छ । त्यस समयमा, राजाको जागिर खाएको, वा आफै हुने खाने भएको, वा कतै नोकरी गरेको केही त्यस्ता व्यक्तिलाई बडो विचार गर्नुपर्छ । यस्ताबाट यथार्थ कुरा थाहा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ससाधनौ तत्त्वमिच्छुः कूट साधनशंकया ॥१२७॥

यस प्रकार राजाले यी साधनबाट कुनै साधन (प्रमाण) झूटो नहोस् भनी यथार्थ कुरा पत्ता लगाउनुपर्छ ।

प्रतिज्ञादोषनिर्मुक्तं साध्यं यत्कारणान्वितम् ।
निश्चितं लोकसिद्धं च पक्षं पक्षविदो विदुः ॥१२८॥

प्रमाणमा कुनै दोष नभएका, यथार्थ कारण भएका र निश्चय गरिएका, लोक प्रसिद्ध भएका साधन [प्रमाण] लाई नै पक्ष [प्रमाण] जान्नेहरू पक्ष [साधनरूप प्रमाण] हो भन्दछन् ।

अन्यार्थमर्थहीनं च प्रमाणागमवर्जितम् ।
लेख्यहीनाधिकं भ्रष्टं भाषादोषा उदाहृताः ॥१२९॥

अर्कै अर्थ लाग्ने, अर्थै नभएको, प्रमाण र आगम नभएको, घटी-बढी भएको, भ्रष्ट भएको, यति कुरा जुन लेखमा पर्छ, त्यहाँ (त्यस लेखमा) भाषाको दोष पर्‍यो भन्नु । भाषाका दोष यिनै हुन् ।

अप्रसिद्धं निराबाधं निरर्थं निष्प्रयोजनम् ।
असाध्यं वा विरुद्धं वा पक्षाभासं विवर्जयेत् ।

जो प्रसिद्ध छैन, जे पायो त्यही उल्लेख गरिएको छ, निरर्थक छ, कुनै प्रयोजनै नभएको, असाध्य (साध्य नहुने) र विरुद्ध (कानूनमा नमिल्ने) छ, यस्तो पक्षाभास (नामको पक्ष) लाई छोडिदिनू ।

न केनचिच्छ्रुतो दृष्टस्सोऽप्रसिद्ध उदाहृतः ॥१३०॥

जुन कुरा कसैले देखे-सुनेको छैन, त्यसलाई अप्रसिद्ध भनिएको छ ।

अहं मूकेन संशप्तो वंध्यापुत्रेण ताडितः ।
अधीते सुस्वरं गाति स्वगेहे विहरत्ययम् ॥१३१॥
धत्ते मार्गमुखद्वारं मम गेहसमीपतः ।
इति ज्ञेयं निराबाधं निष्प्रयोजनमेव तत् ॥१३२॥

मलाई लाटाले गाली गर्‍यो, बाँझीका छोराले कुट्यो, यसले मेरा घरका नगीचै आफ्ना घरमा बसेर उच्चो स्वरले पढ्दछ, गीत गाउँछ, मेरा घरका नगीचै उसका घरमा ढोका बनाउँछ भन्ने यति कुरा निराबाध (बाधा नदिने) र केही काम नलाग्ने हुन् ।

सदा मद्दत्तकन्यायां जामाता विहरत्ययम् ।
गर्भं धत्ते न वंध्येयं मृतोऽय न प्रभाषते ॥१३३॥
किमर्थमिति तज्ज्ञेयमसाध्यं च विरुद्धकम् ॥१३४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'यो जुवाइँ मैले नै दिएकी कन्यामा सदा खेलबाड गर्छ, यसले पनि पेट बोकेकी (गर्भधारण गरेकी) छ, यो (छोरी) बाँझी छैन, मरेको यो (व्यक्ति) किन बोल्दैन ? 'भन्ने यस्ता कुरा साध्य नलाग्ने र विरुद्ध हुन् भन्ने जान्नू ।

मद्दुःखसुखतो लोको दूयते न न निन्दति ।
निरर्थमिति वा ज्ञेयं निष्प्रयोजनमेव वा ॥१३५॥

'मैले दुःख दिंदा जगत् दुःखी र सुख दिंदा सुखी किन हुन्छ?' भन्ने कुरा निरर्थक हो वा प्रयोजन नभएको कुरा पनि त्यहीं हो ।

श्रावयित्वा तु यत्कार्यं त्यजेदन्यद्वदेदसौ ।
अन्यपक्षाश्रयाद्वादो हीनो दण्ड्यश्च स स्मृतः ॥१३६॥

एउटा काम गर्छु भनेर सुनाउने, त्यो छोडेर अर्कै थरी गर्ने अर्कै कुरा भन्ने, यस्तो गर्दा अर्काको आड लिएर गर्ने, यस्तो वादी (पूर्वपक्ष) नीच हो र त्यो दण्डनीय हुन्छ भनिएको छ ।

विनिश्चिते पूर्वपक्षे ग्राह्याग्राह्यविशोधिते ।
प्रतिज्ञाते स्थिरीभूते लेखयेदुत्तरं ततः ॥१३७॥

जब पूर्वपक्षका अर्जीको निश्चय भैसक्छ र लिने र नलिने कुराको निर्णय हुन्छ भनेको प्रमाण जब पुग्छ, अनि बल्ल प्रत्युत्तर लेख्नुपर्छ ।

तत्राभियोक्ता प्राक् पृष्टो ह्यभियुक्तस्त्वनंतरम् ।
प्राड्विवाकः सदस्याद्यैर्दाप्यते ह्युत्तरं ततः ॥१३८॥

मुद्दामा पहिले वादीलाई, अनि प्रतिवादीलाई, त्यसपछि वकीललाई र सभासद्-लाई सोधपुछ गरेपछि मात्र जवाफ दिनुपर्छ ।

श्रुतार्थस्योत्तरं लेख्यं पूर्वावेदकसन्निधौ ।
पक्षस्य व्यापकं सारमसंदिग्धमनाकुलम् ।
अव्याख्यागम्यमित्येतन्निर्दुष्टं प्रतिवादिना ॥१३९॥

सुनेका कुराको प्रत्युत्तर वादीका अगाडि नै लेख्नुपर्छ जुन कुरा संपूर्ण पक्षको व्यापक होओस् तथा सारयुक्त र संदेहरहित तथा हडबड नगरीकन भनिएको हुनुपर्छ । त्यो कुरा टीकाटिप्पणी नगरीकन सोझै बुझिने हुनुपर्छ र प्रतिवादीले त्यसमा कुनै दोष देखाउन नपाओस् ।

संदिग्धमन्यत् प्रकृतादत्यल्पमतिभूरि च ।
पक्षैकदेशे व्याप्यं यत् तत्तु नैवोत्तरं भवेत् ॥१४०॥
न चाहूतो वदेत्किञ्चिद्धीनो दण्ड्यश्च स स्मृतः ॥१४१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन दिइने उत्तर अनुचित छ, ज्यादै नै घटी र वढी छ, त्यस्तो उत्तर (जवाफ) संदिग्ध उत्तर भनिन्छ । जुन उत्तरले पूर्वपक्षको केही भागलाई मात्र पुग्छ, त्यस्तो उत्तर दिनु हुन्न र प्रतिवादीलाई बोलाएर (समन दिएर) पछि पनि केही पनि नभनी चूप लागेर वस्छ भने त्यो नीच हो र त्यसलाई सजाय दिनुपर्छ ।

पूर्वपक्षे यथार्थे तु न दद्यादुत्तरं तु यः ।
प्रत्यर्थी दापनीयः स्यात् सामादिभिरुपक्रमैः ॥१४२॥

वादीले भनेको कुरा सत्य देखिएपछि पनि त्यसको जवाफमा प्रतिवादीले प्रत्युत्तर दिएन भने त्यस्तो त्यो प्रतिवादीलाई शान्ति आदि उपायद्वारा सजाय दिनुपर्छ ।

मोहाद्वा यदि वा शाठ्याद्यन्नोक्तं पूर्ववादिना ।
उत्तरांतर्गतं वा तत् प्रश्नैर्ग्राह्यं द्वयोरपि ॥१४३॥

नजानेर मोहले वा मूर्ख्याइँवाट जुन कुरा पूर्वपक्ष (वादी) ले भनेको थिएन, तर त्यो कुरा उत्तरपक्ष (प्रतिवादी) मा भनिन आयो भने कुरा के रहेछ सोधेर दुवै पक्षको कुरा लिनुपर्छ ।

सत्यं मिथ्योत्तरं चैव प्रत्यवस्कन्दनं तथा ।
पूर्वन्यायविधिश्चैवमुत्तरं स्याच्चतुर्विधम् ॥१४४॥

सत्य, मिथ्या, उत्तर र प्रत्यवस्कन्दन र पूर्वन्यायको विधानबाट प्रति-वादीको रूप चार किसिमको हुन्छ ।

अंगीकृतं यथार्थं यद्वाद्युक्तं प्रतिवादिना ।
सत्योत्तरं तु तज्ज्ञेयं प्रतिपत्तिश्च सा स्मृता ॥१४५॥

वादीले भनेको कुरा प्रतिवादीले पनि मनासिव छ भनेर स्वीकार गरेको छ भने त्यसलाई सत्योत्तर भनी जान्नू र प्रतिपत्ति भनेको पनि त्यही हो ।

श्रुत्वा भाषार्थमन्यस्तु यदि तं प्रतिषेधति ।
अर्थतः शब्दतो वापि मिथ्या तज्ज्ञेयमुत्तरम् ॥१४६॥

भाषा (उजूर) सुनेपछि वादी वा प्रतिवादीले अर्थ र शब्दवाट पनि त्यसको विरोध गरिन्छ भने त्यस्तो उत्तर (प्रत्युत्तर) मिथ्या (झूटो) हो भनिन्छ ।

मिथ्यैतन्नाभिजानामि तदा तत्र न सन्निधिः ।
अजातश्चास्मि तत्काले इति मिथ्या चतुर्विधम् ॥१४७॥

यो कुरा झूटो हो, यो कुरा मलाई थाहै छैन, त्यो कुरा हुँदा म त्यहाँ थिइनँ र यो कुरा हुँदा म जन्मेकै थिइनँ भन्ने यी चार कुरावाट मिथ्या (झूठो) चार प्रकारको हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थिना लिखितो ह्यर्थः प्रत्यर्थी यदि तं तथा ।
प्रपद्य कारणं ब्रूयात् प्रत्यवस्कन्दनं हि तत् ॥१४८॥

वादीले लेखेका कुरालाई प्रतिवादीले मान्नैपर्ने कुनै गतिलो प्रमाण पेश गर्ने कुरालाई प्रत्यवस्कन्दन भनिन्छ ।

अस्मिन्नर्थे ममानेन वादः पूर्वमभूत् तदा ।
जितोऽयमिति चेद् ब्रूयात् प्राङ्न्यायः स उदाहृतः ॥१४९॥

कसैले यही विषयमा मेरो र यिनको झगडा परी मैले जितिसकेको छु भन्छ भने त्यसलाई प्राङ्न्याय (पहिले नै इन्साफ भैसकेको) भनिन्छ ।

जयपत्रेण सभ्यैर्वा साक्षिभिर्भावयाम्यहम् ।
मया जितः पूर्वमिति प्राङ्न्याय स्त्रिविधः स्मृतः ॥१५०॥

फैसलाले, सभासद्बाट र साछीबाट मैले जितेको कुरा प्रमाणित गर्न सक्छु भनी पेश गर्न सक्छ भने उपरोक्त तीन कुराबाट प्राङ्न्याय तीन किसिमको हुन्छ भनिएको छ ।

अन्योऽन्ययोः समक्षं तु वादिनोः पक्षमुत्तरम् ।
नहि गृह्णन्ति ये सभ्या दण्ड्यास्ते चौरवत् सदा ॥१५१॥

जुन सभासद्हरूले वादी प्रतिवादी दुवै उपस्थित भएपछि पनि उनीहरूको उजूर लिंदैनन्, तिनीहरूलाई चोरलाई हुने सजाय गर्नुपर्छ ।

लिखिते शोधिते सम्यक् सति निर्दोष उत्तरे ।
अर्थिप्रत्यर्थिनोर्वापि क्रिया कारणमिष्यते ॥१५२॥

जब वादी प्रतिवादीले लिखित र कुनै परिबन्ध नछुटाई यथार्थ प्रामणिक कुरा पेश गर्छ, अनि मात्र त्यो मुद्दा हेर्न लायक हुन्छ अर्थात् (सबै अङ्ग पुगेपछि मुद्दा हेर्नुपर्छ) ।

पूर्वपक्षः स्मृतः पादो द्वितीयश्चोत्तरात्मकः ।
क्रियापादस्तृतीयस्तु चतुर्थो निर्णयाभिधः ॥१५३॥

वादी, प्रतिवादी, मुद्दा हेर्ने काम र फैसला गर्नु, यति चार तहबाट मुद्दाको काम हुन्छ ।

कार्यं हि साध्यमित्युक्तं साधनं तु क्रियोच्यते ।
अर्थी तृतीयपादे तु क्रियया प्रतिपादयेत् ॥१५४॥

काम सम्पन्न हुने कुरालाई साध्य, क्रियालाई साधन र तेस्रो तहको वादी वा प्रतिवादी क्रियारूप हुन् भनी जान्नू र त्यहीअनुसार मिलाएर काम गर्नु (मुद्दा हेर्नु) पर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चतुष्पाद्व्यवहारः स्यात् प्रतिपत्त्युत्तरं विना ।
क्रमागतान् विवादांस्तु पश्येद्वा कार्यगौरवात् ॥१५५॥

प्रत्युत्तर नपरे पनि प्रमाणलाई पनि चौथो तह मानिन्छ । यस प्रकार (मुद्दाका चार तह हुन्छन् । झगडा हेर्दा सभासद्हरूले क्रमशः आएकालाई क्रमशः नै हेर्नुपर्छ अथवा झगडा कस्तो किसिमको छ, त्यो पनि विचार गर्नुपर्छ ।

यस्य वाभ्यधिका पीडा कार्यं वाभ्यधिकं भवेत् ।
वर्णानुक्रमतो वापि नयेत् पूर्वं विवादयेत् ॥१५६॥

जसलाई ज्यादै मर्का परेको छ अथवा जसलाई कामको ज्यादा आत्तुरी परेको छ, त्यस्ताको र वर्ण (ब्राह्मण क्षत्रिय आदि) को क्रमअनुसार झगडा हेरी इन्साफ गर्नुपर्छ ।

कल्पयित्वोत्तरं सभ्यैर्दातव्यैकस्य भावना ।
साध्यस्य साधनार्थं हि निर्दिष्टा यस्य भावना ॥१५७॥
विभावयेत्प्रतिज्ञातं सोऽखिलं लिखितादिना ।
न चैकस्मिन् विवादे तु क्रियास्याद्वादिनोर्द्वयोः ॥१५८॥

सभासद्हरूले प्रत्युत्तरलाई विचार गरेर यस्तो कल्पना गर्नू कि न्याय कतातर्फ पार्नु योग्य हुन्छ । साध्य र साधनको दृष्टिबाट जसलाई न्याय दिलाउन योग्य हुन्छ, त्यो ठीक विचार गरी त्यसैलाई त्यो कुरा सही छ भनी जानेर लेख्ने कुराको निश्चय गरिदिनुपर्छ र एउटै कुरामा दुई वटा वादी लिनु पनि हुँदैन ।

मिथ्या क्रिया पूर्ववादे कारणे प्रतिवादिनी ।
प्राङ्न्यायकारणोक्तौ तु प्रत्यर्थी निर्दिशेत् क्रियाम् ॥१५९॥

पूर्ववाद (वादीको विषय) मा प्रतिवादी जो कारण बताउँछ, त्यसलाई मिथ्या-क्रिया भनिन्छ र प्रतिवादीले यस कुराको पहिल्यै फैसला भएको हो भन्छ भने त्यसले त्यसको प्रमाण पेश गर्नुपर्छ ।

कारणात् पूर्वपक्षोऽपि उत्तरत्वं प्रपद्यते ।
ततोऽर्थी लेखयेत् सद्यः प्रतिज्ञातार्थसाधनम् ॥१६०॥

कुनै कारणले गर्दा कहिलेकाहीं पूर्वपक्ष (वादी) पनि उत्तर पक्ष (प्रतिवादी) जस्तै बन्न पुग्छ; अतः वादी लेख्नेले जो भन्नुपर्ने छ, त्यही मात्र विचार पुऱ्याएर लेख्नुपर्छ ।

तत् साधनं तु द्विविधं मानुषं दैविकं तथा ।
त्रिधा स्याल्लिखितं भुक्तिः साक्षिणश्चेति मानुषम् ॥१६१॥

झगडामा साधन (प्रमाण) मानुषिक (मानिससम्बन्धी) र देवतासम्बन्धी गरी दुई किसिमको हुन्छ । त्यसमा भोग, लेख र साक्षी यी तीन प्रमाण मानिससम्बन्धी हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दैवं घटादि तद्द्रव्यं भूतालाभान्नियोजयेत् ।
तत्त्वच्छलानुसारित्वाद्भूतं भव्यं द्विधा स्मृतम् ।
तत्त्वं सत्यार्थाभिधायि कूटाद्यभिहितं छलम् ।।१६२।।

घटादि प्रमाण 'दैवी' भनिन्छ । भूत र भव्य यी दुई प्रमाण नपाएमा त्यो दैवी प्रमाणको प्रयोग गर्नुपर्छ । तत्त्व र छलका अनुसार भूत र भव्य पनि दुई किसिमको हुन्छ । तिनमा सत्य अर्थ व्यक्त गर्नेलाई तत्त्व र कूट (अयथार्थ) व्यक्त गर्नेलाई छल भनिएको छ ।

छलं निरस्य भूतेन व्यवहारान्नयेन्नृपः ।
युक्त्यानुमानतो नित्यं सामादिभिरुपक्रमैः ।।१६३।।

राजाले प्रजासँग व्यवहार गर्दा छल (कपट) लाई हटाएर युक्तिले, अनुमानले अथवा सामदान भेद आदि उपायद्वारा सदा व्यवहार गर्नुपर्छ ।

न कालहरणं कार्यं राजा साधनदर्शने ।।१६४।।
महान् दोषो भवेत् कालाद्धर्मव्यापत्तिलक्षणः ।

राजाले साधन (प्रमाण वा व्यवहार) हेर्नमा कत्ति विलम्ब गर्नु हुँदैन, किनभने यस विषयमा ढीलो गर्नाले धर्मनाश रूप दोष आइपर्छ ।

अर्थिप्रत्यर्थिप्रत्यक्षं साधनानि प्रदर्शयेत् ।।१६५।।
अप्रत्यक्षं तयोर्नैव गृह्णीयात्साधनं नृपः ।

वादीले प्रतिवादीका समक्ष नै प्रमाण पेश गर्न र राजाले पनि वादी-प्रतिवादीका प्रमाणहरू उनीहरूका पछाडि लिनु हुँदैन ।

साधनानां च ये दोषा वक्तव्यास्ते विवादिना ।।१६६।।
गूढास्तु प्रकटाः सभ्यैः काले शास्त्रप्रदर्शनात् ।
अन्यथा दूषयन् दण्ड्यः साध्यार्थादेव हीयते ।।१६७।।

प्रतिवादीका प्रमाणमा जति दोषहरू छन्, ती सबै वादीले भन्नुपर्छ र जति दोष लुकेका छन्, तिनीहरूलाई सभासद्हरूले मौकामा शास्त्रानुसार (कानूनअनुसार) देखाइदिनुपर्छ । यदि वादीले त्यसै झूटो दोष देखायो भने त्यो दण्डनीय हुन्छ र त्यसले न्याय पनि पाउन सक्तैन (झगडा हार्छ) ।

विमृश्य साधनं सम्यक् कुर्यात् कार्यविनिर्णयम् ।
कूटसाधनकारी तु दण्ड्यः कार्यानुरूपतः ।
द्विगुणं कूटसाक्षी तु साक्ष्यलोपी तथैव च ।।१६८।।

राजाले सबै साधन (प्रमाण) हरू केलाएर मात्र कामको निर्णय गर्नुपर्छ । झूठा प्रमाण दाखिल गर्नेलाई मुद्दा हेरी दण्ड दिनुपर्छ र झूठा साछी बक्ने र साछी बक्न नदिनेहरूलाई भने (झगडा हार्दा हुने) दण्डको दोब्बर सजाय दिनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधुना लिखितं वच्मि यथावदनुपूर्वशः ।
अनुभूतस्मारकं तु लिखितं ब्रह्मणा कृतम् ॥१६९॥

'अहिले लेखिएको कुरा यथार्थ किसिमबाट म भन्दछु' भन्नु अनुभवलाई सम्झाउने कुरो हो र त्यो कुरो ब्रह्माजीद्वारा नै गरिएको हो ।

राजकीयं लौकिकं च द्विविधं लिखितं स्मृतम् ।
स्वहस्तलिखितं वान्यहस्तेनापि विलेखितम् ॥१७०॥

चाहे आफ्नै हातले लेखिएको होस् अथवा अरूले लेखिएको होस् जे भए पनि राजकीय र लौकिक गरी लेख दुई प्रकारको हुन्छ ।

असाक्षिमत् साक्षिमच्च सिद्धिर्देशस्थितेस्तयोः ।
भोगदानक्रियादानसंविद्दानऋणादिभिः ॥१७१॥
सप्तधा लौकिकं चैतत् त्रिविधं राजशासनम् ।
शासनार्थं ज्ञापनार्थं निर्णयार्थं तृतीयकम् ॥१७२॥

साक्षी राखिएको होस् अथवा नहोस्, देशको चलनअनुसार (कागज वा लेखको) स्थिति प्रामाणिक हुन्छ ।

भोग, दान, काम, लेनदेन, धरोट र ऋण आदि भेदले लौकिक लेख (तमसुक) सात प्रकारको हुन्छ र राजशासन प्रशासनको निमित्त, भएको कुरा सबैलाई थाहा दिनाको निमित्त र निर्णयका निमित्त तीन प्रकारको मानिएको छ ।

साक्षिमद्रिक्थ्यभिमतं भागपत्रं सुभक्तियुक् ।
सिद्धिकृच्चान्यथा पित्रा कृतमप्यकृतं स्मृतम् ॥१७३॥

बाबुले साक्षी राखेर मनोमान खुशीराजीसँग भाग लगाइदिएका वण्डापत्रको धन सिद्धिकृत् (हक लाग्ने) हुन्छ । यति नभएको धन वण्डापत्र गरे पनि नगरेबराबर जान्नू ।

दायादाभिमतं दानक्रयविक्रयपत्रकम् ।
स्थावरस्य ग्रामपादिसाक्षिकं सिद्धिकृत् स्मृतम् ॥१७४॥

छोरा र बन्धु (दाजुभाइ) हरूले स्वीकार गरिएको, गाउँको मुख्य मानिस साक्षी बसेका दानपत्र, किनबेच गर्दा गरिने पत्र (तमसुक भरपाइ आदि) जग्गाजमीन आदिका पत्रहरू सिद्धिकृत् (सत्य र हक लाग्ने) हुन्छन् भनेर मानिएको छ ।

राज्ञा स्वहस्तसंयुक्तं स्वमुद्राचिह्नितं तथा ।
राजकीयं स्मृतं लेख्यं प्रकृतिभिश्च मुद्रितम् ॥१७५॥
निवेश्य कालं वर्षं च मासं पक्षं तिथिं तथा ।
वेलां प्रदेशं विषयं स्थानं जात्याकृती वयः ॥१७६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साध्यं प्रमाणं द्रव्यं च संख्यां नाम तथात्मनः ।
राज्ञां च क्रमशो नाम निवासं साध्यनाम च ॥१७७॥
क्रमात् पितृणां नामानि पीडाभाहर्तृ दायकौ ।
क्षमालिंगानि चान्यानि पक्षे सकीर्त्य लेखयेत् ॥१७८॥

राजाले आफ्नै हातले लेखेको, वा राजाको छाप मन्त्रीहरूले लगाइएको लेख (लालमोहर बा 'राजपत्रलाई राजकीय लेख' भनिन्छ । त्यसमा त्यो लेखिएको समय, वर्ष, महीना, पक्ष, तिथि, बेला, मुलुक, विषय, ठाउँ, जाति, अनुहार, उमेर, साध्य (यो रुपैयाँ नपाए यो वस्तु भोग गर्नू भनी उल्लिखित वस्तु), प्रमाण, लिएको वस्तु र त्यसको संख्या, आफ्नो र राजाको नाम, बसेको ठाउँ, साध्य वस्तुको नाउँ आफ्ना तीन पुस्ताको नाउँ दिने-लिनेको ल्याप्चे सहीछाप क्षमा (भाका) र अरू चिह्नहरू पनि अर्जी वा तमसुकमा उल्लेख गर्नुपर्छ ।

यत्रैतानि न लिखयन्ते हीनं लेख्यं तदुच्यते ।
भिन्नक्रमं व्युत्क्रमार्थं प्रकीर्णार्थं निरर्थकम् ॥१७९॥
अतीतकाललिखितं न स्यात् तत् साधनक्षमम् ।
अप्रगल्भेन च स्त्रिया बलात्कारेण यत् कृतम् ॥१८०॥

उपरोक्त कुराहरू जुन लेख (तमसुक वा अरू कागज) मा लेखिएका छैनन् भने त्यो कागज हीन लेख्य 'अप्रामाणिक कागज' हो भनिन्छ र सिलसिला नमिलेको, क्रम उल्टो परेको, कम अर्थ लाग्ने (अङ्ग नपुगेको), निरर्थक, म्याद गएपछि लेखिएको लेख र नाबालकबाट लेखिएको, स्वास्नीमानिसबाट मात्र लेखिएको र जबरजस्ती लेखिएको लेख (कागज) पनि अप्रामाणिक ठहरिन्छ ।

सद्भिर्लेख्यैः साक्षिभिश्च भोगैर्दिव्यै प्रमाणताम् ।
व्यवहारे नरो याति चेहामुत्राश्नुते सुखम् ॥१८१॥

प्रामाणिक कागज, साक्षी, भोग र दिव्य प्रमाणबाट व्यवहारमा मानिस प्रवृत्त हुन्छ र यसो गर्दा गर्दै इहलोक र परलोकमा सुख पाउँछ ।

स्वेतरः कार्यविज्ञानी यः स साक्षी त्वनेकधा ।
दृष्टार्थश्च श्रुतार्थश्च कृतश्चैवाकृतो द्विधा ॥१८२॥

आफ्नो कुनै काममा मतलब नराख्ने र अरूका विषयमा मात्र भन्ने व्यक्तिलाई साक्षी भन्दछन् । यस्तो साक्षीका अनेक भेद छन्, तिनमा मुख्य देख्ने र सुन्ने, गर्ने र नगर्ने गरी दुई प्रकारका हुन्छन् ।

अर्थिमत्यर्थिसांनिध्यादनुभूतं तु माग्यथा ।
दर्शनैः श्रवणैर्येन स साक्षी तुल्यवाग्यदि ॥१८३॥

वादी र प्रतिवादीको संसर्गबाट देखेर सुनेर पहिले जुन जुन कुरा अनुभव गरेको छ त्यही त्यही कुरा ठीक ठीकसँग भन्छ भने साक्षी भनेको त्यही हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्य नोपहता बुद्धिः स्मृतिः श्रोत्रं च नित्यशः ।
सुदीर्घेणापि कालेन स वै साक्षित्वमर्हति ॥१८४॥

जसको बुद्धिले सम्झना र सुनेको कुरा धेरै समय वितेपछि पनि जस्ताको त्यस्तै सम्झिरहन्छ, त्यस्तो व्यक्ति साछी वस्न योग्य हुन्छ ।

अनुभूतः सत्यवाग्यः सैकः साक्षित्वमर्हति ।
उभयानुमतः साक्षी भवत्येकोऽपि धर्मवित् ॥१८५॥

जसलाई सवैले 'यो साँचो बोल्छ' भन्दछन्, त्यस्तो एकाध व्यक्ति पनि साछी हुन सक्छ र वादी प्रतिवादी मान्दछन् भने धर्मको ज्ञाता एउटै साछी मात्र राखे पनि हुन्छ ।

यथाजाति यथावर्णं सर्वे सर्वेषु साक्षिणः ॥१८६॥
गृहिणो न पराधीनाः सूरयश्चाप्रवासिनः ।
युवानः साक्षिणः कार्याः स्त्रियः स्त्रीषु च कीर्तिताः ॥१८७॥

जुन जाति जुन वर्ण भए पनि जो पनिं सवैको साछी हुन सक्तछन् । गृहस्थी, अरूका अधीन नभएका, शूरा, विदेश नजाने, जवान व्यक्तिलाई साछी राख्नुपर्छ र स्त्री जातिको साछी स्त्रीजातिलाई नै राख्नुपर्छ ।

साहसेषु च सर्वेषु स्तेयसंग्रहणेषु च ।
वाग्दंड्योश्च पारुष्ये न परीक्षेत साक्षिणः ॥१८८॥

अपराधका सवै विषयमा, चोरीमा, थुन्ने पक्रने काममा, कठोर बोलीको विषय र कठोर दण्डका विषयमा साछीको परीक्षा गर्नुपर्दैन ।

बालोऽज्ञानादसत्यात् स्त्री पापाभ्यासाच्च कूटकृत् ।
विब्रूयाद्बान्धवः स्नेहाद्वैरनिर्यातनादरिः ॥१८९॥

अज्ञानबाट बालकले असत्य कामबाट स्त्रीले पाप गरिरहने हुँदा छली (कपटी) ले, स्नेहबाट बन्धु-बान्धवहरूले र वैरभावले गर्दा शत्रुहरूविरुद्ध कुरा गर्न सक्तछन् ।

अभिमानाच्च लोभाच्च विजातिश्च शठस्तथा ।
उपजीवनसंकोचाद्भृत्यश्चैते ह्यसाक्षिणः ॥१९०॥

अभिमान र लोभबाट अरू जाति र मूर्ख, खान दिंदैनन् कि भन्ने डर मान्ने हुँदा नोकर पनि नियमविरुद्धको कुरो भन्न सक्तछन्। तसर्थ यिनीहरू गतिला साछी मानिंदैनन्।

नार्थसंबंधिनो विद्यायौनसंबन्धिनोऽपि न ।
श्रेण्यादिषु च वर्गेषु कश्चिच्चेद् द्वेष्यतामियात् ॥
तस्य तेभ्यो न साक्ष्यं स्याद्द्वेष्टारः सर्व एव ते ॥१९१॥

परस्परमा धनसम्पत्ति सरसापट गरेका, गुरु शिष्य आदि विद्यासम्बन्धी, स्त्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरुष (यौनसम्बन्धी) उनै उनै जातका समूह, वा वर्ग यिनीहरूको केही न केही कुरामा वैरभाव हुन सक्छ। त्यस कारण परस्परका कुरामा यिनीहरूलाई साछी राख्न हुँदैन । यी सबै परस्परका द्वेषी हुन्छन् ।

न कालहरणं कार्यं राज्ञा साक्षिप्रभाषणे ॥१९२॥
अर्थिप्रत्यर्थिसांनिध्ये साध्यार्थेऽपि च सन्निधौ ।
प्रत्यक्षं वादयेत् साक्ष्यं न परोक्षं कथंचन ॥१९३॥

राजाले साछी बकाउन ढीला गर्न (पर्खन) हुँदैन । वादी प्रतिवादी र साध्य (विषय) का समक्ष नै साछी बकाउनुपर्छ । वादी प्रतिवादीका पछाडि साछी बकाउनु हुँदैन ।

नांगीकरोति यः साक्ष्यं दण्ड्यः स्याद्देशितो यदि ।
यःसाक्षान्नैव निर्दिष्टो नाहूतो नैव देशितः ।
ब्रूयान्मिथ्येति तथ्यं वा दण्ड्यः सोऽपि नराधमः ॥१९४॥

यदि साछी बस्नेको व्यक्ति 'साछी बक्तिनँ' भन्छ भने त्यसलाई मुद्दा-अनुसार दण्ड गर्नू । जसले साछी बोलाउँदैन, साछी बचन आज्ञा दिंदैन, नआऊ भन्छ, साँचो अथवा झूठो जो देख्छौ त्यो भन भनेर पनि भन्दैन, त्यस्तो व्यक्ति पनि मनुष्यमा अधम हो र त्यो पनि दण्डनीय हुन्छ ।

द्वैधे बहूनां वचनं समेषु गुणिनां वचः ।
तत्राधिकगुणानां च गृह्णीयाद्वचनं सदा ॥१९५॥

साछी बकाउँदा जतापट्टि धेरैले समर्थन गरेको हुन्छ, त्यतैको वचन मान्नुपर्छ; दुवैतर्फ बराबर संख्याका व्यक्तिले बके भने जता विद्वान् साछी छन्, तिनैले भनेको मान्नुपर्छ र दुवैतर्फ विद्वानै-विद्वान्‌ले बकेका छन् भने त्यस्तामा जो विशेष गुणी छन्, तिनैको कुरा मान्नुपर्छ ।

यत्राऽनियुक्तोपीक्षेत श्रृणुयाद्वापि किंचन ।
पृष्टस्तत्रापि सो ब्रूयाद्यथादृष्टं यथाश्रुतम् ॥१९६॥

जुन मानिस साछीमा नियुक्त भएको छैन, तापनि उसले देखे-सुनेको छ भने र त्यसलाई सोधनी भएमा उसले पनि जस्तो देखे-सुनेको छ, त्यो कुरा भन्नुपर्छ ।

विभिन्नकाले यज्ज्ञातं साक्षिभिश्चांशतः पृथक् ।
एकैकं वादयेत्तत्र विधिरेषः सनातनः ॥१९७॥

मौका-मौकामा जो जानिएको छ, त्यो कुरा जत्ति भए पनि बेग्ला-बेग्लै कुरा साछीले क्रमशः भन्नुपर्छ । साछीहरूको यो एक सनातन नियम हो । बकाउनेले पनि एक एक गरी बकाउनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वाभावोक्तं वचस्तेषां गृह्णीयान्न बलात् क्वचित् ।
उक्ते तु साक्षिणा साक्ष्ये न प्रष्टव्यं पुनः पुनः ॥
आहूय साक्षिणः पृच्छेन्नियम्य शपथैर्भृशम् ॥१९९॥

साछीहरूले स्वाभाविक तवरबाट भनेको कुरा टिप्नुपर्छ । जबरजस्ती कुनै कुरा बकाउनु हुँदैन । साछीहरूले एक पटक भनिसकेपछि त्यही कुरा वारंवार सोधिरहन हुँदैन र साछी बकाउँदा सधैं बोलाएर किरिया ख्वाएर नियन्त्रणपूर्वक बकाउनुपर्छ ।

पौराणैः सत्यवचनधर्ममाहात्म्यकीर्तनैः ।
अनृतस्यातिदोषैश्च भृशमुत्त्रासयेच्छनैः ॥२००॥

साछीहरूलाई पुराणका कुरा, सत्य वचन र धर्मको माहात्म्य सुनाएर र झूठा वचनका दोष देखाएर बिस्तारै बिस्तारै खूब तर्साउनुपर्छ ।

देशकाले कथं कस्मात् किं दृष्टं किं श्रुतं त्वया ।
लिखितं लेखितं यत् तद्वद सत्यं तदेव हि ॥२०१॥

कुन ठाउँमा, कुन समयमा, कसरी, केबाट के भएको थियो र त्यहाँ तिमीले के देख्यौ कें सुन्यौ ? जो लेखाए, जो लेखियो, त्यो जुन सत्य हो त्यही नै भन भनेर साछीलाई सोध्नुपर्छ ।

सत्यं साक्ष्यं ब्रुवन् साक्षी लोकानाप्नोति पुष्कलान् ।
इह चानुत्तमां कीर्तिं वागेषा ब्रह्मपूजिता ॥२०२॥

साछीले सत्यतापूर्वक बक्यो भने त्यसले उत्तम लोक (स्वर्गादिलोक) हरू प्राप्त गर्छ र यहाँ पनि गतिलो कीर्ति फैलिन्छ । यो कुरा वेदमा पनि भनिएको छ ।

सत्येन पूयते साक्षी धर्मः सत्येन वर्धते ।
तस्मात् सत्यं हि वक्तव्यं सर्ववर्णेषु साक्षिभिः ॥२०३॥

सत्यले साछी पवित्र हुन्छ, सत्यले नै धर्मको वृद्धि हुन्छ । तसर्थ सबै वर्णका साछीहरूले साँचो साँचो कुरा भन्नुपर्दछ ।

आत्मैव ह्यात्मनः साक्षी गतिरात्मैव ह्यात्मनः ।
मावमंस्थाः स्वमात्मानं नृणां साक्षित्वमुत्तमम् ॥२०४॥

हे मानव ! तिम्रो आत्मा नै आफ्नो साक्षी छ र तिम्रो गति पनि त्यही हो, तसर्थ मानिसको सच्चा साक्षी भएको आत्मालाई अनादर नगर ।

मन्यते वै पापकारी न कश्चित् पश्यतीति माम् ।
तांश्चदेवाः प्रपश्यन्ति तथा ह्यान्तरपूरुषः ॥२०५॥

पापी मानिसले कसैले पनि मलाई देखेका छैनन् भन्ने ठान्दछ, तर त्यसलाई देवताहरू र अन्तर्हृदयमा रहने पुरुषले देखिरहेको हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुकृतं यत् त्वया किञ्चिज्जन्मान्तरशतैःकृतम् ।
तत् सर्वं तस्य जानीहि यं पराजयसे मृषा ।
समाप्नोषि च तत्पापं शतजन्मकृतं सदा ॥२०६॥

हे मानव ! तिमीले सय्यौं जन्ममा जुन पुण्य गरेका थियौ, यहाँ झूठो कुरालाई पराजय गर्न सक्ने संपूर्ण वल वा प्रभाव त्यसैको हो । जस्तो त्यो पुण्य तिमीलाई प्राप्त हुन्छ त्यस्तै सय्यौं जन्ममा गरेको पाप पनि तिमीलाई सदा मिल्दछ ।

साक्षिणं श्रावयेदेव सभायामरहो गतम् ।
दद्यात् देशानुरूपं तु कालं साधनदर्शने ॥२०७॥

उपर्युक्त कुरा सबैका सामुन्ने सभामा आएका साछीलाई सुनाउनुपर्छ । अनि देश-अनुसार प्रमाण दाखिल गर्न समय दिनुपर्छ ।

उपाधिं वा समीक्ष्यैव दैवराजकृतं सदा ॥२०८॥
विनष्टे लिखिते राजा साक्षिभोगैर्विचारयेत् ।
लेखसाक्षिविनाशे तु सद्भोगादेवचिन्तयेत् ॥२०९॥

दैवी घटनाद्वारा वा राजासम्बन्धी कुनै उपाधिद्वारा लेख (कागज) नष्ट भएको भए त्यो कुरा हेरेर राजाले साछी र भोग-चलन के कस्तो छ भनी विचार गर्नू । यदि साछी र कागज पनि नभए गतिलो भोग-चलनतर्फ विचार गर्नुपर्छ ।

सद्भोगाभावतः साक्षी लेखतो विमृशेत् सदा ।
केवलेन च भोगेन लेखेनापि च साक्षिभिः ।
कार्यं न चिन्तयेद्राजा लोकदेशादिधर्मतः ॥२१०॥

सच्चा भोगचलन देखिन नआएमा कागज र साछीबाट कुरा के रहेछ बुझ्नुपर्छ । खालि भोग-चलन, लेख र साछीबाट मात्र पनि राजाले काम गरिहाल्न हुँदैन र लोक-धर्म र देशको धर्मको विचार पनि गरी कारवाही गर्नुपर्छ ।

कुशलाः लेख्यबिंबानि कुर्वन्ति कुटिलाः सदा ।
तस्मान्न लेख्यसामर्थ्यात् सिद्धिरेकान्तिकी मता ॥२११॥

किनभने लेख्न सिपालु (रकमी, फटाहा) व्यक्तिहरू बनावटी लेख (कागज) पनि लेख्न सक्तछन्, तसर्थ केवल कागजको भरले मात्र यही हो भनी किटान गर्न ठीक पर्दैन ।

स्नेहलोभभयक्रोधैः कूटसाक्षित्वशङ्कया ।
केवलैः साक्षिभिर्नैव कार्यं सिध्यति सर्वदा ॥२१२॥

प्रेमले, लोभले, डरले र रिस-इबीले गर्दा कूटसाक्षी (साछीहरू झुट्ठा) हुन पनि सक्तछन् । यस कारण केवल साछीको भनाइले मात्र पनि सधैं यथार्थ निर्णयको कार्यसिद्धि हुन सक्तैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अस्वामिकं स्वामिकं वा भुङ्क्ते यद्बलदर्पतः ।
इति शंकितभोगैर्न कार्यं सिध्यति केवलैः ।।२१३।।

बलले मत्त भएको व्यक्तिले आफ्नो अथवा अर्काको (जमीन वा वस्तु) भोग गर्न पनि सक्तछ । अतः यसमा (भोगमा) पनि शंका हुने भएकोले केवल भोगले मात्र पनि कार्य-सिद्ध (फैसला) हुन सक्तैन ।

शंकितव्यवहारेषु शंकयेदन्यथा न हि ।
अन्यथा शंकितान् सभ्यान् दण्डयेच्चोरवन्नृपः ।।२१४।।

शंका मान्नुपर्ने ठाउँमा मात्र शंका लिनु उचित हुन्छ । जहाँ पायो उहाँ शङ्का लिनु मनासिब हुँदैन । अतः शंका लिनु नपर्ने ठाउँमा शंका लिने सभासद्हरूलाई राजाले चोरलाई हुने जस्तै सजाय दिनुपर्दछ ।

अन्यथा शंकनान्नित्यमनवस्था प्रजायते ।
लोको विभिद्यते धर्मो व्यवहारश्च हीयते ।।२१५।।

नचाहिने शंका गर्नाले अव्यवस्था हुन जान्छ, प्रजाहरू भाँडिन्छन्, धर्म र व्यवहार पनि खिइँदै जान्छ ।

सागमो दीर्घकालश्च निराक्रोशो निरन्तरः ।
प्रत्यर्थिसन्निधानश्च भुक्तो भोगः प्रमाणवत् ।।२१६।।

आगम (लेख वा कागज) धेरै समयको भोग, अरूले छोडेको कुरा (विच्छेद) कसैको दावी नहुनु, हकवाला नगीचै रहनु यति कुरा देखिन आए भोगको प्रमाण बलियो हुन्छ ।

संभोगं कीर्तयेद्यस्तु केवलं नागमं क्वचित् ।
भोगश्छलापदेशेन विज्ञेयः स तु तस्करः ।।२१७।।

जसले कागज-प्रमाण केही पनि छैन, मेरो भोगचलन भएकोले यो मेरै हो मात्र भन्दछ भने केवल भोगचलनबाट मात्र खान खोज्ने त्यो व्यक्ति चोर हो ।

आगमेऽपि बलं नैव भुक्तिस्तोकापि यत्र नो ।
यं कश्चिद्दश वर्षाणि सन्निधौ प्रेक्षते धनी ।
भुज्यमानं परैरर्थं न स तं लब्धुमर्हति ।।२१८।।

भोगचलन कत्ति पनि छैन, तर कागज देखिन्छ भने त्यो कागजलाई मात्र बलियो (प्रमाण) मान्न सकिन्न र धन दिएको दश वर्षसम्म त्यसको ब्याज अरूले खाइरहेको हेरिरहन्छ भने त्यो दिएको मूल धनमा त्यसको अधिकार रहँदैन । त्यसले त्यो धन पाउँदैन ।

वर्षाणि विंशतिर्यस्यभूर्भुक्त्वा तु परैरिह ।
सति राज्ञि समर्थस्य तस्य सेह न सिध्यति ।।२२०।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कसैले अर्काको जमीन बीस वर्षसम्म भोगचलन गरेको छ राजा पनि छन् र त्यो जमीनको मालिक पनि समर्थ छ भने त्यो जमीन त्यसको हुन सक्तैन ।

अनागमं तु यो भुङ्क्ते बहून्यब्दशतान्यपि ।
चौरदण्डेन तं पापं दण्डयेत् पृथिवीपतिः ॥२२१॥

रसीद कागजको प्रमाणविना जसले सय वर्ष वा धेरै वर्षसम्म पनि खालि भोगचलन मात्र गर्छ त्यो पापी हो र त्यसलाई राजाले चोरलाई हुने सजाय गर्नुपर्छ ।

अनागमापि या भुक्तिर्विच्छेदो परमोज्भिता ।
षष्टिवर्षात्मिका सापहर्तुं शक्या न केनचित् ॥२२२॥

कुनै प्रमाण (कागजहरू) नभए पनि जसो साठी वर्षसम्म अनवच्छिन्न (लगातारको) भोग छ भने त्यो कुरा वा भूमि त्यसबाट अरूले खोस्न सक्तैन ।

आधिः सीमा बालधनं निक्षेपोपनिधिः स्त्रियः ।
राजस्वं श्रोत्रियस्वं च न भोगेन प्रणश्यति ॥२२३॥
उपेक्षां कुर्वतस्तस्य तूष्णीभूतस्य तिष्ठतः ।
काले विपन्ने पूर्वोक्ते तत्फलं नाप्नुते धनी ।
भोगः संक्षेपतश्चोक्तस्तथा दिव्यमथोच्यते ॥२२४॥

धरौटी राखेको कुरा, चार किल्ला बाँधेको कुरा, नाबालखको धन, नासो राखेको कुरा, स्वास्नीमानिस, वेदपाठी (वैदिक) को धन द्रव्य, भोग गर्नाले मात्रै त्यसको ठहरिन्न । यदि उपर्युक्त कुराका मालिक वास्ता नगरी चूप लागेर बस्छन् भने उपरोक्त मर्यादाक्रम नाघ्यो भने ती वस्तुका मालिक (धनीहरू) त्यो कुरा (धन) पाउँदैनन् । संक्षेपले भोगको कुरा भनियो, अब दिव्यका बारेमा भनिन्छ ।

प्रमादाद्धनिनो यत्र त्रिविधं साधनं न चेत् ।
अर्थं चापह्नुते वादी तत्रोक्तस्त्रिविधो विधिः ॥२२५॥

जहाँ धनीहरूले वास्ता नगर्नाले उनीहरूसँग तीन प्रकारका प्रमाण पनि छैनन् र वादी (धन चलन गर्ने व्यक्ति) ले यो थाहा पाएर कुरा लुकायो भने त्यहाँ प्रयोग गर्ने तीन प्रकारका उपाय छन् ।

चोदनाप्रतिकालश्च युक्तिलेशस्तथैव च ।
तृतीयः शपथः प्रोक्तस्तैरेवं साधयेत् क्रमात् ॥२२६॥

प्रेरणा गर्ने समय हुन नदिनु, जुक्तीका प्रक्रिया, तेस्रो शपथ (किरिया हाल्न लगाउनु), यिनै तीन ओटा उपाय प्रयोग गरी त्यो कार्य सिद्ध गर्नुपर्छ ।

विशिष्टतर्किता या च शास्त्रशिष्टाविरोधिनी ।
योजनारूवार्थसंसिद्ध्यै सा युक्तिस्तु न चान्यथा ॥२२७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विशेष तर्कना (विशेष उपायको विचार) गर्नु, त्यो पनि कानूनसँग मिल्ने र मान्य जनहरूमा मिल्ने होस्, अनि आफ्नो प्रयोजनसिद्धिका लागि विभिन्न योजना बनाउनु, यही नै युक्ति हो र यसैको प्रयोगबाट कार्य सिद्ध हुन्छ, अरूबाट हुँदैन ।

दानं प्रज्ञापनाभेदः संप्रलोभक्रिया च या ।
चित्तापनमनं चैव हेतवो हि विभावकाः ॥२२८॥

केही दिनु, सम्झाउनु, भेदनीतिको प्रयोग गर्नु, ठूलो लोभ देखाउनु र मनलाई खूब नियन्त्रण गर्नु, यति कुरा कार्य सिद्ध गर्नामा कारण मानिएका छन् ।

अभीक्ष्णं चोद्यमानोऽपि प्रतिहन्यान्न तद्वचः ।
त्रिचतुःपञ्चकृत्वो वा परतोऽर्थं स दाप्यते ॥२२९॥

वारंवार धरपकड गरी प्रेरणा गर्दा जुन वादी (धन लिने व्यक्ति) ले तीन चार पाँच पटकसम्म यसो गर्दा पनि उसको कुरा निषेध नगरी जवाफ दिन रुकेन वा दिएन भने अन्त्यमा त्यसले त्यो धन दिन्छ ।

युक्तिष्वप्यसमर्थासु दिव्यैरेनं विमर्दयेत् ।
यस्माद्देवैः प्रयुक्तानि दुष्करार्थे महात्मभिः ॥२३०॥
परस्परविशुध्द्यर्थं तस्माद् दिव्यानि नामतः ।
सप्तर्षिभिश्चभीत्यर्थं स्वीकृतान्यात्मशुद्धये ॥२३१॥

युक्तिप्रयोग गर्न नसक्ने व्यक्तिले उपरोक्त दिव्यबाट धन उपर गर्नुपर्दछ । यी दिव्यहरू कठिन कार्यहरूका लागि देवता र महात्माहरूले प्रयोग गरिएका छन् । यिनीहरुले परस्परमा शुद्ध व्यवहार बनाउने हुनाले दिव्य भन्ने यिनको नाम रहेको हो र यी प्रयोगहरू उद्दण्ड व्यक्तिलाई तर्साउन र व्यवहारशुद्धिका लागि सप्तर्षिहरूले पनि स्वीकार गरिएका छन् ।

स्वमहत्त्वाच्च यो दिव्यं न कुर्याज्ज्ञानदर्पतः ।
वशिष्ठाद्याश्रितं नित्यं स नरो धर्मतस्करः ॥२३२॥

जसले म ठूलो हुँ भन्ने भावनाले र अभिमानले गर्दा जान्ने हुँ भन्दै वशिष्ठ आदि ऋषिहरूले स्वीकार गरेको यो दिव्य उपायलाई सदा प्रयोग गर्दैन, त्यो मानिस धर्मको चोर (धर्महत्या गर्ने) हो ।

प्राप्ते दिव्येऽपि न शपेद् ब्राह्मणो ज्ञानदुर्बलः ।
संहरन्ति च धमार्धं तस्य देवा न संशयः ॥२३३॥

जुन अज्ञानी ब्राह्मण दिव्यको अवस्था आइपर्दा पनि शपथ ग्रहण गर्दैन भने त्यसको आधा धर्म देवताहरू हरण गर्छन्द । यसमा कुनै सन्देह छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तु स्वशुद्धिमन्विच्छन् दिव्यं कुर्यादतन्द्रितः ।
विशुद्धो लभते कीर्तिं स्वर्गं चैवान्यथा न हि ॥२३४॥

जो आत्मशुद्धिका लागि दिव्य (उपाय वा साधन) को अवस्था आइपर्दा आलस्यलाई छोडेर त्यसको उपायमा तत्पर हुन्छ, त्यसले निर्मल कीर्तिका साथै स्वर्गप्राप्ति गर्दछ । यो निःसन्देह छ ।

अग्निर्विषं घटस्तोयं धर्माधर्मौ च तण्डुलाः ।
शपथाश्चैव निर्दिष्टा मुनिभिर्दिव्यनिर्णये ॥२३५॥

आगो, विष, तुला, पानी (तीर्थादिको जल), धर्म, पाप, चामल मन्त्रेर खाने कुरा र किरिया खुवाउनु, यति कुरा दिव्यको निर्णयका लागि मुनिहरूले बताएका छन् ।

पूर्वं पूर्वं गुरुतरं कार्यं दृष्ट्वा नियोजयेत् ।
लोकप्रत्ययतः प्रोक्तं सर्वं दिव्यं गुरु स्मृतम् ॥२३६॥

उपरोक्त दिव्यप्राप्तिका साधनमा क्रमशः पहिला पहिला कुरा ज्यादै कठोर छन् । यिनलाई कस्तो बिराम गरेको छ, त्यो हेरी प्रयोग गर्नुपर्छ र लोकसंमतिबाट पत्यार वा स्वीकार गरिएको दिव्य (प्रमाण) सबैभन्दा ठूलो मानिएको छ ।

तप्तायोगोलकं धृत्वा गच्छेन्नवपदं करे ।
तप्तांगारेषु वा गच्छेत् पद्भ्यां सप्तपदानि हि ॥२३७॥

(किरिया खुवाउनुपर्दा वा दुर्जनको परीक्षा गर्दा) तातो फलामको डल्लो हातमा लिएर नौ पाइला हिंडाउनू अथवा आगामा नाङ्गा खुट्टाले सात पाइलासम्म हिंडाउनू ।

तप्ततैलगतं लोहमाषं हस्तेन निर्हरेत् ।
सुतप्तलोहपत्रं वा जिह्वया संलिहेदपि ॥२३८॥

तताएको तेलमा हालेको एक मासाभरको फलामलाई हातले झिक्न लगाउनू अथवा बेसरी तताएको फलामको पातालाई जिभ्राले चाट्न लगाउनू ।

गरं प्रभक्षयेद्धस्तैः कृष्णसर्पं समुद्धरेत् ।
कृत्वा स्वस्य तुलासाम्यं हीनाधिक्यं विशोधयेत् ॥२३९॥

विष खुवाउनू, हातले कालो सर्प लिन लगाउनू, तुलामा आफू बराबरको (धार्मिक) पदार्थ राखी घटीबढी के कसो हुन्छ, त्यसरी पनि जाँच गर्नुपर्छ ।

स्वेष्टदेवस्नपनजमद्यादुदकमुत्तमम् ।
यावन्नियमितः कालस्तावदप्सु निमज्जयेत् ॥२४०॥

त्यस्तो शपथ खुवाउनुपर्ने व्यक्तिका इष्टदेवतालाई नुहाएको जल खान लगाउनुपर्छ । यद्वा अपराधीलाई पानीमा जतिञ्जेल डुबाउनू भनेर लेखिएको छ । तदनुसार त्यति बेलासम्म पानीमा पनि डुबाउनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधर्मंधर्ममूर्तौनामदृष्टहरणं तथा ।
कर्षमात्रांस्तण्डुलांश्च चर्वयेच्च विशंकितः ॥२४१॥

आँखामा पट्टल बाँधिदिएर धर्म र पापको मूर्ति राखी लौ एउटा लिएर आइज भन्नू तथा एक तोला चामललाई कत्ति शंका नमानी चपा भनेर चामल चपाउन लगाउनू (लोकमा यसरी चामल चपाउँदा अपराधीको मुखमा थूक आउँदैन भन्छन् ।)

स्पर्शयेत् पूज्यपादांश्च पुत्रादीनां शिरांसि च ॥२४२॥
धनानि संस्पृशेद् द्राक्तु सत्येनापि शपेत् तथा ।
दुष्कृतं प्राप्नुयां यद्यत् सर्वं नश्येत्तु सत्कृतम् ॥२४३॥

मान्यजनका गोडा (पाउ) छुन लगाउनू, छोरा-छोरीको शिरमा हात राखी भन्न लगाउनू, धन द्रव्य (तामाको पैसा आदि) छुन लगाउनू, सत्य सम्झी किरिया हाल् पनि भन्नू र मेरो अहिल्यै सत्यानाश होस् पाप लागोस् र मलाई नराम्रो कुरा आइहालोस् 'मेरो पुण्य नष्ट होस् भनी किरिया खुवाएर प्रतिज्ञा गराउनुपर्छ ।

सहस्रे ऽपहृते चाग्निः पादोने च विषं स्मृतम् ।
त्रिभागोने धटः प्रोक्तो ह्यर्धे च सलिलं तथा ॥२४४॥

हजारको संख्या चोरे आगोबाट गरिने सजाय, त्यसको चौथाइ घटीमा विष, तीन भागको घटी चोरीमा तुला र हजारको आधा चोरेमा पानीबाट गरिने सजाय गर्नुपर्छ ।

धर्माधर्मौ तदर्धे च ह्यष्टमांशे च तण्डुलाः ।
षोडशांशे च शपथा एवं दिव्यविधिः स्मृतः ॥२४५॥

त्यसको आधामा धर्म र अधर्म, आठ भागमा चामल मन्त्रेर खुवाउने, सोह्र भाग चोरेमा किरिया खुवाउने विधि गर्नू । यस्ता प्रकारको दिव्य (प्रतिज्ञा गराउने) उपाय बताइएको छ ।

एषा संख्या निकृष्टानां मध्यानां द्विगुणा स्मृता ।
चतुर्गुणोत्तमानां च कल्पनीया परीक्षकैः ॥२४६॥

उपरोक्त सजायको परिमाण निम्न स्तरका लागि को हो र परीक्षकहरूले मध्यम स्तरका व्यक्तिलाई यसको दोब्बर र उत्तम स्तरका व्यक्तिलाई यसको चार गुना बढी सजाय दिनुपर्छ ।

शिरोवर्तिर्यदा न स्यात् तदा दिव्यं न दीयते ।
अभियोक्ता शिरस्थाने दिव्येषु परिकीर्त्यते ॥२४७॥

जहाँसम्म शिर हल्लाएर स्वीकृति प्रदान गरिन्न, त्यहाँसम्म दिव्य प्रमाण दियो भनेर मान्न सकिन्न । किनभने उजुरवालाको शिरस्थान पनि दिव्यका प्रमाणहरूमा गणना गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभियुक्ताय दातव्यं दिव्यं श्रुतिनिदर्शनात् ।
न कश्चिदभियोक्तारं दिव्येषु विनियोजयेत् ।

श्रुतिको (वेदको) आज्ञानुसार मुद्दावालालाई दिव्यको प्रमाण दिलाउनुपर्छ र मुद्दा दिनेलाई भने दिव्य प्रमाण दिने कुरामा सम्मिलित गर्नु हुँदैन ।

इच्छया त्वितरः कुर्यादितरो वर्तयेच्छिरः ।।२४८।।

त्यो बाहेक अरूले भने आफ्नो इच्छाबाट दिव्यमा सम्मिलित हुन् र अर्कोले पनि हुन्छ भनी स्वीकार गर्दा गरिने शिर हल्लाउने क्रिया गर्न हुन्छ (शिर हल्लाएर स्वीकृति दिन हुन्छ) ।

पार्थिवैः शंकितानां च निर्दिष्टानां च दस्युभिः ।
आत्मशुद्धिपराणां च दिव्यं देयं शिरो विना ।।२४९।।

जुन मानिसलाई राजाबाट शंका गरिएको छ, जसलाई चोरहरूले हाम्रो मतियार यो पनि हो भनी देखाएका छन्, र जो अपराधीहरू आफै हाजिर भै शुद्धि चाहन्छन् यस्ता यिनीहरू सबैलाई शिर नहल्लाई दिव्यमा सम्मिलित गर्नुपर्छ ।

परदाराभिशापे च ह्यगम्यागमनेषु च ।
महापातकशस्ते च दिव्यमेव न चान्यथा ।।२५०।।

अर्काकी स्वास्नीलाई गाली गर्ने, संभोग गर्न नहुने स्त्रीमा संभोग गर्ने र महापातक गर्ने यिनीहरूलाई दिव्य गराउनैपर्छ, अरूलाई पर्दैन ।

चौर्याभिशंकायुक्तानां तप्तमाषो विधीयते ।।२५१।।
प्राणान्तिकविवादे तु विद्यमानेऽपि साधने ।
दिव्यमालम्बते वादी न पृच्छेत्तत्र साधनम् ।।२५२।।

जुन मानिसलाई चोरीको शंका लागेको छ, त्यसलाई तताएको एक मासा सुनको दिव्य (उपायद्वारा साबित गर्ने काम) बाट दण्ड गर्ने कुरा भनिएको छ । जुन मुद्दामा ज्यानको खून (ज्यानमारा) भएको छ, त्यसको यसैले पक्का हो भन्ने प्रमाण भएको मुद्दामा वादी दिव्य प्रमाण स्वीकार गर्छ भने यस्ता मुद्दामा न्याय दिलाउनेले साधन [प्रमाण] को खोज नगर्नू । यस विषयमा सोधिरहनुपर्दैन ।

सोपधं साधनं यत्र तद्राज्ञे श्रावितं यदि ।
शोधयेत्तत्तु दिव्येन राजा धर्मासनस्थितः ।।२५३।।

यदि कुनै साधन [प्रमाण] मा कुरा लुकाएको थाहा हुन गएर त्यो कुरा राजालाई सुनाइएको भए धर्मासनमा बसेका राजाले त्यस कुरालाई दिव्यद्वारा निरूपण गर्नुपर्छ ।

यन्नामगोत्रैर्यल्लेख्यतुल्यं लेख्यं यदा भवेत् ।
अगृहीतधने तत्र कार्यो दिव्येन निर्णयः ।।२५४।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धन भने लिएको छैन, तर तमसुकमा वा कागजमा उसको नाम थर गोत्र ठीक मिल्छ भने त्यस्ता विषयमा दिव्यद्वारा निर्णय गर्नुपर्छ ।

मानुषं साधनं न स्यात्तत्र दिव्यं प्रदापयेत् ।
अरण्ये निर्जने रात्रावन्तर्वेश्मनि साहसे ॥२५५॥
स्त्रीणां शीलाभियोगेषु सर्वार्थापह्नवेषु च ।
प्रदुष्टेषु प्रमाणेषु दिव्यैः कार्यं विशोधनम् ॥२५६॥

जहाँ कुनै लौकिक प्रमाण पाइन्न, त्यस्तामा पनि दिव्य प्रमाणको आधार लिनुपर्दछ । जंगलमा, कोही नभएको एकान्तमा, रात, घरभित्र भएको, ज्यानमारा मुद्दा, स्वास्नीमानिसको चरित्रसंवन्धी अभियोग, सबै कुरा झूठो भएको विषयमा र जहाँ सबै प्रमाण फितला छन्, त्यस्ता ठाउँमा दिव्य प्रमाणबाट कामकुराको निर्णय गर्नुपर्छ ।

महापापाभिशापेषु निक्षेपहरणेषु च ।
दिव्यैः कार्यं परीक्षेत राजा सत्स्वपि साक्षिषु ॥२५७॥

ठूला-ठूला अपराधको अभियोगमा र धरोट खाइदिएका कुरामा साक्षी छन् भने पनि राजाले दिव्य उपायबाट कामको परीक्षा [साँचो झूठोको परीक्षा] गर्नुपर्छ ।

प्रथमा यत्र भिद्यन्ते साक्षिणश्च तथा परे ।
परेभ्यश्च तथा चान्ये तं वादं शपथैर्नयेत् ॥२५८॥

जुन उजूर [मुद्दामा] पहिलो वादीतर्फका र दोस्रो प्रतिवादीतर्फका साक्षीहरूको राय बाझिन्छ र फेरि अरू तेस्रर साक्षीहरूको राय पनि मिल्दैन भने त्यस्तो मुद्दा छिन्दा राजाले सबैलाई [धर्मको] किरिया हाल्न लगाई त्यसको फैसला गर्नुपर्छ ।

स्थावरेषु विवादेषु पुगश्रेणिगणेषु च ।
दत्तादत्तेषु भृत्यानां स्वामिनां निर्णये सति ॥२५९॥
विक्रयादानसंबन्धे क्रीत्वा धनमनिच्छति ।
साक्षिभिर्लिखितेनाथ भुक्त्या चैतान् प्रसाधयेत् ॥२६०॥

अचल संपत्तिको झगडामा, परम्परागत श्रेणी र गण [समूह] हरूमा, दिएँ र दिएका छैनन् भन्ने मालिक र सेवकको झगडामा निश्चय भएको छ भने, बेचेको र दानका संवन्धमा, माल किनेर धन दिएन भन्ने विषयमा निर्णय गर्नुपर्दा साक्षीहरूको राय, लेख, भनाइ र भोगचलनको विचार गरी निर्णय गर्नुपर्छ ।

विवाहोत्सवद्यूतेषु विवादे समुपस्थिते ।
साक्षिणः साधनं तत्र न दिव्यं न च लेख्यकम् ॥२६१॥

विवाह र जूवा खेल्दा परेको झगडामा लेख [कागज] र दिव्य प्रमाणको कुनै प्रमाण लिनु हुन्न र यस्ता कुरा पर्दा साक्षीलाई नै साधन [प्रमाण] मान्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वारमार्गक्रियाभोग्यजलवाहादिषु तथा ।
भुक्तिरेव तु गुर्वी स्यान्न दिव्यं न च साक्षिणः ॥२६३॥

ढोका, बाटाका कुरा, पानी, नहर आदिका कुरालाई लिएर भोगचलनका बारेमा झगडा पर्‍यो भने भोग नै मुख्य प्रमाण मान्नुपर्छ, लेख (कागत) साक्षीको प्रमाण र दिव्य प्रमाणको त्यति भर गर्नु हुन्न ।

यद्येको मानुषीं ब्रूयादन्यो ब्रूयात्तु दैविकीम् ।
मानुषीं तत्र गृह्णीयान्न तु दैवीं क्रियां नृपः ॥

जुन झगडामा एउटा मानिस मानुषी क्रिया गर्नुपर्छ भन्छ र अर्कोले दैवी क्रिया नै गर्नुपर्छ भन्छ, त्यहाँ राजाले दैवी क्रियालाई छोडेर मानुषी क्रियालाई नै मान्यता दिनुपर्छ ।

यद्येकदेशप्राप्तापि क्रिया विद्येत मानुषी ।
सा ग्राह्या न तु पूर्णापि दैविकी वदतां नृणाम् ॥२६४॥

प्रमाण हेर्दा, खोज्दा कतै कुनै छेउमा मात्र भए पनि मानुषी क्रिया (मानिसको प्रमाण) मिल्छ र प्रशस्त मात्रामा दैवी प्रमाण मिल्छ भन्छन् भने पनि मानिसको झगडा पर्दा राजाले मानुषी प्रमाण नै लिनुपर्छ ।

प्रमाणैर्हेतुचरितैः शपथेन नृपाज्ञया ।
वादिसंप्रतिपत्त्या वा निर्णयः षड्विधः स्मृतः ॥२६५॥

प्रमाण, कारण, आचरण, शपथ, राजाको आज्ञा, वादीको स्वीकृति (संतोष), यति कारणबाट निर्णय छ प्रकारको छ भनिएको छ ।

लेख्यं यत्र न विद्येत न भुक्तिर्न च साक्षिणः ।
न च दिव्यावतारोऽस्ति प्रमाणं तत्र पार्थिवः ॥२६६॥

जुन झगडामा कागज, भोग, साक्षी र दिव्यको पनि कुनै निश्चय छैन, त्यस्ता झगडामा राजा नै प्रमाण मानिन्छ(राजाले जे गर्‍यो त्यही प्रमाण मानिन्छ) ।

निश्चेतुं ये न शक्याः स्युर्वादाः सन्दिग्धरूपिणः ।
सीमाद्यास्तत्र नृपतिः प्रमाणं स्यात् प्रभुर्यतः ॥२६७॥

जुन झगडाहरू प्रमाणबाट निर्णय गर्न सकिन्नन् र ज्यादै शंका लाग्ने हुन्छन् र सीमा (चार किल्ला) आदिमा शंका लाग्ने स्थिति हुन गएमा राजा नै सबैको स्वामी हुनाले त्यसकै प्रमाण मान्नुपर्छ ।

स्वतन्त्रः साधयन्नर्थान् राजापि स्याच्च किल्विषी ।
धर्मशास्त्राविरोधेन ह्यर्थशास्त्रं विचारयेत् ॥२६८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनपरी गरी फैसला गर्ने राजा पनि पापी हुन्छ, त्यसो हुनाले राजाले धर्मशास्त्रमा विरोध नपारी अर्थशास्त्रको विचार गर्नुपर्छ ।

राजामात्यप्रलोभेन व्यवहारस्तु दुष्यति ।
लोकोऽपि च्यवते धर्मात् कूटार्थे संप्रवर्तते ॥
अतिकामक्रोधलोभैर्व्यवहारः प्रवर्तते ॥२६९॥

राजा र मन्त्री लोभी हुँदा मुलुकमा झगडा बढ्दछ, दुनियाँ पनि धर्मछाडा हुन्छ र खराब काममा प्रवृत्त हुन्छ । किनभने झगडाको मुख्य कारण ज्यादा काम-क्रोध र लोभ नै हो ।

कर्तृनथो साक्षिणश्च सभ्यान् राजानमेव च ।
व्याप्नोत्यतस्तु तन्मूलं छित्वा तं विमृशं नयेत् ॥२७०॥

त्यसको प्रतिक्रिया गर्ने मानिस, साछी, सभासद् तथा राजामा पनि पर्छ । अतः काम, क्रोध र लोभको मूल नै झगडा भएकोले त्यसको विचार पुऱ्याई त्यसलाई निर्मल पार्नुपर्छ ।

अनर्थं चार्थवत् कृत्वा दर्शयन्ति नृपाय ये ।
अविचिन्त्य नृपस्तथ्यं मन्यते तैर्निदर्शितम् ।
स्वयं करोति तद्वृत्तौ भुज्यतेऽष्टगुणं त्वघम् ॥२७१॥

जुन सभासद्हरू अनर्थको कुरालाई पनि अर्थ (प्रयोजनीय) जस्तै बनाएर भन्दछन् र राजाले त्यो कुरा विचारै नगरी ठीक हो भनी निर्णय गर्छ वा अनर्थ देखे पनि आफै अर्थ हो भन्ने विचार लिन्छ भने राजा र सभासद् दुवै त्यो अनर्थकारी कुराका पापको आठ भागका एक भागको हिस्सेदार बन्दछन् ।

अधर्मतः प्रवृत्तं तं नोपेक्षेरन् सभासदः ।
उपेक्षमाणाः स नृपाः नरकं यान्त्यधोमुखाः ॥२७६॥

राजा अधर्ममा प्रवृत्त हुन लागेमा सभासद्हरू चूप लागेर बस्नु हुँदैन । यदि त्यस्तो देख्ता देख्तै सभासद् चूप लागेर बसे भने राजासहित तिनीहरू तलतिर शिर गरी नरकमा पर्दछन् ।

धिग्दण्डस्त्वथ वाग्दंडः सभ्यायत्तौ तु तावुभौ ।
अर्थदण्डवधावुक्तौ राजायत्तावुभावपि ॥२७४॥

"यस्तो गर्ने तँलाई धिक्कार छ भन्ने" धिक्दंड र गालीबोलीको दंडको अधिकार सभासद्हरूलाई र धन दण्ड गर्ने र मार्ने दण्ड दिने कुरा यी दुवै कुराको अधिकार राजामा मात्र रहन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तीरितं चानुशिष्टं च यो मन्येत विधर्मतः ।
द्विगुणं दण्डमाधाय पुनस्तत् कार्यमुद्धरेत् ॥२७५॥

सभासद्ले भनेर गरिएको हुकुम र उपदेशमा राजालाई यो कुरा त मनासिब वा धर्मपूर्वकको भएन भन्ने लागेमा त्यस्ता सभासद्हरूलाई दोब्बर सजाय गरी फेरि त्यो कुराको संशोधन गर्नुपर्छ ।

साक्षिसभ्यावसन्नानां दूषणे दर्शनं पुनः ।
स्वचर्यावसितानां च प्रोक्तः पौनर्भवो विधिः ॥२७६॥

यदि साछी र सभासद्मा कुनै भ्रष्टाचार देखिन आयो भने पनि फेरि त्यो कामको उद्धार (संशोधन) गन तथा कुनै सभासद्ले आफूले गर्नुपर्ने काम बिर्स्यो भने पनि त्यसलाई पनि फेरि दोहोर्‍याउने काम गर्नुपर्छ ।

अमात्यः प्राड्विवाको वा ये कुर्युः कार्यमन्यथा ।
तत् सर्वं नृपतिः कुर्यात् तान् सहस्रं तु दण्डयेत् ॥२७७॥

यदि मन्त्री वा वकील (न्यायाधीश) ले गर्नुपर्ने काम नगरी अर्कै काम गर्न लागे भने तिनीहरूले गर्ने कुरा स्वयं राजाले गरी तिनीहरूलाई हजार रुपैयाँ (मुद्रा) दण्ड गर्नू ।

नहि जातु विना दण्डं कश्चिन्मार्गेऽवतिष्ठते ।
सन्दर्शिते सभ्यदोषे तदुद्धृत्य नृपो नयेत् ॥२७८॥

कहिल्यै कोही पनि दण्डविना आफ्ना मार्गमा लाग्दैनन् । अतः दण्ड दिनुपर्दछ । राजाले सभासद्को दोष देखेमा त्यो दोषलाई निर्मूल पारी आफैले इन्साफ गर्नुपर्दछ ।

प्रतिज्ञाभावनाद्वादी प्राड्विवाकादिपूजनात् ।
जयपत्रस्य चादानाज्जयी लोके निगद्यते ॥२७९॥

सत्य कुराको आड लिनाले, वकीलहरूको सम्मान गर्नाले र जीतपत्र लिएपछि वादीको र यस्तै प्रतिवादीको पनि लोकमा जीतबाजी भयो भन्ने सम्झिन्छ ।

सभ्यादिभिर्विनिर्णिक्तं विधृतं प्रतिवादिना ।
दृष्ट्वा राजा तु जयिने प्रदद्याज्जयपत्रकम् ॥२८०॥

सभासद्हरूले निर्णय गरेको कुरा प्रतिवादीले पनि स्वीकार गरेको देखेपछि राजाले त्यो जित्नेलाई जीतपत्र दिनू ।

अन्यथा ह्यभियोक्तारं निरुध्या द्बहुवत्सरम् ।
मिथ्याभियोगसदृशमर्हयेदभियोगिनम् ॥२८१॥

उपर्युक्त कुरा नभएमा उजूरवालालाई धेरै वर्षसम्म कैद गर्नू र झूटो आरोप लगाएमा हुने सजाय त्यो उजूरवालालाई गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कामक्रोधौ तु संयम्य योऽर्थान् धर्मेण पश्यति ।
प्रजास्तमनुवर्तन्ते समुद्रमिव सिंधवः ॥२८२॥

काम र क्रोधलाई नियन्त्रण गरेर जुन राजा न्याय इन्साफ गर्दछ, नदीहरू समुद्रतर्फ खिचिएझैं सारा प्रजाहरू त्यस्तो इन्साफ दिलाउने राजाका पछि लाग्दछन् ।

जीवतोरस्वतन्त्रस्याज्जरयापि समन्वितः ।
तयोरपि पिता श्रेयान् बीजप्राधान्य दर्शनात् ॥२८३।

बाबु आमा बाँचुञ्जेल छोरो बूढो भए पनि स्वतन्त्र हुन सक्तैन । यसमा पनि बीजको प्रधानताले गर्दा आमाभन्दा छोराको बाबु नै विशेष आदरणीय (ठूलो) हुन्छ ।

अभावे बीजिनो माता तदभावे तु पूर्वजः ।
स्वातन्त्र्यं तु स्मृतं ज्येष्ठे ज्यैष्ठ्यं गुणवयः कृतम् ॥२८४॥

बाबु नभए आमाको प्राधान्य मान्नू, दुवै आमा-बाबु नभए जेठो जुन छ, त्यसैको आधिपत्य मान्नुपर्छ । जेठो भन्ने कुरा गुण र उमेरले हुन्छ ।

याः सर्वाः पितृपत्न्यः स्युस्तासु वर्तेत मातृवत् ।
स्वसमेकैन भागेन सर्वास्ताः प्रतिपालयन् ॥२८५॥

बाबुका जति पत्नीहरू छन्, ती सबैमा छोराले आफ्नै आमालाई गर्ने आदरपूर्वकको जस्तै व्यवहार गर्नुपर्छ र उनीहरूलाई आफ्नो बराबरको अंश दिएर प्रतिपालन गर्नुपर्छ ।

अस्वतन्त्राः प्रजाः सर्वाः स्वतन्त्रः पृथिवीपतिः ।
अस्वतन्त्रः स्मृतः शिष्यः आचार्ये तु स्वतंत्रता ॥२८६॥

राजा स्वतन्त्र हुन्छ, तर प्रजाहरू हुन सक्तैनन् । त्यस्तै गुरु स्वतन्त्र हुन्छन् र शिष्य पनि स्वतन्त्र हुन सक्तैन ।

सुतस्य सुतदाराणां वशित्वमनुशासने ।
विक्रये चैव दाने च वशित्वं न सुते पितुः ॥२८७॥

उपदेश गर्दामा छोरा र बुहारी बाबुका वशमा रहनैपर्छ र कुनै कुरा बेच्ने र दान गर्ने विषयमा भने छोरो बाबुको वशमा रहनुपर्दैन ।

स्वतन्त्राः सर्व एवैते परतन्त्रेषु नित्यशः ।
अनुशिष्टौ विसर्गे वाऽविसर्गे चेश्वरा मता ॥२८८॥

आफ्नो विषयमा यिनीहरूको यो नियम छ, तापनि अरूहरूका विषयमा भने यी सबै सदा स्वतन्त्र हुन सक्छन् तथा शिक्षा, दान तथा आदान (लिने काम) मा पनि यिनीहरू स्वतन्त्र नै रहन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मणिमुक्ताप्रवालानां सर्वस्यैव पिता प्रभुः ।
स्थावरस्य तु सर्वस्य न पिता न पितामहः ॥२८९॥

मणि, मोती र मूगा आदि रत्नहरूमा बाबुको अधिकार हुन्छ, तर अचल संपत्ति (जग्गा-जमीन आदि) मा भने बाबु र बाजेको मात्र अधिकार रहन्न (अरूको पनि हक लाग्छ)।

भार्या पुत्रश्च दासश्च त्रय एवाधना स्मृताः ।
यत् ते समधिगच्छन्ति यस्यैते तस्य तद्धनम् ॥२९०॥

स्वास्नी, छोरो र दास (सेवक) यी तीन थरी धनका स्वामी हुन सक्तैनन् । यिनीहरू जोसँग रहन्छन्, तिनीहरू र तिनीहरूले कमाएको धन पनि त्यसैको हुन्छ ।

वर्तते यस्य यद्धस्ते तस्य स्वामी स एव न ।
अन्यस्वमन्यहस्तेषु चौर्याद्यैः किं न दृश्यते ॥२९१॥

केवल हातमा पर्नाले मात्र अर्काको धन त्यसैको हुन्छ भनेर मान्न सकिन्न, किनभने अरूहरूको धन चोरका हातमा रहेको पनि त देखिन्छ ।

तस्माच्छास्त्रत एव स्यात् स्वाम्यं नानुभवादपि ।
अस्यापहृतमेतेन न युक्तं वक्तुमन्यथा ॥२९२॥

त्यस कारण शास्त्रअनुसार (कानूनप्रदत्त) को धन नै आफ्नो धन हुन्छ, केवल अनुभवले मात्र आफ्नो धन हुँदैन ।त्यसो भएर नै यसले धन लियो वा यसको धन छ भनेर सहसा भन्नु उचित छैन ।

विदितोऽर्थागमः शास्त्रे तथा वर्णैः पृथक् पृथक् ।
शास्ति तच्छास्त्रधर्मं यन्म्लेच्छानामपि तत् सदा ॥२९३॥

यसै कारण धनको आगम (नियम) र बेग्लाबेग्लै जातहरूको शास्त्रमा निर्णय गरिएको छ । अतः त्यही अनुशासन गर्ने शास्त्रबाट प्रदत्त अधिकार म्लेच्छ आदिमा पनि सदा रहिरहेको छ ।

पूर्वाचार्यैस्तु कथितं लोकानां स्थितिहेतवे ।
समानभागिनः कार्याः पुत्राः स्वस्य च वै स्त्रियः ॥२९४॥

उपरोक्त कुराहरू पहिलेका आचार्यहरूले लोकको स्थिति (मर्यादा) का लागि भनेका छन् । बाबुले पत्नी र छोरालाई आफैं सरहको अंश दिनुपर्दछ ।

स्वभागार्धहरा कन्या दौहित्रस्तु तदर्धभाक् ।
मृतेऽधिपेऽपि पुत्राद्या उक्तभागहराः स्मृताः ॥२९५॥

छोरीलाई आफ्ना अंशको आधा र छोरीको छोरो (नाति) लाई त्यसको आधा दिनू । बाबु मरेपछि पनि त्यति अंश तिनीहरूले पाउनैपर्छ भनिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मात्रे दद्याच्चतुर्थांशं भगिन्यै मातुरर्धकम् ।
तदर्धं भागिनेयाय शेषं सर्वं हरेत् सुतः ॥२९६॥

जो भएका संपत्तिको चार भागको एक भाग आमालाई दिनुपर्छ, दिदी-बहिनी-लाई आमाले पाउने अंशको आधा, त्यसको पनि आधा भानिजलाई र बाँकी रहेको सबै छोराको हुन्छ ।

पुत्रो न साधनं पत्नी हरेत् पुत्री च तत्सुतः ।
माता पिता च भ्राता च पूर्वालाभाच्च तत्सुतः ॥२९७॥

त्यो धन छोरो नभए पत्नी, पत्नी नभए छोरी, छोरी नभए छोरीको छोरो (नाति) ले पाउँछ । आमाबाबु र अरू दाजुभाइ कोही पनि नभएमा जो भएको धन छोराकै हुन्छ ।

सौदायिकं धनं प्राप्य स्त्रीणां स्वातन्त्र्यमिष्यते ।
विक्रये चैव दाने च यथेष्टं स्थावरेष्वपि ॥२९८॥

स्त्रीजातिका पेवाको धनमा उनीहरूको खुशी हुन्छ । अचल संपत्ति होस् वा चल संपत्ति होस्, त्यो बेच्ने र दिने कुरामा उनीहरू स्वतन्त्र हुन्छन् ।

ऊढया कन्यया वापि पत्युः पितृगृहाच्च यत् ।
मातृपित्रादिभिर्दत्तं धनं सौदायिकं स्मृतम् ॥२९९॥

विवाह गरेर दिइएकी कन्याका बाबु आमा र पतिबाट जुन धन वा चल-अचल संपत्ति प्राप्त हुन्छ, त्यो उसको सौदायिक (पेवा) भनिन्छ ।

पित्रादिधनसंबंधहीनं यद्यदुपार्जितम् ।
येन सः काममश्नीयादविभाज्यं धनं हि तत् ॥३००॥

छोरा बाबु आदि कुनै नातेदारबाट नआएको आफैले उपार्जन गरिएको जुन जुन संपत्ति छ, त्यो धनमा आफूखुशी हुन्छ र त्यो कसैलाई बाँड्नु पनि पर्दैन (त्यसमा कसैको भाग लाग्दैन) ।

जलतस्करराजाग्निव्यसने समुपस्थिते ।
यस्तु स्वशक्त्या संरक्षेत् तस्यांशो दशमः स्मृतः ॥३०१॥

यदि बाबुको धनमा, पानी, चोर, राजा र अग्निले नाश गर्न लागेमा छोरा-छोरी-मध्ये जो आफ्नो शक्तिअनुसार जति बचाउन सक्छ, त्यसको दश भागको एक भाग त्यसले पाउँछ भनिएको छ ।

हेमकारादयो यत्र शिल्पं संभूय कुर्वते ।
कार्यानुरूपं निर्वेशं लभेरंस्ते यथार्हतः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कर्ता तत्कलाभिज्ञः शिल्पी प्रोक्तो मनीषिभिः ॥३०२॥

सुन कमाउने सुनारहरू मिलेर जहाँ कालिगढीको काममा आफ्नो योग्यताअनुसारको काम गरी जीविका गर्छन् तथा सुवर्णादिलाई संस्कार गर्दछन् र त्यसको कलाको विषय जान्ने तिनीहरूलाई विद्वान्हरूले 'कालिगढ' नाम दिएका छन् ।

हर्म्यं देवगृहं वापि वापिकोपस्कराणि च ।
संभूय कुर्वतां तेषां प्रमुखयो द्वय शमर्हति ॥३०३॥

महल, देवताको मन्दिर, कूवा, र मसालाहरू मिलाएको पदार्थ बनाउँदा धेरै जना मिलेर काम गर्दा त्यहाँ जुन मुख्य (नाइके) छ, त्यसले अरूले पाउने भागभन्दा दोब्बर पाउँछ ।

नर्तकानामेव धर्मः सद्भिरेष उदाहृतः ।
तालज्ञो लभतेऽर्धार्धं गायनास्तु समांशिनः ॥३०४॥

नाच्ने गाउनेहरूका विषयमा ताल दिनेलाई पाएको धनको आधा र अरू गाउनेहरूलाई बाँकी भएको आधा धन बराबर भाग गरिदिने भन्ने नियम सज्जनहरूले भनेका छन् ।

परराष्ट्राद्धनं यत् स्याच्चौरैः स्वाम्याऽज्ञया हृतम् ।
राज्ञे षष्ठांशमुद्धृत्य विभजेरन् समांशकम् ॥३०५॥

स्वामीको आज्ञानुसार अर्काको राज्यबाट चोरहरू जति धन हरण गरेर ल्याउँछन्, त्यसको छ भागको एक भाग राजालाई समर्पण गरी बाँकी उनीहरूले परस्परमा बराबर गरिलिनु ।

तेषां चेत् प्रसृतानां च ग्रहणं समवाप्नुयात् ।
तन्मोक्षार्थं च यद्दत्तं वहेयुस्ते समांशतः ॥३०६॥

चोरहरूले त्यसरी चोर्न जाँदा यदि कुनै आफ्नो साथी बाँधियो वा पक्रियो भने त्यसलाई छुटाउँदा जति धन तिर्नुपर्छ त्यो पनि सबैले बराबर भाग मिलाई तिर्नुपर्छ ।

प्रयोगं कुर्वते ये तु हेमधान्यरसादिना ।
समन्यूनाधिकैरंशैर्लाभस्तेषां तथाविधः ॥३०७॥

जुन जुन व्यक्तिहरूले परस्परमा मिलेर सुन, धान र अनेक प्रकारका झोलिला पदार्थहरूको व्यापार गर्छन्, त्यसमा तिनीहरूले जति जति पहिले धन मिसाएका छन्, त्यसकै अनुसार नाफा र नोक्सान बेहोर्नुपर्छ ।

समन्यूनोऽधिको ह्यंशो योऽनुक्षिप्तस्तथैव सः ।
व्ययं दद्यात्कर्म कुर्यात् लाभं गृह्णीत चैव हि ॥३०८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वणिजानां कर्षकाणामेषएव विधिः स्मृतः ॥३०९॥

धेरै थोरै अथवा बराबर वा जति धन मिसाएर जसरी काम शुरू गरेका छन् त्यसरी तिनीहरूले आफ्नो भागअनुसार खर्च गर्दै त्यहीअनुसार काम गर्दै लाभ (नाफा) मा पनि त्यही-अनुस बाँडेर लिनुपर्दछ । यो कुरा व्यापारी र किसानवर्गका निमित्त निर्णय गरिएको छ ।

सामान्यं याचितं न्यास आधिर्दासश्च तद्धनम् ।
अन्वाहितं च निक्षेपः सर्वस्वं चान्वये सति ।
आपत्स्वपि न देयानि नव वस्तूनि पंडितैः ॥३१०॥

सामान्य प्रकारबाट पाएको धन, मागेर पाएको, निक्षेप (राख्न दिएको) आधि (धरोट) सेवकले राख्न दिएको, अन्वाहित, निक्षेप आदि नौ प्रकारका धन वा वस्तुहरू विद्वान्ले कस्तै आपत्ति परे पनि आफ्ना कुलमा कुनै सन्तान छ भने अरूलाई दिनु हुँदैन ।

अदेयं यश्च गृह्णाति यश्चादेयं प्रयच्छति ।
तावुभौ चौरवच्छास्यौ दाप्यौ चोत्तमसाहसम् ॥३११॥

दिन नपाइने धन दिने र लिन नहुने धन लिने यी दुवैलाई चोरलाई हुने सजाय गर्नू र तिनीहरूलाई उत्तम साहस (ठूलो अपराध) मा हुने सजाय पनि गर्नू ।

अस्वामिकेभ्यश्चौरेभ्यो विगृह्णाति धनं तु यः ।
अव्यक्तमेव क्रीणाति स दण्ड्यश्चौरवन्नृपैः ॥३१२॥

नाबालखबाट र चोरबाट किन्ने तथा लुकीछिपी गुप्त तरीकाबाट जसले किन-बेच गर्न नहुने कुरा किन्छ, बेच्दछ, त्यस्तालाई राजाले चोरलाई हुने सजाय गर्नुपर्छ ।

ऋत्विग्याज्यमदुष्टं यस्त्यजेदनपकारिणम् ।
अदुष्टं चर्त्विजं याज्यो विनेयौ तावुभावपि ॥३१३॥

जुन ऋत्विक् यज्ञ गर्ने र निरपराध व्यक्तिलाई छोडिदिन्छ त्यो ऋत्विक् र जुन व्यक्तिले यज्ञ गर्ने सज्जन ऋत्विक्लाई छोडिदिन्छ, त्यस्तो व्यक्ति यी दुवैलाई राजाले उपदेश गर्नुपर्छ ।

द्वात्रिंशांशं षोडशांशं लाभं पण्ये नियोजयेत् ।
नान्यथा तद्द्वयं ज्ञात्वा प्रदेशाद्यनुरूपतः ॥३१४॥

देश-काल विचार गरेर मात्र राजाले पैसा खेलाउने वर्ग (व्यापारीवर्ग) बाट उनीहरूका व्यापारमा लगाइएका धनबाट हुने नाफाको प्रतिशत बत्तीसौं वा सोह्रौं भाग लिनुपर्छ । यो कुरा देश-काल विचार नगरी गर्नु हुँदैन ।

वृद्धिं हित्वा ह्यर्धधनैर्वाणिज्यं कारयेत् सदा ॥३१५॥

राजाले ब्याजको धनको कुरा नगरी मुलुकमा रहेका व्यापारीहरूलाई उनीहरूका धनका आधा भागले मात्र व्यापार गर्न लगाउनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलात्तु द्विगुणा वृद्धिर्गृहीता चाधमर्णिकात् ।
तदोत्तमर्णमूलं तु दापयेन्नाधिकं ततः ॥३१६॥

ब्याज नाघ्न लगाउने धनीले त्यो धन लिने ऋणीसँग दिएको मूलधनको दोब्बर ब्याज लिइसकेपछि त्यो धनीलाई पछि केवल उसको मूल धन मात्र दिलाउनू । त्योभन्दा वढी दिलाउनुपर्दैन ।

धनिकाश्चक्रवृद्ध्यादिभिपतस्तु प्रजाधनम् ।
संहरन्ति ह्यतस्तेभ्यो राजा संरक्षयेत् प्रजाम् ॥३१७॥

धनीहरूले दुनियाँबाट ब्याज, डोके, चोके, घ्यू खाने, ब्याजको स्याज आदि अनेक प्रकारबाट प्रजाको धन खिच्तछन् । अतः राजाले त्यस्ता दुष्ट कुरा हटाएर प्रजाको संरक्षण गर्नुपर्छ ।

समर्थः सन्न ददाति गृहीतं धनिकाद्धनम् ।
राजा संदापयेत्तस्मात् सामदण्डविकर्षणैः ॥३१८॥

जो धनीबाट ऋण लिएर तिर्न सक्ने भएपछि पनि त्यो ऋण तिर्दैन, त्यस्ताबाट राजाले साम-दान आदि उपायद्वारा त्यो धन उपर गरिदिनुपर्दछ ।

लिखितं तु यदा यस्य नष्टं तेन प्रबोधितम् ।
विज्ञाय साक्षिभिः सम्यक् पूर्ववत् दापयेत्तदा ॥३१९॥

ऋण दिएर कागत गरेको थियो, त्यो कागत कुनै कारणवश हरायो र त्यो कुरा राजाका समक्ष धनी भन्न आयो भने राजाले त्यो विषयमा को को साछी थिए, त्यो कुरा बुझी कुरा सत्य ठहरे त्यसको त्यो धन जति थियो त्यति दिलाउनुपर्छ ।

अदत्तं यश्च गृह्णाति सुदत्तं पुनरिच्छति ।
दण्डनीयावुभावेतौ धर्मज्ञेन महीक्षिता ॥३२०॥

जसले नदिईकन दिएको हुँ भनेर लिन्छ, त्यस्तो व्यक्ति र जो लिइसकेपछि पनि यस्बाट पाएकै छैन भन्दछ, त्यस्ता ती दुवै व्यक्तिलाई राजाले सजाय दिनुपर्छ ।

कूटपण्यस्य विक्रेता स दण्ड्यश्चौरवत् सदा ।
दृष्ट्वा कार्याणि च गुणाञ्छिल्पिनां भृतिमावहेत् ॥३२१॥

जो खोटो (नचल्ने) टक वा वस्तु बेच्दछ, त्यसलाई चोरलाई हुने सजाय गर्नू । काम र गुण शीप हेरेर शिल्पी (कलाकार वा कालिगढ) हरूलाई राजाले नोकरी दिनुपर्छ ।

पञ्चमांशं चतुर्थांशं तृतीयांशं तु कर्षयेत् ।
अर्धं वा राजताद्राजा नाधिकं तु दिने दिने ॥३२२॥

राजाले चाँदीका टकको पाँच भागको एक भाग वा चार भागको एक भाग,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथवा तीन भागको एक भाग (ज्याला) दिएर खेती गर्न लगाउनुपर्छ । अथवा आधासम्म दिनू र प्रतिदिन कृषकहरूलाई खेती गर्न लगाउनुपर्छ । यो भन्दा बढी दिनुपर्दैन ।

विद्रुतं न तु हीनं स्यात् स्वर्णं पलशतं शुचिः ।
चतुःशतांशं रजतं ताम्रं न्यूनं शतांशकम् ॥३२३॥

एक सय पला सुन गालेर झोल पार्दा पनि कत्ति घटेन भने त्यो सुन शुद्ध (असल) हो भनी जान्नू । त्यस्तै एक सय पल तामा र चारसय पल चाँदी गाल्दा प्रत्येकको केवल दुई पल मात्र घट्यो भने त्यो चाँदी र तामा असल हो भनी जान्नू ।

वंगं च जसदं सीसं हीनं स्यात् षोडशांशकम् ।
अयोऽष्टांशं त्वन्यथा तु दण्ड्यः शिल्पी सदा नृपैः ॥३२४॥

वंग, जस्ता, सीसा सोह्र पल गाल्दा प्रत्येकमा दुई दुई पल कम हुन्छ र फलामको भने आठ भाग कम हुन्छ, यो भन्दा पनि घट्यो भन्ने शिल्पी (कालिगढ) लाई राजाले सजाय दिनुपर्छ ।

सुवर्णं द्विशतांशं तु रजतं च शतांशकम् ।
हीनं सुघटिते कार्ये सुसंयोगे तु वर्धते ॥३२५॥
षोडशांशं त्वन्यथा हि दण्ड्यः स्यात् स्वर्णकारकः ।
संयोगघटनं दृष्ट्वा वृद्धिं ह्रासं प्रकल्पयेत् ॥३२६॥

सामान्यतः दुई सय तोला सुन र एक सय तोला चाँदी पगाल्दा प्रत्येकमा एक तोला घट्न जान्छ, तर त्यति नै सुन र चाँदीका गहना बनाउँदा भने प्रत्येकको सोह्रौं भाग बढ्न पनि जान्छ । यस्तो नभै अन्यथा देखिन आएमा स्वर्णकार (सुनार) सजायभागी हुन्छ । नियमानुसार दण्ड गर्नू । यसरी संयोग घटनाक्रम विचार गरी बढ्ने र घट्ने कुराको विचार गर्नू ।

स्वर्णस्योत्तमकार्ये तु भृतिस्त्रिंशांशकी मता ।
षष्ट्यंशकी मध्यकार्ये हीनकार्ये तदर्धकी ॥३२७॥

सुनको माल बनाउँदा ज्यादै नै असल तरीकावाट काम गर्नेलाई सुनका मोलको प्रतिशत तीसौं भाग, मध्यम काम गर्नेलाई साठियौं भाग र अगतिला निम्नस्तरीय काम गर्नेलाई भने त्यसको पनि आधा (प्रतिशत तीन भाग) मात्र ज्याला दिनू ।

तदर्धा कटके ज्ञेया विद्रुते तु तदर्धकी ।
उत्तमे राजते त्वर्धा तदर्धा मध्यमे स्मृता ।
हीने तदर्धा कटके तदर्धा संप्रकीर्तिता ॥३२८॥

सुनको चुरी (वाला) बनाउदा सुनका मोलको तीसौं भाग र केवल सुन गाल्दा पन्ध्रौं भाग मात्र ज्याला दिनू । चाँदीको काममा उत्तम दर्जाको बनाउनेलाई चाँदीका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूल्यको आधा, मध्यमलाई त्यसको (चाँदीका आधा मूल्यको) पनि आधा, निम्नस्तरीय काम गर्नेलाई त्यसको पनि आधा र चाँदीका वाला वनाउनेलाई त्यसको पनि आधा ज्याला दिनू ।

पादमात्रा भृत्तिस्ताम्रे वंगे च जसदे तथा ।
लोहेऽर्धा वा समा वापि द्विगुणाष्टगुणाऽथवा ॥३२९॥
धातूनां कूटकारी तु द्विगुणो दण्डमर्हति ॥३३०॥

तामाको ज्याला जति तामाको मोल छ, त्यसको चौथाइ मात्र र वंग (रांग) जस्तामा पनि यही नियम लगाउनू । फलाममा त्यसका मूल्यको आधा अथवा वरावर-अथवा आठ गुना पनि दिनू । धातुहरूमा उपधातु आदि मिसाउनेहरूलाई त्यसका मोलको दुई गुना दण्ड गर्नुपर्छ ।

लोकप्रचारैरुत्पन्नो मुनिभिर्विधृतः पुरा ।
व्यवहारोऽनंतपथः स वक्तुं नैव शक्यते ॥३३१॥

लोकको परंपरा र चअनअनुसार निस्केको पहिले पनि मुनिहरूले पालन गरिएको यो व्यवहार अनन्तबाट भएको छ र यो यति छ भनेर वर्णन गर्न सकिन्न ।

उक्तं राष्ट्रप्रकरणं समासात् पंचमं तथा ।
अत्रानुक्ता गुणा दोसास्ते ज्ञेया लोकशास्त्रतः ॥३३२॥

यस प्रकार संक्षेपमा राष्ट्रका विषयले युक्त भएको यो पञ्चम प्रकरण भनियो । यसमा जो गुण अथवा दोष भनिएका छैनन्, तिनीहरू (लोकाचार तथा शास्त्रका आचारहरू) शास्त्र र लोक-व्यवहारबाट जान्नू ।

राजधर्मनिरूपण नामको

चौथो अध्याय, पांचौं प्रकरण समाप्त ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ

चतुर्थेऽध्याये

षष्ठं प्रकरणम्

षष्ठं दुर्गप्रकरणं प्रवक्ष्यामि समासतः ।
खातकंटकपाषाणैर्दुष्पथं दुर्गमैरिणं ॥१॥

अब किल्लाको विषय भनिने छैटौं दुर्गप्रकरण भन्दछु । खाडल, काँढा, पत्थर (ढुंगा) र गुप्त मार्ग वा कठिन अग्लो-होचो रूखो जमीन भएको ठाउँलाई ऐरिण (किल्ला) भन्दछन् ।

परितस्तु महाखातं पारिखं दुर्गमेव तत् ।
इष्टकोपलमृद्भित्ति प्राकारं पारिघं स्मृतम् ॥२॥

जुन ठाउँको वरिपरि ठूलो खाडल गराइएको छ, त्यसलाई 'पारिघ किल्ला' भनिन्छ र ईंट ढुङ्गा माटोले चिनेर भित्तो (गारो) लगाइएको किल्लालाई पारिघ किल्ला,, भनिएको छ ।

महाकंटकवृक्षौघैर्व्याप्तं तद्वनदुर्गमम् ।
जलाभावस्तु परितो धन्वदुर्गं प्रकीर्तितम् ॥३॥

बडे बडे काँढा भएका वृक्षहरूले खचाखच भएको यस्तो छिर्नै नसकिने वनलाई वनदुर्ग 'वनको किल्ला' भनिएको छ र जुन ठाउँका चारैतिर पानी छैन, त्यस्तो किल्लालाई 'धन्वदुर्ग' धन्वकिल्ला भनिएको छ ।

जलदुर्गं स्मृतं तज्ज्ञैरासमन्तान्महाजलम् ।
सुवारिपृष्ठोच्चधरं विविक्ते गिरिदुर्गमम् ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन ठाउँका चारैतिर ठूलो जल (पानी) छ, त्यसलाई शास्त्र जान्नेहरूले जलदुर्ग (पानीको किल्ला) हो भनेका छन् र असल पानीले सहित भएको ठाउँमा ज्यादै अग्लो र एकान्तमा (गुप्त स्थानमा) निर्माण गरिएको किल्लालाई 'गिरिदुर्ग' (पहाडको किल्ला) भन्दछन् ।

अभेद्यं व्यूहविद्वीरव्याप्तं तत् सैन्यदुर्गमम् ।
सहायदुर्गं तज्ज्ञेयं शूरानुकूलबांधवम् ।।५।।

जुन किल्लामा युद्धकलामा प्रवीण व्यूह रचन सक्ने वीरहरूले खचाखच भएको छ र जसलाई सहसा तोड्न सकिन्न, त्यस्तो किल्लालाई सैन्य दुर्ग (सिपाहीको किल्ला) भनिन्छ र शूरा वीर बन्धुजनहरूले युक्त भएको किल्लालाई 'सहायदुर्ग' हो भनी जान्नू ।

पारिखादैरिणं श्रेष्ठं पारिघं तु ततो वनम् ।
ततो धन्वजलं तस्माद्गिरिदुर्गं ततः स्मृतम् ।।६।।

पारिख किल्लाभन्दा ऐरिण किल्ला उत्तम हो। त्यसपछि क्रमशः वनदुर्ग, धन्व-दुर्ग र गिरिदुर्ग रहेका छन् भनेर बताइएको छ ।

सहायसैन्यदुर्गे तु सर्वदुर्गप्रसाधिके ।
ताभ्यां विनान्यदुर्गाणि निष्फलानि महीभुजाम् ।।७।।

सहायक किल्ला र सैनिक किल्लाले नै सबै किल्लाहरू मजबूत हुन्छन् । यदि यी दुई वटा किल्ला छैनन् भने अरू किल्लाहरू राजाका निमित्त काम नलाग्ने हुन्छन् ।

श्रेष्ठं तु सर्वदुर्गेभ्यः सेनादुर्गं स्मृतं बुधैः ।
तत्साधकानि चान्यानि तद्रक्षेन्नृपतिः सदा ।।८।।

सबै किल्लाहरूमा सैनिक किल्ला सर्वोत्तम हो भनी विद्वान्‌हरू भन्दछन् । त्यही सैनिक किल्लालाई मजबूत पार्ने काम अरू किल्लाबाट हुने भएकाले राजाले यसको विशेष हिफाजत गर्नुपर्छ ।

सेनादुर्गं तु यस्य स्यात् तस्य वश्या तु भूरियम् ।
विना तु सैन्यदुर्गेण दुर्गमन्यत्तु बन्धनम् ।।९।।

जुन राजाको सैनिक किल्ला (सैनिक शक्ति) मजबूत छ, त्यसको जम्मै पृथिवी वशमा रहन्छ । सैनिक किल्ला नभएका खण्डमा अरू किल्लाहरू त बन्धन जस्ता पो हुन्छन्।

आपत्कालेऽन्यदुर्गाणामाश्रयश्चोत्तमो मतः ।।१०।।

अरू किल्लाहरू आपत्तिका समयमा आश्रय गर्नु ज्यादै बढिया हुन्छ भनेर बताइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकः शतं योधयति दुर्गस्थोऽस्त्रधरो यदि ।
शतं दशसहस्राणि तस्माद्दुर्गं समाश्रयेत् ॥११॥

यौटा व्यक्ति पनि किल्लामा बसेर हात-हतियार लिन पाएको छ भने सय जना-सँग लड्न सक्तछ र किल्लामा हात-हतियार भएका एक सय जनाले दश हजार अरूसँग लड्न सक्तछन् । त्यस कारण राजाले किल्लाहरूको आश्रय लिनैपर्छ ।

शूरस्य सैन्यदुर्गस्य सर्वं दुर्गमिव स्थलम् ।
युद्धसंभारपुष्टानि राजा दुर्गाणि धारयेत् ॥१२॥

राजाका लागि शूरो र वलियो सैन्यदुर्ग (सैनिक शक्ति) छ भने त्यस्तालाई जुन ठाउँ पनि किल्ला जस्तै सुरक्षित हुन्छ । अतः राजाले सवै किल्लाहरूमा लडाइँका सामान खचाखच पारेर किल्लाको निर्माण गरी वस्नुपर्छ ।

धान्यवीरास्त्रपुष्टानि कोशपुष्टानि वै तथा ।
सहायपुष्टं यद्दुर्गं तत्तु श्रेष्ठतरं मतम् ॥१३॥

धान्यले (खाने कुराले), वीर लडाकाहरूले, हातहतियारहरूले र सहायकहरूले परि-पूर्ण भएको किल्ला नै सबै किल्लाहरूमा उत्तम किल्ला भनेर भनिन्छ ।

सहायपुष्टदुर्गेण विजयो निश्चयात्मकः ।
यद्यत् सहायपुष्टं तु तत्सर्वं सफलं भवेत् ।
परस्परानुकूल्यं तु दुर्गाणां विजयप्रदम् ॥१४॥

सवै सहायकहरूले परिपूर्ण किल्ला छ भने विजय अवश्य हुन्छ । सबै सहायता (खाने कुरा, हात-हतियार, लडाका, ठाउँ) ले जुन किल्ला युक्त छ, त्यो किल्लाबाट सवै कुरा सफल हुन्छ। यसरी परस्परमा सवै कुरा अनुकूल भएका किल्लाहरू हुन गएमा तिनीहरू जित-वाजी दिलाउने हुन्छन् । (यस्ता किल्ला युक्त राजाले ताकेको कुरा पुग्छ) ।

चौथो अध्याय छैटौं प्रकरण समाप्त ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ

चतुर्थेऽध्याये

सप्तमं प्रकरणम्

दौर्गं संक्षेपतः प्रोक्तं सैन्यं सप्तममुच्यते ।
सेना शस्त्रास्त्रसंयुक्तमनुष्यादिगणात्मिका ॥१॥

किल्लासम्बन्धी वर्णन छोटकरीमा भनियो । अब सातौं प्रकरणमा सेनाविषयको वर्णन गरिन्छ, शस्त्र-अस्त्रले युक्त भएको मनुष्यादिसमूहस्वरूप सेना कहिन्छ ।

स्वगमाऽन्यगमा चेति द्विधा सैव पृथक् त्रिधा ।
दैव्यासुरी मानवी च पूर्वपूर्वा बलाधिका ॥२॥

आफैं हिंड्ने (स्वगमा) र अरू साधनले हिंड्ने (अन्यगमा) यस्ता दुई-थरी सेना हुन्छन् । त्यही सेना नै दैवी, आसुरी र मानवी सेना, यस्ता रूपले तीन प्रकारको छ । यिनीहरूमा अघि-अघिका अधिक बलशाली हुन्छ ।

स्वगमा या स्वयं गन्त्री यानगाऽन्यगमा स्मृता ।
पादातं स्वगमं चान्यद्रथाश्वगजगं त्रिधा ॥३॥

जुन सेना आफैं हिंड्छ, त्यो 'स्वगमा' र यान (सवारी) द्वारा हिंड्ने चाहिं 'अन्यगमा' भनिन्छ । आफैं हिंड्ने चाहिं 'पादात' 'पैदल' र अर्को (यानमा हिंड्ने) रथ, घोडा, र हात्ती यिनका भेदले तीन प्रकारको छ ।

सैन्याद्विना नैव राज्यं न धनं न पराक्रमः ।
बलिनो वशगाः सर्वे दुर्वलस्य च शत्रवः ।
भवंत्यल्पजनस्यापि नृपस्य तु न किं पुनः ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सेना नभैकन राज्य, धन पराक्रम कुनै पनि हुनै सक्तैन। वलवान् (सेनावाल) का सबै अधीनमा हुन्छन्, निर्धा मानिसका भने सबै शत्रु हुन्छन्। साधारण जनताको त यस्तो हुन्छ भने राजाको त के कुरो !

शारीरं हि बलं शौर्यबलं सैन्यबलं तथा।
चतुर्थमास्त्रिकबलं पञ्चमं धीबल स्मृतम् ॥५॥

१. शरीर सम्बन्धीवल, २. शूरवीरसम्बन्धी वल, ३. सेनाको बल, ४. हातहतियारसम्बन्धी वल र ५. बुद्धिसम्बन्धी वल यसरी वल (शक्ति) पाँच प्रकारका हुन्छन् भनिएको छ।

षष्ठमायुर्बलं त्वेतैरुपेतो विष्णुरेव सः ॥६॥

छैटौं बल अवस्था (आयुसम्बन्धी) हुन्छ। यी छ थरीका बलले युक्त राजा विष्णुस्वरूप हुन्छ।

न बलेन विनाप्यल्पं रिपुं जेतुं क्षमाः सदा।
देवासुरनरास्त्वन्योपायैर्नित्यं भवन्ति हि ॥७॥
बलमेवरिपोर्नित्यं पराजयकरं परम्।
तस्माद्बलमभेद्यं तु धारयेद्यत्नतो नृपः ॥८॥

देवता, असुर र मानिसहरू ता अरू उपायहरूद्वारा सधैं बश गरिएका हुन्छन्, तर बल (शक्ति) नभैकन सानोतिनो शत्रुलाई जित्न पनि सधैं समर्थ हुन सकिन्न, किन्तु वलले (सेनाले) नै शत्रुको सदा संहार गर्न सकिन्छ। त्यस कारण राजाले तम्तयार भएको वल (सेना) राखोस्।

सेनाबलं तु द्विविधं स्वीयं मैत्रं च तद्द्विधा।
मौलसाद्यस्कभेदाभ्यां सारासारं पुनर्द्विधा ॥९॥

एउटा आफ्नो र अर्को मित्रको गरी त्यो सेनावल (सैनिक शक्ति) पनि दुई किसिमको छ। फेरि मौल (खानदानी) साद्यस्क (तात्कालिक) यिनका भेदले सेना दुई किसिमको हुन्छ। फेरि ती दुवै (आफ्नो र मित्रको) सेना सार र असारका भेदले दुई प्रकारको हुन्छ।

अशिक्षितं शिक्षितं च गुल्मीभूतमगुल्मकम्।
दत्तास्त्रादि स्वशस्त्रास्त्रं स्ववाहि दत्तवाहनम् ॥१०॥
सौजन्यात् साधकं मैत्रं स्वीयं भृत्या प्रपालितम्।
मौलं बह्वब्दानुबन्धि सादास्कं यत् तदन्यथा ॥११॥

उपर्युक्त सेना अशिक्षित (अभ्यास नभएको), शिक्षित (अभ्यास गराइएको) गुल्म भएको र गुल्म नभएको गरी दुई प्रकारको हुन्छ। जुन सेनालाई राजाले अस्त्र दिएका छन्, त्यो 'दत्तास्त्र', जुन सेनासँग आफ्नै अस्त्र-शस्त्र छन्, त्यो 'स्वशस्त्रास्त्र', जोसँग आफ्नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सवारी छ, त्यो 'स्ववाहि' जसलाई राजाले सवारी दिएका छन्, त्यो 'दत्तवाहन' स्नेहले काम सिद्ध गर्ने 'मैत्र' र आफूले तलब दिएर पालन-पोषण गरेको सेना 'स्वीय' भनिन्छ। धेरै वर्ष-देखि रहिरहेको सेना 'मौल' र यसको उल्टो तत्काल भर्ना गरिएको सेनालाई 'साद्यस्क' तात्कालिक भनिन्छ।

सयुद्धकामुकं सारमसारं विपरीतकम्।
शिक्षितं व्यूहकुशलं विपरीतमशिक्षितम् ॥१२॥

जुन सेनाले ठूलो युद्धको कामना गर्छ, त्यो 'सार' हो र यसको विपरीत (उल्टो) सेना (जगेडा सेना) 'असार' भनिन्छ र मोर्चा बनाउन निपुण सेनालाई 'शिक्षित' (अभ्यास पाएको) र यसको उल्टो अभ्यास नपाएको सेनालाई 'अशिक्षित' भनिन्छ।

गुल्मीभूतं साधिकारी स्वस्वामिकमगुल्मकम्।
दत्तास्त्रादि स्वामिना यत् स्वशस्त्रास्त्रमतोऽन्यथा ॥१३॥

मालिक (अफिसर) भएको र अर्को कुनै स्वामी नभएको सेना 'अगुल्मक' तथा मालिकले अस्त्र-शस्त्र दिएको 'दत्तास्त्र' भनिन्छ र यसबाहेक स्वशस्त्रास्त्र (आफ्नै शस्त्र र अस्त्रले युक्त भएको) 'सेना पनि' हुन्छ।

कृतगुल्मं स्वयं गुल्मं तद्वच्च दत्तवाहनम्।
आरण्यकं किरातादि यत् स्वाधीनं स्वतेजसा ॥१४॥

त्यस्तै कृतगुल्म, स्वयंगुल्म र दत्तवाहन सेना पनि हुन्छन्। किरात (भिल्ल) आदि जो आफ्नो पराक्रमले स्वाधीन हुन्छन्, तिनीहरूको सेना आरण्यक कहिन्छ।

उत्सृष्टं रिपुणा वाऽपि भृत्यवर्गे निवेशितम्।
भेदाधीनं कृतं शत्रोः सैन्यं शत्रुबलं स्मृतम्।
उभयं दुर्बलं प्रोक्तं केवलं साधकं न तत् ॥१५॥

शत्रुले छोडिदिएको र आफ्नो सेवक वर्गमा मिलाएको तथा भेदनीतिद्वारा आफ्नू अधीनमा राखिएको सेनालाई 'शत्रुसेना' भनिन्छ। आरण्यक सेना र शत्रुसेना यी दुवै सेना दुर्बल मानिएको छ, र केवल त्यस्ता सेनाले मात्र राजाको कार्यसिद्धि हुन सक्तैन।

समैर्नियुद्धकुशलैर्व्यायामैर्नतिभिस्तथा।
वर्धयेद्बाहुयुद्धार्थं भोज्यैः शारीरिकं बलम् ॥१६॥

राजाले समानरूपले निरन्तर युद्धमा लगाई, जान्ने व्यक्तिद्वारा व्यायाम (कवाज) खेलाई, निहुरने-उभिने आदि क्रियाद्वारा र शरीरलाई पुष्टि दिने भोजनद्वारा बाहुयुद्ध (मल्लयुद्ध) का लागि सेनाको बल बढाओस्।

मृगयाभिस्तु व्याघ्राणां शस्त्रास्त्राभ्यासतः सदा।
वर्धयेच्छूरसंयोगात् सम्यक् शौर्यबलं नृपः ॥१७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजाले बाघ आदि हिंसक जन्तुको शिकारबाट र सधैं अस्त्र-शस्त्रको अभ्यासबाट, अनि शूर-वीरहरूको सम्मेलनबाट शूर-वीरको सेनालाई राम्ररी बढाओस् (बलियो पारोस्)।

सेनाबलं सुभृत्या तु तपोऽभ्यासैस्तथास्त्रिकम् ।
वर्धयेच्छास्त्रचतुरसंयोगाद्धीबलं तथा ॥१८॥

राजाले असल तलब (गतिलो वेतन) द्वारा सैनिक बल, तपस्याको अभ्यासद्वारा अस्त्रबल र शास्त्रमा निपुण व्यक्तिहरूको संगतद्वारा बुद्धिबललाई बढाओस्।

सत्क्रियाभिश्चिरस्थायी नित्यं राज्यं भवेद्यथा ।
स्वगोत्रे तु तथा कुर्यात्तदायुर्बलमुच्यते ॥१९॥

राजाले असल कामहरूले आफ्ना कुलमा जसरी सधैं धेरै कालसम्म राज्य टिक्ने हुन्छ, सधैं त्यस्तै गर्नुपर्दछ, त्यसैलाई 'आयुर्बल' भनिएको छ।

यावद्गोत्रे राज्यमस्ति तावदेव स जीवति ॥२०॥

जबसम्म आफ्ना खान्दानमा राज्य रहन्छ, तबसम्म त्यो राजा बाँचेको ठानिन्छ।

चतुर्गुणं हि पादातमश्वतो धारयेत् सदा ।
पञ्चमांशांस्तु वृषभानष्टांशांश्च क्रमेलकान् ॥२१॥
चतुर्थांशान् गजानुष्ट्राद्गजार्धांश्च रथान् सदा ।
रथात्तु द्विगुणं राजा वृहन्नालीकमेव च ॥२२॥

राजाले घोडसवारभन्दा चार गुना बढी पैदल फौज, घोडसवारीको अपेक्षा पञ्चमांश (१/५ भाग) बयल, आठवाँ भाग खच्चर, चौथाइ भाग हात्ती, त्यसको आधा ऊँट र रथ सदा राखोस् र रथभन्दा दुई गुना ठूला दुइटा वृहन्नाल (तोप) राख्नुपर्छ।

पदातिबहुलं सैन्यं मध्याश्वं तु गजाल्पकम् ।
तथा वृषोष्ट्रसामान्यं रक्षेन्नागाधिकं न हि ॥२३॥

राजाले पैदल सेना धेरै मात्रामा, घोडसवार सेना मझ्यौला स्तरको, हात्तीको सेना घोडसवारभन्दा पनि केही कम्ती त्यस्तै किसिमले बयल (साँढे) र ऊँट सामान्य स्तरले रहेको सेना राखी रक्षा गर्नुपर्छ, तर हात्ती धेरै भएको सेनाको विशेष प्रकारले रक्षा गरिरहनुपर्दैन।

सवय: सारवेषोच्चशस्त्रास्त्रं तु पृथक् शतम् ।
लघुनालिकयुक्तानां पदातीनां शतत्रयम् ॥२४॥
असीत्यश्वान् रथं चैकं वृहन्नालद्वयं तथा ।
उष्ट्रान् दश गजौ द्वौ तु शकटौ षोडशर्षभान् ॥२५॥
तथा लेखकषट्कं हि मंत्रित्रितयमेव च ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धारयेन्नृपतिः सम्यग्वत्सरे लक्षकर्षभाक् ॥२६॥

राजाले एकैनासे उमेर भएका, उत्तम लुगा र असल असल शस्त्र-अस्त्रधारी सय सय जवानहरूको छुट्टाछुट्टै टोली राखोस्। बन्दूक लिएका पैदल फौज तीन सय, असी वटा घोडा, एउटा रथ र दुइटा तोप (वृहन्नाल), दश वटा ऊँट, दुइटा हात्ती, दुइटा गाडा, सोह्र वटा बयल, छ जना लेखन्ते (लेखक) र तीनजना मन्त्रीहरू उपर्युक्त यतिलाई राम्ररी राखोस्। अनि वर्ष दिनमा एक लाख रुपैयाँको सञ्चय गरोस्।

सम्भारदानभोगार्थं धनं सार्धसहस्रकम् ।
लेखकार्थं शतं मासि मन्त्र्यर्थं तु शतत्रयम् ॥२७॥
त्रिशतं दारपुत्रार्थं विद्वदर्थं शतद्वयम् ।
साद्यश्वपदगार्थं हि राजा चतुस्सहस्रकम् ॥२८॥

राजाले प्रत्येक महीनामा आवश्यक चीजबीज (सामग्री), दान र भोगका निमित्त डेढ हजार (पन्ध्र सय) लेखकका लागि एक सय, मन्त्रीका लागि तीन सय जहान छोरा-छोरीका लागि तीन सय, विद्वान्हरूका लागि दुई सय, सबारी, घोडा र पैदल सिपाहीका लागि चार हजार रुपियाँ खर्च गरोस्।

गजोष्ट्रवृषनालार्थं व्ययी कुर्याच्चतुःशतम् ।
शेषं कोशे धनं स्थाप्यं राज्ञा सार्धसहस्रकम् ।
प्रतिवर्षं स्ववेशार्थं सैनिकेभ्यो धनं हरेत् ॥२९॥

राजाले हात्ती, ऊँट, बयल, बन्दूक तोपका लागि चार सय रुपैयाँ प्रतिमास खर्च गरोस्। बाँकी रहेको वा डेढ हजार संख्याको धन ढुकुटीमा जम्मा गरोस्। राजाले सैनिकका घरका लागि उनीहरूबाट प्रतिवर्ष केही न केही धन सञ्चय गर्नुपर्छ।

लोहसारमयश्चक्रसुगमो मंचकासनः ।
स्वांदोलायितरूढस्तु मध्यमासनसारथिः ॥३०॥
शस्त्रास्त्रसंधार्युदर इष्टच्छायो मनोरमः ।
एवंविधो रथो राज्ञा रक्ष्यो नित्यं सदश्वकः ॥३१॥

राजाले असल (खूब खारिएको) फलामको पाङ्ग्रा भएको, राम्ररी चल्न सक्ने, बस्ने ठाउँ खाट जस्तो भएको, अगाडिपट्टि डोली जस्तो भागमा सारथि बसन हुने, बीचमा बस्ने ठाउँ भएको, भित्रपट्टि शस्त्र-अस्त्र राख्न र झिक्न मिल्ने, असल छत नभएको, राम्रो र असल घोडा लगाइएको रथलाई तयार गरी सुरक्षित साथ राख्नुपर्छ।

नीलतालुर्नीलजिह्वो वक्रदन्तो ह्यदन्तकः ।
दीर्घद्वेषी क्रूरमदस्तथा पृष्ठविधूनकः ॥३२॥
दशाष्टोननखो मन्दो भूविशोधनपुच्छकः ।
एवंविधोऽनिष्टगजो विपरीतः शुभावहः ॥३३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भद्रो मन्द्रो मृगो मिश्रो गजो जात्या चतुर्विधः ॥३४॥

तालु र जिभ्रो नीलो भएको, टेढा दाँत भएको, दाँतै नभएको, धेरै बेरसम्म रिसाइरहने, ज्यादा मात्तिने (ज्यादा मद बगाउने), पिठ्यूं हल्लाइरहने, अट्ठार संख्याभन्दा कम नङ भएको, ढीलो, (पाइन नभएको) भुँईमा लत्रने पुच्छर भएको हात्ती अनिष्टकारक (अलच्छिना) हुन्छ । यति कुरा नभएको हात्ती भने शुभकारक हुन्छ । भद्र, मन्द्र, मृग र मिश्र यस्ता चार जातिका प्रकारवाट हात्तीका जात चार प्रकारका छन् ।

मध्वाभदन्तः सबलः समांगो वर्तुलाकृतिः ।
सुमुखोऽवयव श्रेष्ठो ज्ञेयो भद्रगजः सदा ॥३५॥

जुन हात्तीका दाँत महका रंग जस्ता वर्ण भएका छन्, बलियो छ, आँगहरू टम्म मिलेका बरावर छन्, वाटुला आकारको छ, मुख राम्रो छ, अंगप्रत्यंग असल छन्, यस्ता प्रकारको हात्तीलाई सधैं 'भद्र' जातको भनिन्छ ।

स्थूलकुक्षिः सिंह दृक् च बृहत्त्वग्गलशुण्डकः ।
मध्यमावयवो दीर्घकायो मन्द्रगजः स्मृतः ॥३६॥

ठूला कोखा भएको, सिंहका जस्ता आँखा भएको, मोटो (बाक्लो) छाला, घाँटी र सूँड ठूला छन्, अंगहरू मध्यम स्तरका छन् र शरीर लामो छ यस्तो हात्तीलाई 'मन्द्र' जातको हो भनिएको छ ।

तनुकण्ठदन्तकर्णशुण्डस्थूलाक्ष एव हि ।
सुहृस्वाधरमेद्रस्तु वामनो मृगसंज्ञकः ॥३७॥

जुन हात्तीका घाँटी, दाँत, कान र सूँड साना र आँखा ठूला छन् छाती, ओंठ र र लिङ्ग अत्यन्त राम्रा छन् र होचो कदको छ, यस्तो हात्ती 'मृग' जातको हो भनिन्छ ।

एषां लक्ष्मैर्विमिलितो गजो मिश्र इति स्मृतः ।
भिन्नं भिन्नं प्रमाणं तु त्रयाणामपि कीर्तितम् ॥३८॥

उपर्युक्त तीन वटै हात्तीका लक्षणहरू मिस्सिएको हात्तीलाई 'मिश्र' जातको भनिएको छ । ती तीन वटा हात्तीका प्रमाण (प्रत्येक अङ्गका प्रमाण) पनि वेग्लावेग्लै प्रकारका हुन्छन् भनिएको छ ।

गजमाने ह्यंगुलं स्यादष्टभिस्तु यवोदरैः ।
चतुर्विंशत्यङ्गुलैस्तैः करः प्रोक्तो मनीषिभिः ॥३९॥

हात्तीको नाप गर्ने प्रमाणमा आठ जौको एक अंगुल हुन्छ र त्यस्ता चौबीस अङ्गुलको एक हात हुन्छ भनेर विद्वान्हरूले भनेका छन् ।

सप्तहस्तोन्नतिर्भद्रे ह्यष्टहस्तमदीर्घता ।
परिणाहो दशकर उदरस्य भवेत्सदा ॥४०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'भद्र' जातका हात्तीको उँचाइ सात हातको र लम्बाइ आठ हातको तथा पेटको फैलावट सधैं दश हातको हुन्छ ।

प्रमाणं मन्द्रमृगयोर्हस्तहीनं क्रमादतः ।
कथितं दैर्घ्यसाम्यं तु मुनिभिर्भद्रमन्द्रयोः ।।४१।।

मन्द्र र मृग जातका हात्तीको प्रमाण माथि बताइएका प्रमाणमा एक हात कम हुन्छ र चौडाइमा भने भद्र र मन्द्र जातका हात्तीको प्रमाण बराबरै हुन्छ भनेर मुनिहरूले भनेका छन् ।

बृहद्‌भ्रू गण्डभालस्तु धृतशीर्षगतिः सदा ।
गजः श्रेष्ठस्तु सर्वेषां शुभलक्षणसंयुतः ।

जुन हात्तीका भ्रूकुटी (आँखीभौं) गण्डस्थल र टाउको यति तीन कुरा ठूला हुन्छन्, शिरको गति पनि जसको सधैं वडो राम्रो हुन्छ र अरू शुभ लक्षणहरूले पनि युक्त छ, त्यस्तो हात्ती सबै हात्तीहरूमा श्रेष्ठ हो भन्ने मानिएको छ ।

पञ्चयवांगुलेनैव वाजिमानं पृथक् स्मृतम् ।।४२।।
चत्वारिंशांगुलमुखो वाजी यश्चोत्तमोत्तमः ।
षट्त्रिंशदङ्गुलमुखो ह्युत्तमः परिकीर्तितः ।।४३।।

घोडाको नापको प्रमाणमा पाँच जौको एक अंगुल हुन्छ भन्ने बेग्लै प्रमाण मानिएको छ । चालीस अंगुल प्रमाणको मुख भएको घोडा उत्तममा पनि उत्तम र छत्तीस अंगुल प्रमाणको मुख भएको घोडा उत्तम हो भनिएको छ ।

द्वात्रिंशदङ्गुलमुखो मध्यमः स उदाहृतः ।
अष्टाविंशत्यङ्गुलो यो मुखे नीचः प्रकीर्तितः ।।४४।।

बत्तीस अंगुल प्रमाणको मुख भएको घोडा मध्यम भनिएको छ र अट्ठाईस अंगुल प्रमाणको मुख भएको घोडा नीच (निम्न स्तरको) हो भन्ने कहिएको छ ।

वाजिनां मुखमानेन सर्वावयवकल्पना ।
औच्चं तु मुखमानेन त्रिगुणं परिकीर्तितम् ।।४५।।

घोडाको मुखको प्रमाणबाट नै अरू संपूर्ण अङ्ग र अवयवहरूको कलपना गर्नुपर्छ । मुखका प्रमाणको तीन गुना त्यसको ऊँचाइ हुनुपर्छ ।

शिरोमणिं समारभ्य पुच्छमूलान्तमेव हि ।
तृतीयांशाधिकं दैर्घ्यं मुखमानाच्चतुर्गुणम् ।।४६।।
परिणाहस्तूदरस्य त्रिगुणस्त्र्यंगुलाधिकः ।
साधारणमिदं मानमुच्यते विस्तरादथ ।।४७।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घोडाको शिरोमणि (दुई कानका बीचका रौं) देखि लिएर पुच्छरको मूल भाग-पर्यन्त तेस्रो भागको चौगुना लमाइ हुन्छ र त्यो भाग मुखको प्रमाणबाट चार गुना बढी हुनुपर्छ र पेटको विस्तार (फैलावट) मुखको प्रमाणबाट तीन गुना बढी तथा तीन अंगुल पनि बढी हुनुपर्छ । घोडाको यो सामान्य मान (प्रमाण) हो र अरू कुरा विस्तारपूर्वक अब भनिन्छः—

अष्टाविंशांगुलमुखं पुरस्कृत्य यथा तथा ।
सफोच्चं त्र्यंगुलं ज्ञेयं मणिबंधोंगुलाधिकः ॥४८॥

अट्ठाईस अंगुलको मुखको प्रमाण अघि राख्ता खुर तीन अंगुल अग्ला र मणिबंध एक अंगुल अधिक अर्थात् चार अंगुलको हुनुपर्छ ।

चतुर्हस्तांगुला जंघा त्र्यंगुलं जानु कीर्तितम् ।
चतुर्दशाङ्गुलावूरू कूर्परान्तः स्मृतो बुधैः ॥४९॥

चार हात एक अंगुल प्रमाणका जाँघ, घुँडा तीन अंगुलका र घुँडीको प्रारुम्मका तिघ्राको भाग चौद्ध अंगुल प्रमाणको हुनुपर्छ भनेर विद्वान्हरूले बताएका छन् ।

अष्टत्रिंशांगुलं ज्ञेयं स्कन्धान्तं कूर्परादितः ।
प्रत्यगूरू मुखसमौ जंघोना पादमानतः ॥५०॥
प्रोक्तोच्चता चाथ दैर्घ्यमुच्यते शास्त्रसंगतम् ॥५१॥

घुँडीकोप्रादेखि लिएर काँधपर्यन्तको भाग अठतीस अंगुल प्रमाणको अग्लो र पछाडिका तिघ्रा मुखकै प्रमाणसमानका अग्ला, जाँघ गोडाभन्दा केही घटी प्रमाणको हुनुपर्छ । यस प्रकार घोडा अग्लो हुनुपर्छ भन्ने कुरा बताइयो र अब शास्त्रबमोजिमको घोडाको लमाइ आदि प्रमाणका बारेमा भनिन्छ ।

षष्टांशेनाधिका ग्रीवा द्विगुणा सुप्रसारिता ।
मुखतश्चोच्छ्रिता सार्धपादहीना तु पूर्वतः ॥५२॥

मुखभन्दा छ अंश बढी घाँटी हुनुपर्छ र त्यसको दोब्बर राम्ररी फैलिएको हुनुपर्छ र त्यसको अगाडिको भाग मुखभन्दा चौथाइ कम भएको हुनुपर्छ ।

स्कंधादिमुष्कमूलान्तं ग्रीवातुल्यं तु तत्र हि ।
द्वयं शषष्ठं त्रिकं यावत् शेषमंसं प्रकल्पयेत् ॥५३॥

जोर्नीदेखि अण्डकोशको मूल भागसम्मको त्यहाँको भाग घाँटीका प्रमाणको हुनुपर्छ अथवा दुई गुना छ गुना अथवा तीन गुना बाँकी काँधको परिकल्पना गर्नू ।

मुखार्धं पुच्छदण्डं च शिश्न आण्डौ तदर्थकौ ।
कर्णः षडंगुलो दीर्घश्चतुःपञ्चागुलः क्वचित् ॥५४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुच्छरको हाडमासुको लट्ठी जस्तो भाग मुखको आधा प्रमाणको र लिङ्ग र अण्ड-कोष त्यसको पनि आधा प्रमाणको हुनुपर्छ । कान छ अंगुल लामा हुनुपर्छ । कतै त चार अथवा पाँच अंगुलका हुन्छन् भनेर पनि बताइएको छ ।

परिणाहः शफस्योक्तो मुखार्धेनांगुलाधिकः ।
तदर्धो मणिबन्धस्य जंघायाः परिधिः स्मृतः ॥५५॥

खुरको चौडाइ मुखको प्रमाणमा आधा र एक अंगुल बढी हुनुपर्छ र मणिबन्ध (खुरदेखि अलिकति माथिको भाग) र जाँघको परिधि खुरको चौथाइको आधा हुन्छ भनी बताइएको छ ।

दशैकांगुलपरिधी रम्योरोः कीर्तितो बुधैः ।
पृष्ठोरुपरिधिर्मूले त्रिःषष्ठांशमुखेषु च ॥५६॥

राम्रा तिघ्राको परिधि एघार अंगुलको हुनुपर्छ भनी बिद्वान्हरूले भनेका छन् । पिठ्यूँ र तिघ्राको मूल परिधि मुखका प्रमाणको तीन अथवा छ भागसम्म हुनुपर्छ भन्दछन् ।

नहिरन्तर्धनुः खण्डंसदृशा सरभोग्रजा ।
मणिबंधमणेर्ज्ञेयः परिधिश्च नवांगुलः ॥५७॥

अगाडिपट्टि भएको सरभ उग्र र अन्तर्धनु जस्तो हुनुहुँदैन र मणिबन्धका मणिको भागको परिधि नौ अंगुल प्रमाणको हुनुपर्छ ।

अन्त्यजंघादिपरिधिर्विज्ञेयः पूर्ववद्बुधैः ।
अथोर्वोरन्तरे चिह्नमंगुष्ठं पक्षमूलयोः ॥५८॥

जाँघका आदि र अन्त्यको परिधि पहिलेकै प्रमाण जस्तै हुनुपर्छ भनी विद्वान्हरूले भनेका छन् । तिघ्राका बीचको चिह्न र पक्षमूलको चिह्न अंगुष्ठ प्रमाणको मानिएको छ ।

सार्धांगुलं सटास्थानं ग्रीवोपरि सुविस्तृतम् ।
शिरोमणिं समारभ्य दीर्घं स्कन्धान्तमुत्तमम् ॥५९॥

घाँटीको माथि रहेको जगर (याल) को स्थान डेढ अंगुल फैलिएको हुनुपर्छ र घोडाको याल शिरोमणिदेखि लिएर काँधसम्म लामो भएको उत्तम मानिएको छ ।

अधोगमा सटा कार्या हस्तमात्रायता शुभा ।
सार्धहस्ता द्विहस्ता वा पुच्छबालाः सुशोभनाः ॥६०॥

घोडाका जगर (याल) तलपट्टि फर्केका बनाउनुपर्छ । ती याल एक हात मात्र लामो भएको असल हुन्छ । पुच्छरका रौं डेढ हात अथवा दुई हातसम्म भएको राम्रो हुन्छ ।

सप्ताष्टनवदशभिरंगुलैः कर्णदीर्घताः ।
तथा तद्विस्तृतिर्ज्ञेया त्र्यंगुला चतुरंगुलाः ॥६१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सात, आठ, नौ र दश अंगुल कानको उँचाइ हुनुपर्छ र कानको चौडाइ भने तीन अंगुल वा चार अंगुलको हुनुपर्छ ।

न स्थूलानापि चिपिटा ग्रीवा मयूरसन्निभा ।
ग्रीवाग्रपरिधिस्तुल्यो मुखेनाधिकमुष्टिकः ॥६२॥

घोडाको घाँटी ज्याला ठूलो र ज्यादा चेप्टो नभै मुजूरका घाँटी जस्तो हुनुपर्छ । घाँटीका अग्र भागको परिधि भने मुखको प्रमाणभन्दा एक मुठी प्रमाण बढी हुनुपर्छ ।

ग्रीवामूलस्य परिधिर्द्विगुणो विदशांगुलः ।
तृतीयांशविहीनं तु सत्क्रोडं वक्ष ईरितम् ॥६३॥

घाँटीका मूल भागको परिधि मुखको प्रमाणभन्दा दोब्बरमा दश अंगुल कम्ती भएको हुनुपर्छ र त्यसको तीन भागको एक भाग घटी असल घना (टम्म मिलेको) छाती हुनुपर्छ भनिएको छ ।

नेत्रोपरि परिणाहो मुखेनाष्टांगुलाधिकः ।
नासिकोपरिनेत्राधो मुखस्य परिधिस्तु यः ॥६४॥
तृतीयांशविहीनेन मुखेन सदृशो भवेत् ।
द्व्यंगुलं नेत्रविस्तृतिस्त्र्यंगुला तस्य दीर्घता ॥६५॥
अर्धांगुलाधिका वापि विस्तृतिर्दीर्घतातांगुला ।
मुखतृतीयांशमेत दूर्वोर्मध्येऽन्तरं स्मृतम् ॥६६॥

आँखाका माथिपट्टिको विस्तार मुखका प्रमाणभन्दा आठ अंगुल बढी हुनुपर्छ । नाकभन्दा माथि र आँखाभन्दा मनिको जो मुखको परिधि छ, त्यो मुखका प्रमाणको तीन भागको एक भाग घटी हुनुपर्छ । आँखा दुई अंगुल फराकिला र तीन अंगुल लामा हुनुपर्छ वा आधा अंगुल फैलिएका र एक अंगुल लामा हुनुपर्छ । उपरोक्त प्रमाणयुक्त अङ्ग भएका घोडाको मुखका तीन भागको एक भाग तिघ्राका बीचका भागको अन्तर कहिएको छ ।

नेत्राग्रयोरन्तरं तु पञ्चमांशं मुखस्य हि ।
कर्णयोरन्तरं तद्वत् कर्णनेत्रान्तरं तथा ॥६७॥

आँखाका अगाडिपट्टिको अन्तर (फरक) त मुखका पाँच भागको एक भाग हुनुपर्छ । त्यस्तै दुई वटा कानको र कान र आँखाको फरक पनि मुखका प्रमाणको पाँच भागको एक भाग नै हुनुपर्छ ।

भूस्थयोः शफयोः प्रोक्तं यततं कर्णसंमितम् ।
मणिनेत्रप्रान्तरं च भ्रुवोरन्तरमेव हि ॥६८॥

भूमिमा टाप अड्याउँदा तिनको फैलावट कानका प्रमाण बराबरकै हुनुपर्छ र मणि र नेत्रका वरिपरिको भाग तथा दुई आँखीभौं छुट्टिने भाग पनि कानका प्रमाणबराबरकै हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सक्थ्यङ्गुलं तृतीयांशं नासानेत्रान्तरं तथा ।
त्रिभागपूरणं प्रोथः सोष्ठश्च परिकीर्तितः ॥६९॥

नाक र आँखाको अन्तर सक्थिको तृतीयांश र एक अंगुल प्रमाणको हुनुपर्छ कटि तिघाको तेब्बर पुग्ने हुनुपर्छ र ओठ पनि त्यस्तै प्रकारको हुनुपर्छ ।

नासारन्ध्रान्तरं चैव तद्दैर्घ्यं नवमांशकम् ।
कायो नरार्धविस्तारस्त्रिके हृदयसंमित ॥७०॥

नाकका प्वालको अन्तर नाकका लमाइको नौ भागको एक भाग प्रमाणको हुनुपर्छ । शरीर सामान्य मानिसका शरीरको आधा भाग (डेढ हात छ अंगुल) का प्रमाणबाट फुकेको हुनुपर्छ । काँध र पिठ्यूँदेखि तलतिरको भाग (त्रिक) भने छातीका प्रमाणको मानिएको छ ।

चतुर्थांशं तु हृदयं बाहुमूलादधः स्मृतम् ।
षष्ठांशमन्तरं बाह्वोर्हृत्समीपे प्रकीर्तितम् ॥७१॥

हातका मूलभागदेखि तलतिरको हृदय (छाती) मुखका प्रमाणको चार भागको एक भाग बराबर प्रमाणको भनिएको छ । छाती र हातका समीपको अन्तर भाग मुखका छ भागको एक भाग प्रमाणको हुनुपर्छ भनिएको छ ।

अधरोष्ठोऽनुचिबुकं सार्धांगुलमथोन्नतम् ।
शोभते चोन्नतग्रीवो नतपृष्ठः सदा हयः ॥७२॥

तल्ला ओठमनिको च्यूँडो डेढ अंगुल उठेको हुनुपर्छ । सदा ठाडो घाँटी गर्ने र पिठ्यूँ निहुराउने घोडा बडो सुन्दर देखिन्छ ।

यद्रूपं कर्तुमुद्युक्तस्तद्बिंबं वीक्ष्य सर्वतः ।
अदृष्ट्वा कस्य यद्रूपं न कर्तुं क्षमते हि तत् ॥७३॥

घोडाका मूर्ति बनाउने विषयमा पनि जस्तो रूपको (अनुहारको) बनाउनु छ । चारैतिरबाट त्यसको प्रतिबिम्बलाई हेर्नुपर्छ । कसैले पनि कसैको पनि रूप (अनुहार) नहेरी त्यसको त्यस्तो रूप बनाउन सकिन्न ।

शिल्प्यग्रे वाजिनं ध्यात्वा कुर्यादवयवानतः ।
दिशानया च विभूतेः सर्वमानानि वाजिनाम् ॥७४॥

यस कारण कालिगढले पहिले घोडाको अनुहार ध्यान गरेर (विचार गरेर) अङ्ग र अवयवहरू बनाओस् । यस्ता प्रकारले अघि बताएअनुसार लक्षण र प्रमाणहरू घोडाहरूको बारेमा भनिएको छ ।

श्मश्रुहीनमुखः कान्तप्रगल्भोत्तुङ्गनासिकः ।
दीर्घोद्धतग्रीवमुखो ह्रस्वकुक्षिखुरश्रुतिः ॥७५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तुरप्रचण्डवेगश्च हंसमेघसमस्वनः ।
नातिक्रूरो नातिमृदुर्देवसत्त्वो मनोरमः ।
सुकान्तिगन्धवर्णश्च सद्गुणभ्रमरान्वितः ॥७६॥

जुन घोडा मुखमा रौं नभएको, राम्रो, छिटो, नाक उठेको, लामो र ठडिएको घाँटी भएको, मुख पनि त्यस्तै प्रकारको भएको, छोटा कोखा भएको, टापको आवाज आउने, चाँडो हिंड्ने, कदम जान रुक्ने, हाँसको र मेघका जस्तो आवाज गर्ने, ज्यादा मूर्ख पनि नभएको, ज्यादा लूसो पनि नभएको, देवताका जस्तो बल भएको, असल कान्ति भएको, राम्रो वर्ण, असल गन्ध आउने, असल गुनहरूले युक्त भएको र असल असल भुमराहरूले युक्त छ भने त्यस्तो घोडा उत्तम मानिएको छ ।

भ्रमरस्तु द्विधावर्तो वामदक्षिणभेदतः ।
पूर्णोऽपूर्णः पुनर्द्वेधा दीर्घो ह्रस्वस्तथैव च ॥७७॥

देब्रे र दाहिने घुमेको भेदले भुमरी (फनक्क घुमेको रौंको भुमरी) पनि दुई प्रकारको छ । त्यो पनि पूर्ण, अपूर्ण र लामो-छोटाका भेदले फेरि दुई प्रकारको हुन्छ ।

स्त्रीपुंदेहे वामदक्षौ यथोक्तफलदौ क्रमात् ।
न तथा विपरीतौ तु शुभाशुभफलप्रदौ ॥७८॥

घोडीका शरीरमा बाँयापट्टि र घोडाका शरीरमा दाहिनेतर्फ भएका भुमराहरूले भनेअनुसारको फल दिने हुन्छन्, तर तिनीहरू पनि विपरीत ठाउँमा छन् भने शुभ-अशुभ दुवै प्रकारका फल नदिने पनि हुन्छन् ।

नीचोर्ध्वतिर्यङ्मुखतः फलभेदो भवेत्तयोः ॥७९॥

ती भुमराहरूको पनि तलतिर, माथितिर र तेर्सोपट्टि मुख फर्केका भेदले फलको पनि भेद हुन्छ ।

शंखचक्रगदापद्मवेदिस्वस्तिकसन्निभः ।
प्रासादतोरणधनुः सुपूर्णकलशाकृतिः ।
स्वस्तिकस्रङ्मीनखड्गश्रीवत्साभः शुभो भ्रमः ॥८०॥

शंख, चक्र, गदा, पद्म, (कमल) वेदि, स्वस्तिक चिह्न यिनीहरू जस्तै तथा मन्दिर, तोरण, धनु, पूर्ण कलश, स्वस्तिक, माला, माछा, तरबार, श्रीवत्स यिनीहरूका जस्तो आकार भएको भुमरी असल मानिएको छ ।

नासिकाग्रे ललाटे च शंखे कण्ठे च मस्तके ।
आवर्तो जायते येषां ते धन्यास्तुरगोत्तमाः ॥८१॥

नाकको अगाडि, निधारमा, शंखमा, घाँटीमा र टाउकामा जुन घोडाको भुमरी हुन्छ, त्यस्तो घोडा उत्तम र धन्य छ भनिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हृदि स्कन्धे गले चैव कटिदेशे तथैव च ।
नाभौ कुक्षौ च पार्श्वाग्रे मध्यमाः संप्रकीर्तिताः ॥८२॥

छातीमा, काँधमा, घाँटीमा, र कम्मरमा तथा नाइटामा, कोखामा र पार्श्वभागमा जुन घोडाका भुमरी हुन्छन् ती घोडाहरू मध्यम प्रकारका हुन् भनिएको छ ।

ललाटे यस्य चावर्तद्वितयस्य समुद्भवः ।
मस्तके च तृतीयस्य पूर्णहर्षोऽश्व उत्तमः ॥८३

जुन घोडाका निधारमा दुई बटा भुमरी भएर टाउकामा अर्को एउटा भुमरी छ पूर्णहर्ष (खूब आनन्द मान्ने) त्यो घोडा उत्तम हो ।

पृष्ठवंशे यदावर्तो यस्यैकः संप्रजायते ।
स करोत्यश्वसंघातान् स्वामिनः सूर्यसंज्ञकः ॥८४॥

जुन घोडाका पिठ्यूँका वंश भागमा एउटा मात्र भुमरी छ, त्यो घोडालाई 'सूर्य' भनिन्छ । त्यस्तो घोडाले उसका मालिकलाई धेरै घोडाका बथानले युक्त भएको बनाउँछ । अर्थात् त्यस्ता घोडाले बगाल बढाउँछ ।

त्रयो यस्य ललाटस्था आवर्तास्तिर्यगुत्तराः ।
त्रिकूटरः स परिज्ञेयो वाजिवृद्धिकरः सदा ॥८५॥

जुन घोडाका निधारमा तेर्छा र ठाडा परेका तीन वटा भुमरी छन्, त्यसलाई 'त्रिकूट' भनिएको छ र त्यसले पनि धेरै घोडा जम्मा गराउँछ, अर्थात् त्यसले पनि बगाल बढाउँछ ।

एवमेव प्रकारेण त्रयो ग्रीवां समाश्रिताः ।
समावर्ताः स वाजीशो जायते नृपमन्दिरे ॥८६॥

उपर्युक्त प्रकारका तीन वटा भुमरी यदि कुनै घोडाका घाँटीमा छन् भने घोडा-मध्ये त्यो राजा जस्तै मानिन्छ र त्यो राजदरबारमा नै रहन पाउँछ ।

कपोलस्थौ यदावर्तौ दृश्येते यस्य वाजिनः ।
यशो वृद्धिकरौ प्रोक्तौ राज्यवृद्धिकरौ मतौ ॥८७॥

जुन घोडाका गालामा दुई वटा भुमरा प्रष्ट देखिने छन्, त्यो घोडाका ती भुमरीले राजाको राज्य र कीर्तिलाई बढाउँछन् भनेर बताइएको छ ।

एकोवाथ कपोलस्थो यस्यावर्तः प्रदृश्यते ।
शर्वनामा स विख्यातः स इच्छेत् स्वामिनाशनम् ॥८८॥

जुन घोडाका गालामा एक भुमरी प्रष्ट रूपमा देखिएको छ, त्यो घोडालाई 'शर्व' भन्दछन् र त्यसले आफ्नो स्वामीलाई नाश पार्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गण्डसंस्थो यदावर्तो वाजिनो दक्षिणाश्रितः
स करोति महासौख्यं स्वामिनं शिवसंज्ञिकः ॥८९॥
तद्वद्वामाश्रितः क्रूरः प्रकरोति धनक्षयम् ।
इन्द्राक्षौ तावुभौ शस्तौ नृपराज्यविवृद्धिदौ ॥९०॥

जुन घोडाका दाहिने गण्डस्थलमा दाहिने घुमेको एक मात्र भुमरी छ, त्यसलाई 'शिव' भनिन्छ र त्यसले आफ्ना स्वामीलाई असाध्य सुखी गराउँछ। त्यस्तै देब्रे तर्फ घुमेका भुमरी छ भने त्यो घोडालाई 'क्रूर' भनिन्छ र त्यो घोडाले धननाश गर्छ। यदि दुवै गण्ड-स्थलमा इन्द्राक्ष (यो नाम गरेको कीरो, लोकमा यसलाई गुँहेलगेडी कीरा भन्दछन्) जस्तै दुई वटा भुमरी छन् भने ती दुवै भुमरी असल हुन् र तिनीहरूले राजाको राज्य बढाउँछन्।

कर्णमूले यदावर्तौ स्तनमध्ये तथापरौ ।
विजयाख्यौ उभौ तौ तु युद्धकाले यशःप्रदौ ॥९१॥

जुन घोडाका कान र स्तन (दुइटा दूध) का बीचमा दुई दुई वटा भुमरा हुन्छन् त्यो घोडाका ती भुमरालाई 'विजय' भनिन्छ र ती भुमराले लडाईँ पर्दा (त्यो घोडा चढी युद्ध गरे) जीतबाजी दिलाउने हुन्छन् भनेर कहिएको छ।

स्कन्धपार्श्वे यदावर्तो स भवेत् पद्मलक्षणः ।
करोति विविधान् पद्मान् स्वामिनः सततं सुखम् ॥९२॥

जुन घोडाको काँध र पार्श्वभागमा भुमरी छ, त्यसलाई 'पद्मलक्षण' भनिन्छ र त्यस्तो घोडाले आफ्ना स्वामीलाई अनेक प्रकारका लक्ष्मी (धन) र निरन्तर सुख दिलाउने हुन्छ।

नासामध्ये यदावर्तो एको वा यदि वा त्रयम् ।
चक्रवर्ती स विज्ञेयो वाजी भूपालसंज्ञकः ॥९३॥

जुन घोडाका नाकमा एउटा अथवा तीनवटा भुमरी हुन्छन्, त्यो घोडालाई 'भूपाल' भनिन्छ र 'चक्रवर्ती' भनेर पनि त्यो घोडालाई भन्दछन्।

कंठे यस्य महावर्तो एकः श्रेष्ठः प्रजायते ।
चिन्तामणिः स विज्ञेयः चिन्तितार्थसुखप्रदः ॥९४॥

जुन घोडाका घाँटीमा एउटा मात्र ठूलो भुमरी हुन्छ, त्यो घोडालाई 'चिन्तामणि' भन्दछन् र त्यसले चिताएको कुरा र सुख दिलाउँछ।

शुल्काख्यौ फालकंठस्थौ आवर्तौ वृद्धि कीर्तिदौ ॥९५॥

निधारमा र घाँटीमा भएका दुई दुई भुमराहरूलाई 'शुल्क' भनिन्छ, घोडाका यी दुई भुमरा उत्तरोत्तर वृद्धि र कीर्तिदायक हुन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्यावर्तौ वक्त्रगतौ कुक्ष्यन्ते वाजिनो यदि ।
स नूनं मृत्युनाप्नोति कुर्याद्वा स्वामिनाशम् ॥९६॥

जुन घोडाका मुखमा वा कोखाका छेउमा दुई दुई वटा भुमरी हुन्छन् त्यस्तो घोडा या त आफै मर्छ या त त्यसले उसका स्वामीलाई मार्छ ।

जानुसंस्था यदावर्ताः प्रवासक्लेशकारकाः ।
वाजिमेढ्रे यदावर्तो विजयश्रीविनाशनम्ः ॥९७॥

जुन घोडाका घुँडामा तीन आवर्त (भुमरी) छन्, त्यो घोडाले विदेशतर्फ जाँदा दुःख दिने हुन्छ। त्यस्तै घोडाका लिंगमा भुमरी छ भने त्यो घोडाले विजय र श्रीको नाश गर्छ।

त्रिकसंस्थो यदावर्तस्त्रिवर्गस्य प्रणाशनः ।
पुच्छमूले यदावर्तो धूमकेतुरनर्थकृत् ।
गुह्यपुच्छत्रिकावर्तौ स कृतांतो भयप्रदः ॥९८॥

जुन घोडाका पिठ्यूँ (पुट्ठा) का तीन हाडको जोर्नीमा भुमरी हुन्छ, त्यो घोडाले धर्म, अर्थ र काम तीन बर्गकै नाश गर्छ । पुच्छरका फेदमा भुमरी भएको घोडालाई (धूमकेतु) भनिन्छ र त्यसले अनर्थ गराउँछ । जुन घोडाका पुट्ठाका हड्डी गुदस्थान (चाक) र पुच्छर यति तीन ठाउँमा भुमरी छ, त्यो घोडा कालबराबरको हो भनी जान्नू । यस्तो घोडा बडो डरलाग्दो हुन्छ ।

मध्यदण्डात् पार्श्वगमा सैव शतपदी कचे ।
अतिदुष्टांगुष्ठमिता दीर्घा दुष्टा यथा यथा ॥९९॥

जुन घोडाका पुच्छरका रौं दण्ड (पुच्छरको डाँख्लो) देखि पार्श्व (छेउ) तिर फर्केका छन् र त्यो दण्ड बूढी–औंला जस्तै पातलो छ भने त्यो घोडा ज्यादै दुष्ट (खराब) हुन्छ, तर त्यो दण्ड जति मोटो भयो उति उति वेश हुन्छ ।

अश्रुपातहनुगंडहृग्दलप्रोथवस्तिषु ॥१००॥
कटिशंखजानुमुष्ककुन्नाभिगुदेषु च ।
दक्षकुक्षौ दक्षपादे त्वशुभो भ्रमरः सदा ॥१०१॥

घोडाको चिउँडो, गंडस्थल, छाती, घाँटी, कटि, वस्तिभाग, यतिमा आँसु पर्छ भने र कटि, शंख, घुँडा, अण्डकोष, ढाड, नाइटो, गुदद्वार, दाहिने कोखो, दाहिने गोडो (पाउ) यतिमा भुमरो छ भने त्यो घोडा सधैं अशुभ हुन्छ ।

गलमध्ये पृष्ठमध्ये उत्तरोष्ठेऽधरे तथा ।
कर्णनेत्रान्तरे वामकुक्षौ चैव तु पार्श्वयोः ।
ऊरुषु च शुभावर्तौ वाजिनामग्रपादयोः ॥१०२॥

गलाको, पिठ्यूँको बीचमा, तल-माथिका दुवै ओठमा, कान, आँखा, देउरे कोखो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र दुवै पार्श्वभागमा, दुवै तिघ्रामा र अगाडिका खुट्टामा जो भुमरा (रौँ फनक्क घुमेका भुमरी) छन्, ती सवै असल छन् ।

आवर्तौ सान्तरौ भाले सूर्यचन्द्रौ शुभप्रदौ ।
मिलितौ तौ मध्यफलौ ह्यतिलग्नौ तु दुष्फलौ ॥१०३॥

टाउकामा वा निधारमा छुट्टाछुट्टै दुई वटा भुमरी छन् भने तिनलाई चन्द्र सूर्य भनिन्छ। ती शुभकारक मानिन्छन्। ती दुवै ज्यादै नगीच छन् भने मध्यम फल दिने हुन्छन् र टम्म मिलेका छन् भने त अशुभ फल दिने हुन्छन् ।

आवर्तत्रितयं भाले शुभ चोर्ध्वं तु सांतरम् ।
अशुभ चातिसंलग्नमावर्तद्वितयं तथा ॥१०४॥

टाउकामा निधारमा छुट्टाछुट्टै तीन वटा भुमरी भएको असल हुन्छ ! तिनीहरू एकै ठाउँमा जोडिएका भए खराव मानिन्छन् । दुई वटा भुमरी पनि वेग्लावेग्लै भएको असल र टम्म जोडिएका भए खराव मानिएका छन् ।

त्रिकोणत्रितयं भाले आवर्तानां तु दुःखदम् ।
गलमध्ये शुभस्त्वेकः सर्वाशुभनिवारणः ॥१०५॥

मस्तक (शिर वा निधारमा) तीन कुना परेर तीन वटा भुमरी छन् भने त्यो घोडा दुःखदायक हुन्छ । गलाको वीचमा एउटा भुमरी छ भने त्यो असल हो र त्यसले सम्पूर्ण खराव कुरालाई निवृत्ति गर्छ ।

अधोमुखः शुभः पादे भाले चोर्ध्वमुखो भ्रमः ।
न चैवात्यशुभा पृष्ठमुखी शतपदी मता ॥१०६॥

गोडामा तलतिर मुख फर्केको र टाउकामा माथितिर मुख फर्केको भुमरी शुभकारक हुन्छ । पछाडिपट्टि फर्केको र पुच्छरतिर मुख फर्केको भुमरी भने त्यति अनिष्टकारक मानिएको छैन ।

मेढ्रस्य पश्चाद् भ्रमरी स्तनी वाजी स चाशुभः ।
भ्रमः कर्णसमीपे तु शृंगी चैकः स निन्दितः ॥१०७॥

जुन घोडाको लिङ्गका पछाडि र दूधमा भुमरी छ, त्यो घोडा पनि अशुभ हुन्छ । कानका नगीच जुन घोडाको भुमरी छ, त्यसलाई एकसिङे भनिन्छ र त्यो अशुभ हुन्छ ।

ग्रीवोर्ध्वपार्श्वे भ्रमरी ह्येकरश्मिः स चैकतः ।
पादोर्ध्वमुखभ्रमरी कीलोत्पाटी स निन्दितः ॥१०८॥

घाँटीको माथि पार्श्वभागमा जुन एउटा सानो डोरी जस्तो भुमरी हुन्छ त्यो दुवैतिर नभएर केवल एकतर्फ मात्र भयो भने त्यो भुमरी पनि निन्दित मानिएको छ। घोडाका खुट्टामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माथितिर मुख भएर रहेको जुन भुमरी छ, त्यसलाई 'कीलोत्पाटी' भन्दछन् र त्यो पनि निन्दित मानिएको छ।

शुभाशुभौ भ्रमौ यस्मिन् स वाजी मध्यमः स्मृतः।
मुखे पत्सु सितः पञ्चकल्याणोऽश्वः सदा मतः ॥१०९॥

जुन घोडाका शरीरमा शुभ र अशुभ दुबै थरी भुमरा हुन्छन्, त्यो घोडा मध्यम हो भनिन्छ। मुख र खुट्टा जुन घोडाका सेता हुन्छन् त्यो घोडालाई 'पञ्चकल्याण' भन्दछन्।

स एव हृदये स्कन्धे पुच्छे श्वेतोऽष्टमंगलः।
कर्णे श्यामः श्यामकर्णः सर्वतस्त्वेकवर्णभाक् ॥११०॥

उपर्युक्त पञ्चकल्याण घोडाको छाती, काँध र पुच्छर पनि सेतो छ भने त्यसलाई 'अष्टमंगल' भनिन्छ। सबै शरीर भने एकै रङ्गको छ, तर कान भने काला छन् भने त्यस्तो घोडालाई 'श्यामकर्ण' घोडा भनिन्छ।

तत्रापि सर्वतः श्वेतो मेध्यः पूज्यः सदैव हि।
वैडूर्यसन्निभे नेत्रे यस्य स ज्ञो जयमंगलः ॥१११॥

उपर्युक्त श्यामकर्ण घोडा पनि कान मात्र काला र अरू सबै शरीर सेतो छ भने त्यो सधैं वलि दिन लायक र पूजनीय हुन्छ। जुन घोडाका आँखा वैडूर्य मणि जस्ता छन्, त्यो घोडा 'जयमङ्गल' मानिन्छ।

मिश्रवर्णस्त्वेकवर्णः पूज्यः स्यात् सुन्दरो यदि ॥११२॥

जुन घोडा धेरै वर्ण मिस्सिएको (छिरविरे) छ अथवा एउटै वर्णको भए पनि राम्रो छ त्यो पूजनीय हुन्छ।

कृष्णपादो हरी निंद्यस्तथा श्वेतैकपादपि।
रुक्षो धूसरवर्णश्च गर्दभाभोऽपि निन्दितः ॥११३॥

जुन घोडाका खुट्टा काला छन्, अथवा एउटा खुट्टो मात्र सेतो छ, तथा रूखो, फुस्रो वर्ण र गदहा (गधा) को जस्तो वर्ण भएको यस्तो घोडा पनि निन्दनीय (अशुभ) हुन्छ।

कृष्णतालुः कृष्णजिह्वः कृष्णोष्ठश्च विनिंदितः।
सर्वतः कृष्णवर्णो यः पुच्छे श्वेतः स निन्दितः ॥११४॥

कालो तालु, कालो जिभ्रो र काला ओठ भएको र जम्मै वर्ण कालो भएको, तर पुच्छर मात्र सेनो भएको घोडा पनि निन्दनीय (अशुभ) हुन्छ।

उच्चैः पदन्यासगतिर्द्विपव्याघ्रगतिश्च यः।
मयूरहंसतित्तिरपारावतगतिश्च यः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मृगोष्ट्रवानरगतिः पूज्यो वृषगतिर्हयः ॥११५॥

जुन घोडाको चाल (कदम माथिमाथि गोडा उचालिएको हुन्छ अथवा हात्ती, बाघ, सुङ्गुर, हाँस, तित्रा, परेवा, मृग, ऊँट, वानर तथा वृष (साँढे) का जस्तो हिंडाइ छ, त्यस्तो पनि पूजनीय (अमल) हुन्छ।

अतिभुक्तोऽतिपीतोऽपि यया सादी न पीड्यते।
श्रेष्ठा गतिस्तु सा ज्ञेया स श्रेष्ठस्तुरगो मतः ॥११६॥

जुन घोडा प्रशस्त खाएर पिएर वा कत्ति नखाई केही नपिईकन पनि सवारले हाँकेअनुसार कत्ति गडबड नगरी हाँकिन्छ, त्यो घोडाको चाल राम्रो हुन्छ र त्यो घोडाहरूमा उत्तम घोडा हो।

सुश्वेतभालतिलको विद्धो वर्णान्तरेण च।
स वाजी दलभंजी तु यस्य सैवातिनिन्दितः ॥११७॥

जुन घोडाका निधारमा भएको सेतो टीकामा अर्को रङ्गले छेडिएको हुन्छ, त्यो घोडा 'दलभंजी' हो भनिन्छ र त्यो घोडा निन्दित (खराब) हो।

संहन्याद् वर्णजान् दोषान् स्निग्धवर्णो भवेद्यदि ॥११८॥

यदि घोडाको चिल्लो वर्ण छ भने त वर्णका विषयमा भनिएका दोषहरू भए पनि तिनीहरूको केही गणना हुन्न।

बलाधिकश्च सुगतिर्महान् सर्वांगसुन्दरः।
नातिक्रूरः सदापूज्यो भ्रमाद्यैरपि दूषित' ॥११९॥

जुन घोडा ज्यादा बलवान् छ, राम्रो हिंडाइ भएको छ, ठूलो छ सबै अङ्गहरू टम्म मिलेर सुन्दर छन् तथा अत्यन्त रिसाहा छैन, त्यो घोडा भुमरी आदिबाट दोषी भएको देखिए पनि सधैं पूजनीय (ग्राह्य) हुन्छ।

वाजिनामत्यवहनात् सुदोषाः संभवन्ति हि।
कृशो व्याधिपरीताङ्गो जायतेऽत्यन्तवाहनात् ॥१२०॥

घोड लाई कत्ति नचढ्नाले त्यसमा अनेक प्रकारका दोषहरू उत्पन्न हुन्छन् र ज्यादा (अत्यन्त) चढिरहनाले पनि दुब्लो र रोगी हुन्छ।

अवाहितो भवेन्मन्दः सर्वकर्मसु निन्दितः।
अपोषितो भवेत् क्षीणो रोगी चात्यन्तपोषणात् ॥१२१॥

घोडा नचढ्नाले ढीलो हुन्छ र सबै काममा निन्दित पनि हुन्छ तथा राम्ररी खान पाएन भने दुब्लो हुन्छ र ज्यादा खान दियो भने पनि रोगी हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुगतिर्दुर्गतिर्नित्यं शिक्षकस्य गुणागुणैः ।
जान्वधश्चलपादः स्यादृजुकायः स्थिरासनः ।
तुलाधृतखलीनः स्यात् काले देशे सुशिक्षकः ॥१२२॥

घोडाको असल हिंडाइ र खराब हिंडाइ (गति वा कदम जान्ने र नजान्ने जस्तो त्यसलाई सधाउने व्यक्ति छ, घोडा पनि त्यस्तै गुन-वैगुनले युक्त हुन्छ । घुँडादेखि तलतिरको भाग (पिंडौला वा पयर) जसका खूब चल (सधिएका) छन् शरीरलाई खूब निहुराउन सक्ने। पिठ्यूँमा टक्क अडिन सक्ने समय र ठाउँ हेरेर जसले लगामलाई तौलेर (तुलना मिलाएर) प्रयोग गर्न सक्तछ, त्यस्तो घोडाको शिक्षक (सयस) सुशिक्षक भनिन्छ ।

मृदुना नातितीक्ष्णेन कशाघातेन ताडयेत् ।
ताडयेन्मध्यघातेन स्थाने स्वश्वं सुशिक्षकः ॥१२३॥

नरम (कमलो) र ज्यादा साह्रो नभएको कोर्राले घोडालाई पिट्नुपर्दछ । घोडालाई पिट्दा मझ्यौला किसिमबाट ठाउँ हेरी पिट्नुपर्दछ । जसले यस्तो कुराको ज्ञान गरेको छ, त्यो असल शिक्षक (सयस) हो ।

हेषिते कक्षयोर्हन्यात् स्खलिते पक्षयोस्तथा ।
भीते कर्णान्तरे चैव ग्रीवासून्मार्गगामिनी ॥२२४॥
कुपिते बाहुमध्ये च भ्रान्तचित्ते तथोदरे ।
अश्वः संताड्यते प्राज्ञैर्नान्यस्थानेषु कर्हिचित् ॥१२५॥

घोडा हिल्लियो भने (हिनहिनाउँदा) कोखामा, लड्न (खस्न) लाग्यो भने पक्ष (पार्श्वभागमा) डरायो भने कानका जोर्नीमा, बाटो छोडेर हिंड्न लाग्यो भने घाँटीमा, रिसायो भने गोडाका बीचमा, हडबडायो भने पेटमा हिर्काउनुपर्छ । विद्वान्ले कहिल्यै जता पायो उतै घोडालाई हिर्काउनु हुँदैन ।

अथवा हेषिते स्कन्धे स्खलिते जघनान्तरे ॥१२६॥
भीते वक्षस्थलं हन्याद्वक्रमुन्मार्गगामिनी ।
कुपिते पुच्छसंघाते भ्रान्ते जानुद्वयं तथा ॥१२७॥

अथवा हिनहिनाउँदा काँधमा, खस्न लाग्दा जाँघका जोर्नीमा, डराउँदा छातीमा, बाटो छोडेर हिंड्न लाग्दा मुखमा, रिसाउँदा पुच्छरका झुप्पामा भ्रान्त हुँदा (हडबडाउँदा) दुई वटा घुँडामा हिर्काउनुपर्छ ।

नासकृत् ताडयेदश्वमकाले च विदेशके ।
अकालस्थानघातेन वाजिदोषान् वितन्वते ॥१२८॥

घोडालाई वारंबार समय नहेरी, ठाउँ नहेरी त्यसै पिटिरहनु हुँदैन । किनभने त्यसरी समय र ठाउँ नहेरी जथाभावी कुट्नाले घोडामा धेरै दोषहरू उत्पन्न हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तावद्द्रवन्ति ते दोषा यावज्जीवत्यसौ हयः ।
दुष्टं दण्डेनाभिभवेन्नारोहेद्दंडवर्जितः ॥१२९॥

अकाल र कुठाउँमा पिटेर उत्पन्न भएका दोषहरू घोडा नमरुञ्जेलसम्म रहन्छन् । दुष्ट घोडालाई दण्ड (कोर्रा) द्वारा नियन्त्रण गर्नुपर्छ र कोर्रा छडीहरू नलिईकन घोडा चढ्नु हुँदैन ।

गच्छेत् षोडशमात्राभिरुत्तमोऽश्वो धनुःशतम् ।
यथा यथा न्यूनगतिरश्वो हीनस्तथा तथा ॥१३०॥

जुन घोडा सोह्र वटा मात्रा उच्चारण गर्दा एक सय धनु प्रमाणको जमीन हिंडिसक्छ, त्यो घोडा उत्तम हो । घोडामा जति जति गति कम्ती हुन्छ, त्यति त्यो घोडा कमसल हो भनेर जान्नू ।

सहस्रचापप्रमितं मंडलं गतिशिक्षणे ।
उत्तमं वाजिनो मध्यं नीचमर्धं तदर्धकम् ।
अल्पं शतधनुः प्रोक्तमत्यल्पं च तदर्धकम् ॥१३१॥

घोडालाई तालीम गर्दा (गतिको शिक्षा दिंदा) हजार धनु प्रमाणका जमीनको मण्डलमा उत्तम घोडालाई त्यसको आधा प्रमाणको जमीनको मण्डलमा मध्यम घोडालाई र त्यसको पनि आधा निम्नस्तरीय घोडाका निमित्त मानिएको छ । सय धनु प्रमाणको गतिलाई 'अल्प' भनिन्छ र त्यसको आधालाई 'अत्यल्प' भनिन्छ ।

शतयोजनगंता स्याद्दिनैकेन यथा हयः ।
गतिं संवर्धयेन्नित्यं तथा मण्डलविक्रमैः ॥१३२॥

घोडा जसो गर्नाले एक दिनमा एक सय योजन प्रमाणको जमीन हिंड्न सक्छ, त्यस्तै प्रकारको तालीम (अभ्यास) दिंदै जमीनको मण्डल र गतिको क्रम नित्य बढाउँदै लैजानुपर्दछ ।

सायं प्रातश्च हेमन्ते शिशिरे कुसुमागमे ।
सायं ग्रीष्मे तु शरदि प्रातरश्वं वहेत् सदा ।
वर्षासु न वहेदीषत्तथा विषमभूमिषु ॥१३३॥

हेमन्त (जाडो ऋतु) मा विहान र बेलुका, शिशिर र वसन्त ऋतुमा साँझमा, ग्रीष्म र शरद् ऋतुमा बिहानको समयमा घोडालाई सधाउनु र हिंडाउनुपर्छ । वर्षा र अग्लो-होचो जमीनमा घोडालाई कहिल्यै सधाउने काम र तालीम गर्न लगाउनु हुँदैन ।

सुगत्याग्निर्बलं दार्ढ्यमारोग्यं वर्धते हरेः ।
भारमार्गपरिश्रान्तं शनैश्चंक्रामयेद्धयम् ॥१३४॥

राम्रोसँग मिलाएर हिंडाउनाले (चढ्नाले) घोडाको बल, आरोग्य र मजबूतीपना बढ्दछ । धेरै बाटो हिंडेर आएको थाकेको घोडालाई विस्तारै टहल्न दिनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्नेहं सम्पाययेत् पश्चाच्छर्करासक्तुमिश्रितम् ।
हरिमन्थांश्च माषांश्च भक्षणार्थं मकुष्टकान् ॥१३६॥

थाकेको त्यस्तो घोडालाई त्यसपछि सखर र सातू मिसाएको चिल्लो पदार्थ (घ्यू) पियाउनू । हरिमन्थ (चना) साम र मकुष्टक (मकैको भेद) नामक अन्न घोडालाई खान दिनु साह्रै हितकारी हुन्छ ।

शुष्कानार्द्रांश्च मांसानि सुस्विन्नानि प्रदापयेत् ॥१३७॥

सुकुटी र ताजा मासु र पकाएको मासु पनि घोडालाई दिनू ।

यद्यत्र स्खलितं गात्रं तत्र दण्डं प्रपातयेत् ।
नावतारितपल्याणं हयं मार्गसमागतम् ।
दत्वा गुडं सलवणं बलसंरक्षणाय च । ॥१३८॥

घोडाको जहाँ जुन जुन अङ्गमा खसेर चोट पटक लागेको छ त्यहाँ त्यहाँ अँठ्याउनु-(निचोर्नु) पर्छ । बाटो हिंडेर आएको घोडालाई काठी नझिकीकन नै त्यसको बल-संरक्षणका निमित्त नून मिलाएको सखर (चाकु) दिनुपर्छ ।

गतस्वेदस्य शान्तस्य सुरूपमुपतिष्ठतः ।
मुक्तपृष्ठादिबंधस्य खलीनमवतारयेत् ॥१३९॥

पसीना ओभाइसकेपछि, शान्त भैसकेपछि, आफ्नो पहिलेको स्थितिमा बसिसकेपछि, काठी झिकेपछि, यति गरिसकेपछि मात्र अनि लगाम फुकाइदिनुपर्छ ।

मर्दयित्वा तु गात्राणि पांशुमध्ये विवर्तयेत् ।
स्नानपानावगाहैश्च ततः सम्यक् प्रपोषयेत् ॥१४०॥

त्यसपछि घोडाको आँग मलिसकेर धूलामा लुटपुटाउन दिनू, अनि नुहाइदिएर केही पिउने कुरा पियाउनुपर्छ यसरी घोडालाई पोषण गर्नुपर्छ ।

सर्वदोषहरोऽश्वानां मद्यजांगलयो रसः ।
शक्त्या संपाययेत् क्षीरं घृतं वा वारि सक्तुकम् ॥१४१॥

मदिरा र जंगली जनावरको मासुले घोडाका सबै दोष (रोग) हरू फाल्दछ । दूध, घ्यू र पानी मिलाएको सातू (अन्नको पीठो) भने आफ्नो शक्तिअनुसार ख्वाउनुपर्छ ।

अन्नं भुक्त्वा जलं पीत्वा तत्क्षणाद्वाहितो हयः ।
उत्पद्यन्ते सदाश्वानां कासश्वासादिका गदाः ॥१४२॥

अन्न खुवाउने र पानी पियाउनेबित्तिकै घोडालाई हिंडाइहाल्यो भने त्यो घोडालाई खोकी र श्वास (सास) सम्बन्धी आदि रोगहरू लाग्दछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यवाश्च चणकाः श्रेष्ठा मध्या मापा मकुष्टकाः ।
नीचा मसूरा मुग्दाश्च भोजनार्थं तु वाजिनः ।।१४३।।

घोडाहरूलाई खुवाउने कुरामा जौ र चना उत्तम, मास मकै मध्यम तथा मुसुरो र मुगी निम्न स्तरको मानिएको छ ।

गतयः षड्विधा धारास्कन्दितं रेचितं प्लुतम् ।
धौरीतकं वल्गितं च तासां लक्ष्म पृथक् पृथक् ।।१४४।।

घोडाका धारा, अस्कंदित, रेचित, प्लुत, धौरीतक र वल्गित गरी छ प्रकारका हिंडाइ हुन्छन् । तिनीहरूको लक्षण बेग्लाबेग्लै किसिमको हुन्छ ।

धारागतिः सा विज्ञेया यातिवेगतरा मता ।
पार्ष्णितोदातिनुदितो यस्यां भ्रान्तो भवेद्धयः ।।१४५।।

ऐंडी लगाएर पछाडिपट्टिबाट खूबसँग दौडनमा प्रयत्न गराइएको र त्यसो गर्दा खूब आत्तिएर निस्फिक्रीसँग दुगुर्ने घोडाको जुन गति छ, त्यस गतिलाई 'धारा' नामक हिंडाइ हो भनिन्छ ।

आकुञ्चिताग्रपादाभ्यामुत्प्लुत्योत्प्लुत्य या गतिः ।
आस्कंदिता च सा ज्ञेया गतिविद्भिस्तु वाजिनाम् ।।१४६।।

घोडाले अगाडिपट्टिका गोडा केही खुम्च्याएर खूब कुद्ने जुन गति छ, घोडाको गति जान्ने विद्वान्हरूले त्यो गतिलाई 'आस्कंदित' गति भनेर बताएका छन् ।

ईषदुत्प्लुत्य गमनमखंडं रेचितं हि तत् ।
पादैश्चतुर्भिरुत्प्लुत्य मृगवत् सा प्लुता गतिः ।।१४७।।

केही उफ्रेर निरन्तर हिंड्ने जुन गति छ, त्यो गति 'रेचित' हो र चारै पाउले उफ्रेर मृगका झैं हिंड्ने गतिलाई 'प्लुत' गति भनिएको छ ।

असंवलितपद्भ्यां तु सुव्यक्तं गमनं तुरम् ।
धौरीतकं च तज्ज्ञेयं रथसंवाहने वरम् ।।१४८।।

गाडा नमिलाईकन प्रष्ट तरीकाबाट वेगसँग हिंड्ने गतिलाई 'तुर' (चाँडो-हिंड्ने) गति भनिन्छ र रथमा जोतिएर हिंड्दा मिल्ने गतिलाई 'धौरीतक' गति भनिन्छ ।

प्रसंवलितपद्भ्यां यो मयूरो धृतकंधरः ।
दौलायितशरीरार्धकायो गच्छति वल्गितम् ।।१४९।।

जुन घोडाले खुट्टा मिलाएर काँधलाई उठाउँछ त्यसलाई मयूर (मुजूर) को गति जस्तै गति भएको घोडा भनिन्छ र जुन घोडाले आधा शरीरलाई डोला जस्ता गराएर केही माथि उठाएर हिंड्दछ, त्यो बेलाको त्यस्तो गतिलाई 'वल्गित' गति हो भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिणाहो वृषमुखादुदरे तु चतुर्गुणः ।
सककुत्त्रिगुणोच्चं तु सार्धत्रिगुणदीर्घता ॥१५०॥

बयल (गोरु) को पनि मुखबाट नै प्रमाण (नाप) गरिन्छ, जस्तै मुखभन्दा पेट चार गुना बढी फुकेको हुनुपर्छ । मुखको प्रमाणभन्दा जूरोसहित तीन गुना अग्लो र साढे तीन गुना लमाइ हुनुपर्छ ।

सप्ततालो वृषः पूज्यो गुणैरेभिर्युतो यदि ।
न स्थायी न च वै मन्दः सुवोढा ह्यंगसुन्दरः ।
नातिक्रूरः सुपृष्ठश्च वृषभः श्रेष्ठ उच्यते ॥१५१॥

बसाहा (बसिरहने) र ढीलो नभै धेरै बोझा बोक्न सक्ने अंग-प्रत्यंग राम्रो भएको, ज्यादा नरिसाउने असल पिठ्यूँ भएको, यति गुणले युक्त भएको सात ताल प्रमाणको यस्तो बयल (गोरु) श्रेष्ठ भनिएको छ ।

त्रिंशद्योजनगन्ता वा प्रत्यहं भारवाहकः ।
नवतालश्च सुदृढः सुमुखोष्ट्रः प्रशस्यते ॥१५२॥

प्रतिदिन भारी बोकेर तीस योजन बाटो हिंड्न सक्ने नौ ताल प्रमाण भएको र मुख राम्रो भएको र खूब बलवान् यस्तो ऊँट बडो लायक मानिएको छ ।

शतमायुर्मनुष्याणां गजानां परमं स्मृतम् ।
मनुष्यगजयोर्बाल्यं यावद्विंशतिवत्सरम् ॥१५३॥

मानिसको र हात्तीको परम आयु एक सय वर्षको मानिएको छ । मानिसको र हात्तीको बाल्यावस्था बीस वर्षको भइञ्जेलसम्म रहन्छ भनेर मानिएको छ ।

नृणां हि मध्यमं यावत् षष्टिवर्षं वयः स्मृतम् ।
असीतिवत्सरं यावद् गजस्य मध्यमं वयः ॥१५४॥

मानिसको मध्य आयु साठी वर्षको उमेर मानिएको छ र असी वर्षसम्म हात्तीको मध्यम उमेर हुन्छ भनेर कहिएको छ ।

चतुस्त्रिंशत्तु वर्षाणामश्वस्यायुः परं स्मृतम् ।
पञ्चविंशतिवर्षं हि परमायुर्वृषोष्ट्रयोः ॥१५५॥

घोडाको परमायु (अन्तिम उमेर) चौंतीस वर्षको र बयल र ऊँटको परमायु पच्चीस वर्षको हुन्छ भनेर बताइएको छ ।

बाल्यमश्ववृषोष्ट्राणां पञ्चमं वत्सरं मतम् ।
मध्यं यावत्षोडशाब्दं वार्धक्यं तु ततः परम् ॥१५६॥

घोडा, ऊँट र बयल (गोरु) को बालखकाल पाँच वर्षसम्म हुन्छ र सोह्र वर्षसम्म मध्यम (यौवन) र त्यसपछि यिनीहरू बूढा हुन्छन् भनेर बताइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दन्तानामुद्गमैर्वर्णैरायुर्ज्ञेयं वृषाश्वयोः ॥१५७॥

दाँत उम्रने र वर्ण (आकार) बाट बयल (गोरु) र घोडाको परमायु (उमेर) को ज्ञान गर्नुपर्छ ।

अश्वस्य षट् सिता दंताः प्रथमाब्दे भवन्ति हि ।
कृष्णलोहितवर्णास्तु द्वितीयेब्दे ह्यधोगताः ॥१५८॥

एक वर्षको घोडाका सेता छ ओटा दाँत निस्केका हुन्छन् । दोस्रा वर्षमा काला र राता वर्णका दाँत तलतिर निस्केका हुन्छन् ।

तृतीयेऽब्दे तु संदंशौ क्रमात् कृष्णौ षडब्दतः ।
तत्पार्श्ववर्तिनौ तौ तु चतुर्थे पुनरुद्गतौ ॥१५९॥

तेस्रो वर्षमा क्रमशः तल-माथि दुवैतिर बरावर हुन्छन् र तिनका पार्श्ववर्ती दाँत (बङ्गारा) त चार वर्षको उमेर पुगेपछि मात्र निस्कन्छन् ।

मध्यपार्श्वान्तिगौ द्वौ द्वौ क्रमात् कृष्णौ षडब्दतः ॥१६०॥

बीचका दाँतका अगल्ल-बगलका दुई दुई वटा दाँत भने ६ वर्षको उमेर पुगेपछि काला हुन्छन् ।

नवमाब्दात् क्रमात्पीतौ तौ सितौ द्वादशाब्दतः ।
दशपञ्चाब्दतस्तौ तु काचाभौ क्रमतः स्मृतौ ॥१६१॥

घोडाका ती दुई वटा दाँत नौ वर्षको उमेर पुगेपछि क्रमशः पहेंला हुन्छन् र बाह्र वर्षको उमेर पुगेपछि तिनै दाँत सेता हुन्छन् । पन्ध्र वर्षको उमेर पुगेपछि ती दाँत क्रमशः काँचका जस्ता हुन्छन् ।

अष्टादशाब्दतस्तौ हि मध्वाभौ भवतः क्रमात् ।
शंखाभौ चैकविंशाब्दाच्चतुर्विंशाब्दतः सदा ।
छिद्रसंचलनं पातो दंतानां च त्रिके त्रिके ॥१६२॥

घोडाको अट्ठार वर्षको उमेर पुगेपछि ती दाँत महका रङ जस्ता वर्ण भएका हुन्छन् । अनि एक्काईस वर्षदेखि चौवीस वर्षसम्म शंखका वर्ण जस्तै वर्णका हुन्छन् र त्यसपछि तीन-तीन वर्षसम्म क्रमशः छिद्र पर्दै जाने, हल्लने र खस्न (झर्न) पनि थाल्दछन् ।

प्रोथे सुवलयस्तिस्रः पूर्णायुर्यस्य वाजिनः ।
यथा यथा तु हीनास्ता हीनमायुस्तथा तथा ॥१६३॥

जुन घोडाका कटिमा राम्रा तीन वटा रेखा हुन्छन्, त्यो घोडाको पूर्ण आयु हुन्छ र दुई रेखाको मध्यमायु, एक रेखाको अल्पायु रेखै नभएको चाँडै मर्ने हुन्छ भनिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जानूत्पाता त्वोष्ठवाद्यो धूतपृष्ठो जलासन: ॥१६४॥
गतिमध्यासन: पृष्ठपाती पश्चादूगमोर्ध्वपात् ।
सर्पजिह्वश्चर्क्षकांतिर्भीरुरश्वोऽतिनिन्दित: ।
सच्छिद्रभालतिलको निंद्य आश्रयकृत्तथा ॥१६५॥

जुन घोडाका गोडा चाँडे गल्दछन्, ओठ बज्दछन्, पिठ्यूँ काम्दछ, पानीमा (आहालमा) बस्छ, गति मध्यम छ, सधैं पीठ लागिरहन्छ, पछाडि हट्दै हिंड्छ, उफ्रिरहन्छ, वा माथि खुट्टा फर्काउँछ, सर्पका जस्तो जिभ्रो छ, भालूको जस्तो वर्ण छ, डरछेरुवा छ, निधारमा भएको टीकामा अरू रङ्गले भेदन गरेको छ, आड लाएर मात्र बस्तछ भने उपर्युक्त कुरा गर्ने घोडा निन्दित मानिएको छ ।

वृषस्याष्टौ सिता दंताश्चतुर्थेऽब्देऽखिला स्मृता: ।
द्वावन्त्यौ पतितोत्पन्नौ पञ्चमेऽब्दे हि तस्य वै ॥१६६॥

बयल (गोरु) का दाँत जन्मेका चार वर्षमा सेता आठ वटा हुन्छन् । पाँचौं वर्षमा दुइटा झरेर फेरि पलाउँछन् ।

षष्ठे तूपान्त्यौ भवत: सप्तमे तत्समीपगौ ।
अष्टमे पतितोत्पन्नौ मध्यमौ दशनौ खलु ॥१६७॥

अगाडिका दाँतका आसपासका दुइटा दाँत (बंगारा) छैठौं वर्षमा र तिनैका नगीचका अरू दुई वटा दाँत सातौं वर्षमा र बीचका दुइटा दाँत आठौं वर्षमा क्रमशः झरेर पलाउँछन् ।

कृष्णपीतसितारक्तशंखच्छायौ द्विके द्विके ।
क्रमादब्दे च भवतश्चलनं पतनं तत: ।
उष्ट्रस्योक्तप्रकारेण वयो ज्ञानं तु वा भवेत् ॥१६८॥

ती दाँतहरूको पनि दुई-दुई वर्षको अन्तर गरेर वर्ण पनि क्रमशः काला पहेंला, सेता राता र शंखका जस्तो हुन्छ र अनिपछि हल्लन र झर्न थाल्दछन् । ऊँटको पनि उपर्युक्त प्रकारबाट नै उमेरको ज्ञान हुन्छ ।

मेरकाकर्षकमुखोऽकुशोगजविनिग्रहे ।
हस्तिपकैर्गजस्तेन विनेय: सुगमाय हि ॥१७०॥

हात्तीलाई सधाउनको निमित्त मुख तेर्सो र पस्न रुक्ने अंकुशे हुनुपर्छ । त्यस्तै अंकुशे लिएर माहुतेले हात्तीलाई सधाएर तह लाओस् ।

खलीनस्योर्ध्वखंडौ द्वौ पार्श्वगौ द्वादशांगुलौ ।
तत्पार्श्वांतर्गताभ्यां तु सुदृढाभ्यां तथैव च ॥१७१॥
वारकावर्षखण्डाभ्यां रज्ज्वर्धवलयैर्युतौ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवंविधखलीनेन वशी कुर्यात्तु वाजिनम् ॥१७२॥

लगामका माथिल्ला भागपट्टि रहने फलामका दुई वटा बाला बाह्र बाह्र अंगुल प्रमाणका हुनुपर्छ र ती दुवै हटाउन र (छोड्न र) खिच्नाका निमित्त तिनका पासमा मोटा कडा अझ दुई टुक्रा पनि लगाउनुपर्छ। ती खण्डहरूमा वा ती भालाहरूमा डोरीको बाला पनि गाँस्नुपर्छ। सयसले यस्ता प्रकारको लगामबाट घोडालाई वशमा ल्याउनुपर्छ।

नासिकाकर्षरज्ज्वा तु वृषोष्ट्रं विनयेद्वशम्।
तीक्ष्णाग्रायः सप्तफालः स्यादेषां मलशोधने ॥१७३॥

नाकमा लगाइएको तान्ने डोरीले बयल र ऊँटलाई वश गर्नुपर्छ। चुच्चो तीखो भएको र सातवटा फाली लगाएको (कोदाली जस्तो) औजारले यिनीहरूको मलशुद्धि गर्नुपर्छ।

सुताडनैर्विनेया हि मनुष्याः पशवः सदा।
सैनिकास्तु विशेषेण न ते वै धनदण्डतः ॥१७४॥

मानिस र पशुलाई कुटेरै तह लाउनुपर्छ। विशेष गरेर सेनामा भर्ना भएकालाई त विशेष प्रकारले सजायको व्यवस्था गर्नुपर्छ। यिनीहरूलाई केवल धनको दण्ड मात्र गर्नुहुन्न।

अनूपे तु वृषाश्वानां गजोष्ट्राणां तु जांगले।
साधारणे पदातीनां निवेशाद्रक्षणं भवेत्।

गोरु र घोडालाई पानी भएको ठाउँमा, हात्ती र ऊँटलाई जंगलमा र साधारण ठाउँमा पैदल सिपाहीलाई राख्नाले राजाको रक्षा राम्ररी हुन्छ।

शतं शतं योजनान्ते सैन्यं राष्ट्रे नियोजयेत् ॥१७५॥

सय सय योजनको फरक पारेर राष्ट्रमा सैन्यलाई राख्नुपर्छ।

गजोष्ट्रवृषभाश्वाः प्राक् श्रेष्ठाः संभारवाहने।
सर्वेभ्यः शकटाः श्रेष्ठा वर्षाकालं विना स्मृताः ॥१७६॥

भारी बोकाउँदा हात्ती, ऊँट, बयल र घोडा, यिनमा हात्ती पहिलो, ऊँट दोस्रो, बयल तेस्रो, घोडा चौथो दर्जामा राखिन्छन्। वर्षाकाल छैन भने त यी सबैभन्दा गाडा नै सर्वोत्तम मानिन्छन्।

न चाल्पसाधनो गच्छेदपि जेतुमरिं लघुम्।
महतात्यन्तसाद्यस्कबलेनैवसुबुद्धियुक् ॥१७७॥

सानै शत्रुलाई जित्न जाँदा पनि थोरै साधन लिएर जानु हुँदैन। अथवा बुद्धिमान् पुरुषले ठूलो तात्कालिक सेनाबलबाट शत्रुपराजय गर्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अशिक्षितमसारं च साद्यस्कं तूलवच्च तत् ।
युद्धं विनान्यकार्येषु योजयेन्मतिमान् सदा ॥१७८॥

शिक्षा (अभ्यास) नपाएको र असार (जगेडा) र तात्कालिक सेना त कपासकै थुप्रा बराबरको मानिन्छ । तसर्थ त्यस्तो सेनालाई बुद्धिमान् पुरुषले लडाइँ बाहेक अरू काममा नै नियुक्त गर्नुपर्छ ।

विकर्तुं यततेऽल्पोऽपि प्राप्ते प्राणात्ययेऽनिशम् ।
न पुनः किंतु बलवान् विकारकरणक्षमः ॥१७९॥

सानु शत्रु पनि प्राणसंकट पर्न आयो भने विरोधका लागि खूब प्रयत्न गर्छ भने बलवान् र पराजय गर्ने क्षमता भएको शत्रुले के गर्छ के गर्दैन, जे पनि गर्न तयार रहन्छ ।

अपि बहुबलोऽशूरो न स्थातुं क्षमते रणे ।
किमल्पसाधनोशूरः स्थातुं शक्तोऽरिणां समम् ॥१८०॥

धेरै सेनाबलले युक्त भएको छ, तापनि कातर छ भने त्यो रण संग्राममा टिक्न सक्तैन भने के थोरै साधन (सैन्यवल) भएको शूरो पनि शत्रुसँग संग्राममा टिक्न सक्तछ र ? त्यो पनि टिक्न सक्तैन ।

सुसिद्धाल्पबलः शूरो विजेतुं क्षमते रिपुम् ।
महान् सुसिद्धबलयुक् शूरः किं न विजेष्यति ॥१८१॥

शूराले असल तरीकाबाट मिलाइएको थोरै सेनाबाट पनि शत्रुलाई पराजित पार्न समर्थ हुन्छ भने धेरै तयारी सेना भएको शूरवीरले शत्रुलाई के विजय गर्न सक्तैन ? (अवश्य सक्तछ) ।

मौलशिक्षितसारेण गच्छेद्राजा रणे रिपुम् ।
प्राणात्ययेऽपि मौलं न स्वामिनं त्यक्तुमिच्छति ॥१८२॥

पुस्तैनी वा खानदानी, अभ्यास गरिएको र प्रयोगमा ल्याइराखेको सेनालाई लिएर राजाले लडाइँको मैदानमा गै शत्रुलाई जित्नुपर्छ प्राणसंकट परे पनि मौल (खानदानी) सेनाले राजालाई कहिल्यै छोड्दैन ।

वाग्दंडपरुषेणैव भृतिह्रासेन भीतितः ।
नित्यं प्रवासायासाभ्यां भेदोऽवश्यं प्रजायते ॥१८३॥

रूखो वचन गर्नाले, गाली गर्नाले, तलब घटाइदिनाले, डराइदिनाले, सदा परदेशमा पठाउनाले र ज्यादा परिश्रम गराउनाले पक्का पनि सेना भड्किने हुन्छ ।

बलं यस्य तु संभिन्नं मनागपि जयः कुतः ।
शत्रोः स्वस्यापि सेनाया अतो भेदं विचिन्तयेत् ॥१८४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसको अलिकति पनि सेना छिन्नभिन्न छ त्यसको जीतबाजी कसरी हुन्छ र ? अतः शत्रुको सेनातर्फ भेद गर्ने र आफ्नो सेनातर्फ भेद हुन नपाउने कुरा विचार गर्नुपर्छ ।

यथा हि शत्रु सेनाया भेदोऽवश्यं भवेत्तथा ।
कौटिल्येन प्रदानेन द्राक् कुर्यान्नृपतिः सदा ॥१८५॥

जसरी शत्रुको सेना फुट्छ, त्यस्तो कुरा राजाले कूटनीति तथा (धन आदि) दिएर पनि सदा तुरुन्तै गरिहाल्नुपर्छ ।

सेवयात्यन्तप्रबलं नत्या चारिं प्रसाधयेत् ॥१८६॥
प्रबलं मानदानाभ्यां युद्धैर्हीनबलं तथा ।
मैत्र्या जयेत् समबलं भेदैः सर्वान् वशं नयेत् ॥१८७॥

राजाले ज्यादै बलियो शत्रुलाई सेवा र नम्रताद्वारा, बलियो शत्रुलाई मान र दानले, आफ्नोभन्दा कम्ती बल भएको शत्रुलाई लडाइँद्वारा, आफू बराबर बल भएको शत्रुलाई मैत्री सम्बन्धद्वारा र भेदनीतिद्वारा यसरी सबै शत्रुलाई वश पारोस् ।

शत्रुसंसाधनोपायो नान्यः सुबलभेदतः ।
तावत् परो नीतिमान् स्याद्यावत् सुबलवान् स्वयम् ।
मित्रं तावच्च भवति पुष्टाग्ने पवनो यथा ॥१८८॥

शत्रुलाई वश पार्न बल (सेना आदि) लाई भेदन गर्नुभन्दा अर्को उपाय छैन, जहाँसम्म आफू नीतिमा रहन्छ, बलियो भएर अड्न सक्छ, त्यहाँसम्म सबै शत्रुहरू पनि खूब बलेको आगालाई हावाले अझ बढाएझैं गरी मित्र हुन्छन् (अन्यथा सानो बत्तीलाई त्यही हावाले निभाएझैं तिनै शत्रु बन्दछन्)

त्यक्तं रिपुबलं धार्यं न समूहसमीपतः ।
पृथङ् नियोजयेत् प्राग्वा युद्धार्थं कल्पयेच्च तत् ॥१८९॥
मैत्र्यमारात् पृष्ठभागे पार्श्वयोर्वा बलं न्यसेत् ॥१९०॥

राजाले शत्रुबाट छोडिएको सेना (शत्रु सेना) को समूहलाई आफ्ना समीपमा नराख्नू । तिनीहरूलाई सेनाकोभन्दा अरू नै काममा लगाउनू, अथवा सबभन्दा पहिले लडाइँ भएको ठाउँमा पठाइदिनुपर्छ । मित्रबाट प्राप्त भएको सेनालाई भने आफ्ना समीपमा वा आफ्नो पछाडिको भागमा वा आफ्ना आसपासमा राख्नुपर्छ ।

अस्यते क्षिप्यते यत्तु मन्त्रयंत्राग्निभिश्च तत् ।
अस्त्रं तदन्यतः शस्त्रमसिकुन्तादिकं च यत् ॥१९१॥

मन्त्र, यन्त्र र अग्निबाट जुन प्रयोग गरिन्छ (फ्याकिन्छ) त्यो 'अस्त्र' हो र यस्तोभन्दा भिन्न अरू हतियार जस्तै तरवार भाला आदिलाई 'शस्त्र' भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अस्त्रं तु द्विविधं ज्ञेयं नालिकं मान्त्रिकं तथा ।
यदा तु मान्त्रिकं नास्ति नालिकं तत्र धारयेत् ।
सह शस्त्रेण नृपतिर्विजयार्थं तु सर्वदा ॥१६२॥

नालिक र मान्त्रिकका भेदले 'अस्त्र' दुई प्रकारको छ । राजाले सधैं विजय-प्राप्तिका लागि मान्त्रिक अस्त्र नभएमा नालिक अस्त्रलाई शस्त्रसहित धारण गरोस् ।

लघुदीर्घाकारधाराभेदैः शस्त्रास्त्रनामकम् ।
प्रथयन्ति नवं भिन्नं व्यवहाराय तद्विदः ॥१६३॥

साना, ठूला आकार र धाराका भेदले लडाकाहरूले नयाँ नयाँ भिन्न-भिन्न प्रकारका शस्त्र र अस्त्रहरू निर्माण गरी बढाउँछन् ।

नालिकं द्विविधं ज्ञेयं बृहत्क्षुद्रविभेदतः ॥१६४॥

सानो र ठूलाका भेदले नालिक दुई प्रकारको हुन्छ ।

तिर्यगूर्ध्वच्छिद्रमूलं नालं पञ्चवितस्तिकम् ।
मूलाग्रयोर्लक्ष्यभेदतिलविन्दुयुतं सदा ॥१६५॥

तेर्छो भागको फेदमा र सबभन्दा माथि टुँडामा लक्ष्यभेद गर्ने तिल जत्रो ढिको लगाइएको पाँच बित्ता प्रमाणको नाल भएको,

यन्त्राघाताग्निकृद्ग्रावचूर्णधृक्कर्णमूलकम् ।
सुकाष्ठोपांगबुध्नं च मध्यांगुलविलान्तरम् ॥१६६॥
स्वान्तेऽग्निचूर्णसंधातृ शलाका संयुतं दृढम् ।
लघुनालिक मप्येतत् प्रधार्यं पत्तिसादिभिः ॥१६७॥

यन्त्रले चोट पार्दा आगो निकाल्ने, धूलो पारेको ढुङ्गा र गोलका चूर्णले फेद टम्म भरिएको, एक अंगुल प्रमाणको लामो भित्र प्वाल भएको, बलिया काठको बींड (कुन्जा) लगाइएको, भित्र भएको प्वालमा अग्निचूर्ण (बारुद) कोच्न मिल्ने, बारुद खाँदन-लाई शलाका (फलामको छडी) पनि साथमा राखिएको यस्ता प्रकारको लघुनालिक (बन्दूक) पैदलसेना र अरू सवारहरूले लिनुपर्छ ।

यथा यथा तु त्वक् सारं यथा स्थूलविलांतरम् ।
यथादीर्घं बृहद्गोलं दूरभेदि तथा तथा ॥१६८॥

(त्यो बन्दूक) जति-जति बाक्लो हुन्छ, बीचको प्वाल जति-जति ठूलो हुन्छ जति-जति लामो ठूलो र वाटुलो (गोलाकार) हुन्छ, त्यति-त्यति नै त्यो दूरभेदी (टाढासम्म लक्ष्यभेदन गर्न सक्ने) हुन्छ ।

मूलकीलभ्रमाल्लक्ष्यसमसन्धानभाजि यत् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बृहन्नालिकसंज्ञं तत् काष्ठबुघ्नविवर्जितम् ।।
प्रवाह्यं शकटाद्यैस्तु सुयुक्तं विजयप्रदम् ।।१९९।।

फेदको कीलो निकालेर वा घुमाएर जसको निशान समान बनाइन्छ, बराबरको प्रमाण (बाक्लो र लामोमा) मिलाएर निर्माण गरिएको, काठको बीँड नभएको यस्तो यन्त्र-लाई बृहन्नालिक (तोप) भनिन्छ । यसलाई गाडाद्वारा तानेर लैजानुपर्छ र यसको राम्रासँग प्रयोग गर्नाले सधैँ विजय प्राप्त हुन्छ ।

सुवर्चिलवणात् पञ्च पलानि गंधकात् पलम् ।
अन्तर्धूमविपक्वार्कस्नुह्याद्यंगारतः पलम् ।।२००।।
शुद्धात् संगृाह्य संचूर्ण्य संमील्यप्रपुटेद्रसैः ।
स्नुह्यर्काणां रसोनस्य शोषयेदातपेन च ।।२०१।।
पिष्ट्वा शर्करवच्चैतदग्निचूर्णं भवेत् खलु ।।२०२।।

पाँच पल सोरा (नूनको खार), एक पल गंधक, भित्र धूवाँ पारेर डढाएको आँक र स्यूँडीको गोलको धूलो एक पल, यी सबैलाई शुद्ध गरो मिसाई थिंधी रस (तेजात्र वा रक्सी) मा मिसाएर आँकको रस घटाई पुट गरी घाममा सुकाउनू । अनि पिंधेर सखर (चाकुको धूलो) जस्तो बनाएपछि अग्निचूर्ण (बारूद) तयार हुन्छ ।

सुवर्चिलवणाद्भागाः षड् वा चत्वार एव वा ।
नालास्त्रार्थाग्निचूर्णे तु गंधांगारौ तु पूर्ववत् ।।२०३।।

सोरा (क्षार वा खार) को ६ भाग अथवा चार भाग गन्धक र कोइला (गोल) अघि भनेबमोजिमको भाग मिलाएर बनाएको बारूद तोपका लागि उपयुक्त मानिएको छ ।

गोलो लोहमयो गर्भगुटिकः केवलोऽपि वा ।
सीसस्य लघुनालार्थे ह्यन्यधातुभवोऽपि वा ।।२०४।।

तोपका निमित्तको गोला भित्रपट्टि गोली भएको अथवा नभएको भए पनि हुन्छ, तर फलामकै बनाउनुपर्छ । बन्दूकका लागि भने सीसाको अथवा अरू धातुकै भए पनि गोली बनाउनुपर्छ ।

लोहसारमयं वापि नालास्त्रं त्वन्यधातुजम् ।
नित्यं संमार्जनस्वच्छमस्त्रपातिभिरावृतम् ।।२०५।।

तोपका निमित्त लौहसार (इस्पात वा कीट) को र बन्दूकको लागि अरू धातुका गोला गोली बनाए पनि हुन्छ । तोप र बन्दूकलाई सधैँ माझेर सफा गरेर खोल हाली ढाकेर राख्नुपर्छ ।

अंगारस्यैव गन्धस्य सुवर्चिलवणस्य च ।
शिलाया हरितालस्य तथा सीसमलस्य च ।।२०६।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिंगुलस्य तथा कान्तरजसः कर्पूरस्य च ।
जतोर्नील्याश्च सरलनिर्यासस्य तथैव च ॥२०७॥
समन्यूनाधिकैरंशैरग्निचूर्णान्यनेकशः ।
कल्पयन्ति च तद्विद्याश्चन्द्रिकाभादिमंति च ।
क्षिपन्ति चाग्निसंयोगाद्गोलं लक्षे सुनालगम् ॥२०८॥

बारूद बनाउने सिपालु व्यक्तिहरूले कोइला (गोल), गंधक, उत्तम सोराको नून (क्षार), मनःशिला, हरिताल, सीसाको मल (सीसा खार्दा निस्कने पदार्थ), हिंगुल, कांतिसार (फलाम विशेष धातु) को धूलो, कपूरको धूलो, लाहा, नीलोतुथो, सल्लाको खोटो, यति चीजको बराबर भाग वा घटी-बढी भाग मिलाएर चन्द्रिका जस्तै झिलझिल गर्ने अनेक प्रकारका बारूदहरू बनाउँछन् र त्यसको संयोग गरी असल तोपबाट आगोको संयोग गरी (आगो सल्काएर) ताकेको ठाउँमा गोला खसाल्दछन् ।

नालास्त्रं शोधयेदादौ दद्यात्तत्राग्निचूर्णकम् ।
निवेशयेत्तं दंडेन नालमूले यथा दृढम् ॥२०९॥
ततः सुगोलकं दद्यात् ततः कर्णेऽग्निचूर्णकम् ।
कर्णचूर्णाग्निदानेन गोलं लक्ष्ये निपातयेत् ॥२१०॥

पहिले तोप सफा गर्नू, अनि त्यसमा गजले (लट्ठीले) घचेटेर तोपका फेदमा बलियो गरी बारूद खाँद्नू, त्यसपछि गोला राख्नू अनि कर्ण (छुची) मा बारूद हाली त्यसमा आगो सल्काएर गोलालाई ताकेको ठाउँमा खसाल्नुपर्दछ ।

लक्ष्यभेदी यथा बाणो धनुर्ज्याविनियोजितः ।
भवेत् तथा तु संधाय द्विहस्तश्च शिलीमुखः ॥२११॥

बाणलाई धनुमा जसरी मिलाउँदा ठीक ताकेकै ठाउँमा पर्न सक्छ, त्यसरी नै मिलाउनू । त्यो बाण दुई हातको हुनुपर्छ ।

अष्टाश्रा पृथुबुध्ना तु गदा हृदयसंमिता ।
पट्टीशस्स्वसमो हस्तबुध्नश्चोभयतोमुखः ॥२१२॥

आठ कुना भएको, मोटो तीखो चुच्चो भएको, छातीसम्मको अग्लो अस्त्रलाई 'गदा' भनिन्छ र दुवैतिर मुख भएको एक हात तीखो भएको आफू समानको हतियारलाई पट्टि भनिन्छ ।

ईषद्वक्रश्चैकधारो विस्तारे चतुरंगुलः ॥२१३॥
क्षुरप्रान्तो नाभिसमो दृढमुष्टिः सुचन्द्ररुक् ।
खड्गः प्रासश्चतुर्हस्तदण्डबुध्नः क्षुराननः ॥२१४॥

केही बाङ्गो, एकातर्फ मात्र धार भएको, चार अंगुल चेप्टो नाभिसम्म उँचाइ भएको बलियो गरी मुठ्ठीले समाउने ठाउँ भएको चन्द्रमा जस्तै टल्कने हतियारलाई 'खड्ग'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनिन्छ। चार हातको बीँड भएको छुराका जस्तो मुख भएको हतियारलाई "प्रास" (बर्छी) भनिन्छ ।

दशहस्तमितः कुन्तः फालाग्रः शंकुबुध्नकः ।
चक्रं षड्ढस्तपरिधि क्षुरप्रान्तं सुनाभियुक् ।
त्रिहस्तदण्डस्त्रिशिखो लोहरज्जुः सुपाशकः ।।२१५।।

अगाडिको चुचो तीखो भएको, अगाडि फाल जोडेको, दश हात लम्बाइ भएको हतियारलाई 'कुन्त' भनिन्छ र वरिपरि छुराका जस्तो धार भएको असल नाभि (बीचको भाग) भएको, ६ हातको परिधि भएको हतियारलाई 'चक्र' भनिन्छ । तीन हातको लट्ठी लगाइएको, ती चुचा भएको, पासोले युक्त भएको फलामको डोरीलाई 'लोहरज्जु' भनिन्छ ।

गोधूमसंमितस्थूलपत्रं लोहमयं दृढम् ।
कवचं सशिरस्त्राणमूर्ध्वकायविशोभनम् ।।२१६।।
तीक्ष्णाग्रं करजं श्रेष्ठं लोहसारमयं दृढम् ।।२१७।।

गहूँका जत्तिकै ठूला पात भएको, फलामको, बलियो, शिरलाई समेत रक्षा गर्न सकिने वस्तुले युक्त, माथि केही अग्लो कवच हुन्छ । अगाडिको भाग (टुप्पो) तीखो भएको लोहसारले युक्त 'करज' (हतियारविशेष) उत्तम मानिएको छ ।

यो वै सुपुष्टसंभारस्तया षड्गुणमन्त्रवित् ।
बह्वस्त्रसंयुतो राजा योद्धुमिच्छेत् स एव हि ।
अन्यथा दुःखमाप्नोति स्वराज्याद् भ्रश्यतेऽपि च ।।२१८।।

जुन राजाको भनेजस्ता सामग्रीहरू तम्तयार छन्, षड्गुण मन्त्रणाको ज्ञाता छ धेरै अस्त्रले युक्त छ, त्यस्ताले मात्र लड्न इच्छा गरोस्, अन्यथा (त्यस्तो नभैकन पनि लड्न इच्छा गर्‍यो भने) त्यसले दुःख मात्र पाउँछ र आफ्नो राज्यबाट पनि भ्रष्ट हुन्छ ।

आबिभ्रतोः शत्रुभावमुभयोः संयतात्मनोः ।
अस्त्राद्यैः स्वार्थसिद्ध्यर्थं व्यापारोयुद्धमुच्यते ।।२१९।।

दुइटा व्यक्ति परस्परमा शत्रुभाव लिएर बसेका छन् र जसका मनमा अर्कालाई जित्ने उद्योग पनि छ र अस्त्र आदिहरूले आफ्नो स्वार्थसिद्ध गर्ने प्रयत्न पनि छ भने त्यस्ता त्यो स्वार्थसिद्धिका निमित्त गरिने व्यापारलाई 'युद्ध' भनिन्छ ।

मन्त्रास्त्रैर्दैविकं युद्धं नालाद्यस्त्रैस्तथाऽऽसुरम् ।
शस्त्रबाहुसमुत्थं तु मानवं युद्धमीरितम् ।।२२०।।

मन्त्रिएका अस्त्र र मन्त्रबाट हुने युद्ध 'दैविक' बन्दूक आदि अस्त्रबाट हुने युद्ध 'आसुरी' र दुइटा शत्रुहरूमा परस्पर हात-हालाहल गरी गरिने युद्ध 'मानवी' युद्ध भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकस्य बहुभिः सार्थं बहूनां बहुभिश्च वा ।
एकस्यैकेन वा द्वाभ्यां द्वयोर्वा तद्भवेत् खलु ॥२२१॥

एउटाले धेरैसँग, धेरैसित धेरैले, एउटाले एउटैसँग वा दुइटाले दुई वटासँग गरिने युद्ध 'मानवी युद्ध' भनिएको छ ।

कालं देशं शत्रुबलं दृष्ट्वा स्वीयबलं ततः ।
उपायान् षड्गुणं मंत्रं संभूयाद्युद्धकामुकः ॥२२२॥

समय, ठाउँ, आफ्नो बल (शक्ति), शत्रुको बल (शक्ति) हेरेर षड्गुण आदि उपायहरूको पनि विचार गरेर युद्धको इच्छा गर्ने व्यक्तिले लड्नुपर्दछ ।

शरद्धेमन्तशिशिरकालो युद्धेषु चोत्तमः ।
वसन्तो मध्यमो ज्ञेयोऽधमो ग्रीष्मः स्मृतः सदा ॥२२३॥

लडाइँ गर्दा सधैं शरद्, हेमन्त र शिशिर ऋतु उत्तम, वसन्त ऋतु मध्यम र ग्रीष्म ऋतु अधम मानिएको छ ।

वर्षासु न प्रशंसंति युद्धं साम स्मृतं तदा ॥२२४॥
युद्धसंभारसंपन्नो यदाधिकबलो नृपः ।
मनोत्साही सुशकुनोत्पाती कालस्तदा शुभः ॥२२५॥

वर्षाकालमा (वर्षा ऋतु) मा लड्ने कुरामा कसैको पनि राय छैन । त्यो समयमा शान्ति लिएर बस्नु नै श्रेय मानिएको छ । जब युद्धका सामग्रीहरू ठीक तरहले संपन्न हुन्छन्, फौज प्रशस्त हुन्छ, मनमा उत्साह बढेको हुन्छ, राम्रा राम्रा शकुन देखा पर्छन् लड्ने मौका त्यही समयमा वेश हुन्छ ।

कार्येऽत्यावश्यके प्राप्ते कालो नोचेद्यदा शुभः ।
विधाय हृदि विश्वेशं गेहे चिह्नमियात्तदा ।
न कालनियमस्तत्र गोस्त्रीविप्रविनाशने ॥२२६॥

आवश्यक काम पर्दा समय वेश छैन भने हृदयमा परमेश्वरलाई राखेर (सम्झेर) घरमा पनि परमेश्वरको आराधना स्थापना गरेर हिंड्नुपर्छ । गाई, स्त्रीजाति, ब्राह्मणको नाश हुने स्थिति आइपरेमा भने माथि बताइएका समयमै हिंड्नुपर्छ भन्ने समयको कुनै नियम छैन ।

यस्मिन् देशे यथाकालं सैन्यव्यायामभूमयः ।
परस्य विपरीताश्च स्मृतो देशः स उत्तमः ॥२२७॥

जुन ठाउँमा समयानुसार आफ्ना सेनालाई व्यायाम गर्ने ठाउँ 'तृणीलेख' मिलेको छ, तर शत्रुपक्षलाई भने यस्तो कुरा मिलेको छैन भने लड्नलाई त्यो ठाउँ उत्तम हुन्छ ।

आत्मनश्च परेषां च तुल्यव्यायामभूमयः ।
यत्र मध्यम उद्दिष्टो देशः शास्त्रविचिन्तकैः ॥२२८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्ना तर्फ र शत्रुका तर्फ पनि जुन ठाउँमा सैनिक अभ्यास गर्नें ठाउँ परेको छ, त्यस्तो त्यो ठाउँलाई शास्त्र जान्नेहरूले 'मध्यम ठाउँ' हो भनेका छन् ।

अरातिसैन्यव्यायामसुपर्याप्तमहीतलः ।
आत्मनो विपरीतश्च स वै देशोऽधमः स्मृतः ॥२२९॥

शत्रुको सेनालाई अभ्यास गर्नें ठाउँ पर्याप्त भएको र आफ्ना सेनालाई त्यसो गर्न नमिल्ने स्थिति भएको ठाउँलाई आफ्ना निमित्त 'अधम ठाउँ' हो भनिएको छ ।

स्वसैन्यात्तु तृतीयांशहीनं शत्रुबलं यदि ।
अशिक्षितमसारं वा साद्यस्कं स्वजयाय वै ॥२३०॥

आफ्नो सेनाभन्दा शत्रुको सेना तीन खण्डको एक खण्ड घटी छ र त्यो सेना पनि जगेडा, अभ्यास नभएको र खानदानी छ भने त्यहाँ आफ्नो जीतवाजी हुन्छ ।

पुत्रवत् पालितं यत्तु दानमानविवर्द्धितम् ।
युद्धसंभारसंपन्नं स्वसैन्यं विजयप्रदम् ॥२३१॥

छोरा झैं पालिएको, दान र संमानले बढाइएको र युद्धका सामग्रीहरूले संपन्न भएको आफ्नो सेनाले विजय प्रदान गर्दछ ।

संधिं च विग्रहं यानमासनं च समाश्रयम् ।
द्वैधीभावं च संविद्यान्मन्त्रस्यैतांस्तु षड्गुणान् ॥२३२॥

राजाले सन्धि, विग्रह, यान, आसन, समाश्रय र द्वैधीभाव, यी ६ वटा मन्त्रणा रूप ६ वटा गुणहरू राम्ररी जान्नुपर्छ ।

याभिः क्रियाभिर्बलवान् मित्रतां याति वै रिपुः ।
सा क्रिया सन्धिरित्युक्ता विमृशेत्तां तु यत्नतः ॥२३३॥

जुन जुन कार्यहरूबाट शत्रु मित्र हुन आउँछ, ती कामहरूलाई सन्धि भनिन्छ । राजाले त्यसलाई राम्ररी विचार गर्नुपर्छ ।

विकर्षितः सन् याधीनो भवेच्छत्रुस्तु येन वै ।
कर्मणा विग्रहस्तं तु चिन्तयेन्मंत्रिभिर्नृपः ॥२३४॥

जुन कामबाट भेदनीति प्रयोग गरिएको शत्रु आफ्नो अधीन हुन्छ, त्यस्तो कामलाई विग्रह भनिन्छ । यस विग्रहलाई राजाले मन्त्रीहरू साथ लिएर विचार गरोस् ।

शत्रुनाशार्थगमनं यानं स्वाभीष्टसिद्धये ।
स्वरक्षणं शत्रुनाशो भवेत् स्थानात् तदासनम् ॥२३५॥

आफ्नो अभीष्टसिद्धिका लागि र शत्रुको नाशका निमित्त मानिस (सेना) द्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चढाइ गरेर जाने कार्यलाई यान 'चढाइ' भन्दछन् र आफ्नो रक्षा हुने र शत्रुको नाश हुने जुन कार्य गरिन्छ, त्यसलाई आसन 'किल्ला' भनिन्छ ।

यैर्गुप्तो बलवान् भूयाद्दुर्बलोऽपि स आश्रयः ।
द्वैधीभावः स्वसैन्यानां स्थापनं गुल्म-गुल्मतः ॥२३६॥

जसबाट सुरक्षित हुँदा दुर्बल 'बलहीन' राजा पनि बलवान् हुन्छ, त्यसलाई आश्रय भन्दछन् र आफ्ना सेनाहरूलाई ठाउँ-ठाउँमा मौका-मौकाका लागि तैनाथ गरिन्छ त्यसलाई द्वैधीभाव भन्दछन् ।

बलीयसाधियुक्तस्तु नृपोऽनन्यप्रतिक्रियः ।
आपन्नः सन्धिमन्विच्छेत् कुर्वाणः कालयापनम् ॥२३७॥

बलिया शत्रुले अँठ्याइएको, प्रतीकार गर्ने नसक्ने हालतमा पुगेको र विपत्तिमा परेको राजाले त्यस्तो काल बिताउनाका लागि शत्रुका साथ सन्धि 'मेलमिलाप' गर्नुपर्छ ।

एक एवोपहारस्तु सन्धिरेष मतो हितः ।
उपहारस्य भेदास्तु सर्वेन्ये मैत्रवर्जिताः ॥२३८॥

केवल उपहार 'नजराना' दिएर सन्धि गर्ने, यो सन्धि हितकारी मानिएको छ । मित्रतालाई छोडेर उपहारका अरू पनि धेरै भेद छन् ।

अभियोक्ता बलीयस्त्वादलब्ध्वा न निवर्तते ।
उपहाराद्दते यस्मात् संधिरन्यो न विद्यते ॥२३९॥

यदि आक्रमण गर्ने राजा बलियो हुनाले केही नलिईकन जाँदै जाँदैन भने त्यहाँ उपहार दिनुभन्दा सन्धि गर्ने अर्को कुरा केही पनि छैन ।

शत्रोर्बलानुसारेण उपहारं प्रकल्पयेत् ।
सेवां वापि च स्वीकुर्याद्दद्यात्कन्यां भुवं धनम् ॥२४०॥

शत्रुको बल हेरेर उपहार दिनुपर्दछ । उसको शक्तिअनुसार कन्या, भूमि धन विचार गरी दिनुपर्छ अथवा उसको 'शत्रुको' सेवक बन्नुपर्छ ।

स्वसामन्तांश्च संधीयान्मन्त्रेणान्यजयाय वै ।
संधिः कार्योऽप्यनार्येण संप्राप्योत्सादयेद्धि सः ॥२४१॥

राजाले अरू राजाहरूलाई जित्नका लागि आफ्ना नगीचका राजाहरूसँग सन्धि गर्नुपर्छ । अनार्यसँग सन्धि गर्नाले उसको काम सकिएपछि त्यसले आफूलाई उखेल्दछ 'आमूल नष्ट पार्छ' ।

संघातवान् यथा वेणुर्निविडैः कण्टकैर्वृतः ।
न शक्यते समुच्छेत्तुं वेणुसंघातवांस्तथा ॥२४२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तो बाक्ला काँढा 'बाँसका झिर्का'हरूले संवद्ध भएको बाँस समूहयुक्त भएकोले सहसा प्रवेश गरी काट्न सकिन्न। त्यस्तै सबैसित सन्धि गरेर बलियो भएको राजालाई पनि सहसा पराजय गर्न सकिन्न।

संधिश्चातिबले युद्धं साम्ये यानं तु दुर्बले।
सुहृद्भिराश्रयस्थानं दुर्गादिभजनं द्विधा ॥२४३॥

राजाले ज्यादै बलिया शत्रुसँग सन्धि गर्नु, आफू बराबरका शत्रुसँग लड्नु, दुर्बल शत्रुका उपर हमला गर्नु मित्र राजाको आश्रय 'शरण' लिनु उस्तै स्थितिमा दुई प्रकारका किल्लाको आश्रय गर्नुपर्छ।

बलिना सह संधाय भये साधारणे यदि।
आत्मानं गोपयेत् काले बह्वमित्रेषु बुद्धिमान् ॥२४४॥

यदि राजालाई साधारण किसिमको डर आइपरेमा बलियासँग मेल गर्नु र धेरै शत्रु लागेका समयमा बुद्धिमान् राजाले जसरी भए पनि आफ्नो रक्षा गर्नुपर्छ।

बलिना सह योद्धव्यमिति नास्ति निदर्शनम्।
प्रतिवातं हि न घनः कदाचिदपि सर्पति ॥२४५॥

बलियासँग लड्नू भन्ने कुरा शास्त्रमा लेखिएको छैन। किनभने सानु बादल हावाका अगाडि कहिले पनि टिक्न सक्तैन।

बलीयसि प्रणमतां काले विक्रमतामपि।
संपदो न विसर्पन्ति प्रतीपमिव निम्नगा ॥२४६॥

जुन राजाले बलवान् शत्रुलाई मौका हेरेर झुक्ने र मौका हेरेर पराक्रम पनि गर्ने गर्दछ, त्यस्तो राजाको श्रीसम्पत्ति जस्तो नदीहरू उल्टो बग्दैनन् त्यस्तै सदा सुल्टा नै भैरहन्छन्। (अर्थात् त्यस्ता राजाको श्री नष्ट हुँदैन)।

राजा न गच्छेद्विश्वासं संधितोऽपि हि बुद्धिमान्।
अद्रोहसमयं कृत्वा वृत्रमिन्द्रः पुरावधीत् ॥२४७॥

बुद्धिमान् राजाले शत्रुले सन्धि गरेको छ भनी विश्वासमा परिरहनु हुन्न। किनभने त्यस्तै विश्वास गर्दा प्राचीन समयमा वृत्रासुरलाई इन्द्रले स्नेह (मैत्री) सम्बन्ध गरेरै मारेका थिए।

आपन्नोऽभ्युदयाकांक्षी पीड्यमानः परेण वा।
देशकालबलोपेतः प्रारभेत च विग्रहम् ॥२४८॥

आपत्तिमा परेको, अर्काले दुःख दिइराखेको र आफ्नो उदय चाहने राजाले देश काल र सेनाले सम्पन्न भएपछि मात्र बल्ल लडाइँको शुरू गर्नुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रहीनबलमित्रं तु दुर्गस्थं शत्रुमागतम् ।
अत्यन्तविषयासक्तं प्रजाद्रव्यापहारकम् ।।२४९।।
भिन्नमन्त्रिबलं राजा पीडयेत् परिवेष्टयन् ।
विग्रहः स च विज्ञेयो ह्यन्यश्च कलहः स्मृतः ।।२५०।।

जुन शत्रु, सैन्य र मित्रको बलले (शक्तिले) हीन छ (आफ्नो भन्दा कम्ती छ) किल्लामा बसेको छ, सामुन्ने आएको छ, विषयमा ज्यादा आसक्त भएको छ, दुनियाँको धन हरतरहबाट लुट्छ, फेरि त्यसको सेना र मन्त्रीहरूका बीचमा वैमनस्य परेको छ, त्यस्तो त्यो शत्रुलाई चारैतिरबाट घेरा हालेर दुःख दिनुपर्छ, सताउनुपर्छ । यस्तो गर्ने कामलाई विग्रह भनिएको छ र यसभन्दा अरू कुरा गर्नु कलह गर्नु हो भनिएको छ ।

बलीयसात्यल्पबलः शूरेण न च विग्रहम् ।
कुर्याच्च विग्रहे पुंसां सर्वनाशः प्रजायते ।।२५१।।

शूरो र प्रशस्त बल (शक्ति) भएकासँग ज्यादै थोरै शक्ति भएकाले लड्नै हुँदैन । त्यस्तो भएर त्यस्तासँग कसैले लडाइँ गर्‍यो भने त्यस्ता पुरुषको सर्वनाश हुन्छ ।

एकार्थाभिनिवेशित्वं कार्यं कलहस्य वा ।
उपायान्तरनाशे तु ततो विग्रहमाचरेत् ।।२५२।।

राजाको लडाइँ हुनामा एक कुनै प्रयोजन अवश्य हुन्छ नै । त्यसलाई प्राप्त गर्ने अरू सबै उपायहरूबाट केही नलागेपछि मात्रै लडाइँ गरोस् ।

विगृह्य संधाय तथा संभूयाथ प्रसंगतः ।
उपेक्षया च निपुणैर्यानं पञ्चविधं स्मृतम् ।।२५३।।

खास लडाइँ गर्नकै लागि, मिलेर, एक गठ भएर, प्रसंगबाट र उपेक्षाबाट यान (आक्रमण गर्ने कुरा) पाँच प्रकारको छ भन्ने विद्वान् (जान्नेहरूको) भनाइ छ ।

विगृह्य याति हि यदा सर्वाच्छत्रुगणान् बलात् ।
विगृह्य यानं यानज्ञैस्तदाचार्यैः प्रचक्ष्यते ।।२५४।।

जब शत्रुगणका उपर बलपूर्वक (जबर्जस्ती) लडाइँ गर्न गइन्छ, यसो गर्नुलाई यानको विषयमा जान्नेहरूले यो 'विगृह्ययान' (जबर्जस्ती आक्रमण गर्नु) हो भनी बताएका छन् ।

अरिमित्राणि सर्वाणि स्वमित्रैः सर्वतो बलात् ।
विगृह्य चारिभिर्गन्तुं विगृह्य गमनं तु वा ।।२५५।।

संपूर्ण शत्रुका मित्रहरूलाई आफ्ना मित्रहरूका बलद्वारा लडाएर शत्रुमाथि आक्रमण गर्न जाने प्रक्रियालाई 'विगृह्यगमन' हो भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संधायान्यत्र यात्रायां पार्ष्णिग्राहेण शत्रुणा ।
संधाय गमनं प्रोक्तं तज्जिगीषोः फलार्थिना ॥२५६॥

अरूलाई आक्रमण गर्नें बेलामा पछाडिपट्टिका शत्रुहरूसँग सन्धि गरेर जो गमन गरिन्छ, जीतवाजीको अभिलाषा राख्ने राजाका निमित्तको त्यो गमन 'संधाय गमन' हो भनिएको छ ।

एको भूपो यदैकत्र सामन्तैः सांपरायिकैः ।
शक्तिशौर्ययुतैर्यानं संभूय गमनं हि तत् ॥२५७॥

जब राजाले आफ्ना सामन्त साथी राजाहरूसँग मिलेर अरू राजाका उपर हमला गर्न गमन गर्छ र त्यो राजा सामर्थ्य र बलले पनि परिपूर्ण भएको छ भने त्यो गमनलाई संभूय गमन (मिलेर आक्रमण गर्नें काम) हो भनिएको छ ।

अन्यत्र प्रस्थितः संगादन्यत्रैव च गच्छति ।
प्रसङ्गयानं तत् प्रोक्तं यानविद्भिश्च मंत्रिभिः ॥२५८॥

एकातिर लडाइँ गर्न इच्छा गरेर प्रस्थान गरेको, तर प्रसङ्गवश त्यो राजा अर्कै-तर्फ लड्न जान्छ भने यानका ज्ञाता मन्त्रीहरू त्यस्तो गमनलाई 'प्रसङ्ग यान' हो भन्दछन् ।

रिपुं यातस्य बलिनः संप्राप्य विकृतं फलम् ।
उपेक्ष्य तस्मिन् तद्यानमुपेक्षायानमुच्यते ॥२५९॥

वलवान् राजाले शत्रुमाथि आक्रमण गर्‍यो, तर त्यहाँ उसलाई विकृतफल (पराजय) मिल्यो अनि त्यसलाई उपेक्षा गरेर (छोडेर) जो फर्कने कुरा हुन्छ, त्यसलाई 'उपेक्षायान' भनिएको छ ।

दुर्वृत्तेऽप्यकुलीने तु बलं दातरि रज्यते ।
हृष्टं कृत्वा स्वीयबलं पारितोष्यप्रदानतः ॥२६०॥
नायकः पुरतो यायात् प्रवीरपुरुषावृतः ।
मध्ये कलत्रं कोशश्च स्वामी फल्गु च यद्धनम् ॥२६१॥
ध्वजिनी च सदोद्युक्तः स गोपायेत् दिवानिशम् ॥२६२॥

राजाले जुन राजाहरू दुराचारी र हीन कुलका छन्, यस्ता राजाका उपर आक्रमण गर्नु असल हुन्छ । आफ्नो सेनाबललाई उपहारहरू प्रदान गरेर, खुशी पारेर, सेनानायक गतिला शूर वीर पुरुषले युक्त भएर अगाडि लागोस्; बीचमा स्वास्नीमानिस र ढुकुटी (खजाना), स्वामी र सामान्य (जगेडा) संपत्ति राखी रात-दिन सदा ठूलो प्रयत्नबाट आफ्नो सेनाको उपरोक्त प्रकार मिलाई रक्षा गरिरहनुपर्छ ।

नद्यद्रिवनदुर्गेषु यत्र यत्र भयं भवेत् ।
सेनापतिस्तत्र तत्र गच्छेद् व्यूहकृतैर्बलैः ॥२६३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नदी, पर्वत, जंगल र किल्लाहरूमा जहाँ जहाँ डराउनुपर्ने स्थिति आइपर्छ, ती ती ठाउँहरूमा सेनापति सेनालाई व्यूहाकार (मोर्चालायक) पारेर जाओस् ।

यायाद् व्यूहेन महता मकरेण पुरोभये ।
श्येनेनोभयपक्षेण सूच्या वा धीरवक्त्रया ॥२६४॥

यदि सेनाको अगाडिपट्टि डराउनुपर्ने स्थिति हुन आयो भने सेनापति ठूलो मकर (गोही) का आकारको मोर्चा कसेर जाओस् अथवा बाजका दुवै पखेटाको मोर्चाद्वारा वा तीखो धारिलो बाजका चुच्चाका जस्तो आकारको मोर्चा बनाई जाओस् ।

पश्चाद्भये तु शकटं पार्श्वयोर्वज्रसंज्ञिकम् ।
सर्वतः सर्वतोभद्रं चक्रं व्यालमथापि वा ॥२६५॥

यदि सेनालाई पछाडिपट्टिबाट डर भयो भने शकट (गाडा) को आकार भएको मोर्चाद्वारा कोखापट्टि डर परे वज्रव्यूह (वज्रको आकारको) मोर्चाद्वारा चारैतिरबाट डर आइपरेमा– सर्वतोभद्र नामक मोर्चाद्वारा अथवा सर्पाकार मोर्चाद्वारा सेनापतिले आफ्नो सेनाको रक्षा गरोस् ।

यथादेशं कल्पयेद्वा शत्रुसेनाविभेदकम् ।
व्यूहरचनसंकेतान् वाद्यभाषासमीरितान् ॥२६६॥
स्वसैनिकैर्विना कोऽपि न जानाति तथाविधान् ।
नियोजयेच्च मतिमान् व्यूहान् नानाविधान् सदा ॥२६७॥

अथवा सेनापतिले ठाउँ हेरेर शत्रुको सेना ध्वस्त गर्न जस्तो मनासिब पर्छ त्यस्तै व्यूह (मोर्चा) बनाओस् । बाजाका अनेक प्रकारका ध्वनिद्वारा व्यूहरचना गर्ने संकेत (इशारा)हरू आफ्ना सेनाले मात्र जान्ने अरूले नजान्ने गरी सिर्जना गरी बुद्धिमान् सेनापतिले सधैं अनेक प्रकारका मोर्चा बनाओस् ।

अश्वानां च गजानां च पदातीनां पृथक् पृथक् ।
उच्चैःसंश्रावयेद्व्यूहसंकेतान् सैनिकान् नृपः ॥२६८॥

सईस, माहुते र पैदल रक्षकहरूलाई राजाले व्यूहका संकेतहरू बेग्लाबेग्लै तरीकाबाट उच्च स्वरले प्रष्टसँग सुनाओस् ।

वामदक्षिणसंस्थो वा मध्यस्थो वाग्रसंस्थितः ।
श्रुत्वा तान् सैनिकैः कार्यमनुशिष्टं यथा तथा ॥२६९॥

उपरोक्त संकेत सुनाउँदा राजा सेनाका देब्रेतर्फ दाहिनेतिर माझमा वा अगाडितिर बस्नुपर्छ । सैनिकहरूले पनि ती संकेतहरूलाई यथार्थ रूपले जानेर तदनुसार राजाको आज्ञा पालन गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संमीलनं प्रसरणं परिभ्रमणमेव च ।
आकुंचनं तथा यानं प्रयाणमपयानकम् ॥२७०॥
पर्यायेण च सांमुख्यं समुत्थानं च लुण्ठनम् ।
संस्थानं चाष्टदलवच्चक्रवद्गोलतुल्यकम् ॥२७१॥
सूचीतुल्यं शकटवदर्धचन्द्रसमं तु वा ।
पृथग्भवनमल्पाल्पैः पर्यायैः पंक्तिवेशनम् ॥२७२॥
शस्त्रास्त्रयोर्धारणं च संधानं लक्ष्यभेदनम् ।
मोक्षणं च तथास्त्राणां शस्त्राणां परिघातनम् ॥२७३॥
द्राक्सन्धानं पुनः पातो ग्रहो मोक्षः पुनः पुनः ।
स्वगूहनं प्रतीघातः शस्त्रास्त्रपदविक्रमैः ॥२७४॥
द्वाभ्यां त्रिभिश्चतुर्भिर्वा पंक्तितो गमनं ततः ।
तथा प्राग्भवनं चापसरणं तूपसर्जनम् ॥२७५॥
अपसृत्यास्त्रसिद्ध्यर्थमुपसृत्य विमोक्षणे ।
प्राग्भूत्वा मोचयेदस्त्रं व्यूहस्थः सैनिकः सदा ॥२७६॥

जम्मा हुने, टम्म मिलेर हिंड्ने, चारैतिर घुम्न सक्ने (फिंजिन सक्ने), गुचमुच्च परेर बस्न सक्ने, विस्तार हिंड्ने, उल्टो हिंड्ने, पालैसित हिंड्ने, अगाडि बढ्ने, उभिइरहन सक्ने, सुतेर बस्ने र हिंड्ने, अष्टदलको आकारमा रहने अथवा चक्र जस्तो वाटुलो बन्ने, सियो जस्तो आकारमा रहने, गाडा वा आधा चन्द्रमा जस्तो बन्ने, साना साना टुक्रामा विभाजित हुने, क्रमशः पंक्तिबद्ध हुने, शस्त्र अस्त्र लिने तरीका सिक्ने, हतियार चलाउन जान्न अभ्यास गर्ने, निसाना लगाउने (तारो हान्ने), अस्त्र छोड्ने, अस्त्र चलाउन जान्ने, झटपट तम्तयार पार्न सक्ने, तुरुन्त प्रयोग गर्न सक्ने, तुरुन्तै वारंवार हतियार लिन र छोड्न सक्ने, हतियारलाई गोडाले उठाउने, आफू लुक्न जान्ने, शत्रुलाई मार्न सक्ने, दुई तीन अथवा चार चार वटाको पंक्ति बनाएर हिंड्ने, कहिले सेनाको अघि र कहिले पछि हुने, कहिले छुट्टाछुट्टै बनेर बस्ने, हतियारको पोजिशन लिन पछि पछि हट्ने, अस्त्रप्रयोग गर्न अगाडि बढ्ने; मोर्चाका लडाका सैनिकहरूले लड्दा यस्ता प्रकारको अभ्यास गर्नुपर्छ ।

आसीनः स्याद्विमुक्तास्त्रः प्राग्वा चापसरेत् पुनः ।
प्रागासीनं तूपसृतो दृष्ट्वा स्वास्त्रं विमोचयेत् ॥२७७॥

सैनिकले शत्रुले अस्त्र छोडेमा बस्नू अथवा सेनाको अगाडिपट्टि जानू र आफ्ना अगाडि शत्रु देखिन आएमा अघि सरी आफ्ना अगाडिको शत्रुका उपर आफ्नो अस्त्रको प्रयोग गर्न ।

एकैकशो द्विशो वापि संघशो बोधितो यदा ।
क्रौञ्चानां खे गतिर्यादृक् पंक्तितः संप्रजायते ।
तादृक् सञ्चारयेत् क्रौञ्चव्यूहं देशबलं यथा ॥२७८॥

जस्तो आकाशमा कर्याङ-कुरुङ एक एक अथवा दुई दुई भै मिलेर पंक्तिबद्ध

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्छन्, त्यस्तै संघको नियमानुसार (उसले भनेबमोजिम) ठाउँको स्थिति हेरेर सेनापतिले पनि 'क्रौञ्चव्यूह' को निर्माण गरोस् ।

सूक्ष्मग्रीवं मध्यपुच्छं स्थूलपक्षं तु पंक्तितः ।
बृहत्पक्षं मध्यगलपुच्छं श्येनं मुखे तनु ॥२७९॥
चतुष्पान्मकरो दीर्घस्थूलवक्त्रद्विरोष्ठकः ।
सूचो सूक्ष्ममुखो दीर्घसमदण्डांतरन्ध्रयुक् ॥२८०॥

जसको घाँटी सानो छ, पुच्छर (पछाडिको भाग) मध्यम छ, दुवै पार्श्वभाग (अगलबगल) मोटा छन्, यस्ता प्रकारको पंक्ति बनाउनू । जुन व्यूह (मोर्चा)को पक्षभाग मोटा छन् (फुकेका छन्), घाँटी र बाजको जस्तो पुच्छर (पछाडि) को भाग मध्यम छ, मुख सानो छ, यस्तो व्यूह (मोर्चा) लाई 'सैनिक व्यूह' भनिन्छ । जसको आकार चौपायाको जस्तो छ, मुख लामो र ठूलो छ, दुई वटा ओठ छन्, त्यस्तो व्यूहलाई 'मकरव्यूह' मानिएको छ । जुन मोर्चाको आकारमा मुख तीखो पारिएको छ, लमाइ र चौडाइ बराबर पारिएको छ, बीचमा प्वाल पनि पारिएको छ, त्यस्तो व्यूहलाई 'सूचिमुखव्यूह' मानिएको छ ।

चक्रव्यूहश्चैकमार्गो ह्यष्टधा कुंडलीकृतः ।
चतुर्दिक्ष्वष्टपरिधिः सर्वतोभद्रसंज्ञकः ॥२८१॥

पस्ने र निस्कने केवल एउटा मात्र बाटो भएको र आठ कुंडलीले युक्त भएको व्यूहलाई 'चक्रव्यूह' भनिन्छ र चारै दिशामा आठ वटा परिधि भएको व्यूहलाई 'सर्वतोभद्र व्यूह' भनिएको छ ।

अमार्गश्चाष्टवलयी गोलकः सर्वतोमुखः ।
शकटः शकटाकारो व्यालो व्यालाकृतिः सदा ॥२८२॥

आठ वटा घेरा भएको 'अमार्गव्यूह' सबैतिर बाटा भएको 'गोलकव्यूह' हुन्छ । 'शकटव्यूह' गाडाकै आकारको र 'सर्पव्यूह' सधैँ सर्पको आकारको हुन्छ ।

सैन्यमल्पं बृहद्वापि दृष्ट्वा मार्गरणस्थलम् ।
व्यूहैर्व्यूहेन व्यूहाभ्यां संकरेणापि कल्पयेत् ॥२८३॥

सेना धेरै होओस् वा थोरै, बाटो र लड्ने ठाउँ हेरेर एक, दुई वा अनेक व्यूहहरू तथा सबै व्यूहहरू मिसाएर छ्यासमिस पारेर पनि व्यूहको निर्माण गर्नुपर्छ ।

यन्त्रास्त्रैः शत्रुसेनाया भेदो येभ्यः प्रजायते ।
स्थलेभ्यस्तेषु संतिष्ठेत् ससैन्यो ह्यासनं हि तत् ॥२८४॥

जुन ठाउँमा बस्नाले यन्त्र र अस्त्रादिद्वारा शत्रुका सेनालाई छिन्न भिन्न पार्न सकिन्छ, त्यस्ता ठाउँहरूमा सेनायुक्त भै बस्ने कामलाई 'आसन' भनिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तृणान्नजलसंभारा ये चान्ये शत्रुपोषकाः ।
सम्यङ् निरुध्य तान् यत्नात् परितश्चिरमासनात् ॥२८५॥
विच्छिन्नविविधासारं प्रक्षीणयवसेन्धनम् ।
विगृह्यमाणप्रकृतिं कालेनैव वशं नयेत् ॥२८६॥

राजाले सागपात अन्न जल आदि समाग्री र अरू शत्रुलाई पोषण पुऱ्याउने वस्तुहरू चारैतिरबाट राम्ररी रोकिदिएर, चारैतिरबाट धेरै समयसम्म आसन कसेर बसी, शत्रुको यातायातमार्ग रोकेर (मार्ग छिन्न भिन्न पारेर), यवस र धनलाई नष्ट पारेर, काम लाग्ने राजा र प्रजाको वैरभाव भएको मौका पारी शत्रुलाई आफ्ना वशमा ल्याउनुपर्छ ।

अरेश्च विजिगीषोश्च विग्रहे हीयमानयोः ।
संधाय यदवस्थानं संधायासनमुच्यते ॥२८७॥

शत्रु र जित्न खोज्ने यी दुवै लड्दा लड्दै दुवै हीनशक्ति भएको मौकामा ती दुवैलाई परास्त गरी आसन कसेर बस्ने क्रियालाई 'संधायासन' भनिन्छ ।

उच्छिद्यमानो बलिना निरुपायः प्रतिक्रियः ।
कुलोद्भवं सत्यमार्यमाश्रयेत बलोत्कटम् ॥२८८॥

बलिया शत्रुले राज्यबाट धपाइएको, कुनै उपाय नभएको र त्यसको प्रतीकार गर्न असमर्थ भएको राजाले कुलीन, सत्यवादी आर्य र खूब बलवान्को आश्रय लिनुपर्छ ।

विजिगीषोस्तु साह्यार्थाः सुहृत्संबन्धिबान्धवाः ।
प्रदत्तभृतिका ह्यन्ये भूपाः अंशप्रकल्पिता ॥२८९॥
सेवाश्रयस्तु कथितो दुर्गाणि च महात्मभिः ॥२९०॥

जुन राजा विजयी हुन्छ, त्यसका नै मित्र, संबन्धी र बान्धवहरू सहायक हुन्छन । भत्ता (तलब आदि) दिएर राखिएका राजा वा जसलाई जमीनको केही भाग दिएर राखिएको छ त्यस्ताको आश्रय लिनु वा किल्लामा बसिरहनु, यी दुई कुरालाई पनि 'आश्रय' भनिन्छ भन्ने महात्माहरूको भनाइ छ ।

अनिश्चितोपायकार्यः समयानुचरो नृपः ।
द्वैधीभावेन वर्तेत काकाक्षिवदलक्षितम् ।
प्रदर्शयेदन्यकार्यमन्यमालम्बयेच्च वा ॥२९१॥

जब राजालाई समयानुसार आफ्ना कामका उपायको कुनै निश्चय गर्न नसक्ने अवस्था आइपर्छ त्यस बेलामा कागका आँखाको गति जस्तै द्वैधीभावको आश्रय गर्नुपर्छ र यो कुरा कसैलाई थाहा दिनु हुँदैन । त्यस समयमा अरू कुनै काम देखाउनु अथवा अरू कुनै काम गर्न लाग्नुपर्छ ।

सदुपायैश्च सन्मन्त्रैः कार्यसिद्धिरथोद्यमैः ।
भवेदल्पजनस्यापि किं पुनर्नृपतेर्न हि ॥२९२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राम्रा उपाय, असल मन्त्रणा (सल्लाह), अनि असल उद्योग (प्रयत्न) द्वारा सामान्य मानिसको पनि कार्यसिद्धि हुन्छ भने फेरि राजाका त के हुँदैनन् र? अवश्य हुन्छन् ।

उद्योगेनैव सिध्यन्ति कार्याणि न मनोरथैः ॥२९३॥
न हि सुप्तमृगेन्द्रस्य निपतन्ति गजा मुखे ।
अयोऽभेद्यमुपायेन द्रवतामुपनीयते ॥२९४॥

उद्योगबाट नै कामहरू सिद्ध हुन्छन् । केवल मनले इच्छा गरेर मात्र कार्यहरू सिद्ध हुँदैनन् । सुतेका सिंहका मुखमा हात्ती आफै पर्न आउँदैनन् र फोर्नै नसकिने फलाम पनि उपायद्वारा झोल बनाउन सकिन्छ ।

लोकप्रसिद्धमेवैतद्वारिवह्नेर्नियामकम् ।
उपायोपगृहीतेन तेनैतत् परिशोष्यते ॥२९५॥

पानीले आगोलाई निभाउँछ भन्ने कुरा लोकमा प्रसिद्ध भएकै कुरा हो, तर उपायलाई प्रयोग गर्नाले त्यही आगोले पानीलाई सुकाइदिन्छ ।

उपायेन पदं मूर्ध्नि न्यस्यते मत्तहस्तिनाम् ।
उपायेषूत्तमो भेदः षड्गुणेषु समाश्रयः ॥२९६॥

उन्मत्त भएका हात्तीका शिरमा पनि उपायद्वारा पदार्पण गर्न सकिन्छ । सबै उपायमा उत्तम उपाय 'भेद' नै हो र छ गुणहरूमा उत्तम 'समाश्रय' हो ।

कार्यौ द्वौ सर्वदा तौ तु नृपेण विजिगीषुणा ।
ताभ्यां विना नैव कुर्यात् युद्धं राजा कदाचन ॥२९७॥

विजयको इच्छा गर्ने राजाले उपर्युक्त दुई कुरा (भेद र समाश्रय) लाई सदा प्रयोग गरोस् । राजाले यति दुई कुरा छोडेर कहिल्यै लडाइँ गर्न नलाग्नू ।

परस्परं प्रातिकूल्यं रिपुसेनपमन्त्रिणाम् ।
भवेद्यथा तथा कुर्यात् तत्प्रजायाश्च तत्स्त्रियाः ॥२९८॥

जसो गर्नाले शत्रुको सेनापति र मन्त्रीमा फाटो पर्छ, उसका (शत्रुका) प्रजाको र उसको (शत्रुको) फाटो पर्छ र शत्रुका प्रजा र उनीहरूका स्त्रीहरूमा फाटो परेर ती सबै परस्परमा विरुद्ध हुन्छन्, त्यस्तो उपाय राजाले सदा गर्नुपर्छ ।

उपायान् षड्गुणान् वीक्ष्य शत्रोः स्वस्यापि सर्वदा ।
युद्धं प्राणात्यये कुर्यात् सर्वस्वहरणे सति ॥२९९॥

राजाले शत्रुका र आफ्ना पनि उपाय र छ गुणलाई सदा विचार गरी हेरेर मात्र सर्वस्व हुने र प्राणकै नाश हुने अवस्था आएको देखिएमा मात्र युद्ध गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीविप्राभ्युपपत्तौ च गोविनाशेऽपि ब्राह्मणैः ।
प्राप्ते युद्धे क्वचिन्नैव भवेदपि पराङ्मुखः ।
युद्धमुत्सृज्य यो याति स देवैर्हन्यते भृशम् ॥३००॥

यदि स्त्री र ब्राह्मणलाई आपत्ति परेको छ, गाईलाई प्राणसंकट परेको छ र ब्राह्मणहरू परस्परमा झगडा गर्न (लड्न) लागेका छन् भने त्यस्ता समयमा कहिल्यै राजाले पछि हट्नु हुँदैन । जुन राजा लडाइँ छोडेर भाग्छ, त्यसलाई सधैँ देवताले नाश गर्छन् ।

समोत्तमाधमै राजा त्वाहूतः पालयन् प्रजाः ।
न निवर्तेत सङ्ग्रामात् क्षत्रधर्ममनुस्मरन् ॥३०१॥

आफूसमान, आफूभन्दा बढी वा घटी स्तर भएका व्यक्तिले पनि लडाइँमा मद्दतका लागि बोलाएमा राजाले आफ्नो क्षत्रियको धर्मलाई सम्झी संग्रामबाट पछि हट्नु हुँदैन ।

राजानं चावियोद्धारं ब्राह्मणं चाप्रवासिनम् ।
भूमिरेतो निर्गिलति सर्पो विलशयानिव ॥३०२॥

राजा भएर लड्दैन र ब्राह्मण भएर परदेश जाँदैन भने सर्पले प्वालमा बस्ने मूसालाई निलेझैँ धरतीले यी दुवैलाई निल्दछिन् ।

ब्राह्मणस्यापि चापत्तौ क्षत्रधर्मेण वर्ततः ।
प्रशस्तं जीवितं लोके क्षत्रं हि ब्रह्मसंभवम् ॥३०३॥
अधर्मः क्षत्रियस्यैष यच्छय्याभरणं भवेत् ॥३०४॥

जुन ब्राह्मण आपत्ति परेर क्षत्रियको धर्म (लडाइँ) गर्दछ संसारमा त्यसरी वस्ने त्यस ब्राह्मणको जीवन पनि श्रेष्ठ मानिएको छ, किनभने ब्राह्मणबाट नै क्षत्रियको उत्पत्ति भएको हो । शय्यामा सुती सुती मर्ने क्षत्रिय पापी हुन्छ ।

विसृजन् श्लेष्मपित्तानि कृपणं परिदेवयन् ।
अविक्षतेन देहेन प्रलयं योऽधिगच्छति ।
क्षत्रियो नास्य तत्कर्म प्रशंसंति पुराविदः ॥३०५॥

जुन क्षत्रिय कफ र पित्त छाडेर दुःखयुक्त बचन बोल्दै, शरीरमा कुनै घाऊ नलगाईकन नै (विछ्यौनामा नै) मर्दछ यसरी हुने क्षत्रियको मरणलाई पहिलेका ऋषिहरूले प्रशंसा गरेका छैनन् ।

न गृहे मरणं शस्तं क्षत्रियाणां विना रणात् ।
शौण्डीराणामशौण्डीरमधमं कृपणं हि तत् ॥३०६॥

क्षत्रियले लडाइँमा नमरी घरमा मर्नु बेस हुँदैन, किनभने शास्त्रमा कुशल भएका मानिसहरूका माझमा शस्त्र नजान्ने भएर क्षत्रिय हूँ भनेर बाँच्नु क्षत्रियका निमित्त पाप र कृपणता देखाउनु हो । यो कुरा क्षत्रियलाई सुहाउँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रणेषु कदनं कृत्वा ज्ञातिभिः परिवारितः ।
शस्त्रास्त्रैः सुविनिर्भिन्नः क्षत्रियो वधमर्हति ॥३०७॥

दाजुभाईहरूका साथ परिवारसहित लडाइँमा शत्रुहरूलाई कत्तल पारेर शस्त्र र अस्त्रले शरीर छिया छिया भएको क्षत्रिय मार्न लायक हुन्छ ।

आहवेषु मिथोऽन्योन्यं जिघांसन्तो महीक्षितः ।
युध्यमानाः परं शक्त्या स्वर्गं यान्त्यपराङ्मुखाः ॥३०८॥

संग्राममा शक्तिअनुसार परस्पर हतियारले मारामार गरी लडी नहट्ने बरु मरी छोड्ने यस्ता क्षत्रियहरू नफर्कीकन सरासर स्वर्गमा जान्छन् ।

भर्तुरर्थे च यः शूरो विक्रमेद्वाहिनी मुखे ।
भयान्न विनिवर्तेत तस्य स्वर्गो ह्यनन्तकः ॥३०९॥

जुन शूरवीरले आफ्ना स्वामीका निमित्त सेनाका संमुखमा रहेर पराक्रम गर्दछ र डराएर कहिल्यै पछि हट्तैन त्यस्ता सेवकलाई अनन्तकालसम्म स्वर्गप्राप्ति हुन्छ ।

आहवे निहतं शूरं न शोचेत कदाचन ।
निर्मुक्तः सर्वपापेभ्यः पूतो याति सलोकताम् ॥३१०॥

लडाइँमा मर्ने शूरवीरलाई मर्‍यो भनेर शोक गर्नुपर्दैन, किनभने त्यसरी मर्ने शूरवीर सबै पापबाट मुक्त भएर पवित्र भएर असल लोकहरूमा पुग्दछ ।

वराप्सरसहस्राणि शूरमायोधने हतम् ।
त्वरमाणा प्रधावन्ति मम भर्ता भवेदिति ॥३११॥

संग्राममा मरेका शूरवीरका निमित्त स्वर्गका उत्तमोत्तम हजारौं अप्सराहरू यो मेरो पति होओस् भनेर आत्तुरी गर्दै त्यसलाई स्वागत गर्न दौडेर आउँछन् ।

मुनिभिर्दीर्घतपसा प्राप्यते यत् पदं महत् ।
युद्धाभिमुखनिहतैः शूरैस्तत् द्रागवाप्यते ॥३१२॥

धेरै कालसम्म तपस्या गरेर मुनिहरूले जुन ठूलो स्थान पाउँछन्, युद्धका संमुख डटेर लडी मर्नेले त्यो स्थान तुरुन्तै पाउँदछ ।

एतत्तपश्च पुण्यं च धर्मश्चैव सनातनः ।
चत्वार आश्रमास्तस्य यो युद्धे न पलायते ॥३१३॥

जुन व्यक्ति लडाइँमा भाग्दैन र लडिरहन्छ, त्यसका लागि त्यही नै तपस्या, पुण्य, सनातन धर्म र चार आश्रम हो भनिएको छ ।

न हि शौर्यात् परं किंचित् त्रिषु लोकेषु विद्यते ।
शूरः सर्वं पालयति शूरे सर्वं प्रतिष्ठितम् ॥३१४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शूरता-वीरताभन्दा तीनै लोकमा पनि अरू बढी कुरा केही छैन । शूरवीरले नै सबैलाई पालेको हुन्छ र शूरवीरका आश्रयमा नै सबै कुरा रहेको (अडेको) हुन्छ । (शूरवीरको सबैले आश्रय गर्छन्)

चराणामचरा अन्नमदंष्ट्रा दंष्ट्रिणामपि ।
अपाणयः पाणिमतामन्नं शूरस्य कातराः ॥३१५॥

चर (हिंड्ने) प्राणीका लागि अन्न स्थावर, दाह्रा भएकाको अन्न (खानेकुरा) दाँत नभएका चीजहरू, हात भएकाहरूको अन्न हात नभएका र शूराले खाइने अन्न कातर हो भनेर मानिएको छ ।

द्वाविमौ पुरुषौ लोके सूर्यमण्डलभेदिनौ ।
परिव्राड्योगयुक्तो यो रणे चाभिमुखं हतः ॥३१६॥

योगले युक्त भएको योगी र लडाइँमा मरेको शूरवीर योद्धा यिनै दुई वटा पुरुषहरू मात्र यो संसारभरमा सूर्यमण्डलभेदन गर्न सक्ने हुन् भनिएको छ ।

आत्मानं गोपयेच्छक्तो वधेनाप्याततायिनः ।
सुविद्यब्राह्मणगुरोर्युद्धे श्रुतिनिदर्शनात् ॥३१७॥

समर्थ मनुष्यले आततायी (आगो लगाउने विष खान दिने आदि) लाई मारेर पनि आफ्नो रक्षा गर्नुपर्छ, किनभने वेदको आज्ञाअनुसार विद्वान् तथा ब्राह्मण भएका द्रोणाचार्यले पनि लडाइँ गरेका थिए ।

आचार्या वै कारुणिकाः प्राज्ञाश्चापापदर्शिनः ।
नैते महाभये प्राप्ते संप्रष्टव्याः कथंचन ॥३१८॥

गुरुहरू, दयालुहरू, विद्वान्हरू र पाप देख्तै नदेखेका (धर्मात्मा), यिनीहरूलाई ठूलो डर आइपरेको अवस्थामा (त्यसको प्रतीकारका लागि) सोधिरहनुपर्दैन ।

प्रासादेषु विचित्रेषु गोष्ठीषूपवनेषु च ।
कथा विचित्रा कुर्वाणाः पण्डितास्तत्र शोभना ॥३१९॥

विशेष सजिसजाउ भएको मन्दिर अथवा दरबारमा, सभामा, बगैँचाहरूमा, अनेक प्रकारका कथा भन्न सक्ने पण्डितहरू शोभायमान (सिपालु) हुन्छन् ।

बहून्याश्चर्यरूपाणि कुर्वाणा जनसंसदि ।
ईज्यास्त्रे चोपसंधाने पंडितास्तत्र शोभना ॥३२०॥

जनताका सभामा आश्चर्य लाग्ने धेरै रूप लिन सक्ने यज्ञ र अस्त्र-संधान गर्ने विषयमा पण्डितहरू शोभनीय (कुशल) हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परेषां विवरज्ञाने मनुष्यचरितेषु च ।
हस्त्यश्वरथचर्यासु खरोष्ट्राजाविकर्मणि ॥३२१॥
गोधनेषु प्रतोलीषु स्वयंवरमुखेषु च ।
अन्नसंस्कारदोषेषु पण्डितास्तत्र शोभना ॥३२२॥

अर्काको छिद्र फेला पार्नमा, मानिसहरूको चरित्र विचार गर्ने कुरामा, हात्ती, घोडा र रथका विषयमा, गधा, ऊँट, बाख्रा र भेडाका विषयमा, गाई धनका विषयमा बाटाका विषयमा, स्वयंवरका अगाडि गर्नुपर्ने विषयमा र अन्न-संस्कार र अन्नको दोषका विषयमा पण्डितहरू शोभन (कुशल) हुन्छन् ।

पण्डितान् पृष्ठतः कृत्वा परेषां गुणवादिनः ॥३२३॥
अरेश्चित्तगुणान् ज्ञात्वा न सैन्ये भङ्गशंकया ।
विधीयतां तथा नीतिर्यथा वध्यो भवेत् परः ॥३२४॥

अरूहरूका गुणगान गर्ने पण्डितहरूलाई शत्रुका पछि पछि लगाएर शत्रुका चित्त-वृत्तिहरू र गुणहरू सबै जानेर जसो गर्नाले सेनामा फूट हुने शङ्का नै उठ्तैन त्यस्तो नीति लिएर शत्रुलाई समाप्त गर्नुपर्छ (मार्नुपर्छ) ।

आततायित्वमापन्नो ब्राह्मणः शूद्रवत् स्मृतः ।
नाततायिवधे दोषो हन्तुर्भवति कश्चन ॥३२५॥

आततायी भैसकेको ब्राह्मण शूद्र बराबरको हुन्छ भनिएको छ र आततायी मार्ने-लाई कुनै प्रकारको पाप [दोष] कहिल्यै लाग्दैन ।

उद्यम्य शस्त्रमायान्तं भ्रूणमप्याततायिनम् ।
निहत्य भ्रूणहा नस्यादहत्वा भ्रूणहा भवेत् ॥३२६॥

शस्त्र उजाएर आएको आततायी बालकै छ भने पनि त्यसलाई मार्नाले त्यो बालघाती हुँदैन बरु त्यसलाई मारेन भने त्यो बालघाती ठहरिन्छ ।

उद्यतेषुमथो दृष्ट्वा ब्राह्मणं क्षत्रबन्धुवत् ।
यो हन्यात् समरे क्रुद्धं युध्यन्तमपलायितम् ।
ब्रह्महत्या न तस्य स्यादिति धर्मेषु निश्चयः ॥३२७॥

शस्त्र उजाएर क्षत्रिय बन्धु झैं लडाइँ गर्न आएको ब्राह्मणलाई देखे पनि त्यो लडि-रहन्छ र भाग्दैन भने त्यस्तो ब्राह्मणलाई मार्दा ब्राह्मणहत्या लाग्दैन भन्ने धर्मशास्त्रको निर्णय छ ।

अपसरति यो युद्धाज्जीविताार्थी नराधमः ।
जीवन्नेव मृतः सोऽपि भुङ्क्ते राष्ट्रकृतं त्वघम् ॥३२८॥

जुन मानिस आफै मात्र बाँच्नका लागि लडाइँबाट भाग्दछ त्यो नराधम हो, बाँच्दा-बाँच्दै मरेको भन्ने पनि त्यै हो र त्यसले सम्पूर्ण राष्ट्रबाट हुने पापको भोग गर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मित्रं वा स्वामिनं त्यक्त्वा निर्गच्छति रणाच्च यः ।
सोऽन्ते नरकमायाति सजीवो निंद्यतेऽखिलैः ॥३२९॥

मित्र अथवा मालिकलाई रणक्षेत्रमा छोडेर जुन मानिस रणक्षेत्रबाट भाग्दछ, त्यो मरेपछि नरक पर्दछ र बाँचुञ्जेल त्यसलाई सबै निन्दा गर्दछन् ।

मित्रमापद्गतं दृष्ट्वा सहायं न करोति यः ।
अकीर्तिं लभते सोऽत्र मृतो नरकमृच्छति ॥३३०॥

आफ्ना मित्रलाई आपत्ति परेको देखेर जुन व्यक्तिले सहायता गर्दैन, त्यसले यहाँ कुकीर्ति कमाउँछ र मरेपछि त्यो नरकमा पर्दछ ।

विस्रंभाच्छरणं प्राप्तं यः संत्यजति दुर्मतिः ।
स याति नरके घोरे यावदिन्द्राश्चतुर्दश ॥३३१॥

विश्वास लिएर शरणमा आएकालाई जुन दुर्बुद्धि व्यक्तिले छोड्दछ, त्यो चौध इन्द्रहरूका पालासम्म घोर नरकमा पर्दछ ।

सुदुर्वृत्तं यदा क्षत्रं नाशयेयुस्तु ब्राह्मणाः ।
युद्धं कृत्वा तु शस्त्रास्त्रैर्न तदा पापभागिनः ॥३३२॥

अत्यन्त दुराचारी क्षत्रियलाई शस्त्रले सज्जित भएर लडाइँ गरेर ब्राह्मणले मार्‍यो भने त्यो ब्राह्मण पापभागी (पापी) हुँदैन ।

हीनं यदा क्षत्रकुलं नीचैर्लोकः प्रपीड्यते ।
तदापि ब्राह्मणा युद्धे नाशयेयुस्तु तान् द्रुतम् ॥३३३॥

जब क्षत्रियका कुलहरू हीन (असमर्थ) हुन्छन् र नीच जनहरूले दुनियालाई दुःख दिन लाग्छन्, त्यस समयमा पनि लडाइँ गरेर पनि ब्राह्मणहरूले ती नीचजनहरूलाई नाश गर्नुपर्छ ।

उत्तमं मान्त्रिकास्त्रेण नालिकास्त्रेण मध्यमम् ।
शस्त्रैः कनिष्ठं युद्धं तु बाहुयुद्धं ततोऽधमम् ॥३३४॥

मन्त्रको अस्त्रबाट हुने युद्ध उत्तम, तोप बन्दूक अस्त्रबाट हुने युद्ध मध्यम, शस्त्रबाट हुने युद्ध कनिष्ठ (निम्न) हो र हात-हालाहाल गरेर गरिने युद्ध अधम हो ।

मन्त्रेरितमहाशक्तिबाणाद्यैः शत्रुनाशनम् ।
मांत्रिकास्त्रेण तद्युद्धं सर्वयुद्धोत्तमं स्मृतम् ॥३३५॥

मंत्रेर फ्याँकिएको महाशक्ति (बर्छी) र मन्त्रेर फ्याँकिएको बाणबाट शत्रुलाई नाश गर्ने युद्धलाई 'मांत्रिक युद्ध' भनिन्छ र यस्तो युद्ध उत्तम मानिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नालाग्निचूर्णसंयोगाल्लक्षे गोलनिपातनम् ।
नालिकास्त्रेण तद्युद्धं महाह्रासकरं रिपोः ॥३३६॥

तोपमा बारूद भरेर ताकेका ठाउँमा गोला खसाल्नु । यसरी तोपबाट गरिएको युद्धबाट शत्रुको ठूलो खति गराउन सकिन्छ ।

कुंतादिशस्त्रसंघातैर्नाशनं रिपुणां च यत् ।
शस्त्रयुद्धं तु तज्ज्ञेयं नालास्त्राभावतः सदा ॥३३७॥

भाला आदि शस्त्रका समूहबाट शत्रुलाई मार्ने जुन काम हुन्छ त्यस युद्धलाई 'शस्त्रयुद्ध' भनिन्छ र यो युद्ध तोपहरूको अभावमा मात्र गरिन्छ ।

कर्षणैः संधिमर्माणां प्रतिलोमानुलोमतः ।
बंधनैर्घातनं शत्रोर्युक्त्या तद्बाहुयुद्धकम् ॥३३८॥

उल्टोपाल्टो परेर सन्धि (जोर्नी) र मर्म पर्ने ठाउँमा प्रतिलोम अनुलोम (उल्टापाल्टा) तरीकाबाट शत्रुलाई खिचेर जुक्तीले बाँधेर मार्ने कामलाई 'बाहुयुद्ध' भन्दछन् ।

वामपाणिकचोत्पीडा भूमौ निष्पेषणं बलात् ।
मूर्ध्नि पादप्रहरणं जानुनोदरपीडनम् ॥३३९॥
मालूराकारया मुष्ट्या कपोले दृढताडनम् ॥३४०॥
कफोनिपातोऽप्यसकृत् सर्वतस्तलताडनम् ।
जालेन युद्धे भ्रमणं नियुद्धं स्मृतमष्टधा ॥३४१॥

देब्रे हातले कपाल जर्काउनु, बलपूर्वक भूमिमा दलमल्याउनु, टाउकामा लात्ताले हिर्काउनु, घुँडाले पेट थिचिदिनु, बेलका फल जस्तो आकार बनाएको मुड्कीले गाला चड्काउनु, बारंबार कफ छदाउनु, जताततै (सर्वाङ्गमा) थप्पड लगाउनु, जालद्वारा लडाइँमा फनफनी रिंगाइदिनु, यति आठ प्रकारको लडाइँलाई 'नियुद्ध' भनिएको छ ।

चतुर्भिः क्षत्रियं हन्यात् पञ्चभिः क्षत्रियाधमम् ।
षड्भिर्वैश्यं सप्तभिस्तु शूद्रं संकरमष्टभिः ।
शत्रुष्वेतानि युञ्जीत न मित्रेषु कदाचन ॥३४२॥

पिट्दा चार पटक क्षत्रियलाई, क्षत्रियमा अधमलाई पाँच पटक, छ पटक वैश्यलाई, सात पटक शूद्रलाई र वर्णसंकरलाई आठ पटक पिट्नुपर्छ । यति कुरा शत्रुका उपर मात्र गर्नू मित्रलाई भने नगर्नू ।

नालास्त्राणि पुरस्कृत्य लघूनि च महन्ति च ।
तत्पृष्ठगांश्च पादातान् गजाश्वान् पार्श्वयोः स्थितान् ॥३४३॥
कृत्वा युद्धं प्रारभेत भिन्नामात्यबलारिणा ॥३४४॥

साना ठूला बन्दूक र तोपलाई अगाडि राखेर, त्यसका पछि पैदल सिपाही राखेर,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अगलबगलमा हात्ती घोडा राखेर, यसरी मन्त्रीको मन्त्रणा नभएको राजाका उपर जाइलागेर लडाइँ शुरू गर्नू ।

सांमुख्येन प्रपातेन पार्श्वाभ्यामपयानतः ।
युद्धानुकूलभूमेस्तु यावल्लाभस्तथाविधम् ॥३४५॥

आमनेसामने भएर, एकाएक आक्रमण गरेर, कोखातर्फबाट घिस्रेर पनि अथवा जसरी लडाइँ गर्न अनुकूल पर्ने जमीन छ र जति त्यसबाट लाभ (प्राप्ति) हुन्छ त्यो सबै विचार पुऱ्याएर मात्र लड्नुपर्दछ ।

सैन्यार्धांशेन प्रथमं सेनपैर्युद्धमीरितम् ।
अमात्यगोपितैः पश्चादमात्यैः सह तद्भवेत् ।
नृपसङ्गोपितैः पश्चात् स्वतः प्राणात्यये च तत् ॥३४६॥

लडाइँ गर्दा सेनाको आधा आधा भागले सेनाहरूको युद्ध हुन्छ र त्यसपछिबाट मन्त्री-मन्त्रीका सेनाहरू (दुवै तरफका मन्त्रीका सेना) को र फेरि त्यसपछि राजाका सेवकहरूका साथ र पछाडिबाट प्राणनाश हुने स्थिति देखिन आयो भने स्वयं राजा नै अघि सरेर लडाइँ गर्नुपर्छ ।

दीर्घाध्वनिपरिश्रान्तं क्षुत्पिपासाहितश्रमम् ।
व्याधिदुर्भिक्षकरकैः पीडितं दस्युविद्रुतम् ॥३४७॥
पंकपांसु जलस्कन्धव्यस्तं श्वासातुरं तथा ।
प्रसुप्तं भोजने व्यग्रमभूमिष्ठमसंस्थितम् ॥३४८॥
घोराग्निभयवित्रस्तं वृष्टिवातसमाहतम् ॥३४९॥
एवमादिषु जातेषु व्यसनैश्च समाकुलम् ।
स्वसैन्यं साधु रक्षेत् तु परसैन्यं विनाशयेत् ॥ ५०॥

लामो बाटो हिंडेर थाकेको, भोक र तिर्खाले युक्त भै थकित भएको, रोग, दुर्भिक्ष (अनिकाल) असिनाले पीडित भएको, धमिलो धूलो मिसिएको पानी पिएको, काँधमा असबाबले गर्दा अस्तव्यस्त भएको, स्याँ-स्याँ गरी दम बढेर आत्तिएको, सुतेको, खान लागेको, जमीनमा टेक्न नपाउने स्थितिमा रहेको, छरिएर बसेको, डरलाग्दो आगोबाट डराएको, हुरी र बतास-पानीले पिटिएको, यस्तै प्रकारका अरू आपत्‌हरू आइपरी आत्तिएको आफ्नो सेना (फौज) लाई राम्ररी रक्षा गर्न र शत्रुसेनातर्फ यस्तो परेको भए त्यसै अवस्थामा त्यस्तो शत्रुसेनालाई नाश गर्नुपर्छ ।

बलस्य व्यसनानीह यान्युक्तानि मनीषिभिः ।
मुख्यो भेदो हि तेषां तु पापिष्ठो विदुषां मतः ॥३५१॥

सेनाका जति दोषहरू यहाँ विद्वानहरूले भनेका छन् तिनीहरुमध्ये पापी भेद-नीति नै मुख्य छ भन्ने विद्वान्‌हरूको भनाइ छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भिन्ना हि सेना नृपतेर्दुः सन्देहा भवत्युत ।
मौला हि पुरुषव्याघ्र किमु नाना समुत्थिता ॥३५२॥

हे पुरुषव्याघ्र ! सेना छिन्न-भिन्न हुनु नै राजालाई खराब चिन्ता उब्जाउने हुन्छ। खानदानी सेना भेदिन गयो भने अरू अनेक प्रकारका सन्देह उठ्छन् भन्ने कुरामा केही शंका छैन ।

उपायान् षड्गुणं मन्त्रं शत्रोः स्वस्यापि चिन्तयेत् ।
धर्मयुद्धैः कूटयुद्धैर्हन्यादेव रिपुं सदा ॥३५३॥

राजाले उपायहरू, छ गुणहरू र मन्त्रणा के-कस्तो छ भन्ने कुरा शत्रुको र आफ्नूतर्फको (दुवैतर्फको) विचार गरोस् र धर्मयुद्ध अथवा कूटयुद्धले सदा शत्रुलाई मारोस् ।

याने सपादभृत्या तु स्वभृत्यान् वर्धयन्नृपः ।
स्वदेहं गोपयन् युद्धे चर्मणा कवचेन च ॥३५४॥

राजाले लडाइमा जाने समयमा आफ्ना फौजहरूलाई दिइआएको तलबको एक चौथाइ वढाओस् र लडाइँका मौकामा ढालले र कवचले आफ्नो शरीरको रक्षा गरोस् ।

पाययित्वा मदं सम्यक् सैनिकान् शौर्यवर्धनम् ।
उत्तेजितांश्च निर्द्वैधान् मन्त्रान् युद्धे नियोजयेत् ॥३५५॥

राजाले लडाइँका समयमा सेनाको सुर्याइँ वढाउनका लागि असल किसिमको मदिरा मनासिव मात्रामा खान देओस् र उनीहरूलाई उत्तेजित पारोस् कत्ति शंका नभएका मन्त्रणा (सल्लाह) हरूको मात्र लडाइँ भएका समयमा प्रयोग गरोस् ।

नालिकास्त्रेण खड्गाद्यैः सैनिकैः पातयेदरीन् ।
कुंतेन सादी बाणेन रथगो गजगोऽपि च ॥३५६॥

रथमा चढेर, हात्तीमा चढेर, घोडामा सवार भएर पनि भालाले, बाणले तोप र बन्दूकले, खड्ग आदिहरूले र सैनिकबाट पनि शत्रुलाई मार्नु (ढलाउनु) पर्छ ।

गजो गजेन यातव्यस्तुरगेण तुरङ्गमः ।
रथेन च रथो योज्यः पत्तिना पत्तिरेव च ।
एकेनैकश्च शस्त्रेण शस्त्रमस्त्रेण वास्त्रकम् ॥३५७॥

रथसँग रथ, हात्तीसँग हात्ती, घोडासँग घोडा र पदाति (पैदल रक्षक)सँग पदाति भिडिएर एउटासँग एउटा भिडिएर शस्त्र लिएकासँग शस्त्र लिएकाले र अस्त्र लिएकासँग अस्त्र लिएकाले नै भिडिएर युद्ध गर्नुपर्छ ।

न च हन्यात् स्थलारूढं न क्लीवं न कृतांजलिम् ।
न मुक्तकेशमासीनं न तवास्मीति वादिनम् ॥३५८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मैदान उक्लन लागेको, नपुंसक, हात जोडेको, कपाल फुकाएर बसेको, चूपचाप लागेर बसेको र म तिम्रै हुँ भन्ने उपर्युक्त प्रकारका यस्ता मानिसलाई मार्न हुँदैन ।

न सुप्तं न विसन्नाहं न नग्नं न निरायुधम् ।
न युध्यमानं पश्यन्तं युध्यमानं परेण च ॥३५९॥

सूतेकालाई, खिन्न भएकालाई, नाङ्गै भएकालाई, हतियार नलिएकालाई, लडाइँ गरेको हेर्नेलाई र अर्केसँग लडिरहेकालाई, यतिलाई मार्न हुन्न ।

पिवन्तं न च भुन्जानमन्यकार्याकुलं न च ।
न भीतं न परावृत्तं सतां धर्ममनुस्मरन् ॥३६०॥

पिउन लागेको, खान लागेको, लडाइँभन्दा अरू नै काम गर्न लागेको, डराएको, युद्धबाट भागेको यस्तो मानिसलाई सज्जनहरूले भनिएको धर्मलाई सम्झी यतिलाई मार्नु हुँदैन ।

वृद्धो बालो न हन्तव्यो नैव स्त्री केवलो नृपः ।
यथायोग्यं तु संयोज्य निघ्नन् धर्मो न हीयते ॥३६१॥

बूढो, बालक, स्त्रीजाति र एकलो परेको राजालाई पनि मार्नुहुन्न । तिनीहरूलाई यथायोग्य विचार गरेर मार्नैपर्ने ठहरे मारे पनि राजा धर्मबाट च्युत हुँदैन ।

धर्मयुद्धे तु कूटे वै न सन्ति नियमा अमी ।
न युद्धं कूटसदृशं नाशनं बलवद्रिपोः ॥३६२॥

माथि बताइएका नियमहरू धर्मयुद्धका निम्ति हुन् र कूटयुद्ध गर्दा यी कुनै नियम पनि छैनन् । शत्रुलाई मार्न कूटयुद्धभन्दा अर्को कुनै युद्ध छैन ।

रामकृष्णेन्द्रादिदेवैः कूटमेवाद्रितं पुर ।
कूटेन निहतो वालिर्यवनो नमुचिस्तथा ॥३६३॥

राम, कृष्ण र इन्द्र आदि देवताहरूले पहिले पनि कूटयुद्धलाई नै आदर गरेका छन् । कूटयुद्धद्वारा नै वालि, यवन र नमुचिलाई मारेका हुन् ।

प्रफुल्लवदनेनैव तथा कोमलया गिरा ।
अंगीकृतापराधेन सेवादाननतिस्तवैः ॥३६४॥
उपकारैः स्वाशयेन दिव्यैर्विश्वासयेत् परम् ।
क्षुरधारेण मनसा रिपोश्छिद्रं सुलक्षयेत् ॥३६५॥

बाहिर हँसिलो अनुहार लाएर, कोमल बचनले, अपराध स्वीकार गरेर, सेवा, दान, नम्रता र स्तुति (गुणगान) गरेर, आफ्नो आशयअनुसारका किरिया (शपथ) हालेर, छुराको धार जस्तो मन लिएर, खूब विश्वास पारी शत्रुका छिद्रहरू राम्ररी पत्ता लगाउनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवमानं पुरस्कृत्य मानं कृत्वा तु पृष्ठतः ।
स्वकार्यं साधयेत् प्राज्ञः कार्यध्वंसो हि मूर्खता ॥३६६॥

अपमानलाई सहेर, मानलाई पछाडि राखी बुद्धिमान् व्यक्तिले आफ्नो कार्यसिद्धि गर्नुपर्छ । काम बिगार्नु त मूर्खता हो ।

मञ्चासीनः शतानीकः सेनाकार्यं विचिन्तयन् ।
सदैव व्यूहसंकेतवाद्यशब्दांतवर्तिनः ।
संचरेयुः सैनिकाश्च राजराष्ट्रहितैषिणः ॥३६८॥

मंचमा बसेर सेनापतिले सेनाको कार्यविधि विचार गरोस् । राजा र राष्ट्रको हित चिताउने सैनिकहरूले पनि सदा व्यूह (मोर्चा) र संकेत गरिने बाजाका शब्दलाई विचार गरी गरी यताउति डुल्नु (घुम्नु) पर्छ ।

भेदितां शत्रुणा दृष्ट्वा स्वसेनां घातयेच्च ताम् ।
प्रत्यग्रे कर्मणि कृते योधैर्दद्याद्धनं च तान् ।
पारितोष्यञ्चाधिकारं क्रमतोऽर्हं नृपः सदा ॥३६९॥

राजाले आफ्नो सेनालाई शत्रुसेनाले छिन्न भिन्न पारेमा त्यसलाई रक्षा गरोस् । सैनिक योद्धामध्ये कसैले कुनै ठूलो कार्यसिद्धि गर्‍यो भने त्यसलाई राजाले क्रमशः धन, पुरस्कार अथवा उत्तम अधिकार (ठूलो दर्जा) काम हेरी यी तीनमा जुन मनासिब पर्छ त्यो देओस् ।

जलान्नतृणसंरोधैः शत्रून् संपीड्य यत्नतः ।
पुरस्ताद्विषमे देशे पश्चाद्धन्यात् तु वेगवान् ॥३७०॥

राजाले जल, अन्न, तृण (सागपात) लाई रोकिदिएर यत्नले शत्रुलाई निर्बलियो पारेर आफ्ना अगाडि विषम देशमा बसेको शत्रुलाई पछाडिबाट आफ्नो सेनाको बल बढाएर आक्रमण गरोस् ।

कूटस्वर्णमहादानैर्भेदयित्वा द्विषद्बलम् ।
नित्यविस्रंभसंसुप्तं प्रजागरकृतश्रमम् ॥३७१॥
विलोभ्यापि परानीकमप्रमत्तो विनाशयेत् ।
तत्सहायबलं नैव व्यसनाप्तमपि क्वचित् ॥३७२॥

अरू धातुमा पालिस मात्र लगाएर बनाएको सुन दिएर शत्रुको सेना भड्काउनुपर्छ । विश्वास लिएर सुतेको, बिउँझेकै भए पनि थाकेको शत्रुको सेनालाई विशेष लोभ देखाएर नित्य सावधान भै राजाले शत्रुसेनालाई नष्ट पार्नुपर्छ, तर शत्रुलाई मद्दत गर्न आएका अरू मित्रका सेनाहरूलाई भने संकटमा परेकै छ भने पनि मारिहाल्न हुँदैन ।

स्वसमीपतरं राज्यं नान्यस्माद् ग्राहयेत् क्वचित् ॥३७३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पक्ष युद्धाय सज्जेत क्षणं चापसरेत् पुनः ।
अकस्मान्निपतेद् दूराद्दस्युवत् परितः सदा ॥३७४॥

राजाले आफ्ना राज्यका नगीचमा रहेको राज्य अर्को राजालाई दिन दिन हुँदैन। राजाले लडाइँका लागि तुरुन्तै ठीकठाक हुनुपर्छ र तुरुन्तै चूपचाप (शामसुम्म) हुनु पनि पर्छ। अचानक चोरले झैं चारैतिरबाट प्रहार गर्नु पनि पर्छ, (राजाले यस्ता युद्धका कला जान्नुपर्छ)।

रूप्यं हेम च कुप्यं च यो यज्जयति तस्य तत् ।
दद्यात् कार्यानुरूपं च हृष्टो योधान् प्रहर्षयन् ॥३७५॥

राजाले चाँदी, सून र धन जुन योद्धाले जति लुट्न सकेको छ त्यो त्यसैको हुन्छ भनी लडाका योद्धाहरूलाई खुशी पार्न त्यो धन दिनुपर्छ अथवा काम गरेअनुसार विभाजन गरेर दिनू ।

विजित्य च रिपूनेवं समादद्यात् करं तथा ।
राज्यांशं वा सर्वराज्यं नन्दयीत ततः प्रजाः ॥३७६॥

यस प्रकार राजाले शत्रुलाई जितेर त्यसको सबै राज्य वा राज्यको केही भाग वा यति भनेर तोकिएको कर लेओस् र अनि शत्रुका राज्यमा भएका प्रजाहरूलाई खुशी पारोस्।

तूर्यमङ्गलघोषेण स्वकीयं पुरमाविशेत् ।
तत्प्रजाः पुत्रवत् सर्वाः पालयीतात्मसत्कृताः ॥३७७॥

राजा यसरी शत्रुका प्रजाहरूलाई आफ्ना अधीनमा राखेर छोराझैं तिनीहरूको पालन-पोषणको व्यवस्था मिलाई तुरही आदि मङ्गलका बाजा बजाउँदै आफ्नो नगर (शहर) मा प्रवेश गरोस् ।

नियोजयेन्मंत्रिगणमपरं मन्त्रचिन्तने ।
देशे काले च पात्रे च ह्यादिमध्यावसानतः ।
भवेन्मन्त्रफलं कीदृगुपायेन कथं त्विति ॥३७८॥

राजाले एक ठाउँ जितेर फर्केपछि फेरि मन्त्रिगणलाई देश, काल, पात्र र अहिल्यै वा अलि पछि अथवा निकै पछि मन्त्रणा (सल्लाह) को कुरा कुन उपायले कसरी सिद्ध होला भनी अर्को मन्त्रणा गर्नू भनी आज्ञा देओस् ।

मंत्र्याद्यधिकृतः कार्यं युवराजाय बोधयेत् ।
पश्चाद्राज्ञे तु तैः साकं युवराजो निवेदयेत् ॥३७९॥

मंत्री आदि नियुक्त गरिएका अधिकारीहरूले जो भएको काम युवराजलाई बिन्ती चढाउनु र त्यसपछि युवराजले पनि तिनीहरूलाई साथमा लिएर त्यो कुरा राजालाई बिन्ती चढाउनु (जाहेर गर्नु) पर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा संशादयेदादौ युवराजं ततस्तु सः ।
युवराजो मंत्रिगणान् राजाग्रे तेऽधिकारिणः ॥३८०॥

राजाले पहिले युवराजलाई उपदेश गर्नु, त्यसपछि युवराजले पनि मन्त्रिगणलाई उपदेश गर्नु, त्यो काम समाप्त भएपछि युवराजसहित नियुक्त गरिएका अरू अधिकारीले त्यो कुरा राजाका समक्ष निवेदन गर्नुपर्दछ ।

सदसत् कर्म राजानं बोधयेद्धि पुरोहितः ॥३८१॥

पुरोहितले राजालाई यो असल काम हो र यो हैन भनी ज्ञान गराउनुपर्छ ।

ग्रामाद्बहिः समीपे तु सैनिकान् धारयेत् सदा ।
ग्राम्यसैनिकयोर्न स्यादुत्तमर्णाधमर्णता ॥३८२॥

राजाले बाहिर गाउँका नगीचै सेनालाई सदा राखोस् । कहिल्यै ग्रामीण जनता र सैनिकका बीचमा लेनदेन गर्नु हुँदैन ।

सैनिकार्थं तु पण्यानि सैन्ये संधारयेत् पृथक् ।
नैकत्र वासयेत् सैन्यं वत्सरं तु कदाचन ॥३८३॥

सैनिकको लागि किनमेलको लागि सेनाद्वारा नै बेग्लै बजार बनाउनुपर्छ । सेनालाई वर्षदिनसम्म एकै ठाउँमा राख्नु हुँदैन ।

सेनासहस्रं सज्जं स्यात् क्षणात् संशासयेत् तथा ।
संशासयेत् स्वनियमान् सैनिकानष्टमे दिने ॥३८४॥

जसरी एक हजार सेना तुरुन्तै जम्मा गर्न सकिन्छ त्यस्ता प्रकारको शिक्षा फौजलाई दिनुपर्छ र फौजलाई प्रत्येक आठ-आठ दिनमा उनीहरूका नियम (कानून) को शिक्षा दिंदै रहनुपर्छ ।

चण्डत्वमाततायित्वं राजकार्ये विलंबनम् ।
अनिष्टोपेक्षणं राज्ञः स्वधर्मपरिवर्जनम् ॥३८५॥
त्यजन्तु सैनिका नित्यं सल्लापमपि वा परैः ।
नृपाज्ञया विना ग्रामं न विशेयुः कदाचन ॥३८६॥

रिसाउने काम, आततायी बनिने, कामको बिलंब हुने, राजाको अनिष्ट हुने कुरामा बास्ता नगर्ने कुरा, आफ्नो धर्म जाने काम, शत्रुहरूसँग गफगाफ गर्ने काम, यति कुरा रक्षक (सिपाही) ले गर्न हुँदैन र राजाको आज्ञाविना गाउँमा कहिल्यै पस्न पनि हुँदैन ।

स्वाधिकारिगणस्यापि ह्यपराधं दिशंतु न ।
मित्रभावेन वर्तध्वं स्वामिकृत्ये सदाखिलैः ॥३८७॥

सैनिकहरूले आफ्ना अधिकारिगणको कुनै अपराध छ भने त्यो पनि भन्नु हुन्न र स्वामीको काम गर्दा परस्परमा मित्रभावले सबैले सधैं रहनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूज्ज्वलानि च रक्षन्तु शस्त्रास्त्रावसनानि च ।
अन्न जलं प्रस्थमात्रं पात्रं बह्वन्नसाधकम् ॥३८८॥

सैनिकहरूले आफ्ना हातहतियार र लुगाहरू सधैं सफा राखी तिनको हेरचाह गर्नुपर्छ र अन्न र जल प्रस्थ-प्रमाणको र भाँडा भने धेरै अन्न पकाउन सकिने (ठूला) राख्नुपर्छ ।

शासनादन्यथाचारान् विनेष्यामि यमालयम् ।
भेदयित्वा रिपुधनं गृहीत्वा दर्शयन्तु माम् ॥३८९॥
सैनिकैरभ्यसेन्नित्यं व्यूहाद्यनुकृतिं नृपः ।
तथायनेऽयने लक्ष्यमस्त्रपातैर्विभेदयेत् ॥३९०॥

'आफ्नो प्रशासन (नियम) भन्दा अरू कुरा गर्न लाग्यौ भने म तिमीहरूलाई यमराजको घर पुऱ्याउँछु र जितेका शत्रुबाट कति धन ल्यायौ त्यो मलाई देखाऊ' भनी राजाले सैनिकलाई भनोस् र आफ्ना सेनालाई सधैं व्यूह (मोर्चा) बनाउने आदि अभ्यास गराओस् र उनीहरूका साथ आफूले पनि गरोस् । अनि अयन-अयनमा (६-६ महीनामा) निशाना लगाई अस्त्र-प्रयोग गर्ने अभ्यास पनि गराओस् ।

सायं प्रातः सैनिकानां कुर्यात् संगणनं नृपः ।
जात्याकृतिवयोदेशग्रामवासान् विमृश्य च ॥३९१॥
कालं भृत्यवधिं देयं दत्तं भृत्यस्य लेखयेत् ।
कति दत्तं हि भृत्येभ्यो वेतनं पारितोषिकम् ।
तत्प्राप्तिपत्रं गृह्णीयात् दद्याद्वेतनपत्रकम् ॥३९२॥

राजाले बिहान र बेलुका फौजको संख्या जाँच्नुपर्छ । जाति, अनुहार, उमेर, देश, गाउँ, बसेको ठाउँ हेरी यतिञ्जेलसम्म यसलाई यो काम दिनू र त्यसबापत यति दिनू भन्नुपर्छ र त्यस सेवकलाई कति तलब दिइयो र कति पुरस्कार (बकस) दिइयो त्यो पनि लेख्नुपर्छ । त्यसरी लिनेबाट यति मैले लिएँ भन्ने पत्र (कागज) लिई उसलाई पनि तलब वा भत्ता लिन मिल्ने कुनै प्रामाणिक कागत (वेतनपत्र) गरिदिनुपर्छ ।

सैनिकाः शिक्षिता ये ये तेषु पूर्णा भृतिः स्मृता ।
व्यूहाभ्यासे नियुक्ता ये तेष्वर्धां भृतिमावहेत् ॥३९३॥

अभ्यास प्राप्त गरिसकेका (शिक्षित) जो जो सैनिक छन् तिनीहरूलाई तलब वा नोकरी पूरा दिनू । व्यूहको अभ्यासमा लागेका सैनिकलाई भने आधा भृति (तलब) दिनू ।

असत्कर्त्राश्रितं सैन्यं नाशयेच्छत्रुयोगतः ॥३९४॥

शत्रुले भड्काउँदा भट्केर खराब काम गर्ने सेनालाई लडाइँमा शत्रुसँग लडाएर नाश गर्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नृपस्यासद्गुणरताः के गुणद्वेषिणो नराः ॥३९५॥
असद्गुणोदासीनाः के हन्यात् तान् विमृशन् नृपः ॥३९५॥

राजाको खराब काम (बदख्वाई) गर्न को को लागेका छन्, को को राजाको गुणको निन्दा गर्दै हिंड्छन् र कुन कुन असद् गुणी छन् र के कति उदासीन छन् यिनीहरू सबैलाई राजाले हेरी खोजी समाप्त गर्नुपर्छ ।

सुखासक्तांस्त्यजेद्भृत्यान् गुणिनोऽपि नृपः सदा ।
सुस्वांतलोकविश्वस्ता योज्यास्त्वंतःपुरादिषु ।
धार्याः सुस्वांतविश्वस्ता धनादिव्ययकर्मणि ॥३९६॥

राजाले गुणी भए पनि ज्यादै सुखमा आसक्त भएका छन् भने त्यस्ता सेवकलाई छोड्दिनु , असल अन्तःकरण भएका, दुनियाले पत्याएकालाई अन्तःपुरमा नियुक्त गर्नु र आफूलाई विश्वास लागेकालाई धन आदि खर्च गर्ने काममा नियुक्त गर्नुपर्छ ।

तथा हि लोकविश्वस्तो बाह्यकृत्ये नियुज्यते ।
अन्यथा योजितास्ते तु परिवादाय केवलम् ॥३९७॥

त्यस्तै जनताले पत्याएकालाई बाहिरका काममा नियुक्त गर्नू । यसो नगरी जथा-भावी नियुक्त गर्नाले खाली अपवाद मात्र आइलाग्छ ।

शत्रुसंबंधिनो ये ये भिन्ना मन्त्रिगणादयः ।
नृपदुर्गुणतो नित्यं हृतमाना गणाधिकाः ॥३९८॥
स्वकार्यसाधका ये तु सुभृत्या पोषयेच्च तान् ॥३९९॥

जो जो शत्रुसँग मिलेका छन् त्यस्ता व्यक्ति र परस्परमा फुटेका (राय मात्र बझाउने) जो मंत्रिगणहरू छन् ती र जा राजाका वैगुण मात्र औंसार्ने छन् यस्ता यिनीहरूको राजाले संमान (पदवी) खोस्नुपर्छ र आफ्नो काम सिद्ध गर्ने जो जो असल सेवक छन् तिनीहरूलाई भने भरण-पोषण गर्नुपर्छ ।

लोभेनासेवनाद्भिन्नास्तेष्वर्धां भृतिमावहेत् ।
शत्रुत्यक्तान् सुगुणिनः सुभृत्या पालयेन्नृपः ॥४००॥

जुन सेवकहरू लोभी छन् र उस्तो सेवा पनि गर्दैनन् त्यस्ता सेवकलाई (सच्चा सेवकले पाउने तलबको) आधा तलब दिनू र शत्रुले छोडेका असल गुणीहरूलाई भने राम्रो (धेरै) तलब दिएर राजाले पालोस् ।

परराष्ट्रे हृते दद्याद् भृतिं भिन्नावधिं तथा ।
दद्यादर्धां तस्य पुत्रे स्त्रियै पादमितां किल ॥४०१॥

राजाले अर्काको राज्य जितेपछि त्यो जितिएको देशको राजालाई भत्ता वा तोकिएको तलब दिनू । त्यो राजाका छोरालाई उसका बाबूले पाएको भत्ता वा तलबको आधा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र उसकी रानीलाई त्यसको (त्यो राजाले पाउने तलब वा भत्ताको) चार भागको एक भाग देओस् ।

हतराज्यस्य पुत्रादौ सद्गुणे पादसंमितम् ।
दद्याद्वा तद्राज्यतस्तु द्वात्रिंशांशं प्रकल्पयेत् ।
हतराज्यस्य निचितं कोशं भोगार्थमाहरेत् ॥४०२॥

अथवा त्यस्तो राज्यहरण गरिएका राजाका छोराहरू गुणी छन् भने उसका राज्यको चार भागको एक भाग राज्य दिनू अथवा त्यसका राज्यको (जितेका राज्यको) बत्तीस भागको एक भाग दिनू र त्यस राज्यमा संचित गरेर राखेको ढुकुटी भने राजाले आफूले खर्च गर्न लिएर आओस् ।

कौसीदं वा तद्धनस्य पूर्वोक्तार्धं प्रकल्पयेत् ।
तद्धनं द्विगुणं यावन्न तदूर्ध्वं कदाचन ॥४०३॥

अथवा त्यो जितेका राज्यको ढुकुटीमा रहेको धनको आधा माथि बताएअनुसार राजा-रानीमा र छोरामा विभाजन गरी बाँकी आधा जहाँसम्म दोब्बर हुँदैन त्यहाँसम्म शत्रुके राज्यमा ब्याज लगाओस्, दोब्बर भएपछि त्यसभन्दा बढी ब्याज नलिनू ।

स्वमहत्त्वद्योतनार्थं हतराज्यान् प्रधारयेत् ।
प्राङ्मानैर्यदि सद्वृत्तान् दुर्वृत्तांस्तु प्रपीडयेत् ॥४०४॥

राजाले आफ्नो गौरव कायम गर्नाका लागि जसको राज्य हरण गरिएको छ, यदि गुणवान् छ भने, त्यो राजासहित सबैलाई पालना गर्नू र खराब बानीबेहोराका भए त दण्ड-सजायद्वारा नियन्त्रण गरोस् ।

अष्टधा दशधा वापि कुर्याद् द्वादशधापि वा ।
यामिकार्थमहोरात्रं यामिकान् वीक्ष्य नान्यथा ॥४०५॥

राजाले पहर-पहरमा पालो बस्ने पहरादारहरू ठाउँ हेरी एक प्रहरको लागि आठ दश अथवा बाह्र वटासम्म तैनाथ गरी रातदिन पालो बस्न लगाउनुपर्छ ।

आदौ प्रकल्पितानंशान् भजेयुर्यामिकास्तथा ।
आद्यः पुनस्त्वंतिमांशं स्वपूर्वांशं ततोऽपरे ॥४६॥
पुनर्वा योजयेत्तद्वदाद्येऽन्त्यं चांतिमे ततः ।
स्वपूर्वांशं द्वितीयेऽह्नि द्वितीयादिक्रमागतम् ॥४०७॥

तो पहरादारहरू जब नियुक्त हुन्छन् र तिनीहरूको पालो बस्ने समय पनि तोकिन्छ, तब तिनीहरू त्यसको पूर्णतया पालन गरून् । त्यसरी पालो बस्ता यिनीहरू पहिले बस्ने त्यसपछि यी यी बस्ने भनी मिलाउनू अथवा पहिले बस्नेलाई दोस्राले पालो बसेपछि सबभन्दा पछि पार्ने वा प्रहर घुम्याएर पहिला प्रहरमा बस्नेलाई चौथो प्रहर दोस्रालाई पहिलो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रहर अथवा समय-विभाजन गरी बदलेर पहिलो दिन योपछि यो बस्ने, दोस्रो दिन योपछि यो योपछि यो बस्ने भन्न क्रमशः प्रबन्ध मिलाउनुपर्छ ।

चतुर्भ्यस्त्वधिकान् नित्यं यामिकान् योजयेद्दिने ।
युगपद्योजयेद्दृष्ट्वा बहून् वा कार्यगौरवम् ॥४०८॥

दिनमा पहरादार चारभन्दा बढी नै संख्यामा सधैं नियुक्त गर्नपर्छ अथवा कामको स्थिति हेरी धेरैलाई एकै समयमा पनि नियुक्त गर्नुपर्छ ।

चतुरुनान् यामिकांस्तु कदा नैव नियोजयेत् ॥४०९॥

चार वटाभन्दा कम्ती पहरादार कहिल्यै नियुक्त नगर्न ।

यद्रक्ष्यमुपदेक्ष्यं यदादेश्यं यामिकाय तत् ।
तत्समक्षं हि सर्वं स्याद्यामिकोऽपि च तत् तथा ॥४१०॥

जुन कुराको रक्षा गर्नुपर्छ, जुन उपदेश (अर्ती वा नियम) छ र जुन आदेश (आज्ञा) छ त्यो कुरा त्यस पहरादारलाई उसकै अगाडि अवगत गराउनुपर्छ र त्यसले पनि त्यहीअनुसार गरोस् ।

कीलकोष्ठे तु स्वर्णादि रक्षेन्नियमितावधि ।
स्वाशांते दर्शयेदन्ययामिकं तु यथार्थकम् ।
क्षणे क्षणे यामिकानां कार्यं दूरात् सुबोधनम् ॥४११॥

कीलै कीला ठोकिएको कोठामा सुन आदि नियमित समयसम्म राख्नुपर्छ । पहिला पालो बसेको चपटेले आफ्नो समय सकिएपछि दोस्रो चपटेलाई यथार्थ रूपले कुरा बुझाउनुपर्छ र छिन-छिनमा यामिक (चपटे) लाई टाढैबाट काम-कुरो बुझाउनुपर्छ ।

सत्कृतान् नियमान् सर्वान् यदा संपालयेन्नृपः ।
तदैव नृपतिः पूज्यो भवेत् सर्वेषु नान्यथा ॥४१२॥

जबसम्म राजाले आफूले लगाएका नियमहरूको स्वयं पालन गर्छ त्यहाँसम्म त्यो सबैको सम्माननीय हुन्छ । अन्यथा त्यसलाई कसैले पनि टेर्दैनन् ।

यस्यास्ति नियतं कर्म नियतः सद्ग्रहो यदि ।
नियतोऽसद्ग्रहत्यागो नृपत्वं सोऽश्नुतेचिरम् ॥४१३॥

जुन राजाको काम नियत छ र आग्रह पनि असल र नियत छ, खराब आग्रह गर्ने कुरा पनि नियत (नियमित) छ भने त्यही राजाले धेरै कालसम्म राज्यको भोग गर्छ ।

यस्यानियमितं कर्म साधुत्वं वचनं त्वपि ।
सदैव कुटिलः सख्युः स्वपदात् द्राग्विनश्यति ॥४१४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन राजाको काम अनियमित (नियमरहित) छ, मित्रहरूमा सदा कुटिलता लिइरहने त्यस्ता राजाको बोली-वचन असल भए पनि त्यो आफ्नो पदवी (राजाको पदवी) बाट चाँडै नै नाश हुन्छ ।

नापि व्याघ्रगजाः शक्ता मृगेन्द्रं शाशितुं यथा ।
न तथा मंत्रिणः सर्वे नृपं स्वच्छन्दगामिनम् ॥४१५॥

जस्तो बाघ र हात्तीहरू सिंहका उपर शासन गर्न सक्तैनन् त्यस्तै स्वच्छन्दचारी राजालाई संपूर्ण मन्त्रीहरू पनि शासन गर्न सक्तैनन् ।

निभृताधिकृतास्तेन निस्सारत्वं हि तेष्वतः ।
गजो निबध्यते नैव तूलभारसहस्रकैः ॥४१६॥

ती मन्त्रीहरू राजाले नै पालिएका र अधिकार दिइएका हुनाले तिनीहरूमा राजामाथि शासन गर्ने दृढता हुँदैन, किनभने हजारौं भार (कुनै परिमाण) कपासबाट हात्ती कहिल्यै बाँधिन सक्तैन ।

उद्धर्तुं द्राग्गजः शक्तः पंकलग्नं गजं बली ।
नीतिभ्रष्टनृपं त्वन्यनृप उद्धरणक्षमः ॥४१७॥

जस्तो बलवान् हात्तीले हिलोमा गाडिएको अर्को हात्तीलाई तुरुन्तै झिकेर उद्धार गर्न सक्छ त्यस्तै नीतिबाट भ्रष्ट भएको राजालाई पनि नीतिमान् अर्को राजाले नै उद्धार गर्न सक्छ ।

बलवन्नृपभृत्येऽल्पेऽपि श्रीस्तेजो यथा भवेत् ।
न तथा हीननृपतौ तन्मन्त्रिष्वपि नो यथा ॥४१८॥

बलवान् राजाका पछि लाग्ने तुच्छ नोकरहरूको पनि जस्तो श्री तेज (मुखको प्रसन्नता वा फुर्ती) हुन्छ त्यस्तो नीतिहीन तुच्छ राजा र उसका मन्त्रीहरूमा पनि हुँदैन ।

बहूनामैकमत्यं हि नृपतेर्बलवत्तरम् ।
बहुसूत्रकृतो रज्जुः सिंहाद्याकर्षणक्षमः ॥४१९॥

जनता, मन्त्री आदि धेरैको एकमत हुनु नै राजाको बल (शक्ति) हो भनेर मानिएको छ; जस्तै– सानासाना धागाहरू मिलाएर एकगठ भएको (बाटिएको) डोरीले सिंह आदिलाई पनि खिच्न समर्थ हुन्छ ।

हीनराज्यो रिपुभृत्यो न सैन्यं धारयेद्बहु ।
कोशवृद्धिं सदा कुर्यात् स्वपुत्राद्यभिवृद्धये ॥४२०॥

अर्का राजाले राज्य हरण गरिएको र राजाकै सेवक भएर बसेको त्यस्तो राजाले धेरै सेना नराखोस्, बरु आफ्ना छोराहरूको उत्तरोत्तर वृद्धिका लागि ढुकुटी बढाउने कामगरोस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्षुधया निद्रया सर्वमशनं शयनं शुभम् ।
भवेद्यथा तथा कुर्यादन्यथाशुदरिद्रकृत् ॥४२१॥

भोक लागेका वेलामा खानु र निद्रा लागेका वेलामा सुत्नु यो कुरा जसरी भए पनि पुन्याउनु साह्रै असल (हितकारी) मानिएको छ अन्यथा भोक लागे सुत्ने र निद्रा लागे खाने गर्नाले त्यो व्यक्ति चाँडै दरिद्री हुन्छ ।

दिशानया व्ययं कुर्यान्नृपो नित्यं न चान्यथा ॥४२२॥

राजाले यस्ता प्रकारले सदा (समयको र धनको) व्यय गर्नुपर्छ, अन्यथा नगरोस् ।

धर्मनीतिविहीना ये दुर्बला अपि वै नृपाः ।
सुधर्मबलयुग्राज्ञा दंड्यास्ते चौरवत् सदा ॥४२३॥

धर्म र नीतिले हीन भएका अरू जो दुर्वल राजाहरू छन् तिनीहरूलाई असल धर्म र बल (शक्ति) ले युक्त भएका राजाले सदा चोरलाई गर्ने सजाय गर्न ।

सर्वधर्मावनान्नीचनृपोऽपि श्रेष्ठतामियात् ।
उत्तमोऽपि नृपो धर्मनाशनान्नीचतामियात् ॥४२४॥

संपूर्ण धर्महरूको रक्षा गर्नाले नीच राजा पनि उत्तम गनिन्छ र उत्तम (श्रेष्ठ) राजा छ तापनि धर्मछाडा भयो भने त्यो नीच हुन जान्छ ।

धर्माधर्मप्रवृत्तौ तु नृप एव हि कारणम् ।
स हि श्रेष्ठतमो लोके नृपत्वं यः समाप्नुयात् ॥४२५।

किनभने धर्म र अधर्मका प्रवृत्तिको विषयमा मूल कारण राजा नै हुन्छ र लोकमा त्यही नै सर्वोत्तम छ– जो राजा हुन्छ ।

मन्वाद्यै राहतो योऽर्थस्तदर्थे भार्गवेण वै ।
द्वाविंशतिशतं श्लोका नीतिसारे प्रकीर्तिताः ॥४२६॥

जुन अर्थ (प्रयोजनीय कुरा) मनु आदिले भनेका छन्, त्यही कुरा शुक्राचार्यले भनेका छन् र यो नीतिसारमा बाइस सय श्लोक छन् भनिएको छ ।

शुक्रोक्तनीतिसारं यश्चिन्तयेदनिशं सदा ।
व्यवहारधुरं वोढं स शक्तो नृपतिर्भवेत् ॥४२७॥

जसले शुक्राचार्यले बताइएको यो नीतिसारलाई रातदिन चिन्तन (मनन) गर्छ त्यस्तो राजा राज्य व्यवहारको भार उठाउन समर्थ हुन्छ ।

न कवेः सदृशा नीतिस्त्रिषु लोकेषु विद्यते ।
काव्यैव नीतिरन्या तु कुनीतिर्व्यवहारिणाम् ॥४२८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुक्रनीति जस्तो अरू नीति तीन लोकमै छैन। व्यवहारी मानिसका लागि शुक्रनीति नै नीति हो र अरू त कुनीति हुन्।

नाश्रयन्ति च ये नीतिं मन्दभाग्यास्तु ते नृपाः।
कातर्याद्धनलोभाद्वा स्युर्वै नरकभाजनाः ॥४२६॥

जुन राजाहरू कातरपना र धनका लोभले गर्दा यस्ता नीतिहरूको आधार लिंदैनन्, तिनीहरू अभागी हुन् र तिनीहरू नरकमा पर्दछन् (नीति नजान्ने राजाहरू कातरता र लोभले गर्दा नरकगामी हुन्छन्)।

इति सेनानिरूपणं नाम सप्तमं प्रकरणम्, चतुर्थोध्यायश्च समाप्तः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ

पञ्चमोऽध्यायः

नीतिशेषं खिले वक्ष्ये ह्यखिलं शास्त्रसंमतम् ।
सप्ताङ्गानां तु राज्यस्य हितं सर्वजनेषु वै ॥१॥

अब सबै शास्त्रहरूले सम्मति प्रदान गरिएको र संपूर्ण नीतिको जुन बाकी अंश (भाग) छ त्यो भन्दछु । जसो गर्दा सबै मानिसको हित (कल्याण) हुन्छ त्यस्तो राज्यका सात वटा अङ्ग हुन्छन् ।

शतसंवतसरान्तेऽपि करिष्याम्यात्मसाद्रिपुम् ।
इति संचिन्त्य मनसा रिपोश्छिद्राणि लक्षयेत् ॥२॥

राजाले 'एक सय वर्षपछि पनि शत्रुलाई आफ्नो वशमा ल्याइछोडनेछु' भन्ने मनमा चिताएर यस्तो विचार गरेर शत्रुका छिद्रहरू हेर्नुपर्छ ।

राष्ट्रभृत्यविशंकी स्याद्धीनमन्त्रबलो रिपुः ।
युक्त्या तथा प्रकुर्वीत सुमन्त्रबलयुक् स्वयम् ॥३॥

असल मन्त्रणा र वल (शक्ति) भएको राजाले त्यस्तो जुक्ती गरोस्, जुन गर्नाले आफ्नो शत्रु मन्त्रणा र बलवाट हीन र आफ्नो राष्ट्र र आफ्ना सेवकका प्रति पनि शंका गर्ने होओस् ।

सेवया वा वणिग्वृत्या रिपुराष्ट्रं विमृश्य च ।
दत्ताभयं सावधानो व्यसनासक्तचेतसम् ।
मार्जारलुब्धबकवत् संतिष्ठन् नाशयेदरिम् ॥४॥

सेवा (चाकरी) गर्ने वा व्यापार गर्ने निहुँले शत्रुको राष्ट्रलाई राम्ररी हेरी शत्रुलाई अभय दान (म केही गर्दिनँ भन्ने वचन)दिएर सावधान भै उसका राज्यमा बसेर व्यसनमा चित्त लाएको शत्रुलाई विरालो,व्याधा र बकुल्लो झैं बनी राजाले शत्रुको संहार गर्नपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सेनां युद्धे नियुञ्जीत प्रत्यनीकविनाशिनीम् ।
न युञ्ज्याद्रिपुराष्ट्रस्थां मिथः स्वद्वेषिणीं न च ॥५॥

शत्रुको सेनालाई नाश पार्न सक्ने सेनालाई मात्र लडाइँमा पठाउनुपर्छ र शत्रुका मुलुकमा रहेको र आफ्नै राष्ट्रमा भए पनि परस्परमा द्वेष (रिस-इबी) गर्ने सेनालाई भने लडाइँमा पठाउनु हुँदैन।

न नाशयेत् स्वसेनां तु सहसा युद्धकामुकः ।
दानमानैर्वियुक्तोऽपि न भृत्यो भूपतिं त्यजेत् ॥६॥

लड्न चाहने राजाले विचार नगरी सहसा त्यसै आफ्नो सेनाको नाश पार्नु हुँदैन र दान तथा संमान राजाले नदिए पनि सेवकले आफ्ना राजालाई छोड्नु हुँदैन ।

समये शत्रुसान्नैव गच्छेज्जीवधनाशया ।
मेघोदकैस्तु या पुष्टिः सा किं नद्यादिवारितः ॥७॥
प्रजापुष्टिर्नृपद्रव्यैस्तथा किं धनिनां धनात् ॥८॥

सच्चा सेवकले उस्तै मौकामा जीवन र धनको रक्षाका लागि शत्रुका अधीन नहुनू । जुन पुष्टि (पोषण) मेघबाट वर्सेको जलबाट हुन्छ के त्यस्तो पुष्टि नदी-हरूका पानीबाट हुन्छ र ? राजाले दिएका धनबाट प्रजाको जस्तो पुष्टि होला त्यस्तो पुष्टि धनीका धनबाट हुन्छ र ?

दर्शयन् मार्दवं नित्यं महावीर्यबलोऽपि च ।
रिपुराष्ट्रे प्रविश्यादौ तत्कार्ये साधको भवेत् ॥९॥

ठूलो पराक्रम र बल (शक्ति) भएको राजाले पनि सदा नम्र भाव लिएर शत्रुका राष्ट्रमा पसेर पहिले उसले गनुपर्ने काममा सघाउनुपर्छ ।

संजातबद्धमूलस्तु तद्राज्यमखिलं हरेत् ।
अथ तद्द्विष्टदायादान् सेनपानंशदानतः ।
तद्राज्यस्य वशीकुर्यान्मूलमुन्मूलयन् बलात् ॥१०॥

यसो गर्दा गर्दै जब भित्री गुह्य गाँठी (त्यो राजाको मन पेट) थाहा पाइन्छ र आफ्नो पयर पनि जम्दछ, अनि त्यो राजाको संपूर्ण राज्यलाई हरण गर्नुपर्छ । अनि शत्रुका वैरी भएका अरू राजालाई र उसका अंशियार तथा सेनापतिलाई पनि त्यस राज्यबाट प्राप्त-धनको केही भाग दिनुपर्छ । यसरी बलपूर्वक त्यस राज्यको मूल तत्त्व (राजा) लाई उखेलेर त्यस राज्यलाई वशमा ल्याउनुपर्छ ।

तरोः संक्षीणमूलस्य शाखाः शुष्यन्ति वै यथा ।
सद्यः केचिच्च कालेन सेनपाद्याः पतिं विना ॥११॥

मूल छिनालिदिएको रूखका हाँगाहरू कुनै तुरुन्तै र कुनै क्रमशः केही समयमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसरी सुक्तै जान्छन् त्यस्तै सेनापति अदि राजाका सहायकहरू पनि राजा नै नभएपछि क्रमशः सुक्तछन् वा (समाप्त हुन्छन्।)

राज्यवृक्षस्य नृपतिर्मूलं स्कंधाश्च मंत्रिणः ॥१२॥
शाखाः सेनाधिपाः सेनाः पल्लवाः कुसुमानि च ।
प्रजाः फलानि भूभागा बीजं भूमिः प्रकल्पिता ॥१३॥

राज्यरूपी वृक्षको राजा मूल (फेद) हो, स्कंध (कापा वा हाँगा फाट्ने ठाउँ) मन्त्रीहरू हुन्, हाँगा सेनापति, सेना पालुवा,प्रजा फूल, पृथिवीको भाग फल र बीज भूमि हो भनेर कल्पना गरिएको छ।

विश्वस्तान्यनृपस्यापि न विश्वासं समाप्नुयात् ।
नैकान्ते न गृहे तस्य गच्छेदल्पसहायवान् ॥१४॥

विश्वास गर्न लायक भए पनि राजाले अर्को राजाको विश्वास नगर्नू । त्यस्तो राजाका साथ एकान्तमा र उसका घरमा थोरै सहायक लिएर जानु पनि हुँदैन ।

स्ववेषरूपसदृशान् निकटे रक्षयेत् सदा ।
विशिष्टचिह्नगुप्तः स्यात् समयेऽन्यादृशो भवेत् ॥१५॥

राजाले आफ्ना वेषभूषा र अनुहार भएका सेवकलाई साथमा राखी त्यसको जतन गरोस् र लडाइँका समयमा विशेषप्रकारका चिह्नले गुप्त भै अर्कै जस्तो बनोस् ।

वेश्याभिश्च नटैर्मद्यैर्गायकैर्मोहयेदरिम् ।
सुवस्त्राभरणैर्नैव न कुटुंबेन संयुतः ।
विशिष्टचिह्नितो भीतो युद्धे गच्छेन्न वै क्वचित् ॥१६॥

वेश्या, नट, मदिरा र गाउने मानिसद्वारा शत्रुलाई मोहित पार्नुपर्छ । असल वस्त्र, गहना लाएर, कुटुंबहरूले युक्त भएर विशेष चिह्नले युक्त भएर र डराएर लडाइँमा कहिल्यै नजानू ।

क्षणं नासावधानः स्याद् भृत्यस्त्रीपुत्रशत्रुषु ।
जीवन् सन् स्वामिता पुत्रे नदेयाप्यखिला क्वचित् ॥१७॥

राजाले सेवक, स्त्री, छोरा र शत्रुहरूमा एक छिन पनि असावधानी नगर्नू । आफू बाँच्दा बाँच्दै सम्पूर्ण अधिकार छोरालाई दिन पनि हुँदैन ।

स्वभावसद्गुणे यस्मान्महानर्थमदावहा ।
विष्ण्वाद्यै रपि नो दत्ता स्वपुत्रे स्वाधिकारता ॥१८॥

किनभने स्वभावैले सद्गुणी छ भने पनि विशेषाधिकार प्राप्त भएपछि घमण्ड र र अनर्थ आउन सक्छ । विष्णु आदिले पनि आफू जीवित रहेसम्म आफ्नो अधिकार छोरा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरूलाई दिएनन् ।

स्वायुषः स्वल्पशेषे तु सत्पुत्रे स्वाम्यमादिशेत् ॥१९॥
नाराजकं क्षणमपि राष्ट्रं धर्तुं क्षमाः किल ।
युवराजादयः स्वाम्यलोभचापलगौरवात् ॥२०॥

राजाले आफ्नो आयु अब थोरै छ भन्ने जानेपछि मात्र असल छोरालाई आफ्नो स्वामित्व सुम्पनुपर्छ राजाविना प्रभुताको लोभ र चञ्चले पनले गर्दा केवल युवराज आदिले मात्र एकैछिन पनि राज्यको अभिभारा वहन गर्न सक्तैनन् । यो कुरा सन्देहरहित छ ।

प्राप्योत्तमं पदं पुत्रः सुनीत्या पालयन् प्रजाः ।
पूर्वामात्येषु पितृवद्गौरवं संप्रधारयेत् ॥२१॥

राजाको छोराले पनि उत्तम त्यो पद (राजाको पदवी) पाएर गतिलो नीतिबाट प्रजाहरूको पालन गर्दै पहिलेका मन्त्रीहरूलाई आफ्ना बाबुले जो सम्मान गर्थ्यो, त्यस्तै गर्नुपर्दछ ।

तस्यापि शासनं तैस्तु मधार्यं पूर्वतोऽधिकम् ।
युक्तं चेदन्यथा कार्यं निषेध्यं काललंबनैः ॥२२॥

ती मन्त्रीहरूले पनि ती राजपुत्रको शासन (आज्ञा) योग्य छ भने अगिभन्दा पनि अझ बढी आदरपूर्वक शिरोपर गर्नुपर्छ । यदि खराब छ भने त आलेटाले गरेर बिस्तारै निषेध गर्नुपर्छ ।

तदनीत्या न वर्तेयुस्तेन साकं धनाशया ।
वर्तन्ति यदनीत्या ते तेन साकं पतंत्यरात् ॥२३॥

मन्त्रीहरू त्यो (वर्तमान राजाले) खराब नीति लियो भने धनको आशाले गर्दा त्यसले जे भन्छ त्यसो गर्नु हुँदैन भन्नुपर्छ । जुन मन्त्रीहरू त्यस्तो कुनीति लिएर चल्दा पनि समर्थन गर्छन् तिनीहरू पनि त्यस राजाका साथसाथै चाँडै पतित हुन्छन् ।

कुलभक्तांश्च यो द्वेष्टि नवीनं भजते जनम् ।
स गच्छेच्छत्रुसाद्राजा धनप्राणैर्वियुज्यते ॥२४॥

जुन राजाले कुलपरंपराबाट आएका भक्त सेवकलाई द्वेष गरी नयाँ नयाँ मानिसलाई साथ लिन्छ त्यो राजा शत्रुका अधीनमा पर्दछ र त्यसले धन र प्राण पनि गुमाउँछ ।

गुणी सुनीतिर्नव्योऽपि परिपाल्यस्तु पूर्ववत् ।
प्राचीनैः सह तं कार्ये ह्यनुभूय नियोजयेत् ॥२५॥

नयाँ मानिस पनि गुणी (विद्वान्) र असल नीतियुक्त छ भने त त्यसलाई राम्ररी अनुभव गरी अघि भैरहेका मानिसहरूका साथ त्यसलाई काम गर्न लगाउनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतिमृदुस्तुतिनतिसेवादानप्रियोक्तिभिः ।
मायिकैः सेव्यते यावत् कार्यं नित्यं तु साधुभिः ॥२६॥

अत्यन्त नरम (कोमल) भएर स्तुतिपूर्वक, नम्र भएर, सेवा, दान र प्यारो बोलीबचनबाट जहाँसम्म माया लाग्छ त्यहाँसम्म साधु पुरुषहरूले बताएअनुसार सेवा गर्नेले पनि सेवा गरोस् ।

प्रत्यक्षं वा परोक्षं वा सत्यवाग्भिर्नृपोऽपि च ।
याथार्थ्यंतस्तयोरीदृगंतरं खभुवोर्यथा ॥२७॥

साँचो बोल्ने राजा भए पनि प्रत्यक्ष (अगाडि) र परोक्ष (पछाडि) हुने कुराका विषयमा त्यसको यथार्थता आकाश र जमीनको जत्तिकै फरक हुन्छ भन्ने जान्नू ।

मायाया जनका धूर्ता जारचोरबहुश्रुताः ।
प्रतिष्ठितो यथा धूर्तो न तथा तु बहुश्रुताः ॥२८॥

मायाको जाल फिँजाउने, धूर्त, जार, चोर र धेरै कुरा सुन्ने जान्ने यति व्यक्ति-हरूमा धूर्त जति बाठो हुन्छ त्यति धेरै जान्ने सुन्ने पनि हुँदैनन् ।

परस्वहरणे लोके जारचोरा तु निन्दितौ ।
तावप्रत्यक्षं हरतः प्रत्यक्षं धूर्त एव हि ॥२९॥

अर्काको सर्वस्वहरण गर्नमा दुनियाँमा जार र चोर सिपालु हुन्छन् भनेर निन्दा गरिएको छ । तिनीहरूले अप्रत्यक्ष रूपबाट हरण गर्छन् तर धूर्तले त देखादेखै (देख्ता देख्तै) ठगेर लैजान्छ ।

हितं त्वहितवच्चान्ते अहितं हितवत् सदा ।
धूर्ताः संदर्शयित्वाज्ञं स्वकार्यं साधयन्ति ते ॥३०॥

धूर्तहरूले अगाडि नै हित हुने कुरालाई अहित र अहित हुने कुरालाई हित हुने हो भन्ने कुरा बुद्धि नभएकालाई भनेर पत्यार पारी आफ्नो कार्यसिद्धि गर्दछन् ।

विस्रंभयित्वा चात्यर्थं मायया घातयन्ति ते ।
यस्य चाप्रियमन्विच्छेत् तस्य कुर्यात् प्रियं सदा ॥३१॥
व्याधो मृगवधं कर्तुं गीतं गायति सुस्वरम् ।
मायां विना महाद्रव्यं द्राङ् न संपाद्यते जनैः ॥३२॥

ती धूर्तहरूले मायाजालले अत्यन्त विश्वास पारेर पछाडि घात गर्छन् (ठग्दछन्) । जसले जसको खराब चाहन्छ त्यसले सधैं त्यसको प्यारो लाग्ने कुरा गरोस्, जस्तै व्याधाले मृगहरूलाई मार्न पहिले मीठो स्वर निकालेर गीत गाउँछ, अनि (त्यो लट्ठ भएपछि) पछिबाट मार्छ । मायाजाल नफिँजाईकन चाँडै नै मानिसहरू ठूलो रकमको धन कहिल्यै हात लाउन सक्तैनन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विना परस्वहरणान्न कश्चित् स्यान्महाधनः ।
मायया तु विना तद्धि न साध्यं स्याद्यथेप्सितम् ॥३३॥

अर्काको धन हात नपारीकन कुनै पनि ठूलो धनी हुनै सक्तैन। त्यसो गर्न र इच्छा लागेको कुरा पुऱ्याउन मायाजाल नफिजाई त्यो सिद्ध हुनै सक्तैन ।

स्वधर्मं परमं मत्वा परस्वहरणं नृपाः ।
परस्परं महायुद्धं कृत्वा प्राणांस्त्यजंत्यपि ॥३४॥

राजाहरू अर्काको सर्वस्व हरण गर्न युद्ध गर्नु आफ्नो ठूलो धर्म हो भन्ने सम्झँदै परस्पर ठूलो लडाइँ गरेर प्राणसम्म पनि त्याग्छन् ।

राज्ञो यदि न पापं स्याद्दस्यूनामपि नो भवेत् ।
सर्वं पापं धर्मरूपं स्थितमाश्रयभेदतः ॥३५॥

अर्काको धन सर्वस्व गर्ने राजालाई पाप लाग्दैन भने चोरलाई पनि त पाप लाग्दैन। अतः पाप भन्ने कुरा पनि आश्रय (कर्ता) का भेदले धर्म जस्तै भएर रहेको हुन्छ ।

बहुभिर्यस्तुतो धर्मो निंदितोऽधर्म एव सः ।
धर्मतत्त्वं हि गहनं ज्ञातुं केनापि नोचितम् ॥३६॥

धेरै जनाले ठीक माने भने त्यही नै धर्म हुन्छ र अरू धेरैले त्यसलाई निन्दा गरी बेठीक ठहऱ्याएमा त्यो अधर्म हुन्छ । अतः धर्मको तत्त्व गहन छ र यो कुरा (धर्मको कुरा) कसैले पनि जान्न सकिन्न । यसको निर्णय गर्नु उचित पनि छैन ।

अतिदानतपःसत्ययोगो दारिद्र्यकृत् त्विह ।
धर्मार्थौ यत्र न स्यातां तद्वाक् कामं निरर्थकम् ॥३७॥

ज्यादा दिनाले, तपस्यापट्टि लाग्नाले, साँचो मात्र बोल्नाले, योगाभ्यास मात्र गर्नाले संसारी पुरुष संसारमा दरिद्री हुन्छ । (उपर्युक्त कुराले संसारीलाई गरीब बनाउँछन्) जहाँ बोल्नाले धर्म र अर्थप्राप्ति हुँदैन त्यस्तो ठाउँमा बोल्नु पनि निरर्थक मानिएको छ ।

अर्थे वा यदि वा धर्मे समर्थो देशकालवित् ।
निस्संशयो नरः पूज्यो नेष्टः संशयिता सदा ॥३८॥

अर्थ (धन) संबन्धी र धर्मसम्बन्धी विषयमा समर्थ, देशकाल जान्ने र कत्ति शंका नलिने (शूरो) व्यक्ति योग्य हुन्छ । उपर्युक्त धर्म र अर्थका विषयमा सधैं शंका मात्र लिइरहने व्यक्ति लायक मानिंदैन ।

अर्थस्य पुरुषो दासो दासस्त्वर्थो न कस्यचित् ।
अतोऽर्थाय यतेतैव सर्वदा यत्नमास्थितः ।
अर्थाद्धर्मश्च कामश्च मोक्षश्चापि भवेन्नृणाम् ॥३९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरुष (मानिस) अर्थको (धनको) दास छ र अर्थ कसैको पनि दास छैन। अतः सदा-सर्वदा अर्थका लागि प्रयत्न गरोस् किनभने अर्थबाट मानिसलाई धर्म, काम र मोक्ष पनि मिल्छ।

शस्त्रास्त्राभ्यां विना शौर्यं गार्हस्थ्यं तु स्त्रियं विना।
ऐकमत्यं विना युद्धं कौशल्यं ग्राहकं बिना ॥४०॥
दुःखाय जायते नित्यं सुसहायं विना विपत्।
न विद्यते तु विपदि सुसहायं सुहृत्समम् ॥४१॥

शस्त्र-अस्त्रका ज्ञानबिनाको सुर्याइँ; स्वास्नी नभएको गृहस्थी, मिलिमतो भएर एकमत नभएको लडाइँ, ग्राहक (कत्ति नदिने) व्यक्ति विना कुशलता, सहायता नपाउँदा परेको आपत्, यति कुरा सधैं दुःखका लागि मात्रै हुन्छन्। आपत् परेका वेलामा सहायता गर्ने मित्र बराबरको कुरा अर्को यहाँ केही छैन।

अबिभक्तधनान् मैत्र्या भृत्या भक्तधनान् सदा।
मित्रं स्वशदृशैर्भोगैः सत्यैश्च परितोषयेत् ॥४२॥

राजाले धन नबाँडिएका (अंश नदिइएका बन्धु) हरूलाई मित्रताले, सेवकहरूलाई यति यति दिने भनी तोकेका भत्ता-तलबहरूले र मित्रलाई आफ्ना बराबरको भोग (ऐश आराम) र सत्यताबाट खुशी पार्नुपर्छ।

नृपसंबन्धिस्त्रीपुत्रसुहृद्भृत्यादिदस्युभिः।
अतो विभागो दत्वैषां भुंक्ते यस्त स्वकं धनम् ॥४३॥
त्यक्त्वा तु दर्पकार्पण्यमानोद्वेगभयानि च
कुर्वीत नृपतिर्नित्यं स्वार्थसिद्ध्यै तु नान्यथा।
विशेषभृतितो भृत्यं प्रेममानाधिकारतः ॥४४॥

राजाका नातेदार, रानी, छोरा (युवराज), मित्र, सेवक र चोर यति धनका भागी हुन्छन्, अतः यिनीहरूले पाउने भाग यिनीहरूलाई दिएर जुन राजा आफ्नो धनको भोग गर्छ। त्यो बेश हुन्छ। राजाले सदा अभिमान, कृपणता (कंजूसीपना), मान, उद्वेग र डरलाई छोडेर सदा स्वार्थसिद्ध गरोस्, अन्यथा नगरोस्। राजाले आफ्ना सच्चा सेवकलाई विशेष प्रकारको भत्ता, प्रेम, मान र अधिकार प्रदान गरी राख्नुपर्छ।

ब्राह्मणाग्निजलैः सर्वैर्धनवान् भक्ष्यते सदा।
स सुखी मोदते नित्यमन्यथा दुःखमश्नुते ॥४६॥

ब्राह्मण, अग्नि, जल सबैले धनवान् सधैं खाइन्छ। धनी भएर त्यसो गर्ने (ब्राह्मण आदिलाई खान दिने) नै सुखी हो र त्यस्तैलाई सदा आनन्द मिल्छ अन्यथा धनीले दुःख पाउँछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दर्पस्तु परहासेच्छा मानोऽहं सर्वतोऽधिकः ।
कार्पण्यन्तु व्यये दैन्यं भयं स्वोच्छेदशंकनम् ।
मानसस्यानवस्थानमुद्वेगः परिकीर्तितः ॥४७॥

अर्कालाई होच्याउनु (खसाल्नु) 'घमण्ड' हो, सवैभन्दा म ठूलो छु भन्नु 'मान' हो, आफू नै खतम हुन्छु कि भन्नु 'डर' हो र मन हडवडाउनुलाई 'उद्वेग' भनिन्छ ।

लघोरप्यपमानस्तु महावैराय जायते ।
दानमानसत्यशौर्यमार्दवं सुसुहृत्करम् ॥४८॥

सानै भए पनि अपमान गर्नाले वैरभाव हुन्छ र सानै किसिमको भए पनि दान, मान, सत्यता, सुर्याइँ र नरमपना असल मैत्रीभावको सिर्जना गर्छन् ।

सर्वानापदि सदसि समाहूय बुधान् गुरून् ।
भ्रातृन् बन्धूंश्च भृत्यांश्च ज्ञातीन् सभ्यान् पृथक् पृथक् ॥४९॥
यथार्हं पूज्यविनतः स्वाभीष्टं याचयेन्नृपः ॥५०॥

राजालाई केही आपत्ति पन आयो भने सवै विद्वान्, गुरुहरू, दाजुभाइहरू, बन्धु-बान्धवहरू, सवै सेवकहरू, इष्टमित्रहरू, सभासद्हरूलाई बोलाएर बेग्लाबेग्लै राखी यथायोग्य सत्कार गरी नम्र भएर आफूलाई कसो गर्नाले भनेजस्तो हुन आउँछ त्यस्तो सल्लाह माग्नुपर्छ ।

आपदं प्रतरिष्यामो यूयं युक्त्या वदिष्यथ ।
भवन्तो मम मित्राणि भवत्सु नास्ति भृत्यता ॥५१॥
न भवत्सदृशास्त्वन्ये सहायाः संति मे ह्यतः ।
तृतीयांशं भृतेर्ग्राह्यमर्धं वा भोजनार्थकम् ।
दास्याम्यापत्समुत्तीर्णः शेषं प्रत्युपकारवित् ॥५२॥

अनि राजाले तिनीहरूलाई "म कसरी यस आपत्तिबाट पार पाउन सक्छु त्यो कुरा युक्तिले तपाईंहरूले भन्नुहोस्, तपाईंहरू मेरा मित्र हुनुहुन्छ र तपाईंहरूलाई मैले नोकर हुन् भन्ने सम्झेको छैन, किनभने तपाईंहरू जस्ता अरू मेरा कुनै मित्रहरू छैनन्, खाई-पाई आएको भत्ता वा तलबको तीन भागको एक भाग वा आधा दिएर (सभा वसेको भत्ता दिएर) यो मैले यहाँहरूको भोजनका लागि दिएको हुँ लिनुहोस् र बाँकी यस आपत्तिबाट पार भएपछि उपकारको विचार गर्न सक्ने म छु र म दिउँला भनी ती सवैलाई भन्नुपर्छ ।

भृतिं विना स्वामिकार्यं भृत्यः कुर्यात् समाष्टकम् ।
षोडषाब्दधनी यः स्यादितरोऽर्थानुरूपतः ॥५३॥

(जागीर छोडेपछि पनि) सेवकले तलब भत्ता नलिईकन आफ्ना मालिकको काम आठ वर्षसम्म गरोस् । यदि सेवक धनी छ भने त सोह्र वर्षसम्म त्यसै सेवा गरोस्। धनी छैन भने त्यसै जति वर्षसम्म गर्न सक्छ इच्छानुसार सेवा गरोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्धनै रत्नवस्त्रं तु नृपाद् ग्राह्यं न चान्यथा ॥५४॥
यतो भुक्तं सुखं सम्यक् तद्दुःखैर्दुःखितो न चेत् ।
विनिन्दति कृतघ्नं तु स्वामी भृत्योऽन्य एव वा ॥५५॥

गरीब सेवकले राजाबाट मात्र अन्न र वस्त्र (हण्डी जस्तो कुनै गरीबलाई दिइने वृत्ति) लिने गरोस, अरूबाट नलेओस् । जुन राजा सुखी हुँदा उसका साथ रहेर सुखभोग गरिन्छ, त्यो राजा दुःखी हुँदा उसका दुःखले दुःखित नहुने सेवकलाई ती स्वामी र अरुहरू पनि त्यो 'कृतघ्न' हो भनेर निन्दा गर्दछन् ।

सकृत् सुभुक्तं यस्यापि तदर्थं जीवितं त्यजेत् ।
भृत्यः स एव सुश्लोको नापत्तौ स्वामिनं त्यजेत् ।
स्वामी स एव विज्ञेयो भृत्यार्थे जीवितं त्यजेत् ॥५६॥

जुन मालिकको एकै पटक मात्र भए पनि राम्ररी खाएको छ र ती मालिकलाई आपत्ति पर्दा त्यो सेवकले ज्यानपर्यन्त दिएर साथ छोडेन भने प्रशंसा गर्ने लायक सेवक त्यै हो र जुन मालिकले सेवकलाई आपत्ति पर्दा आफ्नो ज्यानपर्यन्त दिन्छ, सच्चा मालिक भनेको पनि त्यै हो भनी जान्नु ।

न रामसदृशो राजा पृथिव्यां नीतिमानभूत् ।
सुभृत्यता तु यन्नीत्या वानरैरपि स्वीकृता ॥५७॥

रामचन्द्र जस्तो नीति जान्ने (नीतियुक्त) राजा यस पृथिवीतलमा अर्को कोही पनि भएन, किनभने उनका नीतिले गर्दा वानरहरूले पनि असल सेवकले गर्ने काम गरे ।

अपि राष्ट्रविनाशाय चोराणामेकचित्तता ।
शक्ता भवेन्न किं शत्रुनाशाय नृपभृत्ययोः ॥५८॥

देशलाई नष्ट गर्न चोरहरूको पनि त एक चित्त (एक मत) हुन्छ भने राजा र सेवक मिल्ने हो भने शत्रुनाश गर्न के ती समर्थ हुन सक्तैनन् र ? (अवश्य सक्तछन्) ।

न कूटनीतिरभवच्छ्रीकृष्णसदृशो नृपः ।
अर्जुनाद् ग्राहिता स्वस्य सुभद्रा भगिनी छलात् ॥५९॥

कूटनीति जान्ने श्रीकृष्ण जत्तिको कुनै राजा भएन । किनभने उनले आफ्नी बहिनी सुभद्रालाई पनि छलद्वारा अर्जुनलाई विवाह गरेर दिएका थिए ।

नीतिमतां तु सा युक्तिर्या हि स्वश्रेयसेऽखिला ॥६०॥

नीतिमान् राजाको यस्तो युक्ती हुन्छ, जुन युक्तीबाट उसका सबै कल्याण संपन्न हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदौ तद्धितकृत्स्नेहं कार्यं स्नेहमनन्तरम् ।
कृत्वा स्वधर्मवादं च मध्यस्थः साधयेद्धितम् ॥६१॥
परस्परं भवेत् प्रीतिस्तथा तद्गुणवर्णनम् ।
इष्टान्नधनवसनैर्लोभनं कार्यसिद्धिदम् ॥६२॥
दिव्यावलम्बनं मिथ्यासंल्लापं धैर्यवर्धनम् ।
इमे उपाया मध्यस्थकुट्टिनीकारिणां मताः ॥६३॥

जसवाट कार्य सिद्ध गर्नु छ पहिले त्यसलाई स्नेह गर्ने (मानिस) सँग स्नेह गर्ने, त्यसपछि त्यसैसँग प्रेम गर्ने तथा धर्मपूर्वकको बातचीतवाट मध्यस्थ भएर पनि आफ्नो हित हुने कुरा सिद्ध गराउनुपर्छ। जसो गर्दा परस्परमा प्रेम हुन्छ त्यस्तै गर्ने, त्यसको गुण वर्णन गर्ने, मन परेको खानेकुरा, धन, कपडाहरूबाट लोभ्याउने, पत्यार पार्न (शपथ) किरिया खाने, झूटो र असत्य कुरा गर्ने, धैर्य बढाउने आदि उपायबाट कार्यसिद्धि गर्ने यिनै उपायहरू मध्यस्थ हुने र कुट्नीको काम गर्ने व्यक्तिहरूले गर्दछन् भनेर मानिएको छ ।

नात्मसंगोपने युक्तिं चिन्तयेत् स पशोर्जडः ।
जारसङ्गोपने छद्म संश्रयन्ति स्त्रियोऽपि च ॥६४॥

जुन व्यक्तिले आफ्नो रक्षा हुने उपाय सोच्तैन त्यो मूर्ख र पशु हो । किनभने रण्डी स्वास्नीमान्छे पनि आफ्नो नाठोलाई लुकाउने काम गर्छन् ।

युक्तिश्छलात्मिका प्रायस्तथान्या योजनात्मिका ।
यः छद्मचारी भवति तेन च्छद्म समाचरेत् ॥६५॥

सबै युक्ति प्राय छलस्वरूपकै हुन्छन् र कुनै युक्ति मेलमिलापका पनि हुन्छन् । जसले आफ्ना उपर छल गर्छ त्यसका उपर छल गर्नुपर्छ ।

अन्यथा शीलनाशाय महतामपि जायते ।
अस्ति बुद्धिमतां श्रेणिर्न त्वेको बुद्धिमानतः ॥६६॥

अन्यथा (छल नगर्नेका उपर छल गर्नाले) ठूला व्यक्तिहरूको पनि मानहानि हुन्छ । बुद्धिमान् व्यक्तिहरूको पनि श्रेणी (दर्जा) हुन्छ, किनभने एउटा विषयको बुद्धिमान् व्यक्ति सबै विषयमा बुद्धिमान् छ भन्न सकिन्न ।

देशे काले च पुरुषे नीतिं युक्तिमनेकधा ।
कल्पयन्ति च तद्विदा दृष्ट्वा रुद्धा तु प्राक्तनाम् ॥६७॥

बुद्धिमान् पुरुषहरू देश, काल, पुरुष (व्यक्ति) हरूको विचार गरी पहिले प्रयोग गरिएका र बीचमा लुप्त भएका कुराहरू पनि अनेक प्रकार युक्तिद्वारा, नीतिद्वारा प्रयोगमा ल्याउँदछन् ।

मन्त्रौषधिपृथग्वेषकालवागर्थसंश्रयात् ।
छद्म संजनयन्तीह तद्विद्याकुशला जनाः ॥६८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ्ल (कपट) का विद्यामा बाठा भएका व्यक्तिहरू मन्त्र, औषधि, अनेक प्रकारका वेषभूषा, समय, बोली र अर्थ लगाएर पनि यस लोकमा छल गर्दछन् ।

लोकेऽधिकारिमत्यक्षं विक्रीतं दत्तमेव वा ।
वस्त्रभाण्डादिकं क्रीतं स्वचिह्नै रंकयेच्चिरम् ॥६९॥

जगत्मा जो जुन कुराको अधिकारी (अधिकार पाएको) छ त्यसले आफूले बेचेका, दिएका र किनेका कपडा, भाँडा आदिमा सबैका समक्ष आफ्नो नामको चिह्न लगाउनुपर्छ ।

स्तेनकूटनिवृत्यर्थं राजज्ञातं समाचरेत् ।
जडान्धबालद्रव्याणां दद्याद् वृद्धिं नृपः सदा ॥७०॥

चोरीको माल छ कि छलकपटको माल पो छ कि भन्ने कुरामा यो सबै कुरा राजालाई त्यस अधिकारीले ज्ञान गराउनुपर्छ । राजाले लाटा-लाटीको, अन्धाको र नाबालखको धन लिंदा त्यसको ब्याज पनि दिनुपर्छ ।

स्वीया तथा च सामान्या परकीया तु स्त्री यथा ।
त्रिविधो भृतकस्तद्वदुत्तमो मध्यमोऽधमः ॥७१॥

जस्तो आफ्नी, अर्काकी र सबैकी गरी यस्ता तीन प्रकारका स्त्रीजाति हुन्छन्, त्यस्तै सेवक पनि उत्तम, मध्यम र अधम यस्ता तीन प्रकारका हुन्छन् ।

स्वामिन्येवानुरक्तो यो भृतकस्तूत्तमः स्मृतः ।
सेवते पुष्टभृतिदं प्रकरं स च मध्यमः ।
पुष्टोऽपि स्वामिना व्यक्तं भजतेऽन्यं स चाधमः ॥७२॥

जुन सेवक स्वामीमा सदा भक्ति लगाइरहन्छ त्यो सेवक उत्तम, जति धेरै तलब दियो उत्ति बढी काम गर्ने सेवक मध्यम हो र स्वामीले तलब दिंदा दिंदै पनि अरूको सेवा गर्ने सेवक अधम हो ।

उपकरोत्यपकृतो ह्युत्तमोऽप्यन्यथाधमः ।
मध्यमः साम्यमन्विच्छेदपरः स्वार्थतत्परः ॥७३॥

जुन सेवक उसको अपकार गर्दा पनि स्वामीको उपकार नै गरिरहन्छ त्यो सेवक उत्तम हो अन्यथा (उसको उपकार गर्दा स्वामीको अपकार) गर्ने सेवक अधम हो । जुन सेवक आफ्नो बराबरको स्थिति [याने उपकारीलाई उपकार र अपकारीलाई अपकार] गर्दछ, त्यो सेवक मध्यम र आफ्नो स्वार्थ मात्र चाहने सेवक अधम हो भनेर मानिएको छ ।

नोपदेशं विना सम्यक् प्रमाणैर्ज्ञायतेऽखिलम् ।
बाल्यं वाप्यथ तारुण्यं प्रारंभितसमाप्तिदम् ॥७४॥

कसैले कुनै कुरा पनि त्यस विषयमा यथार्थ ज्ञान नगराईकन त्यसै जान्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वालखपन र जवानी [परिपक्व र अपरिपक्व] भन्ने कुरा कामको शुरू र समाप्तिबाट थाहा-पाइने कुरा हो ।

प्रायो बुद्धिमतो ज्ञेयं न वार्धक्यं कदाचन।
आरम्भं तस्य कुर्याद्धि यत् समाप्तिं सुखं व्रजेत् ॥७५॥

बुद्धिमान् पुरुषले कामको शुरू र समाप्तिबाट नै बालक र बूढोपनाको विचार गर्नुपर्दछ । केवल उमेरको बुढ्याइँबाट मात्र बुढ्याइँ थाहा हुँदैन । मानिसले जुन काम समाप्त [पूर्ण] हुँदा सुख पाइन्छ त्यस्तै कामको मात्र आरंभ गर्नुपर्दछ ।

नारंभो बहुकार्याणामेकदैव सुखावहः ।
नारंभितसमाप्तिं तु विना चान्यं समाचरेत् ॥७६॥

धेरै कामलाई एकै चोटि शुरू गर्नु सुखका लागि हुँदैन र आरंभ गरेको काम समाप्त नगरी अर्को काम शुरू गर्नु पनि हुँदैन ।

संपाद्यते न पूर्वं हि नापरं लभ्यते यतः ।
कृती तत्कुरुते नित्यं यत् समाप्तिं व्रजेत् सुखम् ॥७७॥

पहिले शुरू गरेको काम नसकी दोस्रो शुरू गर्दा न त पहिलेको काम सकिन्छ न त पछिको नै सकिन्छ, अतः काम गर्ने व्यक्तिले सदा त्यही काम गर्छ जुन काम समाप्त हुँदा उसलाई सुखप्राप्ति हुन्छ ।

यदि सिध्यति येनार्थः कलहेन वरस्तु सः ।
अन्यथायुर्धनसुहृद्यशोधर्महरः सदा ॥७८॥

यदि कलह गरेर पनि कार्यसिद्धि हुन्छ भने त्यो बरु वेश हुन्छ काम भएन, तर कलह मात्र हुन गयो भने आयु, धन, मित्र, कीर्ति र धर्मको समेत त्यसबाट नाश हुन्छ ।

ईर्ष्या लोभो मदः प्रीतिः क्रोधो भीतिश्च साहसम् ।
प्रवृत्तिच्छिद्रहेतूनि कार्ये सप्त बुधा जगुः ॥७९॥

डाह, लोभ, घमण्ड आसक्ति, रिस, डर र साहस, यति सात कुराका प्रवृत्ति नै काममा छिद्र पार्नेमा [कार्यनाश गराउनेमा] कारण मानिएका छन् भन्ने विद्वान्हरूको भनाइ छ ।

यथाच्छिद्रं भवेत् कार्यं तथैव हि समाचरेत् ।
अविसंवादि विद्वद्भिः कालेऽतीतेऽपि चापदि ॥८०॥

जसरी काममा छिद्र पर्दैन [कार्यनाश हुँदैन] त्यस्तै कुरा गर्नुपर्छ । सत्यवादी विद्वान् पुरुषमा समय बिते पनि र आपत्ति आइपर्दा पनि उपर्युक्त [डाह, लोभ आदि] कुराहरू हुँदैनन् भनिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशग्रामी शतानीकः परिचारिकसंयुतौ ।
अश्वस्थौ विचरेयातां ग्रामपा ह्यपि चाश्वगाः ॥८१॥

दश गाउँको स्वामी र एक सय सिपाहीको सेनापति यी दुबै आफ्ना सेवकले युक्त भएर घोडामा चढेर हिंडडुल गरून् र गाउँका अधिपतिहरू (मुखियाहरू) पनि घोडामा चढेर हिंड्नू ।

साहस्रिकः शतग्रामी एकाश्वरथवाहनौ ।
दशशस्त्रास्त्रिभिर्युक्तौ गच्छेतां वाश्वसंगतौ ॥८२॥

एक हजार मानिसको र एक सय गाउँको अधिपति एउटा घोडा लगाएको वग्गीमा चढेर अस्त्र र शस्त्र लिएका दश जना रक्षक साथमा लिएर हिंडडुल गरून् वा घोडामा मात्र चढेर हिंडे पनि हुन्छ ।

सहस्रग्रामपो नित्यं नराश्वद्वययानगः ।
आयुतिको विंशतिभिः सेवकैर्हस्तिना व्रजेत् ॥८३॥

एक हजार गाउँको मालिक नरयान [पालकी] घोडा अथवा दुई बटा घोडा लगाइएको रथमा चढेर हिंडडुल गरोस् र दश हजार सेनाको मालिक [सेनापति] बीस जना सेवकलाई साथमा लिएर हात्तीमा चढेर हिंडडुल गरोस् ।

अयुतग्रामपः सर्वयानैश्च चतुरश्वगः ।
पंचायुती सेनपोऽपि संचरेद्बहुसेवकः ॥८४॥

दश हजार गाउँको स्वामी चार घोडा लगाएको रथमा वा सबै प्रकारका यानमा चढेर हिंड्न पाउँछ । पचास हजार सेनाको स्वामी [सेनापति] धेरै सेवकहरूलाई लिएर हिंडोस् ।

यथाधिकाधिपत्यं तु वीक्ष्याधिक्यं प्रकल्पयेत् ।
कल्पयेच्च यथाधिक्यं धनिकेषु गुणिष्वपि ॥८५॥

त्यो स्वामी [अधिकारी व्यक्ति] जति ठूलो ओहोदाको छ त्यो हेरेर सवारीको तरीका मिलाउनुपर्छ । त्यस्तै धनी व्यक्ति र गुणी व्यक्तिको पनि उनीहरूको ओहोदा विचार गरी सवारीको परिकल्पना गर्नुपर्छ ।

श्रेष्ठो न मानहीनस्यान्न्यूनो मानाधिकोऽपि न ।
राष्ट्रे नित्यं प्रकुर्वीत श्रेयोर्थी नृपतिस्तथा ॥८६॥

आफ्नो कल्याण चाहने राजाले आफ्ना राष्ट्रमा गुणी ठूलो व्यक्तिलाई तल्लो दर्जामा र निम्न स्तरका व्यक्तिलाई ठूला ठूला ओहोदामा राख्ने काम कहिल्यै नगराओस् ।

हीनमध्योत्तमानां तु ग्रामे भूमिं प्रकल्पयेत् ।
कुटुंबिनां गृहार्थं तु पत्तनेऽपि नृपः सदा ॥८७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजाले गाउँमा बस्ने परिवार भएका तर घर जमीन केही पनि नभएका व्यक्तिहरूलाई घर बनाउनलाई केही जमीनको बन्दोबस्त गरिदेओस् । गाउँमा नमिले शहरमा भए पनि वासको प्रबन्ध गरिदेओस् ।

द्वात्रिंशत्प्रमितैर्हस्तै दीर्घार्धा विस्तृताधमे ।
उत्तमा द्विगुणा मध्या सार्धमाना यथार्हतः ॥८८॥
कुटुंबसंस्थितिसमा न न्यूना वाधिकापि न ॥८९॥

त्यस्तालाई दिने जमीन बत्तीस हात लामृ सोह्र हात चौडा भएको अधम (निम्न स्तरको) र यसको दोब्बर चौसट्ठी हात लामो र बत्तीस हात चौडा भएको उत्तम मानिएको छ, यसको आधा वा आधाको आधा प्रमाणको जमीन प्रमाणअनुसार यथायोग्य मध्यम अधम मानिएका छन् । तर परिबार बस्ने जमीन परिवार हेरी धेरै वढी हुने र ज्यादै घटी हुने नपारी ठिक्क [निर्वाह] हुने गरी मिलाउनुपर्छ ।

ग्रामाद्बहिर्बसेयुस्ते ये ये त्वधिकृता नृपैः ।
नृपकार्यं विना कश्चिन्न ग्रामं सैनिको विशेत् ॥९०॥

राजाले काममा खटाइएका जो जो अधिकारीहरू छन् तिनीहरू गाउँमा गएर वस्नु हुन्न, गाउँका वाहिरपट्टि बस्नुपर्छ र राजाको कामवेगर रक्षक [सिपाही] हरू कहिले पनि गाउँमा पस्नु हुन्न ।

तथा न पीडयेत् कुत्र कदापि ग्रामवासिनः ।
सैनिकैर्न व्यवहरेन्नित्यं ग्राम्यजनोऽपि च ॥९१॥

त्यस्तै ती अधिकारी र सैनिकहरूले कहीं पनि कहिल्यै गाउँलेहरूसँग (लेनदेन आदि) व्यवहार पनि गर्नु हुँदैन र उनीहरूलाई तिनीहरूले दुःख दिनु (सताउनु) पनि हुन्न ।

श्रावयेत् सैनिकान्नित्यं धर्मं शौर्यविवर्द्धनम् ।
सुवाद्यनृत्यगीतानि शौर्यवृद्धि कराण्यपि ॥९२॥

राजाले सैनिकहरूलाई सदा सुर्याइँ वढाउने धर्मका कुराहरू सुनाउनुपर्छ र सुर्याइँलाईं नै बढाउने किसिमका वाजा, नाच, गान पनि देखाउने, सुनाउने गर्नु पर्छ ।

युद्धक्रियां विना सैन्यं योजयेन्नान्यकर्मणि ।
सत्याचरास्तु धनिका व्यवहारे हता यदि ।
राजा समुद्धरेत् तांस्तु तथान्यांश्च कृषीवलान् ॥९३॥

राजाले शूरवीर सेनालाई लडाइँवेगर अरू काममा लगाउनु हुँदैन । यदि राजाको काम गर्दा सत्य आचार विचार भएका धनीहरू मर्न गए भने राजाले तिनीहरूलाई र त्यस्तै खेती गर्दा बिग्रेका खेतीवालहरूलाई पनि मद्दत दिएर तिनीहरूको सुधार गर्नु पर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ये सैन्यधनिकास्तेभ्यो यथार्हां भृतिमावहेत् ।
पारदेश्यं च त्रिंशांशमधिकं तद्धनव्ययात् ॥९४॥

राजाका सेनामा भएका सैनिकमध्ये जो जो धनी छन् तिनीहरूबाट उनको ओहोदा हेरेर पाउने तलबबाट यथायोग्य तलब कट्टा गर्नू (कट्टी गरी संचय गरिदिन), परदेशमा भएका सैनिकको पाउने तलबको प्रतिशत तीसौं भाग कट्टी गर्नू वा जति धन त्यसका लागि खर्च हुन्छ त्यो हेरी त्यसबाट कट्टी गरी जम्मा गरिदिनुपर्छ ।

धनं संरक्षयेत् तेषां यत्नतः स्वात्मकोशवत् ।
संहरेद्धनिकात् सर्वं मिथ्याचाराद्धनं नृपः ॥९५॥

राजाले उपर्युक्त प्रकारबाट कट्टा गरी सञ्चय गरिएको धनलाई आफ्नै धन जस्तै गरी जतनले रक्षा गरिदेओस् । धनी भएर पनि जुन मानिसले मिथ्याचार (असत्य व्यवहार) गर्छ, त्यस्ताको जम्मै धन राजाले हरण गरोस् ।

यदा चतुर्गुणा वृद्धिर्गृहीता धनिकेन तु ।
अधमर्णान्न दातव्यं धनिने तु धनं तदा ॥९६॥

जब धनी व्यक्तिले ब्याजबापत कसैलाई ऋण दिएर ब्याज लिंदा लिंदै ऋणीबाट मूलधनको चौबर ब्याज लिइसकेको छ भने त्यस्ता धनीलाई राजाले ऋण लिनेबाट अब मूलधन पनि पाउन्नस् भनी त्यो धनीलाई भनिदिनू र ऋणीलाई अरू केही पनि दिनुपर्दैन भन्दिनू र त्यस्ता धनीलाई अरू केही दिलाउनु पनि पर्दैन ।

इति शुक्रनीतौ खिलनीतिनिरूपणं नाम पञ्चमोऽध्यायः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection